नमो तस्स निय्यानिकस्स धम्मस्स ।

# पट्ठान पालि देशना

(नेपालीमा)

(म्यानमारका श्रद्धेय भिक्षु प्रज्ञाश्री स्थविरज्यूको
अडियो सी. डी. टेप प्रवचनलाई पुस्तकाकारमा विकसित)



अडियो सी. डी.मा प्रवचक
धर्मकथिक
श्रद्धेय भिक्षु प्रज्ञाश्री स्थविर
म्यानमार

प्रस्तोता
दोलेन्द्ररत्न शाक्य
दथुलँ, शंखमूल, ललितपुर
फोन : ५००६५४० / ९८४३-४१६६८५

Downloaded from http://dhamma.digital

शरीरमै दुःख-सत्य भेटिन्छ । बन्ने बिग्रने भइरहेको दुःख-सत्य हो । दुःखको कारण समुदय-सत्य (अविद्या, तृष्णा, उपादान, कर्म) पनि शरीरमै भेटिन्छ । दुःख-मुक्तिको अवस्था 'निर्वाण' पनि यही शरीरको माध्यमबाटै भेटिन्छ । निर्वाण जाने बाटो पनि यही शरीरमै भेटिन्छ । त्यसैले अन्त खोज्न पर्दैन । यही शरीरमा खोज्ने भनेको विपश्यनाको माध्यमबाट हो । शरीरमै बन्ने बिग्रने स्वभावलाई सही प्रकारले देखिएको विपश्यना सम्यकदृष्टि हो ।

अनित्य दुःख अनात्मलाई देखे मात्र विपश्यना सम्यकदृष्टि हुन्छ । परमार्थ नदेखुन्जेल पनि अनित्य, दुःख अनात्मा जानिंदैन । हात भने पछि हिजाको पनि त्यही हात, आजको पनि त्यही हात, आकार पनि उस्तै, भोलि पनि उस्तै तर स्वभावचाहिँ हिजोको होइन, आजको त नयाँ हो । हात भनेर लिइयो भने हिजोको पनि त्यही, आजको पनि त्यही र भोलिको पनि त्यही हुन्छ तर स्वभाव भने क्षणक्षणमा बदलिरहन्छ ।

श्रद्धा नभएको व्यक्ति साउँ नै नभएको, अनिकालको लागि बीउ नै नभएको र हात नै नभएको व्यक्तिझैं हुन्छ र ऊ जतिको निर्धन कंगाल व्यक्ति अरू कोही हुँदैन । ऊ कहीं पनि काम नलाग्ने हुन्छ । आँखिरमा ऊ माग्नेमा पुगिन्छ । तर मगन्ते सुप्रबुद्धजस्तो माग्नेमा भने होइन । त्यसैले श्रद्धारूपी धन नभएको व्यक्ति त लाचार भएर रूमाल भुईमा थापी बिलौना गरेर माग्नेमा पुगिन्छ ।



देवलोकबाट मनुष्यलोकमा अवतरण गर्नुहुँदै



ध्यानमग्न बुद्ध

Downloaded from http://dhamma.digital

*नमो तस्स विभज्जवादिनो तथागतस्स*

# पट्ठान पालि देशना

(नेपालीमा)

(म्यानमारका श्रद्धेय भिक्षु प्रज्ञाश्री स्थविरज्यूको उपनिस्सयलाई लिएर
अडियो सी. डी. टेपबाट पुस्ताकाकारमा विकसित)



Dhamma Digital

*सी डीमा प्रवचक :*

धर्मकथिक श्रद्धेय भिक्षु प्रज्ञाश्री स्थविर
म्यानमार

*आज्ञाले पुस्तकाकारमा प्रस्तुति :*

दोलेन्द्ररत्न शाक्य
दथुलँ, शंखमूल, ललितपुर ।
फोन ५००६५४०



Downloaded from http://dhamma.digital

प्रकाशक :– १) श्री माधुरी मानन्धर, २) श्री सरस्वती श्रेष्ठ,
३) श्री दशलाल डंगोल, ४) श्री सरस्वती महर्जन,
५) श्री जयराम ताम्रकार, ६) श्री राजेश हेरा शाक्य,
७) श्री प्रकाशबहादुर धाख्वा । ८) ठाकुर न्यास खत्री

पुस्तकको नाम :– 'पट्ठान पालि देशना'

सी.डी.मा प्रवचन :– श्रद्धेय भिक्षु प्रज्ञाश्री स्थविर
म्यानमार ।

पुस्तकाकारमा नेपालीमा प्रस्तुति :– दोलेन्द्ररत्न शाक्य
दथुलँ, ललितपुर ।
५००६५४० / ९८४३-४१६६८५

प्रकाशन वर्ष :– वि.सं. २०७० कार्तिक नेसं. ११३३ कउलागाः
बु.सं. २५५७ ई.सं. २०१३ नभेम्बर
ISBN : 978 - 9937 - 2 - 6985 - 8

*सर्वाधिकार प्रस्तोतामा सुरक्षित*

प्रथम संस्करण : – १००० प्रति

(म्यानमारका अति प्रभावशाली धर्मकथिक श्रद्धेय भिक्षु प्रज्ञाश्री स्थविरज्यूबाट पट्ठान पालिजस्तो कठिन र गम्भीर विषयलाई पनि सरल र सरस ढंगले नेपाली भाषामा दिनुभएको प्रवचनलाई पुस्तकको रूपमा हेर्ने पढ्ने धेरैको धोकोलाई पूरा गरिदिने उद्देश्यले र जहाँ पनि साथैमा लैजानसक्ने र विना कुनै उपकरणले प्रयोगमा ल्याउन सक्ने गरी उक्त प्रवचनलाई कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यले पुस्तकाकार दिनुभएको हो । यसबाट विद्वत पाठकवर्ग लाभान्वित हुनेछन् भन्ने कामनाका साथ हामी प्रकाशकहरूले धर्मदानको रूपमा प्रकाशित गरेका हौं ।)

मुद्रक : – काठमाडौं वेभ प्रिन्टि प्रेस
शंखमुल, युएन पार्क, ललितपुर ।

धर्म दान



Downloaded from http://dhamma.digital





Downloaded from http://dhamma.digital



# श्रद्धेय प्रज्ञाश्री भन्तेज्यूको आशिर्वचन तथा मन्तव्य

## साधु ! कामना

पट्ठान पालिजस्तो गम्भीर विषयलाई लिपिवद्ध गरी छपाइको माध्यमबाट जनजनमा पुऱ्याउने प्रयास तपाई (प्रस्तोता) बाट भएको पाउँदा अत्यन्त खुसी लागेको छ ।

पट्ठानजस्तो गम्भीर धर्मलाई सयाडो ऊ आणिकज्यूको संगतले लगभग दुई सातासम्म श्रवण गरेको धर्म उपदेश तथा महागन्धाराम सयाडोको मूल पट्ठान पालि पुस्तकको आधार लिएर पट्ठान पालिको देशना गरेको थिएँ । देशना सुनेको महिनादिनमै देशना गर्नुपर्दा धर्ममा अनुभव कलिलो भएको कारणले बुझ्न र बुझाउन कठिन महसुस गरेको थिएँ ।

धर्म देशनाका क्रममा उपासक उपासिकाहरूले बुझ्न कठिन भएको प्रतिक्रिया दिंदा बुझ्न गाह्रो भए पनि मेरो लागि भए पनि श्रवण गरिदिनुहोस् भनी मैले अनुरोध गरेको अझै ताजै छ । त्यसबेलामा म अभ्यस्त हुन र नबिर्सनको लागि आसेवना, कम्म र विपाक यी तीन प्रतिहारलाई देशना गरेको थिएँ । एवंरीतले २/४ वर्षपछि उपासक उपासिकाहरू पनि धर्ममा दीक्षित हुँदै गएपछि एकचोटी पट्ठान देशनाको आयोजना गरियो । त्यतिबेला पट्ठान देशना सुनेका योगीहरूले एकैपालीमा बुझ्न नसकेकाले थाईलैण्डमा रहनुहुने उपासक उपासिकाहरू र मोगोक



Downloaded from http://dhamma.digital

(म्यानमार) निवासी उपासक उपासिकाहरूबाट ४५ दिनको पट्ठान देशना शिविर पुनः माग भएको कारणले राम्ररी अध्ययन गर्न नपाइकन नै अचानक देशना गर्नुपर्‍यो । त्यतिबेलाका रेकर्डहरू सी. डी. को रूपमा प्रचारप्रसार हुँदै नेपालसम्म आइपुगेकोमा मैले अत्यन्तै हर्ष अनुभूति गरेको छु ।

भगवान बुद्धले 'सब्ब दानं धम्म दानं जीनाति' भन्नुभए अनुसार यहाँको यो अथक प्रयासलाई हृदयदेखि नै उच्च महत्व दिंदै अस्वस्थताको बाबजुद पनि निरन्तरको प्रयासले पट्ठान देशनालाई पुस्तकको स्वरूप दिन सफल हुनुभएकोमा बधाई दिंदै यहाँको सुस्वास्थ्य लाभको कामनासहित शासन विकासको क्षेत्रमा यहाँको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

*भवतु सब्ब मंगलं !*

भदन्त प्रज्ञाश्री

२०६८ फागुन १२ गते



Dhamma.Digital

Downloaded from http://dhamma.digital





Downloaded from http://dhamma.digital

# प्रस्तोताको भनाइ

पट्ठान पालि देशनाको आफ्नै महत्व र आनिशंस छ । पट्ठान देशना अत्यन्त दुर्लभ देशना हो । यो देशना हत्पति जो कोहीले गर्न सक्दैन । यो देशना सुन्न पाउनु पनि कम पुण्यले सम्भव हुने कुरा होइन । पहिलो कुरा त पट्ठान बुझ्न नै कठिन छ । बुझेर पनि मनमा धारण गरिराख्न मुस्किल छ । पट्ठान पालिको पाठ गर्न पनि लरतरोले शुद्धसित र संयमतासित पाठ गर्न अप्ठेरो पर्छ । एउटाएउटा प्रतिहारको अर्थ र मूल्यलाई छुट्याएर र विश्लेषण गरेर बुझ्न पनि गाँड कोराकोरको विषय हुनजान्छ ।

यसको देशना गर्न पनि त्यतिकै कठिन छ र बुझ्न त अझ कठिनतर छ । बुझ्नलाई पनि सुनेर मात्र पुग्दैन, त्यसबारे बारम्बार चिन्तन मनन पनि गरिरहनुपर्दछ । यसलाई चिन्तन मननबाट मात्र पनि बुझ्न सकिँदैन भनिएको छ । सुन्दै गुन्दै चिन्तन पनि गर्दै आफ्नो शरीरमा घटाउँदै लैजानुपर्दछ । अनिमात्र अनुभवको स्तरमा बुझिँदै जान सकिन्छ । यसलाई बुझ्ने राम्रो तरिका भन्नु नै पञ्चस्कन्धमार्फत् अर्थात् आफ्नै शरीरमा घटाउँदै र अनुभव गर्दै जानु हो ।

भगवान बुद्धले अभिधर्म कठिन विषय भएकोले नै मनुष्यलोकमा देशना गर्नुभएको थिएन । अझ त पट्ठान पालि त अति नै गम्भीर र उच्च चिन्तनको विषय हो भन्ने ठम्याएर बुद्धले मनुष्यलोकमा सारिपुत्र र महामौद्गल्यायनजस्ता मेधावी भिक्षुहरूलाई समेत बताउनुभएको थिएन । पछि तुषिता भुवनमा वर्षावासको क्रममा जानुहुँदा आफ्नी आमा हुनुभएकी महामायादेवी जो त्यस देवलोकमा सन्तुसित देवपुत्र भएर प्रतिसन्धि लिएकी



Downloaded from http://dhamma.digital

थिइन्, तिनलाई पनि बोध गर्ने उद्देश्य राख्नुभई यस पट्ठान पालिको देशना गर्नुभएको थियो ।

बुद्ध मनुष्यलोकका प्राणी भएकोले मनुष्य आहारको नै आवश्यकता पर्दछ । देव आहारले हुँदैन । आहारको लागि उहाँ प्रतिदिन भिक्षाटन गर्न मनुष्यलोक झर्नुहुन्थ्यो । भिक्षामा पाएको आहार भोजन गरेपछि पुनः देवलोकमै फर्कनुहुन्थ्यो ।

एकदिन भिक्षाटन गरी भोजन लिन भनेर एउटा ठूलो वृक्षमुनि बस्नुभयो र भोजन लिन थाल्नुभयो । भोजन लिइसकेपछि उठ्नुहुँदा सारिपुत्र भेट भयो । सारिपुत्र भन्तेले जिज्ञासा राखी सोध्नुहुँदा भगवान बुद्धले त्यही पट्ठान देशनालाई साराँशमा बताउनुभएको थियो । पूरै देशना होइन, संक्षेपमा मात्र बताउनुभएको थियो । संक्षेपको देशना त यति कठिन र गम्भीर छ भने सम्पूर्ण देशना कति विस्तृत र गम्भीरातिगम्भीर होला, अनुमान लगाउन सजिलै छ । पछि सारिपुत्र भन्तेले त्यही संक्षेपमा सुनेको देशनालाई आफ्ना ५०० शिष्यहरूलाई सुनाउनुभयो । संघायनको बेला सारिपुत्रबाट सुनेको यस पट्ठानलाई संग्रहित गरियो । यसरी त्यो संक्षेपमा बताइएको पट्ठान पालिलाई आज तपाई हामीले श्रद्धेय प्रज्ञाश्री भन्तेज्यू मार्फत् सुन्न बुझ्न पाएका छौं । यो हाम्रो अहोभाग्य हो ।

आज हाम्रो सौभाग्यको विषय हो कि यस्तो गम्भीर तर महत्तम आनिशंसले सहित भइएको पट्ठान पालि देशना नेपाली भाषामा पढ्न पाइरहेका छौं । यो अवसर हाल म्यानमारमा रहनुभएका श्रद्धेय प्रज्ञाश्री स्थविर भन्तेज्यूले दिनुभएको देशनामार्फत् पट्ठान पालि देशनाको नेपालीमा सी डीबाट प्राप्त भएको हो । उहाँले सी डीमा भर्नुभएको देशनालाई भाषामा केही परिष्कार थपी पुस्तककाकारमा प्रस्तुत भएको मात्र हो । भाषा नेपाली भए पनि स्थान र बोलीगत हिसाबले आधुनिकता थपियोस् भन्ने उक्त सी डीका श्रोतावर्गको पनि चाहना भएको र खै सी डीमा भनिएको भाषा त बुझ्न गाह्रो भयो भन्नेहरूको बुझाइलाई पनि मध्यनजरमा राखी मैले उक्त पट्ठान देशनालाई नेपाली भाषामै पुस्तकको रूपमा बदलिगरिदिएको मात्र हुँ । तर मूल भाव र आसयलाई आघात पुऱ्याउने काम भएको छैन ।

पट्ठान पालिको सम्बन्धमा मेरोबारे भन्नुपर्दा दिवंगत भएकी मेरी



Downloaded from http://dhamma.digital

अर्धाङ्गिनी हीराशोभा शाक्यले करीब ३५ वर्षजति अगाडि एउटा कागजको पानाामा हेरेर 'हेतुपच्चय, आरम्मणपच्चयो, अधिपतिपच्चयो . . .' भनेर पढिरहेकी सुनेको थिएँ । त्यतिबेला ममा त्यसप्रतिको चासो शून्य बराबर थियो । पछि जब २०३८/२०३९सालतिर आचार्य श्री सत्यनारायणजी गोयन्काबाट संचालित विपश्यना ध्यान शिविरमा सम्मिलित भएँ, बिहानको प्रार्थनाको समयमा उहाँबाट पट्ठान पालिको पूर्ण पाठ सुनेपछि मलाई पनि पट्ठान पालिको पाठ गर्न रूचि जाग्यो । कतिसमयसम्म त घरमा बिहानको समयमा पाठ गर्थे । पट्ठानबारेका पुस्तकहरू खोज्दै हिंडे । भेट्टाइनँ । हिन्दीमा भए पनि, अंग्रेजीमा भए पनि अर्थसहितको पुस्तक पढ्न चाहन्थें । भन्तेहरूसँग पनि सोधें । उहाँहरूले पनि मन्टो फर्काउनुभयो । पालिमा मात्र छ भन्नुभयो । पालि भाषाको अल्प ज्ञान भएकोले पट्ठानजस्तो गम्भीर विषयलाई पालिमा बुझ्न कठिन हुने कुरा स्पष्टै थियो ।

खोजी गर्दैजाँदा अग्गमहापण्डित भदन्त लेडी सयादोद्वारा लिखित 'पट्ठानुद्देस पालि' भेट्टियो । त्यसलाई अंग्रेजीमा अनुवाद गरिएको थियो । तर त्यो पनि विस्तृतमा थिएन । तैपनि 'नहुने मामाभन्दा कानो मामा निको' भनिएझैं त्यसैलाई अनुवाद गर्नतिर लागें । कताकता चित्तचाहिँ बुझिरहेको थिएन । यस्तैमा वर्षदिन यताको हाराहारीमा पट्ठान पालि देशनाको सी डी त्यो पनि नेपालीमा घरैमा ल्याएर दिन ल्याइयो । दिन ल्याएको पनि एकजनाले मात्र होइन, तीनतीनजनाले ।

हाल म्यानमारमा रहेर नेपाली वन्धुहरूलाई नेपालीमै बुद्ध-शिक्षा दिइरहनुभएका श्रद्धेय भिक्षु प्रज्ञाश्री भन्तेज्यूका प्रवचन सी डीहरू घरमै समयसमयमा आउनुभई उपलब्ध गराउनेमा तिस्स भन्ते हुनुहुन्छ । उक्त सी डीहरू जम्मै त सुनेको छुइनँ तर जति सुनेको छु त्यसबाट बुद्ध-वचनलाई अत्यधीक मात्रामा सुस्पष्ट हुने गरी बुझ्ने अवसर मिलेको छ । उहाँ तिस्स भन्तेज्यूप्रति म आभार व्यक्त गर्न चाहन्छु ।

उहाँ श्रद्धेय भिक्षु प्रज्ञाश्री भन्तेज्यूले देशना गर्नुभएको पट्ठान पालिको सी डी हात परेपछि बिलम्ब नगरी सुनें । कति पहिलेदेखि खोजेको कुरा कानमा पर्दा खुसीको ठेगान रहेन । सुन्दैगएँ । मनमा लाग्यो यसलाई त सी डीमा भन्दा पुस्तकमा राखी प्रस्तुत गर्न पाए भीसीडी, डीभीडी प्लेयर



Downloaded from http://dhamma.digital

नहुने पाठकहरूले र नभएको स्थानका पाठकले पनि पढ्न पाउने छन् । धेरैमा बुद्धका अमूल्य वाणीको चिन्तन मनन गर्ने धोको पुग्ने थियो भन्ने लाग्यो । कतिपय साथीहरूले पनि यस्तै कुरा मलाई बताए । समय र मेहनतको लगानीलाई ध्यान नदिई उक्त सी डीलाई सुन्दै पाउज गर्दै टिप्दै गएँ तर सबैमा प्रत्येक शब्दको भने होइन । टिपेरमात्र पनि हुँदैनथ्यो । त्यसलाई टाइप गर्न पनि पर्‍यो । केही पेज आफूबाटै त कतिपय प्रेसवाला नरेशबाट टाइप भयो । तर कतिपय पेजलाई अफिसको कामको बाबजुद पनि झर्को नमानी टाइप गरिदिनेमा बहिनी सानुमैयाँ शाक्य परिन् । तिनलाई पनि यस धर्म-कार्यमा सघाइदिएकी हुनाले धन्यवाद दिन चाहन्छु ।

एकपल्ट काठमाडौं पाल्नुहुँदा उहाँ श्रद्धेय भिक्षु प्रज्ञाश्री भन्तेज्यूको सानिध्य एकछिनको लागि मात्र पाएको थिएँ । सो अवसरमा पनि पट्ठन पालि देशनालाई पुस्तकको आकार दिएकोबारे कुरा भएको थियो र उहाँले यसमा प्रसन्नता व्यक्त गर्नुभएको थियो । यसको लागि उहाँ भन्तेज्यूमा सश्रद्धा कृतज्ञता प्रकट गर्दछु ।

साथै आशिर्वचनसहितको छोटो भए पनि मन्तव्य कोरिदिनुभएकोमा र उहाँका प्रवचनका अडियो तथा भी.डि.यो सी.डीहरू प्राप्त भएकोमा र यस पट्ठान पालि देशनाका सीडी मार्फत् ठूलो गुणको भारी बोक्न पाएकोमा उहाँ भन्तेज्यूमा अत्यन्त कृतज्ञ हुँदै कोटीकोटी वन्दनासहित साधुवाद टक्याउन चाहन्छु ।

पुस्तकाकारमा त आयो तर यसमा मेरोतर्फबाट कमी कमजोरी प्रशस्त हुन सक्छन् । त्यसका लागि उहाँ भन्तेज्यू र अन्य विज्ञ भन्तेज्यूहरूसँग विनम्र क्षमा याचना गर्दै आवश्यक ठाउँमा सच्याएर पढिदिनुहुन र त्यसको सूचना मलाई दिइदिनुहुन म विनम्र अनुरोध गर्दछु ।

विनित

दोलेन्द्ररत्न शाक्य

(प्रस्तोता)

२०७० भाद्र



Downloaded from http://dhamma.digital

# प्रकाशकहरूको निवेदन

बुद्ध वाङ्मयमा गम्भीरातिगम्भीर मानिने पट्ठान देशनालाई हामीले आफ्नै भाषामा अडियो सी.डीमा सुन्ने अवसर पायौं । अहिले त्यस सी.डीमा देशित देशनालाई पुस्तकाकारमा कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यज्यूले प्रस्तुत गर्नुभएको छ । उहाँले हामीलाई पुस्तकमार्फत् सजिलैसित पट्ठानजस्तो गहन विषयलाई पढ्ने र बुझ्ने सुवर्ण मौका जुराइदिनुभएको छ । उहाँप्रति हामी कृतज्ञतासहित आभार व्यक्त गर्दछौं ।

उहाँ भन्तेज्यूले देशना गर्नुभएको देशनालाई सी.डीमा सुन्दा, एकै ठाउँमा बसेर सुन्नुपर्ने, सुन्नलाई पनि उपकरण साथमा हुनुपर्ने, पावर फेलरको समस्यासँग जुझ्नुपर्नेजस्ता अप्ठ्यारा परिस्थितिको सामना गर्नुपर्दा देशना श्रवणमा बाधा आइपरेको कुरालाई मध्यनजरमा राखी कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यज्यूले सबैले आफ्नो अनुकूल समयमा वा यात्रामा जाँदा पनि आरामसाथ पढ्न पाऊन् भन्ने मैत्रीपूर्ण उद्देश्य लिएर उक्त सी.डीमा भएका देशनालाई पुस्तकाकारमा ल्याइदिनुभएको हो ।

उहाँ दोलेन्द्र सरले आफ्नो अमूल्य समय र प्रतिकूल स्वास्थ्यलाई समेत च्याँखे थापी निदानसहित २४सै प्रतिहारलाई सुनी, लेखी, टाइप पनि गरी गराई र प्रुफसमेत हेरी, अथक मेहनत गरी सुन्दर कलेवर र छपाइमा पुस्तकाकारमा हामीलाई दिनुभएको छ । यसरी तयार गरिएको यो 'पट्ठान पालि देशना' पुस्तकलाई प्रकाशनमा ल्याउन उहाँले हामीमाथि अनुकम्पा राख्नुभई प्रकाशन गर्ने अनुमति दिनुभयो । उहाँ कल्याणमित्र दोलेन्द्र सरलाई जति कृतज्ञता व्यक्त गरे पनि अपुग नै ठहरिन्छ ।



Downloaded from http://dhamma.digital

उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै पुनः एकपल्ट आभार र साधुवाद टक्र्याउन चाहन्छौं ।

यति महत्वपूर्ण, पठनीय र सुन्दर पुस्तक प्रकाशन गरी तपाईं पाठकवर्गको हातहातमा पुऱ्याई धर्मदान गर्न पाउँदा हामी प्रकाशकवर्ग हर्षले गद्‌गद् भएका छौं । यस पुस्तकलाई मायाँ गरी पढिदिनुहोस् र लेखक महोदय र हाम्रो सदिच्छा त्यतिकै खेर नजाओस् र पट्ठान पालिजस्तो गम्भीर एवं दुर्लभ देशनासहितको पुस्तकको यथोचित कदर र मूल्यांकन होस् भन्ने हाम्रो एकमात्र निवेदन छ ।

अस्तु !

## हामी विनित प्रकाशकहरू

१) श्री माधुरी मानन्धर, मरू, काठमाडौं ।
२) श्री सरस्वती श्रेष्ठ, भ्रटापोल, ललितपुर ।
३) श्री दशलाल डंगोल, वंला, ललितपुर ।
४) श्री सरस्वती महर्जन, नःटोल, ललितपुर ।
५) श्री जयराम ताम्राकार, कुमारीपाटी, ललितपुर ।
६) श्री राजेश हेरा शाक्य, लोहन, ललितपुर ।
७) श्री प्रकाश धाख्वा, चाकुपाट, ललितपुर ।
८) ठाकुर न्यास खत्री, वामी-२, गुल्मी

Dhamma Digital



Downloaded from http://dhamma.digital

# विषय सूची


१) हार्दिक मंगल कामना iii

२) श्रद्धेय प्रज्ञाश्रीको भन्तेको आशिर्वचन iv

३) प्रस्तोताको भनाइ vii

४) प्रकाशकहरुको निवेदन xi

५) २४ प्रतिहारसहितको पट्ठान पालि पाठ १

६) प्रथम दिन (निदान देशना) १५–२६

क) तिर्थङ्करहरुको विरोध १५

ख) ऋद्धि प्रदर्शन र त्यसमा रोक २०

७) दोस्रो दिन (हेतु पच्चयो) २७–३७

क) तिस्सदत्थ भिक्षुको प्रसंग २७

ख) उदयभद्रको प्रसंग ३१

८) तेस्रो दिन (हेतु र आरम्मणपच्चयलाई मिलाएर) ३८–५१

क) चमेराले पट्ठान सुनेको प्रसंग ४०

ख) मागण्डियको प्रसंग ४२

ग) छोरीलाई रक्सी किन्न पठाएको प्रसंग ४३

९) चौथो दिन (आरम्मण र अधिपतिपचयलाई मिलाएर) ५२–६२

क) कोशल राजाले भगवानलाई चिन्न नसकेको प्रसंग ५८

ख) बोधिसत्वको आजीवक-आचरण ६०

१०) पाँचौ दिन (अधिपतिपच्चयलाई मिलाएर) ६३–७६

क) एकजना भिक्षुको प्रसंग ७०

ख) एक उपासिकाको प्रसंग ७१

ग) गन्ध अधिपतिबारे एक उपमा ७२

घ) पंञ्चपापी केटीको उपमा ७३

११) छैठौं दिन (अनन्तर/समनन्तरपच्चयलाई मिलाएर) ७७–८८

क) अनन्तर/समनन्तरपच्चय उपमा ७७




Downloaded from http://dhamma.digital

ख) चित्तलहरलाई यसरी बुझौं ८१
१२) सातौं दिन (सहजात/अञ्ञमञ्ञपच्चयलाई मिलाएर) ८९–९५
१३) आठौं दिन (निस्सय/उपनिस्सयपच्चयलाई मिलाएर) ९६–१०६
क) सुप्रबुद्धको प्रसंग १०३
ख) मगन्ते सुप्रबुद्धको प्रसंग १०३
१४) नवौं दिन (आरम्मण र उपनिस्सयपच्चय मिलाएर) १०७–११७
क) जयसेन राजकुमारका प्रसंग १०८
ख) सुमेध र सुमित्राको मिलन प्रसंग ११६
१५) दशौं दिन (उपनिस्सयपच्चयलाई मात्र) ११८–१३०
क) एउटा उपमा ११९
ख) भोजन मिलाएर खुवाउने मातुकी माताको प्रसंग १२१
ग) मांस-भोजन मिल्ने ठाउँमा भिक्षाटन पठाउनुभएको १२५
१६) एघारौं दिन (पच्छाजात/आसेवनपच्चयलाई मिलाएर) १३१–१४१
क) गिद्ध र गिद्धका वच्चाको उपमा १३७
ख) लुगामा कपुर हालेको उपमा १३८
ग) खरायोले आफूलाई सिंह सम्झेको प्रसंग १३९
घ) अन्य उपमा पनि १४०
१७) बाह्रौ दिन (आसेवन/कम्मपच्चयलाई मिलाएर १४२–१५४
क) माथि ढुँगा फ्याकेको उपमा १४५
ख) गाडी कुदाएको उपमा १४५
ग) श्लोक पढ्नुको उपमा १४७
घ) चटचटे स्वभावको उपमा १४८
ङ) एउटा अर्को उपमा १५०
च) पानी फुटेर पाइप चुहिएको उपमा १५०
छ) एउटा व्यवहारिक उपमा १५१
ज) जुम्रा बनेका तिस्स भिक्षुको उपमा १५२
१८) तेह्रौ दिन (कम्म/विपाकपच्चयलाई मिलाएर – (१) १५५–१७१
क) कर्मको वीउले काम गर्ने उपमा १५७
ख) सुमेघ र मेघनाथ महाजनको प्रसंग १५८



Downloaded from http://dhamma.digital

ग) मेघनाथको पतन १६१
घ) मेघनाथबाट मातुघातक कर्म १६१
ङ) मेघनाथ माछाको भवमा १६३
च) मेघनाथ मनुष्यको भवमा १६४
छ) बोधिसत्व डाकु भएको जन्मको घटना १६७
१९) चौधौं दिन (कम्म/विपाकपच्चयलाई मिलाएर) – (२) १७२–१८४
क) सारिपुत्रको टाउकोमा मुड्की हानेको प्रसंग १७८
ख) आसन्न कर्मबारे बुढो गाईको उपमा १८१
ग) चण्डाली उपासिकाको प्रसंग १८२
घ) आसन्न कर्मसँग सम्बन्धित सम्राट अशोकको प्रसंग १८३
२०) पन्धौं दिन (कम्मपच्चयलाई चेतासिक धर्महरुसँग मिलाएर) १८५
क) अनाथ पिण्डिक महाजनको प्रसंग १८५
ख) अगति राजाको प्रसंग १८८
ग) गुण ऋषीसँग भेट र उनको सिद्धान्त १८९
घ) ललाट सेनापतिको पूर्वकथा १९३
ङ) बीजकको पूर्वकथा १९३
च) रुचा राजकुमारीको राजालाई चेतना १९६
छ) रुचा राजकुमारीको पूर्वकथा १९७
ज) रुचा राजकुमारीको प्रार्थना १९९
झ) नारद बोधिसत्वबाट राजाको मिथ्यादृष्टि हटेको १९९
२१) सोह्रौ दिन (कम्म/विपाकपच्चयलाई मिलाएर) – (३) २०३–२१३
क) जनक कर्म २०४
ख) उपथम्भक कर्म २०४
ग) उपपीलक कर्म २०५
घ) उपघातक कर्म २०६
ङ) मल्लिका रानीके प्रसंग २०८
च) कुकुरको भव र उपथम्भक कर्म २०८
छ) ४ सम्पत्ति र ४ विपत्तिका कुरा २०९
ज) कालसम्पत्ति / कालविपत्ति २१०



Dhamma.Digital
Downloaded from http://dhamma.digital

झ) गतिसम्पत्ति / गतिविपत्ति २१०
ञ) एउटा उदाहरण २११
२२) सत्रौं दिन – (कम्म/विपाकपच्चयलाई मिलाएर) – (४) २१४–२२८
क) रेवती उपासिकाको प्रसंग २१८
ख) कालसम्पत्ति / विपत्ति २१९
ग) काल-विपत्तिको उपमा २२०
घ) गुरुको पछि लागेका निग्रोध श्रामणेरको प्रसंग २२०
ङ) काल-सम्पत्तिको पुनरागमन २२३
च) उपधि-सम्पत्ति/उपधि-विपत्ति र तिनका उदाहरणहरु २२४
छ) प्रयोग-सम्पत्ति/प्रयोग-विपत्ति र तिनका उदाहरणहरु २२६
ज) तीनवटा माछाको उपमा २२७
२३) अठारौं दिन – (आहार/इन्द्रियपच्चयलाई मिलाएर) २२९–२४१
क) आहारपच्चयो २२९
ख) इन्द्रियपच्चयो २३३
ग) रुपजीवित इन्द्रिय २३५
घ) रुपपट्टिका जीवित इन्द्रियहरु २३६
ङ) मनपट्टिका इन्द्रियहरु २३६
च) सुनक्खत भिक्षुको प्रसंग २३८
२४) उनाइसौं दिन–(इन्द्रिय/झानपच्चयलाई मिलाएर)–(१) २४२–२५४
क) एकजना भिक्षु स्त्री भएको प्रसंग २४३
ख) उत्तरकुमारको प्रसंग २४४
२५) बीसौं दिन – (इन्द्रिय/झानपच्चयलाई मिलाएर)–(२) २५५–२६७
क) गर्भको वच्चामा मातापिताको प्रभाव २५६
ख) पुण्यतेजको प्रसंग २५७
ग) श्रद्धा, वीर्य, सति, समाधि र प्रज्ञाका कुरा २५९
घ) वीर्य र समाधि २६३
ङ) झानपच्चयो (संक्षेपमा) २६५
च) आकासमा उड्ने साधुको प्रसंग २६६



Downloaded from http://dhamma.digital

२६) एक्काइसौ दिन – (झानपच्चयलाई मिलाएर) २६८–२८१

क) कसिण र आनापानको प्रसंग २७२

ख) बाछोको उपमा २७२

ग) पुब्बभाग / पटिभाग / उग्गह निमित्त २७३

घ) फुस्स भिक्षुको प्रसंग २७६

ङ) आकासमा उड्ने भिक्षुको प्रसंग २८०

२७) बाइसौं दिन – (मग्गपच्चयलाई मिलाएर) – (१) २८२–२९५

क) मिथ्थादृष्टिक बक ब्रम्हाको प्रसंग २८८

२८) तेइसौं दिन – (मग्गपच्चयलाई मिलाएर) – (२) २९६–३१४

क) मिथ्थादृष्टि / सम्यकदृष्टि २९६

ख) चारधातु पूर्णतः निभ्ने ठाउँ खोज्ने भिक्षुको प्रसंग २९९

ग) उक्त भिक्षुको बक ब्रम्हासँग भेट ३००

घ) चारधातु निभ्ने ठाउँ – शरीर नै ३०२

ङ) नाटक हेर्दाको दुःख ३०३

च) प्रज्ञप्ति र परमार्थका कुरा ३०५

छ) नन्दक भिक्षु र ५०० भिक्षुणीहरुको प्रसंग ३०६

ज) अविज्जमान र विज्जमान प्रज्ञप्ति ३१२

२९) चौबीसौं दिन – (सम्पयुत्त/विप्पयुत्त, अत्थि / नत्थि, विगत / अविगतपच्चयलाई मिलाएर) ३१५–३२७

क) साति र यमक भिक्षुको प्रसंग ३१६

ख) छन्द भिक्षुको उपमा ३१७

ग) सम्पयुत्तपच्चयो ३१९

घ) चतुर्मधुको उपमा ३१९

ङ) विप्पयुत्तपच्चयो ३२१

च) नत्थिपच्चयो ३२४

छ) पारपाचुकेको उपमा ३२५

ज) अविगतपच्चयो ३२६

ଔଔଔ



Downloaded from http://dhamma.digital

# पट्ठान पालि देशना

(प्रथमपल्टको ४५ दिनको मोगोक विपस्सना ध्यान शिविरमा उपकारी मग्गमहापण्डित विमल भन्तेज्यूको उपनिस्सयलाई लिएर साथै माण्डले सयाडो ऊञाणिक अमरापूरा महागन्धाराम सयाडोको उपनिस्सयलाई नेपाली भाषामा देशना भएको अडियो सीडीमा रिकर्डेड प्रवचनलाई सबैले सजिलै बुझ्न सकून् भन्ने पुनीत उद्देश्यले प्रेरित भएर नेपाली भाषामा नै उक्त प्रवचनलाई भाषामा र प्रस्तुतिकरणमा आवश्यक सरलिकरण एवं सम्पादन गरी पुस्तकाकार दिने उद्देश्यले प्रेरित भई यो पुस्तक प्रकाशित गरी प्रस्तुत गरिएको हो ।)

*– प्रस्तोता*

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# पट्ठानपालि

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

## पच्चयुद्देसपालि

१) हेतुपच्चयो
२) आरम्मणपच्चयो
३) अधिपतिपच्चयो
४) अनन्तरपच्चयो
५) समनन्तरपच्चयो
६) सहजातपच्चयो
७) अञ्ञमञ्ञपच्चयो
८) निस्सयपच्चयो
९) उपनिस्सयपच्चयो
१०) पुरेजातपच्चयो
११) पच्छाजातपच्चयो
१२) आसेवनपच्चयो
१३) कम्मपच्चयो
१४) विपाकपच्चयो
१५) आहारपच्चयो
१६) इन्द्रियपच्चयो
१७) झानपच्चयो
१८) मग्गपच्चयो
१९) सम्पयुत्तपच्चयो
२०) विप्पयुत्तपच्चयो
२१) अत्थिपच्चयो
२२) नत्थिपच्चयो
२३) विगतपच्चयो
२४) अविगतपच्चयोति

पच्चयुद्देसो निट्ठितो ॥

Dhamma.Digital

## पच्चयनिद्देसपालि

### १ – हेतुपच्चय

हेतुपच्चयोति –

हेतु, हेतुसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं हेतुपच्चयेन पच्चयो ।



Downloaded from http://dhamma.digital

## २ – आरम्मणपच्चय

आरम्मणपच्चयोति –

रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

रसायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

सब्बे धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

यं यं धम्मं आरब्भ ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं आरम्मणपच्चयेन पच्चयो ।

Dhamma Digital

## ३ – अधिपतिपच्चय

अधिपतिपच्चयोति –

छन्दाधिपति छन्दसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

वीरियाधिपति वीरियसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

चित्ताधिपति चित्तसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं



Downloaded from http://dhamma.digital

अधिपतिपच्चयेन पच्चयो ।

वीमंसाधिपति वीमंससम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।

यं यं धम्मं गरुं कत्वा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, तेते धम्मा, तेसं तेसं धम्मानं अधिपतिच्चयेन पच्चयो ।

## ४ – अनन्तरपच्चय

अनन्तपच्चयोति –

चक्खुविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

सोतविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

घानविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

जिह्वाविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पुयत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

कायविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्युत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया



Downloaded from http://dhamma.digital

तंसम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

येसं येसं धम्मानं अनन्तरा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा ते ते धम्मा तेसं तेसं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।

## ५ – समनन्तर पच्चय

समनन्तरपच्चयोति –

चक्खुविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

सोतविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।

घानविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया



Downloaded from http://dhamma.digital

तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
जिव्हाविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
कायविञ्ञाणधातु तंसम्पयुत्तका च धम्मा मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
मनोधातु तंसम्पयुत्तका च धम्मा मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमान कुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।
येसं येसं धम्मानं समनन्तरा येये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, तेते धम्मा तेसं तेसं धम्मानं समनन्तरपच्चयेन पच्चयो ।



Downloaded from http://dhamma.digital

## ६ – सहजातपच्चय

सहजातपच्चयोति –

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञ सहजातपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञ सहजातपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञ सहजातपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं सहजात पच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं सहजातपच्चयेन पच्चयो ।

रूपिनो धम्मा अरूपीनं धम्मानं किञ्चि काले सहजातपच्चयेन पच्चयो । किञ्चि काले न सहजातपच्चयेन पच्चयो ।

## ७ – अञ्ञमञ्ञं पच्चय

अञ्ञमञ्ञंपच्चयोति –

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञपच्चयेन पच्चयो ।

## ८ – निस्सयपच्चय

निस्सयपच्चयोति –

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

ओक्कन्क्खिणे नामरूपं अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानं रूपानं निस्सयपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं निस्सयपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं



Downloaded from http://dhamma.digital

निस्सयपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तंरूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तंसम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।

## ९ – उपस्सियपच्चय

उपस्सियपच्चयोति –

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसलानं



Downloaded from http://dhamma.digital

धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।
पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।
उतुभोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।
पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो ।
सेनासनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।

## १० – पुरेजातपच्चय

पुरेजातपच्चयोति –

चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
घानायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
गन्धायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
रसायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।
फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।



Downloaded from http://dhamma.digital

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।

मनोविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं किञ्चि काले पुरेजातपच्चयेन पच्चयो, किञ्चि काले न पुरेजातपच्चयेन पच्चयो ।

## ११ – पच्छाजातपच्चय

पच्छाजातपच्चयोति –

पच्छाजाता चित्तचेतसिका धम्मा पुरेजातस्स इमस्स कायस्स पच्छाजातपच्चयेन पच्चयो ।

## १२ – आसेवनपच्चय

आसेवनपच्चयोति –

पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

पुरिमा पुरिमा क्रियाब्याकता धम्मा पच्छिमानं पच्छिमानं क्रियाब्याकतानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।

## १३ – कम्मपच्चय

कम्मपच्चयोति –

कुसलाकुसलं कम्मविपाकानं खन्धानं कटत्ताच रूपानं कम्मपच्चयेन पच्चयो ।



Downloaded from http://dhamma.digital

चेतना सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं कम्मपच्चयेन पच्चयो ।

## १४ – विपाकपच्चय

विपाकपच्चययोति –

विपाका चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं विपाकपच्चयेन पच्चयो ।

## १५ – आहारपच्चय

आहारपच्चयोति –

कबलिकारो आहारो इमस्स कायस्स आहारपच्चयेन पच्चयो ।

अरूपिनो आहारा सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं आहारपच्चयेन पच्चयो ।

## १६ – इन्द्रियपच्चय

इन्द्रियपच्चयोति –

चक्खुन्द्रियं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

सोतिन्द्रियं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

घानिन्द्रियं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

जिव्हिन्द्रियं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

कायिन्द्रियं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो ।

रूपजीवितिन्द्रियं कटत्तारूपानं इन्द्रियपच्चयेन पच्चयो ।

अरूपिनो इन्द्रिया सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं इन्द्रियपच्चयेन पच्चयो ।



Downloaded from http://dhamma.digital

## १७ – झानपच्चय

झानपच्चयोति –

झानङ्गानि झानसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं झानपच्चयेन पच्चयो ।

## १८ – मग्गपच्चय

मग्गपच्चयोति –

मग्गङ्गानि मग्ग सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं मग्गपच्चयेन पच्चयो ।

## १९ – सम्पयुत्तपच्चय

सम्पयुत्तपच्चयोति –

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सम्पयुत्तपच्चयेन पच्चयो ।

## २० – विप्पयुत्तपच्चय

विप्पयुत्तपच्चयोति –

रूपिनो धम्मा अरूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

अरूपिनो धम्मा रूपीनं धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो ।

## २१ – अत्थिपच्चय

अत्थिपच्चयोति –

चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

चत्तारो महाभूता अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।

चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अत्थिपच्चयेन पच्चयो ।

महाभूता उपादारूपानं अत्थिपच्चयेन पच्चयो ।

चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं



Downloaded from http://dhamma.digital

अत्थिपच्चयेन पच्चयो ।

सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

घानायतनं घानविञ्ञाणधानुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

गन्धायतनं घानविञ्ञाधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रसायतनं जिव्हाविञ्ञाधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तंसम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।

## २२ – नत्थिपच्चय

नत्थिपच्चयोति –

समनन्तरनिरुद्धा चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं नत्थिपच्चयेन पच्चयो ।



Downloaded from http://dhamma.digital

## २३ – विगतपच्चय

**विगतपच्चयोति –**

**समनन्तरविगता चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं विगतपच्चयेन पच्चयो ।**

## २४ – अविगतपच्चय

**अविगतपच्चयोति –**

**चत्तारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।**

**चत्तारो महाभूता अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।**

**ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।**

**चित्तचेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अविगतपच्चयेन पच्चयो ।**

**महाभूता उपादारूपानं अविगतपच्चयेन पच्चयो ।**

**चक्खायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।**

**सोतायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।**

**घानायतनं घानविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।**

**जिव्हायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।**

**कायायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।**

**रूपायतनं चक्खुविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।**

**सद्दायतनं सोतविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।**



Downloaded from http://dhamma.digital

घान / गन्धायतनं ~~सोत~~विञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रसायतनं जिव्हाविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

फोट्ठब्बायतनं कायविञ्ञाणधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

रूपायतनं सद्दायतनं गन्धायतनं रसायतनं फोट्ठब्बायतनं मनोधातुया तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तंसम्पयुत्तकानञ्च धम्मानं अविगतपच्चयेन पच्चयो ।

पच्चयुनिद्देसो निट्ठितो ।

चौबीस प्रतिहारसहितको

# 'पट्ठान पालि पाठ' समाप्त भयो ।

Dhamma Digital



Downloaded from http://dhamma.digital

# प्रथम दिन

## (निदान-देशना)

## १

धेरै प्रकारका कारण जुटेर उपकार गरिएकोलाई 'पट्ठान' भनिन्छ । बोधिवृक्षमुनि ध्यानस्थ भएर बोधिज्ञान प्राप्त गरेपछि भगवानले त्यही वृक्षमुनि ७ हप्तासम्म अर्थात् ४९ दिनसम्म विहार लिनुभयो । यो पट्ठान धर्मलाई चौथो सप्ताहमा मनन गर्नुभएको थियो । यसको अर्थ भगवानले सब्बञ्ञुता ज्ञान (सर्वज्ञता ज्ञान) प्राप्त गर्नुभएपछि २२औं दिनदेखि २८सौं दिनसम्म पट्ठानको मनन गर्नुभएको थियो । अभिधम्मका अन्य धर्मसंगिनी, यमक, धातुकथा, पुग्गलपञ्ञतिहरू मनन गर्दा भगवानमा केही त्यस्तो चमत्कार प्रकट भएन । जब पट्ठानलाई मनन गर्नुभयो, भगवानको शरीरबाट ६ प्रकारका रश्मिहरू प्रकट भए । त्यसबेला भगवानको सब्बञ्ञुता ज्ञान अझ स्पष्टतासित प्रकटित भयो । अनि पट्ठानलाई मनन गर्दैजाँदा चित्त पनि स्वच्छ र पवित्र भएर आयो र सम्पूर्ण रूपलाई नै जाज्वल्यमान बनाइदियो । यसरी ६ प्रकारका रश्मि निस्केको पट्ठान मनन गर्दा नै हो ।

सम्यकसम्बुद्ध भइसकेपछि देवलोकमा वर्षावास लिएर देवलोकमै पट्ठानलाई देशना गर्नुभएको हो । अभिधम्मको देशना नै देवलोकमा भएको थियो ।

### तिर्थङ्करहरूको विरोध -

देवलोक जान ठीक्क परेको समयमा तिर्थङ्करहरूले अनेक प्रकारले विरोध गरेका थिए । त्यसबेला जताततै बुद्धद्वारा धर्म प्रचार र धर्म उपदेश हुँदै गरेको त्यो भरखरको समयमा हामी त गलत मार्गमा परेका रहेछौं भन्ने ज्ञान मानिसहरूमा हुँदैआएको थियो । सम्यक मार्गको चेतना हुँदैआएको त्यो



Downloaded from http://dhamma.digital

समयमा बुद्धलाई विरोध गर्ने तिर्थङ्करहरू नै अग्रपंक्तिमा थिए । सारिपुत्रकै घरमा पनि उनकी माता विरोधी थिइन् । उनका भाई बहिनीहरू सबै मार्गमा आई अरहन्तसम्म हुँदा पनि आमाचाहिँ पृथक बाटोमा लागिरहेकी थिइन् र पुत्र सारिपुत्रलाई गाली गर्दैरहन्थिन् । तिर्थङ्करहरू बुद्धको लोकप्रियता देखेर दाह र ईर्ष्या गर्दथे । 'के का कारणले बुद्धले सबैलाई तान्न सके, यिनीसँग आकर्षण गर्ने कुनै मन्त्र छ होला' भन्ने चर्चामा उनीहरू लागेका थिए । 'त्यस्तो मन्त्र छ भने हामीले पनि लिनुपर्छ नत्र हाम्रा मानिसहरू उतैतिर लाग्ने भए' भन्ने चिन्ता उनीहरूलाई थियो । बिस्तार बिस्तारै बुद्धप्रति नै तिनका शिष्यहरू आकर्षित हुँदैआइरेका थिए । उनीहरूतिर आकर्षित हुने एकजना पनि थिएन । बुद्धको त्यो मन्त्र चोर्नुपर्छ भनेर अलिकति बुद्धि तेज भएका आफ्नापट्टिका व्यक्तिहरूलाई जेतवन विहारको पछाडिपट्टि लुकेर त्यहाँभित्र के गर्छन् सुन्नू' भनेर पठाइदिए । कोहीलाई त नक्कली चिवर लगाइदिएर कसैले थाहा नपाउने गरी विहारभित्रै पनि हुले । उताको विद्या सिकेर हाम्रोमा मिलाउनु पाए हामी सूर्यझैं चम्किन सक्नेछौं भन्ने उनीहरूको सोच थियो । (सुसिम ?) आदि नाम गरिएका परिव्राजकहरूलाई पठाएका थिए ।

भगवानले आफ्नोमा आइसकेकालाई ज्ञान बुझाएर अरहन्त बनाएर मात्र निस्कन दिनुहुन्थ्यो । ती हम्मेसी त्यसै निस्कन सक्दैनथे । ती तिर्थङ्करहरूले जति पनि मानिसहरू बुद्धकहाँ विरोध गर्न पठाए, ती कुनै पनि फर्केर आएनन् । फेरि अरू पठाए, ती पनि फर्केर आएनन् । कसैकसैले त्यहाँ भनिएका कुराहरू सुन्थे र कण्ठस्थ पनि गर्थे । तिनीहरूमा स्मरणशक्ति खुबै थियो तर अर्थ भने बुझ्न सक्दैनथे । स्मरणशक्ति राम्रो भएर पनि बुझ्ने शक्ति थिएन । उनीहरूले त्यस्ता व्यक्तिलाई भिक्षु बनाएर मिसाउन थाले । आउँथे, लुकेर सुन्थे । भगवानको बोजझङ्ग देशना, आर्यमार्गको देशना सुनेर कण्ठ पार्थे । फर्केर गएर बुद्धले यस्तो यस्तो भन्छन्, यस्तो यस्तो गर्छन् भनेर आफ्ना गुरूलाई भन्थे । प्रचार गर्दा यी कुराहरू बुद्धले भनेका हुन् भन्दैनथे । बरू हाम्रै ज्ञान हो भनेर भन्दै हिंड्थे । बुद्धका ज्ञानलाई आफ्नो बनाउँदै प्रचार गर्थे ।

कहिलेकाहीं भिक्षुहरू भिक्षाटन जानुहुँदा, अहिले सबेरै छ भनी



Downloaded from http://dhamma.digital

समय समयमा तिर्थङ्करहरूको विहारमा पनि पस्नुहुन्थ्यो । ती तिर्थङ्करहरू हल्ला गरिबस्थे । 'भगवानले त मौनलाई विशेष स्थान दिनुहुन्छ । हल्ला नगर बुद्ध र उनका श्रावकसंघले हल्ला रूचाउनु हुन्न,' त भन्थे । उनीहरू तिरच्छान कथा (काम नलाग्ने कुरा) सुन्ने सुनाउने गरी समय बिताउँथे । भिक्षुहरू जाँदा आसन त दिन्थे, 'हाम्रा समुदायका होइनौ, किन आयौ' भन्ने त थिएनन् । भिक्षुहरू पनि यिनीहरूकहाँ जानै हुन्न भन्दैनथे ।

भेटघाट त चल्थ्यो । तिर्थङ्करहरूले एक प्रकारले त्यागी भएर आचरण गरेका त थिए, मार्ग नचिनेका मात्र हुन् । पुण्य पाउन र मुक्ति पाउन खोजेका त हुन् । भिक्षुहरू त्यसै उनीहरूकहाँ गएका थिएनन्, मित्रभाव राखे बिस्तारबिस्तारै धर्म बुझाउन सजिलो हुन्छ भनेर उनीहरूकहाँ जाने गर्नुहुन्थ्यो ।

उनीहरू भन्थे, "तपाईहरूका गुरूले जसरी उपदेश गर्नुहुन्छ, हाम्रा गुरूले पनि त्यस्तै उपदेश गर्नुहुन्छ । तपाईहरूका गुरूको र हाम्रो गुरूको धर्ममा के फरक छ ? हामी पनि 'वीरिय सम्बोज्झङ्गोति बहुलिकता, सति सम्बोज्झङ्गोति बहुलिकता, समाधि सम्बोज्झङ्गोति बहुलिकता, पीति सम्बोज्झङ्गोति बहुलिकता, पस्सद्धि सम्बोज्झङ्गोति बहुलिकता, उपेक्खा सम्बोज्झङ्गोति बहुलिकता' भन्छौ । अर्थात् वीर्य, स्मृति, समाधि, प्रीति, प्रश्रब्धि, उपेक्षाको बारम्बार भावना गर्नुपर्छ भन्छौं । वीर्य बोधिज्ञान पाउने अंग हो, यसको भावना गर्नु, सति, समाधि, धर्मविचय, प्रीति, प्रश्रब्धि र उपेक्षाको पनि भावना गर्नुपर्छ भन्छौ भने तपाईहरूका गुरू बुद्धले पनि त यसै भन्छन् । के फरक भयो ?"

यसरी तिनीहरूले लुकेर सुनेका शब्दहरूलाई कण्ठस्थ पारेका थिए । तिनै शब्दलाई प्रयोग गरी भगवानका उपदेशलाई आफ्नै बनाएका थिए । आफ्नो पेवा बनाएका थिए । पिटकमा यस्ता कुरा धेरै भेटिन्छन् । भगवानले उपदेश गर्नुभएको बोज्झङ्ग धर्मलाई उनीहरूले सतही रूपमा आफ्नै बनाएका थिए । उनीहरूले बताएका कुरा हूबहू त मिल्थ्यो तर भिक्षुहरू पनि मौन रहनुहुन्थ्यो । फरक छ भन्नलाई जस्तो छ त्यस्तै भनेका थिए । फरक छैन भन्नलाई पनि भन्न त भने तर गहिरो भाव भने बुझेका थिएनन् । शब्द त लिएर गए तर भाव लिएर जान सकेका थिएनन् ।



Downloaded from http://dhamma.digital

धर्मका कुरा त टिपेका थिए तर अर्थ नजान्दा भित्र त खोक्रो र खाली नै रहेको थियो ।

ती भिक्षुहरू भगवानकहाँ फर्केर आई ती तिर्थङ्करहरूले हाम्रा धर्म त चोरेछन् भनेर बेलिविस्तार लाउँथे । भगवानले पनि त्यसरी भन्दा 'तिमीहरूले पनि ती बोज्भङ्गको भावना गरेर कस्तो अनुभव हुन्छ भनेर सोध्न पर्थ्यो, सोधेनौ ? उनीहरूले शब्दमात्र लगेका हुन् । गहिरो अर्थ लगेका होइनन् ।' चोरेको नभनी लगेको भन्नुभई भित्री बुझाइ नभएपछि वा कम भएपछि हाम्रा शरणगामी कम हुँदैनन् भन्नुभयो ।

कोही त चिवर लगाएर भिक्षु समुहमा मिसिन्थे र भिक्षुहरूले गर्ने अनेक कार्यलाई नक्कल गरेर सीमागृहको कार्यलाई पनि जानेर बाहिरिन्थे । 'मैले बुद्धका जाल सबै बुझेर आइसकें' भनेर फलाक्थे । सीमागृह भन्ने हुन्छ । त्यहाँ भिक्षुहरूमात्र पस्न सक्छन्, श्रामणेरलाई प्रवेश दिईदैन । ती बाहिरिएकालाई 'आपसमा यो मन्त्र जपेर सिद्धि गर्दा रहेछन्' भनेर कण्ठस्थ गरिएका गाथा सुनाउँथे ।

'यसै सिद्धिले गर्दा जनता बुद्धका पछि लगिएका रहेछन् । अब त त्यो मन्त्र मैले पनि जानें नि ! अब त बुद्धका पार्टी जतिसुकै आउन् न । उनीहरूले एक वचन गरे, म दस वचन गर्छु, उनीहरूले दस वचन गरे, म सय वचन गर्छु, उनीहरूले सय वचन गरे, म हजार वचन गर्छु । उनीहरूले जानेको एक पक्षको मात्र हो, मैले दुवै पक्षको जानेको छु । हाम्रो पनि जानेको छु, उनीहरूको पनि जानेको छु' भनेर त्यस दृष्टिकले फलाक्दै हिंडे । यसरी धेरै दिनसम्म फूर्ति गरेर फलाक्दैजाँदा एकदिन भिक्षुहरूले पनि थाहा पाए । बुद्धले पनि यसरी नभएको आरोप लगाए भने फैसला गर्नुपर्छ । मौन बसियो भने 'हो रहेछ र मौन बस्यो' भनेर जनताले भन्नेछन् । अहिले यो आरोप मलाई नै आएको हो, म आफै गएर फैसला गर्छु' भनेर भगवान उनीहरूकहाँ पाल्नुभयो ।

भगवान त्यहाँ जानुभयो । ती व्यक्ति जनताहरूको बीचमा बसेर फुई गर्दै गफ हाँक्दैथिए । त्यसैबेला भगवान आइपुग्नुभयो । "उ, बुद्ध त आउनुभइहाल्यो नि" भन्दिएका मात्र के थिए त्यो व्यक्तिको मुखमा बुझो लाग्यो । अट्ठकथामा उपमा दिइएको छ – जसरी आफूले तर्साउन



Downloaded from http://dhamma.digital

सक्नेको अगाडि गौमन सर्पले फणा फुलाई स्याँस्याँ फ्वाँफ्वाँ गरिरहेको बेला चिल देखा पर्दा त्यो सर्प गुजुल्टिएर बस्छ, त्यस्तैगरी त्यो व्यक्ति पनि खुम्चेर शिर निहुराइ बसिरहे । उनको अभिमान चकनाचुर भयो ।

बुद्धले उनीसँग सोध्नुभयो, "तिमीले सीमागृहमा उच्चारण गरेका गाथालाई लुकीछिपी टिपेर मैले बुद्धको जाल सबै जाने भनेर भन्दैहिंडेको सुनिन्छ, के यो सत्य हो ?" उनी चुप लागि बसे, केही बोलेनन् । यसरी तीनपल्ट सोध्दा पनि निहुरे मुन्टो लगाई नबोलेको देखेर जम्मा भएका ती तिर्थङ्करहरूले पनि उनलाई हकारे, "अघि त हामीलाई फुर्ति गरी मैले सबै जानें । उनीहरूले एक भने म दस भन्छु भन्दै उर्लिरहेका थियौ, अहिले के भो, बोल न !" भन्दै झम्टे । 'आयन्दा यसरी आफ्नो क्षमता र योग्यताभन्दा बाहिरका विषयमा फलाक्दै नहुँदो प्रचार गरिहिड्न योग्य छैन, कहिल्यै पनि यसो नगर' भनी बुद्ध त्यहाँबाट जानुभयो । अनि त त्यहाँ भएका र सुनिरहेकाहरूले उनको गिल्ली गरे । यो कुरा सबै ठाउँमा फैलियो । यसबाट यो पुष्टि हुनगयो कि जति नै कोशिस गरे पनि तिर्थङ्करहरूले बुद्धको सामना गर्न सक्दैनन् ।

फेरि मोद्गल्यायन भन्तेले कोही मरेमा देवलोक गएरै भए पनि भेटेर आएर परिवारलाई खबर भन्दिने गर्नुहुन्थ्यो । उसो हुँदा तिनीहरूले बुद्धको धर्मको प्रभाव धेरै छ । जो मरे पनि सुगतिमा जाने मात्र छन् भन्ने चर्चाहरू ठाउँठाउँमा हुन थाल्यो । उता तिर्थङ्करहरूलाई भने यस्तो कुराको ज्ञानै थिएन । तिर्थङ्करका मानिसहरूले आफ्ना गुरूहरूलाई यस्ता कुरा सुनाएर 'तपाईहरूले त्यति पनि बताउन सक्नुहुन्न, बुद्धपट्टिकाले बताउन सक्छन् भनेर पिर्थे । 'तपाईहरूले बताउन सक्नुहुन्न भने त हामी पनि उतै जान्छौं' भन्न थाले ।

## एउटा घटना –

एकजना ब्राम्हण मर्ने बेला दुर्गतिको निमित्त देखेर आत्तिएर कराएछन् । उनीहरूको भनाइमा ब्राम्हण मरेपछि सीधै ब्रम्हलोक जान्छ भन्ने मान्यता थियो । तर त्यस ब्राम्हणले नरकको निमित्त देखेछन् । नरकको आगो दन्केको देखेछन् । के भो भनी सोध्दा आगो दन्केको देखें भनेछन् । उनका



Downloaded from http://dhamma.digital

गुरू छेवैमा थिए । गुरूले भने, "आगो देखे पनि नराम्रो होइन ।" "होइन, मलाई नै जलाउन आउँदैछ, गुरूजी ।" "तलबाट होइन, माथिबाट होला नि !" "होइन, तलबाट आगोले जलाउँदैछ ।" "अहिले तलपट्टि देखे पनि एकछिनमा माथि चढ्दैजान्छ, आगो भनेको तलबाट चढ्दैजाने हो ।" गुरूले यसो भनेर टारेछन् । यसरी चित्त बुझाइदिने उपाय खोज्थे ।

उनीहरू आफ्नो स्थान खस्कँदै गएको महसुस गरी बुद्धका पार्टीलाई निचा पार्ने उपाय खोज्थे । कहिले चिंचमानलाई गर्भवती बनाएर, कहिले सुन्दरीलाई मारेर बुद्धलाई दोषी भएको आरोप लगाए । पछि प्रसनजीत कोसल राजाले गुप्तचरमार्फत् बुद्ध दोषी होइन भन्ने कुरा पत्ता लगाई दोषीहरू सबैलाई सजाय दिए । बुद्ध झन बढी सम्मानित भए ।

## ऋद्धि प्रदर्शन र त्यसमा रोक –

एकदिन भगवानले पिंडोल भारद्वारको सन्दर्भमा शक्ति प्रदर्शन नगर्ने एउटा विनय बनाउनुपरेको थियो । एकजना महाजनले चन्दनको एउटा ठूलो पात्रलाई माथि झुण्डयाएर 'जसले उडेर लिन सक्छ उसलाई दिन्छु र उसलाई नै गुरू मान्छु' भनेको थियो । नाथपुत्रले आफ्ना चेला पठाएर 'यस्तो जाबो एउटा पात्रको लोभले आकासमा उड्नु हुन्न हाम्रा गुरुहरू । उहाँहरू निकै पराक्रमी, ज्ञानी हुनुहुन्छ । यो पात्र उहाँहरूलाई नै दिनुहोस्' भनी भन्न लगाए । 'मैले अधिष्ठान गरिसकें जसले लिनसक्छ उसैलाई नै म दिन्छु र गुरू मान्छु, आजसम्म मैले कसैलाई गुरू मानेको छैन' भनेर जवाफ दिए । ७ दिनसम्म पनि नाथपुत्रहरूले त्यो पात्र उडेर लिन साहस गरेनन् । अनि नाथपुत्रले 'तिमीहरूले 'मलाई तानेझैं गर्नु, म उड्ने कोशिस गरेझैं गर्छु' भनेर सल्लाह गरे । पहिले त त्यस उपासककहाँ गएर 'यति जाबो पात्रो लिन गुरूजी कहाँ आकासमा उड्नुहुन्छ, अरूले गिल्ला गर्छन्, त्यो पात्रो गुरूजीलाई दिनुहोस्' भनेर धेरैबाजी भने । त्यस उपासक महाजनले भने, "मैले भनिसके, जसले उडेर त्यो पात्र लिन सक्छ, उसैलाई म मान्छु, त्यसै दिन्नँ ।" धेरैले त्यो नाटक गरेको मात्र हो भन्ने बुझे । यस्तो के रमिता हेर्नु भनेर कोही त आफ्नो बाटो लागे ।

एकपल्ट मौद्गल्यायन र पिण्डोल भारद्वाज एउटा ढुँगामा विहार



Downloaded from http://dhamma.digital

लिइरहनुभएको थियो । 'यस्तो नाटक पनि गर्नु, उड्न नसके सक्दिनँ भन्नु नि' भनेर कुरा गर्दै गएको उहाँहरूले सुन्नुभयो । 'उता अर्हत भन्ने त रहेन छन् । सबै समुदायका गुरूहरू हामी अरहन्त हौ भन्छन् । गौतम पार्टीका पनि त्यसै भन्छन् । खै त कोही अघि सर्दैनन्' भनेर कराउँदै गएको पनि उहाँहरूले सुन्नुभयो । मौद्‌गल्यायनलाई पिण्डोल भारद्वाजले भने, "सुन्नुभयो होला नि उनीहरूका कुरा ! यसरी त उनीहरू झन मिथ्यादृष्टिमा पर्ने भए । 'अर्हत छैनन्, आकाशमा उड्न सक्ने कोही छैनन्, सबै जनतालाई छल्ने मात्र हुन्' भनेर गएका छन् । अर्हतहरूलाई यसले चुनौती दियो । ती उपासकले पनि आज त्यो पात्रो लिन नसके कसैलाई पनि मान्दिनँ भनेका छन् । त्यो उपासक मिथ्यादृष्टिमा परे आधा नगरवस्ती नै मिथ्यादृष्टिमा पर्नेछन् । तिनलाई मिथ्यादृष्टिक हुनबाट बचाइदिनुपर्‍यो । शक्तिमा तपाई नै एततग्र हुनुहुन्छ । यो काम त तपाईले नै जिम्मा लिनुहोस् । मौद्‌गल्यायन भन्तेले भने – "म थोरै मात्र खान्छु त्यसैले मलाई त्यो ठूलो पात्र चाहिँदैन । तपाई धेरै खानुहुन्छ त्यो ठूलो पात्र तपाईलाई नै चाहिन्छ, तपाईले नै उडेर लिनुहोस् ।" पिण्डोल भारद्वाजे भने – "आज्ञा दिनुभए म लिन सक्छु ।" मौद्‌गल्यायनले 'हुन्छ' भन्नुभयो ।

पिण्डोल भारद्वाजले राजगृहको उत्तरतिरबाट एउटा चाक्लो ठूलो ढुँगा बुढिऔंलाले च्यापेर आकासमा जाँतो घुमाएझैं घुमाइदिए । माथि घुमेको ढुँगा छानोझैं भएकोले तलका जनताहरू अब त सबै मरिने भइयो भनेर आत्तिन थाले । डराउन थालेको देखेर भारद्वाजले आफ्नो रूप र ढुँगा देखिने गरी प्रकट भए । 'हामी त आत्तियौं, यो ढुँगा हटाइदिनुहोस्, भन्ते' भनेर कराएपछि भारद्वाजले त्यो ढुँगा पल्टाइदिए । अनि उडेर त्यो झुण्ड्याइएको पात्र लिए । यो देखेर 'बुद्ध धर्म संघमा मात्र यस्तो शक्ति रहेछ' भनी त्यो महाजन बुद्धको शरणगामी भए । तर तिर्थङ्करहरूले भने, "यी बुद्धका भिक्षुहरू कति लोभी, त्यस्तो मामुली पात्रको लागि यत्रो शक्ति देखाए र फेरि जनतालाई डर पनि देखाए, त्यस्ता शक्ति त हामीसँग कति छन्, छन्, हामीले नदेखाएका मात्रै हौं ।" यसो भनेर उल्टो आरोप लगाए ।

त्यो आरोप भगवानले सुनेर मौद्‌गल्यायन र भारद्वारलाई बोलाउनुभयो । भारद्वाजले 'यस्तो यस्तो घटना हुन गयो, संसारमा अरहन्त



Downloaded from http://dhamma.digital

भन्ने नै छैन भन्न थाले, त्यो उपासक मिथ्यादृष्टिक भए अरू धेरै मिथ्यादृष्टिक हुने भए भनेर त्यस्तो शक्ति प्रदर्शन गर्नुपरेको कुरा बताए । भगवानले भन्नुभयो, "मेरो शासन शक्ति देखाएर मार्गमा ल्याउने शासन होइन । त्यस्तो हरकत गर्ने त तिर्थङ्करहरूको मात्र काम हो ।"

शासन बाहिर पनि शक्ति देखाउन सक्नेहरू थिए, जस्तै कालदेवल ऋषि । उताकाले पनि शक्तिले तान्ने र यताकाले पनि शक्तिले तान्ने भएपछि फरक के भो ? 'आजबाट कुनै पनि भिक्षुले शक्ति नदेखाउनू' भनेर बुद्धले विनय बनाउनुभयो । (यहाँ 'शक्ति' भनेको 'ऋद्धि' हो ।)

यो कुरा सुनेर तिर्थङ्करहरू खुसी भए । 'अब बुद्धपार्टीले शक्ति नदेखाउने भएपछि  हामीले उनीहरूलाई त्यसै हराउन सक्छौं, लौ अब हामीले शक्ति प्रदर्शन गरौं ।' भनेर तिनीहरू कस्सिए । 'हामीसँग प्रतिस्पर्धा गर्न बुद्धपार्टीका जो कोही पनि आए हुन्छ' भनेर हाँक दिए । यो कुराको जताततै चर्चा भयो । बिम्बिसार राजाले पनि 'बुद्धले विनय निकाल्नुभयो, मिथ्यादृष्टिकहरू जाग्ने भए, जनता अन्धा छन्, जे जे भने पनि पत्याउँछन् । अब भएन' भनेर भगवानलाई गएर राजाले यही कुरा पोखे ।

भगवानले भन्नुभयो, "त्यस कुरामा कुनै अन्योलता राख्न पर्दैन । त्यो कुरामा ढुक्क भए हुन्छ ।"

बिम्बिसार, "विनय भर्खर बनाउँदै हुनुहुन्छ, आफैले विनय भङ्ग गरेजस्तो हुँदैन र, भगवान ?" भगवान, "तपाईको बगैंचामा फलफुल टिपेर खान सबैलाई छुट हुँदैन तर  तपाईले टिपेर खानुभयो भने तपाईलाई दण्ड हुन्छ त ? अरूलाई कानुन लाग्ने तपाईलाई नलाग्ने कसरी हुन्छ ?"

बिम्बिसार, "त्यो त कानुन मेरो हातमा छ, कानुनदेखि म अलग्ग छु ।"

भगवान, "त्यस्तै विनय बनाउने आफै हुनाले म पनि विनयदेखि अलग्ग छु ।" यसमा राजाको चित्त बुझ्यो ।

'फलाना ठाउँको आँपको बगैचामा शक्ति देखाइँदै छ' भन्ने घोषणा भयो । तिर्थङ्करहरूले सुनेर त्यो बगैचै किने । आँपका रूखहरू जरै समेत उखेलेर फाले । बुद्धलाई कमजोर बनाउने योजना गरे । सबै आतिएर भन्न थाले कि अब तिर्थङ्करहरूले बुद्धलाई झुठा बनाउने भए । बुद्धसहित



Downloaded from http://dhamma.digital

भिक्षुसंघ र अन्य जनता पनि साथमा आएका थिए । मानिसहरू राजालाई आँप कोसेली चढाउन ल्याउँदैथिए । बुद्धलाई देखेर राजाभन्दा भगवान उत्तम हुनुहुन्छ भनेर बुद्धलाई नै आँप दान गरे । भगवानले आनन्दलाई 'यी आँपको सर्वत बनाऊ र कोयालाई यहीं रोप' भन्नुभयो । रोपिसक्ने वितिकै आँप उम्य्रो । आँपका ठूलठूला दाना भए । जताततै आँपका बोटहरू देखिए । लटरम्म फलेका आँपहरू झुलिरहेका देखिए ।

उता नाथपुत्रहरूले पनि त्यसरी बोट आफै उमार्न जानेका थिए । भगवानसँग तिर्थङ्करहरूले शक्तिको होडबाजी गर्न योग्य छैन । सूर्यले जुनकिरीसँग र जुनकिरीले सूर्यसँग दाँज्न मिल्दैन भनेर बरूण देवतालाई भनेर पानी वर्षा गराए, मण्डप पनि हावाले उडाइदिए । तिर्थङ्करहरू हतोत्साहित भए । यी सबै बुद्धले गरेका हुन् । बुद्धसँग जोरी खोजेर त सकिंदैन । गुरूचाहिँले शक्ति देखाउनमा हारेर शरण पर्नुभन्दा मर्नु निको ठाने । मर्न भनेर गंगाजीतिर जाँदैथिए । उता तिनका चेलाहरूले गुरुजी शक्ति देखाउन जाँदैहुनुभएको ठानी गुरूजीलाई भनेर मीठो राम्रो भोजन बनाएर ल्याउँदैथिए । उनीहरूले भने, "गुरूजी पर्खनुहोस्, भोजन लिनुहोस्, किन दौड्नुभएको ?" "भयो, भयो पर्दैन भोजन पनि । बरू त्यो हण्डी मलाई देऊ ।" गुरूले त्यो हण्डीको भोजन घोप्टयाएर त्यसमा बालुवा र ढुंगा भरेर त्यसलाई डोरीले बाँधेर अनि आफूलाई पनि बाँधेर गंगाजीमा फाल हाले र सीधै अविचिमा पुगे । भगवानले त्यहाँ शक्ति देखाउनुभयो । एउटा रौंको प्वालबाट आगो, अर्को प्वालबाट पानी एकै चोटी छोड्नुभयो । मौद्गल्यायनले कि आगो कि पानी निकाल्न सक्थे । सबै जनता छक्क परी हेरिरहे । यसरी आगो पानीको फोहरा छुटाउँदै भगवान त्रावतिंस देवलोक जानुभयो ।

'कहिल्यै नदेखिने दृष्य देख्यौं । भगवान कता जानुभएका होला, अब फेरि कहिले दर्शन पाइएला' भनी जनता कराउन थाले । 'भगवान जबसम्म फर्केर आउनुहुन्न, हामी यहाँबाट जान्नौं, यहीं मरे मर्छौं' भनेर जनता त्यहीं धर्ना कसे । मौद्गल्यायनले यो कुरा भगवानलाई सुनाए । "तिमीले त्यहाँ गएर सबैलाई धर्मदेशना गर । त्यहाँ चुल अनाथपिण्डक छन् । खुवाउन पियाउनमा तिनले जिम्मा लिने छन्" भनेर भन्नुभयो । मौद्गल्यायलने तीन महिनासम्म धर्मदेशना गर्नुभयो र चुल अनाथपिण्डकले



Downloaded from http://dhamma.digital

तीन महिनासम्म सबैलाई भोजन दान गरे । त्यस समयमा सारिपुत्र हिमालतर्फको चन्दन वनमा हुनुहुन्थ्यो ।

त्रावतिंस देवलोकमा इन्द्रले दिएको पण्डुकम्बल आसनमा ( अपराजित पलङ्ग) मा बसी भगवानले धर्मदेशना गर्नुभइरहेको थियो । उहाँकी माता महामाया देवी त्रावतिंस देवलोकमा 'सन्तुसित देवपुत्र' हुनुभएको थियो र त्यस धर्मदेशनामा सामेल थिए । दश हजार चक्रवालका देव ब्रम्हाहरू पनि सामेल थिए । त्यो देशनाबाट ८० हजार करोड देव ब्रम्हाहरू भवबाट छुटकारा हुनुभयो । अर्हत भएका मात्र त्यति, स्रोतापन्न, सकृदागामी र अनागामीहरूको हिसाब नै थिएन । कल्याण पृथग्जनहरू पनि कति हो कति ! यो हिसाबले संसारमा मनुष्यको संख्या त धेरै थोरै मात्र छ । देव ब्रम्हाको संख्या कति छन् होला भनेर अनुमान लगाउन पनि गाह्रो छ ।

भगवान मनुष्य हुनुभएको हुँदा मनुष्य शरीरलाई भोजन पनि मनुष्यकै चाहिन्छ । उहाँ उत्तर दीपमा गएर भिक्षाटन गर्नुहुन्थ्यो अनि हिमालको फेदी चन्दन वनमा गएर भोजन लिनुहुन्थ्यो । एकक्षण एक विहार (क्षणिक विहार) लिनुहुन्थ्यो । भिक्षाटन हिंड्नुहुँदा त्रावतिंसमा निमित्त भगवानले देशना गर्नुहुन्थ्यो । त्यस चन्दन वनमा त्यसबेला सारिपुत्र र उनका ५०० चेला हुनुहुन्थ्यो र भोजनको समयमा भगवानको सेवा गर्नुहुन्थ्यो । विस्तार देशना, संक्षेप देशना अर्थात् न विस्तार न संक्षेप देशना तीन प्रकारको मध्ये भगवानले सारिपुत्रलाई संक्षेप देशना गर्नुहुन्थ्यो । सारिपुत्रले त्यसलाई विस्तृत पारी आफ्ना शिष्यहरूलाई देशना गरिदिनुहुन्थ्यो । सारिपुत्रमा ज्ञान त्यति तेजिलो थियो । सुरू मात्र हुनुपर्थ्यो ।

देवलोकमा भगवानले पट्ठान देशना गर्नुहुँदा सर्वञ्ञुता ज्ञान लगाएरै देशना गर्नुभयो । त्यसबेला भगवानको शरीरबाट रश्मि निस्केर सारा जगतभरि फिंजियो । अन्य प्रकारको देशना गर्दा साधारण हिसावले मात्र देशना गर्नुहुन्थ्यो । जस्तै समुद्रको ठूलो माछा एउटा नदीमा आए त्यो नदी उसको लागि सानो भइदिन्छ र स्वतन्त्रताका साथ खेल्न पाउँदैन । यता ठोकिन्छ, उता ठोकिन्छ, फेरि त्यो माछा समुद्रमा पुग्यो भने स्वतन्त्रताका साथ खेल्न पाउँछ । त्यस्तै भगवानको सर्वञ्ञुता ज्ञान ठूलो भइदिएकोले अरू बेलाको देशना साधारण हिसाबले मात्र गर्नुहुन्थ्यो । पट्ठान देशनामा पनि



Downloaded from http://dhamma.digital

समुद्रमा पुगेको माछोले झैं उहाँको सर्वज्ञता ज्ञानले खुलेर खेल्न पायो ।

भगवानले देवलोकमा गर्नुभएको यो पट्ठान देशनालाई सारिपुत्रले संक्षेपमा सुन्नुभयो र त्यो संक्षेपमा सुनेको देशनालाई ५०० शिष्यहरूले सुन्न माग गर्दा सारिपुत्रले उनीहरूले बुझ्ने क्षमता अनुसार ठीक्क हुने गरी मिलाई बुझाउनुभयो तर सम्पूर्ण रूपमा त होइन । अहिले रहेको पट्ठानचाहिं सारिपुत्रले जति बुझाइदिनुभएको थियो त्यतिमात्र अहिले मनुष्यलोकमा पाइएको छ । देवलोकमा देशना भएको विस्तृतरूपको पठ्ठान मनुष्यलोकमा मसिनो गरी बुझ्न गाह्रो पर्ने भएकोले सारिपुत्रले धेरै छोटकरी गरी पनि होइन, धेरै मसिनो गरी पनि होइन, मध्यम हिसाबले बुझ्न सक्ने गरी आफ्ना ५०० भिक्षुहरूलाई देशना गर्नुभएको थियो ।

यति पट्ठान देशना सुन्न पाउनु पनि दुर्लभ छ । शासन लोप हुने बेला सर्वप्रथम लोप हुने पनि यही पट्ठान हो । परियति शासन, पटिपति शासन र परिवेध शासन भनी तीनवटा शासन हराउनुपऱ्यो भने परियति शासन पहिले हराउँछ अनि पटिपति अनि परिवेध शासन हराउँछ । परियति शासनमा पनि परियति, विनय र अभिधर्ममा पहिले हराउनेमा अभिधर्म शासन हराउँछ । अभिधर्ममा पनि धर्मसंगिनी, धातु, पुग्गलपञ्ञति आदिमा पट्ठान देशना पहिले हराउँछ अनि पछि गएर अभिधर्म सबै हराउँछ । अभिधर्म हराए सूत्र पनि हराउँछ, सूत्र हराएपछि विनय हराउँछ । विनय पनि हरायो भने भगवानलाई मान्ने, आदर गौरव राख्ने भन्ने पनि हराउँछ । चैत्य, मूर्ति र विहारादि पनि हराउँछ अनि धातु परिनिर्वाण हुन्छ । अनि त शासनको इतिश्री हुन्छ ।

शासन लोप हुने काम पट्ठान देशना लोप हुनुबाट प्रारम्भ हुन्छ । लोप नहुन दिनको लागि समय समयमा पट्ठानलाई यसरी उच्चारण गरिरहने नियम रहिआएको छ । पठ्ठान हरायो भने सम्पूर्ण शासन नै हराउँछ । पठ्ठान हराएको छैन भने अरू हराउँदैनन् । त्यसैले पट्ठानको उच्चारण बेलाबेलामा भइ नै रहनुपर्छ । पट्ठानको उच्चारण त भइरहेको छ तर अर्थ हरायो भने अर्थ बुझ्ने व्यक्ति हराउँछन् । अर्थ हराए, पट्ठानको महत्व नै हराउँछ । त्यसैले पट्ठानको अर्थ बुझ्न अति नै जरूरत छ । हेतु आरम्मणसहित भइएका २४ प्रतिहारलाई उच्चारण गर्दै


Downloaded from http://dhamma.digital

रहेका व्यक्तिले संक्षेपमा अर्थ बुझाएको सुन्दा पनि यही पट्ठानलाई भनिएको होला भनेर बुझ्न सक्दछ । त्यसैले भगवानले देवलोकमा ३ महिनासम्म देशना गर्नुभएको पट्ठानलाई हामीले चिन्तन, पठन, मनन र उच्चारण गर्नु अति आवश्यक छ ।

**पट्ठान देशनाअन्तर्गत पहिलो दिनको 'निदान देशना' समाप्त भयो ।**

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# दोस्रो दिन

## (हेतुपच्चयो)

## २

पट्ठान भनेको धेरै प्रकारका कारण जुटेर उपकार गर्ने भइएको विषय हो भन्ने कुरा हामीले बुझ्यौं । पट्ठान अरू केही नभइकन शरीरकै देशना हो । पट्ठानमा प्रतिहार सूत्र २४ छन् । भन्ने हो भने पट्ठान देशना गर्न पनि गाह्रो छ, बुझ्न पनि गाह्रो छ । यहाँ बुझ्न सकिने जतिलाई मात्र लिएर देशना गरिन्छ ।

### *तिस्सदत्थ भिक्षुको प्रसंग –*

तिस्सदत्थ नामको भिक्षुलाई परियति शिक्षा पूर्ण गरिसकेपछि भगवानको दर्शन गर्न जाने इच्छा भयो । भगवान परिनिर्वाण भइसक्नुभएको थियो । भगवानले बोधिज्ञान प्राप्त गर्नुभएको बोधिवृक्षलाई दर्शन गरे पनि मलाई दर्शन गरे बराबरकै पुण्य मिल्छ भन्नुभएको छ । बोधिवृक्षलाई नै दर्शन गर्छु, चार धामको दर्शन गर्छु भनेर उनी श्रीलंकाबाट पानीजहाजमा हिडेका थिए । समुद्रको किनार कतैबाट पनि देखिँदैनथ्यो । पानीको तरंगले जहाज छचल्किएको लहरमा हल्लिंदै थियो । यो समुद्र कति गहिरो होला, उत्तर दक्षिण पूर्व पच्छिम कतै जमिन देखिंदैन । भित्र के के छन् होला । गहिराइबारे मनन गर्दा गर्दा पट्ठानको गहिराइ कतिसम्म छ भन्ने अनुमानै नलाग्ने गरी गहिरो छ भन्ने उहाँलाई लाग्यो । बरू एकतर्फ लगातार जाने हो भने यो समुद्रको किनार भेटिन्छ । अनि गहिराइमा पनि जाने हो भने पानी अडाउने जमिन पनि भेटिन्छ तर पट्ठान त्योभन्दा पनि गहिरो छ । पट्ठानको किनार भेट्टाउनै सकिन्न भनेर मनन गर्दैजाँदा उहाँमा प्रीतिको संचार भयो । एकाग्रता चुलिंदै आयो । त्यही समाधिको बलले पट्ठानको



Downloaded from http://dhamma.digital

मनन गर्दागर्दै उनी पानी मै अहरन्त भए ।

पट्ठान सुन्दैगर्दा पञ्चस्कन्धमा पनि मनन गर्दैजानुपर्छ । पट्ठान सुन्दा साधारण कथा सुनेजस्तो गरी सुन्नुहुँदैन । शरीरमै देखिने गरी शरीरमै घटाउँदै सुन्दैजानुपर्छ ।

पट्ठान पालिमा भएका २४ प्रतिहारहरूमा पहिलो प्रतिहार *'हेतुपच्चयो'* हो । *'हेतु हेतुसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं हेतुपच्चयेन पच्चयो ।'* हेतु र हेतुसँगसँगै उत्पन्न हुने चित्त चेतासिक धर्महरू र त्यो हेतुबाट सँगसँगै उत्पति हुने रूपहरूलाई पनि हेतुले मूल जरा भएर उपकार गरेको हुन्छ ।

हेतु भनेको अकुशलपट्टि लोभहेतु, दोसहेतु र मोहहेतु गरी तीनवटा हुन्छन् । कुशलपट्टि अलोभ, अदोस र अमोह गरी तीनवटा हुन्छन् । यी ६ वटा नै हेतु हुन् । हेतु भनेको मूल जरासमान हो । एउटा वृक्षलाई सानोदेखि ठूलो नहुन्जेल ताकत दिने त जराले नै हो । जरैबाट वृक्षको फेद, हाँगा, पात, फूल र फल सम्भव हुन्छ । यी सम्पूर्णलाई उपकार गरेको जराले हो । त्यस्तै यो चित्त चेतसिकलाई बढाएर झ्याङ्गिने बनाउने यिनै हेतुरूपी जरा नै हुन् । हेतुमा कुशलमा ३ र अकुशलमा ३ हुन्छन् । क्रिया अन्याकत भनेर विपाक चित्तलाई भनिन्छ । धर्म तीन प्रकारका छन् – कुशल धर्म, अकुशल धर्म र अब्याकत धर्म । अब्याकता भनेको विपाक हो । कारण नबनेको लाई विपाक भनिन्छ र भवङ्ग पनि अब्याकत नै हो । निदाएको बेलाको चित्त पनि अब्याकत नै हो ।

चित्तलाई धमिलो बनाउने हुनाले अकुशल भनिन्छ । कुशलले चित्तलाई पवित्र बनाउँछ । पवित्र र अपवित्र बीचको लाई अब्याकता भनिन्छ । अब्याकतमा पनि कुशल विपाक र अकुशल विपाक हुन्छ । चित्तमा लोभ आएमा चित्त फोहर हुन्छ । दोस (द्वेष) भयो भने पनि फोहर हुन्छ । मोह भए पनि फोहर हुन्छ । चित्तमा लोभ छैन भने अलोभ, दोस छैन भने अदोस र अज्ञानता छैन भने अमोह भनिन्छ । चित्त त्यसबेला पवित्र हुन्छ । अब्याकत कुशल पनि होइन अकुशल पनि होइन । त्यसैले पवित्र पनि होइन, फोहर पनि होइन । त्यो पवित्र र फोहरबीचको हो ।

चेतसिक जम्मा ५२ हुन्छन् । वेदना १, संज्ञा १ र संस्कार ५० गरी



Downloaded from http://dhamma.digital

५२ हुन्छन् । पञ्चस्कन्धमा हेर्ने हो भने वेदना, संज्ञा र संस्कार चेतसिक हुन् । संस्कार चेतसिक विस्तृत गरी हेर्दा ५० प्रकारका छन् । संस्कार भनेको बनाउने स्वभाव हो भने विज्ञान भनेको चित्त आफैं हो ।

लोभहेतु भयो भने लोभ सम्बन्धका चित्तलाई लोभहेतुले नै उभारेको हुन्छ । त्यो चित्त जरोको रूपमा उभिन्छ । जरो टेक्यो भने लोभलाई ताकत दिन लोभ सम्बन्धका नै चेतसिकहरू उत्पति हुन्छन् । अनि फेरि यसैमा सम्पयुक्त चेतसिक भयो भने त्यो चित्तले फेरि सबै चित्तजरूपहरूलाई खडा गरिदिन्छ । ती खडा भएका चित्तजरूपहरू पनि लोभ सम्बन्धकै हुन्छन् । अकुशलको जरो टेक्नेवित्तिकै अकुशल झ्याँङ्गिएर आउँछन् । झ्याँङ्गिएर आएकोले नै अकुशल तागतवर हुन्छ । हेतुसँगसँगै उत्पति हुने यी रूपहरूलाई पनि लोभहेतुले झ्याँङ्गिनको लागि उपकार गरेको हुन्छ किनकि लोभले त जराको काम गर्दछ ।

चित्तले पापकर्म गरेको छ भने उत्पन्न हुने रूप पनि पापपट्टिका नै हुन्छन् । चित्त पनि पापतिर, चेतासिक पनि पापतिर र रूप पनि पापतिर नै झुकेका हुन्छन् । यी पापहरूलाई धेरै फैलिएर झ्याँङ्गिन दिन जरो नै हेतु भइदिएको हुन्छ र उपकार गर्ने अन्य कुनै सत्वप्राणी हुँदैन । हेतुले नै उपकार गरेको हुन्छ ।

द्वेष हेतु भनेको चित्त नबुझ्ने भई रिस उठने कारण हो । रिस उठ्यो भने रिस सम्बन्धका चित्त चेतसिकहरू उब्जिन्छन् । यसलाई सम्पयुक्त धर्म (सँगै मिलेर उत्पति हुने धर्म) भनिन्छ । त्यतिखेर जति पनि उत्पति हुने धर्म हुन्छन्, सबै नै द्वेष सम्बन्धका हुन्छन् । त्यसको कारणबाट यही हेतुले नै चित्तज रूपहरूलाई उपकार गरेको हुन्छ । मन हृदयवस्तुबाट निर्मित हुन्छ र मनमा रिस उठ्छ । उठेको रिस हृदयवस्तुको आडमा छ भने उसले लिएको जुन हृदयवस्तुको आड हो त्यो हृदयवस्तु पनि रिस सम्बन्धको भएर तातेर आउँछ । हृदयवस्तुमा पनि वाधा आइदिन्छ । त्यहाँको रगतलाई पहिले गएर धक्का दिने काम हुन्छ । रगतको रंग बदलेर कालो निलो बनाइदिन्छ । अनि रूपलाई रातोपीरो, आँखा पनि ठूलठूलो, एकोहोरो हेर्ने बनाइदिन्छ । यी सबै रिसको कारणले हुन्छ । अनुहार पनि हेर्दैमा डरलाग्दो बनाइदिन्छ । कुनचाहिँ हेतुले व्यक्तिलाई छोएको छ भन्ने कुरा व्यक्तिको



Downloaded from http://dhamma.digital

रूपलाई हेरैर पनि थाहा लाग्छ । चित्तले सँगै उत्पति गरिएको रूपलाई चित्तजरूप भनिन्छ ।

रूपलाई ४ प्रकारले उपकार गरेको हुन्छ – कर्म, चित्त, ऋतु र आहारले । चित्तजरूप ताकतिलो भएमा अरू रूपहरू पनि त्यस्तै हुन्छन् । रूप कडा भइदिएमा त्यसले चित्तलाई पनि कडा बनाएर तागतिलो बनाइदिन्छ । तिनले अन्यमन्य भई एकअर्कालाई उपकार गरिदिएको हुन्छ । त्यो चित्तले गर्दा हात, खुट्टा, मुखलाई पनि जथाभावी चल्न लगाइदिन्छ । भएन भने हतियार सम्म पनि चलाउने बनाइदिन्छ ।

लोभको तान्ने स्वभाव हुन्छ । तानेको तान्यै गर्छ । अनि चाहेको वस्तु नपाई नछोडने बनाइदिन्छ । मूल जरो त हेतु नै हो । चाहियो भन्ने त हल्का हो तर एक अर्कोले उपकार गर्दै लगेर बलियो बनाइएको हुन्छ । जस्तै एउटा वृक्ष बढ्दै गएर मजबुत भएर आउँछ । त्यसको मूल कारण त जरो नै हो । लोभमा पनि द्वेषमा पनि हेतुले नै उपकार गर्दछ । त्यसैले भनिएको छ – *'हेतु पच्चयेन पच्चयो'* । मोह भनेको अज्ञानता हो । मोह हेतुले काम गर्न थालेमा पनि अज्ञान सम्वन्धका चित्त चेतसिकलाई उपकार गरेको हुन्छ । सँगसँगै उत्पति हुने रूपलाई पनि उपकार गरेको हुन्छ । त्यसरी उपकार गर्ने मूल जरालाई हेतु भनिन्छ । त्यसैले विपश्यना गर्ने व्यक्तिले एउटा अकुशल जरामा टेकेर त्यसलाई त्यतिकै छोडिदियो भने त्यो अकुशल झ्याँङ्गिएर जान्छ र तेजिलो हुन्छ । यदि लोभ वा द्वेषसम्बन्धको कुनै एक विषय स्वाट्ट मनमा आयो तर विपश्यना गर्न छोडेर मनन गर्न थालियो भने त्यो विषय झन् झन् बलियो भएर जान्छ ।

काम जातकमा भनिएको छ – गाई गोरूलाई जतिसुकै घाँस खुवाएर राखे पनि सिंग मात्रै बढ्छ । उसको शरीरमा सिंगको कुनै काम छैन । झगडा गर्दा मात्र हान्नमा सिंगलाई काममा ल्याउँछ । नराम्रोको लागि मात्रै काममा लगाउँछ । यसरी नै ज्ञान कमजोर भएका मूर्ख व्यक्तिहरू वा अबुझहरूमा क्लेशहरू मात्र बढ्छ । तृष्णारूपी प्यासपनि धेरै बढ्छ । जति पाए पनि लोभ मात्र बढेको हुन्छ । घट्ने भन्ने हुँदैन । बुढेसकालमा केही चाहिँदैन भनिए पनि चाहिएकै हुन्छ । उमेरले तृष्णा घटाउन सक्दैन । उमेरले रिस राग पनि घटाउन सक्दैन । चाहिँदैन भन्ने त भनाइमा मात्र हो



Downloaded from http://dhamma.digital

– सिंग बढेभैं ।

क्लेशमा राग भयो भने त्यसले जे अरायो, त्यही गर्न पुगिन्छ । कुशल अकुशलको विवेक गर्न पनि सक्दैन । शील त लिइन्छ, तर लोभ हेतुले गर्दा अलि धेरै फाइदा हुने व्यापार गर्ने कुराको सामना गर्नुपर्दा 'शील त पछिपछि लिंदै गरूँला अहिलेलाई यसै गरूँ' भन्ने विचारले च्याप्छ । किन त्यसो हुन्छ भने आफूमा अलोभ, अदोस र अमोहको अवस्था कमजोर भएर हो । अलोभ भनेको श्रद्धा हो, चाहिएन भन्ने चित्त त्याग चित्त हो र अद्वेष भनेको मैत्री हो ।

## उदयभद्रको प्रसंग –

उदयभद्र प्रतापी राजाका छोरा थिए । उनका मातापिताले उनलाई 'विवाह गर अनि युवराजको पद सम्हाल, यो राज्य सबै तिमीले नै समाल्नुपर्छ' भनेर जोर गरे । उदयभद्रको मनमा यो सबै राज्य सुख भोग्न थालेमा म त डुब्छु । यो आनन्द मलाई चाहिएन भन्ने लाग्यो । उनले विवाह गर्न पनि चाहेनन् । यो अलोभको दृष्टान्त हो । आखिरमा बोधिसत्व भइएका उदयभद्रले मातापिताको करकापमा परी विवाह नगरी सुखै पाएनन् । उनका मातापिताको पनि चाँडै देहान्त भयो । उनकी दुलहीको नाम उनकै राशीको नामसँग मिल्नेगरी उदयभद्रा राखिएको थियो । एकदिन उनले रानीलाई सम्झाइ बुझाइ गरेर भने, "हेर, रानी, मातापिताको पनि हामी कलिलैको अवस्थामा नै देहान्त भयो । राज्य सुखको प्यास नमेटिकनै उहाँहरू जानुभयो । यो राज्य सुखको प्यासले दिन प्रतिदिन लोभमात्र बढाउँछ । क्लेशमात्र बढाउँछ । यो राज्य सुख हामीले पूर्वको पुण्यले पाएका हौं । हाम्रो परिश्रमले पाएका होइनौं । मातापिताको रजाई हामीले भोग गरिरहेका छौं । यो सुख हामीलाई सित्तैंमा मिलेको पनि होइन, पूर्वजन्मको पुण्यले मिलेको हो । यो रजाई मिलेको बेला हामीले प्रमादी नभएर यसबाट फाइदा उठाउनुपर्छ ।"

बुद्धले उपमा दिनुभएको छ – 'यो शरीर हण्डी (माटोको भाँडो)जस्तो हो । हण्डीमा घिउले भरिदिए घिउको हण्डी, तेलले भरिदिए तेलको हण्डी, बालुवाले भरिदिए बालुवाको हण्डी हुन्छ । भिक्षुहरू, तिमीहरूले आफ्नो



Downloaded from http://dhamma.digital

देहरूपी हण्डीमा के के भरेका छौ ? यी हण्डी भवसागरको नदीमा पुग्नेवितिकै फुटाइदिएमा हण्डीका चोइटा सबै डुबेर जान्छन् तर घिउले भरिएको हो भने घिउ माथि उत्रिन्छ, बालुबाले भरिएको हो भने तल जान्छ । त्यस्तै पुण्यले भरिएको भए पुण्यले माथि लान्छ, पापले हो भने तल लान्छ । तिमीहरूले आफ्नो हण्डी के केले भरेका छौ ?'

यही उपमामा भनिएजस्तै उदयभद्रले पनि भने, "पहिले हण्डीमा पुण्य भरेका हुनाले अहिले यो राज्यसुखको रजाई पाएका छौ तर यो सुख क्षणिकको लागि मात्र हो, है । दिन प्रतिदिन यो हाम्रो सुख कम हुँदैजान्छ । सुक्दै गएर मृत्युपश्चात् डुबिन्छ । त्यसैले डुब्ने काम गर्न हुन्न । राम्रो कुशल पुण्य मात्र गर्नुपर्छ ।"

यसरी उनीहरूले औंसी पूर्णिमाको अवसरमा दान पुण्य गर्दैगए । एकदिन ती राजा रानीले राति आपसमा सल्लाह गरे, 'हामी पनि अनित्य हौ, समयले ठूलो सानो भन्दैन । कि तिमी पहिले मर्छौ कि म । तिमी पहिले मऱ्यौ भने र देवलोकमा गयौ भने मैले अकुशल कर्म गर्ने बेला आएर होस देऊ । म पहिले मरें भने र देवलोक गएँ भने म तिमीलाई होस दिलाउन आउँछु ।"

एकदिन त उदयभद्रको देहान्त भयो । उनी देवलोक पुगे । यता उदयभद्रा रानीको उमेर कलिलै थियो र कुनै सन्तान थिएन । तिनी एक्लै परिन् । देवलोक पुगेका उदयभद्रलाई एकदिन झलक्क मनुष्यलोकको सम्झना आयो । पहिले मनुष्यलोकमा हुँदा मेरो पनि रजाईं थियो तर देवलोकको हेरी त्यो त केही पनि थिएन । अब उदयभद्रालाई होस दिलाउनुपऱ्यो भनी सोचे ।

यता एक्ली भएकी उदयभद्रा नारी भएकीले राज्य चलाउने काम खतरापूर्ण भएको थियो । उदयभद्रा रानीले राज्यलाई किल्लामा बाँधेर राखेकी थिइन् । राज्यको सिमाना वरिपरि पानीको किल्ला, त्यसभित्रको चाहिँ हिलोको किल्ला, त्यसभित्रको चाहिँ ढुँगाको पर्खाल अनि सबै द्वारहरूमा द्वारपालहरू राखिएका थिए । दरवारभित्र पनि सिंढी पिच्छे आठपहरिया तैनाथ गरिएका थिए । सबैभन्दा माथिल्लो कोठामा उदयभद्रा आफू रहन्थिन् ।

एकपल्ट राति त्यस कोठामा एकजना राजकुमारजस्ता अपरिचित


Downloaded from http://dhamma.digital

व्यक्ति देखा परे । उदयभद्रा आत्तिइन् । यति कडाइका साथ सुरक्षा दिइएको किल्लाभित्र कसरी यो मान्छे छलेर भित्र पसे होलान् भनेर तिनी छक्क परिन् । त्यस परदेशीले भने, "म एक अतिथि हुँ । आज एकरातको लागि बास पाऊँ ।" "एक्कासी राति यसरी आउनुभयो, समय हुँदै आउनुपर्थ्यो ।" रानीले भनिन् । "एकरातको लागि मात्र हो, बास दिनुस् न !" त्यो परदेशीले जिद्दी गरे । "ठीक छ । उसोभए तल भन्दिन्छु ।" रानीले भनिन् । "होइन, यहीं तिमीसँग नै सुत्न मन लाग्यो ।" त्यो परदेशीले लाज पचाई भने । यस्तो कुरा सुनेर रानी उदयभद्रा रातोपीरो भइन् र भनिहालिन्, "तपाई मलाई नजिस्क्याउनुहोस्, अहिले नै निस्केर गइहाल्नुहोस् ।" त्यो परदेशीले भने, "एक रात मात्र त हो नि !" उनले एउटा सुनको थालीमा सुनको पैसाले भरेर रानीलाई दिए । रानी बम्किन्, "यो पनि चाहिँदैन, तपाई पनि चाहिँदैन, अहिल्यै तुरुन्तै निक्लिहाल्नुस् ।"

अनेक प्रकारले फकाउँदा पनि उदयभद्रा मानिनन् । नमानेपछि त्यो सुनको थाली लिएर त्यो परदेशी गयो । यसरी त्यो मान्छे यतिका सुरक्षा गरिएको ठाउँमा छिरेको देखी भोलिपल्ट सुरक्षा गार्ड थपी सुरक्षा व्यवस्था कडा पारिन् ।

भोलिपल्ट राति पनि तिनै व्यक्ति आइपुगे । हिजोको रातमा झैं एक रातको लागि बास मागे । त्यो रातचाहिँ चाँदीको थालीमा सुनका पैसा भरेर ल्याएका थिए । 'हिजो सुनको थालीमा, आज चाँदीको थालीमा किन होला । अरूले भए फकाउँदा झन्झन् उपहार थपेर बढाएर लग्थे, यिनले त घटाएर ल्याए, यी कस्तो मान्छे हुन्' भनेर उदयभद्राको मनमा लाग्यो ।

रानीले आज पनि बास दिइनन् र त्यो परदेशीले उपहार फर्काएर लिएर गयो । अर्को रात पनि त्यही समयमा आइपुग्यो । यसपाली भने पित्तलको थालीमा चाँदीको पैसा भरेको थियो । रानीलाई लाग्यो यिनी त साधारण व्यक्ति होइनन् जस्तो छ । यिनी को होलान् । रानीले सोधिहालिन्, "तपाई को हुनुहुन्छ, नढाँटी भन्नुहोस् ।" "म देवकुमार हुँ ।" "मनुष्यलोकमा किन आउनुभयो ?" "तिम्रो रूप अति राम्रो हुँदा तिमीलाई पाउन आएँ ।" "अरूले भए कसैलाई फकाउन जाँदा दिन प्रतिदिन मूल्यवान उपहार लिएर जान्छन्, तपाईले भने घटाउँदै ल्याउनुभएको छ किन ? यो त उल्टो


Downloaded from http://dhamma.digital

भयो ।" "भोलि आएँ भने त म तिमीलाई माटोको हण्डी मात्रै ल्याउँछु । आज पित्तलसम्मको त छ ।" "किन घटाउँदै लानुभएको, त्यसको पनि कारण होला नि !" "तिम्रो यो रूप यौवन दिन प्रतिदिन घट्दैजाँदो छ, हिजोको रूप यौवन आज तिमीसित छैन । आजको भोलि अझै घट्छ, पर्सी अझै घट्छ, मर्नेबेला त मूल्य घटेर शून्यमा पुग्छ । त्यसै लैजा भने पनि कसैले लैजाँदैन । मानिसले रूप र यौवनको घमण्ड गर्छन् तर दिन प्रतिदिन त्यसको मूल्य घटिरहेको थाहा पाउँदैनन् । मूल्य नभएको चीजलाई मात्र महत्व दिंदा मूल्य भएको चिज जम्मा गर्नै छोडे मानिसले । मैले पनि तिम्रो रूपको मूल्य घटेकोले गर्दा तिमीलाई दिने उपहारको वस्तु पनि घटाउँदै ल्याएको हुँ ।"

उनको यो कुरा सुनेर रानी उदयभद्रा झसङ्ग भइन् । तिनले सोचिन्, 'यो व्यक्ति यहाँ कामगुणको लागि आएको होइन रहेछ । मलाई उपदेश दिन आएको रहेछ । यो मान्छे मूर्ख होइन, सज्जन रहेछ । रानीलाई भित्रबाट गौरवको अनुभव भयो । त्यस व्यक्तिप्रति श्रद्धा जागेर आयो । रानीले भनिन्, "मलाई होस दिलाउन आउनुभयो । तपाई को हुनुहुन्छ ? मैले के उपकार गरेको छु र मलाई यसरी होस दिलाउन आउनुहुन्छ ?" उनले भने, "म उदयभद्र हुँ । मैले तिमीलाई वचन दिएको थिएँ कि म देवलाक पुगे भने होस दिलाउन आउने छु ।" यो सुनेर उदयभद्रा खुसी भइन् र भनिन्, "तपाई देवलोक पुग्नु भएछ । मेरो अझै ठेगान छैन । मैले के गनुपर्ला, भन्नुहोस् न !" परदेशी भएका उदयभद्रले भने, " क्लेशलाई ठाउँ नदिनू, क्लेशले डोऱ्याउँदै अपाय पुऱ्याउँछ । एक्लै छु भनेर राज्यको रजाईको भोगमा चुर्लुम्मै डुबी नबस्नू । सबै नै अनित्य जानी त्याग्ने कोशिस गर । यही त्याग भावनालाई नै अलोभ भनिन्छ । सबै त्यागेर हलुँगो भई बस । रजाईले ठूलो बोझ दिन्छ । बोझ धेरै भएको व्यक्तिको चित्तमा एकाग्रता हुँदैन । बोझले थिचाई नबस्नू । मैत्री सूत्रमा पनि भगवानले – *'अप्प किच्चो च सल्लबुक होति'* अर्थात् काम थोरै भएको अथवा कामको बोझ कम भएको हुनुपर्छ भन्नुभएको छ । मन नतानिने भएर बस्नू, अब्रम्हचारी भएर बस्नू, शील समाधि मार्गको बारम्बार आचरण गर्नू ।" त्यसबेला प्रज्ञा उपदेश गर्ने गुरू शासनबाहिर कोही पनि थिएनन् ।



Downloaded from http://dhamma.digital

यति उपदेश दिएर ती देवपुत्र अन्तर्धान भए । अनि उदयभद्राले राजकाज सबै अरूलाई सुम्पेर त्यागी जीवन बिताएर जीवनभर शील समाधिको आचारण गरेर बसिन् । मृत्युपछि तिनी पनि देवलोक पुगिन् ।

यो प्रसंगमा उल्लिखित घटनाले अलोभ-भावलाई बुझाउँछ । दान गर्छु भन्ने श्रद्धा-चित्त पनि अलोभ हो । अदोस भनेको द्वेष नभएको चित्त हो । अलोभ चित्तले चेतसिक र रूपलाई पनि ताकतिलो बनाउँछ । चित्तजरूप पनि उस्तै प्रकारको भई उत्पति आउँछ । चित्त, चेतसिक र चित्तजरूपलाई अलोभ चित्तले उपकार गर्ने हुनाले दान कार्य सफल हुन्छ र यो *'पच्चयेन पच्चयो'* हुन्छ । अलोभ चित्तरूपी जराले उपकार गर्दै कुशल दान गर्नमा उपकार गर्छ ।

अदोस(अद्वेष) भनेको मैत्री हो । दोष नभएको चित्त भनेको कसैसँग चित्त नबुझ्दो नभएको चित्तको अवस्था हो । दान गर्दा दानकार्यमा चित्त बुझेको हुन्छ, दान लिनेमा पनि चित्त बुझेको हुन्छ । त्यहाँ दोष चेतना हुँदैन । अदोस चित्त मैत्रीसहितको हुन्छ । यसको सँगसँगै हुने चित्त चेतसिकहरू सबै अदोस सम्बन्धका हुन्छन् । प्रीति भएकोले रूपलाई पनि उज्यालो र प्रशन्न पार्छ ।

भगवानको ज्ञानमात्रै अतुल्य थिएन, रूप पनि अतुल्य थियो । उहाँको रूप सुनको झलकसहितको थियो, आँखा तेजिला, मिलेका र करूणायुक्त थिए । परिनिर्वाण हुँदासमेत जनपद कल्याणकारीहरूले भगवानका आँखाको तारिफ गरेका थिए । जनपद कल्याणीहरू आफ्ना रूपको घमण्डले धर्म सुन्न पनि आउन सक्दैनथे । भगवानले नियमहरू बनाई उनीहरूलाई बोलाउनुपर्थ्यो । भगवानका हात, खुट्टा, छाला, मासु पनि कति राम्रो भनी उनीहरूले बयान गर्थे । दान दिनमा पनि भगवानले आँखा नै झिकी दान गर्नुहुन्थ्यो । मासु काटी दान गरेको, रगत दान गरेको, जीवन नै अर्पण गरेको त थुप्रै जन्महरू छन् । उहाँको प्रतिसन्धि पनि अलोभ, अदोस, अमोहसहितको हुन्थ्यो । कोहीसँग पनि तुलना गर्न सकिँदैनथ्यो । दान पारमि पनि कसैले गर्न नसक्ने तवरले गरेर आउनुभयो । अदोस र मैत्री पारमि धारण गर्दै प्राणीहरूलाई दया करूणा राख्नुहुन्थ्यो । चक्रवर्ती राजा हुँदा पनि आफ्नो राज्य छोरालाई सुम्पेर जंगल गएर यावत प्राणीमा मैत्री-


Downloaded from http://dhamma.digital

भावना राख्दै कति जन्म बिताउनु भयो, भयो । अन्तिम जन्ममा पनि सिद्धार्थ हुनभन्दा अलि अगाडि तुषिता भुवनमा हुनुहुन्थ्यो । देवताको आयु नसकिँदै उहाँले बुद्धत्व प्राप्तार्थ सिद्धार्थ भएर जन्म लिनुभएको थियो ।

प्रथमतः उहाँले चक्रवालभरिका प्राणीहरूलाई मैत्री प्रक्षेपण गर्नुभयो । जन्म लिन जाने कुलशुद्धि हेर्नुभयो । धेरैले मान्यता दिएको कुललाई पनि हेर्नुपर्‍यो । आफू जन्मेको ७ दिनमा माताको देहान्त हुने शुद्धचर्या पनि हेर्नुपर्‍यो । सबै हेर्नु हुँदा कपिलवस्तुमा महामायादेवीको गर्भलाई देख्नुभयो । देवताको आयु त्याग गर्ने बेलामा (मर्ने बेलामा) मैत्री पुर्‍याउँदै मैत्रीकै निमित्त देख्दा मन पनि खुसी भइरहेको थियो । सोमनस्यताले सहित भएर वहाँबाट आयुत्याग गर्नेबित्तिकै महामायादेवीको गर्भावासमा आउनुभयो । पूरै सतिमा बसेर गर्भावास लिनुभएकोले अमोह हेतुसहित भई गर्भाबास भयो । अलोभ, अदोस, अमोह यी तीन हेतुसहित भई सोमनस्स चित्तले गर्भावास लिनुभयो । प्रशन्न मनले नै प्रतिसन्धि-विज्ञान हृदयवस्तु रूपमा स्थापित भयो ।

अलोभ, अदोस, अमोहबाट भइएको गर्भावासमा प्रतिसन्धि-विज्ञानको अस्तित्व पछि नामरूपको प्रादुर्भाव भयो । प्रशन्न चित्त र तीन हेतुसहितको चित्तको कारणले त्यतिखेरको रूप पनि पवित्र भई खुलेको थियो । त्यसो त भगवानको जीवनकालभरि नै उहाँको रूप जहिले पनि हँसिलो र उज्यालो रहन्थ्यो । सोमनस्स चित्तले प्रतिसन्धि लिएको कुनै पनि बालकमा निदाएको बेला अनुहार हँसिलो हुन्छ । निदाएको चित्त भवंग-चित्त हो । भवंग-चित्तले अतीतको आलम्बनलाई ग्रहण गरेको हुन्छ । मर्ने बेला प्रशन्न चित्तले मृत्यु भई प्रतिसन्धि भएको चित्तले अतीतको भवंगलाई ग्रहण गरेको हुन्छ । त्यस्तै, भवंग-चित्तले पनि अतीतकै आलम्बन लिएको हुन्छ । रिसाएको बेलाबाहेक अरू कुनै पनि बेला रूप हँसिलो नै हुन्छ । त्यो सोमनस्स प्रतिसन्धिबाट हुन्छ । सिद्धार्थले प्रतिसन्धि लिंदा सोमनस्ससहित प्रतिसन्धि लिनुभएको र कोहीसँग पनि नमिल्ने दान पारमि, दान उपपारमि र दान परमत्थ पारमिसम्मको अलोभ हेतु उहाँमा थियो । अदोस सम्बन्धमा पनि देवलोकको अन्तिम क्षणमा समेत प्राणीहरूमा मैत्री पुर्‍याउँदैआउनुभएको थियो । अमोह चित्तमा पनि सबैको कल्याणको लागि उहाँले प्रज्ञापारमि ४ असख्य १ लाख कल्पदेखि धारण गर्दैआएको पारमिको प्रभावसहितको



Downloaded from http://dhamma.digital

अमोह चित्त थियो । त्यसमाथि पनि सोमनस्स प्रतिसन्धिसहित गर्भावासमा आउनुभएको थियो ।

मनुष्यमा पनि तिहेतुक पुग्गल हुनसक्छ तर भगवानजस्तो तिहेतुक कोही पनि हुँदैनन् किनकि उहाँको पारमिसँग कसैको पारमि दाँज्न मिल्दैन । कोही द्विहेतुक पुग्गल पनि हुन्छन् । कोही भने अहेतुक पुग्गल हुन्छन् । अहेतुक कुशल विपाक पनि हुन्छ र अहेतुक अकुशल विपाक पनि ।

अहेतुक प्राणीचाहिँ धेरै जसो लोभ, दोस, र मोह हेतुले हुने ४ अपायका प्राणी हुन्छन् । मनुष्यमा चाहिँ अलोभ, अदोस, अमोह हेतु हुन्छन् । यी तीनवटामा कोही द्विहेतुक कोही तिहेतुक हुन्छन् । हेतु नै नभइएका र कुशल नै नभइएका, मर्नेबेलाको चित्त अलिकति कुशलपट्टि ढल्केका कारणले सुगतिमा आए तापनि हेतुको रूपमा बलियो भएर आउन सकेका कर्महरू हुँदैनन् । त्यसैले शरीर पनि बलियो हुँदैन, जन्मेदेखि आँखा पनि कमजोर हुन्छ, कानले पनि राम्ररी सुन्न नसक्ने हुन्छ, छाला पनि खस्रो हुन्छ, बोल्न पनि जान्दैन, कुरो पनि झट्टै बुझ्दैन । मनुष्यको लोकमा त आइयो तर मनुष्यको रूपमा गतिलो अवस्थामा हुँदैन । ती पशु बराबरका मात्र हुन्छन् । मनुष्य भएर जन्मे पनि जन्मँदा आँखा तेजिला भए पनि कान कमजोर हुन्छ, कान तेजिला भए पनि आँखा कमजोर हुन्छ । आँखालाई फल दिने र कानलाई फल दिने कर्म मिल्दैन ।

यसलाई पछि पट्ठानको देशना क्रममा कम्मपच्चय र विपाकपच्चयमा अलि व्याख्यासहित बताउने छु । भोलि हेतुपच्चय र आरम्मणपच्चयलाई सँगसँगै मिलाएर बताउने छु ।

***पट्ठान देशनाअन्तर्गत दोस्रो दिनको***
***'हेतुपच्चयोको देशना' समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# तेस्रो दिन

## (हेतुपच्चय र आरम्मणपच्चयलाई मिलाएर)

## ३

जराले रूखलाई झ्याँङ्गिन दिन उपकार गरेझैं उपकार गर्ने भएको कारणलाई 'हेतु' भनिन्छ । जराले पहिले नभएका रूप हुन दिन ताकत दिइरहेको हुन्छ । जराले जमिनमुनिको माटोलाई समाएर उम्रेको बिरूवालाई चिरकालसम्म अडाउनको लागि उपकार गरिरहेको हुन्छ । जराले नभएकालाई हुन दिन, भएकालाई अडिन सक्न, र अडिसकेकालाई त्यसबाट फल्न फुल्न र फैलिन दिन उपकार गरिरहेको हुन्छ । यसरी जराले बिरूवालाई तीन प्रकारले उपकार गरिरहेको हुन्छ –

क) नभएकालाई हुन दिन,

ख) भएकालाई अडाउन र

ग) अडेकालाई फैलन दिन ।

मनमा हेतु हुनेवित्तिकै नभएका धर्महरूलाई हुन दिनका लागि उपकार गरेको हुन्छ । भएकालाई अडिनको लागि र अडिएकालाई फैलिन दिनको लागि उपकार गरेको हुन्छ । यसरी उपकार गर्नेलाई *'हेतु पच्चयो'* भनिन्छ । हेतुबाट चित्तजरूप उत्पति हुन्छ । लोभचित्त उत्पति भयो भने लोभ सम्बन्धको रूप पनि सँगसँगै उत्पति हुन्छ । अलोभ सम्बन्धमा पनि त्यस्तै हुन्छ । हेतु एउटा हुनेवितिकै उसँग सम्पयुक्त धर्म भई सँगै उत्पति हुने चित्त चेतासिक धर्मले गर्दा त्यो बलियो हुन्छ । बलियो हुँदा त्यसले रूपलाई पनि उपकार गर्छ ।

अमोह भनेको प्रज्ञाज्ञान हो । अमोह उत्पन्न हुनेवितिकै ज्ञानसँग सम्ययुक्त धर्महरू हेतुबाट उत्पन्न भएको हुन्छ । अनि त्यही अनुसारले



Downloaded from http://dhamma.digital

रूपलाई पनि उज्यालो पारिदिन्छ । ज्ञान सम्बन्धको रूपलाई पनि हेतुले उपकार गरेको हुन्छ । आरम्मण भनेको आलम्बन अथवा विषय हो । आलम्बन ६ प्रकारका छन् । रूप, शब्द, गन्ध, रस, फोट्ठब्ब(स्पर्श) र धर्म ।

आलम्बनको स्वभावबारे एउटा उपमा यसरी दिइएको छ । तागत नभएको कुनै कमजोर व्यक्ति वा बिरामी व्यक्ति वा बृद्ध व्यक्ति जसरी आफ्नो बलले उठन बस्न सक्दैन र त्यो व्यक्ति उठ्न हिड्न पऱ्यो भने टेक्ने लौरोको वा डोरीको आँड लिएर वा कसैको सहारा पाएर उठ्न, बस्न, हिंड्न पर्छ । त्यस्तैगरी मनलाई पनि काम गर्न कुनै आड चाहिन्छ । देख्ने मन, सुन्ने मन, गन्ध जान्ने मन, रस जान्ने मन, कायमा दुख्ने, पोल्ने, चिलाउने, भारी हुने मनहरू र मनमा उत्पति हुने धर्महरू पनि आरम्मण (आलम्बन) नभई उत्पति हुँदैन । मन उत्पति हुन आरम्मणले उपकार गरेको हुन्छ । जस्तै पट्ठान पालिमा भनिएको छ - *'रूपायतन चक्खुविञ्ञाण धातुया तं सम्पयुत्तकानानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।'* देख्ने मन हुनको लागि रूप आड भइदिएको हुन्छ । चक्षु आयतनमा चक्षु पसादरूपमा आएर रूपको स्पर्श हुन्छ । जब यी दुईटाको स्पर्श भयो भने (रूप आरम्मण र चक्षु प्रसाद) प्रकाश पनि छ र मनसिकार पनि छ भने देख्ने काम हुन्छ । यसमा कसैले रोकतोक गर्न सक्दैन । फेरि रूप स्पर्श नभइकन देख्ने मन कसैले खडा गर्न पनि सक्दैन । त्यसैले देख्नलाई रूप आरम्मणले आधार खडा गर्दछ । आरम्मणको आधार छैन भने मन उत्पति नै हुँदैन । यस्तैगरी अन्य आरम्मणहरूलाई पनि जान्नुपर्दछ ।

आरम्मण पनि इष्टारम्मण (मनपर्ने), अनिष्टारम्मण (मन नपर्ने), तत्रमज्झतारम्मण (बीचखाले) भनी तीन प्रकारका हुन्छन् । आनन्द मान्ने काम र लोभ उत्पति हुने काम इष्टारम्मणबाट हुन्छ । हेतु पनि आरम्मणले नै खडा गरेको हुन्छ । कुनै वस्तु वा व्यक्ति देखेर लोभ उत्पन्न भयो भने हेतु आइहाल्छ । आरम्मणकै आधारमा हेतु उत्पन्न भई बढ्नथाल्छ ।

पट्ठानलाई पूर्णतया नबुझे पनि आफ्नो ज्ञानले सकेजति बुझ्ने प्रयास गर्नुपर्दछ । पट्ठान विषयलाई बुझ्ने वा बुझाउने काम सरल छैन । राम्रोसित सुनेर मात्र पनि कल्याण भएको उदाहरण पनि छ –



Downloaded from http://dhamma.digital

## चमेराले पट्ठान सुनेको प्रसंग –

एक समयमा भिक्षुहरूले पट्ठानको उच्चारण गर्दा स्वर पनि राम्रो, ध्वनी राम्रो हुँदा चमेराको भवमा रहेका चमेराहरूले एकचित्त गरी ध्यान दिई सुन्थे । तिनीहरूले यसरी पट्ठानलाई दिनहुँ सुन्थे । अनि मृत्युपश्चाद् ती देवलोक पुगे । यो घटना काश्यप भगवानको शासनको हो । ती फेरि गौत्तम बुद्धको शासनमा मनुष्यलोकमा पुगेर ती सबै भिक्षु भएका थिए । ती भिक्षुहरू सारिपुत्रका चेला हुन पुगेका थिए । त्यतिखेर पट्ठान सुनेकाले यता भगवानको पालामा पट्ठान सुन्न बुझ्न पाएका थिए । त्यतिबेला सबै नै अरहन्त हुने बलियो सहयोग भेट्टियो । त्यो सुनेको पट्ठान अहिले आएर उपनिस्सय प्रतिहार बन्यो । नबुझे पनि त त्यति कल्याणकारी हुन्छ भने सबै बुझ्न सके त अति नै कल्याणकारी हुन्छ । सबै नै पूर्णरूपले बुझ्न बुझाउन त सकिँदैन । आफ्नो ज्ञानले भेटेजति बुझ्ने हो । कथा सुनेजस्तो सजिलो भने अवश्य हुँदैन ।

अघि माथि भनिएजस्तै आरम्मणको उपमा लौरो वा डोरी हो । देख्नलाई आँखामा रूपको स्पर्श भएमात्र देख्ने मन उत्पति हुन्छ । त्यसरी देखेकै कारणबाट हामीमा लोभ, दोस र मोहको उत्पति हुनजान्छ । फेरि देखेकै कारणबाट अलोभ, अदोस र अमोह पनि हुनजान्छ । जस्तै भगवानको दर्शन पाउनेबितिकै श्रद्धा उत्पन्न हुन्छ । यो अलोभ हो र यसमा लोभचित्त हुँदैन । चित्त पवित्र हुँदैआउँछ । भगवानमा मैत्री पनि छ । हामीमा अदोसचित्त पनि साथसाथै उत्पति भइरहेको हुन्छ । अमोह चित्तचाहिँ ज्ञान लागेपछि मात्रै उत्पति हुन्छ । फेरि कुनै कामवस्तु देख्नेबितिकै लोभ उत्पन्न हुन्छ । यदि चित्त मन नपर्ने वा चित्त नबुझ्दो वस्तु वा व्यक्ति देखियो भने दोस (द्वेष) पनि उत्पन्न हुन्छ । मध्यखालको भइदिए मोह पनि उत्पन्न हुन्छ । मोह उत्पन्न हुने नै सही ज्ञान नहुनाले हो ।

मनुष्यलोक कामलोक हो । यहाँ जति पनि वस्तु वा दृष्य देखिन्छन् कामवस्तु मात्रै हुन्छन् । मनुष्यलोक र देवलोक कामलोक हुन् । कामलोक, रूपलोक र अरूपलोक, यी तीन लोकमात्र हुन्छन् । निर्वाण यी तीन लोकभित्र हुँदैन । कामसुगति ७, काम दुर्गति ४ गरी ११ भयो । रूप ब्रम्हलोक १६, अरूप ब्रम्हलोक ४ समेत जोड्दा जम्मा ३१ भुवन हुन्छन् ।



Downloaded from http://dhamma.digital

३१ भुवनबाहिर मात्र निर्वाण भेटिन्छ । मनुष्यलोक कामलोक भएकोले काम सम्बन्धमा दृष्यहरू धेरै हुन्छन् । रूप पनि, शब्द पनि, गन्ध पनि, रस पनि, स्पर्श पनि काम सम्बन्धका हुन्छन् । अनि कामसम्बन्धका आरम्मण भएपछि मनमा उब्जने धम्म पनि कामसम्बन्धका नै भइदिन्छन् । यहाँ धम्म भनेको मनको सोचाइ हो र सोचाइमा आउने विषयलाई धम्म आरम्मण भनिन्छ ।

अझ त साह्रै घीनलाग्दो नराम्रो दृष्य नै भए पनि हेरूँ हेरूँ लाग्छ । हेर्नै नहुने र हेर्नलायक नभइएकोमा त हेरूँ हेरूँ हुन्छ भने हेर्न लायकको छ भने त भन्नै पर्दैन । हेर्न लायकको नभए पनि कस्तो रहेछ भनेर हेर्न मन लागिरहेको हुन्छ । कामलोक भएको कारणले नै यसो भएको हो । हामी कामलोकका काम प्राणी हौं । जति वस्तु खडा गरिएका छन् सबै नै लोभ्याउने वस्तुमात्र छन् । लुगाफाटा आदि पनि अरूलाई लोभाउने खालको बनाउनुपर्ने हुन्छ । चक्षुमा त्यस्तो वस्तुको स्पर्श हुनेवितिकै त्यो लोभ्याउने वस्तु भइदिएको हुन्छ र लोभको आरम्मण हुन्छ अनि त्यसले लोभ सम्बन्धका चित्त चेतसिकहरूलाई नभएको भए बन्न, भएको भए त्यसलाई अडाउन र अडिएको भए त्यसलाई फैलाउन उपकार गरिरहेको हुन्छ । यसरी उपकार गर्ने काम कुनै प्राणीले गर्ने होइन । वास्तवमा भन्ने हो भने प्राणी भन्ने नै हुँदैन । यसरी उपकार गर्ने काम सबै यिनै धर्मले नै गर्ने हुन् – कुशल धर्म, अकुशल धर्म र अव्याकृत धर्मबाहेक अन्य केही पनि छैनन् । सिर्फ धर्मको लहरमात्र चलेको हुन्छ । *'सुद्धधम्म पवतन्ति हेतु सम्भार पच्चया ।'*

धर्मको लहरलाई देखिएन भने म, मेरो, प्राणी, सत्व, फलानो, फलानी, स्त्री, पुरूषमात्र देखिन पुगिन्छ । धर्मको आँखा त छैन । धर्मलाई देख्नेवितिकै सत्वप्राणी भन्ने नै हराइदिन्छ । तर सत्वप्राणी देख्नेवितिकै धर्म हराउँछ । सत्वप्राणी देखेपछि मिथ्यादृष्टि पनि फैलिन्छ । मिथ्यादृष्टिको कारण क्लेश फैलिएर जान्छ । यिनै क्लेशबाट १५०० प्रकारका क्लेशहरू झ्याँङ्गिएर जान्छन् । अनि त यो शरीरमा पापैपापले भरिन्छ । ती पापहरू सबै कारण बन्छन् । अनि त पाप अनुसारको कर्म पनि हुन्छ । पाप अनुसारको कर्ममा सत्वप्राणी हुँदैनन्, धर्म हुन्छ र पापअनुसारको फलमा पनि धर्म नै हुन्छ ।



Downloaded from http://dhamma.digital

## मागण्डियको प्रसंग –

त्यसैले भगवानले 'आरम्मण अनुसारले देख्ने, सुन्ने इत्यादि काम भइरहेको हुन्छ तर यसबाट फैलिन दिने काम नगर्नू' भन्नुभएको छ । भगवानको पालामा यसै विषयमा भगवानसँग झगडा गर्ने मागण्डिय हुन् । उनी 'मन्टा फैलाउने' सिद्धान्त लिएका व्यक्ति हुन् । उनको भनाइअनुसार भगवानचाहिँ 'मन्टा भाँच्ने' हुन् । 'मन्टा भाँच्ने' भनेर फैलिन नदिने धर्मलाई भनिएको हो । भगवानको धर्मलाई फैलिन नदिई काट्ने धर्म भनेर मागन्डिय भन्थे । त्यसैले मलाई मन पर्दैन, हाम्रो धर्मसँग मिल्दैन भनी उनी विरोध गर्थे ।

भगवानले मागण्डियलाई यसरी उपदेश दिनुहुन्थ्यो, "प्राणीहरू कामगुणमा लिसोझैं टाँसिरहेका छन् । कामगुण देख्नेवित्तिकै जल्छन् । जति कामगुणका रूप खडा हुन्छन् त्यति नै तिनले कामगुण फैलाउँछ । यसले कामचित्त जागृत गराउँछ र क्लेश बढाउँछ । त्यही क्लेशमा बारम्बार भावना भइदिनाले क्लेश घट्दो कहिल्यै हुँदैन, बढ्दो मात्र हुन्छ ।" गोरुको उमेर जति छिपिंदैजान्छ, त्यति सिंग पनि बढ्दैजान्छ । मान्छेको पनि जति उमेर छिपिंदैजान्छ, त्यति उसमा क्लेश पनि बढ्दैजान्छ । क्लेश बढेको कारणले उत्निखेरै बिर्सने बानी बढ्दैजान्छ । 'बुढेसकालमा बिर्सने बानी भइहाल्छ नि त्यस्तै हो' भनिंदिंदा चित्त बुझाइरहेको हुन्छ । वास्तवमा उमेरले बिर्सने होइन ।

गणोमोदगल्यान ब्राम्हणले सोध्दा भगवानले पनि भन्नुभएको थियो, "क्लेश धेरै भएर बिर्सने बानी भएको हो । नीवरण धर्मको कारणले बिर्सने बानी बढ्छ । नीवरण भन्ने पनि क्लेश नै हो । क्लेशको कारणले चित्तको शक्ति कमजोर हुँदै जान्छ र लोभ क्रोध धेरै हुन्छ। त्यस्तालाई चित्त बुझाउन कठिन हुन्छ ।" त्यसैले पुर्खाले भन्थे, *'भैंसी बुढो भए भीर खोज्छ, मान्छे बुढो भए निहुँ खोज्छ ।'* निहुँ खोजेको नै क्लेश धेरै भएर हो ।

हे मागण्डिय, त्यसै त मानिस कामप्राणी हुन् र कामवस्तुमा टाँसिएका छन् । त्यसमाथि पनि घरीघरी कामवस्तु जुटाइदिने हो भने प्राणीहरू त्यसमा जल्छन् मात्रै । त्यही जलन कारण बनेर अपायमा गएर पनि जल्नुपर्छ । एउटा चीजउपर जतिजति भावना गर्दैजान्छ, त्यति झन



Downloaded from http://dhamma.digital

क्लेश बढ्दैजान्छ । कुनै मनपर्ने खानेकुरालाई आजै धेरै खान्छु, भोलि पर्सी खान्न भनेर हुँदैन । अघाएको एकछिनसम्म त नचाहिएझैं हुन्छ तर एक छिनपछि फेरि त्यसको तलतल लाग्छ । त्यस्तै कुनै दृष्यलाई पनि एकपाली दुईपाली हेर्छु र अनि हेर्दिनँ भनेर हुँदैन । केहीछिनपछि त नहेरिनहुने स्थितिमा पुगिन्छ । क्लेश थपिँदैजान्छ । चुरोट खान छोड्छु भनेजस्तै हो । सुरू गरेपछि त्याग्न गाह्रो हुन्छ । जसले सुरू गरेकै छैन, उसलाई चुरोट खानबाट बच्न सजिलो हुन्छ । रक्सी खानेको देखासिकी गरेर रक्सी नखानेले चाडपर्व त हो नि भनेर अलिकतिबाट सुरू गर्दछ । त्यो लत पछि बढ्दै गएर छोड्नै नसक्ने अवस्थामा पुगिन्छ । त्यसरी खानेमान्छेको छेउमा बस्न पनि सकिँदैन । 'यस्तो चीज कसरी खान सकेको होला' भन्ने मनमा लाग्छ । यतिमात्र होइन, आफ्ना छोरीहरूलाई समेत रक्सी किन्न पठाउनेमा पुगिन्छ । यस सम्बन्धमा एउटा घटना यस्तो छ –

### छोरीलाईसमेत् रक्सी किन्न पठाएको प्रसंग –

एकपल्ट दुइटी सानी बच्चीहरू दुध लिन जाने झोलाजस्तो भिरेर जाँदैथिए । साँझपखको बेला थियो । म चक्रमण गरिरहेको थिएँ । साँझको बेला यी बच्चीहरूले झोला किन भिरेका होलान् भन्ने लाग्यो र सोधें, "नानी हो, यो झोलामा के बोकेर जाँदैछौ ? ।" एउटीले हत्तपत्त भनी, "पानी हो ।" मैले भनें, "साँझको बेला पनि झोलामा पानी राखेर लैजान्छन् र ! न ढाँटी भन, झोलामा के छ ? मलाई सबै थाहा छ नि !" एउटीले भनी, "यो रक्सी हो ।" "तिमीहरूले रक्सी भिरेर लगेका ? खै, खै हेरूँ" भन्दा अर्कीले भनी, "होइन, यो औषधि हो ।" त्यतिका रक्सी कसलाई हो भनी सोध्दा 'आमालाई' भन्ने जवाफ आयो । 'तिमीहरूका बाबु खोइ त' भनी सोध्दा 'काममा जानुभएको छ' भन्ने जवाफ आयो । मैले सोधें, "त्यतिका रक्सी सबै आमालाई हो ?" 'यिनकी आमालाई पनि हो' भनेर अर्कीलाई देखाई । अर्कीचाहिँले 'किन भनेकी' भनेर साथीचाहिँलाई गाली गरिन् । यतिसम्म पनि हुनसक्छ ।

यो शरीर र मनलाई जति खुल्ला छोड्यो त्यति खराब चीज हो भनेर थाहा पाएर पनि त्याग्न सकिरहेको हुँदैन । डाक्टरले 'अब खायौ भने



Downloaded from http://dhamma.digital

म औषधि उपचार नै गर्दिनँ भनेमा 'अब त छोड्छु' भन्छ तर उपचार गरेर अलिकति तगडा भएपछि 'अलिकति त केही हुन्न' भन्दै फेरि सुरू गरिहाल्छ ।

"त्यस्तै कामवस्तु पनि खराब चीज हो भनेर जान्दाजान्दै पनि त्याग्न गाह्रो भइरहेको हुन्छ । एक त कामवस्तुमा रमाउने प्राणी, त्यसमा कामगुण थपिंदैगयो भने क्लेश त बढेको बढ्यै हुन्छ । जति बढ्दै गयो, उति अशान्ति र दुःख मात्रै हुन्छ । जति अशान्ति भयो, उति अकुशल (पाप) मात्रै बढ्दैजान्छ । जति पाप बढ्दैगयो, उति नरकको आयु बढ्दैजान्छ । यसमा दुःखको मात्र सम्बर्द्धन हुन्छ त्यसैले मैले यसलाई फैलिन नदिएको हो, हे मागन्डिय" भनेर भगवानले सम्झाउनुभयो ।

एकजना कोढको रोग लागेको व्यक्तिले कन्याउँदाकन्याउँदै छालैसमेत उप्किने गरी कन्याउँछ । भित्रभित्रै कीराले टोक्दा आगो नजिकै गएर सेकाउन थाल्छ । त्यो तातो रापले गर्दा भित्रका कीरा लठ्ठिन्छन् र त्यो रोगीले सञ्चो अनुभव गर्दछ । त्यस्तै मनका कीराजस्ता क्लेशहरू सबै थन्को लाग्यो भने मन पनि शान्त हुन्छ । मनका कीराले टोक्यो भने शान्ति हुँदैन । कीराले टोक्न थाले बसुँ कि उठुँ कि जस्तो लाग्दछ । केही गर्दा पनि आरामको अनुभव हुँदैन ।

हे मागण्डिय, कोढको कीराले टोक्दा छट्पटाएर आगोको भुँगो ताप्दछ । त्यस्तै मनभित्र पनि क्लेशका कीराले टोक्दा कहाँ राम्रो दृष्य हेर्न पाइन्छ, के कहाँ मन लाग्ने विषय भेटिन्छ भनेर राम्रो मन परेको आलम्बन खोज्छ र एकछिन हेरुन्जेल भित्रका कीरा थन्को लागेभैं हुन्छ – कीराले टोक्दा आगोको भुँग्रो भेटिएजस्तै । शब्दमा, गन्धमा, रसमा वा फोठब्बमा (स्पर्श) मा पनि त्यस्तै हुन्छ । त्यसैले हे मागन्डिय, आगोमा आगो थप्दा आगो कम भएर जाँदैन, बरू बढ्दैजान्छ । त्यस्तैगरी क्लेशमा क्लेश थपिंदैजाँदा पनि कहिल्यै शान्ति पाउँदैन ।

कोढीलाई राम्रो बैधले उपचार गरी निको पारिदिन्छ । अब रोगका कीरा कति पनि हुँदैन । त्यो व्यक्ति कतै घुम्दै गइरहेको बेला, अर्को आगो ताप्दै गरेको कोढीले 'आउनुहोस् यहाँ आगो रापिलो छ, ताप्न आउनुहोस्' भनेर बोलायो भने 'भो चाहिएन, मलाई आगो ताप्नु छैन' भनेर जवाफ



Downloaded from http://dhamma.digital

दिन्छ । पहिले पो कीराले टोक्थ्यो र आगो चाहिएको थियो । फेरि त्यो कोढीले भन्छ, "एकछिन त सँगै बसौं ।" त्यो व्यक्तिले जवाफ दिन्छ, "भयो, त्यो आगोको छेउमा म अब बस्न सक्दिनँ । बरू आगोदेखि टाढा शितलमा बस्न मन लाग्छ ।"

त्यस्तै क्लेश निखेको व्यक्तिलाई 'आज खेल साहै राम्रो छ, जाउँ न हेर्न भनेमा मलाई चाहिएन, मलाई कीराले टोकेको छैन, हेर्न मन छैन' भनेर खुलेर भन्छ । एकैछिन त हेरौं भन्दा पनि अहँ, त्यो आगोतिर मलाई नतान्नुहोस् भन्छन् । तर कोढका रोगीहरू एकठाउँमा जुटे भने आगोको भुँग्रो वरिपरि खुसीसाथ बस्छन् ।

हे मागण्डिय, क्लेशको कीराबाट मुक्त भएको व्यक्ति कामगुणको आगो नजिकै पर्न मान्दैन । त्यसैले तिमीलाई कीराले टोकेको छ र त आगो मन पराइरहेका छौ ।" मागण्डियले भने, "तपाईको पो कोही छैन । तपाईको आफ्नो भन्ने कोही र केही छैन र पो यस्तो कुरा गर्नुहुन्छ । मेरो त धन सम्पत्ति, छोराछोरी छन् । मैले नै उनीहरूको भरण पोषण गर्नुपर्छ ।" भगवान भन्नुहुन्छ, "म पनि शाक्यकुलबाट आएको हुँ । राजा शुद्धोदनका पुत्र राजकुमार सिद्धार्थ हुँ । मेरो सुख साधनहरू यति थिए कि आराम गर्ने महलमात्र पनि तीनवटा थिए । मेरो लागि भनी अति सुन्दरी भइएका सेवा गर्ने मात्रै ४०,००० युवती राखिएका थिए । धनसम्पत्तिको बारे पनि म जन्मनेवित्तिकै ४ वटा सुनका घडा उत्पति भएका थिए । सबै तञ्जमञ्ज पुगेको थियो । बृद्ध, बिरामी र मृतकसम्म पनि देख्न नपाउने गरी महाराजले अनेक सुख सुविधा पुऱ्याई कामगुणमा भुलाई राख्नुभएको थियो । तर मैले ती सबै कामगुणलाई त्यागें । किन त्यागें भने ती कामगुणभन्दा उत्तम वस्तु भेट्टाउनको लागि ।

कुकुरको भवमा हेरेमा पनि मनुष्यले फोहर गरेको वस्तु कुकुरको लागि उत्तम आहार बन्छ । कुकुरकै दृष्टिमा हेर्ने हो भने त्यो वस्तु उसको लागि साह्रै उत्तम आहार हो । तर मनुष्यको दृष्टिले हेरेमा त्यो घीनलाग्दो भइदिन्छ । देवलोकको सुख भोगेकाहरूले मनुष्यलोकको तञ्जमञ्जलाई तुच्छ ठान्छन् । मनुष्यहरू यस्तो घीनलाग्दो अवस्थामा पनि रमाएर बसेका हुन्छन् । कुकुरको त्यस्तो घीनलाग्दो अवस्थामा पनि कुकुर रमाएर बसेका



Downloaded from http://dhamma.digital

हुन्छन् । यदि ब्रम्हलोक पुगियो भने ब्रम्हलोकको प्रीति र आनन्दलाई भोगेर देवलोकको सुखानन्दलाई तुच्छ थान्छन् र त्यसमा लोभिंदैन । फेरि उता विमुक्तिको रस पाइसकेकाले ब्रम्हलोकको आनन्दलाई तुच्छ मान्छन् र तिनमा तानिंदैनन् ।

त्यसैले, हे मागण्डिय, मलाई पनि शाक्यकुलमा सबै तञ्जमञ्ज पुगेको थियो । त्यो सुखभन्दा राम्रो उच्चकोटीको सुख भेटिंदा अब त्यसमा तानिने लोभ छैन । कोढका कीराले टोकुन्जेल पो आगोको भुङ्ग्रो चाहिएको थियो । जब त्यो कोढरूपी क्लेशको रोग सन्चो भइसकेको छ । अब त्यो आगो मलाई चाहिएन । तिमी त कामगुणमा रमाइरहेका छौ । तिम्रो क्षमता र देखाइ त्यति नै छ र तिमी त्यसरी बोल्दछौ ।"

यसरी धेरै उपमा दिएर सम्झाउँदा मागण्डियको होस जाग्यो र उनले भने, "हे भगवान, म पनि अज्ञानमा परेकी हुँदा यसैमा तानिएको रहेछु । सही मार्ग मलाई पनि बताइदिनुहोस् ।" भगवानले भन्नुभयो, "तिमीले यी तीन प्रकारले आचरण गर्नुपर्छ ।

१) राम्रोको संगत गर्नुपर्छ,

२) सही धर्म सुन्नुपर्छ र

३) सही प्रकारको मनसिकारले आचरण गर्नुपर्छ ।

यति मात्र ठीकसित आचरण गर्‍यौ भने तिमीले निर्वाण पाउन सक्छौ ।" पछि उनी प्रव्रजित भएर आचरण गरे । अरहन्तसम्मको फल पनि प्राप्त गरे । अरहन्त भएपछि पहिलेकै तञ्जमञ्जमा फर्केर जान कोही पनि मान्दैनन् । किनभने क्लेशको रोग सन्चो भइसकेको हुन्छ । ध्यान बसेको पनि रोगको इलाज गर्दैगरेको हो । रोग सन्चो भयो भने कामगुणमा तानिंदैन । जति तानिंदैजान्छ त्यति क्लेशको हाँगाबिँगा फैलिंदैजान्छ ।

भियो तण्हा पिपासाच, वधमान च वड्ढति ।

(तृष्णाको प्यास झन्झन् बढ्दै मात्र जान्छ, कहिल्यै घट्दैन ।)" यसै सम्बन्धमा भगवानले मागन्डियलाई मनधातु राजाको प्रसंग सुनाउनुभयो ।

*मनधातु राजाको प्रसंग –*

मनधातु राजा मनुष्यलोकमा छँदा सम्पूर्ण द्वीपलाई राज गर्ने राजा थिए । उनका सिंहासन पलङ्गमात्रै ८४ हजार थिए । मनुष्यलोकको सुखभोग



Downloaded from http://dhamma.digital

र कामगुण भोग्दाभोग्दा उनी तृप्त भएनन् । देवलोकको कामगुण भोग्छु भनेर चतुर्महाराजिक देवलोक गए । त्यहाँको कामगुण पनि भोग्दाभोग्दा चित्त बुझेन र त्रावतिंस देवलोक पुगे । त्यहाँ राज गर्छु भनेपछि देवेन्द्र (इन्द्र) ले आधी अप्सरा छुट्याएर उनको जिम्मा लगाइदिए । त्यहाँ उनले अप्सरासँग भोग गर्दागर्दै ३६ इन्द्र बदली भइसके । तर उनलाई भने पटक्कै सन्तुष्टि मिलेन । कामगुणबाट कहिल्यै पनि अब त पुग्यो भन्ने हुँदैन । अझै पनि थोरै प्रतीत हुन्छ ।

मनधातु राजालाई पनि ती आधी अप्सरा कम प्रतीत भयो । ३,६०,००० अप्सराहरूमा आधी दिंदा पनि उनलाई थोरै नै भयो । उनलाई लाग्यो, 'आधी त अझै इन्द्रले राखेका छन् । बरू इन्द्रलाई मार्ने हो भने पूरै अप्सरा मैले पाउँछु ।' उनले इन्द्रलाई मार्ने चेष्टा गरे । यसरी चेष्टा गर्दागर्दा उनी शक्तिहीन भए किनभने त्यसबेला पञ्चशील भङ्ग गर्ने मनुष्यलोकमा कोही थिएनन् ।

बोधिसत्व भएका ती चक्रवर्ती राजाले शील भङ्ग गर्न सुरू गरे । यसो गर्दागर्दै उनको आयु सकियो । इन्द्रलाई मार्ने काममा नलागेका भए अझै उनको आयु बाँकी हुन्थ्यो । उनी मनुष्य भएकोले देवलोकमा मर्न हुँदैनथ्यो । उनी देवलोकबाट उनको दरवारको बगैंचामा खस्न पुगे । उनका छोरा र मन्त्री भारदारहरूलाई आफ्नो परिचय दिंदै कामगुणको भोग गर्ने इच्छाले देवलोकको सफर गरेको सबै कुरा नलुकाइकन बताए । अन्तमा उनले भने, "कामतृष्णालाई हटाउन सकियो भने मात्रै तृप्ति मिल्छ, भोगबाट कहिल्यै तृप्ति मिल्दैन ।"

"त्यसैले हे मागण्डिय, मैले फैलिन दिन्नँ । आँखाबाट पनि फैलिन दिन्नँ । रूप आँखामा स्पर्श हुँदा देख्ने मन उत्पन्न हुन्छ तर त्यहाँबाट अगाडि फैलिन दिन्नँ । कानमा शब्दको स्पर्श हुन्छ र सुन्ने मन उत्पन्न हुन्छ तर त्यहाँबाट पनि अगाडि फैलिन दिन्नँ । लोभ हुन पनि दिन्नँ, द्वेष हुन पनि दिन्नँ, मोह हुन पनि दिन्नँ । देख्ने सुन्नेवित्तिकै त्यहींबाट ज्ञानले काटिदिन्छु । तिमीहरूले चाहिँ फैलाउने काम गर्छौ । फैलिनबाट दुःखमात्र पाइन्छ । फैलिए कारण बन्छ । त्यही कारणबाट जन्म हुन्छ र शरीर मिल्छ । कार्यकारणको चक्र घुम्छ । यसरी संसार जेलिएर लामो हुनेमात्र



Downloaded from http://dhamma.digital

हुन्छ । कारण बनेन भने कार्य हुँदैन । कार्य भएन भने संसार लामो हुँदैन ।"

मागण्डिय अरहन्त भएपछि उनको चित्त क्रिया-चित्तमा बदलियो । अरहन्तको अवस्थामा विपाक पनि क्रिया विपाक हुन्छ । क्रिया-चित्त र क्रिया-विपाक भएकाले कारण बन्दैन । कुशल कर्म गर्दा पनि क्रियामात्र हुन्छ र कारण बन्दैन । कारण नबनेकोले पुनर्जन्म हुँदैन । क्रिया-चित्त भएको कारण क्लेश नहुनाले हो । क्लेश भएमा कारण-चित्त हुन्छ । त्यसैले कारण-चित्त उत्पति नहुन दिनको लागि जहाँजहाँ आरम्मणको स्पर्श हुन्छ, त्यहाँत्यहाँ ज्ञान लगाइदिनुपर्दछ । आरम्मणसँग स्पर्श नभइकन चित्त उत्पति हुँदैन । उत्पति भएमा लोभ, दोष मोहको आरम्मण हुन्छ । हेतुहरूमा द्विहेतुक, तिहेतुक र अहेतुक हुन्छन् । द्विहेतुकमा अलोभ र अदोष हुन्छन् । तिहेतुकमा अलोभ, अदोष र अमोह हुन्छन् । कुशलपट्टिका हेतु छैनन् भने अहेतुक हुन्छ ।

मर्ने बेलामा पनि एउटा आरम्मणविना मरिँदैन । त्यसबेला कुन आरम्मणमा गएर मरिन्छ ? रूप, शब्द, गन्ध, रस, फोट्ठब्ब र धर्म कुनमा ? धर्म आरम्मणमा हृदयवस्तु भवंग-चित्तमा हुन्छ । मनायतन भन्ने भवंग-चित्तको सम्बन्धबाट हुन्छ । जस्तै मर्नेबेला आँखा मर्छ, प्रसाद रूप मर्छ, रूपको स्पर्श भए पनि देखिँदैन । कानको प्रसाद रूप मर्छ, जति कराए पनि सुन्दैन । नाकको प्रसाद रूप मर्छ, कुनै गन्ध चाल पाउँदैन । जिब्रोको प्रसाद रूप मर्छ, स्वाद थाहा पाउँदैन, काय प्रसाद रूप मर्छ, दुखेको पोलेको थाहा हुँदैन । त्यसबेला अलिकति ढुकढुकी मात्र बाँकी रहन्छ । त्यो ढुकढुकी पनि त्यसै हुँदैन, आरम्मणको आधारमा हुन्छ । आरम्मणको आधारमा ढुकढुकी रहेकोले त्यसबेला धम्मारम्मण हुन्छ । हृदयवस्तुले पनि काम गर्न छोड्यो भने धर्मारम्मणलाई ग्रहण गर्ने क्षमता हुँदैन । त्यहाँ चित्त त उत्पति हुन सक्दैन । तर त्यहाँ भइएका र नसकिएका संस्कारहरू त हुन्छन्, त्यो संस्कार मुताविकको धम्मारम्मण देखिरहेको हुन्छ र त्यही धम्मारम्मणको आधारमा उता प्रतिसन्धि हुन्छ । मर्नेबेला जुन आरम्मण देखिँदै थियो, त्यही अनुसार प्रतिसन्धि हुन्छ । अकुशल देखेको छ भने अकुशल अनुसारको प्रतिसन्धि र कुशललाई देखेको छ भने कुशल अनुसारको प्रतिसन्धि हुन्छ ।



Downloaded from http://dhamma.digital

अकुशल अनुसारको प्रतिसन्धि भयो भने अहेतुक पुग्गल हुन्छ । अहेतुक प्राणी चार अपायका प्राणी हुन् । पशुमा कुशल केही पनि हुँदैन । नरकमा कुनै कुशल हुँदैन, प्रेतमा कुनै कुशल हुँदैन । कुशल केही पनि नहुने हुँदा तिनलाई अहेतुक प्राणी भनिन्छ किनभने ऊ अकुशल सम्बन्धको धम्मारम्मण देख्दै मरेकाले हो । धम्मारम्मण भनेको निमित्तलाई भनिएको हो । निमित्तको आधार पाएर मरेकोले नै यता प्रतिसन्धि हुन्छ । आरम्मणदेखि अलगगै भएर प्रतिसन्धि (उत्पति) हुन सक्दैन ।

नरकमा जानेले नरकको आगो वा आफूलाई भोग गराउने डरलाग्दा यमदुतहरू देख्छन् । यमदुतहरू पनि आफ्नै अकुशल कर्मले खडा गरिदिएका हुन्छन् । मृत्यु र प्रतिसन्धिको बीचमा एक निमेषको पनि खाली हुँदैन । जस्तै यी दुईटा औंलालाई सँगै राखेर हेर्दा एउटा र अर्को औंलाको बीचमा खाली ठाउँ छैन । दुईटै औंला एकैचोटी देख्न सकिदैन । एउटा देखिसकेर त्यो बिग्रेपछि बल्ल अर्को देखिन्छ । किनकि दुईटा मन एकैचोटी उत्पति हुँदैन । कुनचाहिँ पहिले देखेर कुनचाहिँ पछि देखियो भनेर अनुमान लगाउन पनि सकिंदैन । यसो भएको द्रुतगतिमा उत्पति-विनास भएर हो । एक विथि बितेर अर्को देखिन्छ । यसमा त एक विथि पनि छोडिंदैन । च्युति (मृत्यु) र प्रतिसन्धिको गति त द्रुततर हुन्छ । मृत्यु-चित्त बिग्रिनेवितिकै प्रतिसन्धि-चित्त उत्पति हुन्छ । यो कुरा 'अनन्तर पच्चय'को व्याख्यामा आउँछ ।

एक लहर कटिसकेपछि बल्ल अर्को देखिन्छ । यसले त एक लहर पनि काटेको छैन । मर्ने बेला जे देख्छ, मर्नेवितिकै प्रतिसन्धिको चित्तले पनि त्यसैलाई देखिरहेको हुन्छ । प्रतिसन्धि-चित्त पनि बिग्रेर भवङ्ग-चित्त उत्पति हुन्छ । १६ वटा भवङ्ग-चित्त लहरै उत्पति हुन्छ । १६ वटाको लहर सकिनेवितिकै जवन-चित्त (तगडा चित्त) आउँछ । जवन-चित्तमा *'भव निकन्तिक लोभ'* हुन्छ । गर्भबास देखिनै यो 'भव निकन्तिक लोभ' आएको हुन्छ । जवन-चित्त भएपछि फेरि भवङ्ग-चित्त हुन्छ । यो चित्तले पनि त्यही निमित्तलाई देखिरहेको हुन्छ । त्यही निमित्तबाट जन्मभरि नै उसलाई भवङ्ग उत्पति हुने आरम्मण निर्मित हुन्छ । सुगतिमा उत्पति हुने प्राणीले पनि सुगति अनुसारको निमित्त देख्छ । मनुष्यलोकमा उत्पति हुनेले माताको



Downloaded from http://dhamma.digital

गर्भवास, झोलुङ्गमा हालेका नानीहरू देख्छ र देख्यादेख्दै तुरुन्तै उत्पति हुन्छ । जन्मनेबितिकै मर्ने बेलामा देखिएको आरम्मणमै यो चित्त उत्पति हुन्छ ।

प्रतिसन्धि-चित्त बिग्रेर भवङ्ग-चित्त उत्पन्न हुँदा पनि यही अतीतको आरम्मण लिएर उत्पति हुन्छ । जवन-चित्तहरू भने अहिले वर्तमानको आरम्मणमा हुन्छ । रूप, शब्द, गन्ध, रस, फोट्ठब्ब र धर्म यी वर्तमानका आरम्मण हुन् । त्यसैले जवन-चित्त अतीतको आरम्मणमा पनि वर्तमानको आरम्मणमा पनि हुन्छ । आँखाले रूपलाई देख्ने मन अहिलेको आरम्मण हो । त्यस्तै अन्य आरम्मणमा पनि यही नियम लागु हुन्छ ।

भवङ्ग-चित्त निद्राएको चित्त हो । निद्राएको बेला रूपको स्पर्श हुँदैन । कानमा शब्द, नाकमा गन्ध, जिब्रोमा रस, कायमा फोट्ठब्बको स्पर्श त्यसबेला हुँदैन । मनमा धम्मको स्पर्श त हुन्छ । मनमा धम्मको स्पर्श नै भएन भने मरेको नै भन्नुपर्ने हुन्छ । धम्मारम्मण पनि अतीतको आएर स्पर्श हुन्छ । भवङ्ग-चित्त अतीतको आधारमा भएको आरम्मणमा हुन्छ । अतीतमा पनि पूर्वजन्ममा मर्नेबेलामा जुन आरम्मण देख्यादेख्दै मरेको हो त्यसमा नै भवङ्ग-चित्त भइरहेको हुन्छ ।

जन्मने बेला कोही द्विहेतुक भएर, कोही तिहेतुक भएर प्रतिसन्धि हुन्छ । कोही भने अहेतुक भएर प्रतिसन्धि हुन्छ । सोमनस्स (खुसी मन)ले सहित भएर पनि प्रतिसन्धि हुन्छ, दोमनस्स (दुःखी मन)ले सहित भएर पनि हुन्छ । उपेक्षा (बीचको मन)ले सहित भएर पनि हुन्छ । खुसीमनबाट पनि हुन्छ, दुःखी मनबाट पनि हुन्छ । दोमनस्स त अपायमा हुन्छ । मरणासन्न अवस्थामा देखेको दृष्यमा दुखित हुँदै डर र त्रासले आत्तिदै दोमनस्ससहित (खिन्न मन लिई) मृत्यु भएको हुन्छ । अपाय मृत्यु मोहले पनि वा उपेक्षाले पनि हुन्छ ।

मनुष्य वा देवलोकमा सोमनस्सबाट(प्रशन्न मन लिई) पनि मृत्यु हुन्छ, उपेक्षाबाट (समताबाट) पनि हुन्छ । अहेतुक त अपायका प्राणी हुन्छन्, त्यसलाई छोडौं । अहिले बुझ्नुपर्ने त द्विहेतुक र तिहेतुकलाई नै हो । द्विहेतुक प्रतिसन्धि हो भने भगवानलाई नै साक्षात्कार गरी दर्शन पाएर नजिकबाट सेवा गर्ने अवसर पाए पनि यो जन्ममा मार्गज्ञान फलज्ञान पाउन



Downloaded from http://dhamma.digital

सकिंदैन । पारमिभागी मात्र हुन सक्छ । ज्ञान पाउन सक्दैन । तिहेतुक प्राणीले चाहिँ साँच्चै नै शासन भेट्टिएको भए र भेट्टिएको शासनमा साँच्चै नै कोशिस पनि गरेको भए, सही गुरू पनि भेटिएको भए त्यो व्यक्तिले यही जन्ममा नै मार्गज्ञान फलज्ञान पाउन सक्छ । तिहेतुक त हो तर शासन भेटेर पनि वीर्य बल छैन भने ज्ञान पाउने मौकाबाट उम्किन्छ । यदि गुरू गलत भयो भने पनि ज्ञान पाउने मौकाबाट वञ्चित हुन्छ ।

द्विहेतुक कस्ता र तिहेतुक कस्ता र किन भन्नेबारेमा र आफू कुन हेतुक हो भनेर थाहा पाउने बारेमा भोलि अलिकति भन्दै आरम्मण र अधिपति पच्चयलाई सँगसँगै लिएर भन्ने छु । पट्ठानलाई बुझोस् भन्ने हेतुले सूत्रलाई पनि मिलाएर लगेको छु । सूत्र पनि हालिएन भने बुझ्न बुझाउन गाह्रो हुन्छ । पट्ठान देशनालाई सूत्र र उपमा नमिलाई अभिधम्मको तरिकाले मात्र भन्ने हो भने बुझ्न अझ कठिन हुन्छ । पालिमा तिहेतुक प्राणीलाई 'उक्कठ कुशल' अर्थात् उत्कृष्ट कुशल भनिन्छ ।

***पट्ठान देशनाअन्तर्गत तेस्रो दिनको***
***'हेतुपच्चय र आरम्मण पच्चयलाई मिलाई गरेको देशना'***
***समाप्त भयो ।***

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# चौथो दिन

## (आरम्मणपच्चय र अधिपतिपच्चयलाई मिलाएर)

**४**

*'रूपायतनं चक्खुविञ्ञाण धातुया तं सम्पयुत्तकानञ्च धम्मानं आरम्मणपच्चयेन पच्चयो ।'* देख्ने मन हुनको लागि रूप भन्ने आरम्मण आवश्यक हुन्छ । त्यो सँगसँगै उत्पति हुने चित्त चेतसिक धर्महरूलाई रूप आरम्मणले देख्नको लागि उपकार गरेको हुन्छ । त्यस्तै सोतायतनं, गन्धायतनं, जिह्वायतनं, फोट्ठब्बायतनं, धम्मायतनं अर्थात् देख्ने, सुन्ने, गन्ध लिने, रस लिने, स्पर्श हुने र धम्मको लागि मन उत्पन्न हुने कारण आरम्मण नै हो ।

*'यं यं धम्मं आरब्भ ये ये धम्मा उप्पज्जन्ति चित्त चेतसिका धम्मा. ते ते धम्मा तेसं तेसं धम्मानं आरम्मणपच्चयेन पच्चयो ।'*

यं यं धम्मं आरब्भ = जुन जुन धर्मको कारणले गर्दा, ये ये धम्मा उप्पज्जन्ति = देख्नेमन, सुन्नेमन भइएका कार्य-धर्महरू उत्पति हुन्छन्, ते ते धम्मा तेसं तेसं धम्मानं = ती कारण-धर्महरू र कार्य-धर्महरूलाई, आरम्मणपच्चयेन पच्चयो = आरम्मण भनिने रूपारम्मणआदिले उपकार हुन्छन् ।

आरम्मण नभइकन चित्त उत्पत्ति हुँदैन । यही आरम्मणकै कारणबाट हामीमा लोभ, दोष, मोह हुन्छ । आरम्मणकै कारणबाट श्रद्धा, मैत्री र ज्ञान पनि हुन्छन् । निदाएको बेला पनि धम्मारम्मण हुन्छ । चेतसिकहरू पनि सँगसँगै उत्पति हुन्छन् । जस्तै आँखाले देख्न सक्नको लागि रूप आरम्मणले उपकार गरेको हुन्छ ।

प्राणीहरू द्विहेतुक, तिहेतुक र अहेतुकका हुन्छन् । प्राणी भनेर लोकमा भन्नुपर्नाले मात्रै भनिएको हो, वास्तवमा प्राणी भन्ने नै हुँदैन ।



Downloaded from http://dhamma.digital

परमार्थमा चित्त, चेतसिक, रूप र निर्वाण, यी चारवटा मात्र छन् । जति देशना गरे पनि यी चारवटाको बाहिर गएर देशना हुँदैन । निर्वाण एउटाबाहेक अन्य तीन चित्त, चेतसिक र रूप 'प्रतीत्यसमुत्पाद-धर्म' मात्र हुन् । प्रतीत्यसमुत्पाद भन्नु नै कारण- कार्यको सिद्धान्त हो । जे भइरहेको छ, ती सबै कार्य-कारणमात्र हुन् ।

आँखामा रूपको स्पर्श भएर देख्ने मन हुन्छ । देख्ने मन मात्र हो, त्यसमा 'म' भन्ने हुँदैन । देख्ने मनले नै देखेको हो, 'मैले' होइन । के देखेको भन्दा रूप आरम्मण मात्रै देखेको हो । वस्तु वा प्राणी देखेको होइन । रूपमात्रै आँखामा स्पर्श भएको हो, प्राणी होइन । संज्ञा-विपल्लासको कारणले मात्र प्राणी देखिएको हो । विपल्लास भनेको नभएकोलाई भएकोझैं देखिने हो । संज्ञा-विपल्लासले गर्दा प्राणीतिर मन तानिन्छ, प्राणी भन्ने सम्झन पुगिन्छ, प्राणी भनेर जान्न पुगिन्छ र प्राणी भनेर लिन पुगिन्छ । विपल्लास पनि ३ प्रकारका हुन्छन् – संज्ञा-विपल्लास (गलत सम्झेको), चित्त-विपल्लास (गलत जानेको), दिट्ठिविपल्लास (गलत धारणा लिएको) । विपल्लास हट्नेवितिकै रूप, शब्द, गन्ध, रस, फोट्ठब्ब र धर्ममात्रै भेटिन्छ, चीज, वस्तु, सत्व, प्राणी इत्यादि होइन । सुनिनेमा सुनिएको शब्द र सुन्ने मनमात्र हुन्छ, स्वाद लिनेमा रस र रस जान्ने मनमात्र हुन्छ । त्यस्तै गन्ध, फोट्ठब्ब र धर्ममा पनि ।

लौकिकमा 'चित्त, चेतसिक र रूप' र लोकुत्तरमा 'निर्वाण' मात्र छ । यसलाई विस्तृत पारेर हेरेमा 'पञ्चस्कन्ध' भेटिन्छ । पञ्चस्कन्धमा वेदना, संज्ञा र संस्कार – चेतसिक हुन्, विज्ञान – चित्त हो र रूप – रूपस्कन्ध हो । आरम्मण र आरम्मणिकका अनुसार हेरियो भने 'निर्वाण' पनि आरम्मण हो । निर्वाणलाई मार्ग-ज्ञान, फल-ज्ञानले साक्षात्कार गर्ने भनिएको छ । त्यो ज्ञान कहाँ उत्पति हुन्छ ? हृदयमा । हृदयमा उत्पति हुने ज्ञानले देखेको हुँदा 'निर्वाण' पनि आरम्मण भइदिन्छ ।

भगवानले धर्मदेशना गर्दैजानुहुँदा बीचमा 'साधु साधु' भनेको बेला उहाँ निर्वाणमा प्रवेश गरिसक्नुहुन्थ्यो । वास्तवमा साधुकार गर्ने भनेको देशना सकिएपछि मात्र गर्ने होइन ।

कुशल नभएका चार अपायका प्राणी अहेतुक हुन् । उनीहरू



Downloaded from http://dhamma.digital

कुशल कर्म गर्न पनि सक्दैनन्, धर्म बुझ्न पनि सक्दैनन् र शब्द सुन्ने कान भए पनि धर्म सुन्ने कान उनीहरूसँग हुँदैन । मनुष्य तथा देवता द्विहेतुक पनि हुन्छन्, तिहेतुक पनि हुन्छन् । द्विहेतुक भएकाले धर्म गहिराइमा गएर बुझ्न नसकिने हुन्छ । यो जन्ममा तिनीहरूले निर्वाण पाउन सक्दैनन् किनभने उनीहरूमा अमोह भन्ने हुँदैन । अमोह भनेको प्रज्ञाज्ञान हो । सुगतिमा अलोभ, अदोस र अमोह हुन्छ । दुर्गतिमा लोभ, दोस र मोह हुन्छ । अलोभ, अदोस र अमोह हुने तिहेतुक हुन् ।

अर्थकथामा लोभले मरे प्रेतलोकमा, द्वेषले मरे नरकलोकमा र मोहले मरे पशुलोकमा भव पाउँछन् भनिएको छ । तर हुन त लोभले मरेपनि नरक गएका पनि छन् तर कम संख्यामा ।

श्रद्धा, मैत्री, ज्ञान – यी तीनवटाले सहित भई प्रतिसन्धि लिएकालाई 'तिहेतुक पुग्गल' भनिन्छ । दुईटाले मात्र प्रतिसन्धि लिएकालाई 'द्विहेतुक पुग्गल' भनिन्छ । यी तीनवटै छैन भने 'अहेतुक पुग्गल' भनिन्छ र ती अपायमा गिर्छन् । हामी द्विहेतुक हौं वा तिहेतुक भन्ने कुरा प्रतिसन्धिदेखिबाट निर्धारित भई आइसकेको हुन्छ । जन्मेदेखि दुई हेतुसहित भएर आएका भए द्विहेतुक र तीन हेतुसहित भएर आएका भए तिहेतुक हुन्छौं । प्रतिसन्धिको क्षणमा नै लिएर नआइएको हुनाले यही जन्ममा तिहेतुक हुन्छु भनेर पाईंदैन ।

दान दिने सम्बन्धमा बुझ्नुपर्ने कुरा के भने कर्तव्यले दान त गरियो तर त्यसमा ज्ञान लगाइएन, कम्मसकता ज्ञान पनि लगाइएन, चन्दा दिंदा चन्दा उठाउन आउनेलाई करकापले दिइयो तर दानको पुण्य कस्तो हुन्छ भन्ने कुराको मनन भएन, दान त गरें फल त ईश्वरले दिने हो भन्ने धारणा राख्दछ भने दिइएको दान ज्ञानले सहित भई दिइएको हुँदैन । दान गर्नु मेरो कर्तव्य हो, ईश्वरले फल दिने काम गरिहाल्छ नि, फलको वास्ता गर्ने आफ्नो काम होइन भन्ने धारणा लिइयो भने अलोभ अदोस त भयो तर ज्ञान नलागेको हुनाले त्यो पुण्य द्विहेतुक पुण्य हुनजान्छ ।

दानको पुण्यले मनुष्यलोक वा देवलोक त जानसक्छ तर मनुष्य नै भए पनि अमोह नभएकोले द्विहेतुक प्राणी भइन्छ । देवतामा पनि द्विहेतुक पनि हुन्छन्, तिहेतुक पनि हुन्छन् । मिथ्यादृष्टि भएका देवता पनि धेरै



Downloaded from http://dhamma.digital

हुन्छन् । राम्रो कर्म गरे राम्रो फल मिल्छ भनेर कम्मसकता ज्ञानसहित छ भने त्यो ज्ञान तल्लो भए पनि अमोह मै गनिन्छ । ज्ञानसहित भई दान दिइएको छ र ज्ञानसहित भई शील पालन गरेको छ भने अमोह साथमा भएकोले तिहेतुक पुग्गलमा नै गनिन्छ । द्विहेतुक पुग्गलले अङ्ग प्रत्यङ्ग पूर्ण भए पनि धर्मलाई गहिरोसित बुझ्न सक्दैनन् । लौकिक विषयमा धेरै ज्ञान त हुन्छ तर धर्मलाई गहिरोसित बुझ्ने क्षमता उनीहरूमा हुँदैन । अमोह नभएकोले गर्दा शासनबाहिर जति ध्यान गरे तापनि ध्यान-सिद्धि मिल्दैन र स्मृति पनि तेजिलो हुँदैन । समाधि पनि तेजिलो हुँदैन । स्रोतापन्न पनि हुन सक्दैन । तिहेतुक हो भने लौकिक आचरण गरेता पनि ध्यान-सिद्धि मिल्छ र लोकुत्तर आचरण गरेमा मार्गफल पनि पाउन सक्छ ।

हामी आफू द्विहेतुक पुग्गल हौं कि तिहेतुक पुग्गल हौं भन्ने कुरा जान्न मन लाग्छ । यसमा मोगोक सयादोले सजिलो उपाय सुझाउनुभएको छ । उहाँ भन्नुहुन्छ कि उत्पति विनासलाई ज्ञानले छर्लङ्ग देख्न सकियो भने आफू तिहेतुक पुग्गल हुँ भन्ने कुरामा शंका गर्नुपर्दैन । कोशिस गर्नु र उत्पति-विनासलाई ज्ञानले देख्नेवितिकै चुल स्रोतापन्न होइन्छ भनेर अर्थकथाले पनि बताएको छ । नामरूप अर्थकथाले पनि *'विपस्सको बुद्ध सासने लब्धा पटिट्ठो नियत गतिको चुल सोतापन्न होति'* भनेको छ । किनभने बुद्ध शासन भेटेकोले गर्दा खन्धलाई पनि यथाभूत देखेको हुन्छ र भगवानको शासनको बलियो आधार पाएको हुन्छ । बलियो आधार पाएको हुँदा त्यो व्यक्ति गलत मार्गमा जाँदैन ।

कसैले मैले उत्पति-विनासको अनुभूति शरीरभरि गर्छु नि भनेर भन्छ तर गलत बाटोमा लाग्दैछ भने ऊ अझै पनि मिथ्यादृष्टिमै छ र उसले त कल्पनाको उत्पति-विनासको अनुभूति गर्दैछ भनेर बुझ्न सकिन्छ । जसले उत्पति-विनास देखेको छ, ऊ अहिले नै ज्ञान पाउन सक्ने व्यक्ति हो र कारणवश अहिले ज्ञान पाउन नसके पनि देवलोक पुग्नेवितिकै ज्ञान पाउन सक्छ भनेर भगवानले पनि भन्नुभएको छ । कसैले ७ दिनमा परनिमित्त देख्ने देवताले सम्झना दिलाइदिने वितिकै ज्ञान पाउँछ र स्रोतापन्न हुन्छ । भगवानको वचनमा दोस्रो जन्ममा ज्ञान पाउँछ भन्ने छ । अर्थकथाले ७ जन्मभित्र ज्ञान पाएर स्रोतापन्न हुन्छ भनेको छ । भगवानले ७ जन्म होइन,



Downloaded from http://dhamma.digital

दोस्रो जन्ममा नै ज्ञान पाउँछ भन्नुभएको छ । उत्पति-विनास देखेर पनि ज्ञान नपाएमा आफ्नो कोशिस नपुगेर नै हो । धनीमानी हुने इच्छा त छ तर कोशिस नै नगरी धनीमानी हुन नसकेझैं पूर्णकर्मले आर्य हुने अवसर त दिएको छ तर कोशिस नै नगरी फल पाउने कार्य हुन सक्दैन ।

जस्तै अजातशत्रु स्रोतापति ज्ञान पाउने व्यक्ति थिए । तर उनीबाट अलिकति गल्ती हुँदा उनले ज्ञान पाउने मौका उम्काए । उनी पछि प्रत्येक बुद्ध हुनेवाला त छ तर यो कल्पमा होइन । उनले अहिले नरकमा सुरूको दुःखभोग गर्दैछ । नरकको आयु कति हो कति । लौहकुम्भी नरकको आयु ६० हजार वर्ष भनिएको छ । यहाँको ९० लाख वर्षको वहाँको एक दिन हुन्छ । अजातशत्रु शासनमा धेरै श्रद्धा भएका र धेरै पुण्य गरेकाले सिधै अविचि नरकमा नगइकन उसद/लौहकुम्भी (सानो नरक) मा पुगेका छन् ।

अहिले हामी तिहेतुक पुग्गल पनि भएको समय हो, धर्मलाई सुनेर बुझ्ने क्षमता भएको समय पनि हो । अब त तपाई हामीले कोशिसमात्र गर्न बाँकी छ । त्यो कोशिस पनि अधिपति चित्तले हुनुपर्दछ । लरतरो कोशिसले त हुँदैन । निर्वाण साक्षात्कार गर्न गम्भीररूपले तेजिलो कोशिस हुनुपर्छ । दान पनि गरिएको छ, त्यसमा प्रशन्न पनि भइएको छ, आफूमा मैत्री पनि छ र तल्लो भए पनि कम्मसकता ज्ञान पनि लगाइएको छ भने र चार आर्य-सत्यलाई पनि मनन गरेर अवबोध गरिएको छ भने त हामी धन्य भयौं । दुःख भन्नु नै 'पञ्चुपादानखन्ध' हो । दुःखलाई मनन गर्दा पञ्च उपादान खन्धलाई मनन गर्नुपर्छ । खन्ध(स्कन्ध) लाई ज्ञानले हेर्नुपर्छ । देखियो भने पनि त्यही पञ्चुपादाने रवन्ध देखिन्छ, शब्द सुनियो भने पनि त्यही पञ्चुपादाने रवन्धको उत्पति हुन्छ । देख्दै गरेको दुःख-सत्य हो र देखेर बिग्रेको पनि दुःख-सत्य हो । सुन्ने मन दुःख-सत्य हो, सुनिसकेर बिग्रेको पनि दुःख-सत्य हो । सुन्यो बिग्र्यो, सुन्यो बिग्र्यो । केही सार नभएकोलाई हेर्नुपर्छ । उत्पति भयो भन्न नपाउँदै बिग्रिसकेको हुन्छ । केही काम लाग्दैन । किनभने ती अनित्य हुन् । छँदै छैन भने काम कसरी लागोस् । उत्पति भएको क्षणमा त्यसलाई अडाइराख्छु भनेर पनि हुँदैन । उत्पति नहुनलाई रोक्न पनि सकिंदैन । आफ्नो अधीनमा ती छैनन् ।



Downloaded from http://dhamma.digital

कारण जुर्दा बन्छ, कारण बिग्रँदा बिग्रिन्छ । अर्को जन्म भन्ने पनि बन्ने बिग्रने मात्र हो । देवता, ब्रम्हा भन्ने पनि बन्ने बिग्रने मात्रै हुन् । यसरी बन्ने बिग्रने भइरहने कारणले र केही सार नभएको हुनाले 'दुःख' हो । लोभ नै दुःखको कारण हो । हामीलाई दुःख पनि चाहिँदैन, दुःखको कारण पनि चाहिँदैन ।

दुःख-सत्य पनि नभएको र समुदय-सत्य पनि नभएको अवस्थामा 'निर्वाण' को हेतु होस् भनी निर्वाणको प्रार्थना गरी गरिएको दानलाई सत्यलाई मनन गरी गरिएको दान भनिन्छ । साधारण कम्मसकता ज्ञानले गरिएको दानभन्दा यो धेरै माथिल्लो हुन्छ । कम्मसकता ज्ञानले मात्र दिइएको दान भए पारमि बन्न पनि सक्छ, पारमि नबन्न पनि सक्छ । कम्मसकता ज्ञान त छ, राम्रो गरे राम्रो फल मिल्छ भन्ने विश्वास पनि छ, मनन पनि भएको छ तर यो कुशल पुण्यको प्रभावले अर्को जन्ममा यस्तो हुन पाऊँ भनेर भव-सुखको प्रार्थना गरेर दान गरियो भने पारमि बन्दैन । कम्मसकता ज्ञानलाई मनन गरेर यो भवबाट छुटकारा हुने उद्देश्य राखी दान गरियो भने त्यस्तो दान पारमि बन्छ । अझ सत्यनिमित्त ज्ञान लगाएर गरिएको छ भने त्यो पारमि अझ तेजिलो हुन्छ ।

तिहेतुकमा पनि शील र एकाग्रतासहित भई बारम्बार मनन गरेर सत्य-ज्ञानद्वारा दुःखबाट छुटकारा पाऊँ भन्ने उद्देश्य राखी गरिएको दानलाई उत्कट-दान अथवा उत्कृष्ट दान भनिन्छ । यो दान सबैभन्दा उत्तम दानमा गनिन्छ । यो पनि कम्मसकता ज्ञानभन्दा माथि हुन्छ । त्यसैले जे पुण्य गर्दा पनि श्रद्धा, मैत्री र ज्ञान लगाएर गर्नुपर्छ ।

कसैले त कर्ममा त आफ्नो अधिकार हुन्छ तर फलमा हुँदैन, फल जस्तोसुकै होस्, भनेमा साँच्चै नै ज्ञान लगाएर गरिएको दान भएन । त्यसैले कर्म गर्नमा अधिकार हुन्छ भने फलमा पनि अधिकार हुन्छ । कुनै पनि जन्म चाहिएन, निर्वाण मात्र चाहिएको हो भनेर दान गर्दा अधिकार पाएको हुन्छ । त्यसैले पुण्य त गरियो तर अविद्याको आधारबाट गरिएको भए त्यो मोह अर्थात् ज्ञान नलगाइएको पुण्यमात्र हुन्छ र त्यो भव-चक्रमा घुम्ने पुण्यमात्र बन्छ । यसरी घुम्ने पुण्य कमाइयो भने धनीमानी भई तञ्जमञ्ज त पुग्ने हुन्छ ।


Downloaded from http://dhamma.digital

कोशल राजा पूर्वजन्मको कुशल पुण्यले गर्दा राजा हुनसके । उनले मल्लिका रानीको बलले धेरै दान पुण्य पनि गरे । दान त गरेका थिए कोशल राजाले तर उनी स्रोतापन्न भए भन्ने कुरा कतै पाइंदैन । कल्याण पृथकजन भए भन्नेसम्म पनि छैन । खास भन्ने हो भने उनले भगवानलाई समेत राम्ररी चिन्न सकेनन् । मान्न त मान्थे तर राम्ररी चिन्न सकेका थिएनन् ।

**_कोशल राजाले भगवानलाई चिन्न नसकेको दृष्टान्त –_**

एकपल्ट कोशल राजाका गुप्तचरहरू ७–७ जनाको समूहमा पाँच समूह बनाई बाटोमा हिंड्दैथिए । तीमध्ये कोही नाङ्गा थिए, कोही जटाधारी थिए त कोही एक वस्त्र धारण गर्ने समूहका पनि थिए । कसैले सेतो वस्त्र धारण गरेका थिए । कोही ऋषि थिए । यी समूह बाटोमा हिंड्दैथिए । त्यसबेला भगवान जेतवनको पिढीमा विहार लिइरहनुभएको थियो । कोशल राजा पनि भगवानको छेउमा बसिरहेका थिएं । ती समूह बाटोमा गइरहेका थिए । राजाले भगवानलाई पीठ फर्काएर ती समूहकालाई ढोग्न थाले । 'हे अरहन्तहरू हो, म कोशल राजाको वन्दनालाई स्वीकार गर्नुहोस्' भनेर कराउन थाले । अझ उनले भगवानलाई यसरी भने, "हेर्नुहोस त, क्लेश नभएका ती अरहन्तहरूलाई ! यिनीहरूका इन्द्रिय कति राम्रा, ती खीणास्रवी हुन्, कति हो कति श्रद्धालाग्दो व्यक्तिहरू हुन् ती ।"

यसो भनेको सुनेर भगवानले पनि उनलाई अलि कडा भएर भन्नुभयो, "तपाई गृहस्थीले कस्ता खीणास्रवी हुन्, कस्ता खीणास्रवी होइनन्, त्यो तपाईले कसरी जान्नुहुन्छ र ! तपाईले राम्ररी विवेक गर्नुहुन्न । तपाई गृहस्थहरूले घरमा छोराछोरी र पत्नीसित भुलेर आउनेले कोही खीणास्रवी हो भनेर कसरी जान्नुहुन्छ ?" उनले सोधे, "कसरी जानिन्छ त ?" भगवानले भन्नुभयो, "तेजिलो ज्ञान भएको व्यक्तिले र सँगसँगै धेरै कालसम्म संगत गरी बसेका व्यक्तिले मात्र जान्दछ तर धेरै समयको खोज हुनुपर्छ ।" जवाफमा कोशल राजाले भने, "अँ, हो ती खीणास्रवी होइनन् । ती त मेरा गुप्तचरहरू हुन् ।"

उनले भगवानलाई समेत त्यसरी झुक्याउँछन् भने उनले भगवानलाई



Downloaded from http://dhamma.digital

जानेका र चिनेका भनेर कसरी भन्न सकिन्छ ? साँच्चै नै जाने चिनेका भए भगवानलाई त्यसरी झुक्याउने थिएनन् । विहार नजिकै छ, विहारमा गइराख्थे तर पनि भगवानलाई सहीरूपले चिन्दैनथे । अरूले भगवान भनेर भन्नाले मात्र बुद्धलाई वन्दना गरेका हुन्, भित्रबाट चिनेर जानेर होइन ।

कोशल राजा राजगृहमा प्रवेश हुनेबेला एउटा पौवामा उनको देहान्त भयो भन्ने कुरा आउँछ तर मृत्युपछि कहाँ पुगे भन्नेचाहिँ पिटकमा बताइएको छैन । त्यति प्रतापी राजा यहाँ पुग्यो भन्ने त हुनुपर्ने तर त्यस सम्बन्धमा कतै कुनै कुरा बताइएको पाईंदैन । विशाखा निम्मानरति देवराजाकी अग्रमहिषि रानी भइन्, अनाथपिण्डक तुषिता देवलोकमा पुगे भन्ने कुरा उल्लेख छ । त्यसैले बुद्धगयामा तिर्गु सयाद्वोले 'निम्मानरतिमा भइएकी विशाखाले पनि मेरो पुण्यलाई साधुकार गरून्, तुषिता देवलोकमा भएका अनाथपिण्डकले पनि मैले अहिले बुद्धगयामा भगवानको दर्शन गरेवापत प्राप्त भएको कुशल पुण्यलाई साधुकार गरून्, कहाँ पुग्यो भन्ने ठेगाना नै नभएका कोशल राजाले पनि साधुकार गरून्' भनेका थिए ।

कोशल राजा द्विहेतुक पुग्गल हुन् किनभने भगवानको नजिकमा रहेर पनि धर्म सुन्ने क्षमता उनमा थिएन । धनीमानी हुने वा राजा हुने पुण्य त उनमा थियो, तर धर्म बुझ्ने पुण्य थिएन । त्यसैले धर्म बुझ्ने पुण्यको लागि हामीमा अलोभ अद्वेस, अमोह हुनु अति जरूरत छ । ती तीनमा पनि पारमि हुनको लागि यो कुशल पुण्यको प्रभावले दुःख-संसारबाट छुटकारा हुन पाऊँ भन्ने कामना गर्नुपर्छ । सकिन्छ भने सत्यनिमित्त ज्ञान लगाएर यी उत्पति भइराख्ने स्कन्ध उत्निखेरै अनित्य पनि भइराख्ने हुन्छ भनेर त्यही बन्ने बिग्रने स्वभावलाई एकछिन मनन गरेर आर्य-सत्यलाई छुटकारा हुने चेतनाले भाविता गरिएको छ भने अमोह पारमि पुण्य पनि प्राप्त हुन्छ । यदि यो ज्ञान नलगाइकन भाविता गरिएको छ भने द्विहेतुक हुन्छ र त्यो जन्म बेकारमा जाने हुन्छ । भगवानलाई नजिकबाट दर्शन गर्न पाइए तापनि साँच्चै भगवानलाई चिन्न सकिंदैन । अरूले भगवानलाई ढोगे ढोग्ने, अरूले निन्दा गरे हो त नि भनेर सही थाप्नेमा परिन्छ । आफ्नो ज्ञानले विचार्न सक्दैन । भगवानको पालामा तिर्थङ्करहरू पनि तिहेतुक त थिए तर अभिमान र घमण्डले गर्दा भगवानलाई चिन्न सकेनन्, उल्टो निन्दा गरे



Downloaded from http://dhamma.digital

आन बाठा भएर भगवानका दोषमात्र खोज्न थाले ।

अमोह हेतु छैन भने हामीले जति नै ध्यान भावना गरे पनि गहिरोसित धर्मलाई बुझ्न सक्दैनौं । धर्म सुन्दा आफ्नो स्कन्धबाट छर्लङ्ग बुझिंदै छ र उत्पति-विनास देखिंदै छ भने आफू तिहेतुक पुग्गल हो भनेर सम्झनुपर्दछ । ध्यानबाटै परीक्षा गर्दा हुन्छ । त्यसैले होला मोगोक सयाडोले उत्पति-विनास देख्यौ भने तिहेतुक पुग्गल हो भन्ने कुरामा शंका नगर्नू भनेका थिए । उत्पति-विनास देखेको बेला समाधि हुँदैछ र शील पनि छ । विपश्यना छिपिंदै गए समाधि पनि छिपिंदै आउँछ । जब संस्कारलाई उपेक्षाले हेरिन्छ, ध्यान समाधि प्राप्त हुन्छ र स्रोतापन्न होइन्छ । प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यान, चतुर्थ ध्यान इत्यादि ध्यानतिरको बाटो जाने त होइन । छिपिएको विपश्यनाले आफै तान्दै लग्छ । तर यो तिहेतुक व्यक्तिलाई मात्र हो । मर्नेबेला जुन आलम्बन देखिन्छ त्यो अकुशलको हो भने मनमा शान्ति हुँदैन । किनभने अकुशलमा अलोभ, अदोस र अमोह हुँदैन ।

### *बोधिसत्वको आजीवक-आचरण* –

बोधिसत्वले ९० कल्पअगाडि त्यस्तै आजीवकको आचरण गरेका थिए । मर्ने बेला नरकको निमित्त देखे । उनी आत्तिए अनि अलि होस आएपछि बौरिए, 'अहो अघि देखेको त नरकको निमित्त रहेछ । मैले जीवनभर पशुको जस्तो आजीवक आचरण गरें । त्यो आचरण राम्रो होइन । राम्रो कर्म गरेको थिएँ भने राम्रो फल मिल्छ । अहिले त नराम्रो कर्म गरेको रहेछु । त्यसैले नराम्रो निमित्त देख्दैछु । मैले नरकको निमित्त पो देख्दैछु । अहो, राम्रो कर्मको राम्रो फल र नराम्रो कर्मको नराम्रो फल पाइने रहेछ । मैले गरेको आजीवक कर्म नै नराम्रो कर्म हो' भनेर बोधिसत्वलाई कम्मसकता ज्ञान भयो र कर्म र कर्मफलबारे निकै चिन्तन मनन गर्दै गए । त्यसबेला उनको होस हरायो । पछि त उनले देवलोकको निमित्त देखे । मन प्रफुल्ल भयो । कम्मसकता ज्ञान मनमा हुनेवितिकै अतीतबाट फल दिन आउने कर्महरू सबैले कुशललाई मात्र स्वागत गरे, अकुशललाई बन्द गरिदिए । नरकको फल दिन आएका अघिको कर्मलाई



Downloaded from http://dhamma.digital

प्रवेश हुन नसक्ने गरी ढोका बन्द गरिदिए । ढोका खोल्ने पनि यहींबाट र बन्द गर्ने पनि यहींबाट हो । यहींबाट भन्नुको अर्थ हाम्रै मनबाट हो भनिएको हो भनेर सम्झनुपर्दछ ।

ज्ञानसँग अज्ञानता बसेको हुँदैन । अज्ञानता नभए अज्ञानताबाट हुनसक्ने कर्म सबै बन्द हुन्छन् । कुशल कर्म गर्ने बाटो खुल्ला हुन्छ । अनि त्यही कुशलले आएर फल दिंदा देवलोक पुगेका हुन् बोधिसत्व । जीवनभरि आजीवक चर्या गरेकालाई मर्ने बेला पलाएको कम्मसकता ज्ञान (अमोह ज्ञान) ले गर्दा नरक गिर्न लागेका व्यक्ति पनि सुगति पुगे । यो कुरा तेविज्ज सूत्रमा आउँछ । आजीवन आजीवक आचारण गर्ने व्यक्ति सुगति जान सक्छ कि सक्दैन भन्ने प्रश्नको उत्तरमा भगवानले ९२ कल्पसम्म हेर्दा 'मैले १ जना मात्र देखें, त्यो व्यक्ति (आजीवक आचरण गर्ने) म नै थिएँ, त्यसरी अन्य कोही सुगति गएका देखिएनन्' भनेर भन्नुभयो । यसबाट अमोहको शक्ति कति तेजिलो हुन्छ भन्ने कुरा प्रष्ट हुन्छ । यस विषयमा पछि कम्मपच्चय र विपाकपच्चयमा विस्तृत रूपमा चर्चा हुने नै छ ।

तिहेतुक पुग्गल हो भने उसको समाधि राम्रो हुन्छ । स्कन्धलाई राम्ररी देख्न सक्दछ । उत्पति-विनासलाई राम्रोसँग देख्न सक्दछ । तिहेतुक पुग्गलचाहिँ पारमि भागी हुन्छ । अहिले पारमिभागी हुन सकेमा अर्को जन्ममा तिहेतुक पुग्गल भएर ज्ञान पाउन सकिने हुन्छ । त्यसैले नोक्सान त कसैलाई पनि छैन तर तिहेतुक पुग्गल भए पनि कोशिस कमजोर भयो भने अहिले पाएको निर्वाण पाउने मौका पनि उम्किन्छ । यो मौका गुम्यो भने उता शासन पाउन पनि कठिन हुन्छ । शासन फेरि कहिले पाइने हो थाहा हुँदैन । फेरि बीचमा सच्चा गुरू पाउन पनि सजिलो छैन । गुरू नपाउँदा मिथ्यादृष्टिकै फेला परिने सम्भावना प्रबल हुन्छ ।

मिथ्यादृष्टिको संगतले आचरण पनि मिथ्या हुँदैजान्छ । एकपल्ट अपाय गिरियो भने माथि आउन दुर्लभ छ । अर्को बुद्ध मैत्री बुद्धको शासन पनि भेटिएन भने उता फेरि शून्य कल्प हुन्छ । शून्य कल्पभरि कति हो कति पापकर्म गर्न भ्याइन्छ । आफ्नो पारमि र पुण्य कहाँ हो कहाँ लुप्त हुन पुग्छ । श्रीलंकाको अनागत वंशमा शून्य कल्पमा १ लाख कल्प हुन्छ भनेर लेखिएको छ । १ लाख कल्पपछि बल्ल मन्द कल्प हुन्छ । कुन



Downloaded from http://dhamma.digital

कल्पमा कति बुद्ध हुन्छ भन्नेबारेमा –

*एक सार, दुई मन्द, वर तीन बुद्ध*

*सारमन्द चार बुद्ध भद्र पाँच बुद्ध ।*

१) सारकल्पमा एक बुद्ध हुन्छ ।

२) मन्दकल्पमा दुई बुद्ध हुन्छन् ।

३) वरकल्पमा तीन बुद्ध हुन्छन् ।

४) सारमन्दकल्पमा चार बुद्ध हुन्छन् ।

५) भद्रकल्पमा पाँच बुद्ध हुन्छन् । भनेर लेखिएको छ ।

अहिले तिहेतुक पुग्गल भए पनि अधिपति भएको चित्तले कोशिस गरे मात्र हुन्छ । अधिपति-धर्म ४ छन् –

| | | |
|---|---|---|
| १) छन्दाधिपति | – | प्रबल इच्छा, |
| २) वीरियाधिपति | – | उत्कट कोशिस |
| ३) चित्ताधिपति | – | अधिष्ठानयुक्त मन |
| ४) विमंसाधिपति | – | धम्मविचय ज्ञान |

अधिपतिमा अरू पनि धेरै छन् तर भगवानले यी ४ लाई लिनुभएको छ । माथि उल्लिखित ४ अधिपतिमा पनि अन्य दुई अधिपतिलाई जोड्नुपर्छ । एउटा सहजात अधिपति र अर्को आरम्मण अधिपति । यी दुईलाई पनि छुट्याएर राम्ररी बुझ्नुपर्छ । अधिपति पच्चयलाई भोलि आरम्भ गरौं ।

***पट्ठान देशनाअन्तर्गत चौथो दिनको 'आरम्मणपच्चयलाई लिई अधिपतिपच्चय प्रारम्भ गरेको देशना' समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# पाँचौं दिन

## (अधिपतिपच्चयलाई मिलाएर)

५

उत्पति हुने र त्यसले काम गर्ने जति पनि छन्, ती सबै आरम्मणको उपकार हो भनेर जान्नेबितिकै आफूमा जति पनि उत्पति भएका विषयहरू छन्, ती कसैले बनाएका होइनन् भन्ने कुरा प्रष्ट हुन आउँछ ।

'अधिपति' भनेको 'मालिक' हो । चित्त चेतसिक धर्म धेरै भएता पनि धेरै मध्ये ४ वटालाई मात्र भगवानले अधिपतिमा लिनुभएको छ । छन्द(इच्छा), वीरीय(कोशिस), चित्त(मन) र विमंस(ज्ञान) भन्ने ४ वटाले उपकार गरिएकोलाई अधिपति पच्चयमा लिनुभएको छ । अट्ठकथामा यस्तो उपमा दिइएको छ – चक्रवती राजा उत्पति भयो भने ऊसित तुलना गर्ने र सामना गर्न सक्ने अन्य राजा कोही हुँदैनन् । सबै उनकै अधीनमा चल्नुपर्ने हुन्छ । अधिपति भन्ने पनि सबैले मान्नुपर्ने र झुक्नुपर्ने चक्रवर्ती राजाजस्तै हो । सम्पूर्ण स्वन्धलाई राज गर्ने राजा हो । *'छन्दाधिपति छन्दसम्पुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।' 'वीरियाधिपति वीरियसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।' त्यस्तै 'चित्ताधिपति चित्तसम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।' र 'विमंसाधिपति विमंससम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।'*

*'यं यं धम्मं गरूं कत्वा ये ये धम्मा उप्पज्जन्ति चित्तचेतसिका धम्मा, ते ते धम्मा तेसं तेसं धम्मानं अधिपतिपच्चयेन पच्चयो ।'*

जब छन्द अधिपति भइदिन्छ (जहिले पनि भइराख्ने त होइन),



Downloaded from http://dhamma.digital

त्यहाँ अर्को कुनै पनि अधिपति हुन सकेको हुँदैन । वीरिय अधिपति भए वीरिय नै प्रधान भइरहेको हुन्छ, अन्य होइन । त्यस्तै अरू दुईटा पनि । छन्द (इच्छा) एउटा चेतसिक हो । छन्द अधिपति भइदिएमा छन्द सँगसँगै उत्पति हुने चित्तहरू र चेतसिक धर्महरू सबै छन्दकै हुकुममा चल्नुपरेजस्तै तिनको सँगसँगै उत्पति हुने रूपलाई पनि छन्द भन्ने चेतसिकले उपकार गरेको हुन्छ । यी सबै छन्दकै पछि लाग्छन् । जब इच्छा तेजिलो हुन्छ, त्यसलाई कुनैले पनि रोक्न छेक्न सक्दैन । भएजति चित्त चेतसिकहरू त्यसैको पछि लागेका हुन्छन् अनि रूप पनि त्यही इच्छाको पछि लाग्छ । यसरी सबै नै उनको अधीनमा भइदिने भएकाले कसैले पनि उनको विरोध गर्न सक्दैनन् । ऊ मालिक भएर बसेको हुन्छ ।

गौत्तम बुद्धले ४ असख्य १ लाख कल्प अगाडि दीपंकर बुद्धसँग ब्याढित (अभिनिहार) लिनुभएको थियो । त्यसबेला उहाँको नाम सुमेध थियो । उहाँले त्यो बेला लौकिक समाधि सिद्ध गर्नुभएको थियो र त्यसमा सन्तुष्ट पनि हुनुभएको थियो तर त्यो मार्ग भव-वन्धनबाट छुटकारा दिने होइन भन्ने कुरा थाहा पाउनुभएको थिएन । 'उहाँ दीपंकर भगवानसँग भेट्नुहुँदा मात्र सही खन्ध परमार्थलाई देख्ने ज्ञान मिल्यो । आजसम्म आचरण गरेको मार्ग छुट्कारा हुने मार्ग होइन रहेछ । छुटकारा हुने मार्ग त भगवान उत्पति हुँदामात्र सुन्न पाइने रहेछ । भगवानको उत्पति नहुँदाको समयमा परमार्थ धर्म जान्ने व्यक्ति कोही पनि हुँदा रहेनछन् । जान्ने व्यक्ति, बुझ्ने व्यक्ति, बुझाउने व्यक्ति हुँदैनन् र सही धर्म नपाइने रहेछ' भनेर उहाँको मनमा भयो ।

उहाँको मनमा फेरि यस्तो विचार आयो – 'दीपंकर बुद्ध पनि आफ्नो आयु सकेर परिनिर्वाण लिनुहुन्छ र शासन फेरि हराएर जान्छ । शासन हरायो भने रहेका प्राणी सबै अलपत्र पर्नेछन् । यी प्राणीहरूलाई कसले छुटकारा दिलाउने होला' भन्ने मनमा लाग्दा – 'होइन, अहिले मैले निर्वाण लिएर हुँदैन । यी रहेका प्राणीहरूलाई दीपंकर भगवानले जस्तै सम्यक सम्बोधि ज्ञान प्राप्त गरेर छुटाउने अभिभारा मैले लिनुपर्छ । म भगवान हुन्छु, भगवान हुन्छु' भन्ने इच्छा उर्लेर आयो । त्यो इच्छा अधिपति भएर आउँदा उहाँले विपश्यना बढाएर लाने काम सबै छोड्नुभयो ।



Downloaded from http://dhamma.digital

त्यसबेला उहाँमा संखारोपेक्खा ज्ञान अथवा (संस्कारलाई उपेक्षाभावले हेर्ने ज्ञान) त थियो । उहाँलाई थाहा लाग्यो 'सिर्फ बुद्ध उत्पति भएको बेला मात्रै यो मार्ग खुल्छ, अरूबेला होइन । यी रहेका प्राणीहरूलाई मैले छुट्कारा नदिलाई हुन्न' भनेर भगवान हुन्छु भन्ने इच्छा तीव्र पार्नुभयो ।

जब भगवान हुने त्यो इच्छा (छन्द) अधिपति भएर आयो, भएभरका चित्त चेतसिकहरू र रूपहरू सबै त्यतै तानिए । आफूले पाइसकेको ज्ञानलाई अगाडि बढाउनेतिर बढ्नुभएन । एक न एक दिन मैले पनि सम्यकसम्बोधि ज्ञान प्राप्त गर्छु र पारमि धारण गर्छु भनेर अधिष्ठान गर्नुभयो । दीपंकर भगवानले "हे सुमेध, एक चक्रवालबाट अर्को चक्रवालसम्म बिछ्याइएको आगोको भुङ्ग्रोमा टेकेर जाने व्यक्ति बुद्ध हुन्छ भन्यो भने के तिमीले त्यसरी टेकेर जान सक्छौ ?" भनेर सोध्नुभयो । उहाँले भन्नुभएको थियो, "म सक्छु । धेरैको कल्याणको लागि बुद्ध हुन पाउँछु भने म आगोमा टेकेर चक्रवाल नाघेर जान पनि सक्छु ।" उहाँमा प्राणीहरूप्रति कतिको करूणा थियो भन्ने कुरा यसले पनि प्रष्ट पार्दछ । छन्द (इच्छा) अधिपति भइदियो भने कसैले वा केहीले रोकेर रोक्न सक्दैन । रूप, चित्त, चेतसिक सम्पूर्ण छन्दकै अधीनमा तेजिलो भएर बसिदिन्छ । चक्रवाल कट्न सक्दिन होला, म त मर्छु कि भन्नेतिर उहाँको चित्त लागेन । पूरा गरेरै छोड्छु भन्ने दृढ संकल्प भयो ।

फेरि वीरिय अधिपति भयो भने के चाहिं सफल हुन्न र ! वीरिय अधिपति भयो भने भएका चित्त चेतसिक रूप सबै नै त्यही वीरियतर्फ नै लाग्छन् र कोशिस तेजिलो हुन्छ । ध्यानमा पनि साँच्चै नै वीरिय अधिपति भइदियो भने राति निन्द्रा लागोस् वा नलागोस् त्यसको मतलब हुँदैन । निन्द्रातिर मन जाँदैन, कति बज्यो होला भन्नेतिर पनि मन जाँदैन । ज्ञान पाउनेतिरको मात्र मतलब हुन्छ । निर्वाणतर्फ बढ्नको मात्र मतलब हुन्छ । कोशिस अधिपति भइदियो भने सारा चित्त चेतसिक र रूपहरू तेजिला भएर आउँछन् र कोशिसकै हुकुममा चल्छन् ।

*जनक राजकुमारको प्रसंग –*

जनक राजकुमार १५-१६ वर्षको उमेरमा थियो । बालककालमा नै उनको पिताको देहान्त भयो । पिता कस्ता थिए उनले राम्ररी देख्न पाएनन् ।



Downloaded from http://dhamma.digital

मातालाई सोधिराख्थे 'मेरो पिताजी को हुन् र कहाँ छन्' भनेर । माताले छोराले चित्त दुखाउला भनेर अरू नै कुरा गरेर टार्थिन् । एकपल्ट त कर लगाउँदा नभनी भएन । माताले भनिन्, "तिम्रो जेठाबाहरूसँग युद्ध गर्दा युद्धमा मारिए र उनका राज्य पनि लिए । म ज्यान बचाउन तिमीलाई लिएर यहाँ लुक्न आएँ ।" उनलाई लाग्यो 'पिताको राज्यमा छोराको अधिकार हुन्छ । त्यो राज्य मेरो हो । उनीहरूले पिताजीलाई पनि मारे र राज्य पनि लुटेर लगे । ममाथि अन्याय गरे । मैले त्यो राज्य फिर्ता लिएरै छोड्छु' भन्ने दृढ इच्छा धारण गरे । छन्द कुशलमा पनि हुनसक्छ, अकुशलमा पनि हुनसक्छ । अधिपति भइदियो भने पूर्ण नगरी विश्राम लिइँदैन ।

उनले मातालाई सोधे, "तपाई भागेर आउँदा सम्पत्ति पनि लिएर आउनुभएको थियो कि रितै आउनुभयो ?" माताले भनिन्, "सम्पत्ति ल्याएकी छु । मसँग यति छ ।" उनले भने, "उसोभए मलाई आधि दिनुस् ।" माताले सोधिन्, "त्यो पैसा लिएर के गर्छौ, छोरा ?" उनले भने, "म व्यापार गर्छु, आमा । धेरै सम्पत्ति कमाएर सिपाहीहरू जम्मा गरेर लडेर त्यो राज्य फिर्ता लिएरै छोड्छु । म अन्याय सहन सक्दिनँ ।" माताले भनिन्, "हेर, छोरा, अहिले तिमी सानै छौ । ठूलो भएपछि कामधाम गर्नू । हुन त तिमी उमेरमा सानो भएपनि सानो व्यक्ति होइनौ ।" उनले जिद्दी गरे, "अहिल्यै सम्पत्ति जुटाउँछु र सिपाही जम्मा गरी राज्य फिर्ता लिन्छु ।" माताले भरोसा दिइन्, "काम गर्नुपर्दैन । सिपाही जुटाऊ, चाहिने जति सम्पत्ति मसँग छ सबै नै दिन्छु ।" उनले पनि अडान लिए, "होइन, म मोफतको सम्पत्तिले सिपाही जुटाएर युद्ध गर्ने व्यक्ति होइन । तपाईंको सम्पत्ति मैले मोफतमा कसरी लिने ? (अहिले त्यस्ता छोरा कहाँ पाइन्छ, उनी त बोधिसत्व भएका राजकुमार हुन्) मलाई अहिले आधिमात्र दिनुस् । त्यसबाट व्यापार गर्छु, माता ।" माताले सोधिन्, "के काम गर्छौ, छोरा ?" समुन्द्रपारि सुवर्ण भूमि छ । यताको सामान त्यता लगेर उताको सामान यता ल्याएर बिक्रि गर्छु । थोरै समयमा नै धेरै सम्पत्ति जुटाउँछु । अहिलेलाई आधि सम्पत्तिमात्र दिनोस् ।" माताले पैसा दिइन् । व्यापार गर्दागर्दै सम्पत्ति पनि धेरै कमाए । एकदिन स्वर्ण भूमिबाट आउँदा समुन्द्रबीचमा पुग्दा जहाज डुब्न लाग्यो ।



Downloaded from http://dhamma.digital

हुन त ७०० जना माझी थिए । जहाज हल्लिँदै गर्दा पानी भित्र पस्यो र जहाज डुब्न लाग्यो । जहाजमा भएका मानिसहरू सबैले आआफ्ना ईष्ट देवी देवता पुकार्न थाले । उपाय केही नसुझेपछि मानिस देवी देवतालाई पुकार्छन् । जनक राजकुमारले पुकार्ने कोही देवी देवता थिएनन् । उनलाई लाग्यो 'आफूलाई बचाउने काम त आफैंले गर्नुपर्छ अरूको आस गर्न हुन्नँ । 'अत्ता हि अत्तनो नाथो' भन्ने बुद्ध वचन सम्झे । देवी देवता पुकारे पनि डुबिन्छ र माछाको आहार हुन पुगिन्छ । म माछाको आहार हुन चाहन्नँ । सकेको मैले कोशिस गर्छु, कोशिस गरेर नहुने केही छैन । *'वीरियवतो किं नाम कम्म नसिज्झति ।'* उनको वीर्य बढेर गयो र सबै चित्त चेतसिक र रूप त्यसैमा प्रयुक्त भए ।

जनक राजकुमारले भुटेका जुनेलामा मह मिसाएर बेस्सरी खाए । खाइसकेपछि फेरि घ्यू मह शरीरमा घसे । कति दिनसम्म पौडिँदै जानुपर्छ होला । यो आहार कति दिनसम्म अडिने हो । रौंका प्वालप्वालबाट पनि घ्यू मह भित्र घुसे । उनी जहाजको टुप्पाबाट फाल हाले, अरू कराउँदै थिए । पौडिँदैपौडिँदै गए । वीरिय अधिपति हुँदा हात पनि छिटोछिटो चले । थकाइ पनि लागेन । गल्न पनि गलेन । ७ दिनसम्म यसरी पौडे । खानेकुरा केही बाँकी रहेन । आजदेखि म उपोसथ व्रत लिन्छु भन्ने मनमा लिए । त्यसैबेला मणिमेखला भन्ने देवीले देखिन् । फाल हाल्ने बेला पिताको राज्यको दिशातर्फ हेरी फाल हालेका थिए । पछि सिपाही जुटाएर पिताको राज्य फिर्ता लिइछाडे । उनी राजा भए । राज गर्दागर्दै उमेर पनि अलि छिप्पिँदै गयो । उनले सोचे, 'म यो कामगुणमा सँधै बसेर डुब्ने काममात्र हुन्छ, छुट्कारा हुने बाटो मैले खोज्नैपर्छ । राज्यको रजाईमै भुलेर बसे भने कुशल कहिले गर्ने ? हुन्न, हुन्न यहाँ यसरी भुलेर बस्न हुन्न । अब म जंगल जान्छु ।' जंगल जाने कुरा गर्दा उनका रानीहरूले अनेक प्रकारले रोक्ने कोशिस गरे । उनीहरूले बिलौना गरी भने, "हामीलाई छोडेर नजानुस् । हाम्रो मुख पनि हेरिदिनुस्, जनताको मुख पनि हेरिदिनुस् । जंगलमा दुःख हुन्छ, वन्यजन्तुहरू हुन्छन् । खाने पिउने कुरा पाइँदैन, दुःख हुन्छ ।" यस्तो भनेर अनेक प्रकारले रोक्ने कोशिस गरे ।

जान्छु गइहाल्छु भन्ने छन्द (इच्छा) तेज भएर आएपछि कसैले



Downloaded from http://dhamma.digital

रोक्न सक्दैनन् । अधिपति भइदियो भने इच्छा बहुतै बलियो भइदिन्छ । अधिपति भन्ने कुरा साँच्चै नै ज्ञानीमा हुन्छ, विद्वान व्यक्तिमा हुन्छ, त्यागी व्यक्तिमा हुन्छ, वीर्यवान व्यक्तिमा हुन्छ । कसैले रोकेर हुँदैन । अधिपति भइदियो भने छन्द, वीरिय, चित्त र विमंस जुनसुकैमा होस्, भएभरका चित्त चेतासिक र रूपहरू अधिपतिको हुकुममा चल्ने हुन्छन् । चित्तले अर्को विचार गर्न सक्दैन । इच्छा जता ढल्केको हुन्छ, त्यतै विचार पनि ढल्किदिन्छ । अधिपति भइदिंदा त्यसको विरूद्धमा चित्त चेतसिक र रूपहरू जान सक्दैनन् । कसैले चित्त त हो, जता मनलाग्यो त्यतै जान्छ, कसैले रोक्न सक्दैन भनेको पनि चित्त अधिपति भइराखेको ले गर्दा हो । सबै चेतसिकहरू र रूपहरू तिनकै पछि लागेका हुन्छन् ।

विमंस (ज्ञान) अधिपति पनि त्यस्तै हो । ज्ञानले काम गर्‍यो भने के सफल हुन्न र ! मुख्य कुरा त ज्ञान हो भनेर कसैले ज्ञानमा विशिष्टता देखेका हुन्छन् । अरू दुई अधिपति पनि हुन्छन् – १) सहजति अधिपति र २) आरम्मण अधिपति । अहिले चर्चा गरिएको – छन्द, वीर्य, चित्त र ज्ञानको लागि सहजात अधिपति भइदिन्छन् । ध्यान गर्दैजाँदा खन्धलाई देखिन्छ, उत्पति-विनास देखिन्छ । यसरी देख्दै गरेको बेला देख्ने ज्ञान सँगसँगै रहेको हुन्छ । ज्ञान अधिपति भइदिंदा आफूले कोशिसै नगरे तापनि आनन्दपूर्वक ज्ञानले प्रत्यक्ष देखिरहेको हुन्छ । उत्पति-विनास देखेर ज्ञान त्यसैमा रमाएको हुन्छ । बन्दै बिग्रँदै गरेकोमा ज्ञानको साथै अन्य चित्तज रूपहरू पनि ज्ञानको साथमा अधिपति भइदिएका हुन्छन् । अधिपति भइदिएकाले चल्नु, हल्लनु, छट्पटाउनु भन्ने हुँदैन । आनन्द मानेर खन्धको उत्पति-विनाससँग रमाइरहेको हुन्छ, खोज्दै हिड्नुपर्दैन । जति आउँछन् – बनेर पनि आफ्नो स्वभाव बताइरहेको हुन्छ, बिग्रेर पनि बताइरहेका हुन्छ । किनकि ज्ञान अधिपति भइदिएको छ ।

अधिपति नहुन्जेल घरीघरी मन बाहिर जान्छ, आफ्नो क्षमता अनुसार यथास्थानमा ल्याउनुपर्छ । यसो गर्दागर्दै खन्धलाई अलिअलि देख्न थालिन्छ, मेसो लाग्दै जान थालिन्छ, ज्ञान तेजिलो हुँदै जान थालिन्छ । साँच्चै नै ज्ञान अधिपति भएर आयो भने ज्ञानकै आधारमा उत्पति-विनास देख्ने काम हुन्छ । बन्दैछ, बिग्रिँदै छ भन्ने मात्र देखिन्छ, ज्ञानले विशेष



Downloaded from http://dhamma.digital

धाएर हेर्नुपर्ने नै हुँदैन, मन बाहिर जाला भन्ने नै हुँदैन, बाहिर जाने मन पनि अधिपतिको बशमा पर्न आउँछ । अनि बाहिर जाने बल पनि गर्दैन । यहाँ र वहाँ भन्ने पनि हुँदैन । ढुक्कले हेरिराख्ने काम मात्र हुन्छ । पहिले त यहाँ उत्पत्ति भयो, हेऱ्यो वहाँ उत्पति भयो, हेऱ्यो भइरहेको थियो । अब त यहाँ भन्ने पनि हुँदैन, वहाँ भन्ने पनि हुँदैन ।

हाम्रो शरीरमा चित्त, चेतसिक र रूपमात्र छन् । ती पनि बन्ने र बिग्रने भइरहेका छन् । यी चित्त चेतसिक पनि रूपमा यहाँ छ भनेर वहाँ छ भनेर केलाई भन्ने ? यहाँ वहाँ भनेर चिन्न लगाएको त प्रज्ञप्तिले हो । टाउको, हात, खुट्टा, ज्यान भन्ने त प्रज्ञप्तिको काम हो । पछि ज्ञान छिप्पिएर आएपछि त प्रज्ञप्ति भन्ने नै हराउँछ । अनि त छैन केही पनि – टाउको पनि छैन, हात पनि छैन, खुट्टा पनि छैन र ज्यान पनि छैन । परमार्थमा यो ठाउँ त्यो ठाउँ भन्ने हुँदैन । ज्ञानले यथार्थ देख्ने काममात्र गर्दछ । उत्पति-विनास, उत्पति-विनास भइरहेको मात्र देख्दछ । यहाँ वहाँ कहीं पनि होइन । बन्ने बिग्रने भइरहेको जान्नुबाहेक केही पनि छैन । यही प्रज्ञाधिपति हो ।

*'वीमंसाधिपति वीमंससम्पयुत्तकानं धम्मानं तं समुट्ठानानञ्च रूपानं अधिपतिपच्चयेन पच्चयो ।'* जब ज्ञान अधिपति हुन्छ, आफूले त्यति बल गर्नु पनि पर्दैन । बसेर देखापरिरहेकोलाई देखिराख्ने हो । कहाँ भन्ने नभए पछि खोजिराख्नुपर्ने पनि हुँदैन । खोज्नुपर्ने भनेको ठाउँ भएर न हो ! ज्ञान नभएसम्म त प्रज्ञाप्तिले देख्ने काम गर्दथ्यो । अतः प्रज्ञाप्तिलाई कति पनि मनसिकार गर्नुहुँदैन ।

खन्धलाई हेर्दा भीडियो हेरेझैं हेर्नुपर्छ । भीडियोमा चित्र नआउन्जेल त शिशा न हो ! हामी शिशालाई नै हेरेर बस्छौं । चित्र आएपछि शिशालाई हेरिंदैन । अब शिशालाई होइन, चित्रलाई हेरिन्छ । यो शरीर भनेको पनि शिशाझैं हो । जब चित्र आउन थाल्यो अर्थात् स्वभाव-धर्म उत्पति भयो, शिशा अर्थात शरीरलाई ध्यान दिनुहुँदैन, जसरी भीडियोमा आएको नाटकलाई हेर्दा शिशालाई ध्यान दिइँदैन । शिशालाई ध्यान दिइँदै गरेको त प्रज्ञप्तिलाई स्थान दिइरहेको हो । यहाँनिर सम्मा-संकप्प (सम्यक संकल्प)को ठूलो आवश्यकता हुन्छ । सम्मा-संकप्प भनेको परमार्थतिर लैजाने चित्त हो ।



Downloaded from http://dhamma.digital

परमार्थको उत्पत्ति-विनास देखिराख्ने चित्तचाहिँ सम्मादिट्ठि (सम्यक दृष्टि) हो । यसरी प्रज्ञप्तिलाई देख्ने काम नभई परमार्थलाई मात्र देख्ने काम भएमा घुँडा दुख्छ, टाउको दुख्छ भन्ने नै हुँदैन । सिर्फ उत्पत्ति-विनास मात्र देखिरहेको हुन्छ । हात भएर पो दुखेको थियो, खुट्टा भएर पो दुखेको थियो, अहिले हात खुट्टा भन्ने नै छैन भने के दुख्छ ? दुख्ने भन्ने नै हुँदैन । भएको त बन्ने बिग्रने मात्रै हो । त्यसमा कुनै सारतत्व छैन । 'म' पनि छैन, 'मेरो' पनि छैन । बन्ने बिग्रने मात्रै छ । नबन, नबिग्र भनेर रोक्न पनि सकिँदैन । यस्तो भइदिए हुन्थ्यो, यस्तो नभइदिए हुन्थ्यो (एवं अहोसि एवं मा अहोसि) भन्ने पनि हुँदैन ।

यसबाट योगी साधकहरूले पनि सिर्फ उत्पत्ति-विनासमात्र रहेछ । काम लाग्ने केही पनि रहेनछ, सिर्फ दुःखमात्र रहेछ भनेर बुझ्न थाल्छन् । कसै कसैले खुट्टा दुखेको अनुभव हुँदा भगवानले दुःख-सत्य भनेर सही रहेछ भन्ठान्छन् । भगवानले दुःख-सत्य भनेको परमार्थलाई लिएर भन्नुभएको हो तर उसले दुःख-सत्य भनेको प्रज्ञप्तिलाई लिएर सम्झिदिंदा उल्टो बुझाइ हुनजान्छ । प्रज्ञप्ति दुःखलाई त ध्यान बस्नेले मात्र होइन, साधारण व्यक्तिले पनि देख्छ । कुकुरलाई लट्ठीले हिर्काइयो भने उसले पनि प्रज्ञप्ति दुःखलाई देख्छ । भगवानले भन्नुभएको दुःख-सत्य त्यस्तो दुःखलाई होइन । वास्तविक दुःख-सत्य त दुख्ने पोल्नेलाई भनिएको होइन, उत्पत्ति-विनासलाई भनिएको हो । उत्पत्ति-विनासलाई दुःख-सत्य भनेर जानिएको कुनै सार-तत्व नै नभएर वा कतै काममै नलाग्ने भएर हो ।

टेढो सयाबोले काम पनि लाग्दैन, काम लगाउन पनि सकिँदैन भने त्यसलाई 'दुःख' भनिन्छ भन्नुभएको छ । यसरी दुःखलाई आफ्नो अधिनमा नभइएको हो भनेर ज्ञानमा प्रवेश हुन्छ । यसरी प्रवेश हुनेहरू विमंसाधिपति भएका नै हुन्छन् ।

अर्को आरम्मण अधिपति भन्ने पनि हुन्छ । रूप, शब्द, गन्ध, रस, स्पर्श र धम्मलाई आरम्मण भनिन्छ । आरम्मण अधिपति कुशलमा पनि अकुशलमा पनि हुन्छ ।

## एकजना भिक्षुको प्रसंग –

भगवानको पालामा एक भिक्षु भिक्षाटनमा जानुहुन्थ्यो । भिक्षाटनबाट



Downloaded from http://dhamma.digital

फर्केर दिनभरि निर्वाणकै आरम्मणमा अर्थात् फल समापत्तमा बस्नुहुन्थ्यो । उनको त्यो आचरण अधिपति भइदियो । अधिपति हुँदा छोड्नै सक्नुभएन । पछिपछि त भिक्षाटन जाने समयमा पनि समापत्तिमा बस्न चाहनुभयो । भिक्षाटन नगइकन पनि ध्यान पूरा गर्छु भनेर भिक्षामा पाएको भोजन जति आफूलाई चाहिन्छ त्यति लिइसकेपछि बाँकी रहेको भोजन घाममा सुकाउनुभयो । घाममा सुकाएपछि त दुर्गन्ध हुँदैन । अर्को दिन त्यसलाई पानीमा भिजाएर भोजन लिनुहुन्थ्यो । उहाँलाई मीठो नमीठोको भेद थिएन । उहाँ अरहन्त हुनुहुन्थ्यो । अरहन्तमा रस-तृष्णा हुँदैन । सिर्फ बाँच्नको लागि, आहारा अलिकति खन्याइदिने मात्रै हो । यसरी उहाँले दिनदिनै भोजन लिने गर्नुहुन्थ्यो । त्यो बाँकी भोजन सबै सकिएपछि मात्र भिक्षाटन जानुहुन्थ्यो । निर्वाणको आरम्मण अधिपति भइदिंदा त्यो आरम्मणलाई उहाँले छोड्नै सक्नुभएको थिएन ।

भगवानको समय खेर जाने भन्ने थिएन । विश्राम गर्दा पनि समापत्तमा प्रवेश गर्नुहुन्थ्यो । धर्मदेशना गर्दा 'साधु साधु' भनेको क्षणमा पनि समापत्तमा निर्वाणलाई मनन गर्दै बस्नुहुन्थ्यो रे ।

कुशलपट्टि मात्र होइन, अकुशलपट्टि पनि आरम्मण अधिपति हुन्छ, रूपमा, शब्दमा, गन्धमा, रसमा, स्पर्शमा, र धम्ममा पनि । रूपमा अधिपति भएर ज्यान त्याग्ने पनि धेरै छन् । पुतली बत्तीको उज्यालोमा आकर्षित हुन्छ । उज्यालो आरम्मण भइदिन्छ र त्यो उज्यालोमा एक्कासी होमिन जान्छ । बत्तीको आगोले पोल्छ, फेरि जान्छ, पोल्छ । गर्दागर्दै त्यो जलेको दुःखलाई एकछिन बिर्सन्छ । फेरि बत्तीमै जान्छ र यसो गर्दागर्दै मर्छ । त्यस्तै मानिसमा पनि अति राम्रो रूप देख्यो र मन पऱ्यो भने घर आउँदा पनि त्यही रूप सम्झिराख्छ । त्यो रूपले घरीघरी तान्छ, हेरूँ हेरूँ लाग्छ । 'हेर्न मन लाग्यो, हेर्न मन लाग्यो' भएको बेला सारा चित्त चेतासिक र रूप त्यसै रूपमा तानिएको हुन्छ । धाएरै भएपनि त्यहाँ त्यो रूप हेर्न नगई नछोड्ने हुन्छ । त्यस्तै शब्दमा पनि ।

### *एक उपासिकाको प्रसंग –*

एक उपासिका थिई । एकजना व्यक्तिले फकायो, मानिनन् । त्यो व्यक्ति बाजा बजाउन अति सिपालु थियो । उसले त्यस उपासिकाले सुन्ने



Downloaded from http://dhamma.digital

गरी बेञ्जो बजाएर राम्रो धुन निकाले । ती उपासिकालाई त्यो व्यक्ति त मन परेको थिएन । सुन्दासुन्दै बेञ्जोको त्यो आवाज तिनमा शब्द आधिपति भइदियो । स्वर (आवाज)मा तानिंदातानिंदै तिनको होसै उड्यो । जेसुकै भए पनि त्यो आवाज भएठाउँ जान्छु भनी हतारमा सिंढी झर्दा सिंढीबाट खसेर मरी । कोही गन्धमा वा रसमा पनि तानिएर लट्पटिएर मर्ने पनि छन् जस्तै कमिला ।

## *गन्ध अधिपतिबारे एक उपमा –*

एक राजा थिए । उनी हात्ती समाउन अति सिपालु थिए । हात्ती समाउन सिपालु अन्य मानिसहरू पनि राजाले पालेका थिए । एउटा सिपाहीले एउटा सुन्दर हात्ती देखें भन्न आयो । राजा गएर समाएर ल्याए र तालिम दिलाए । हात्तीलाई तालिम दिई कुरा बुझ्ने बनाए । त्यो हात्तीलाई जस्तो काम पनि लगाउन सक्ने गरी तालिम दिएका थिए । एकदिन राजाको बगैंचामा जंगली हात्ती हात्तीनीहरू आएर बगैंचामा लसपस गरेर गए । त्यो तालिम दिइएको हात्ती चढेर राजा बगैंचामा जाँदा हात्तीनीहरूको गन्ध त्यो हात्तीले चाल पायो । दिसा पिसाब गरेकोबाट उसले गन्ध जान्यो । त्यो गन्धले हात्ती बहुलाजस्तो भयो । ऊ एक्कासी जंगलतर्फ दौड्यो । राजा आत्तिए । हात्ती बेगले दगुरिरहेको थियो । हात्तीको माउते तल झर्‍यो । राजाले समाउने केही कुरा पनि पाएन । हात्तीलाई तालिम दिनेले मलाई मार्न खोजेको रहेछ भन्ठाने । राजाले बच्ने उपाय खोज्दै थिए । उनले एउटा रूख देखे । राजाले हाँगा समाते तर हात्ती लम्के । राजा बचे । यो खबर देशभरि फैलियो । सिपाहीहरू दगुर्दै आए । राजा दरवार फर्के । हात्तीलाई तालिम दिनेलाई बोलाएर भने, "कसरी हात्ती सधाएको ? आज झण्डै हात्तीले मलाई मारेन ।" उनले भने, "होइन, महाराज, हात्तीनीसँग संसर्ग हुने बेला परेकोले र हात्तीनीको गन्धले हात्ती बहुला भएको हो । त्यो हात्ती भोलि फर्केर आउनेछ ।" राजाले आउँछ कि आउँदैन विचार गर्‍यो । साँच्चै नै भोलिपल्ट त हात्ती फर्केर आयो । पछि त पहिलेको जस्तै आज्ञाकारी भयो । यस घटनाबाट राजालाई सम्यक्-ज्ञान भयो कि कामगुण भन्ने कुराले मानिसलाई पागल बनाउँदो रहेछ । कामगुण अधिपति भइदियो भने मान्छेमात्र होइन, पशु पनि पागल हुँदो रहेछ । त्यस्तै



Downloaded from http://dhamma.digital

गाइ, गोरू, कुकुरलाई पनि त्यस्तो बेलामा जति कुटे पनि लघारे पनि डराउँदैनन् । त्यस्तो भएको आरम्मण अधिपति भइदिनाले हो ।

***फोट्ठब्ब अधिपति सम्बन्धमा***

## ***पञ्चपापी नामको केटीको उपमा –***

एकजना पञ्चपापी भन्ने केटी थिई । तिनको शरीर कालो थियो र अंगहरू पनि बाङ्गातिङ्गा थिए । हात खुट्टा हेर्नलायकको थिएन । शरीर पनि नमिलेको, आँखापनि टेढो, नाक पनि बाँगो थियो । समग्रमा तिनी कुरूपा थिइन् । तिनको अगाडि कोही केटा पनि पर्न डराउँथे । एकदिन त्यहाँका राजा देशमा के के हुँदैछ भनी जान्न छद्मभेषमा चियो गर्दैहिंडेका थिए । त्यहाँ नजिकै एक हुल केटाकेटीहरू खेल्दै थिए । त्यो पञ्चपापी पनि त्यहाँ खेल्दै थिई । खेलको साथी सम्फेर पञ्चपापीले राजालाई च्याप्पै समाती । तिनी पनि भर्खरकी १७–१८ वर्षको थिई । हात समाउँदा राजाले त्यतिको नरम हात कहीं पनि कहिल्यै पनि समातेका थिएनन् । त्यो फोठ्ठब्ब आरम्मणलाई उनले सहन गर्न सकेनन् । राजाले पनि तिनको हात च्याप्पै समाते । राजाले सोधे, "तिमी कसकी छोरी हौ र तिम्रो विवाह भयो कि भएको छैन ?" यस्तो रूप भएकीलाई कसले माग्न आउँथे र ! राजाले भने, "त्यसो हो भने म तिमीलाई विवाह गर्छु, राजी छौ ?" ती केटीले घर गएर आफ्नी पितालाई यो कुरा भनिन् । पिताचाहिँले राजा भनेर चिनेको थिएन । कसैले माग्न आउला भन्ने पनि लागेको थिएन । उत्तिखेरै छोरी दिइहाले । राजा आफ्नो काम छ भनी गइहाले । राति लिन आए र राति नै विवाह भयो । त्यतिखेरको चलन अनुसार छिन्नेवित्तिकै विवाह हुन्थ्यो । राजा छद्मभेषमा थिए । बिहानै काममा जान्छु भनेर जान्थे, राति आउँथे । भोलि फेरि बिहानै जान्थे ।

एकदिन उनको पितालाई पेटको रोग भयो । पञ्चपापीले आफ्नी बुढाको अनुहार कस्तो छ भनेर पनि देख्न पाएकी थिइनन् । बिहानै जान्थे, राति आउथे, कसरी देख्नु र चिन्नु । एकदिन राति अध्यारोमा भनिन्, "पिताजीलाई सन्चो छैन ।" छद्मभेषी राजाले सोधे, "के औषधि लिनुहुन्छ ?" तिनले भनिन्, "मह, घ्यू मिलाएर औषधि खुवाए सन्चो हुन्थ्यो, कहाँ



Downloaded from http://dhamma.digital

पाउने होला ।" राजाले भने, "त्यसको लागि चिन्ता नगर । भोलि म खोजेर ल्याउँछु ।" भोलिपल्ट राजाले औषधि लिएर आए । अर्को एउटा पोको पनि लिएर आयो । त्यो पोको मणिको थियो । तिनले सोधिन्, "यो पोको किन ल्याउनुभएको ?" राजाले भने, "रातिराति हिंड्नुपर्छ । यसरी हिंड्दा मलाई खतरा हुन्छ । अंगरक्षक सिपाही पनि छैनन् ।"

अब राजाले सोचे, अरूले चिने थाहा पाए भने राम्रो हुँदैन । यिनलाई राजदरबारमा लगेर रानी बनाउनैपर्छ । यतिकै लगेर हुन्न । सबैले गिल्ली गर्छन् । जनतालाई चित्त बुझाएरै रानी बनाउँछु । फोट्ठब्बको आरम्मण कस्तो हुन्छ भनेर जनतालाई देखाउनुपर्छ ।" राजाले फेरि भने, "आज यो पेटको औषधि दिनू, भोलि यो दिनू । पछि यस्तो औषधि ल्याउन सकिँदैन । म केही दिन आउन सक्दिनँ ।" राजा दरबार फर्के । भोलिपल्ट फलाना ठाउँको मणी ल्याऊ भनेर भण्डारेलाई अराए । भण्डारेले 'छैन, कसले चोऱ्यो कुन्नी' भन्न आयो । राजाले सारा सहरभरि खोज्न हुकुम दिए । सिपाही र गुप्तचरहरूले सहरभरि खोज तलास गरे । आखिरमा पञ्चपापीको घरमा त्यो मणी भेट्टियो । पञ्चपापीका बाबुआमालाई बाँधेर ल्याइए ।

बाबुआमाले भने, "होइन यो त ज्वाईले ल्याउनुभएको हो ।" पञ्चपापीले पनि भनिन्, "यो त मेरो श्रीमानले ल्याउनुभएको हो ।" राजाले सोधे, "तिम्रा श्रीमान को हो बताऊ ।" पञ्चपापीले भनिन्, "अनुहार त मैले पनि देखेको छैन ।" राजाले सोधे, "उसलाई कसरी चिन्छौ त ?" तिनले भनिन्, "हात समाउन पाएँ भने चिन्छु । उहाँको हातमा चिनो छ । उहाँ राति आउनुहुन्छ र बिहानै जानुहुन्छ । खोजेर ल्याएर खुवाउनु हुन्छ ।" 'उसोभए नगरका मन्त्री भारदार सबै भेला हुनू' भनेर राजाले आदेश दिए । सबैलाई एकएक गरेर एउटा प्वालमा हात छिराएर पञ्चपापीलाई जाँच्न दिए । यो हात समात्छिन्, होइन, त्यो हात समात्छिन्, होइन । पहिले सबैलाई पञ्चपापीलाई देखाएका थिए । घीनलाग्दो केटीले हात समाउने भई भनेर सबै पछि हटे ।

कसैले हातै नसमाउने भएपछि राजाले सोचे, 'कोही चोर निस्केन भने मै कसुरदार भएर सजाय भोग्छु र तिनलाई विवाह गर्छु ।' सबैले हात



Downloaded from http://dhamma.digital

छिराइसकेपछि र होइन भनेपछि आखिरमा राजा बाँकी रह्यो । राजाले सोधे, "अब कसको पालो हो ?" जवाफमा भने, "महाराज, सबैको पालो सकियो ।" "को बाँकी रह्यो त ?" "महाराज, हजुर मात्रै ।" राजाले हात प्वालमा दिए । पञ्चपापी चिच्याइन्, "यिनै हुन् मेरो बुढा ।" मणिघोरमा राजा दरियो । राजाकै चाल रहेछ भनेर जनताले बुझे । राजाले भने, "तिमीहरूले नठगी नडराई भन, हात समाउँदा तिमीहरूको मनमा के आयो ?" "यतिको नरम फोट्ठब्ब आजसम्म हामीलाई थाहा छैन । हामी सबैलाई मनपर्‍यो । हामीबीच नै झगडा होला जस्तो भयो । रानी बनाएर राख्न योग्य छ, महाराज !" ।

जनताले त्यसो भनेपछि राजालाई अप्ठेरो भएन र पञ्चपापीलाई रानी बनाए । यसले अरू रानीहरूलाई आपत भयो । राजाले तिनीहरूलाई मायाँ नै नगरे जस्तो हुनथाल्यो । सबै यो पञ्चपापीको खेल हो । यसलाई मार्ने उपाय गर्नुपर्छ भनी उनीहरू उर्ले । छाहले पञ्चपापीलाई मार्ने विचार गरे तर कसरी मार्ने ? उनीहरूले सजिलो उपाय सोचे । जोतिषहरूलाई घुस खुवाएर कुरा मिलाउनुपर्छ । पञ्चपापीले हात्ती चढेर चन्द्रमालाई समाएको सपना देखी भनेर राजालाई बताए । राजाले जोतिष बोलाएर सपनाको कुरा सोधे । जोतिषलाई पनि मौका मिल्यो । जोतिषले भने, "यिनको सपना त महाराजलाई हानी हुने सपना हो । महाराजको ज्यान खतरामा छ । यिनी राजधानीमै रहिन् भने महाराजको अवश्य मृत्यु हुन्छ ।"

मर्न भनेपछि सबैलाई डर हुन्छ । राजा आत्तिए । जोतिषले सल्लाह दिए, 'राति अध्यारोमा नदीमा लगेर डुबाइदिनुपर्छ । यही नै उपाय छ ।' 'लौ त त्यसै गर' भनेर राजाले विवश भएर भने । पञ्चपापीलाई नदीमा फाले । भाग्यवश तिनी मरिनन् । पौडदै पारी पुगिन् । उताको राजाले तिनलाई भेट्टाए । हात समातेका मात्रै थिए मनपराएर रानी बनाए । यताको राजाले नदीमा फालेर मार्ने आदेश त दिए तर मनबाट झार्न सकेका थिएनन् । उनको मनमा लाग्यो, 'मैले यसरी पञ्चपापीलाई त्याग्न हुँदैनथ्यो । ती जोतिषहरूको कुरा पत्याएर मैले ठीक गरिनँ । बरू मै मर्छु, उनलाई छोडदिनँ' भनेर उत्तिखेरी नै सेना सिपाही जुटाएर नदी पारी पुगे ।



Downloaded from http://dhamma.digital

उनले पारीका राजालाई हाँक दिए, "यिनी मेरी रानी हुन् । तपाईले हरण गर्दैहुनुहुन्छ, फिर्ता दिए देऊ, नभए युद्ध गर ।" त्यो राजाले भने, "रानी दरवारकै भए तपाईंको कुरा ठीकै थियो । नदीमा बगायौ । मैले तिनलाई रानी बनाइसकें, त्यसैले फिर्ता दिन सक्दिनँ । युद्ध गर्न तयार छौ भने म पनि तयार छु ।"

दुवैपट्टिका सेना तयार भए । एउटीको कारणले यतिकालाई मर्न दिन त हुन्न । कारण यिनै पञ्चपापी हुन् । युद्ध गर्न योग्य छैन भनेर दुवैपट्टिका मन्त्रीहरू मिलेर सल्लाह गर्न थाले । सिपाहीहरूलाई लडाई नगर्ने बनाइदिए । उनीहरूले भने, "एउटी पञ्चपापीको लागि यतिका जनताको ज्यान मोफतमा फाल्न दिनुहुँदैन, तपाई दुवै राजाले युद्ध गर्न पाउनुहुन्न । हामी यसमा राजी छैनौं । हामीले एउटा निर्णय निकालेका छौं । त्याग्न सक्नुहुन्छ भने अर्कोलाई दिइदिनुहोस्, नसके दुई देशकै रानी बनाइराख्नुहोस् । ७/७ दिनको पालो बनाएर तिनलाई दुवैले भोग गर्नुहोस् ।"

त्यतिसम्मको भयो । यो फोट्ठब्ब आरम्मणको कमाल हो । रूप हेर्‍यो भने हेर्न लायककै छैन तर फोठ्ठब्ब आरम्मणले गर्दा त्यति कुरूपा भइकन पनि दुई राजामा युद्धसमेत हुन लागेको थियो । आरम्मण अधिपति भइदिंदा चित्त चेतसिक र रूपहरू जम्मै त्यसैको पछि लागि दिन्छन् ।

*'यं यं धम्मं गरूं कत्वा ये ये धम्मा उप्पज्जन्ति चित्त चेतसिका धम्मा, तेते धम्मा तेसं तेसं धम्मानं अधिपतिपच्चयेन पच्चयो ।*

जुनजुन धर्म – छन्द, वीर्य, चित्त, विमंस र आरम्मण धर्महरूको कारणले यी सम्पयुक्त धर्महरू उत्पति हुन्छन् र ती चित्त चेतसिक धर्महरू पनि तिनीसँगसँगै उत्पति हुने सम्पयुक्त धर्म र रूपधर्महरूलाई पनि मालिक भएर सबैलाई अंगालेर उपकार गर्ने हुन्छ । यसमा कसैले वा कुनै तत्वले रोक्न सक्दैनन् । उपकार गर्नमा कति पनि अल्छी मान्दैनन् ।

मूलतः प्रज्ञा अधिपतिकै जरूरत पर्दछ । पञ्ञेन्द्रिय चेतसिक हो । प्रज्ञा अधिक भइदिएमा सम्पूर्ण चित्त चेतसिकहरूले मिलेर उत्पत्ति-विनासलाई मात्र देख्न सकिने बनाइदिन्छ । अधिपति पच्चयलाई यतिमा नै बुझौं ।

**पट्ठान देशनाअन्तर्गत पाँचौं दिनको**
**'अधिपतिपच्चयको देशना' समाप्त भयो ।**



Downloaded from http://dhamma.digital

# छैठौं दिन

## (अनन्तरपच्चय र समनन्तरपच्चयलाई मिलाएर)

६

हिजो अधिपति पच्चयमा भनियो कि चित्त चेतसिक धर्महरू धेरै छन् तर तीमध्ये अधिपति भइएकाचाहिँ छन्द, वीर्य, चित्त र विमंस हो । अर्को दुई अधिपति पनि छन् – सहजात अधिपति र आरम्मण अधिपति ।

आरम्मण अधिपतिमा यतिसम्म हुन्छ कि देवताहरू खान बिर्सेर पनि मृत्यु हुन्छन् । नन्दन वनमा जब देवताहरू कामसुखको रसमा डुबेर बस्न थाल्छन्, अप्सराहरूको फोट्ठब्ब धातु आरम्मण अधिपति हुँदा आफ्नो आहारको समय कटेर गएको बिर्सिदिन्छन् । मनुष्यलोकमा जस्तो भोक लागेर भुँडी बटार्ने वा पेटमा मुसा कुद्ने भन्ने देवलोकमा हुँदैन । उनीहरूलाई समयले नै आहार शरीरमा खन्याइदिइराख्नुपर्छ किनभने विना आहार कुनै सत्वप्राणी पनि जीवित हुन सक्दैनन् । भनिएको पनि छ – *'सब्बे सत्ता आहार ट्ठितिका'* । जब आहारको समय कटेर मृत्यु हुने समयले जलाउँछ, त्यो बेला हत्तनपत्त आहार खान्छु भनेर हुँदैन । त्यस्तो अवस्थामा मृत्यु हुने देवताहरू पनि धेरै नै हुन्छन् । आरम्मण अधिपति भइदिएकाले सबै कुरा बिर्सिन्छन् । चित्तज रूपहरू पनि अधिपतिकै हुकुममा चल्ने हुँदा सम्झिन पनि सक्दैनन् ।

### अनन्तर र समनन्तरपच्चय

अनन्तर = अन + अन्तर । अन्तर = फरक भएको । न अन्तर = अनन्तर, फरक नभएको । अलिकति पनि अन्तर नपारिकन उपकार गर्ने भइएकोलाई 'अनन्तर पच्चयो' भनिन्छ । बीचमा अलिकति



Downloaded from http://dhamma.digital

पनि खाली भएको हुँदैन । 'अ' र 'न' को वीचमा 'न' आधि घुसेको छ त्यसैले बीचमा खाली नै नभइकन उच्चारण हुन्छ । त्यस्तो स्वभावलाई 'अनन्तर' भनिन्छ । अनन्तर र समनन्तरलाई पालिमा उच्चारण हुँदा एकै रफ्तारले जाने हुँदा दुवैलाई सँगै नै लैजानुपर्छ । समनन्तर भनेको सम + अनन्तर जोड्दा 'समनन्तर' हुन्छ । सम = राम्रो प्रकारले, अन्तर = अन्तर नै नभइकन वा अन्तर नै नबनाइकन भन्ने अर्थ लाग्छ ।

***उपमा –***

अर्थकथामा उपमा दिइएको छ – एउटा राजा चक्रवर्ती देहान्त भयो भने त्यसको लगतै हकदार राजकुमारलाई अभिषेक गर्छन् र राज्याभिषेक गरिदिन्छन् । चक्रवर्ती राजा र त्यो राजकुमारको बीचमा अरू कुनै राजा आउन पाउँदैन । तुरून्तै त्यो राजकुमार चक्रवर्ती राजा हुन्छ । अनन्तर पच्चय पनि त्यस्तै हो ।

समन्तर पच्चयलाई पनि अर्थकथामा उपमा दिइएको छ । जस्तै चक्रवर्ती राजाको जब उमेर छिपिन्छ र राज्यमा र परिवारमा क्रमगुणमा डुबेर भएन भनेर विरक्तिएर जंगल पसे भने तुरून्तै जेठा राजकुमार गद्दीमा बस्छन् । पालिमा भन्दा 'अनन्तरपच्चयेन पच्चयो' भन्नु र 'समनन्तरपच्चयेन पच्चयो' भन्नु त्यति मात्र फरक छ ।

*'चक्षुविञ्ञाणधातु तंसम्मयुत्तका च धम्मा मनोधातुया तं सम्पयुत्तकानञ्च धम्मानं अनन्तरपच्चयेनपच्चयो ।'* चक्खुविञ्ञाण धातु = देख्ने मन, सम्पयुत्तका च धम्मा = देख्ने मनसँगसँगै उत्पति हुने धर्महरू हुन्छन् । जुन चित्त भए पनि सर्व चित्त साधारण चेतसिक ७ वटा हुन्छन् । लोभ चित्त दोस चित्तमा त धेरै चेतसिकहरू हुन्छन् । एउटा सानो मामुली चित्तमा पनि हुनसक्ने चेतसिकहरू ७ वटा हुन्छन् । तिनलाई *'सब्ब चित्त साधारण चेतसिक* = सम्पूर्ण चित्तमा हुने चेतसिक' भनिन्छ ।

भवंग-चित्तमा ७ वटा चेतसिक हुन्छन् । जवन-चित्तमा त चेतसिक धेरै हुन्छन् । सब्ब चित्त साधारण चेतसिक धर्महरूलाई सम्पयुत्त धम्म (सम्प्रयुक्त धर्म)भनिन्छ । चक्षुविज्ञान धातु भनेको देख्ने मन हो । अर्थकथामा बताइएको छ – आँखा चक्षु आयतनको प्रसाद रूप छ, देखिने रूप पनि छ



Downloaded from http://dhamma.digital

अनि त्यसमा मनसिकार पनि छ भने ती सबै जुटेर देख्ने क्रम हुन्छ । यसरी जुटेर देखिने काममा वा देख्नमा कसैले रोक्न सक्दैन । त्यति तीनवटा नजुटिकन पनि कसैले देख्न सक्दैन ।

चक्षुविज्ञान धातु भएमा रूपलाई स्वीकार गर्ने *सम्पटिच्छन्न-चित्त* उत्पति हुन्छ । स्वीकार गर्नेवित्तिकै विचार गर्ने चित्तको उदय हुन्छ । यसलाई *सन्तीरण-चित्त* भनिन्छ । विचार गरेपछि बल्ल निश्चय गर्छ । त्यसलाई *वुत्थो* भनिन्छ । निश्चय गरेपछि बल्ल अनुभव गर्छ । अनुभूति गर्ने चाहिँ जवन-चित्तहरू हुन् । अनुभूति पनि ७ पटक गर्छ । यसको अर्थ ७ पटकसम्म भोग गर्छ । भोग गर्दैजाने चित्त *जवन-चित्त* हो । ७ पटक अनुभव गरिसकेपछि फेरि दुईटा चित्त उत्पति हुन्छ । त्यसलाई *तदारम्मण-चित्त* भनिन्छ । तदारम्मण-चित्तको पछि *भवंग-चित्त* हुन्छ । जस्तै कि चक्खु विञ्आण धातु भनेको देख्ने मन हो । आँखामा रूपले स्पर्श गर्दा देख्ने मन उत्पन्न हुन्छ । देख्ने मनलाई स्वीकार गर्ने मन, विचार गर्ने मन, निश्चय गर्ने मन अनि अनुभव गर्ने मनहरू उत्पन्न हुन्छन् । अनुभव गरेर फेरि त्यसलाई मनन गर्ने मन अनि त्यसपछि फेरि भवंग-चित्तको उत्पति हुन्छ । यसलाई चित्त नियाम भनिन्छ । यिनीहरूले एउटा एउटामा अन्तर नबनाइकन नै उपकार गरिएको हुन्छ । यसलाई *'अनन्तर पच्चयो'* भनिन्छ । जस्तै कि एकजना मान्छे आएर घरमा ढोका ढक्ढकायो । ढोका खोलेर हेरियो । हेर्ने वितिकै त्यो मानिस उभिएको देखियो । 'आउनुस्, बस्नुस्' त भनिन्छ । बसेपछि कुन विषयले आउनुभयो भनेर सोधिन्छ । यो विषयले आएका रहेछन् भनेर निश्चय गरिन्छ । निश्चय गरेपछि उक्त विषयमा मनन गरिन्छ वा भोग गरिन्छ ।

रूपले ढक्ढकायो भनेको रूपारम्मणले स्पर्श गरेको हो । ढोका खोलियो भनेको आँखाको ढोका खोलेको हो । भवंगबाट बताउँदा –

चित्त नियमानुसार चित्त उत्पति हुने नियमलाई कसैले रोकेर हुँदैन । एउटा चित्त उत्पति हुनेवितिकै भगवानले पनि रोक्न सक्नुहुन्न । यो अकाट्य नियम हो । भगवानले त रोक्न सक्नुहुन्न भने अन्य देवी देवताहरूले रोक्न सक्ने कुरै आएन ।

आँखामा रूप आरम्मणको स्पर्श हुन्छ । रूप परमार्थ हो । स्पर्श



Downloaded from http://dhamma.digital

भयो भनेको आँखालाई हिर्कायो । त्यसो भनेको ढोका ढक्ढकायो । पहिले सुरूमा भवंग-चित्तमा जान्छ । भवंग-चित्तमा गइनसक्दै एउटा त फुत्किजान्छ । एउटा भवंग त यसरी कट्छ । त्यसलाई *अतीत-भवंग* भनिन्छ । त्यो पनि उत्पत्ति-विनास भएर गइसक्छ । त्यो कट्नेवितिकै बीचमा खाली नबनाइकन अर्को भवंग आउँछ र बितिसकेकोलाई नै मनन गर्दैगरेको हुँदा त्यो पनि भवंग नै हो । हानेको बेगले गर्दा यो उत्पन्न भएको भवंग हल्लिन्छ । त्यसलाई *'भवंग-चलन'* भनिन्छ । अनि फेरि अर्को आइदिन्छ । अर्को आउनेवित्तिकै अघि हल्लिएकोले गर्दा भवंगको लहरलाई काट्न सक्ने हुन्छ । काट्न अथवा छेदन गर्न सकेको हुँदा त्यसलाई *'भवंगुपच्छेद'* भनिन्छ । काटिदिनेवितिकै कुन द्वारमा हिर्काएको हो भनेर पाँचवटै द्वारलाई विचार गर्न थालिन्छ । त्यसलाई *'पञ्चद्वारावज्जन'* भनिन्छ । विचार गर्न थाल्नेवितिकै चक्षुविज्ञान उत्पन्न हुन्छ । ढोका खोल्नेवितिकै देखेको चक्षु विज्ञान हो । मान्छे देख्नेवितिकै आउनुहोस् बस्नुस् भन्नुपर्‍यो । त्यो आरम्मणलाई स्वीकार गरिएको हो । त्यसलाई *'सम्पटिच्छन्न'* भनिन्छ । के विषयले कति कामले आउनुभयो भनेर सोधपुछ गरेको र विचार गर्दै गरेकोलाई *'सन्तीरण'* भनिन्छ । अनि यो विषयले रहेछ भनेर निश्चय गर्छ । त्यो *'वुत्थो'* हो । निश्चय गर्नासाथ *जवन-चित्त* ७ वटा उत्पन्न हुन्छन् । ती जवन-चित्तले त्यसैलाई अनुभव गरिरहेको हुन्छ । अघिको लहरमै एकपछि अर्को जवन-चित्त उत्पति भई अनुभव गर्दैगर्छ । जवन-चित्त सकिएपछि त्यो अघि आएको लहरलाई फेरि मनन गर्ने चित्त दुईटा उत्पन्न हुन्छन् । कुनबाटो कसरी आएँ भनेर फर्केर हेरेको *'तदारम्मण-चित्त'* हो । तदारम्मण हुनेवितिकै अघिको लहर सकिन्छ । फेरि भवंग हुन्छ । यो भवंग अतीतको आरम्मणमा हुन्छ । अघि भनिएको जवन पच्चुपन्न (वर्तमान)को आरम्मणमा हुन्छ । एउटा चित्त उत्पति हुन अतीतबाट अलग्गै रहेर हुन सक्दैन । अतीतको पनि आधार लिनुपरेको हुन्छ । यो अनागत (भविष्य) तिर पनि ढल्केको हुन्छ । अहिले बनेको चाहिँ पच्चुपन्नमा हो । तीनवटै कालको सम्बन्धबाट भएकोले 'खन्ध' भनिन्छ । 'खन्ध' भनेको जम्मा भएको भनिएको हो ।



Downloaded from http://dhamma.digital

**चित्तको लहरलाई पुनरावृति गरी यसरी बुझौं –**

आँखामा रूप ठोकिएको वस्तु नभई रूप परमार्थ ठोकिएको हो । तर आँखैमा त होइन, चक्षु प्रसादमा स्पर्श हुन्छ । स्पर्श हुनेवितिकै आँखाले के देखेको हो जान्दैन, चक्षु प्रसादले मात्र जान्दछ । स्पर्श भएपछि भवंगमा पुगिन्छ । एउटा भवंग त यसरी कटिसक्छ । कटिसकेको भवंगलाई 'अतीत-भवंग' भनिन्छ । भगवानले कसैद्वारा पनि नसिकिकन आफ्नो ज्ञानले यति मसिनो कुरालाई पनि यसरी देख्नुहुन्छ । प्रत्येक बुद्धले पनि देख्नु त हुन्छ तर नाम दिएर अनि शब्द र प्रमाण पनि दिएर बुझाउन सक्नुहुन्न । सम्यकसम्बोधि ज्ञानले मात्रै देख्न सकिन्छ । भगवानको ज्ञानले यति मसिनो पनि देख्नुभयो कि स्पर्श हुनेवितिकै एउटा भवंग त कटिसक्यो रे । अनि त्यसलाई 'अतीत-भवंग' भनेर नाम पनि दिनुभयो । त्यसमा पनि सब्ब चित्त साधारण चेतसिक ७ वटा हुन्छन् । ती यिनै हुन् –

फस्स, वेदना, चेतना, संज्ञा, एकाग्रता, जीवितिन्द्रिय र मनसिकार ।

यी सातवटा त्यसैमा उत्पति-विनास भई सँगसँगै वितिसक्छन् । दोस्रो फेरि उत्पति हुन्छ । अघि हिर्काएको चोट त छ, अर्को भवंगमा गएर हल्लिन्छ । त्यसलाई 'भवंग-चलन' भनिन्छ । हल्लिनेवितिकै त्यो पनि बिग्रिन्छ । बिग्रिनेवितिकै फेरि अर्को उत्पति हुन्छ । त्यो 'भवंग-उपच्छेद' हो । यसले भवंगको लहरलाई काटिदिन्छ । तीनवटा भवंग भयो । अब भवंग-चित्त चल्दैन ।

भवंग-चित्त अतीतको आरम्मणबाट आएको हुन्छ । अब पच्चुपन्नको आरम्मणमा फर्किन्छ । फर्कनेवितिकै पञ्चद्वारावर्जन चित्त(आवर्जन चित्त) कुन द्वारमा हो भन्ने विचार गर्ने चित्त जाग्छ । आवर्जनमा आएपछि त्यहाँ धेरै चेतसिक हुन्छन् । ती पनि उत्पति-विनास भइरहेका हुन्छन् । ती बिग्रेर मात्र चक्षुविज्ञान उत्पति हुन्छ । यसको उत्पतिसँगै स्वागत गर्ने चित्त 'सम्पटिच्छन्न-चित्त' उत्पति हुन्छ । यो चित्तको उत्पतिसँगै 'सन्तीरण-चित्त' उत्पति हुन्छ । यो स्वीकार गर्ने चित्त हो । स्वीकार गरेर विचार गर्छ । कस्तो हो के हो भनेर विचार गर्ने चित्त नै 'सन्तीरण' हो । अनि यस्तो हो भनेर निश्चय गर्छ । निश्चय गर्ने चित्त 'वुत्थो' हो । त्यसलाई राम्रो नराम्रो भनी अनुभव गर्दै जाने जवन-चित्त ७ वटा आउँछन् । 'जवन-चित्त' भनेको



Downloaded from http://dhamma.digital

कर्म बन्ने तगडा चित्त हुन् । पहिलेका चित्तहरू कलिला थिए । यी जवन-चित्तहरू जवान चित्त हुन् । जवन-चित्तबाट कर्म बन्छ । प्रथम जवन, द्वितिय जवन, तृतीय जवन गर्दै सातैवटा चित्तले त्यही प्रकारले अनुभव गर्दैजान्छन् । अनुभव भइसक्नेवितिकै जवन-चित्तको लहर सकिन्छ । फेरि अर्को २ वटा चित्त उत्पति भएर यही आरम्मणलाई फेरि अनुभूति गर्दछन् । यसलाई 'तदारम्मण-चित्त' भनिन्छ । तदारम्मण दुईटा सकिनेवित्तिकै फेरि भवंग-चित्त उत्पति हुन्छ ।

भवंग-चित्त भगवानमा २ वटा, सारिपुत्रमा १६ वटा हुन्छन् । भगवानमा ज्ञान अति तेज हुँदा भवंग-चित्त धेरै हुन पाउँदैन । ज्ञान सान्है कमजोर हुनेको त भवंग-चित्त कति हुन्छन्, हुन्छन् । कसैकसैलाई त्यसै बसेर चिन्तन गर्दै गरेमा पनि उसैलाई थाहा हुन्न कि ऊ के चिन्तन गर्दैछ भनेर । एकोहोरो भई टोलाइरहँदा कसैले छेउबाट बोलाउँदा पनि सुन्दैन । भवंग-चित्त धेरै भएमा त्यसरी टोलाउनेमा परिन्छ ।

भगवानको २ र सारिपुत्रको १६ भएको कारण भगवानको ज्ञान सारिपुत्रको भन्दा धेरै भएर हो तर अरूको हेरिकन त सारिपुत्रको ज्ञान कता हो कता बढी छ । आकासबाट झरेको पानी संसारमा कति हुन्छ गनेर साध्य हुँदैन । ती वर्षेको पानीलाई एकएक थोपा गन्न सक्ने ज्ञान सारिपुत्रमा छ । समुद्रमा यति थोपा, मैदानमा यति थोपा भनेर बताउन सक्ने ज्ञान उनमा छ । तैपनि उनमा भवंग-चित्त १६ वटा त छ । तपाई हामीमा कति भवंग होला ?

ध्यान बस्नेहरूमा समाधि तेज हुँदै गएको बेला संस्कार धर्मलाई उपेक्षाले हेर्न सक्ने क्षमता बढ्दैगएको बेला भवंगको अनुमान लाग्नसक्छ । कहिले काहीं त उपेक्षाले हेरिराखेको समयमा पनि फुत्केको भान हुन्छ । भवंगको लहर चल्न थाल्छ । वस्तुलाई हेर्दा एउटा वस्तुलाई हेरेको चित्त बिग्रेर अर्को वस्तुमा हेर्ने चित्तको उत्पति हुन्छ ।

एउटालाई हेर्ने चित्त र अर्कोलाई हेर्ने चित्तको बीचमा भवंग-चित्त थुपै उत्पति भइसकेका हुन्छन् । एकक्षणमा १ लाख करोड चित्त उत्पति हुन्छ भनेर भगवान भन्नुहुन्छ । चित्त अति तीव्र गतिले चलेको हुन्छ । दुइटै एकैचाटी देखेको जस्तो त हुन्छ – किनभने त्यो त्यति द्रुत हुन्छ कि त्यति



Downloaded from http://dhamma.digital

छिटो चलेकोलाई आफ्नो ज्ञानले टिप्न सक्दैन । तर वास्तवमा दुईटालाई एकैचोटी देख्न सकिँदैन । एउटा देखेपछि मात्र अर्को देखिन्छ किनकि चक्षु विज्ञान एउटा बिग्रेर मात्र अर्को चक्षु विज्ञान उत्पति भएपछि देखेको हुन्छ । त्यो बिग्रेर बल्ल अर्को देख्दछ । मनसिकार जहाँ हुन्छ त्यहाँ देखिरहेको हुन्छ ।

चित्तको क्षण १७ वटा हुन्छ भनेर बताइयो –

१) अतीत-भवंग, २) भवंग-चलन,
३) भवंग-उपच्छेद, ४) पञ्चद्वारावज्जन,
५) चक्खुविञ्ञाण, ६) सम्पटिच्छन्न,
७) सन्तीरण, ८) वुत्थो,
९) जवन चित्तहरू ७ वटा र
१०) तदारम्मण चित्त २ गरी १७ वटा हुन्छन् (८+७+२=१७) ।

यी चित्तको लहर चलेकोमा कुनै अन्तर हुँदैन । अन्तर नपारिकन उपकार गरेको हुन्छ । यसैलाई 'अनन्तर पच्चयो' भनिन्छ । एउटा चित्त बिग्रेर अर्को हुनमा बीचमा कुनै अन्तर हुँदैन । चक्षुविज्ञान छ तर त्यो परमार्थ मात्र भएकोले त्यसलाई देख्न सकिँदैन । वस्तुरूपमा देखिएको हुँदैन । परमार्थमा आकार हुँदैन । दोस्रो लहर चल्छ । अलिअलि तिरमिर तिरमिर हुँदा यस्तै हो यही हो भनी भन्न गाह्रो हुन्छ । चित्तले त आरम्मणलाई मात्र निश्चय गरेको हुन्छ । यही हो भनेर तोकिसकेको हुँदैन । दोस्रोमा पनि परमार्थ नै छ । तेस्रो लहरमा अलिअलि प्रज्ञप्तिजस्तो देखिन थाल्छ । चौथो लहर चल्दा बल्ल रातो कचौरा भए रातो कचौरा भन्ने देखिन्छ । एउटा कचौरा देख्न जान्न चित्त कति उत्पति हुनुपर्छ भन्ने कुरा यसरी थाहा लाग्छ । हामीले त देख्नेबितिकै जानेको भन्छौं तर यो देख्ने बेलासम्ममा भित्र कति काम भएको हुनुपर्छ भन्नेकुरा बुझ्नुपर्छ । बन्ने बिग्रने भएर यति छिटोछिटो एकले अर्कोलाई उपकार गरिरहेको हुन्छ । एउटाले अर्कोलाई उपकार गरिगरिकन देख्नलाई मद्दत गरिरहेको हुन्छ ।

त्यस्तै कानमा शब्दको स्पर्श हुनेवित्तिकै सुन्ने मन उत्पति हुन्छ ।



Downloaded from http://dhamma.digital

स्पर्श हुनेवित्तिकै चित्त भवंगमा जान्छ । अनि भवंग-चलन, भवंगुपच्छेद, पञ्चद्वारावज्जन, श्रोतविज्ञान, सम्पटिच्छन्न, सन्तीरण, वुत्थो, जवन-चित्त, तदारम्मण-चित्त अनि फेरि भवंग-चित्त । यो नै चित्तको नियम हो । नाकमा गन्ध, जिब्रोमा रस पनि यसरी नै जान्छ । अन्तर नभइकन एउटाले अर्कोलाई उपकार भएकोले नै 'अनन्तर पच्चयो' भनिएको हो । त्यस्तै 'समनन्तर पच्चयो' पनि यसरी नै चल्दछ ।

धारामा पानी खोल्दा धाराको मुखमा भएको पानी नै पहिले झर्छ । अनि त्यसको पछाडि भएको झर्छ र त्यसको पनि पछाडि भएको झर्छ । अन्त्यमा लामो डोरी जस्तो भई पानी झररर गरी झर्छ । अगाडिको पानी र पछाडिको पानी त्यही होइन । अगाडिको भिन्दै पानी हो, पछाडिको भिन्दै पानी हो तर एकनासले एकपछि अर्को झर्दैगर्दा डोरीझैं तररर झरिदिन्छ । अगाडि भएको पानी र त्यसको पछाडि बगेर आउने पानीलाई अलिकति पनि अन्तर नपारिकन सँगसँगै आइरहेको हुन्छ । अगाडिको बग्दैछ, पछाडिको आउँदैछ, बीचमा अलिकति पनि खाली हुँदैन । अलिकति पनि अन्तर नपारिकन उपकार गर्ने भएको हुँदा यसलाई 'समनन्तर पच्चयो' भनिन्छ ।

*'पुरिमा पुरिमा कुशला धम्मा, पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तर/समनन्तरपच्चयेन पच्चयो'* । त्यस्तै अब्याकता र अकुसला धम्मा पनि । अब्याकता भनेको विपाक वा फल हो । अहेतुक चित्त नै अब्याकता हो । आँखामा रूपको स्पर्श हुँदा देख्ने कार्य हुन्छ । यो फल हो । रूप, भवंग चित्त, अब्याकत चित्त विपाक हुन् । जवन-चित्त भनेको अकुशल, कुशल कर्म हो । पुरिमा पुरिमा कुसला धम्मा . अगाडि अगाडि कुशल कर्म भयो भने कुशलको जवन-चित्त हुन्छ । पहिलो जवन-चित्त कुशल भयो भने दोस्रो जवन-चित्त पनि कुशल हुन्छ । तेस्रो पनि कुशल हुन्छ । यसरी ७ वटै जवन-चित्तहरू कुशल हुन्छन् । बीचमा अकुशल आउन पाउँदैन । किनभने चित्तको एकलहरमा एक विथि हुन्छ । एक कुशलको लहरमा सातवटै कुशल भइदिन्छ । त्यही पछि दिट्ठधम्म कुशल भएर उपपज्ज बेदनीय कर्म अकुशल हुन पाउँदैन । तर पछि उपनिस्सय प्रतिहारमा *'केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो'* भन्नेमा कुनै समयमा कुशलमा अकुशल पनि आउन सक्छ भन्ने कुरा पनि आउँछ । तर यो लहरमा



Downloaded from http://dhamma.digital

होइन ।

पहिलो चित्त कुशल भएमा पछिका सबै चित्तहरू कुशल नै हुन्छन् । *'पच्छिमानं पच्छिमानं कुशलानं धम्मानं* = पछिबाट पनि आउने कुशल धर्महरूलाई पनि *अनन्तरपच्चयेन पच्चयो* = अन्तर नबनाइकन उपकार गर्ने हुन्छ । उत्पति-विनास हेर्दा एकुन्टालाई नछुटाइकन हेर्ने भगवानको ज्ञान हो । हामीले त एक विथिबाट अर्को विथिमा हेर्ने हो ।

मोगोक सयाडोलाई रंगुनमा एकजना उपासकले सोधेका थिए, "तपाईले देशना गरेको धर्ममा अगाडिको चित्तलाई पछाडिको चित्तले हेरेको विपश्यना भनेर भन्नुभयो । चित्तको गति अति छिटो छ भने त्यसरी अगाडिको चित्तलाई पछाडिको चित्तले हेर्न सम्भव हुन्छ र ?" भगवानले पनि भन्नुभएको छ – जुन चित्त अगाडि हुन्छ, त्यही चित्तलाई हेर्नु । '*सरागं व चित्तं सरागं व चित्तंति पजानाति, सदोसं व चित्तं सदोसं व चित्तंति पजानाति*' भनेर महासतिपट्ठान सुत्तमा पनि भन्नुभएको छ । तिम्रो शंका त्यसमा रहेछ, शंका नगर्नु भनेर सयादोले भन्नुभयो । अभिधम्मको हिसाबले भन्नुपर्दा पनि अगाडिको विथिलाई पछाडिको विथिले हेर्नु भनिएको छ ।

जहाँजहाँ उत्पति भइरहेको छ त्यहाँ त्यहाँको चित्तलाई मनोद्वारिका विथिबाट हेर्नुपर्छ । "त्यसरी त धेरै बीचमा खाली हुने भयो नि, त्यसरी हेरर हुन्छ र !" "भगवानले भन्नुभएको छ – भवंग-चित्त जतिनै अन्तर परेर गए पनि बीचमा क्लेश नआओस् । क्लेश आउन नपाइकन देखिएको छ भने हुन्छ । यहाँ एउटा चित्त बिग्र्यो भने त्यो बिग्रेको चित्तले त हेर्न सकिदैन नि । त्यसैले अगाडिको बिथिलाई पछाडिको विथिले हेरेको नै विपश्यना हो ।"

हामीमा अगाडिको चित्त कुशल भयो भने पछाडिको पनि कुशल नै हुन्छ । अगाडि कुशल भए, कुशल हुँदै अव्याकत हुन्छ – *'पुरिमा पुरिमा कुसला धम्मा, पच्छिमानं पच्छिमानं अव्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो/समनन्तरपच्चयेन पच्चयो ।'* अन्तर नभइकन नै उपकार गर्ने रहेछ भनेर यही शरीरमार्फत् नै बुझ्न सकिन्छ । निरन्तररूपमा यसरी हेर्ने अभ्यास भएमा बिर्सिदैन, हराउँदैन । त्यस्तै *'पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तर/समनन्तरपच्चयेन पच्चयो ।'*



Downloaded from http://dhamma.digital

अगाडि अकुशल भयो भने पनि पछिका ६ वटै अकुशल भइदिन्छन् । मनपऱ्यो भन्नेवितिकै मनपऱ्यो, मनपऱ्यो, भन्ने चित्त सबै लोभ चित्त नै हुन्छन् । अगाडि गएर त्यो भावना भइदिन्छ, लोभ बढ्दैजान्छ, तेजिलो हुँदैजान्छ । जति तेजिलो भयो उति जवन-चित्त पनि तेजिलो हुँदैजान्छन् । जति जवन-चित्त तेजिलो हुँदैजान्छ, त्यति पाप पनि तेजिलो हुँदैजान्छ र त्यति नरक नजिकिँदैजान्छ । त्यसैले भगवानले 'पाप भन्ने कुरालाई अलिकति पनि मामुली हो भनेर नछोडनू' भन्नुभएको हो । त्यही मामुली पनि पछि ठूलो भइदिन्छ । कुशल पुण्यलाई पनि मामुली हो भनेर छोडनुहुँदैन ।

मानौं, बाटोमा एउटा ढुँगा रहेछ । त्यो ढुँगामा कुनै बेला मान्छेलाई ठेस लाग्नसक्छ, मोटरसाइकल पनि त्यसमा चिप्लिन सक्छ । धेरैलाई दुःख हुन सक्छ । एकजनाले देख्यो, नाघेर गयो, अर्कोले पनि देख्यो, नाघेर गयो । होस हराएर नाघेर जान नसक्ने त ठेस लागेर लड्छ । त्यसलाई बाटोछेउ हटाइदिने हो भने धेरै मानिस ठेस लाग्नुबाट बच्न सक्छन् । अनि त्यो बाटोमा हिंड्ने कसैलाई पनि ठेस लाग्दैन । यो पुण्य कार्य हो । यति जाबो काम पनि पुण्य हुन्छ र भनेर सानो देख्न हुँदैन । मामुलीजस्तो लागेको पुण्य पनि मौकामा गर्दैगए धेरै हुनजान्छ ।

उदाहरणको लागि भाँडोमा पानी भरिनुलाई लिन सकिन्छ । *'थोकं थोकं ति परिपुरन्ति'* भनिएझैं एकएक थोपा राख्दैगएमा त्यो भाँडो भरिन्छ । चुहिने भाँडो हो भने एकएक थोपा गरी चुहिँदै भाँडो रितिन्छ । थोपा थोपा गरी भरिन्छ, थोपा थोपा गरी रितिन्छ । मामुली मामुली भनेर बस्दा आफ्नो आचरण पनि बिग्रेर जान्छ । त्यही मामुलीले पनि कुनैबेला तेजिलो भएर ठूलो फल दिने हुन्छ । पाप भन्ने कुरा अगाडि पछाडि आइरहेको हुन्छ । अलिकति रिस उठ्यो, बिराइएको त छैन । रिस उठ्नलाई पनि त आरम्मण चाहिन्छ । त्यसै रिस उठ्दैन । यदि धम्मारम्मणलाई अथवा चित्त नबुझेको विषयमाथि र चित्त नबुझाइदिने व्यक्तिमाथि रिस उठ्छ । रिसमा रिस थपिँदैजान्छ ।

तदारम्मण, भवंग, अव्याकत पनि अकुशल सम्बन्धका हुन्छन् । त्यही अव्याकत त्यही रिसमा जोडिन्छ । फेरि रिस, रिसमाथि रिस थपिँदै बढ्दैजान्छ । मामुली हो, बिराइएको त छैन, केही भनेको पनि छैन तर रिस



Downloaded from http://dhamma.digital

त रिसै हो । त्यसैले मामुली भन्न हुँदैन, त्यही मामुली पनि ठूलो हुँदैआउँछ । राति सुत्दा पनि निन्द्रा नलाग्ने बनाउँछ । अलिअलि भएको समाधि पनि सबै रितिदैजान्छ । रिसले राम्रो जति सबैलाई खाइदिन्छ । अब त्यो मामुली भयो र ! त्यसले सज्जन धर्म सबैलाई रित्याइदिन्छ, नराम्रोले भरिदिन्छ । जति भरिदैगयो रिस उठिरहन्छ । अगाडि जुन छ पछाडि पनि त्यही अनुसार हुँदैजान्छ । रिस मनमा उठ्छ । चित्त नबुझेकोमा रिस मनमा उत्पति हुन्छ । उत्पति हुनेवितिकै एक लहर त सकिन्छ तर होस आउँदा थाहा हुन्छ – ए रिस उठेछ । यो रिसलाई हेर्नुपर्छ । हेर्छु भन्दा हेर्छु मात्र हुन्छ, अरू हुँदैन । यसरी हेर्छु भनेर होस राख्दा अघिको रिस गायब हुन्छ । सबै अनित्य नै हुन् भनेर जान्दछ । अनित्य हो भनेर जान्दा 'छैन'मा पुगिन्छ । रिसले मनमा ठाउँ लिन पाउँदैन । रिस कहाँ पुग्छ, पुग्छ । अब रिसको ठाउँ ज्ञानले लिन्छ । त्यो ज्ञानलाई कसले उपकार गऱ्यो ? अघिको रिसले । त्यसैले चलाउन जाने रिस पनि औषधि भइदिन्छ । चलाउन नजाने त्यो भन्दा शत्रु कुनै हुँदैन । यसले निर्वाणसम्म पनि उपकार गर्नसक्छ ।

दुईटा चित्त त एकैचोटी उत्पन्न हुँदैन । एकएकवटा चित्त उत्पन्न हुन्छ । तर बीचमा कुनै अन्तर नै हुँदैन । यसरी अनन्तर प्रतिहारले उपकार गर्छ भनिएको छ ।

ध्यान बस्दा मन बाहिर जान्छ । आफूलाई थाहै हुँदैन । उद्धुच्च ( मन ठेगानमा नहुनु) भइरहेको हुन्छ । बाहिर जान दिएपछि त गइहाल्छ । मनलाई फिर्ता ल्याउने भनिन्छ । कुन मनलाई ल्याउने ? बाहिर गयो भनेर जानेको मन त जानेको मन भइहाल्यो नि ! ल्याउँछु भनेर केलाई ल्याउने, केही ल्याउनु त छैन । आखिर बाहिर गएको पनि त होइन । उच्धुच्च र विचिकिच्छा भइरहेको मात्र हो । बाहिर गयो भनेर जानिन्छ, जान्नेवितिकै, हेरिन्छ र देखिन्छ । के देखिन्छ भन्दा 'छैन' भन्ने देखिन्छ । छैन छैन छैन भन्ने लहर चल्न थाल्छ । अनित्य जाने अनित्य, अनित्य, अनित्य, दुःख जाने दुःख, दुःख, दुःख भन्ने जानिन्छ ।

एउटा हुनेवितिकै त्यसै रफ्तारमा अनन्तरले उपकार गरेको हुन्छ । कुशललाई कुशलले, अकुशललाई अकुशलले र अब्याकतालाई अब्याकताले अलिकति पनि अन्तर नपारिकन उपकार गरिरहेको हुन्छ । पानीको धारोजस्तो



Downloaded from http://dhamma.digital

अगाडि बगेकोलाई पछाडि बगेको पानीले बीचमा खाली नै नबनाइकन आइदिइराख्दा धारो डोरीजस्तो हुन्छ । त्यस्तै यो पनि पानीको डोरीझैं एकनास चल्ने हुँदा यसलाई समन्तर पच्चयो पनि भनिन्छ । एक विथि र अर्को विथिको बीचमा क्लेश आउन दिन हुँदैन भनेर भगवानले भन्नुभएको छ ।

उहाँ सयाडोले पनि यसै भन्नुहुन्छ । *ज्ञानाचरण भयो भने बेलुकादेखि विहानसम्ममा पनि अरहन्त हुन सक्छ ।* ज्ञान, ज्ञान, ज्ञान । ज्ञानको लहरमात्र चलेको बेला बीचमा क्लेश आइदिएन भने अरहन्त हुनसक्छ । कुशल भयो भने कुशल कुशलको लहर चल्छ । अकुशल भयो भने अकुशल अकुशलको लहर चल्छ । अनि अब्याकृत भए अब्याकृत अब्याकृतको लहर चल्छ ।

भोलि सहजात, अञ्ञमञ्ञ र निस्सयपच्चयबारे चर्चा हुनेछ ।

पट्ठान देशनाअन्तर्गत छैठौं दिनको

'अनन्तर/समनन्तरपच्चयको देशना' समाप्त भयो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# सातौं दिन

## (सहजातपच्चय र अञ्ञमञ्ञपच्चयलाई मिलाएर)

७

**न अन्तर = अनन्तर**

चित्त उत्पन्न हुनासाथै चित्तको साथमा सर्वचित्त साधारण चेतसिक ७ वटा उत्पन्न हुन्छन् । ती ७ वटा हुन् – फस्स, वेदना, संज्ञा, चेतना (संस्कार), एकाग्रता, जीवितिन्द्रिय र मनसिकार । यी सम्पूर्ण चेतसिकहरू चित्तमै हुन्छन् भनेर जान्नुपर्छ । यसमा वेदना र संज्ञाबाहेक अरू ५० चेतसिकहरू संस्कारभित्र नै पर्दछन् । त्यसलाई संस्कार-स्कन्ध भनिन्छ । फस्स, वेदना, संस्कार र चित्त (विज्ञान) भनी ४ नामस्कन्धमा समेट्नुपर्छ ।

भवंग-चित्त अतीत आरम्मणमा उत्पति हुन्छ । प्रवृतिकालमा(वर्तमान जीवन कालमा) उत्पन्न हुने चित्त पनि हुन्छन् । अतीतको आडमा उत्पति हुने चित्त पनि हुन्छन् ।

कर्म, कर्म-निमित्त र गति-निमित्तको आधारमा सत्वले जन्म लिएको हुन्छ । एउटा न एउटा निमित्तको आधार नपाई जन्म हुँदैन । काय, वचन र मनको कामलाई कर्म भनिन्छ । चिवर दान दिंदा दिइएको चिवर कर्म-निमित्त हो । मरण कालमा चिवर देखेको कर्मको निमित्त देखेको हो । विमानमा लिन आएकोचाहिँ कुशल कर्मको निमित्त हो । अकुशलमा चाहिँ खसी काटने काम र खसी देखेको काम कर्म हो । खुकुरी देखेको वा पानी उमालेको देखेको कर्म-निमित्त हो । डरलाग्दो मान्छेले लिन आएको देखेको गति-निमित्त(जाने ठाउँको झलक देखेको) हो ।

प्रतिसन्धि चित्त बिग्रेपछि जुन भवमा पुगेको हो त्यो भवको भवंगहरू चल्न थाल्छन् । निमित्तमा हुने चित्त जति भवंग-चित्त हुन् । भवंग र जवन-चित्त मात्र चलेका हुन्छन् । कहिल्यै विश्राम नलिइकन ती दुई चित्तमात्र चलेको हुन्छ । यसैलाई संसार-चक्र घुमेको भनिन्छ । भवंग र



Downloaded from http://dhamma.digital

जवन-चित्तमात्र घुमिरहेको हुन्छ, सत्वप्राणी भन्ने नै हुँदैन । एकछिन पनि नअडिकन घुमिरहेको छ । निदाएको भन्ने पनि हुँदैन, सिर्फ भवंग-चित्तको लहरमात्र चलेको हुन्छ ।

*'पुरिमा पुरिमा अब्याकता धम्मा, पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं अनन्तर/समनन्तरंपच्चयेन पच्चयो ।'* अगाडि हुने पनि अब्याकत धर्म, पछिपछि पनि अब्याकत धर्म, बीचमा कुनै अन्तर नै नबनाई उपकार गरिरहेको हुन्छ । एउटा देख्ने र अर्को देख्नेको बीचमा भवंग चलिरहको हुन्छ ।

निदाएको बेला रूप, शब्द, गन्ध, रस, स्पर्श, र धम्म यी कुनै पनि आरम्मण चलेको हुँदैन । आँखा वन्द छ, सति(होस) छैन, त्यसैले रूपको स्पर्श हुँदैन । त्यसैगरी कान खुले पनि सति नभएकोले शब्दको स्पर्श हुँदैन । भवंग-चित्तमात्र भएकोलाई निदाएको भनिन्छ । भवंग-चित्त हुनाले सति(होस) हुँदैन । भवंगले भवंगलाई मात्र उपकार गरिरहेको हुन्छ । अलिकति पनि मनसिकार भएन भने शब्दको स्पर्श हुन सक्दैन । शब्द र कानको बीचमा आकास पनि हुनुपर्छ, सुनिने शब्द पनि हुनुपर्छ, श्रोत प्रसाद पनि उत्पति भएको हुनुपर्छ र मनसिकार पनि भएमा बल्ल सुन्ने काम हुन्छ । निदाएको बेला यी केही पनि हुँदैनन् । धम्मारम्मण मात्र हुन्छ, त्यो पनि अतीतको मात्रै ।

निन्द्रा भनेको लोभको आधार वा द्वेषको आधारबाट हुन्छ । निदाएको बेला चित्तलाई जान्न सकिंदैन । त्यसैले मोह पनि हुन्छ । जब बाहिरको आरम्मण तेजिलो हिसाबले स्पर्श हुन आएमा अतीत-भवंग, भवंग-चलनहरू बिउँझाउँदै ल्याउँछ । बिउँझे बिउँझाएपछि पच्चुपन्नमा सति पनि हुन्छ र अन्य आलम्बनले आएर स्पर्श गर्न पनि सक्छ । संसार त यही रफ्तारमा मात्र चलेको छ । परमार्थमा त यही चित्तको लहरमात्र हो । चित्तसँग हुने चित्तजरूप, कर्मजरूप, आहाररूप, ऋतुजरूप पनि उत्पति-विनास भइरहेका हुन्छन् । कुनै सत्वप्राणी भन्ने नै हुँदैन । 'म', 'मेरो', 'फलाना', 'फलानी', 'स्त्री', 'पुरूष' भन्ने पनि हुँदैन । यो लहरलाई बुझियो भने मिथ्यादृष्टि पलाउन पाउँदैन । नबुझ्नेलाई मात्र मिथ्यादृष्टि हटाउनुपर्छ भनेर शिक्षा दिइन्छ । यसमा अन्य प्रतिहारहरू हुन्छन् तर अधिपतिपच्चय भने कुनैमा हुन्छ, कुनैमा हुँदैन ।



Downloaded from http://dhamma.digital

**सहजातपच्चय –**

सहजात पच्चयोलाई बुझ्न रूपस्कन्ध १, नामस्कन्ध ४ लाई पहिले बुझ्नुपर्दछ । अनन्तर/समनन्तरलाई एकछिन परै राखौं । शरीरमा हेर्ने हो भने यी पाँचवटाबाहेक अरू केही छैन । नामस्कन्ध निकाल्दा रूपस्कन्धमात्र बाँकी रहन्छ । रूपस्कन्धमा महाभूत रूप ४ र उपादा रूप २४ हुन्छन् । महाभूत भनेको पथवी, आपो, तेजो, वायु (पृथ्वी जल, अग्नि, वायु) गरी ४ धातुलाई भनिन्छ । स्वभावमा भारी हल्का हुने पृथ्वी धातु, बग्ने जम्ने स्वभावको जल धातु, तातो चिसो स्वभावको अग्नि धातु र चलाउने अडाउने स्वभावको वायु धातु हो । नामस्कन्धमा अनुभूति गर्ने स्वभाव वेदना, सम्झिने स्वभाव संज्ञा, बनाउने स्वभाव संस्कार र जान्ने स्वभाव विज्ञान गरी ४ स्कन्ध हुन्छन् । यिनीहरूले आआफ्ना काम गरिरहेका हुन्छन् तर अरूको आधार पाएर होइन । जस्तो भोग्ने काम वेदनाले गर्छ, जान्ने काम गर्दैन । संज्ञा स्कन्धले भोग गर्ने काम गर्दैन, बनाउने वा जान्ने काम गर्दैन, सम्झिने काममात्र गर्दछ ।

*१) चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।*

*२) चतारो महाभूता अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।*

*३) ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।*

*४) महाभूता उपादारूपानं सहजातपच्चयेन पच्चयो ।*

भगवानले अलिकति पृथक भएर काम गरेकोजस्तोलाई पनि छुट्याएर बताउनुभएको छ । अञ्ञमञ्ञमा सहजात हुँदैन । निस्सयमा सहजातको ठाउँमा निस्सयमात्र हुन्छ । फरक त्यति हो । यसरी छुट्याएर बताउनुभएकोले २४ प्रत्यय पुगेको हो । यी सबैले शरीरमा नै काम गरिरहेका हुन्छन्, शरीरदेखि बाहिर होइन ।

१) चतारो खन्धा – रूप नभएका ४ वटा खन्धले एक अर्काको आधारमा सँगै उत्पति भएर एकले अर्कोलाई उपकार गरेका हुन्छन् । यिनीहरूको स्वभाव *'एकुपादो र एकुनिरोधो'* हो अर्थात् तीसँगै उत्पति हुन्छन् र सँगै विनास हुन्छन् ।

यी नामस्कन्ध ४ वटा जतिखेर पनि सँगै उत्पति हुन्छन् र सँगै बिग्रिन्छन् । यिनीहरू सँगै उत्पति भएर एक अर्कोलाई उपकार गरिरहेका



Downloaded from http://dhamma.digital

हुन्छन् । फेरि आपसमा एकअर्कालाई पनि उपकार गरेको हुन्छ । उपकार गरे पनि आआफ्नो काम स्वतन्त्ररूपले गरिरहेका हुन्छन् ।

उदाहरणको लागि मैनवती बाल्दा उज्यालो हुन्छ । उज्यालो र बत्ती सँगसँगै हुन्छ । यहाँ बत्तीको अर्थ आगो हो । आगोको स्वभाव पोल्ने हो । रंगको स्वभाव उज्यालो दिने वा प्रकाश दिने हो । प्रकाश दिने स्वभाव र पोल्ने स्वभाव मिल्दैन तर सँगसँगै उत्पति भएर आआफ्ना काम गरेका हुन्छन् । बत्ती बल्नेबितिकै त्यसको रंग पनि सँगै उत्पत्ति हुन्छ, उज्यालो पनि सँगै आउँछ तर सँगै भएर पनि कामचाहिँ फरक छ तर पनि एक अर्कालाई उपकार गरिरहेका हुन्छन् ।

आँखामा रूपको स्पर्श हुँदा देख्ने नामस्कन्ध ४ वटा उत्पति हुन्छन् तर कामचाहिँ आआफ्नो गर्दछन् र एक अर्कालाई पनि उपकार पनि गरिरहेको हुन्छ । यसलाई *'अञ्ञमञ्ञ पच्चयो'* भनिन्छ ।

एक अर्काको आड भरोसा बनेकोले *'निस्सय पच्चयो'* हुन्छ । नामका ४ स्कन्धहरू एक अर्काका आड भरोसा हुन्छन् । सँगै उत्पति भएर एक अर्काको आधार बनेकाले *'सहजात निस्सय पच्चयो'* भनिएको हो । सहजातमा सहजात निस्सय र पुरेजात निस्सय भनी दुईटा हुन्छन् । पुरेजात निस्सयलाई पछि भनिने छ ।

*चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सहजात निस्सयपच्चयेन पच्चयो ।*

*चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञंपच्चयेन पच्चयो ।*

*चतारो खन्धा अरूपिनो सहजातपच्चयेन पच्चयो ।*

*चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं निस्सयपच्चयेन पच्चयो ।*

अञ्ञमञ्ञं = एक अर्कालाई उपकार गर्ने ।

सहजात = सँगै उत्पति भएर उपकार गर्ने ।

निस्सय = एक अर्काको आधार पाएर उपकार हुने वा गर्ने ।

चतारो महाभूता . . . . . चार महाभूत रूपलाई जस्तै पृथ्वी, जल, अग्नि र वायुलाई प्रष्ट र तेजिलो भएकोले पट्ठानमा लिइएको छ । उपादारूप २४ अप्रष्ट र कमजोर भएकाले भगवानले पट्ठानमा बताउनुभएको छैन । माथिको पालिको अर्थ भन्नुपर्दा चतारो भनेको ४ महाभूत जस्तै पृथ्वी,



Downloaded from http://dhamma.digital

जल, अग्नि र वायु हो । अञ्ञमञ्ञं भनेको एक आपसमा उपकार गर्ने हो । पृथ्वी भारी स्वभावको हुन्छ । त्यसमा पृथ्वी, जल, अग्नि र वायु ४ वटै समावेस हुन्छन् तर पृथ्वी प्रष्ट हुन्छ । गिलास भित्र पानी छ । पानी भनेको जम्ने र बग्ने स्वभावको हो । गिलासको पानी प्रष्टरूपमा जमेको देखिएको छ । पानीको मात्रा धेरै हुँदा गिलास गह्रुंगो भएको हुन्छ । पानी नहुने हो भने हल्का हुन्थ्यो । भारी भएको पृथ्वी हो । जलमा सहजात भइएको भारी स्वभाव (पृथ्वी) पनि छ, तातो चिसो पनि छ । तातो चिसो भनेको अग्नि धातु हो । यसमा अड्ने पनि छ अडाउने पनि छ । अड्ने अडाउने काम वायुको हो । अतः यी चार महाभूतमा पनि अञ्ञमञ्ञ सहजात छ । यिनीहरू एकैसाथ उत्पति भएर एकआपसमा उपकार गर्ने हुन्छन् ।

*'ओकन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।'*

ओकन्तिक्खणे = प्रतिसन्धिको क्षणिकमा,

नामरूप = नाम र रूप दुबै एकअर्काको उपकार गर्ने भएर,

सहजात = सँगै उत्पति भएर उपकार गर्ने हुन्छन् । तर जीवनकालमा नामले रूपलाई मात्रै उपकार गर्दछ । रूपले नामलाई उपकार गर्न सकेको हुँदैन ।

रूपलाई बनाउने ४ तत्व छन् – आहार, ऋतु, चित्त र कर्म । अहिले यहाँ चाहिं कर्मजरूपलाई लिइन्छ । कर्मजरूप प्रारम्भमा हृदयवस्तु रूप हुन्छ । हृदयवस्तु रूपसँगै चित्तजरूप पनि खडा भएको हुन्छ । विज्ञान (चित्त) हुनेबितिकै सम्पयुक्त धर्म अर्थात् विज्ञानसँग सम्पयुक्त हुने धर्म ७ चेतसिक हुन्छन् – फस्स, वेदना, संज्ञा, चेतना, एकाग्रता, जीवितिन्द्रिय र मनसिकार । यी ७ वटा सम्पयुक्त धर्म हुन् । फेरि तीसँगै उत्पति हुने चित्तजरूप, ऋतुजरूप, आहारजरूप हुन्छन् । नामस्कन्ध ४ ले रूपलाई बराबर उपकार गरेका हुन्छन् तर रूपले नामलाई उपकार गर्न सकेको हुँदैन ।

कुनै मातापिताका एक नाबालक छ । त्यो बालक निर्बल, शक्तिहीन र कमजोर छ । हात खुट्टा भएर पनि केही गर्न सक्दैन । त्यो बालक मातापिताको आधारमा हुन्छ । बालकलाई मातापिताको आड भरोसा मिलिरहेको



Downloaded from http://dhamma.digital

हुन्छ तर मातापितालाई बालकको आधार मिलेको हुँदैन किनभने बालक कमजोर भएकोले केही गर्न सकिरहेको हुँदैन । जन्मपछि कमजोर, असहाय र दुःखीत भइएको बालकझैं 'रूप' हो र तेजिला भइएका आमाबाबुझैं 'नाम' हो । आमाबाबुरूपी नामको आधार बालकरूपी रूपलाई आधार मिलेको छ । नाममा भइएका ४ स्कन्धहरूले पनि एक आपसमा उपकार गरिरहेको हुन्छ र रूपलाई पनि उपकार गरिरहेको हुन्छ तर रूपले नामस्कन्धलाई उपकार गर्न सकेको हुँदैन । तर प्रतिसन्धिको क्षणमा रूपले पनि नामस्कन्धलाई उपकार गर्दछ । प्रतिसन्धिको क्षणमा अञ्ञमञ्ञ भएर नामरूपले आपसमा उपकार गरेको हुन्छ । त्यसैले भनिएको हो *–'ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।'*

जन्मको क्षणमा कर्मज पृथ्वीरूपमा विज्ञान उत्पन्न हुन्छ । रूपका कलापहरू उत्पति भएर नामसकन्धलाई उपकार गरेको हुन्छ । त्यतिखेर रूपको आधार नपाएको भए त्यहाँ नाम चल्न सक्दैनथ्यो । योचाहिँ पञ्चवोकार लोकको लागि हो । पञ्चवोकार लोक ३१ - ५ = २६ छन् । अपाय ४, मनुष्य १, देवलोक ६, रूपलोक १६ (नामरूप भएको लोक १५ र रूपमात्र भएको १) हुन्छन् । पञ्चवोकार लोक, चतुवोकार लोक र एकोवोकार लोक भनी तीन लोक हुन्छन् । पञ्चवोकार लोकमा चाहिँ नामरूप अञ्ञमञ्ञ हुन्छ । नामरूप पूर्ण नहुनाले अन्य लोकहरूमा अञ्ञमञ्ञ हुँदैन । सृष्टिबारे बुझ्न नियाम दीपनीमा हेर्न सकिन्छ ।

मनायतन भनेको नै भवंग-चित्त हो । यो धम्मारम्मणमा चलेको हुन्छ । सोचाइ वस्तु सबै धम्मारम्मण हुन् । धम्मारम्मणमा रूप पनि धर्म, नाम पनि धर्म हो । परमार्थ धर्ममा रूप, चित्त, चेतसिक र निर्वाण हुन्छ । पहिले पहिले देखेका, सुनेका कुराहरू सम्झना आएको पनि धम्मारम्मण भएर सम्झना आएको हो । त्यहाँ मनायतन र धम्मारम्मण मात्रै चलिरहेको हुन्छ । यो अरूपलोकको भयो । रूप नहुँदा नामसँग अञ्ञमञ्ञ हुने कुरा आएन । पञ्चोकारलोकमा मात्र अञ्ञमञ्ञ हुन्छ ।

ब्राम्हण कस्ता हुन्छन् भन्ने सन्दर्भमा पहिलेका आचरणका ब्राम्हण हुन्थे भने अहिलेका जन्मका ब्राम्हण भए । वास्तवमा क्लेशलाई हटाएकालाई नै ब्राम्हण भनिन्छ । भगवानको शासनमा अरहन्तलाई पनि ब्राम्हण भनिन्छ ।



Downloaded from http://dhamma.digital

'झायि तपतीति ब्राम्हणो' अर्थात् ध्यान समापन प्रवेशको बेला अरहन्त तेजले शोभायमान हुन्छन्, त्यही नै ब्राम्हण हो । यी नै आचरणका ब्राम्हण हुन् । क्लेश भएता पनि क्लेश नास गर्ने काम गर्दैछन् भने तिनलाई पनि ब्राम्हण भनिन्छ । पछिपछि त त्यसरी आचरण नै नगरेका ब्राम्हण कुलमा जन्मेकालाई पनि ब्राम्हण भन्ने गरियो । ब्राम्हण जातिको सुरुवात यसरी भएर आएको हो ।

देवलोकमा भगवानले देशना गरेको यस पट्ठानलाई सारिपुत्रले मनुष्यलोकमा देशना गर्नुभएको हो । यो पट्ठान देशनामा सबै ३१ भुवनकै नियमलाई बताउनुभएको छ । मनुष्य शरीरको लहरलाई मात्र बताउनुभएको होइन । त्यसैले ओक्कन्तिक्खणे . . . . भनिएको हो । ओक्कन्तिक्खणे = प्रतिसन्धिको क्षणमा, नामरूपं = पञ्चवोकार लोकमा भइएका नामरूप, अञ्ञमञ्ञं = एक आपसमा (नामले नामलाई, नामले रूपलाई, रूपले नामलाई, रूपले रूपलाई) उपकार गरेको हुन्छ । प्रवृतिकालमा भने नामले रूपलाई उपकार गरेको हुन्छ, रूपले होइन । प्रवृतिकालमा प्रवृतिकर्मले आँखालाई, नाकलाई, कानलाई . . . . . फल दिने कर्म भिन्दैभिन्दै हुन्छ । आँखालाई फल दिने कर्म तेजिलो र कानलाई फल दिने कर्म कम भए कान बहिरो हुन्छ र आँखाचाहिं तेजिलो हुन्छ । सबै कर्म तेजिला छन् भने आँखा, कान, नाक . . . सबै तेजिला नै हुन्छन् । सबै इन्द्रिय तेज भए पनि ज्ञान कमजोर हुनसक्छ ।

ज्ञानलाई फल दिने कर्म पहिले पहिले आचरण गर्दै आएका जस्तै जान्न मन लाग्ने, बुझ्न मन लाग्ने, खोजी गर्दै जाने, बुझ्ने चाहना राख्ने व्यक्ति आफैले बुझ्न कोशिस गर्छ, बुझेकोमा सन्तोष हुँदैन र अझै खोजिगरिराख्ने हुन्छ र त्यो व्यक्ति पछि विद्वान भएर जन्मन्छ । यस्तै कुरा चुलकम्म विभङ्ग सूत्रमा शुभ ब्राम्हणलाई भगवानले देशना गर्नुभएको छ । अलिकति जानेर पनि धेरै जानेझैं गर्नेचाहिँ मूर्ख भएर जन्मन्छ । नजाने पनि जानेझैं गर्नु डरलाग्दो हुन्छ ।

**पट्ठान देशनाअन्तर्गत सातौं दिनको**
**'सहजातपच्चयको देशना' समाप्त भयो ।**



Downloaded from http://dhamma.digital

# आठौं दिन

## (निस्सयपच्चय उपनिस्सयपच्चयलाई मिलाएर)

८

वृक्षको लागि जसरी माटो (पृथ्वी) आधार बनेके हुन्छ त्यस्तै आधार बनेर उपकार गर्ने भइएकोलाई *'निस्सय पच्चय'* भनिन्छ ।

उपनिस्सय पच्चयोमा एउटा आरम्मणुपनिस्सय, एउटा अनन्तरूपनिस्सय र अर्को पकटुप्पनिस्सय भनेर तीन प्रकारका हुन्छन् । आरम्मण + उपनिस्सय = आरम्मरूपनिस्सय, अनन्त + उपनिस्सय = अनन्तरूपनिस्सय र पकट + उपनिस्सय = पकटुप्पनिस्सय । विमल भन्तेजीको उपनिस्सयलाई लिएर भन्दा उपनिस्सय भनेको बलियो, भरपर्दो आधार भन्ने बुझिन्छ । उहाँहरूको उपदेश अहिले बुझ्नलाई बलियो आधार भइदिएको छ ।

विशेष गरी गरिएको, साधारण किसिमले होइन, बलियो आधार बनिएकोलाई *'पकटुप्पनिस्सय'* भनिन्छ ।

आरम्मणुपनिस्सय – आरम्मरण ६ वटा हुन्छन् – रूप, शब्द, गन्ध, रस, स्पर्श र धम्म । तर यी सबैलाई लिन सकिंदैन । साधारण आरम्मण पनि छन् । उपनिस्सय आधार पनि छन् । *'चक्खायतनं चक्खुविञ्ञाण धातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो ।'* यो उपनिस्सय आरम्मण होइन । जुन आरम्मण अधिपति भइदिएको छ त्यसलाई मात्र उपनिस्सय भनिन्छ । अधिपति भनेपछि शक्तिशाली भइएको बुझाउँछ । पञ्चपापीको प्रसंगमा अलिकति भइएको आरम्मण पनि अति तेजिलो हुन्छ भन्ने बुझाइको छ । अधिपतिजस्तै बलियो भइएको आरम्मणलाई *'आरम्मणुपनिस्सय'* भनिन्छ । बलियो आड पाएमा रूप, चित्त, चेतसिक पनि



Downloaded from http://dhamma.digital

शक्तिशाली भएर आउँछ ।

**अनन्तरूपनिस्सय** – अलिकति पनि बीचमा अन्तर (खाली) नपारिकन एकनासले उपकार गर्नेलाई *'अनन्तर पच्चयो'* भनिन्छ ।

*'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।'* त्यस्तै *'पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।'*

कुशल भएमा जवनचित्त ७ वटाको लहर चल्छ – पुण्यमा पनि, पापमा पनि । कुशलमा दिट्ठधम्म वेदनीय कम्म पहिलो जवन-चित्त हुन्छ । यसले अन्तर नबनाइकन पछिपछि आउने कुशल धर्महरूलाई उपकार गरेको हुन्छ । अन्तर नबनाइकन उपकार गरेको पनि साधारण किसिमले होइन, शक्तिशाली भएर । अगाडि हुने कुशल धर्मलाई पछि हुने कुशल धर्मले बलियोसित आड दिइरहेको हुन्छ । कुशलमा जस्तै अकुशलमा पनि त्यही अनुसार नै उपकार गरिरहेको हुन्छ । अब्याकतमा पनि त्यही अनुसार बुझ्नुपर्छ ।

*'पुरिमा पुरिमा अब्याकता धम्मा, पच्छिमानं पच्छिामानं अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।'*

चलिरहेको धर्म यही लहर मात्र छ । उत्पति हुनेवितिकै मर्छ, फेरि उत्पति हुन्छ, फेरि मर्छ । यता मर्नेवितिकै अर्को उत्पति हुन्छ । एकक्षणमा जन्म मृत्यु १ लाख करोड पटक हुन्छ । अहिले पनि जन्मने मर्ने भइरहेको छ । नाकमा पनि, आँखामा पनि, जिब्रोमा पनि, कायमा पनि, कानमा पनि, हृदयमा पनि जन्मिदैछ, मर्दैछ । कोही ब्यक्ति मऱ्यो भनेको बल्ल मरेको होइन । पहिले पनि जन्मँदै मर्दै थियो, अहिले पनि जन्मदै मर्दैछ । रफ्तार त टुटेकै हुँदैन । लोकको भनाइमा मऱ्यो भने पनि जन्मने मर्ने रफ्तार त छँदैछ । मनोद्वार विथि पनि गर्भवास हुने वितिकै प्रतिसन्धि, भवङ्ग, जवन-चित्त यहि रफतारले नै चलेको हुन्छ ।

हामीले मऱ्यो भने तापनि उत्पति-विनासको लहरले छोडेको हुँदैन । यो लहरलाई अलिकति पनि विश्राम नदिइकन चलाउन सक्ने तागतसहित भएकोलाई *'अनन्तरूपनिस्सय पच्चयो'* भनिन्छ । जस्तै नाकबाट लहर चल्यो भने अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद, पञ्चद्वारावर्जन, घान



Downloaded from http://dhamma.digital

विञ्ञाण, सम्पतिच्छन्न, सन्तीरण, वुत्थो, जवन-चित्त, तदारम्मण र भवंग-चित्तको रफ्तार त चलिरहेकै हुन्छ । यिनीहरूलाई एकले अर्कोलाई चलाउन बलियो आधार भइएकोलाई *'उपनिस्सय पच्चय'* भनिन्छ । मऱ्यो भनेको पनि यिनैलाई भनिएको हो । जन्मियो भनेको पनि यिनैलाई भनिएको हो । । अहिलेको अहिल्यै जन्मिराखेको छ, अहिलेको अहिल्यै मरिराखेको छ । कुनै अनौठो कुरा नै छैन । मर्दा फ्याकिने त यो गन्हाउने रूप(शरीर) मात्र हो । धातु मात्र फ्याकेको हो । तर चित्तको रफ्तार त चलेकै हुन्छ । मरे पनि रोकिँदैन ।

लोभ, दोष, मोह वा अलोभ, अदोष, अमोहको आधारबाट दुर्गति वा सुगति अनुसार प्रतिसन्धिको आधारबाट र जुन भवंग चलेको छ त्यही रफ्तारमा अगाडि बढदै गरेको हुन्छ । यसैबाट जवनहरू पनि चलिराखेका हुन्छन् । यसमा *'पुरिमा पुरिमा अब्याकता धम्मा पच्छिमानं पच्छिमानं कुसला/अकुसलानं/अब्याकतानं धम्मानं अनन्तरपच्चयेन पच्चयो'* पनि चल्छ । यो रफतार टुट्न नदिनको लागि बलियो आधार भएर उपकार गरेको हुनाले त्यसलाई *'अनन्तरूपनिस्सय'* भनिन्छ । विपश्वी साधकले हेर्नुपर्ने कुरा पनि यिनै हुन् । सबै बन्दै बिग्रँदै गरेको हेर्ने हो र यी सबै अनित्य हुन् । *'एक खणेहि कोटी सत सहस्सेसु उपज्जमानो उपज्जति, निरूज्झमानो निरूज्झति'* । (खन्धवर्ग संयुक्त पालि) यसको अर्थ हो – चित्त एकक्षणमा एकलाख करोडचोटी उत्पति भएर विनास भइरहेको छ ।

आँखामा रूपको स्पर्श भएको क्षणमा देखिएको हुँदैन । पहिले त रूप नै उत्पति हुन्छ । पुरेजातपच्चयमा यही कुरा आउँछ । त्यो रूपले पनि अलिकति क्षणिकमात्रै पहिले भएर उपकार गर्छ । त्यसपछि चक्षु विज्ञान उत्पन्न हुन्छ र त्यो रूप पनि बिग्रिन्छ । आँखाको रूप पनि मरिरहेको छ । कानको रूप पनि मरिरहेको छ, नाकको, जिब्रोको, कायको रूप पनि मरिरहेका छन् र यिनमा उत्पति हुने मन पनि मरिरहेको हुन्छ । सबै बन्दै बिग्रँदै, जन्मदै मर्दैगरिरहेका हुन्छन् ।

यो हाम्रो शरीर कुशल विपाक हो । कुशल विपाकमा कुशल अनुसारको लहर चलिरहेको हुन्छ । लोभ, दोष, मोह भनेको त अकुशल हो । अकुशलबाट भइएको प्रतिसन्धि अकुशल विपाक हो । अकुशल



Downloaded from http://dhamma.digital

विपाक अनुसारको विथि चित्तका लहरहरू त्यही रफ्तारमा चलिरहेका हुन्छन् । यो लहरलाई एकबाट अर्को र अर्कोबाट अर्कोलाई तागतिलो आधार बनी उपकार गरिरहेकोलाई *'उपनिस्सय पच्चयो'* भनिन्छ । बिग्रिराखेको छ, बलियो आधार दिएर उत्पति गराइराखेको पनि छ । यसैलाई *'अनन्तरूपनिस्सय'* भनिन्छ ।

मऱ्यो भनेर लिइने कुरा त रूप हो । लहर त आँखा, कान, नाक, जिब्रो, काय र मनबाट चलिरहेको हुन्छ । आँखामा पनि जीवित रूप छ । त्यो कर्मले दिएको जीवित रूप हो । कानमा पनि कर्मले दिएको कर्मज जीवित रूप छ । नाक, जिब्रो, कायमा र हृदयवस्तुमा पनि जीवित रूप छ । लाचार भएर मर्ने अवस्थामा पुग्दा भेट्न आएकाले 'मलाई चिन्नुभयो' भनी सोध्छन् । त्यसरी सोधेको आँखा जीवितै छ कि छैन भनी जाँचेका मात्र हुन् । आँखा मरे त कसरी चिन्नु ? चिनें भन्यो भने आँखा अझै मरेको छैन भन्ने थाहा लाग्छ । तर यो लोकको देखाइ हो । हुन त नयाँ नयाँ उत्पति भइरहेको छ । नयाँ नयाँ उत्पति गराउने – कर्म, चित्त, ऋतु र आहारले हो । आँखामा, कानमा पनि यिनै ४ वटाले नयाँ नयाँ उत्पति गराइरहेका हुन्छन् ।

जब यी ४ ले नयाँ उत्पति गराउन सकेनन् भने जीवितरूप हुँदैन । अनि आँखाले देख्न छोड्छ, कानले सुन्न छोड्छ । अनि आँखा वा कान मऱ्यो भनिन्छ । आँखाले देख्न छोडेकोले आँखामा उत्पति गराउने कर्म, चित्त, ऋतु आहारको शक्ति सकियो भन्ने अर्थ लाग्छ । अनि त आँखा मऱ्यो । यसरी नै कानको कर्मजरूप मरेपछि जति नै आवाज आए पनि सुन्न सकिँदैन । नाकमा पनि कर्मजरूप मरेपछि जस्तै गन्ध पनि थाहा पाउन सकिँदैन । जिब्रोको कर्मजरूप मरेपछि जति नै स्वादिलो वस्तु जिब्रोमा छुवाए पनि स्वाद पाउन सकिँदैन । कायको प्रसादरूप पनि मऱ्यो भने दुख्ने पोल्ने हुँदैन, काटे पनि दुख्दैन र चिमोटे पनि थाहा पाउँदैन । समातेको पनि थाहा हुँदैन । अब मन र हृदयवस्तु रूपको कुरा रह्यो । यसको अर्थ ढुकढुकी मात्र छ भन्ने लोकको चलनमा भनिन्छ । मनोद्वारिका विथि चलिरहेकै हुन्छ ।

आँखाको चक्षुद्वारिका, कानको श्रोतद्वारिका, नाकको घाणद्वारिका,



Downloaded from http://dhamma.digital

जिब्रोको जिब्हाद्वारिका, कायको कायद्वारिका सबै बन्द भइसकेपछि अब बाँकी रहेको हुन्छ – मनोद्वारिका । जब हृदयवस्तु रूपलाई पनि तागत मिल्न छोडयो भने धम्मारम्मण अथवा स्पर्श हुने शक्ति हराउँछ र मन उत्पति हुँदैन । अनि त हृदयवस्तु रूप पनि मऱ्यो । मन पनि मऱ्यो । अब कुनै उत्पति हुने बाँकी हुँदैन । तर जुन पहिले गरिएका संस्कारहरू छन्, ती संस्कार अनुसार फेरि कुन भवमा प्रतिसन्धि हुनुपर्ने हो त्यहाँ प्रतिसन्धि हुनजान्छ । प्रतिसन्धि क्षणिकमा पञ्चवोकार लोकमा प्रतिसन्धि लिएको भए *'नामरूप अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो'* मा भनिएझैं नामले रूपलाई, रूपले नामलाई उपकार गर्दछ र जुन भवमा प्रतिसन्धि भएको हो त्यहाँ यही रफ्तार चल्दछ । यो रफ्तार त मर्दाखेरि पनि मेटिंदैन । मर्ने बेलामा निमित्त देख्ने क्षणमा पनि यही रफ्तार चलिरहेको थियो, मृत्यु भएर प्रतिसन्धिमा पुग्दा पनि यही रफ्तार चलिराखेकै हुन्छ । माताको गर्भबाट जन्मंदा पनि यो रफ्तार त चलेकै हुन्छ । यो रफ्तारलाई धेरै समयसम्म चलाउन सक्ने शक्ति भइएको हुनाले *'अनन्तरूपनिस्सय पच्चय'* भनिन्छ ।

पकटुप्पनिस्सय – यो ज्यादै मसिनो र गहिरो छ । यसलाई धेरै व्याख्या गर्न पनि सकिंदैन । उपनिस्सयबारे अट्ठकथाले भनेको छ – जस्तै वर्षामा पानीको आधारमा हुर्कने बोटहरू हुन्छन् । पानी परेन भने ती बिरूवा बढ्न सक्दैन । जरा टेकेर उम्रने बढ्ने बिरूवाहरूलाई बलियो आधार बनेको त्यो पानीले सबैलाई उपकार गरेको हुन्छ । पानी पर्नेवितिकै झारपात, घाँस, बारी इत्यादि हरियो हुन थाल्छ, जंगलमा पनि हरियाली छाउँछ । पलाउने, बढ्ने, झ्याँगिने, पात फलफूल जताततै झ्याम्म हुनलाई वर्षाको पानीले उपकार गरेझैं उपनिस्सय प्रतिहारले झैं आरम्मणुपनिस्सय, अनन्तरूपनिस्सय र पकटुप्पनिस्सयले उपकार गरिरहेको हुन्छ । यही शरीरबाट कुशल अकुशल फैलिन्छ । कुशल कर्म वा अकुशल कर्म शरीरमार्फत् नै भइरहेको हुन्छ । यी कुशल अकुशल कर्मलाई पनि उपनिस्सय प्रतिहारले बल दिएको हुन्छ । *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं/अकुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो'* । यहाँनिर 'केसञ्चि' प्रयोग भएको छ । केसञ्चि = कुनै कुनै ठाउँमा, कहीं कहीं ।



Downloaded from http://dhamma.digital

*'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अब्याकतानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो । पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो । पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो'* । यही अनुसारले *'अब्याकता धम्मा'* लाई पनि लिनुपर्छ । *'आहारोपि उपनिस्सयपच्चयेन पच्चयो । पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो । सेनासनम्पि उपनिस्सयपच्चयेन पच्चयो'* । (यसको अर्थ यहाँनिर दिइएको छैन)

भगवानले भन्नुभएको छ – *'सद्धं उपनिस्सय दानं देति, सीलं समादियति, उपोसथं करोति, झानं उपादेति, विपस्सना उपादेति, मग्गं उपादेति, अभिञ्ञं उपादेति, समापत्तिय उपादेति* । श्रद्धाको बलियो आडले दानकर्म हुन्छ, शील पनि पालन हुन्छ, उपोसथ शील पनि हुन्छ, ध्यान समाधि पनि हुन्छ र विपश्यना, मार्ग समापत्ति आदि पनि श्रद्धाकै तागतबाट सम्भव हुन्छ । एउटा श्रद्धाको बलियो आधार पाएर यतिका कर्महरू सम्भव हुन्छन् र निर्वाण प्राप्तिसम्मको पनि उपकार हुनसक्छ ।

आलवक प्रश्नोत्तरमा भगवानले – *'सद्धित वित्तं पुरिसस्स सेट्ठं'* भन्नुभएको छ । मानिसको सर्वश्रेष्ठ धन नै श्रद्धा हो । त्यसैले श्रद्धालाई साउँ बनाएर काम गर्दैलगे निर्वाणसमेत मिल्छ भनिएको छ । मनुष्यलोकमा पुग्ने, देवलोकमा पुग्ने, ब्रम्हलोकमा पुग्ने पुण्यहरूको कुरा त परै राखौं, श्रद्धाको बलले निर्वाणतकको हकदार बनाइदिन्छ ।

लौकिकमा पनि कसैलाई धन कमाउन पर्‍यो भने व्यवसाय गर्न सुरूमा त साउँ नै चाहिन्छ । यतिबाट यति बनाउँछु भन्ने सोच हुन्छ । साउँ नै छैन भने केही गर्न सकिँदैन । श्रद्धा पनि साउँजस्तै हो । पुरूषको सर्वश्रेष्ठ धन के हो भनेर आलवकले सोध्दा भगवानले श्रद्धा हो भन्नुभयो । श्रद्धा छ भने व्यक्तिले देवलोक पनि किन्न सक्छ, चक्रवर्ती राजाको पद पनि किन्न सक्छ र ब्रम्हलोक पनि किन्न सक्छ । निर्वाण पनि पाउनसक्छ तर श्रद्धाको साउँ त चाहिन्छ । श्रद्धा नै छैन भने त्योभन्दा गरिब कोही पनि हुँदैन भनेर भगवान भन्नुहुन्छ ।

रूख बिरूवा उमार्न पर्‍यो भने बीउ चाहिन्छ । बीउ नै रोपिएन भने



Downloaded from http://dhamma.digital

केही पनि उम्रिँदैन र फलफुल केही मिल्दैन । त्यसैले श्रद्धालाई असल बीउ हो पनि भन्नुभएको छ । बीउ नै छैन भने अथवा साउँ नै छैन भने व्यक्तिले केही पनि पाउन सक्दैन र ऊभन्दा गरिब कंगाल अरू कोही हुँदैन ।

फेरि *'सद्धा हत्थे'* अर्थात् श्रद्धानै हात हो पनि भन्नुभएको छ । हात भएको व्यक्ति रत्नको खानीमा पुग्दा हात भएकोले त्यहाँ खानीमा खनेर रत्न निकाल्न सक्छ । हातै छैन भने रत्न त जताततै छ, तर हेऱ्याहेऱ्यै हुन्छ । रितो हात फर्कनुपर्छ । हात भएमात्र रत्न सोहर्न सकिन्छ ।

शासन रत्नको खानी खुलेको बेला मनुष्य जन्म लिएर आइयो भने त्यो व्यक्तिले शासनको रत्न जति पनि बटुल्न सक्छ । हातै छैन भने शासन भएतापनि शासनको रसपान गर्न सक्दैन । दान पनि गर्न सक्दैन, शील पालन पनि गर्न सक्दैन, धर्म श्रवण गर्न पनि सक्दैन, समाधि आचरण गर्न पनि सक्दैन, विपश्यना ज्ञान पनि पाउन सक्दैन, मार्गज्ञान पनि मिल्दैन, फल ज्ञान पनि मिल्दैन, निर्वाण मिल्दैन भने ऊ त रित्तै हुन्छ किनभने ऊसँग शासन रत्न सोहर्ने हातै छैन । शासन त छ तर लिने हातै छैन ।

## सुप्रबुद्धको प्रसंग –

भगवान उत्पति भएकै समयमा पनि यशोधराकी पिता सुप्रबुद्ध थिए । लौकिक नाताले बुद्धका आफ्नै मान्छे, ससुरा । सुप्रबुद्ध आफ्नै मान्छे भएतापनि विरोध गरिहिंड्थ्यो । यसै कारणले सुप्रबुद्ध अविचि जानुपऱ्यो । संघको साथमा भिक्षाटन गर्न कोलीय जानुहुँदा सुप्रबुद्धले बाटो छेके । भगवानले ३ पल्टसम्म बाटो छोड्न भन्नुभयो । भगवानको बाटो कसैले बन्द गर्न हुँदैन । सुप्रबुद्धले बाटो बन्द गरिदिएकाले उत्निखेरै अविचि जाने कर्म बनिदियो । भगवानले भन्नुभयो – 'आजको ७ दिनमा सुप्रबुद्ध पृथ्वीमा भासेर अविचि नरकमा खस्छन् । त्यतिबेला भगवान पनि हुनुहुन्थ्यो, बुद्धरत्न, धर्मरत्न, संघरत्न पनि हुनुहुन्थ्यो । त्यो समय यी रत्नहरूको आडमा निर्वाण-रत्न प्राप्त गर्न सक्ने लोकुत्तर रत्नको खानी खुलेको समय हो तर सुप्रबुद्धको हातै थिएन । हातै नहुँदा जति नै रत्नको खानी खुले तापनि अलिकति पनि रत्न लिन सकेनन् ।



Downloaded from http://dhamma.digital

## मगन्ते सुप्रबुद्धको प्रसंग –

अर्को उदाहरण मगन्ते सुप्रबुद्धको छ । शरीरभरि रोग, घाउ, खटिरा भएका सुप्रबुद्ध मागेर खाने व्यक्ति थिए । उनले नुहाउन पनि सक्दैनथे । शरीर फोहर भएकोले भिंगा भन्किरहेका थिए । दिनभरि मागेर खानुपर्थ्यो । कहिले खानेकुरा मिल्थ्यो, कहिले मिल्दैनथ्यो । शरीरको दुर्गन्धले गर्दा माग्न गए पनि मानिसहरू छि छि दुर दुर गर्थे र खानेकुरा केही दिंदैनथे । दुर्गन्धले गर्दा नजिक पर्न पनि दिंदैनथे । फोहर मैलाको थुप्रोबाट भातको सिता टिपेर गुजारा गर्नुपर्थ्यो ।

एकदिन भगवानले धर्म देशना गर्दैहुनुहुन्थ्यो । ती सुप्रबुद्धले देशना सुन्न जान्छु भनेर त्यस ठाउँ पुगे तर त्यहाँका परिषदले दुर्गन्धका कारणले भित्र पस्न दिएनन् । उनलाई धर्म पनि सुन्न दिइएन । उनले परै बसेर भए पनि एकाग्र मनले धर्म सुने । सुन्दै मनन गर्दागर्दै स्कन्धको परमार्थलाई देख्न थाले । देख्दादेख्दै विपश्यनाको ज्ञान छिपिंदै गएर स्रोतापन्न ज्ञानमा पदार्पण गरे । भगवानको शासन रत्न महाजनलाई मात्र होइन मगन्तेहरूलाई पनि हो । जसको हात छ, उसले सोहर्छ । रत्न सोहर्ने जसको पनि अधिकार छ तर हात भएको व्यक्ति हुनुपर्छ । *(यहाँ हात भनेर श्रद्धालाई भनिएको हो ।)*

ती सुप्रबुद्धले ज्ञान पाएको इन्द्रलाई थाहा भयो । आफूले भेट्टाएको धर्मज्ञान भगवानलाई सुनाउन जान्छु भनेर भित्र जान खोजे तर परिषदले नजिक पर्न दिएन । स्रोतापति ज्ञान पाएको व्यक्ति भनेर कसलाई कसरी थाहा होस् । त्यस परिषदमा राजा, भारदार, महाजनहरू बसेका थिए । ती मगन्तेलाई कसले पुछ्थ्यो ? भगवानलाई ज्ञान भेटें भनेर सुनाउने जाने इच्छा गरेको त्यस मगन्तेलाई इन्द्रले देखे । परीक्षा लिने विचारले उनको नजिक आए । इन्द्रले भने, "तिमी दुःखी छौ । तिमीलाई रोगव्याधिले सताएको छ । शरीरभरि घाउखटिरा छ । तिमीसित केही पनि धन सम्पत्ति छैन । तिम्रो रोग पनि निको पारिदिन्छु, राम्रो रूप पनि बनाइदिन्छु अनि सम्पत्ति पनि प्रशस्तै दिन्छु तर तिमीले एउटा काम गर्नुपर्छ । संसारमा सम्यकसम्बुद्ध भगवान छैनन्, लोकोत्तर धर्म भन्ने छैन । साँच्चैकै आचरण गर्ने संघ भन्ने पनि छैनन् भनेर भनिदिनुपर्छ, तिमी के भन्छौ ?"

ती सुप्रबुद्धले इन्द्रका यी कुरा सुन्न सकेनन् । उनले भने, "हे



Downloaded from http://dhamma.digital

इन्द्र, मलाई गरिब भन्यौ, तर म त धनी हुँ । मसँग श्रद्धाको सम्पत्ति छ । बहुश्रुत, त्याग, शील, प्रज्ञा, हिरि, ओतप्प धन मसँग परिपूर्ण छ । तिम्रो सम्पत्ति मलाई चाहिंदैन ।" लोकमा त दिन्छु भनेर नभने पनि एउटा बत्ती बालेर त मागिन्छ । तर यहाँ इन्द्रले अपार सम्पत्ति दिन्छु भने पनि सुप्रबुद्धले लिन मानेनन् । सायद, हामीले भए अहिले ती तीन रत्न 'छैन' भन्दिन्छु, पछि 'छ' भन्नुपर्ला भनेर त्यो धन लिन्थ्यौं होला । तर आर्य भइसकेको हुनाले गरिब भए पनि श्रद्धा बलियो भएका कारणले सुप्रबुद्धले इन्द्रले दिन्छु भने पनि लिएनन् । उनले श्रद्धालाई साउँ बनाएर हिंडेकाले अहिले आएर निर्वाणलाई समेत साक्षात्कार गर्न पुगे । त्यसैले अति उत्तम धन नै श्रद्धा हो भनेर भगवानले भन्नुभएको हो ।

श्रद्धाकै सम्बन्धमा कुरा गर्दा, कसैलाई दान गर्न मन लाग्यो, दान गर्छु त भनियो । तर मौका नमिलेकोले दान गर्न सकेनन् । काम कारवाही पनि राम्रो भएन । १५-२० वर्ष अगाडि दान दिने श्रद्धा पलाएको थियो । पुण्य त धेरै भएको छ । एकक्षणमा श्रद्धा सम्बन्धका कुशल जवन-चित्त कति भए, भए । ती पनि उपनिस्सय प्रतिहार भए । १५-२० वर्ष पछि दान दिने मौका जुऱ्यो । काम पनि राम्रो भयो । दान कार्य पनि सम्पन्न भयो । त्यो दान कार्यको उपनिस्सयलाई हेरियो भने ती १५-२० वर्षसम्ममा उब्जिएको श्रद्धाको उपनिस्सय भएकोले त्यो कुशल कार्य सफल हुन आयो । अकुशलमा पनि यस्तै हुनसक्छ ।

श्रद्धा भयो तर मौका परेन भने पनि त्यो श्रद्धा उपनिस्सय भइदिन्छ । पछि गएर त्यही श्रद्धाले ठूलो पुण्य कर्म सम्पन्न हुन ठूलो तागतसहित भएर उपकार गर्छ । किनकि त्यो श्रद्धा त धन हो, साउँ हो नि ! अब त पुण्यको खेती हुन्छ । त्यही श्रद्धाकै आड पाएर शील, समाधि पनि फलित हुनजान्छ ।

शिविरमा सहभागी हुन आएको पनि श्रद्धा कै आडले हो । श्रद्धाकै आडले धर्म पनि सुन्न सकिएको हुन्छ । श्रद्धाको आडमा कहाँ कहाँबाट आफ्ना कामधाम छोडी धर्म श्रवण गर्न र ध्यानाभ्यास गर्न आउन सकिएको हुन्छ । श्रद्धाको बीउ रोपण भयो भने त्यसका फलहरू पनि प्राप्त हुँदैजान्छन् । पुण्य संचय हुँदैजान्छ । पुण्यको प्रथम गुरू खोज्ने हो भने श्रद्धा नै



Downloaded from http://dhamma.digital

भेटिन्छ ।

आलबक सूत्रमै भगवानले आलवकलाई *'सद्धाय तरति ओघं'* पनि भन्नुभएको छ । दुःखको भुमरीबाट श्रद्धाले नै पार तार्न सक्छ । ४ प्रकारका भुमरी हुन्छन् – कामोघ, भवोघ, दिट्ठोघ र अविज्जोघ ।

कामोघ भनेको कामगुणको भुमरी हो । कामगुणको भुमरीमा कसरी परिन्छ ? कामगुणले मानिसलाई कहिले जापान, कहिले अमेरिका, कहिले कहाँ, कहिले कहाँ कुदाएको हुन्छ । आनन्दसाथ बस्न दिंदैन । कहाँ गएर कसरी कमाउने, कसरी ठग्ने भनेर चिन्ताले हरदम सताउँछ । यो पनि कामगुणको भुमरीले फसाएको हो ।

कामगुणको भुमरीमा फसेको व्यक्तिले पापलाई देख्न सक्दैन । कसैले राम्रो असल सामान बेच्न ल्यायो भने पनि त्यसलाई राम्रो भन्दैन । राम्रो भन्यो भने उसले भनेको भाउमा किन्नुपर्ने हुन्छ । त्यसैले 'राम्रो छैन, मलाई चाहिदैन' भनेर भन्छ । बेच्न ल्याउनेले साँच्चै नै मैले ल्याएको सामान कमसलको हो क्यारे भनेर भाउ घटाइदिन्छ । तैपनि लिने रूचि देखाउँदैन । अन्त्यमा घटाउनसम्म घटाएर आफूलाई फाइदा हुने देखेपछि 'उसो भए लौ त, तपाईले त्यहाँदेखि ल्याउनुभयो, लिनै पर्ला भनेर नाटक गरी गरी किन्छ । यसरी भन्न गर्न सिकाएको पनि कामगुणकै प्रभावमा परेर हो । हुने भए त सित्तैमा पनि लिन खोजिन्छ । यो पनि कामगुणको भुमरीमा परेर हुन्छ । अतिमा गएर कामगुणको भुमरीले प्राणतक लिनसक्छ । त्यस भुमरीबाट श्रद्धाले मात्र पार तार्न सक्छ । श्रद्धा छैन भने त कामगुणको भुमरीमा डुबिरहेकै हुन्छ ।

भगवानले सही धर्मलाई बुझेर सही विषयमा सही प्रकारले विश्वास भएकोलाई श्रद्धा हो भन्नुभएको छ । यस्तो विश्वास भएको व्यक्तिले यो पाप हो, यो पुण्य हो भनेर ज्ञानले जानेको हुन्छ । यस्तो व्यक्तिले मिलेको सम्पत्ति पनि दान गर्छ । श्रद्धाको बलियो आड पाएर दान दिन्छ, शील पालन गर्छ, ध्यान भावना पनि गर्छ । अझ त श्रद्धाको बलियो आधार पाएर दुःखबाट मुक्त पनि हुनसक्छ ।

श्रद्धा नभएको व्यक्ति साउँ नै नभएको, अनिकालको लागि बीउ नै नभएको र हात नै नभएको व्यक्तिझैं हुन्छ र ऊ जतिको निर्धन कंगाल



Downloaded from http://dhamma.digital

व्यक्ति अरू कोही हुँदैन । ऊ कहीं पनि काम नलाग्ने हुन्छ । आखिरमा माग्नेमा पुगिन्छ । तर भगन्ते सुप्रबुद्ध जस्तो माग्ने होइन । श्रद्धारूपी धन नभएको व्यक्ति त लाचार भएर रूमाल भुईमा थापी बिलौना गरेर *'हजुर एक पैसा पाऊँ'* भनेर माग्नेमा पुगिन्छ ।

***पट्ठान देशना अन्तर्गत आठौं दिनको***
***'सहजातपच्चय र अञ्ञमञ्ञपच्चय देशना'***
**समाप्त भयो ।**

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# नवौं दिन

## (आरम्ममणमा उपनिस्सयपच्चयलाई मिलाएर)

१

पट्ठान देशना शरीरअन्तर्गतकै देशना हो । शरीरको एकएक अङ्गमा कस्तो प्रकारले उपकार भइरहेको छ, कसको उपकारले यसरी संचालन भइरहेको हो भन्ने कुराको विवेचना पट्ठान देशनामा आउँछ । अतः पट्ठान देशना विशेष प्रकारले पञ्चस्कन्धकै देशना हो ।

आरम्मण दुई प्रकारका हुन्छन् – साधारण आरम्मण र अधिपति आरम्मण ।

साधारण आरम्मण – रूपको स्पर्श हुँदा देख्ने मन उत्पन्न हुन्छ । तर त्यही रूपको आकर्षण बढी भयो भने अधिपति भइदिन्छ । रूपको स्पर्श हुँदा देखिने काम हुन्छ, शब्दको स्पर्श हुँदा सुनिने काम हुन्छ । यो त साधारणतया भइहाल्छ । तर त्यो साधारण आरम्मण पनि अधिपति भइदियो भने त्यसमा मनलाई खिच्ने शक्ति अत्यधिक हुन्छ । चक्रवर्ती राजाजस्तो भएर सम्पूर्ण चित्त चेतसिकहरूलाई तान्न सक्ने स्थितिमा आयो भने त्यो आरम्मण अधिपति भइदिन्छ । आरम्मणुपनिस्समयमा अधिपति भइएको आरम्मण यही हो । त्यस्तै अनन्तरूपनिस्सयले पनि अन्तर नबनाइकन एक एकलाई तागतिलो भएर उपकार गरिरहेको हुन्छ । पकदुप्पनिस्सय धेरै गहिरो छ । यसले धेरैलाई अंगाल्छ । यसले पुग्गललाई पनि, ऋतुलाई पनि, भोजनलाई पनि र सेनासंन भनिने लुगा, ओछयान, ओढ्ने, ओछ्याउने सबैलाई अंगाल्नसक्छ । यसलाई बिशेष बुझ्न जरूरत छ र आफ्नो आचरणमा पाइलैपिच्छे कुन उपनिस्सयले उपकार गर्दैछ भन्ने पनि जान्न जरुरी छ । जानियो भने बल्ल ज्ञान सफल हुँदैजान्छ ।



Downloaded from http://dhamma.digital

श्रद्धाको बलियो आधार पाएमा दान दिइन्छ, शीलको पनि पालना हुन्छ । दानबाट पाउने कुशल पुण्य सबै बलियो श्रद्धाबाट पाउन सकिन्छ । अरू पुण्यहरू पनि पाउन सकिन्छ । जस्तै उम्रिन नसकेको झारपात बिरूवाहरूलाई वर्षा भइदियो भने पानीको बलियो आधार पाएको हुनाले ती बिरूवाहरू उम्रेर आउनसक्ने, झ्याङ्गिनसक्ने, जतातत‍ै हरियाली हुनसक्ने, फलफूलहरू लाग्नसक्ने स्थिति बन्दछ । त्यस्तैगरी हामीमा पनि श्रद्धाको बलियो आधार पाएमा अनेक कुशल पुण्यहरू फैलिन पाउँछन् ।

*'सद्धं उपनिस्सय, सीलं उपनिस्सय, चागं उपनिस्सय, समाधिं उपनिस्सय र पञ्ञा उपनिस्सय'* – यी पाँचवटा नै उपनिस्सय प्रतिहारमा आउँछन् ।

सद्धं *उपनिस्साय, समाधिं भावेय* = शील बलियो छ भने समधि हुन्छ । शीलको बलियो आधार पायो भने प्रज्ञा पनि हुन्छ ।

*सग्गारोहण सोपानं अन्यं सीलंसमकुतो* = स्वर्ग जानु छ भने शीलबाहेक अरू कुन धर्म छ र ?

*द्वारं वा पन निब्बानं नगरस्स पविस्सने* = कुनै नगरमा जानुपर्‍यो भने स्वागतद्वारसम्म पुग्नुपर्छ त्यस्तै निर्वाणमा पुग्नु छ भने निर्वाणरूपी नगरको द्वारसम्म पुग्नुपर्छ । त्यहाँसम्म शीलले नै पुर्‍याउँछ । शीलको उपनिस्सय निर्वाणसम्म नै हुन्छ ।

## जयसेन राजकुमारको प्रसंग –

सुत भनेको बहुश्रुत हो । । बहुश्रुत नै नभएको व्यक्तिले धर्म पनि बुझ्न सक्दैन । त्यस्ता व्यक्तिलाई जति ध्यान बसे पनि निर्वाण मिल्दैन । भूमिजसुत्र अनुसार जयसेन राजकुमारले भुमिजलाई सोधे, "भन्ते, लोकजनहरू भन्छन् कि निर्वाण मिलोस्, निर्वाण मिलोस् भनेर आचरण गर्ने हो भने निर्वाण मिल्छ । के यो कुरा सत्य हो ?" भुमिज भन्नुहुन्छ, "त्यसरी निर्वाणमा पुगिंदैन । आचरण छ तर प्रार्थना छैन भने पनि निर्वाणमा पुगिंदैन । मागेको पनि होइन, नमागेको पनि होइन, मागे जस्तो जस्तो गरी आचरण गरेमा पनि पुगिंदैन । कसरी पुगिन्छ त भन्दा सही मनसिकारसहित भएर आचरण गरे मात्र पुगिन्छ ।" (सही मनसिकार भनेको योनिसो मनसिकार हो । योनिसो मनसिकार सद्धर्म श्रवण गर्नेमा हुन्छ । यो कुरा



Downloaded from http://dhamma.digital

पेतकोपदेस पालिमा आउँछ ।)

'जयसेन राजकुमारको चित्त बुझ्यो त' भनेर भगवानले सोध्नुहुँदा भुमिजले 'चित्त बुझाएको त छैन, भगवान' भनेर भने । भगवानले भन्नुभयो, "त्यति छोटो देशनाले कहाँ बुझ्छन् र ! तिनलाई त उपमा र उपमेयले बुझाउनुपर्छ ।"

उपमा उपमेय भनेको दृष्टान्तबाट सम्झाउने हो । जस्तै एकजना बाल्टिनमा दुध लिएर आएको व्यक्तिलाई एकजना अर्को व्यक्तिले दुध कहाँबाट आउँछ भनेर सोध्यो । ब्याएकी गाईलाई दुहियो भने दुध आउँछ भनेर जवाफ आयो । त्यो व्यक्ति ब्याएकी गाई भएठाउँ गयो । दुहे दुध आउँछ भन्थ्यो मैले पनि दुहुन्छु भनेर बाल्टिन लिएर गयो । बिचरा उनलाई कहाँ दुहुने भन्ने नै थाहा थिएन । यता उता हेऱ्यो, दुईटा सिंग देख्यो । अँ, दुध दुहुने त यसैमा होला भनेर सिंगमा निचोऱ्यो । हे भगवान, यो सिंगबाट दुध आओस् भनेर जति निचारे पनि दुध त आएन ।

एकजनाले भाँडोमा तेल लिएर गएको रहेछ । एउटा अर्को मान्छेले 'यो के हो हजुर' भनी सोध्दा 'यो तेल हो' भन्यो । उनले 'तेल कहाँबाट आउँछ' भनेर सोधे । 'तेल त कोलमा गएर पानी लगाएर घुमाइदिने हो भने आउँछ' भन्ने जवाफ पायो । उनले पनि कोल भएको ठाउँमा गएर पानी लगाइदिए र घुमाइदिए । त्यो बेला मिसिन थिएन । हातैले घुमाउनुपर्थ्यो । तेल आओस् भनेर जति घुमाए पनि तेल आएन । 'कोलमा गएर घुमाएँ तर तेल आएन' भन्न गयो । 'कसरी घुमायौ' भनी सोध्दा 'त्यतिकै घुमाएँ' भन्यो । 'केही ओहिरो हालेनौ' भनेर सोध्दा 'अहँ, हालिनँ' भन्ने जवाफ दिए । 'ओहिरो नहाली हुँदैन' भनेर सम्झाइपठाए । उनी फर्केर त गए तर ओहोरो के हाल्ने भन्ने थाहा थिएन । उनले बालुवा वा माटो हालेर चलाउन थाले । तेल आएन । पराल हालेर घुमाए तर तेल आएन । 'मैले पराल बालुवा ओहिरो हालें, खै त तेल आएन' भनेर भन्न गए । 'त्यस्तो ओहिरो हालेर पनि तेल आउँछ त, तेल आउने ओहिरो चाहिन्छ जस्तै तिल, बदाम, तोरी इत्यादि हाल्नुपर्छ' भनेर सिकाइपठाए ।

यही उपमामा भनिए अनुसार हामीले पनि बुझ्नुपर्छ कि सही मनसिकार भएन भने बालुवादि जति ओहरो हाले पनि तेल आउँदैन ।



Downloaded from http://dhamma.digital

सिंगमा जति दुहे पनि दुध आउँदैन । त्यस्तैगरी सही मनसिकार छैन, सही बहुश्रुत ज्ञान छैन भने जति नै परिश्रम गरे पनि निर्वाण पाइँदैन । जति नै प्रार्थना गरे पनि मिल्दैन । सही मनसिकार नभएको सही धर्मको बहुश्रुत ज्ञान नभएकोले हो । बहुश्रुत ज्ञान नभएको कारण सत्यधर्म सुन्न, बुझ्न नपाएको कारणले हो । सद्धर्म श्रवणले मात्र योनिसो मनसिकार हुन्छ । योनिसो मनसिकार भए बल्ल *धम्मानुधम्मपटिपति (धर्माचरण)* सफल हुन्छ । त्यसैले सुतो (बहुश्रुत) लाई उपनिस्सय (बलियो आधार) बनाएर आचरण गरे ध्यान सिद्धि हुन्छ, विपश्यना ज्ञान पनि हुन्छ, मार्गज्ञान पनि हुन्छ, अभिज्ञान पनि हुन्छ, समापत्ति पनि हुन्छ । त्यसैले धर्मको आचरण पाउन धेरै धर्मका ज्ञान सुनेको बुझेको हुनुपर्छ । त्यस्तो व्यक्ति त्यतिकै चुप लागेर बस्न सक्दैन । किनभने बुझिसकेपछि आचरण गर्नेतिर लाग्दछ । बुद्धको पालामा पनि बहुश्रुत ज्ञान पाएर जंगल गएर आचरण गरेर ध्यान सिद्धि गरेर अरहन्त फल पाउने धेरै थिए । बहुश्रुतको आधार पाएका अथवा उपनिस्सय पाएकाले दानको र शीलको कुशल पुण्यलाई पनि बुझेको हुन्छ । त्यस्ता व्यक्तिले सही प्रकारले दान गर्छन् अनि शील पनि राम्ररी पालन गर्छन् ।

लौकिकमा पनि धन सम्पत्ति कमाउने व्यक्तिलाई पनि बहुश्रुत ज्ञानको बलियो आधार चाहिन्छ । त्यस ज्ञानको आधार पाएमा धन सम्पत्ति कमाउने बाटो खोजी गर्न सकिने हुन्छ । आफूले दान गरेको पुण्यलाई सम्झी सम्झी खुसी हुन्छ । खुसी मन सुखको लक्षण हुन्छ । यो चिठ्ठा परेर पाएको खुसी जस्तो होइन । सुखको पछि एकाग्रता हुन्छ । सुखमा छ भने समाधिमा हुन्छ । जसलाई कायिक र चेतसिक सुख छैन त्यसलाई समाधि हुँदैन । दानशीलबाट प्राप्त प्रीतिसुखको कारणले निर्वाणसम्म पनि मिल्न सक्छ । प्रज्ञाज्ञान छैन भने सही र गलत छुट्याउन सक्दैन, धर्म पनि जान्न सक्दैन । सही जान्न सकिएन भने मिथ्यादृष्टिमा परिन्छ । गलत गुरुको फन्दामा परियो भने पनि गलत ज्ञान मिल्छ । अनि अज्ञानताको भुमरीमा डुब्न पुगिन्छ ।

सारिपुत्रले धर्म नबुझेको अवस्थामा, भगवानसँग भेट नभइसक्दाको स्थितिमा र अस्सजिसँग भेट नहुँदाको बेलामा राजगृहमा एउटा पर्वमा मेला



Downloaded from http://dhamma.digital

हेर्दाहेर्दै सम्यक संवेग उत्पन्न भयो र गुरूको खोजीमा हिंड्नुभयो । भेटेका गुरूहरूले सिकाएका सबै सिक्नुभयो तर ती ज्ञानमा मुक्तिको बाटो भेट्टाउनुभएन । अरू त तिनै गुरूलाई भगवान मानेर बसे । तर सारिपुत्रलाई उनीहरूको मार्ग सम्यक मार्ग होइन र यो ज्ञानले मुक्ति भेटिंदैन भन्ने जानेर उहाँ ती गुरूहरूको मार्गमा फस्नुभएन । जब सही धर्म सुनेर सही आचरण सिकेका पञ्चवर्गीयमध्ये कान्छा अस्सजित भेट्नुभयो । यस्तो इन्द्रियजीत व्यक्ति त मैले आजसम्म भेटेको थिइनँ, कति शान्त छ, यिनले अवश्य पनि आस्रव क्षयको आर्य मार्ग भेटेको होला, कि त यिनका गुरूले भेटेको होला भनेर उनको पछिपछि लाग्नुभयो । अलिकति सारगर्भित धर्म सुन्ने इच्छा व्यक्त गर्नुहुँदा उहाँले *'ये धम्मा हेतुप्पभावा हेतु तेसं तथागतो आह, तेसं च यो निरोधो एवं वादी महासमणो ।'* भन्ने गाथा सुनाउनुभयो । सारिपुत्रले उक्त गाथाको अर्थ छिटै बुझ्नुभयो । जति पनि कार्यहरू छन्, कारण भएर उत्पति भएका हुन् । यो कारण कार्यको धर्म हो । त्यो कारणलाई पनि निरोध गर्न सकिन्छ । यो उत्पति भएर फेरि विनास हुने स्वभावको छ । यस्तो उपदेश दिनुहुने हाम्रा महाश्रमण भगवान हुनुहुन्छ । यसरी यस गाथाको अर्थ बुझ्नेवितिकै सारिपुत्रले स्रोतापन्न ज्ञान पाउनुभयो । त्यसैले सच्चा ज्ञानको आड मिल्यो भने गलत बाटोमा पर्न पाउँदैन । ज्ञानको आड नपाएकाले र सही आचरण गर्न नसकेकाले निर्वाण पनि प्राप्त गर्न सक्दैन । अतः ज्ञानको बलियो आड पाएर नै उत्तम कुशल पुण्य पनि हुन्छ र अन्ततोगत्वा निर्वाण पनि पाउन सकिन्छ ।

पट्ठान पालिको उपनिस्सय प्रतिहारमा भनिएको छ – *'कुसल धम्मो कुसलस्स धम्मस्स उपनिस्सयपच्चयेन पच्चयो ।'* कुशल धर्मले कुशल धर्मलाई नै तागतिलो भएर उपकार गर्दछ । यसमा *आरम्मणुपनिस्सय, अनन्तरूपनिस्सयय र पकटुप्पनिस्सय* तीनवटैलाई लिनुपर्छ । जस्तै भगवानको दर्शन गर्न जान्छु भन्ने चेतना कुशल धर्म भयो । भगवान भन्ने आरम्मणलाई लिएर श्रद्धा उत्पति भयो । भगवान भन्ने अब्याकरणरूप आरम्मरण हो । त्यही श्रद्धाको आधारबाट भगवानलाई वन्दना गरेको कुशल पुण्य पनि भयो । त्यही आधारबाट धर्म श्रवण पनि भयो । धर्म मनन पनि भयो । हुँदाहुँदै यसबाट निर्वाणसम्म पनि प्राप्त हुने जोहो हुन्छ । यो कुशल धर्मले



Downloaded from http://dhamma.digital

कुशल धर्मलाई तागत दिने आरम्मणुपनिस्सय हो ।

अनन्तरूपनिस्सय पनि आउँछ । कुशल चित्त एकपछि अर्को नटुट्ने गरी लाम लागेर आउँछ । ७ वटा जवन-चित्तलाई नै हेरौं । मानौं, अगाडिको कुशल धर्म दिट्ठधम्म वेदनीय हो । यो पहिलो जवन हो । यो जवन बिग्रेर यसैको आडमा आउने दोस्रो जवन पनि त्यही कुशल चित्त नै हुन्छ । त्यसका पछाडि आउने जवन पनि कुशल चित्त नै हुन्छ । एकपछि अर्को लगातार कुशल चित्त भइरहेको पनि अनन्तरूपनिस्सयले उपकार गरेकोले भएको हो । यसलाई *'आरम्मणुपनिस्सयपच्चयेन पच्चयो, अनन्तरूपनिस्सयपच्चयेन पच्चयो, पकदुप्पनिस्सयपच्चयेनपच्चयो'* भनेर उपकार गरिरहेको हुन्छ ।

पकटुप्पनिस्सयले पनि अगाडि कुशल धर्म भयो, जस्तै कि श्रद्धा भयो । त्यसको कारणले दान दिइयो भने कुशल धर्मले कुशल धर्मलाई नै उपकार गरिरहेको हुन्छ । यताको उपनिस्सयले उता दानको उपनिस्सय भएर कुशललाई नै उपकार गरेको हुन्छ ।

*'कुसल धम्मो अकुसलस्स धम्मस्स उपनिस्सयपच्चयेन पच्चयो ।'* कुशल धर्मले पनि अकुशल धर्मलाई उपकार गरिरहेको हुन्छ । अकुशल धर्मले कुशल धर्मलाई पनि उपकार गरिरहेको हुन्छ । तर यसमा चाहिं अनन्तरूपनिस्सयले काम गर्दैन । *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसला धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।'* *'पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं केसञ्चि उपनिस्सयपच्चयेन पच्चयो ।'* यहाँ 'केसच्चि' भनेको कुनै कुनै ठाउँमा भनिएको हो । कुनै कुनै ठाउँमा भन्नासाथै अनन्तरूपनिस्सयले काम गर्दैन । किनभने अनन्तर भन्नासाथै प्रथम जवनमा कुशल भएर बीचमा अकुशल हुन सक्दैन । पहिलो जवनको साथै पछि आउने सबै जवनहरू एकै समूहका हुन्छन् । बीचमा अकुशल हुन सक्दैन । बरू आरम्मणुपनिस्सय र पकटुप्पनिस्सयमा काम गर्नसक्छ तर अनन्तरूपनिस्सयमा सक्दैन । *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं उपनिस्सयपच्चयेन पच्चयो ।'* कुशल धर्मको बलियो आधार पाएपछि अकुशल कसरी हुन्छ ? कुशल गर्छु भन्दाभन्दै अकुशल त हुँदैन ।



Downloaded from http://dhamma.digital

*'सद्धं निस्साय मानं उपजेति ।'* श्रद्धाको आडमा अभिमान पनि हुन्छ । श्रद्धाको जगाएर दान त गऱ्यो तर मैलेजस्तो कसले दान दिन्छ र भनेर अभिमान चढ्नसक्छ । अरू त लोभी छन् भन्नथाल्छ । श्रद्धा त कुशल हो तर त्यही कुशलको आडमा मान अर्थात् अभिमान जाग्छ । 'मलाई त दान गरूँ गरूँ लाग्छ तर यिनीहरू त लोभी छन्, दान गर्दैनन्, धर्म बुझ्के पो' भन्दाभन्दै अभिमानको लर्को तानिन्छ ।

*'सद्धं निस्साय दिट्ठिं उपजेति ।'* श्रद्धाको आडमा मिथ्यादृष्टि पनि हुन्छ । दान गरेको त मैले हो नि, म हो नि, म नभए यहाँ के को दान कार्य हुन्थ्यो र ! भन्न थालिन्छ । गर्दागर्दा पुण्य पनि म, दान गर्ने पनि म, सबै म मा गएर टुङ्गिन्छ । कोही दान गर्छन्, बत्ती बाल्छन्, भगवानलाई ढोग गर्छन् । ढोगेर यसो भन्न थाल्छन् –'हे भगवान, मैले गरेको यो पुण्यको प्रभावले जन्मैपिच्छे धनीमानी हुन पाऊँ, अर्को जन्ममा यस्तो भव मिलोस् भनेर कामना गर्छन् । यो त तृष्णाले मागेको भयो । यो त *'सद्धं निस्साय तण्हं होति'* भयो । श्रद्धा त भयो तर ज्ञान नहुँदा मागेको पनि गलत हुन गयो । के माग्ने, कसरी माग्ने पनि थाहा भएन । यसरी सबै सबै नै गलत हुन पुग्छ । यसरी श्रद्धाको आडमा अभिमान, मिथ्यादृष्टि र तृष्णा उब्जिन थाल्छन् ।

त्यस्तै *'सीलं निस्साय मानं देति ।'* शीलको बलियो आड पाएर पनि अभिमान चढ्न सक्छ । उसलाई लाग्छ – 'मजस्तो शीलवान अरू कोही छैन । म त सारै नै शील पालन गर्छु नि । मैले त लामखुट्टे पनि मार्दिनँ । यिनीहरूले त शीललाई हल्का सम्झिन्छन् । म त पञ्चशीललाई कति पनि भङ्ग हुन दिन्नँ ।' आफूले गरेको पुण्यको फल त आफूलाई मिल्छ नै तर आफूले शील पालन गरेर पनि अरूका दोषहरू खोज्दै हिंड्छन् । उपासक उपासिकामा होस् वा भिक्षुमा होस् आफू शीलवान भएको अभिमान आफूमा चढाउँछन् । फेरि म त विनयधर हुँ, यी सबै हल्का फुल्का हुन् भनेर अरूलाई खिसि गर्न थाल्छन् ।

यसरी शीलको आडमा पनि अभिमान चढेर मिथ्याधारणा पनि कसिलो हुन्छ । किनभने शीलको आड पाएर म मेरो भन्ने आत्मदृष्टि छापा बसेर जान्छ । अगाडि कुशल त हो तर – *'कुसलो धम्म अकुलस्स धम्मस्स*



Downloaded from http://dhamma.digital

*उपनिस्सयपच्चयेन पच्चयो'* भनिएझैं शीलरूपी कुशलको आढ पाएर अकुशलतिर चिप्लेर जानसक्छ । व्यक्तिले कुशल कर्म त गर्छ तर मैले गरेको भन्ने अभिमान, मिथ्यादृष्टि र तृष्णाले अकुशलतिर धकेलिरहेको हुन्छ । कुशलको बलियो आडमा कर्म त गरिन्छ तर 'पत्नीलाई पनि सँगै राखेर धर्म गर्नुपर्छ र सँगै आशिर्वाद लिनुपर्छ, उनलाई पनि त पछिको जन्ममा पनि साथै राख्नुपर्‍यो नि' भन्ने तृष्णाले धर्म पुण्य गरिएको छ भने त्यो पुण्यले पनि अकुशलतिरै नजानिंदो पाराले धकेलिरहेको हुन्छ ।

कोही आफ्ना छोराछोरीमा – विद्यावान होऊन्, धनवान होऊन्, सुखी रहून्, निरोगी रहून् भनेर मैत्री-कामना गर्छन् । छोराछोरीहरूलाई राम्ररी पालन पोषण गरेर हुर्काएको पनि पुण्य त अवश्य हो तर मेरो छोरा, मेरी छोरी भनेर लुत्पुतिएको वा तानिएको चाहिँ तृष्णा हो । ती छोराछोरीबाटै पुण्य गर्ने जोहो पनि मिल्नसक्छ । तिनीहरूबाट अकुशल पनि हुन सक्दछ । मैत्री र करूणाले गरिएका कर्म कुशल हुन् भने मायाँ स्नेहले सहित भई गरिएका कर्म अकुशल हुन् । कुशल र अकुशल टाढाटाढा हुँदैनन् । कुशलको छेवैमा अकुशल बसेको हुन्छ । त्यसैले श्रद्धाको आडमा पनि अकुशल हुन पुग्छ ।

शील पनि कुशल हो । यसले निर्वाणसम्म पुर्‍याउन बल त दिन्छ तर जानिएन भने त्यसैबाट अभिमान चढेर मिथ्यादृष्टिको विकास हुन्छ र अरूलाई सानो देख्ने र अरूका दोषहरू देख्न पुगिन्छ । यो काम पनि शीलको उपनिस्सयबाट हुनजान्छ ।

*बहुश्रुत उपनिस्सय* अर्थात् बहुश्रुतको अभिमान चढेर पनि अकुशल निम्तिन पुग्छ । 'मसँगजस्तो बहुश्रुत ज्ञान कोसँग छ र ! मैले त धेरै नै बहुश्रुत ज्ञान कमाएको छु नि' भनेर अभिमानको पारा चढाउँछ । धेरै पढेको, डिग्री हासिल गरेको, परियत्ति ज्ञान धेरै पाएकोबाट पनि अभिमान चढ्नसक्छ । 'मैले धेरै विद्या पढेको छु, मैलेजत्ति कसले पढेको होला र ! यिनीहरूले के जानेका छन् र भन्दाभन्दै बहुश्रुत ज्ञानको उपादेयता कहाँ पुग्छ, कहाँ । यो बहुश्रुत ज्ञानको अभिमानले गर्वा हुनजान्छ । यस्तै उपनिस्सय चाग (दान) र पञ्ञा (प्रज्ञा)बाट पनि हुन्छ । यिनीहरूलाई पनि माथि भनिए अनुसार नै बुझ्नुपर्छ ।



Downloaded from http://dhamma.digital

*'अकुसलस्स धम्मस्स उपनिस्सयपच्चयेन पच्चयो ।'* अहिले अकुशल-धर्मले अकुशल-धर्मलाई कसरी उपकार गर्दछ भन्ने कुरालाई बुझ्नुपर्दछ ।

*'रागं निस्साय पाणं हनेति ।'* रागको बलियो आड पाएर प्राणी हत्यासमेत गर्न भ्याइन्छ । 'आज मासु खान ज्यादै इच्छा भएको छ, एउटा कुखुरा काट न' भनिन्छ । खानाको स्वादमा तानिएको राग हो । राग पाप हो, अकुशल हो । रागको आड लिएर कुखुरा काट्ने स्थिति पैदा गरायो । यसलाई 'रस राग' भनिन्छ । भगवानले अकुशल कर्म गराउने तत्व यही राग हो भनेर विशेषरूपले भन्नुभएको छ ।

एक आपसमा मायाँ प्रेम भएर तानिने पनि राग हो, अकुशल हो । यसमा अरू कुनै व्यक्ति आएर विघ्न बाधा दिएमा झगडा पनि हुन्छ । त्यसैले रागको बलियो आधार पाएर झगडा हुने, दुश्मनी हुने र यसलाई मार्न पाए ढुक्कै हुन्थ्यो भन्ने भावना पलाउने भएर पनि *'पाणं हनेति'* भनिएको हो । अगाडि पनि अकुशल र पछाडि पनि अकुशल हुन्छ । यो पकटुप्पनिस्सय हो । अनन्तरूपनिस्सयमा जवन-चित्तलाई लिनुपर्छ । यसमा अगाडि अकुशल भयो भने त्यसको पछिपछि पनि अकुशल भइरहने हुन्छन् । प्रथम जवन अकुशल हो भने द्वितीय, तृतीय, चौथो, पाँचौं, छैठौं र सातौं जवन पनि अकुशलतिरकै हुन्छ । यसमा अगाडिको अकुशलले पछाडिको अकुशललाई उपकार गरिरहेको हुन्छ ।

कुशलले कुशललाई, कुशलले अकुशललाई, अकुशलले अकुशललाई, अकुशलले कुशललाई, कुशलले अब्याकतालाई, अकुशलले अब्याकतालाई, अब्याकताले अब्याकतालाई, अब्याकताले कुशललाई, अब्याकताले अकुशललाई उपकार गरिरहेको हुन्छ ।

अघि भनिएको अकुशलले कुशललाई उपकार गर्दछ भन्ने कुरामा *'रागं निस्साय दानं देति, सीलं समादियति. .* .अर्थात् रागको आडमा दान दिइन्छ, शील पनि पालन गरिन्छ . . । राग भनेको पाप हो तर दान भनेको पुण्य हो । यसरी अकुशलबाट पनि कुशल कर्म सम्पादन हुनमा बल दिइएको हुन्छ । मायाँ लागेर कसैले कसैलाई खान लगाउन दिन्छ, औषधी दिन्छ भने त्यो दान हो । यहाँ पनि अकुशलले कुशललाई उपकार गरेको हो । ध्यान शिविर जान्छु भन्दा 'म पनि जान्छु नि, हामीसँगै शिविर जाऔं ।'



Downloaded from http://dhamma.digital

सँगै बस्ने छुट्ने मन नगर्ने राग हो र शिविरमा सम्मिलित हुनजाने काम कुशल कर्म हो । शिविरबाट शील पनि पालन हुन्छ, समाधि पनि हुन्छ, मार्ग पनि भेटिन्छ, अभिज्ञान पनि हुन्छ, समापत्ति पनि हुन्छ । यी अगाडिको रागरूपी अकुशलबाट आएका हुन् ।

### सुमेध र सुमित्राको प्रसंग –

आजभन्दा ४ असंख्य १ लाख कल्पअगाडिकी सुमित्रालाई हेरौं न । सुमेध ऋषिले आफ्नो शरीरलाई पुलको रूपमा दान गर्नुभएको थियो । सुमित्रा पनि दीपंकर भगवानलाई फूल दान गर्छु भनेर आएकी थिइन् । सुमेध ऋषिलाई देख्नेवितिकै पहिले पहिलेको वासनाले गर्दा सुमित्रालाई सुमेध मन परेछ । आजकलको भनाइले भन्नुपर्दा Love at the first sight भनिएझैं भएको थियो । तिनको मनमा सुमेधलाई श्रीमान बनाउन पाए हुन्थ्यो भन्ने लाग्यो । फूल एक्लैले चढाउन भन्दा दुईजनै मिलेर चढाउनुपर्‍यो भन्ने विचारले आधा फूल सुमेधलाई दिएर सँगै भगवानलाई फूल चढाऔं भनिन् । रागले गर्दा मायाँप्रिति उब्ज्यो तर भगवानलाई फूल चढाऔं भन्दा कुशल हुनगयो । *'राग उपनिस्साय दान देति'* भयो । भद्रकल्पमा चौथो बुद्ध हुन पाउने छौ भनेर दीपंकर तथागतबाट सुमेधलाई व्याधित मिल्यो । सुमित्राले पनि उहाँकै साथमा रहेर पारमितामा पूर्ण गर्नमा सहयोगी हुन पाऊँ र उहाँकै भवमा साथै रहेर त्यही भवबाट सँगै छुटकारा हुन पाऊँ भनेर दीपंकर तथागतसँग व्याधित मागिन् । यसरी रागको कारण भएर पनि पछिपछि कतिकति कुशल पुण्य हुने बलियो आधार बन्न पुग्यो ।

*उतुभोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।'*
*पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो ।'*
*सेनासनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।'*

ऋतुले पनि कुशल वा अकुशल हुनलाई उपकार गर्दछ । ध्यानबस्ने योगीलाई शरीरलाई अनुकुल हुने ऋतु भएमा समाधिलाई उपकार गर्छ । यदि धेरै गर्मी चढेको छ भने ध्यान बस्नलाई बाधा हुन्छ । ४ धातु बराबर मिल्न सक्दैन । १०२/१०३ ज्वरो चढेको व्यक्तिले ध्यान बस्न सक्दैन । ध्यान भावना आचरण गर्नको लागि स्वास्थ्य राम्रो हुनुपर्छ । स्वास्थ्य बिग्रनु



Downloaded from http://dhamma.digital

भन्नु नै ऋतु विग्रेर हुनजान्छ । धातु स्वभाव तलमाथि भएको वा अति भएको छ भने ध्यान साधना बिग्रिन्छ । अनुकूल मौसम भएको बेला वा त्यस्तो ठाउँमा गएर ध्यान भावना आचरण गर्दा सजिलै समाधि लाग्छ ।

काठमाडौंको तापक्रममा बसेको मान्छे गर्मी महिनामा दिल्लीमा गएर ध्यान गर्न गएमा जीउनै लट्ठ भएर बिरामी हुन थाल्छ । त्यहाँ तापक्रम पनि यति कि गर्मी भो भनेर टाउकोबाट पानी खन्याउँदा पानी तल पुगेको हुँदैन माथि तातिसक्छ । त्यसैले ऋतुले पनि उपकार गर्दछ । ऋतु शितल छ भने शरीर पनि हल्का र ताजा हुन्छ अनि काम गर्न जाँगर पनि चल्छ । हुन त जाँगर चलेको बेला पाप कर्म पनि गर्न पुगिन्छ र पुण्य कर्म पनि गर्न पुगिन्छ । आज मौसम राम्रो छ, काम गर्न जानुपऱ्यो, कमाइ गर्न जानुपऱ्यो भनेर काममा जान्छन् र नाफा कमाउनको लागि ठगठाग पनि गर्छन् । आहा, आज मौसम अनुकुल छ, ध्यान बस्नुपऱ्यो भनेर ध्यान भावना पनि गरिन्छ । यसरी मौसमको बलियो आड पाएर कुशल पनि हुनसक्छ, अकुशल पनि । होइन, आज ज्यादै गर्मी छ, व्यापारमा पनि जान्नँ बरू भित्रै बसेर ध्यान बस्छु भनिन्छ भने त्यो ऋतुले पनि पुण्य हुनलाई उपकार नै गरेको हुन्छ । गर्मी छ, भयो भनेर सुत्यो वा मनमा नाना प्रकारको विचार उब्जायो र क्लेशलाई बढाएर लग्यो भने पापलाई पनि उपकार गर्दछ । आहारले पनि यसै गरी उपकार गर्दछ ।

*पट्ठान देशना अन्तर्गत नवौं दिनको*
*'आरम्मणमा उपनिस्सयपच्चय'*
*देशना समाप्त भयो ।*



Downloaded from http://dhamma.digital

# दशौं दिन

## (उपनिस्सयपच्चयलाई मात्र)

## १०

अकुशलले कुशललाई, कुशलले अकुशललाई तागतिलो भएर उपकार गरेको हुन्छ । यो पकटुप्पनिस्सयबाट हुन्छ । कुशल अकुशल भन्नु नै चित्तको चेतना हो । अब्याकतचाहिँ रूपस्कन्धबाट आएको हुन्छ ।

दान गर्छु भनेर श्रद्धा त जाग्यो । दान गर्नेबेला अलिकति देख्दो सुहाउँदो त हुनुपर्‍यो । दान गर्छु भन्ने चेतना नै पुण्य हो तर देख्दो र सुहाउँदो हुनुपर्‍यो भन्नेवित्तिकै चेतना पुण्यतिर नभई ब्यक्तितिर फर्किन्छ । यत्रो महाजन भएर गरिबले जस्तो दान दियो, अलिकति नाम सुहाँउदो त गर्नु नि भनेर बाहिरकाले भन्छन्, कुरा काट्छन्, कन्जुसिपाराले दान गर्‍यो भन्छन्, गर्ने परे धुमधामले नै गर्नुपर्‍यो नि – यसरी धुमधामतिर गइयो भने यो त पुण्य होइन, तृष्णा हो । यसलाई पनि, उसलाई पनि टाउकेहरूलाई पनि बोलाउनुपर्‍यो । मेरो काममा फलाना पनि आउनुभएको नि भनेर ब्यक्तितिर रमाउँछ – *'पुण्यारम्भे कम्म रामो'* भनेर वञ्चना धर्ममा आउँछ । आरम्भमा पुण्यजस्तो त छ तर ब्यक्तिमा गएर रमाइरहेका हुन्छन् । ब्यक्तिमा रमाएको तृष्णा हो । फेरि आमन्त्रित टाउकेले पनि 'तपाईंले बोलाउनु भएर मात्र आएको नत्र त फुर्सतै थिएन' भनिदिंदा 'मेरो काम भएर आउनुभएको नि' भनेर आफू पनि फुर्किन्छ । त्यो आउने ब्यक्ति पनि पुण्य लिन आएको होइन, मूख हेर्न र देखाउन मात्र आएको ठहरिन्छ । 'धन्न, तपाई आउनुभएछ, खुसी लाग्यो' भनिन्छ । पुण्यले खुसी भएको होइन, ब्यक्ति आएकोले खुसी भएको हुन्छ ।

अगाडि अलिकतिमात्र पुण्य भएको छ, त्यही पुण्यको बलले आउ पाएको हुँदा यता पाप धेरै आएको हुन्छ । बाहिरकाले हेर्दा बहुतै ठूलो पुण्य गर्‍यो फलानाले भनिन्छ तर बहुतै पाप आइरहेको थाहा नै हुँदैन । त्यसैले



Downloaded from http://dhamma.digital

पनि भगवानले *'चेतनालाई नै कर्म भन्छु हैं'* भन्नुभएको हो । यहाँ त चेतना पुण्यमा छैन, बाहिर बाहिर मात्र छ । फेरि जागरण बस्ने भनिन्छ । जागरण बस्न नाचगान चाहियो । अनि पो २४सै घण्टा गरेको कार्य भइदिन्छ । रातभरि नाचगान हुन्छ अनि पछि मदिरापान हुन्छ । सबै आफ्नो धुनमा आफ्नै रागमा नाचिरहेका हुन्छन्, मात्तिरहेका हुन्छन् । अरूका रागमा आफू, आफ्नो रागमा आफै, आफ्ना रागमा अरू यसरी रातभरि गरिएका अकुशलहरू अनगिन्ति हुन्छन् । त्यसै दिन मरियो भने सीधै नरक गइन्छ फेरि धाकधक्कु लगाउँछन् – यो पुण्य कार्यमा ३० लाख खर्च भयो भनेर । त्यो ३० लाखले के किन्यो त भन्दा अकुशलमात्र किनियो । यी कुराहरू अभिधम्म पढ्दा थाहा लाग्छ । बाहिरबाट हेर्दा त पुण्य नै गरिरहेको देखिन्छ ।

**एउटा उपमा –**

एकपल्ट एक उपासकले धुमधामले यस्तो पुण्य कर्मको आयोजना गरेछ । १०० वर्गी भिक्षुहरूलाई निमन्त्रणा गरे र प्रत्येकलाई १/१ लाख र किमती चिवर वस्तु दानमा दिए । त्यो कार्य हुनु ३ दिन अगाडिदेखि मेला लगाएर रातभरि नाचगान गरे गराए । उनी पनि रातिहुँदो आएका पाहुनालाई सत्कार गर्ने कार्यमा खटिंदा अनिंदो थिए । भोजन दान गरिसिध्याएर धर्मदेशना गरिदिनुहोस् भने । कस्तो खाले देशना गर्ने भनेर सोध्दा, 'छोटो हुनेगरी गरिदिनुहोस् न' भने । लामो देशना गरे अनिंदो हुँदा भुल्छन् नि त ! भन्तेले पनि छोटै देशना गर्नुभयो तैपनि भुलिरहेका थिए । दान दिंदैजाँदा 'मलाई उद्धार गरिदिनुहोस् भन्ते' भने । एकजना भन्तेले भनिदिनुभएछ – 'हे उपासक, रातभरि सारा गाउँ, नगरका जनता सबैलाई आगोले भोसेर, यति पानीले भिज्ला के त ? रातभर सबैलाई रागको आगोले जलाए, नाच्ने पनि, हेर्ने पनि रागकै आगोमा जलिरहेका थिए । ती उफ्रेका पनि रागकै आगोले पोलेर उफ्रेका हुन् । *(अप्पामादा पुस्तकमा)*

जानिएन भने अगाडि अलिकति पुण्य भएर पछिबाट आउने पाप धेरै हुन्छ । एकजना सयाडोले यहाँसम्म भन्नुभएको छ – टाढाबाट भन्तेजीलाई दर्शन गर्न जान्छु भनेर गइयो । सयाडोलाई दर्शन गर्न त हिंडे,



Downloaded from http://dhamma.digital

रित्तै खाली हात जान त भएन । रित्तै आयो भन्ने हुन्छ । केही न केही त लानपर्‍यो । यहाँ पनि यस्तै छ । खाली हात जान राम्रो नभएर दान गर्न लगेको, पुण्य कमाउन होइन । त्यो दान गरेको त साखुल्ले हुनलाई भयो, पुण्यको लागि भएन । उसले सम्भेको छ – पुण्य गर्दैछु, तर गरिरहेको छ पाप । त्यसले सही प्रकारले धर्म बुझिएको छैन भने पुण्य गर्दैछु कि पाप गर्दैछु भन्ने थाहा नै हुँदैन । चेतना कर्मलाई जानिएन भने यस्तो हुन्छ । । त्यसैले पनि भगवानले *'चेतनाहं, भिक्खवे, कम्मं वदामि'* भन्नुभएको हो ।

चेतना नै कर्म हो भन्दा लोभ सम्बन्धमा, दोस सम्बन्धमा, अभिमान सम्बन्धमा, मोह सम्बन्धमा भएको छ कि केबाट भएको छ ? हेर्नुपर्छ । फेरि उता श्रद्धा सम्बन्धमा, शील सम्बन्धमा, समाधि सम्बन्धमा भएको हो कि के सम्बन्धमा भएको हो त्यो पनि हेर्नुपर्छ । चेतनालाई जानिएन भने अगाडि कुशल भनेर सुरू गरिएको हुन्छ, पछाडि अकुशलको ताँती नै लागेको हुन्छ । ती अकुशललाई कुशलमा भएको पकटुप्पनिस्सय प्रतिहारले उपकार गरेको हुन्छ ।

फेरि अगाडि अकुशल भएर पछाडि कुशललाई पनि उपकार गर्नसक्छ । कसैलाई ठगेर ढाँटेर फाइदा त गरियो । त्यो फाइदा गरून्जेल कति पाप गरिए, गरिए । अब भएन भनेर त्यो फाइदा गरेकोबाट कुशल पनि गर्नुपर्‍यो भनेर पुण्य पनि गरिन्छ । पापकै डरले त्यही पापकै उपनिस्सयलाई लिएर फेरि पुण्य कार्य पनि गरिन्छ । *'अकुशल धम्मो कुशलस्स धम्मस्स उपनिस्सयपच्चयेन पच्चयो'* भनिएझैं यसलाई पकटुप्पनिस्सयले उपकार गरेको भनिन्छ ।

त्यस्तैगरी कुशलले अब्याकतलाई, अकुशलले अब्याकतलाई, अब्याकतले अब्याकतलाई पनि उपकार गरिरहेको हुन्छ । जस्तै शरीरलाई कष्ट भयो भने यो अब्याकत भयो । परिश्रम गरेमा बिरामी भयो । यो अब्याकतले अब्याकतलाई उपकार गरेको भयो । *'उतुभोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो'* भनेर हिजो पनि भनियो । ऋतु भनेको गर्मी, जाडो, तातो, चिसो हो । गर्मी भएको छ भने शरीर लठ्ठ पर्छ, बाहिर निस्कन मन लाग्दैन । लठ्ठ परेपछि अल्सी हुन्छ । अल्सिपनाबाट निन्द्रा लाग्छ । यी ऋतुले उपकार गरेका हुन् । त्यसैले भगवानले ध्यान भावना गर्न



Downloaded from http://dhamma.digital

आफ्नो स्वास्थ्य अनुकुलको ऋतु पनि चाहिन्छ भन्नुभएको छ । ऋतुको कारणले निन्द्रा वा आलस्यतिर गइयो भने अकुशलतिर गइन्छ । ऋतु राम्रो छ भने कुशललाई पनि उपकार गर्छ । आज त शीलत छ, फलाना ठाउँमा गएर दान गर्नुपर्‍यो, धर्म श्रवण गर्न जानुपर्‍यो, ध्यान बस्न जानुपर्‍यो भनेर पुण्यतिर पनि तानिएको हुन्छ । राम्रो मौसमको कारणले पापतिर पनि तानिन्छ । ऋतु राम्रो छ भने नराम्रो कामतिर पनि मन तानिन्छ । यसैलाई ऋतुले उपकार गरेको भनिन्छ ।

*'भोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।'* त्यस्तै भोजनले पनि उपकार गरेको हुन्छ । आहारको बलियो आड भएर पुण्यलाई पनि उपकार भइरहेको हुन्छ । पापतिर पनि उपकार भइरहेको हुन्छ । अलिकति धेरै चिल्लो लिएर ध्यान बसियो भने शरीर लठ्ठ हुन्छ, निन्द्रातिर गइन्छ । निन्द्रातिर गए ध्यानमा सन्तोष मिल्दैन । निन्द्रा लोभले पनि हुन्छ, द्वेषले पनि हुन्छ । थीनमिद्ध भनेकै लोभ, द्वेष एउटा न एउटाबाट भएको हुन्छ । निन्द्रा पनि कति लागेको होला भनेर भित्रबाट असन्तुष्ट हुँदै झुल्दै गरेको हुन्छ । कसैलाई मीठो निन्द्रा लागेर मज्जासित सुत्न पाए पनि हुन्थ्यो भनेर निन्द्राको लोभले तानिन्छ । आहारले त निर्वाण प्राप्त हुने समयमा पनि उपकार गर्दछ । फेरि आहारले निर्वाण प्राप्तिलाई बन्द गर्ने क्रम पनि गर्दछ ।

## भोजन मिलाएर खुवाउने मातुकी माताको प्रसंग –

धम्मपदको चित्तवर्गमा आएको एउटा घटनालाई हेरूँ । एक उपासिका थिइन् । तिनको नाम थियो – मातुकी माता । उनी भिक्षुहरूकहाँ ध्यान भावना आचरण गर्न जान्थिन् । तिनले गाउँलेहरूलाई बोलाई सहयोग लिएर भिक्षुहरूलाई जंगलमा ससाना कुटीहरू बनाइदिएर दान गरिन् । 'हाम्रो गाउँमा भोजनको लागि पाल्नुस्' भनेर प्रार्थना पनि गरिन् । उनले यसरी भिक्षुहरूको सेवा गरिन् । केही दिनपछि 'तपाईहरूले कस्तो आचरण गर्नुहुन्छ' भनेर सोधिन् किनभने तिनले देखिन् कि भिक्षुहरू एकआपसमा बोल्दैनन्, राम्ररी हेर्न पनि हेर्दैनन् ।

एकदिन ती मातुकी माता भिक्षुहरूलाई भेट्न विहार गइन् । त्यहाँ



Downloaded from http://dhamma.digital

चाईंचुईं आवाजै थिएन । भन्तेजीहरू कहाँ जानुभयो होला, पहिले त यहीँ यतै बस्नुहुन्थ्यो । तिनले यताउति हेरिन् । त्यहाँ रूखमुनि बस्दै ध्यान गर्दै गरेका एकजना भिक्षुलाई 'अरू भिक्षुहरू कहाँ हुनुहुन्छ' भनेर सोधिन् । उनले 'त्यहाँ झुण्डयाइएको घण्टीलाई मुग्रोले ठोके उहाँहरू आउनुहुनेछ' भने । ती उपासिकाले ट्याङ ट्याङ हिर्काउदा भिक्षुहरू एकएकगरी यताउताबाट निस्कनुभयो । एक आपसमा हेराहेर पनि छैन । आवाज पनि छैन । मन्दगतिमा खुट्टा उचाले, टेके, सारे । उचाले, टेके, सारे । यसरी संयमता जगाएर आउनुभएको देखिन् । यस्तो दृश्य कहिल्यै नदेखेकी ती मातुकी मातालाई यो दृश्य अनौठो लाग्यो । 'ला, भिक्षुहरूको यहाँ आएर टण्टा झगडा पो पऱ्यो कि क्याहो, एकले अर्कोको मुखसम्म पनि हेर्न नसक्ने स्थितिमा पुगिसक्नुभएछ' भन्ने सोचिन् । तिनले भन्तेहरूलाई 'एक आपसमा पनि बोलचाल छैन, के भएको होला' भनेर सोधिन् । भिक्षुहरूले भने, 'होइन, हामीले त भिक्षुले गर्नुपर्ने आचरण गरिरहेका हौं ।' तपाईहरूको आचरण कस्तो भनेर सोध्दा 'हामीले त दुःख-मुक्तिको लागि आचरण गरेका हौं' भने । मातुकी माताले सोधिन्, "हामी गृहस्थीले पनि गर्न सक्छौं कि सक्दैनौं । कसरी आचरण गर्नु पर्छ, भन्ते । मलाई पनि सिकाइदिनोस् न ।"

ती भिक्षुहरूले पनि तिनलाई सतिपट्ठान अनुसारकै ध्यान भावना गर्न सिकाइदिनुभयो । मातुकी माताले पनि घरमा त्यही प्रकारले कोशिस गरी आचरण गर्दै गइन् । केही समयपछि अनागामी मार्गफल प्राप्त गरी अभिज्ञान पनि प्राप्त गरिन् । यता भिक्षुहरू पनि कोशिस गर्दै हुनुहुन्छ । वर्षावास पनि नजिकै आइपुग्यो । मातुकी माताले मेरा भन्ते गुरुहरू कहाँ पुगेछन् भनेर अभिज्ञानद्वारा हेर्दा सबै पृथकजन नै हुनुभएको देखिन् । एकजनाले पनि ज्ञान पाउनुभएको थिएन । कोशिस भने एक आपसमा नबोली गर्नुभएको छ । सही धर्म आचरण गरेकाले त उत्निखेरै ज्ञान प्राप्त गर्नुपर्ने हो । यतिको कोशिस भएपछि यति लामो समय लाग्न नपर्ने हो । उहाँहरूको केमा कमजोरी भयो होला भनी थाहा पाउन अभिज्ञानले हेरिन् । धर्ममा गल्ती भएको त हुँदै होइन होला । उहाँहरूकै शिक्षामुताविक आचरण गरी मैले ज्ञान पाइसके । धर्ममा गल्ती छैन, शिक्षा लिनेमा बाधा छ कि भनी हेर्दा त्यो पनि होइन । आहारमा कस्तो छ भनी हेर्दा आहारमा बाधा परेको



Downloaded from http://dhamma.digital

देखिन् ।

भिक्षुहरूलाई आज अमिलो खान पाए हुन्थ्यो भन्ने हुन्छ तर भोजनमा अमिलो नभई चिल्लो मिल्छ । आफूलाई चाहिएको मिल्दैन । गुलियो खान मन लागेको हुन्छ, अमिलो मिल्छ । एक प्रकारको इच्छा छ, मिल्छ अर्को । भिक्षुले मलाई योचाहिं आहार चाहियो भनेर माग गर्न पनि मिल्दैन । योचाहिं अलि धेरै भए हुन्थ्यो भनेर लिन जान भएन । भागमा मिलेको नखाइदिए पनि भएन । इच्छा भएको चीज मिल्दैन । थप्न ल्याएका आहारमा पनि आफ्नो इच्छाअनुसारको हुँदैन । भिक्षुको इच्छाअनुसारको भोजन नभई उपासकको इच्छाअनुसारको भइदिंदा भोजनमा बाधा परिरहेको हुन्छ ।

फेरि अर्पण बिग्रिन्छ भन्छन् । लौ भयो है नभनुन्जेल बिग्रिंदैन । यसो भनेर कचौरा सारियो भने बिग्रिन्छ । बसेको ठाउँबाट उठेको छैन भने अर्पण बिग्रिंदैन । कचौरा उताउता सारिदिएर थपिदिए पनि बिग्रिंदैन । ५ वर्गी थिए । १ वर्गीले योचाहिँ भयो है भनेर अर्कोले होइन म लिंदैछु भनेर फेरि त्यतिकै राखियो भने त्यो अर्पण बिग्रिसक्छ, त्यो लिन हुन्न । किनभने भयो है भन्नेवितिकै त्यो बिग्रिन्छ । अनि उपासक उपासिकाले भन्तेहरूलाई पुग्यो होला भनी खानेकुरा भएको भाँडाकुँडा लग्नेवितिकै बिग्रिन्छ । आफूले थपिलिई उठाउँदा भने बिग्रिंदैन । एक वर्गीले अर्पण त लिए तर कुनै कारण परेर उत्निखेरै निस्के भने त्यो अर्पण बिग्रिन्छ । अर्पण लिएका भिक्षुको अर्पण लिनेवितिकै देहान्त हुन गयो भने पनि बिग्रिन्छ । नभए त्यतिकै अर्पण बिग्रिंदैन । भिक्षु बसिरहनुभएको छ तर समय १२ कट्यो भने पनि अर्पण बिग्रिन्छ । लगाइदिंदैमा बिग्रिंदैन ।

यसरी मातुकी माताले भिक्षुहरूलाई आहारपट्टिबाट ज्ञान पाउनमा बाधा परेको देखिन् । कसलाई के आहारको आवश्यकता रहेछ भनी हेर्दा सबैको इच्छा उस्तै नमिलेको देखिन् । सबैको इच्छालाई मनसिकार गरेर गाउँलेहरूलाई जम्मा गरी 'यो यो चीज ल्याउनू' भनिन् । तिनले भिक्षुहरूकहाँ गएर 'भन्तेज्यूहरू भोलि कहीं अन्यत्र भ्रमण नगरीकन सीधै घरमा नै भोजनको लागि पाल्नुहोला' भनी प्रार्थना गरिन् । भोलिपल्ट सबै खानेकुराको भाँडाकुँडाहरू एकै ठाउँमा राखेर 'यो यस्तो चीज हो, यहाँ छ, इच्छाअनुसारको



Downloaded from http://dhamma.digital

भोजन स्वीकार्नुहोस्, भन्ते' भनिन् । भिक्षुहरूलाई इच्छामुताबिकको भोजन गर्न स्वतन्त्रता भयो । आफूलाई जे जे इच्छा छ, त्यही लिन थाल्नुभयो । यसरी इच्छा भोजन लिएर ध्यान भावना गर्दैजाँदा समाधि राम्रो हुँदैआयो किनभने धातु राम्रो मिल्दैगयो ।

रूपले पनि मनलाई र मनले पनि रूपलाई उपकार गर्दछ । रूप स्वास्थ्य राम्रो छैन भने मन पनि कमजोर हुन्छ । रूपलाई व्याधिको कारणले सतायो भने मन पनि कमजोर हुन्छ । कमजोर मनले आवाज दिनथाल्छ । कमजोर रूपलाई कमजोर मनले नै झन कमजोर बनाउँछ । ऐया, आत्था, मरें बाबा भनेर कराउन थाल्छ । हुन त जति नै कराए पनि व्याधिअनुसारको पीडा त घट्ने होइन । कराएको सबै फाल्तु हो । यो फाल्तु हो भन्ने कुराको होस हुन दिंदैन । कराउँदा छेउछाउकाले के भयो, कस्तो भयो भनेर आएर सोध्दैनन् भने पीर पर्न थाल्छ । मलाई हेला गऱ्यो, कसैले वास्ता गरेनन् भनेर रून थाल्छ । किनकि रूप कमजोर भयो भने मन पनि कमजोर हुन्छ ।

भनिएको पनि छ – *'रूपं निस्साय नामं पवत्तति, नामं निस्साय रूपं पवत्तति ।'* रूपको आडले मन, मनको आडले रूप एक अर्कोमा एक अर्काको सहयोग मिलेको हुन्छ । यदि धातु नै राम्रो मिलेको छैन भने अथवा रूपलाई चाहिएको छ एक प्रकारको तर रूपमा भरिएको अर्को प्रकारको छ भने समाधिलाई बाधा पर्दछ । मातुकी माताले यसरी सबैको इच्छालाई बुझेर आहार मिलाइ दिंदैजाँदा अलि दिनमै सबै भिक्षुहरू अरहन्त भए । मातुकी माताले अभिज्ञानले हेर्दा सबै अरहन्त हुनुभएको देखिन् । भन्तेहरूले पनि अभिज्ञानले हेर्दा मातुकी माताले हामी अरहन्त भएको जानिन् भनेर हर्षित भए । यहाँ भन्न खोजेकोचाहिँ *'आहारोपि उपनिस्सयपच्चयेन पच्चयो'* हो । भोजनले पनि निर्वाणसम्म नै उपकार गर्ने हुन्छ र भोजनले पनि निर्वाण जाने बाटो बन्द गर्ने हुन्छ । त्यसैले ध्यान भावना आचरण गर्ने व्यक्तिमा आहार पनि अनुकूल हुनुपर्छ ।

सिद्धार्थको जन्ममा बोधिसत्वले केही नखाई आचरण गर्छु भनेसम्म केही ज्ञान मिलेको थिएन । त्यसैले आहार नलिएर पनि हुँदैन । शरीरलाई आवश्यक आहार लिनुपर्छ ।



Downloaded from http://dhamma.digital

**मांस भोजन मिल्ने ठाउँमा भिक्षाटन पठाउनुभएको प्रसंग–**

एक समयमा भगवानले एक भिक्षुलाई ज्ञान पाउने हुन् भनेर देख्नुभयो । तर यिनलाई के कुराको आवश्यक छ, के धर्म देशना गरे ज्ञान पाउँछ, कसरी ज्ञान पाउँछ भनी हेर्दा अहिले यिनलाई आहारको कारणले ज्ञान पाउनमा वाधा परिरहेको देख्नुभयो । यिनलाई कुन आहाराको इच्छा छ भनेर हेर्नुहुँदा यिनलाई मासुको रस चाहिएको छ । यतिखेर मासु खान पाएन भने यिनले ज्ञान पाउने मौका गुमाउँछ । यिनले भिक्षाटन जाने बाटोमा मासु दान गर्ने कोही छैनन्, अर्को बाटो पठाउनुपर्ने देख्नुभयो । भगवानले उनलाई सोध्नुभयो, "तिमी भिक्षाटनको लागि कता जाने गर्छौ ?" उनले भने, "म यतातिर जाने गर्छु, भगवान ।" भगवानले भन्नुभयो, "त्यता होइन, आज तिमी यता जाऊ ।" भनेर माछा बनाएर दान गर्ने ठाउँमा पठाइदिनुभयो । किनभने मासुको रस पायो भने उनलाई धातुको रस मिलेर आउँछ, इन्द्रियहरू राम्ररी सजग भएर आउँछन् अनि ज्ञान पाउन सक्छ भनेर देख्नुभयो । त्यसैले आहार पनि मिलाइदिनुपर्छ । त्यसैले पनि *'उतुभोजनम्पि उपनिस्सयपच्चयेन पच्चयो'* भनिएको हो ।

*'सेनासनम्पि उपनिस्सयपच्चयेन पच्चयो ।'* सेनासन भनेको शयन आसन हो । ओछ्यान, ओढ्ने, ओछ्याउने, लुगाफाटो, चकटी आदिलाई सेनासन भनिन्छ । सेनासनले पनि कुशल अकुशल हुन बलियो आधार बनेको हुन्छ । बस्ने आसन नरम र आरामदायक छ भने ध्यान बस्दा मन ढुक्क हुन्छ । आसन ठीक छैन भने ध्यान नबस्दै हिम्मत हारिसक्छ मनले । समाधि तेज हुन कठिनाइ हुन्छ । लुगाफाटा पनि अनुकुल भएन भने यो लुगा नलाउनुपर्ने, माथिका लुगा खोल्न पाए पनि हुन्थ्यो, जाडोमा न्यानो कपडा लगाएर बस्नुपर्ने भनेर समाधि राम्रो हुँदैगरेको अवस्थामा पनि मनमा कुरा खेल्नथाल्छ । मनमा अति कुरा खेल्दै गरेमा भएको समाधि पनि रित्तिन्छ । फेरि लुगा राम्रो र नरम छ भने पनि त्यसैमा तृष्णा भएर अकुशललाई उपकार गरेको हुन्छ ।

*'पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो ।'* दान, शील, भावना गर्नमा, निर्वाण, अभिज्ञान र समापत्ति सम्पूर्ण प्राप्त गर्नमा व्यक्ति पनि बलियो आधार बनेको हुन्छ । निर्वाण पाउनलाई पनि वा अविचि नरक जानलाई



Downloaded from http://dhamma.digital

पनि व्यक्तिले नै उपकार गरेको हुन्छ । यो पनि पकटुप्पनिस्सयले उपकार गरेको हो । पुग्गल भनेको व्यक्ति हो । व्यक्तिलाई धर्मले हेर्दा अव्याकत-धर्म हो । अव्याकत भइएको व्यक्तिले ४ अपायसम्म पनि पुऱ्याउनसक्छ । व्यक्तिकै आड लिएर निर्वाणसम्मको हकदार पनि बन्न सक्दछ । आचरण राम्रो नभइएका, मादक पदार्थ लिने व्यक्तिमा आफ्नो मित्रता भएको छ भने उनको संगतले आफू पनि मदिरादिमा लग्गु भइन्छ । त्यसैले भगवानले *'असेवना च बालानं पण्डितानञ्च सेवना'* भनेर मंगल-सूत्रमा देशना गर्नुभएको हो ।

राजा बिंबिसारको खानदानमा जन्मेका अजातशत्रुकै कुरा कोट्याऊँ न । बिंबिसार उनका पिता हुन् । उनी स्रोतापन्न भएका हुन् । स्रोतापन्न भएका पिता जसले सबैभन्दा पहिले बेलुवन बिहार बनाएर बुद्धलाई दान गरेका थिए । राजा सँधै भगवानको दर्शन गर्न जान्थे । तर ती राजाका छोरा अजातशत्रुको संगत गलत भयो । उनको संगत देवदत्तसँग हुनगयो । देवदत्त नामको पुग्गलको आड भएकोले अजातशत्रु पिता मार्नेसम्ममा पुगे । पिता मारेर अजातशत्रु लोहकुम्भी नरकमा पुगे, देवदत्तचाहिँ अविचि नरकमा ।

अजातशत्रुलाई पिता मारेको पापले पोलेर जतातत्तैबाट भाला रोपेजस्तो हुन्थ्यो । मान्छे देख्दा पनि डराउँथे । डिप्रेशनका रोगीझैं त्यसै त्यसै पनि डराइराखेका हुन्थे । भाइलाई हेर्दा पनि शंका र डर जाग्थ्यो । 'मैले त बाबु मारेर राजा भएँ, यसले पनि त मलाई मारेर राजा बन्नसक्छ । यसले मलाई मार्छ होला' भनेर शंका गर्थे । आफ्नै छोरालाई देख्दा पनि डर । यसले पो मार्छ कि मलाई । पापले पोलेर छट्पटिरहेका थिए ।

अब कुन गुरुकहाँ गएर मनमा शान्ति हुन्छ होला, धर्म बुझ्न सकिन्छ होला भन्ने मनमा लाग्यो । कसैले उनलाई पुरणकाश्यपकहाँ लग्यो, अर्कोले मख्खली घोषालकहाँ लग्यो, अर्कोले बेलुकनाथपुत्रकहाँ लग्यो, अर्कोले निर्गन्ठनाथपुत्रकहाँ लग्यो, अर्कोले अजीतकेसकम्बलकहाँ लग्यो । आखिरमा जीवकले उनलाई भगवान बुद्धकहाँ पुऱ्यायो । भगवानले उनलाई *'सामञ्ञफलसुत्त'* देशना गर्नुभयो । देशना सुन्नेवितिकै पोलेको सबै हरायो । जब कल्याणमित्र भेटेका थिए, पोलेको पीडाहरू बिलाएर गए । त्यस दिनदेखि उनले कुशल पुण्यहरू धेरै गर्न थाले । उनी धर्मपूर्वक शासन गर्ने



Downloaded from http://dhamma.digital

पहिलो राजा बने । त्यसपछि शासन गर्ने राजामा सम्राट अशोक भए । भगवान परिनिर्वाण हुनुभएको ३ महिनापछि राजा अजातशत्रुको चतुर्पच्चयबाट प्रथम संघायन भयो । पछि त बुद्धशासनको लागि भनेपछि जे गरिदिन पनि तयार भए । संगत राम्रो मिल्नेवितिकै उनमा सकारात्मक चेतनाको विकास भयो । त्यसैले *'व्यक्तिको कारणले अविंचि पनि गइन्छ र व्यक्तिकै कारणले निर्वाण पनि गइन्छ'* भनिएको हो ।

भगवानले एकपल्ट आनन्द भन्तेलाई कल्याणमित्रको उपकार कहाँसम्म देख्छौ भनी सोध्नुहुँदा आनन्द भन्तेले कल्याणमित्रको आडले त निर्वाणको आधा बाटो त कटाइदिन्छ भनेर उत्तर दिए । त्यसो होइन आनन्द, आधा बाटो मात्र होइन, निर्वाणसम्म नै पुऱ्याइदिन्छ भनेर भगवानले भन्नुभयो । यदि भगवान नभएको भए, निर्वाण प्राप्त हुने व्यक्ति कोही पनि हुदैनथे । भगवान उत्पति नभएको भए के सारिपुत्रले निर्वाण पाउथे ? यसैले पनि भनिएको हो – *'पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो'* । गतिलो योग्य व्यक्तिको संगत छ भने आफू ढिलो हिंड्ने भए पनि उसले तानेर लगिरहेको हुन्छ । भनिएको पनि छ –

*चरञ्चे नाधिगच्छेय्य, सेय्यं सदिसमत्तनो ।*
*एकंचरियं दल्हं कयिरा, नत्थिबाले सहायता ।।*

यदि संगत गर्नु छ भने आफू भन्दा ज्ञानी ध्यानीको संगत गर्नुपर्छ । यदि ज्ञानीजन पाइएन भने आफू सरहको भए पनि ठीकै छ । ज्ञानी पनि भेटिएन र आफू सरहको पनि छैन भने बरू एकलकाटे भएरै बस्नु राम्रो छ, मूर्खको संगत त चाहिँदैन ।

कल्याणमित्रले बाटो विराए सही बाटो देखाइदिन्छ । होस दिलाइदिन्छ । ढिलो हिंड्नेलाई पनि डोऱ्याएर छिटो पुऱ्याइदिन्छ । अंगुलिमालले पनि अरूका कुरा सुनेर राम्ररी विवेक नपुऱ्याइकन निर्णय गरिदिंदा मूर्ख गुरूको संगतमा पर्नाले हजारौं मानिस मारेर अविंचि नरक पुग्न ठिक्क परेका थिए । भगवानको संगत पाउनेवितिकै सबै पापहरू अहोसिक ( फलदिन नसक्ने) भएर अरहन्त फलमा प्रतिष्ठित भए । लौकिक जगतमा पनि धनसम्पत्ति कमाउन मित्र राम्रो छ भने मित्रको सल्लाह, सहयोगले पनि धनी बन्न सकिन्छ । यदि कपट मित्र छ भने मौका परे आफैले कुम्ल्याएर


Downloaded from http://dhamma.digital

भाग्छ । त्यसैले लौकिकमा पनि व्यक्तिले परिपूर्ण भएकालाई पनि शून्यमा झारिदिन्छ र शून्यमा भएकालाई पनि उन्नतिको शिखरसम्म पुऱ्याइदिन्छ । त्यस्तै धर्ममा पनि संगत खराव भएमा अविचि नरकसम्म पनि पुऱ्याउँछ । संगत राम्रो भएमा निर्वाणसम्म पनि पुऱ्याउँछ ।

अकृति ऋषिले इन्द्रलाई भनेका थिए –

*अनयं नयति दुम्मेधो, अधुरायं नियुञ्जति,*
*दुन्नयो सेय्य सो होति, सम्मा वुत्ता पकुप्पति,*
*विनयं सो न जानाति, साधु तस्मा अदस्सनं ।।*

हे इन्द्र, ज्ञान नभएको व्यक्तिले (दुम्मेधो), अनय नयति (नहुने काम गर्दछ), अधुराय जुनकुराले कल्याण गर्दैन, अरूलाई बाधा गर्दछ त्यस्ता कुरामा (नियुज्जति) झनै बल गर्छ । आफूलाई पनि अरूलाई पनि कल्याण नहुने कुरामा झन उत्साहित हुन्छ । राम्रो कुरामा छलफल गर्नुपर्दा, विवेक पुऱ्याउनुपर्दा (श्रेयसो होति), दुन्नयो (सही कुरालाई जान्न नसक्ने हुन्छ । सम्मावाचाय पकुप्पति = राम्रो कुरा बुझाउन खोज्दा रिसाउँछ र 'मलाई थाहा छ, तिमीहरूले भन्नुपर्छ र' भनेर रिसाउँछ । विनयं च नजानाति (मूर्खजनले मनुष्यको कर्तव्याकर्तव्य जान्न सक्दैन । अदस्सनं = त्यस्ता मूर्खलाई कहिल्यै पनि नदेख्नु नै साधु (कल्याण) हुन्छ । मूर्खदेखि टाढा रहनुपर्छ । टाढा हुन सकिएन भने आफू पनि मूर्ख एवं नरकगामिनी होइन्छ ।

कोही भन्छन् – स्वर्ग नरक भन्ने के हो र ? को पुगेर आएको छ र ? सबैले त्यसै अनुमान लगाएर भन्दिएका हुन् । खासगरी भन्ने हो भने स्वर्ग नरक भन्ने यहीं नै छ । मरेर मिल्ने केही पनि होइन । हुनेलाई यहीं तञ्जमञ्ज सबै परिपूर्ण छ । नहुनेलाई यहीं नरक छ । त्यसैले अर्को जन्ममा नरक भोग गर्नुपर्छ भनेको त डर देखाएका मात्र हुन् । साँच्चैमा स्वर्ग नरक भन्ने छ नै भने पनि यहींमात्र छ । यो विचारधारा उच्छेदवाद हो । हुनेलाई स्वर्ग यहीं भनिदिंदा हुनेखाने हुनको लागि त डाँका, चोरी, ठगी गर्नुपर्ने हुन्छ । यस्ता विचारका मित्र भइदियो भने र यस्ता कुरामा विश्वास गर्न पुगियो भने अविंचि नरक पनि पुगिन्छ ।

*'मनुस्स कुमिन विय सग्गमोक्ख गमनमग्गो मनुस्स कुमिन विय*



Downloaded from http://dhamma.digital

*नदीतिरे* = नदीको तिरमा एउटा माझीले माछा फसाउन जाल थापेजस्तै यताका माछा उता जान नसक्ने गरी सबै माछालाई जालमा फसाएर कराहीमा पुऱ्याउँछ । तथैव = त्यस्तै प्रकारले मक्खली गोशालो . गोठमा जन्मिएका मक्खली नचिप्ल नचिप्ल भन्ने मक्खली गोशाल नाम गरिएका व्यक्ति पनि, लोके = मनुष्यलोकमा हेर्दाखेरि, सग्ग मोक्ख गमन मग्गे . स्वर्ग वा मोक्ष जाने बाटोमा मान्छेको पासो थापी बसेका छन् । निर्वाण जाने बाटो पनि बन्द गरिदिएका छन् किनकि उनको मार्ग नै गलत छ । उनीकहाँ आएर फसिने जति सबैलाई कराहीमा हाल्छन् । यसैले पनि *'पुग्गलोपि उपनिस्सयपच्चयेन पच्चयो'* भनिएको हो । व्यक्तिले पनि उता नरकसम्म र यता निर्वाणसम्म बलियोसित उपकार गर्न सक्दछ ।

*पुरेजातपच्चयो* = अगाडि उत्पन्न भएर वा जन्मेर उपकार गर्नेलाई पुरेजात पच्चयो भनिन्छ । जात भनेको जन्मेको, भएको, बनेको भन्ने अर्थ लाग्छ । फलाना जात भन्ने होइन । जस्तै उज्यालोमा बाँच्ने र अँध्यारोमा बाँच्ने प्राणी पनि हुन्छन् । उज्यालोमा उत्पति हुने प्राणी हुनको लागि उज्यालो नभई हुँदैन । उज्यालो अगाडि भइदिएर पछि प्राणी हुनको लागि उपकार गरेझैं पुरेजात पच्चयोको काम हो ।

*'चक्खायतनं चक्खुविञ्ञाण धातुया तं सम्पयुतकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।'* सोतायतन, घाणायतन, जिव्हायतन, कायायतन पनि यसरी नै हो । सम्प्रयुक्त धर्म भनेको देख्ने, सुन्ने, सुँघ्ने, चाख्ने र स्पर्श हुने इत्यादि मनसँगै उत्पति हुने धर्म हुन् । आँखामा भइएको आयतन – चक्खुपसाद रूपले देख्नको लागि आफू अगाडि नै उत्पति भएर पछि देख्ने मन उत्पति हुनको लागि उपकार गरेको हुन्छ । त्यस्तै उज्यालोमा जन्मने प्राणीलाई उज्यालो भएपछि उपकार गर्छ त्यस्तै देख्ने मन हुनको लागि चक्षु आयतन अलिकति अगाडि भएर उपकार गरेको हुन्छ । धेरै अगाडि पनि होइन । कतिलाई अलिकति भन्ने भन्दाखेरि चक्षुविज्ञान हुनको लागि चक्षुप्रसाद र रूपको स्पर्श हुनुपऱ्यो । रूपले आँखामा स्पर्श गर्दा पहिले त अतीत-भवंग हुन्छ । अतीत-भवंगको उत्पतिकै क्षणमा चक्षु आयतनको पनि उत्पति हुन्छ । उत्पति क्षणिक हुन्छ अनि विनास हुन्छ । अतीत-भवंग बिग्रिनेबितिकै भवंग-चलन आउँछ, तर पनि देखिने काम भएको हुँदैन ।



Downloaded from http://dhamma.digital

चक्षु आयतन भइसक्यो, पुरेजात आइसक्यो । भवंग-चलन बिग्र्यो भने भवंगुपच्छेद आउँछ । चक्षुविज्ञान उत्पति हुनलाई यसरी उपकार गरेर बसेको हुन्छ । अनि पञ्चद्वारावर्जन आउँछ । त्यो बिग्रिनेवितिकै बल्ल चक्षुविज्ञानको प्रादुर्भाव हुन्छ ।

चक्षुविज्ञानमा नामखण्ड ४ वटा हुन्छन् । यी चक्षुविज्ञानसँग हुने सम्ययुक्त धर्म हुन् । यी सम्पयुक्त धर्मलाई देख्ने मन हो जसले अलिकति अगाडि भएर उपकार गरेको हुन्छ । अलिकति अगाडि भन्दा अतीत-भवंग, भवंग-चलन, भवगुपच्छेद र पञ्चद्वारावर्जन यी ४ वटा लहरै आउँछन् । यी चारवटाको क्षणमा यति बेर भन्ने नै हुँदैन । रूप र विज्ञानबीचको फासला निमेषभर पनि हुँदैन ।

देख्नको लागि अलिकति अगाडि उत्पति भएर देख्ने मन उत्पति हुनको लागि उपकार गरेको हुन्छ । त्यस्तै सुन्नको लागि पनि शब्द ठोकिनेवितिकै अतीत भवंको क्षणिकमा सुन्ने रूप उत्पति हुन्छ । सुनेको त छैन, रूप मात्र उत्पति भएको हुन्छ । शब्द ठोकिनेवितिकै सुनेको होइन । ठोकेको क्षणिकमा त भवंगको उत्पत्ति हुन्छ । त्यो पनि विनास भएपछि अतीत-भवंगको विनास हुन्छ, भवंग-चलनको विनास हुन्छ, भवंगुपच्छेदको विनास हुन्छ, पञ्चद्वारावर्जन चित्तबाट बल्ल श्रोतविज्ञानमा गएर स्पर्श हुन्छ । अनि श्रोतविज्ञानको उत्पत्ति हुन्छ । सुन्ने मन हुनको लागि सुन्ने रूपचाहिँ अलिकति अगाडि मात्र उत्पति भएको हुन्छ । अलिकति अगाडिको अर्थ यी विथिको लहरमा आएका ती ४ वटा (अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद र पञ्चद्वारावज्जन)को अलिकति अगाडि भनेर बुझ्नुपर्छ । त्यस्तै अरू आयतनहरूमा पनि बुझ्नुपर्छ । मनमा पनि सोही अनुसार हुन्छ । त्यहाँ हृदयवस्तु रूप हुन्छ । त्यहाँ २ प्रकारले काम हुन्छ । सबै ठाउँमा पुरेजात भइदिँदैन । त्यसैले *'किञ्चि काले'* भनिएको हो । (पच्छाजात, आसेवनको देशना भोलि हुन्छ ।)

***पट्ठान देशना अन्तर्गत वशौं दिनको***
***'उपनिस्यपच्चय' देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# एघारौं दिन

## (पच्छाजात, आसेवनपच्चयलाई मिलाएर)

## ११

पानीमा हिंडेर आएजस्तो भयो भने बाटो नै छुट्टिंदैन । कुन बाटोबाट आइयो भन्ने थाहा पाइँदैन । हिलोको बाटोमा भए पाइलाको छाप देखिनसक्छ । वास्तवमा धर्मको बाटोमा हिंडदा हिलोमा हिंडेजस्तो हुनुपर्छ । त्यहाँ पाइलाको छाप प्रष्टै देखिन्छ ।

प्रत्येक प्रतिहारको विषय स्वभावलाई आफूले प्रष्ट बुझेको छ भने पछिपछि धर्म सुन्दा वा पुस्तक हेर्दा फिजाएर हेर्न बुझ्न सकिन्छ । प्रतिहारको स्वभावलाई बुझिएकै छैन भने पछिपछि बुझ्न सकिंदैन । पानीमा हिंडेर आएजस्तो हो भने त काम लाग्दैन ।

'पथ्वी लिखुपमा, उदक लिखुपमा र पासाण लिखुपमा' भनेर तीन किसिमले लेखिने कुरा बताइएको छ ।

पथ्वी लिखुपमा भनेको भुई कोतरेर लेखिएजस्तै, उदक लिखुपमा भनेको पानीमा लेखिएजस्तै र पाषाण लिखुपमा भनेको ढुंगामा लेखिएजस्तै भनिएको हो ।

संज्ञाले लेखिएको अर्थात् ढुंगामा लेखिएजस्तो हो भने त कहिले पनि नबिर्सने गरी वा कहिले पनि नमेटिने गरी लेखिएको हुन्छ । माटोमा लेखिएजस्तो हो भने धेरै समयसम्म रहेझैं त हुन्छ तर हिलो माटो बगाएर ल्याएर पुरियो भने त्यो मेटिन्छ । पानीमा लेखिएजस्तो हो भने त लेखिंदै गयो, मेटिंदै गयो भनेझैं हुन्छ । तर पनि माटोमा लेखिएजस्तो छ भने पनि त्यसलाई छापा बसाल्दै लान सकिने हुन्छ । ढुंगामा लेखिएजस्तो मनमा छापा बसाल्न सके त धेरै उत्तम हो तर माटोमा लेखिए जतिको हो भने पनि



Downloaded from http://dhamma.digital

राम्रै हो । पानीमा लेखिएजस्तो चाहिँ नहोस् । सुनेपछि केही न केही त छापा बसोस् ।

पट्ठान देशना गर्न पनि सजिलो छैन । धेरै सोचेर बिचारेर देशना गर्नुपर्दछ । किनकि एक ठाउँ र अर्को ठाउँमा उपकार गराइ मिल्दैन । एउटाको र अर्कोको उपकार गराइ मिल्दैन । भगवानले अलिकतिमात्र पनि फरक ढंगले उपकार गरिएको छ भने भिन्दै प्रतिकारको रूप दिई बताउनुभएको छ । फेरि एउटै प्रतिहारमा पनि *'किञ्चि काले'* भनेर कुनै ठाउँमा उपकार गर्छ कुनै ठाउँमा उपकार गर्दैन भनेर भन्नुभएको छ ।

कोशिस गरेमा बुझ्न नसकिने भन्ने नै छैन । इच्छा हुनुपर्छ र लगन हुनुपर्छ । त्यसैले भनिएको पनि छ – *'छन्दवत कि नाम कम्मं नसिज्जति ।'* साँच्चै कोशिस गर्ने हो भने के काम सिद्ध हुन्न र, किन सकिन्न, किन बुझिन्न र किन सफल हुन्न र । यो कुराले उत्तमपुरूषमा कुरा बुझ्न हिम्मत बढेर आउँछ ।

*'पुरेजात पच्चयो ।'* हिजो यसलाई अलिकति भनिएको थियो । आरम्मणमा नै हेर्ने हो भने चक्षुप्रसाद र रूपआरम्मणलाई लिन सकिन्छ । यी दुईको स्पर्श हुँदा अतीत-भवंगको उत्पतिमात्र छ । यो पनि उत्पति स्थिति विनास भएको हुन्छ । स्पर्श हुँदा देख्ने रूप उत्पति हुन्छ । अतीत-भवंग उत्पति हुन्छ, कटेर जान्छ तर देख्ने रूप अतीत-भवंगको क्षणिकमा उत्पति भएको हुन्छ । तर त्यसबेलासम्म देख्ने विज्ञान वा चित्त वा देख्ने मन उत्पति भएको हुँदैन । देख्ने मन उत्पति नहुँदै अलिकति अगाडि उत्पति हुने देख्ने रूप हो । देख्ने मन उत्पति हुनको लागि देख्ने रूपले उपकार गरेको हुन्छ । रूप नै उत्पति नहुने भए देख्न मन उत्पति हुँदैनथ्यो । अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद अनि पञ्चद्वारावर्जन – यी ४ अगाडि उत्पति भएको क्षणलाई अलिकति अगाडि भनिएको हो । एक विथिमा अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद, पञ्चद्वारावर्जन, चक्षुविज्ञान, सम्पटिच्छन्न, सन्तीरण, वुत्थो, जवन-चित्त ७, तदारम्मण अनि भवंग जम्मा १७ को एकलहर एकविथि हुन्छ । एक लहरमा यी चित्त १७ वटा आउँछन् । १७ वटा चित्त उत्पति हुँदा एक रूपको आयु सकिन्छ । अगाडिबाट उत्पति हुन ४ वटा चित्तपछि चक्षुविज्ञानको उत्पति हुन्छ ।



Downloaded from http://dhamma.digital

चक्षुविज्ञानको साथमा उत्पति हुने चित्त चैतसिक धर्महरूलाई सम्ययुक्त धर्म भनिन्छ ।

*'चक्खायतन चक्खुविञ्ञाण धातुया तं सम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।'* चक्षु भनिने आयतन (देखिने रूप)ले देख्ने मनको लागि त्यो मन सँगसँगै उत्पति हुने चित्त चेतासिक सम्ययुक्त धर्महरूलाई अगाडि उत्पति भएर पछि उत्पति हुने धर्मलाई उपकार गरेको हुन्छ । यहाँ अलिकति भनेको अगाडिको चार (१७ मा पहिलो ४) लाई बुझाइन्छ ।

त्यस्तै *सोतायतन(श्रोतप्रसाद रूप) सोतविञ्ञाण धातुया तं (त्यस सँगसँगै उत्पति हुने) सम्पयुत्तकानञ्च धम्मानं (देख्ने मन हुन चित्त चेतसिक धर्महरूको लागि) पुरेजातपच्चयेन पच्चयो (अगाडि उत्पति भएर उपकार गर्दछ)* । जस्तै कानमा शब्द ठोकियो भने ठोकिनेवितिकै अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद, पञ्चद्वारावर्जनको लहर चल्छ । अतीत-भवंगको सँगै श्रोतायतन खडा हुन्छ र भवंगुपच्छेद, पञ्चद्वारावर्जनको उत्पतिपछि श्रोतविज्ञानको उत्पति हुन्छ । पछि उत्पन्न श्रोतविज्ञान सम्पयुक्त धर्म हो । यिनलाई अगाडि उत्पन्न भएका अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद र पञ्चद्वारावर्जनले उपकार गरेको हुन्छ । सम्पयुक्त धर्म भनेको त्यससँगसँगै उत्पति हुने चित्त चेतसिक धर्महरू हुन् । श्रोतविज्ञान प्रतिहार हो र सम्पयुक्त धर्म प्रत्युत्पन्न(कार्य) हो । श्रोतविज्ञान कारण हो, सम्पयुक्त धर्म फल (कार्य) हो । कारण कार्य पनि सँगै मिलेर उत्पति हुन्छन् । यो उत्पति हुनभन्दा अलिकति अगाडि उत्पति भएर उपकार गरेको श्रोतप्रसाद रूपले हो । श्रोतप्रसाद रूप भनेको सुन्ने रूप हो । कानमा श्रोतप्रसाद भएझैं नाकमा घ्राणप्रसाद, जिब्हामा जिब्हाप्रसाद, कायमा कायप्रसाद हुन्छ ।

मनमा हृदयवस्तु छ, हृदयवस्तुमा भवंग-चित्त छ । यो मनायतन हो । मनायतन पनि हृदयवस्तुमै उत्पन्न हुन्छ । मनोविज्ञान पनि हृदयवस्तुमै उत्पति हुन्छ । यसलाई बुझ्न अलिकति अप्ठेरो हुन्छ । अभिधर्ममा प्रसादरूप पाँचवटा बताइएको छ ।

आँखामा चक्षुप्रसाद भएकोले त्यसमा ठोकिन्छ, कानमा श्रोतप्रसाद हुन्छ र त्यसमा ठोकिन्छ, नाकमा घ्राणप्रसाद हुनाले त्यसमा ठोकिन्छ,



Downloaded from http://dhamma.digital

जिह्वामा जिह्वाप्रसाद हुनाले त्यसमा ठोकिन्छ, कायमा जहाँसम्म छाला छ त्यसमा ठोकिन्छ तर कपाल र नङमा कायपसाद हुँदैन । तर छालामा मात्र होइन, मासुमा पनि कायप्रसाद हुन्छ । कपालमा, नङमा, घाउको पाप्रोमा कायपसाद हुँदैन । चिमोटदा दुख्नेमा कायपसाद हुन्छ । नदुख्नेमा हुँदैन । छुँदा थाहा पाइने जम्मैमा कायप्रसाद हुन्छ । दुख्ने, पोल्ने जति पनि संवेदना हुन्छ, कायप्रसाद हुनाले नै हुन्छ । कपालमा दुख्दैन तर जरा भएको कायमा दुख्छ । नङमा दुख्दैन, भित्र दुखेकोचाहिँ कायमा हो । कायप्रसाद भनिन्छ तर मनोप्रसादचाहिँ भनिंदैन ।

मनलाई मनोधातु भनिन्छ । मनायतन भनेपछि भवंगलाई लिनुपर्दछ । भवंग-चित्त हृदयवस्तुमा हुन्छ । भवंग-चित्तमा ठोकिनेचाहिँ धम्मारम्मण हो । भवंगमा ठोकिनेवितिकै भवंगको लहर काटिन्छ । मनोविज्ञान हृदयवस्तुमा उत्पति हुन्छ । भवंग पनि हृदयवस्तुमा नै हुन्छ । मनोविज्ञान आउनेवितिकै भवंगको लहर काटिन्छ । मनायतन भवंग हो । धम्म ठोकिएर मनोविज्ञान हुनेवितिकै भवंग हुँदैन । मनोविज्ञानमा हेर्ने हो भने त्यसपछि उत्पन्न हुने सम्पटिच्छन्द, सन्तीरण, वुत्थो अनि जवन-चित्त, तदारम्मण र ती सकिनेवितिकै फेरि भवंग हुन्छ । त्यो पनि हृदयवस्तुकै आड लिएर उत्पति हुन्छ । त्यस्तै मनोविज्ञान पनि हृदयवस्तुकै आडमा उत्पति हुन्छ । भवंगबाटै मनोविज्ञान उत्पति हुन्छ भन्ने होइन । किनभने भवंग पनि चित्त हो र मनोविज्ञान पनि चित्त नै हो । दुवै भइदिएमा दुईटा चित्त सँगै उत्पति हुन्छ भन्ने सन्देश जान्छ । भवंगपछि मनोविज्ञान हुन्छ । मनोविज्ञान हुँदा भवंग हुँदैन । मनोविज्ञान छैन भने चित्तनियाम हुन्छ ।

भगवानले बताउनुभएअनुसार पुरेजातमा भवंग बिग्रिनेवितिकै त्यहाँ मनोविज्ञान हुन्छ । मनोविज्ञान उत्पति हुनभन्दा अलिकति अगाडि हृदयवस्तु पनि पुरेजात भइदिन्छ । पुरेजातमा पनि *'किञ्चि काले पुरेजातपच्चयेन पच्चयो'* अर्थात् कुनै कुनै समयमा पुरेजात नहुन पनि सक्छ । प्रतिसन्धि समयमा पुरेजात नहुन सक्छ । प्रतिसन्धिका समयमा यता मृत्यु हुने बेला हुन्छ भने मरणासन्न-जवन चल्छ । त्यसको लहर सकिनेवितिकै यता प्रतिसन्धि-विज्ञान उत्पति हुन्छ । त्यो प्रतिसन्धिको सँगसँगै हृदयवस्तु रूप पनि भएको हुन्छ ।



Downloaded from http://dhamma.digital

*'ओकन्तिक्खणे नामरूपं अञ्ञमञ्ञ सहजातपच्चयेन पच्चयो'* । ओकन्तिक्खणे – प्रतिसन्धिको क्षणिकमा नामरूप (रूप ३ प्रकारका – भावदशक रूप, वस्तुदशक रूप, कायदशक रूप) भावदशक रूप १०, त्यसमा उत्पति हुने वस्तुहरू १० र काय रूप १० गरी जम्मा – ३० रूप हुन्छन् । भावरूप भनेको स्त्रीभाव र पुरूषभाव २ वटा हुन्छन् । प्रतिसन्धिको क्षणिकमा नै स्त्री र पुरूष छुट्टिन्छ । यी ३० वटा रूप हृदयवस्तुमै हुन्छन् । वस्तु र प्रतिसन्धि-विज्ञान सँगै उत्पति हुन्छ । यसमा पुरेजात हुँदैन । त्यसैले यसमा *'किञ्चि काले पुरेजातपच्चयेन पच्चयो'* लागु हुन्छ ।

भवतण्हा(भवतृष्णा) भनेको जुनजुन भवमा पुगिन्छ त्यहीत्यही भवमा रमाउनु हो । यसलाई *'यायं तण्हा पुनोभाविका'* भनिन्छ । प्रतिसन्धि हुनेवितिकै भवंग चल्छ र भवंगको लहर सकिनेवितिकै जवन-चित्तमा *'भवनिकन्तिक लोभ'* जाग्छ । कुकुर हुनेले कुकुरमै रमाएको हुन्छ ।

भावरूप भनेको स्त्री पुरूष छुट्टिने रूप हो । वस्तुरूप भनेको हृदयवस्तु रूप अनि कायरूप भनेको कायको प्रसादरूप हो । यिनीहरू सँगसँगै हुन्छन् । तर प्रतिसन्धि-चित्त त उत्पति विनास भई बिग्रिन्छ । बिग्रिनेवितिकै भवंग चित्तको उत्पति हुन्छ । भवंगभन्दा अगाडि हृदयवस्तु हुने हुँदा हृदयवस्तु पुरेजात हुन्छ । प्रतिसन्धि-चित्तबाट हेर्दा सहजात हो । १७ वटा चित्तको लहर चलुन्जेलको आयु रूपको हुन्छ । चित्तको आयु त क्षणिकमात्र हुन्छ । चित्त १७ लहर चल्दा रूप पनि बिग्रिन्छ ।

*'रूपायतन चक्खुविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो । सद्दायतन सोतविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो । गन्धायतनं घानविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो । रसायतनं जिह्वाविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो । फोट्ठब्बायतन कायविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।'*

देख्नुभन्दा अगाडि रूप आँखामा ठोकिएको क्षणमा रूपारम्मण उत्पति हुन्छ । त्यो रूप आरम्मण पनि देख्ने मन हुनुभन्दा अलिकति अगाडि उत्पति हुन्छ । त्यसलाई आरम्मण पुरेजात भनिन्छ । आरम्मण निस्सय र आरम्मण पुरेजात भनी दुई प्रकारको आरम्मण हुन्छन् । आरम्मणमा आधारित



Downloaded from http://dhamma.digital

भएर जसरी वृद्ध कमजोर व्यक्तिलाई उठ्न, हिंड्न, चल्न लठ्ठीको आड चाहिन्छ जस्तै निस्सयले आड दिएको हुन्छ । आधार पाइएकोलाई 'निस्सय' भनिन्छ । आरम्मणको आड पाएर चक्षुविज्ञानको उत्पति हुन्छ । चक्षुविज्ञान वा देख्ने मन उत्पति भएपछि चेतसिक धर्महरू (सम्पयुत्त धर्म) पनि उत्पति हुन्छ । रूप आरम्मणले अलिकति अगाडि उत्पति भएर देख्ने मन र त्यससँगै उत्पति हुने चेतसिक धर्मलाई उत्पन्न हुन उपकार गरेको हुन्छ । त्यस्तै सुन्नलाई पनि र सुघ्नलाई पनि । यिनीहरूलाई धेरै मसिनो गरी भन्न बुझ्न सकिंदैन ।

*पच्छाजात* – पछिबाट उत्पति भएर उपकार गर्नेलाई पच्छाजात भनिन्छ । कारणले कार्यलाई र कार्यले कारणलाई उपकार गर्दछ । पुरेजात कारण भए, पच्छाजात कार्य हो । कारणले कार्यलाई उत्पति गराउने एक प्रकारको धर्म हो र कार्यले पनि कारणलाई पछिबाट उपकार गर्ने अर्को प्रकारको धर्म हो । *'इमस्सकायस्स पच्छाजातपच्चयेन पच्चयो ।'* कर्मजकाय, ऋतुजकाय, चित्तजकाय र आहारज काय भनी ४ प्रकारका काय हुन्छन् । कर्म चित्त ऋतु आहार कायलाई *पच्छाजात* (पछिबाट उत्पति भइएको चित्त चेतसिक धर्मले) *इमस्स कायस्स* (यो कायलाई अझै तेजिलो पार्नको लागि) *पच्चयो* (उपकार गरेको हुन्छ) । जस्तै प्रतिसन्धि हुनेवितिकै नामरूप सहजात हुन्छ ।

भावदशक, वस्तुदशक र कायदशक गरी ३० प्रकारका रूप हुन्छन् । यो रूपलाई नबिग्रनको लागि, नगनाउनको लागि, नसड्नको लागि चित्तले बचाएको हुन्छ । सहजात हुनेवितिकै प्रतिसन्धि-विज्ञान बिग्रिन्छ । बिग्रिनेवितिकै पछिबाट १६ वटा भवंग आउँछन् । पहिले भएको हृदयवस्तुलाई पछिबाट भएकाले फेरि उपकार गरिरहेको हुन्छ । हृदयवस्तुलाई जागृत भएर राम्ररी कार्य गराउन, नबिग्रनदिन, नसड्नदिनलाई उपकार गरेको हुन्छ । यही हृदयवस्तु अलिकति मात्र बिग्रयो भने पनि बाँच्न सकिंदैन । प्रतिसन्धि हुनेवितिकै मर्छ । किनभने बाँच्नको लागि अन्यमन्य दुवै पट्टिबाट उपकार हुनुपर्छ । यो प्रतिसन्धिसँगै उत्पति भएको त थियो । प्रतिसन्धि बिग्रे पनि लहर चलिराखेको चित्तले फेरि यसलाई तागतिलो हुनको लागि उपकार गरेको हुन्छ । पछिबाट उत्पति भएर उपकार गरेको हुन्छ ।



Downloaded from http://dhamma.digital

## गिद्ध र गिद्धका बच्चाहरूको उपमा –

अर्थकथामा उपमा दिइएको छ – गिद्धले बच्चा पाऱ्यो । बच्चा छ भनेर बच्चासँगै बसेर दिन बिताउन त सकिंदैन । खान खुवाउन त पऱ्यो । आमा गिद्ध खाना खोज्न जान्छे । बच्चा त त्यहीं छन् । बच्चाले आमा आउनुहुन्छ र खान दिनुहुन्छ भनी आस गरिरहेका हुन्छन् । आमा आउने बेला भो, खानेकुरा लिएर आउनुहुन्छ भनी भित्र मनदेखि खुसी भएर कुरिरहेका हुन्छन् । तर गिद्ध फर्कदा केही नलिइकन आउँछिन् । तर पनि आमासँग बस्न पाउँदा ती बच्चाहरू खुसी हुन्छन् । पहिलो खुसी आमा आएकीले खुसी भएका हुन्छन् । दोस्रो खुसी आमाको साथ पाउँदा ढुक्क भएर खुसी भएका हुन्छन् । त्यो आस लिएर बस्दाको खुसीलाई त्यो ढुक्कसित बस्न पाएको खुसीले उपकार गरिरहेको हुन्छ । अलिअलि तगडा हुँदै आएपछि ती बच्चाहरू आफै हिड्न थाल्छन् । आहार पनि आफै खोज्न सक्ने हुन्छन् । आसमा भएको खुसीले पनि रूपलाई तागतिलो बनाइराखेको हुन्छ ।

लेडी सयाडोले दिनुभएको एउटा उपमा – एउटा बीउ रोपियो । बोट उम्रियो तर पानी परेन । बोट झ्याउरिएर गयो । हाँगाहरू पनि सुक्न थालेजस्तो गरी कमजोर भएर गयो । कमजोर भएको त्यो बोटमा पानी लगाइदिइयो भने त्यो पानी जरामा पुग्छ । पानी खन्याइदिंदा बोटको जरा पनि बलियो हुन्छ । हाँगाबिंगा पातपत्तिगर पनि राम्रो भएर आउँछ । पहिले पानी नपाउँदा झ्याउरिएको थियो । पानी पाउँदा हरियो भएर आयो । पछि खन्याइदिएको पानीले त्यो बोटलाई उपकार गरेझैं पछिबाट उत्पति भएको चित्त चेतसिक धर्मले अगाडि भइएको रूपलाई उपकार गरिदिएको हुन्छ । त्यस्तैगरी वर्तमानमा अनुमान लगाउनुपरेमा प्रशन्न भएको चित्तले रूपलाई पनि उपकार गर्दछ । पहिले रूप लोसिएको, मुर्झाएको थियो । पछि खुसी हुँदा त्यो लोसिएको रूपलाई उपकार गरेर प्रशन्न र तेजिलो बनाइदिन्छ । पछिबाट उत्पति भएको चित्तले अगाडि भएको रूपलाई उपकार गरिदिएकोलाई '*पच्छाजात पच्चयो*' भनिन्छ । त्यस्तैगरी कर्मजरूपलाई पनि, चित्तजरूपलाई पनि । अहिले अब चित्तले चितजरूपलाई उपकार गरिरहेको छ भने चित्तजरूपकै आडमा भएका अरू रूप पनि चित्तजरूप तेजिलो हुँदा ती पनि



Downloaded from http://dhamma.digital

तेजिला हुन्छन् । जस्तै महाभूत तेजिला भएमा ती महाभूतले उपदारूपलाई पनि कल्याण गर्छ ।

*आसेवन पच्चयो* – आसेवन भनेको बारम्बार गरिएको हो । आसेवनलाई असेवनसँग तुलना गर्न मिल्दैन । असेवन भनेको संगत नगरिएको हो भने बारम्बार सेवन गरिएको आसेवन हो । *'पुरिमा पुरिमा कुसला धम्मा, पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयन पच्चयो । पुरिमा पुरिमा अकुशला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो । पुरिमा पुरिमा क्रिया अब्याकता धम्मा पच्छिमानं पच्छिमानं क्रिया अब्याकतानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।'* अब यहाँ क्रिया अब्याकता धम्मालाई छोडिन्छ किनभने यो भगवान र अरू अरहतहरूमा हुने चित्त हो । अहिले विशेषगरी तपाई हामीलाई चाहिने कुशल अकुशल चित्तको सम्बन्धमा बताइने छ ।

जात मिल्दोमा मात्र आसेवनले काम गर्छ । जात नमिलेमा आसेवनले काम गर्दैन । कुशलले कुशललाई, अकुशलले अकुशललाई उपकार गरेकोलाई जात मिलेको भनिएको हो । यहाँ ब्राम्हण क्षेत्रीय आदिलाई जात भनिएको होइन । जातमात्र होइन, काम पनि मिल्दो हुनुपर्छ । जात पनि काम पनि मिल्नुपर्छ । एउटै विषयमा काम भएको पनि हुनुपर्छ । अलग विषय भयो भने पनि आसेवनले काम गर्दैन ।

## *लुगामा कपुर हालेको उपमा* –

अर्थकथाले आसेवनबारे एउटा उपमा दिएको छ । जस्तै लुगामा कपुर हालेर बाकसमा थन्क्याइयो । त्यो कपुरले त्यस लुगालाई बास दिन मद्दत गरेको हुन्छ । एक दिन कपुर राखिएको लुगा र दश दिन राखिएको लुगामा दश दिन राखिएकोमा धेरै बास्ना हुन्छ । किन त भन्दा धेरै दिन राख्दा आसेवनबाट उपकार भएको हुन्छ । त्यो कपुरको बास्नालाई त्यस लुगाले लगातार लिइरहने मौका पाएको हुन्छ । बारम्बार बास्ना लिइरहेको हुन्छ । जति धेरै लियो त्यति बास्ना तेज हुँदैजान्छ । त्यसरी बास्ना तेज भएको आसेवनले उपकार गरेकोले हो । 'आ' भनेको बारम्बार र 'सेवन' भनेको ग्रहण गरेको हो । आसेवनको स्वभाव बारम्बार उपकार गरिरहने



Downloaded from http://dhamma.digital

हुन्छ । जति आसेवन हुँदैजान्छ त्यति तेजिलो हुँदैजान्छ । आसेवनलाई लिंदा विशेषगरी जवन-चित्त ७ वटालाई लिनुपर्छ । यो कुरालाई ढुंगामा लेखिएको जस्तो पक्का गर्नुहोला । जवन-चित्तलाई राम्ररी बुझ्न सके कर्मसँग डराउनुपर्दैन । नबुझे अन्धो हिंडाइजस्तो हुन्छ । कुशल अकुशल कर्मबारे यकिन हुन सकिंदैन र चार अपायमा पुगिन्छ । जवन ७ लाई छर्लङ्ग बुझियो भने अन्धो हिंडाइबाट बचिन्छ ।

***खरायोले आफूलाई सिंह नै सम्झेको प्रसंग –***

सस्सकम्पि सिह यान्ति मेरूनी पब्बते ठिता ।
पुथुजनो अरिय यान्ति भवत्तं सासने रता
तथैव पुथुजनो ससक विय ।।

खरायोजस्तो डराउने प्राणी कुनै हुँदैन । खरायो जहिले पनि भयको घेरामा परेको हुन्छ । ऊ सबैसित डराएर बस्नुपर्छ । उसले कुनै प्राणीलाई पनि मार्न सक्दैन । उसलाई मार्ने खाने प्राणी थुप्रै छन् । ऊ आफूले खान पनि घाँसबाहेक केही खाँदैन । उसले कसैलाई भय अन्तराय दिंदैन । ऊ जहिले पनि डराएर बस्नुपर्छ । उसका शत्रु वरिपरि जताततै छन् । कुकुर, बाघ, सिंह, अजिंगर, चील जसले भेटे पनि उसलाई मारिदिइहाल्छन्, खाइदिइहाल्छन् । ब्याधाले भेटे पनि छोड्दैन । खरायो त्यतिको डरछेरूवा भएको तागत नहुनाले हो । प्राणीहरू सारै कमजोर हुनाले नै डराउँछन् ।

तर त्यति डराउने खरायो पनि यदि भाग्यवश कुनै कुशल कर्मको प्रभावले सुमेरू पर्वतमा पुग्यो भने आफूलाई सिंह नै हुँ कि भन्ने ठान्दछ । त्यस सुमेरू पर्वतमा बाघ, स्याल, कुकुर आदि उसलाई मार्ने कुनै पनि प्राणी आउँदैनन् । उसलाई कुनै कुराको पनि डर हुँदैन, जहाँ गए पनि स्वतन्त्र हुन्छ । आफूलाई हानी गर्ने कोही पनि नहुँदा 'म नै राजा हुँ' भनी आफूलाई सिंहजस्तो सम्झिन्छ ।

त्यस्तै पृथकजन प्राणीहरू पनि ढुक्क छैनन् । खरायोझैं डरले घेरिएर बसेका हुन्छन् । राति पनि डर छ, दिउँसो पनि डर छ, घरमा पनि डर छ, बाटो हिंड्दा पनि डर छ, काम व्यवहारमा पनि डर छ, गाडीमा हिंड्दा पनि डर छ, विमानमा यात्रा गर्दा पनि डर छ, साइकलमा पनि डर



Downloaded from http://dhamma.digital

छ, रोगव्याधि हुँदा पनि डर छ, मर्दा पनि एकातिर नरकलोकको डर छ भने अर्कोतिर तिर्यक, प्रेत, असुरलोकको डर छ । विभिन्न शत्रुहरूले घेरिएर बसेका छन् । सबै खतराको द्वार खुल्ला छन् । यता पनि गिर्न सक्छ, उता पनि गिर्न सक्छ । आत्तिएका छन् विचरा ! मरें भने कहाँ पुगिन्छ होला, कुन गतिमा पुगिन्छ होला भनी आत्तिन थाल्छन् । यसरी पृथकजनलाई पनि शान्ति छैन । तर त्यस्तो पृथकजनले पनि बुद्धको शासनमा – शील शासन, समाधि शासन र प्रज्ञा शासनमा रहेर विपश्यना ज्ञान भावना गरेर ज्ञान प्राप्त गरेको छ भने पृथकजन पनि (स्रोतापन्न नभए पनि) आर्यजस्तै निडर भएर ढुक्कसित बस्नसक्छ । शासनमा रमाउने व्यक्ति भएर आफू आर्य नै हुँ कि भनी ढुक्कसित बस्नसक्छ । म त मर्न डराउँदिनँ, मरेमा अपाय गिर्दिनँ भन्ने पक्का विश्वास उनमा हुन्छ । खरायोले सुमेरू पर्वतमा पुगेर आफूलाई सिंह नै हुँ कि भनेर सम्झेजस्तै पृथकजनले पनि भगवानको शासनको बलियो तागत पाएको हुन्छ ।

मरेर नरक पो पुग्छ कि भन्ने डर उसलाई पटक्कै हुँदैन । शासनको आड पाइयो भने, बाटो पनि छर्लङ्ग हुन्छ । यो बाटो नरकको हो, यो बाटो पशुलोकको हो, यो बाटो देवलोकको हो, यो बाटो ब्रम्हलोकको हो, यो बाटो निर्वाणको हो भनेर राम्ररी बुझेको हुन्छ । आफू हिंडिरहेको बाटो कुन हो भनेर प्रष्टै बुझेको हुन्छ । शासनमा रम्ने भएकोले उसले गलत बाटो छोडेको हुन्छ । यो बाटो मुक्तिको हो कि वा अरू नै बाटो पो हो कि भन्ने शंका मेटिसकेको हुन्छ । यो बाटोबाट निर्वाणमा पुग्ला के भन्ने शंका त्यो व्यक्तिलाई हुँदैन ।

Dhamma.Digital

## *अन्य उपमा पनि –*

आकाशबाट वर्षेको पानी पर्वतमा परे पनि मैदानमा झरे पनि बग्दै नाला, कुला हुँदै खोलामा पुग्छ, नदीमा पुग्छ, नदीबाट बग्दाबग्दै समुद्रमा पुग्छ । पानी जहाँसुकै झरे पनि आखिरमा पुग्ने त समुद्रमा हो । त्यस्तैगरी जुन बाटो गए पनि मुक्ति मै पुगिने हो भनेर कसैले यस्तो उपमा दिएर बुझाए यो मान्छेको मार्ग गलत रहेछ भनेर बुझ्नुपर्छ । क्लेशको मार्ग गए अपायमा, दान शीलको मार्गबाट गइयो भने क्रम सुगतिलोकमा, समाधिको



Downloaded from http://dhamma.digital

मार्गबाट गइयो भने ब्रम्हलोकमा, प्रज्ञाको मार्गबाट गइयो भने निर्वाणमा पुगिन्छ । सही प्रकारले बाटो जानेको व्यक्तिले निर्वाणको बाटो र नरकको बाटो प्रष्टै छुट्याउन सक्दछ । ऊ अरूको हाहामा लाग्दैन । त्यस्तो व्यक्तिलाई *वेसारज्जपत्तो* भनिन्छ । यस्तो व्यक्ति शासनमा निडर भएर वा नहल्लिने भएर बस्नसक्छ । यिनलाई नै शासनमा रमाएको व्यक्ति (सासने रता) भनिन्छ । विनिपातिक (गतिको टुंगो नभएको) हुनुहुँदैन ।

शासनमा *'वेसारज्जपत्तो'* हुन विपश्यनामा पनि आसेवन हुनुपर्छ । *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।'* । अगाडिअगाडिका कुशल धर्म भएमा पछाडिपछाडि पनि कुशल धर्मले नै पछ्याउँछ । जस्तै प्रथम जवन-चित्त कुशल भएमा पछिका जवन-चित्तहरू पनि कुशल नै हुन्छन् । आसेवनमा अघि भनिएजस्तै जात पनि मिल्नुपर्छ र काम पनि मिल्नुपर्छ । तर लोकत्तर-चित्तलाई आसेवनमा त्यसरी लिनुहुँदैन । गोत्रभु, मार्गज्ञान, फलज्ञानमा आसेवन मिल्दैन । गोत्रभु भनेको पृथकजनको लहरालाई काटेर आर्यमा गएकोलाई भनिन्छ । मार्गज्ञान भनेको आर्यत्वमा प्रवेश हो र फलज्ञान भनेको त्यसको कार्य(फल) हो । यहाँ कारण र कार्य मिलेन । त्यसैले यहाँ आसेवन भएन । आसेवनमा कारण र कार्य मिल्नुपर्छ । जात पनि काम पनि मिल्नुपर्छ ।

प्रथम जवन-चित्तको अलिकति अगाडि 'वुत्थो' हुन्छ । वुत्थो भनेको निश्चय गरेको हो । निश्चय गरेपछि यता अनुभव गरिन्छ । निश्चय गरेको र अनुभव गरेको मिल्दैन । जात मिलेन । अनुभव गर्ने पनि ७ तालिसम्म हुन्छ । ७ तालि हुँदा काम पनि मिलेन । एउटा कुशल हुँदा ७ वटै कुशल हुन्छ । यसमा जात पनि मिल्यो काम पनि मिल्यो । जात पनि मिलेको र काम पनि मिलेकोमा मात्र आसेवनले उपकार गर्छ । तर त्योभन्दा अगाडि आसेवन छैन । प्रथम जवन-चित्तभन्दा अगाडि पनि आसेवन छैन किनभने योसँग जात मिल्ने अगाडि छैन । प्रथमबाट द्वितिय, तृतीय, चतुर्थ हुँदै ७ जवनसम्म आवसेन हुँदैजान्छ ।

***पट्ठान देशना अन्तर्गत एघारौं दिनको 'पच्छाजात, आसेवनपच्चय' देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# बाह्रौं दिन

## (आसेवन, कम्मपच्चयलाई मिलाएर)

## १२

आवसेनको अर्थ बारम्बार सेवन गर्नु वा तागत दिइराख्नु हो । यसलाई लुगामा कपुर हालेको उपमा दिन सकिन्छ जुन माथि पनि दिइसकिएको छ । बारम्बार उपकार त हुन्छ तर जात मिल्ने र काम मिल्नेमा मात्र । जात र काममात्र नभई विषय पनि मिल्नुपर्छ । यी तीनै कुरा जुट्यो भने मात्र आसेवनले काम गर्छ । अनन्तरपच्चयमा जात नमिले पनि विषय नमिले पनि उपकार गरिएको हुन्छ । उपनिस्सयमा पनि जात नमिले पनि विषय नमिले पनि उपकार गरिएको हुन्छ । किनभने कुनै समय कुशलले पनि अकुशललाई उपकार गरिदिएको हुन्छ । त्यस्तै अकुशलले कुशललाई पनि उपकार गरिदिएको हुन्छ । कुशलले अव्याकतलाई उपकार गरिदिएको हुन्छ भने अकुशलले पनि अव्याकतलाई उपकार गरिदिएको हुन्छ । अव्याकतले पनि कुशललाई पनि र अकुशललाई पनि उपकार गरिदिएको हुन्छ । एउटा एउटा प्रतिहारमा उपकार गराइ फरक हुन्छ । तर आसेवनपच्चयमा हेर्ने हो भने – *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो'* हुन्छ । अनन्तर पालिलाई हेर्ने हो भने *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तर/समनन्तरपच्चयेन पच्चयो'* हुन्छ । यी दुई आसेवन र अनन्तरमा उपकार गराइ फरक छ ।

अनन्तरले सबैलाई लिएको हुन्छ – जात मिले पनि नमिले पनि, काम मिले पनि नमिले पनि । अनन्तरले उपकार गर्दा अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद, पञ्चद्वारावज्जन, चक्खुविञ्ञाण, सम्पतिच्छन्द, सन्तीरण,



Downloaded from http://dhamma.digital

वुत्थो, जवन-चित्तहरू, तदारम्मण-चित्त, भवंग-चित्त सबैमा अन्तर बनाएको हुँदैन । एक अर्कामा आधारित भएर उपकार गर्ने त निस्सयपच्चयले हो । निस्सयपच्चय पनि यही रफ्तारमा चल्छ । अनन्तरले एक एकलाई खाली नबनाइकन, अन्तर नपारिकन उपकार गरेको हुन्छ ।

अहिले यहाँ आसेवनमा चाहिँ क्रम पनि, जात पनि र विषय पनि मिल्नुपर्छ भनिएको छ । क्रम, जात र विषय सबै मिलेपछि त्यसबाट आसेवन उपकार हुन्छ, उपकार गर्छ र उपकार पाउँछ । आसेवनमा उपकार गर्ने एक प्रकारको उपकार पाउने अर्को प्रकारको हुन्छ । कुनैले उपकार पनि गरेको हुन्छ । उपकार पनि पाएको हुन्छ । कुनैले सिर्फ उपकार मात्र गरेको हुन्छ, उपकार पाएको हुँदैन । कुनैले उपकार पनि पाएको हुन्छ, उपकार पनि गरेको हुन्छ । आसेवनपच्चय, कम्मपच्चय र विपाकपच्चय – यी तीनलाई एक लहरले नै बुझ्नुपर्छ ।

कुशल चित्त भने पनि अकुशल चित्त भने पनि जवन-चित्त ७ नै हुन् । *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।'* पुरिमा कुसला धम्मा = अगाडि भएको चित्त कुशल-धर्म भए, त्यो प्रथम जवन-चित्त हो । पच्छिमानं = त्यसपछिको कुशल-चित्त द्वितीय जवन-चित्त हो । त्यसको पनि अझ पच्छिमानं तृतीय जवन-चित्त हो, फेरि पच्छिमानं चतुर्थ जवन-चित्त हो । चतुर्थमा आउँदा तृतीय पुरिमा हुन्छ, चतुर्थ पच्छिमा हुन्छ ।

पछिपछि आउने कुशल पनि *'कुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो'* हुन्छ । यो एक लहरमा ७ जवन-चित्त हुन्छन् र तिनमा अकुशल घुस्न सक्दैन । यी ७ मा एकले अर्कोलाई आसेवन उपकार गरेको हुन्छ । ७ जवन लहरै चलेर कर्म बन्दछ । किनभने यी सबै चेतना सम्बन्धका हुन् । कर्म बन्छ, फल दिनेवाला भए फल पनि मिल्छ किनभने जात पनि मिल्छ । प्रथम जवन-चित्तभन्दा अलिकति अगाडि वुत्थो (निश्चय गरेको) हुन्छ । निश्चय गरेको विपाक-चित्त हो । यो कार्य-चित्त भएकोले यहाँ आएर यसले आसेवन गर्न सक्दैन । यो कार्य-चित्त हुँदा यसको जात मिलेन, क्रम पनि मिलेन । त्यसैले आसेवनले उपकार गर्न सकेन । वुत्थोको आसेवन प्रथम जवन-चित्तलाई मिल्न सकेन । प्रथम चित्त उत्पति



Downloaded from http://dhamma.digital

भयो, बिग्रियो । द्वितीय जवन-चित्तसँग प्रथमको जात मिलेकोले आसेवनले उपकार पायो । प्रथमले आसेवन गऱ्यो तर आसेवन पाएन । जब द्वितीय जवन पनि बिग्रिन्छ, तृतीय जवन-चित्त उत्पति हुन्छ । तृतीय जवन-चित्तलाई द्वितीय जवन-चित्तले आसेवन गऱ्यो । तृतीयले पायो । द्वितीयले आसेवन उपकार पनि पायो, उपकार पनि गऱ्यो । तृतीयले चतुर्थलाई, चतुर्थले पनि पाँचौलाई, पाँचौले छैठौंलाई, छैठौंले सातौंलाई उपकार गरे र उपकार पनि पाए तर सातौंले उपकार गर्न पाएन । त्यसपछि त तदारम्मण-चित्त उत्पन्न भयो । यो अव्याकत भइहाल्यो । अव्याकत भनेको कर्मचित्त हो । यता अव्याकत-चित्त हुँदा काम मिलेन, जात पनि मिलेन त्यसैले आसेवनले उपकार गर्न सकेन । काम मिलेन अर्थात् सातौं जवन-चित्तले उता तदारम्मण चित्तलाई आसेवन गर्न सकेन ।

उपकार पनि गरेको छ र उपकार पनि पाएको छ भने झन तेजिलो हुन्छ । उपकार नपाएकोले कमजोर हुन्छ किनकि आड पाउन सकेन । आड पनि पायो, उपकार पनि गर्न सक्यो । लुगामा कपुर लगाइयो । त्यो लगाएको कपुरबाट अर्को समयमा त्यस कपुरको बास्ना पनि पायो, अर्कोलाई बास्ना दिन पनि सक्यो । जति बास्ना लिंदैगर्छ, उति बास्ना तेजिलो हुँदैजान्छ । जब कपुर सकिन्छ, बास्ना उड्दैउड्दै आखिरमा बास्ना कमजोर हुँदैजान्छ । सुरूमा बास्ना कमजोर थियो । बीचमा तेजिलो भयो, अन्त्यमा गएर कमजोर भइदियो । यसरी नै कुशलले कुशललाई आसेवनले उपकार गरेको हुन्छ ।

दान गर्छु भन्ने कुशल चित्त उदय भयो । यो चित्त ७ तालिसम्म रहन्छ । दान गर्छु भन्नेवित्तिकै सातैवटा जवन-चित्तले लहरै काम गरिसक्छ । दान गर्छु, दान गर्छु, दान गर्छु भनेर साततालिसम्म भन्नै पर्दैन । दान गर्छु भनेर पहिलो चित्त उत्पन्न भएको प्रथम जवन-चित्त हो, द्वितीय, तृतीय, चतुर्थ, पाँचौ, छैठौ, सातौं गरी लहरै जवन-चित्त उत्पति हुन्छ । एक लहरमा यी सात जवन-चित्त भइसक्छन् ।

चित्त लहर त अनवरत आइरहेको हुन्छ । वुत्थो आउनेवित्तिकै प्रथम जवन-चित्त हुन्छ । जात नमिलेकोले वुत्थोले प्रथम जवनलाई उपकार गर्न सक्दैन । प्रथमले उपकार पाएन । दान गर्छु भन्ने प्रथम जवन-चित्त



Downloaded from http://dhamma.digital

भयो । यसले उपकार त पाएन तर यसले पछि आउने जवनहरूलाई उपकार गर्दछ । अर्कोलाई उपकार गऱ्यो । यो प्रथम जवनले आसेवन प्रतिहारको उपकार नपाएको कारणले यो स्वयं कमजोर हुन्छ । दोस्रो अलि तेजिलो हुन्छ । तेस्रो तेजिलो हुन्छ । चौथो झन् तेजिलो हुन्छ । पाँचौ अलिकति घट्न थाल्छ । छैठौं अझ घट्न थाल्छ । सातौं कमजोर हुनथाल्छ । सातौं आखिरको हुँदा कमजोर हुन्छ । कमजोर भएकोले यसले अर्कोलाई आसेवन उपकार गर्न सक्दैन । यो आफै कमजोर छ र फेरि अर्कोसँग जात पनि मिल्दैन । किनभने त्यो पछि आउने जवन नभइकन तदारम्मण-चित्त हुन्छ । यो कार्य-चित्त अथवा विपाक-चित्त हो । त्यसैले जात पनि मिलेन क्रम पनि मिलेन । नमिलेकोले उता उपकार गर्न सकेन ।

## माथि ढुंगा फ्यांकेको उपमा –

एउटा ढुंगोलाई जोडले आकाशतिर फ्याकूँ । जोडले हानेको तागतअनुसारले त्यो ढुंगो माथि चढ्छ । तागतहुन्जेल माथि चढ्छ तर तागत सकिएपछि माथि एकैछिन अड्छ । अडिनुभन्दा अलिकति अगाडि त्यसको तोड अलि कमजोर भएको हुन्छ । कमजोर हुँदैहुँदै अडिन्छ र अनि बिस्तारै झर्छ । प्रथम जवन-चित्तबाट झड्काइदियो । माथिसम्म तोडले गयो । द्वितीय, तृतीय, चतुर्थ जवनको तोड राम्रो छ । पाँचौ छैठौंबाट अलिकति तोड घट्न थाल्छ । सातौंमा पुग्दा तोड सकियो र अडियो । अनि त्यहाँबाट झर्न थाल्छ । झरेर भवंगतिर पुग्छ ।

Dhamma.Digital

## गाडी कुदाएको उपमा –

मानौं, गाडी कुदाइयो । पहिले शुरुमा ठूलो गियर हालिन्छ किनभने गाडी कुद्न तागत चाहिन्छ । त्यसबेला स्पीड लिन सक्दैन । एकछिनपछि स्पीड लिएर गियर बदली गरिन्छ । तागत पाएर गियर बदल्नेवितिकै गाडी स्पीडमा जान्छ । त्यसरी स्पीडमा कुदेको गाडीलाई एकैचोटी झ्याप्पै रोक्नुहुँदैन । रोक्दा पहिले गियर बदलेर ब्रेकलाई पनि थिचेर बिस्तारबिस्तारै गाडी रोक्नुपर्छ । सुरुमा गाडी चलाउँदाको र गाडी अडाउदाको घटनालाई ती ७ वटा जवन-चित्तले काम गरेकोसँग मिलाएर हेर्नु उचित हुनेछ ।



Downloaded from http://dhamma.digital

सुरूमा गाडीको स्पीड जान सकेको हुँदैन किनभने तागत पाएको हुँदैन । अहिले कमजोर छ । जब गियर बदलेर स्पीडमा गएपछि अर्कोको तागत पाएको हुन्छ र गाडी कुदेको हुन्छ । जब अडाउने बेला हुन्छ, गियर बदलेर ब्रेकलाई थिचिन्छ अनि रोकिन्छ । सुरूमा पनि कमजोर, अन्त्यमा पनि कमजोर, बीचमा स्पीड राम्रो हुन्छ । त्यस्तै कर्मफल दिनमा पनि सुरूमा कमजोर हुन्छ, बीचमा तेजिलो हुन्छ, अन्त्यमा पनि कमजोर नै हुन्छ ।

भगवानले भन्नुभयो – पहिलो कमजोर हुनाले फल दिने क्षमता हुँदैन । क्षमता नहुँदा यसले फल दिने यही जन्ममा मात्रै हो । दोस्रो जन्ममा फल दिन सक्दैन । किनकि त्यो शक्तिहीनावस्थामा हुन्छ । किन शक्तिहीन हुन्छ त भन्दा आसेवनको आड नपाएको कारणले हो । अनि यसमा दोस्रो जन्मसम्म गएर फल दिने क्षमता हुँदैन । यही जन्ममा मौका परे ७ दिनभित्र फल दिन्छ । यदि ७ दिनसम्ममा क्षमता नभए ७ महिनाभित्रमा फल दिने हुन्छ । ७ महिनाभित्र पनि फल दिने मौका पाएन भने त्यो अहोसिकर्म हुन्छ । फल नै दिन नसक्ने हुन्छ । त्यो कर्मलाई भगवानले *'दिट्ठधम्म वेदनीय कम्म'* भन्नुभई यही जन्ममा फल दिने कर्म भन्नुभएको छ ।

७ नं को जवन-चित्तचाहिँ *'उपपज्ज वेदनीय कम्म'* हो । उपपज्ज वेदनीय कम्मले दोस्रो जन्ममा मात्र फल दिने अधिकार पाएको हुन्छ । दिट्ठधम्म वेदनीयले यसैजन्ममा सके फल दिन्छ नसके अहोसि कम्म भएर जान्छ । उपपज्जले दोस्रो जन्मसम्ममा फल दिन्छ । फल दिन नसके अहोसिमा बदलिन्छ । यसको तेस्रो जन्मसम्म फल दिने क्षमता हुँदैन । किनभने यो पनि आँखिरीको हुनाले कमजोर र वृद्ध हुन्छ ।

बीचको ५ जवनले अर्कोको पनि आसेवन उपकार पाएको हुन्छ, आफूले पनि उपकार गर्न पाएको हुन्छ । द्वितीयले तृतीयलाई, तृतीयले चतुर्थलाई, चतुर्थले पाँचौंलाई, पाँचौंले छैठौंलाई र छैठौंले सातौंलाई आसेवन दिएको हुन्छ र पाएको पनि हुन्छ । त्यसैले यी बीचका पाँचवटा जवन-चित्तहरू तगडा हुन्छन् । तगडा हुँदा ती आतिंदैनन् । कमजोर भएकामात्र आतिन्छन् । कमजोर व्यक्ति आतिंदै छिटो काम गर्नखोज्छ । तगडा व्यक्ति ढुक्कै हुन्छ । मौका परे फल दिन्छ । फल दिए ठूलै दिन्छ । ढुक्कै



Downloaded from http://dhamma.digital

भएकाले कहिले फल दिन्छ भनेर तोक्न पनि सकिंदैन । तेस्रो जन्मदेखि निर्वाण नपुगुन्जेलसम्ममा फल दिने अधिकार यी पाँचलाई हुन्छ । यिनलाई *'अपरापरिय वेदनीय कम्म'* भनिन्छ । यिनको कामबारे मसिनो गरी भन्नुपर्छ । कम्म पच्चयमा यसबारे भनिने छ ।

### श्लोक पढ्नुको उपमा –

एउटा श्लोक पढ्नुपऱ्यो । कहिल्यै नसुनेको, नपढेको श्लोक । सुरुमा फररर पढ्न सकिंदैन । ढिलो गरी एकुन्टा अक्षर भन्नुपर्छ । दोस्रोपाली पढ्दा अलि सजिलो गरी उच्चारण हुन्छ । सजिलो भएको कारण पहिलो पल्टको आसेवनको उपकार पाएकोले हो । पहिले सुरुमा त उपकार पाएको थिएन । पढ्न अलि अप्ठेरो भएको थियो । पढ्न पनि अप्ठेरो भयो, बुझ्न पनि सकिएन । पहिलोचोटीको उपकारले दोस्रोचोटी पढ्दा सजिलो अनुभव भयो । दोस्रोचोटीको उपकारले तेस्रोचोटीलाई अझ सजिलो भयो । जति जति पढ्दै गइन्छ, त्यति त्यति सजिलो हुँदैजान्छ । यसो भएको आसेवनको उपकारको कारणले हो । त्यस्तैगरी पापगर्दा होस् वा पुण्यगर्दा यही रफ्तारमा चल्छ ।

*'पुरिमा पुरिमा अकुसला धम्मा पच्छिमानं पच्छिमानं अकुसलानं धम्मानं आसेवनपच्चयेन पच्चयो ।'* अकुशलमा पनि पहिलो अकुशलले कुनै उपकार पाएन । त्यो प्रथम जवन-चित्त भयो । प्रथम बिग्रयो, दोस्रो जवन-चित्तलाई उपकार भयो । दोस्रो अलि तगडा भयो । यसले फेरि तेस्रो जवन-चित्तलाई पनि आसेवनको उपकार दिन पायो । उपकार लिन पनि पायो, दिन पनि पायो । त्यसरी नै अकुशल पनि माथि भनिएझैंको कुशलमुताबिक हुन्छ ।

*'पुरिमा पुरिमा क्रिया अब्याकता धम्मा पच्छिमानं पच्छिमानं क्रिया अब्याकता धम्मानं आसेवनपच्चयेन पच्चयो ।'* भगवानमा र अर्हतमा हुने चित्तलाई क्रिया-चित्त भनिन्छ । उहाँहरूले जति नै कुशल गरे तापनि कुशलमात्र बन्छ तर कर्म बन्दैन, क्रिया-चित्त मात्र हुन्छ । आसेवनको उपकार त पाएको हुन्छ तर फल दिने कर्मचाहिँ हुँदैन । यो त अब्याकत विपाक हो । तदारम्मण, भवंग–चित्तहरू अब्याकत चित्त हुन् । यी सिर्फ



Downloaded from http://dhamma.digital

कार्य मात्रै हुन् । कार्य मात्रै भएकोले आसेवन गर्न पनि सक्दैन, उपकार पनि पाउँदैन ।

अहिले त विशेषगरी कुशल अकुशललाई लिएर बताइन्छ । कुशल अकुशललाई विशेषरूपले भन्दा कर्मलाई पनि सँगसँगै लानुपर्छ । कर्म भनेपछि सँगसँगै विपाकलाई पनि लानुपर्छ । विपाक भन्ने फल हो । प्रतीत्यसमुत्पादमा हेर्ने हो भने विपाकवट्टमा ८ छन् – विज्ञान, नामरूप, षडायतन, स्पर्श, वेदना, जाति, जरामरण र उपपति-भव । विपाक शान्त स्वभावको हुन्छ । तर कर्मको स्वभाव भने चटपटे हुन्छ ।

## चटपटे स्वभावको उपमा –

एउटा घरमा भोजनको निमन्त्रणा भयो । १५ वर्गी भिक्षु निमन्त्रित भए । भिक्षुहरू त्यहाँ पुगे । दान्यदाताले बोलाएका पाहुनाहरू पनि धुप्रै थिए । त्यही घरमा दान्यदाता र पाहुनाहरूको मनको अवस्था मिल्दैन । दान्यदाताको मन चटपटे हुन्छ । भन्ते तथा पाहुनाहरूको स्वागतमा उनीहरूको मन सक्रिय हुन्छ । भन्तेहरूलाई ठाउँको व्यवस्था कस्तो छ, पानी, भोजन, आसनको व्यवस्था पुगे नपुगेकामा मन गइरहेको हुन्छ । अरू पाहुनाहरू त तातिएका हुँदैनन् । आए, आरामसाथ बसे, आनन्दै छ । उनीहरूको मन छट्पटिएको हुँदैन । दान्यदाताको छट्पटाइरहेको चेतना नै तगडा चेतना हो । तेजिलो चेतना हो । त्यो चेतनाले गर्दा सबैतिर मन पुगिरहेको हुन्छ र श्रद्धाले गद्गद् भइरहेको पनि हुन्छ । एकपाली गद्गद् हुँदा ७ वटा, २ पालीमा ७ वटा, ३ पालीमा हुँदा ७ वटा, ४ पालीमा हुँदा ७ वटा ........ यसरी आसेवनमाथि आसेवन थपिंदै गइरहेको हुन्छ । जसरी कपुर लुगामा हाल्दा सुरूको भन्दा पछिपछिको बास्ना झन तेजिलो हुन्छ । अन्त्यमा कपुरको बास्नाले लुगाको बाकस नै भरिएको हुन्छ । त्यस्तै यहाँ पनि कुशल पुण्य कुशल पुण्यको चेतना, त्याग चेतना तेज हुँदै गएर सम्पूर्ण शरीरलाई नै कुशलले ढाकिरहेको हुन्छ । कुशलले ढाकेको हुँदा चेतना पनि जागृत भइरहेको हुन्छ । तेजिलो चेतनाले गर्दा श्रद्धाले भरिएका वचन र कर्म पनि प्रयोग भइरहेको हुन्छ । जता पनि स्वागतका शब्द, शरीरद्वारा पनि दौडधुप गर्ने जाँगर चलिरहेको हुन्छ ।



Downloaded from http://dhamma.digital

अतिथि र घरका दान्यदातामा दान्यदाताकै जाँगर बढी चलिरहेको हुन्छ । मन र शरीर दुवै फुर्तिलो भइरहको हुन्छ । सन्चो नभएपनि त्यतिखेर त्यो विसञ्चो कता गएको हुन्छ, कता । कुशल चेतनाले भरिएको हुँदा वाणी पनि कुशल कायकर्म पनि कुशल भएर पाइलैपिच्छे कुशल भइरहेको हुन्छ । त्यो कुशल एक घण्टा त्यसरी नै चलिरहे आसेवन कति हुन्छ, हुन्छ ।

श्रद्धा हुनासाथ ७ वटा कुशल जवन भइसक्छ । एक घण्टा सम्ममा त कति हुन्छ, हुन्छ । दान कार्य राम्ररी सफल हुँदा दान गर्न पाएँ, राम्ररी सफल भयो भनेर भित्रबाट प्रीति भइरहेको हुन्छ । त्यो प्रीति भएकोमा पनि ७ वटा हुन्छन् । त्यसमा प्रथम जवन-चित्त एक घण्टासम्ममा निकै हुन्छन् । भवंग-चित्त कुशल अकुशलमा कामै नलाग्ने चित्त हुन् । ती शक्तिहीन हुन्छन् । ती त शरीर बचाउनको लागि मात्रै हुन् । अरूलाई यसले काम दिन सकेको हुँदैन । तर एक घण्टासम्म प्रीति भयो भने एक घण्टाभरि नै प्रथम जवन-चित्त भयो ।

कमजोर नै भए पनि बारम्बार हुँदैगर्दा शक्तिसम्पन्न हुन्छन् । कमिला पनि धेरैको फौज भए गड्यौलालाई उचालेर लान सक्छन् । आकार र वजन कमिला र गड्यौलामा धेरै फरक छ । एउटा कमिलाले गड्यौलालाई कमजोर भएकोले घिसार्न सक्दैन । कमजोर वा शक्तिहीन भएपनि धेरै एकत्र हुँदा ठूलै गड्यौलालाई पनि घिसार्न सक्छन् । त्यस्तै प्रथम जवन-चित्त धेरै बनेमा त्यो *'उपथम्भक कर्म'* हो । उपथम्भक कर्म भनेको तागतिलो भएर सहयोग पुऱ्याउने कर्म हो । अहिले वर्तमानमा भएको प्रथम जवन-चित्तले पनि फल दिइरहेको छ । पहिले पहिलेका अपरापरियले पनि फल दिइरहेको छ ।

यो पट्ठान देशनालाई पनि त्यतिकै सुन्न पाइरहेका छौं भनेर सम्झन हुँदैन । भाग्य राम्रो भएर सुन्न पाइरहेका हौं । पहिलेका राम्रा कर्मलाई नै भाग्य राम्रो भनिएको हो । पहिलेको कर्म जुरेको हुनाले पट्ठान देशना सुन्ने मौका मिल्दैछ । बुझ्ने मौका मिल्दैछ । नभए जो पायो त्यहीलाई पट्ठान सुन्ने मौका मिल्दैन । यो मौका जुटाइदिएको पूर्वकुशल कर्मले हो ।



Downloaded from http://dhamma.digital

अहिले हामीले अतीतको कर्मको फल पनि भोग्दैछौं । पच्चुपन्न(वर्तमान)को कर्मको सहयोग पनि मिल्दैछ । दिट्ठधम्म वेदनीय कर्मले फेरि अर्को फेरि अर्को जन्ममा फल दिन सक्दैन । त्यो त यही जन्ममा सकेको फल दिने कर्म हो । तर त्यो बिचरा कमजोर छ । कमजोर भए पनि प्रथम जवन-चित्त कुशल छ भने र अतीतको पनि कुशलले फल दिने मौका पऱ्यो भने अतीतको पनि कुशल, अहिलेको पनि कुशल मिलेको हुन्छ । कुशलले कुशललाई तागत दिन्छ, स्वागत गर्छ । अतीतका कुशललाई पच्चुपन्नको कुशलले आउनुस्, बस्नुस् भनेर स्वागत गर्छ । तर पच्चुपन्नमा त कुशल छ, अतीतका अकुशल आए भने त्यो कुशल र अकुशल त मिलेन, तिनको स्वभाव मिल्दैन । स्वभाव नमिल्दा स्वागत पनि त हुँदैन । नआएहुन्थ्यो भन्ने चेतना हुन्छ । पच्चुपन्न त अहिलेको कर्ता हो । अतीतका त पाहुना हुन् । कर्ताले नै स्वागत गर्दैन भने पाहुनालाई सत्कार मिल्दैन ।

### *एउटा अर्को उपमा –*

राम्रो शीलाचरण गर्ने व्यक्तिको घरमा कोही रक्सी खाएर मातेर आए भने त्यस व्यक्तिले स्वागतको भाषा बोल्दैनन् । नआइज भनी ढोका बन्द गरेर भएपनि उसलाई प्रवेश दिंदैनन् । तर आफूजस्तै राम्रो ध्यानभावना र शीलमा बसेको व्यक्ति आए भने खुसी भएर स्वागत गर्छन् । त्यो पाहुनाले पनि स्वागत भएपछि उसले गर्ने कामकुरा पनि खुल्ला भएर गर्न सक्छन् । किनभने स्वागत गर्ने पनि कुशल, स्वागत पाउने पनि कुशल । शीलाचरण गर्नेले पनि राम्रालाई स्वागत गरेका छन् । आउने राम्रा व्यक्तिले पनि राम्रो विषय लिएर आएका छन् । आफ्ना उद्देश्यसँग मिल्नाले दुवैको लागि फलदायी हुन्छ । पूर्वको पुण्य पनि छ, पच्चुपन्नको पुण्य पनि छ ।

प्रथम जवन-चित्तको वर्तमानमा शक्ति कमजोर छ तर जब अतीतको फल दिने कर्म आइदियो भने त्यो कमजोर भएर पनि तागतिलो हुन्छ किनभने दुई शक्तिको मिलन भयो ।

### *पाइप फुटेर पानी चुहिएको उपमा –*

पाइप फुटेर पानी चुहिएर बगेको छ । वर्षा भयो र भलपानी पनि



Downloaded from http://dhamma.digital

बग्यो । त्यो पाइप फुटेर आएको पानी त्यो भलपानी सँग मिसिएर बग्न पाउँदा त्यो तागतिलो हुन्छ । पाइपको पानी पनि बग्ने पानी, भलपानी पनि बग्ने पानी हुँदा तागतिलो भई बग्न पाउँछ । बाटोमा पर्ने झारपात, ठुटाठुटी सबै बगाएर लाने तागत हुन्छ । त्यस्तै योगीहरूमा पनि वर्तमानमा विपश्यनाको तागत छैन, अतीतबाट पनि आएको कुशल पुण्य *'निब्बानस्स पच्चयो होतु'* भन्नेजस्ता कुशल पुण्य आएर मिसिइदियो भने क्लेशलाई बगाएर लानसक्छ । तर पच्चुपन्नमा कोशिस नै छैन, जाने बाटो खोलिएकै छैन भने वर्षाको भल जताततैबाट बग्नथाल्छ । अहिले वर्तमानमा नै भल आउने बाटो खोल्दैछ भने आउने पानी पनि त्यही बाटो भएर आउँछ । त्यसैले वर्तमान चित्तलाई सानो वा कमजोर हो भनेर हेला गर्नुहुँदैन । सानो भए पनि ठूलासँग मिसिन पाउने अवसर हुन्छ । ठूलाको आड पायो भने फल दिने अवसर जुर्नसक्छ ।

त्यस्तै पुण्यले पुण्यलाई स्वागत गरेझैं पापकर्मले पनि पापकर्मलाई स्वागत गर्दछ । वर्तमानमा कर्म राम्रो छैन अर्थात् शील पनि छैन, प्राणी हत्या पनि गरेको छ, चोरी पनि गरेको छ, व्यभिचार पनि गरेको छ, डाह इर्ष्याले काम गरेको छ, नराम्रो बोली वचन बोलेको छ, नहुँदो चिन्तन मात्र गरेको छ भने त पापकर्म मात्र भएको छ । पूर्वपुण्यले फल दिन आए पनि पापमात्र भइरहेकोले त्यो पुण्यलाई स्वागत गर्ने कर्ता नै हुँदैन ।

### *एउटा व्यावहारिक उपमा –*

एउटा टाढाको पाहुना आए, कल्याण गर्ने पाहुना । त्यो पाहुना आउँदा घरमा रक्सी खाएर झगडा गरिरहेको दृश्य देखे भने त्यो पाहुना हल्ला सुनेर टाढैबाट भाग्छ । ज्ञानी ध्यानी शीलाचरण गरेका पाहुना त हुन् तर जुन घरमा ऊ जाँदैथियो त्यहाँ झगडा भइरहेको छ र कर्कश आवाज आइरहेको छ भने यो पाहुनालाई अप्ठेरो पर्छ । घरमा पसुँ कि नपसुँ हुन्छ । भैगो अहिलेलाई, उनीहरूको झगडा छ, पछि जानुपर्ला भनेर फर्केर जान्छ । त्यस्तै कुशलले फल दिने समय त आयो तर यता अकुशलको ताँती छ भने भैगो, पछिमात्र आउनुपर्ला भनेर नजिकमा आएको कुशलको फल पनि टाढिन्छ । अपरापरिय कर्मफल त ढुक्क हुन्छ । मौका पऱ्यो भने झ्याप्पै फल दिन्छ । नसोचेजस्तो फल पनि दिन्छ । अपरापरियले फल



Downloaded from http://dhamma.digital

दिन थाल्यो भने *'हुनेलाई घरीघरी, नहुनेलाई कठैबरी'* भन्ने लोकको भनाइअनुसार फल दिन थाल्छ । काम गर्दिनँ भनेर घरैमा बस्दा पनि घरमै धन दिन आउँछ । कहिलेकाहीं त दिनभरि भौतारिंदा पनि बेलुका रित्तै घर फर्किनुपर्छ । कसैलाई त केही नगरे पनि घरमै पुऱ्याउन आउँछ । यता पनि पुण्यकर्म गरिंदै छ, उता पनि पुण्यकर्मले फल दिंदैगरेको हुन्छ । तर यता अकुशल गरिंदैछ भने उता पुण्यलाई फल दिने मौका परेन भने पाप नै त आउँछ । पापकर्म गरिंदैछ र पापकर्मको फल पनि आउँदैछ भने पापले पापैलाई स्वागत गरेको हुन्छ ।

कुशलमा कुशलै मिल्छ, अकुशलमा अकुशल नै । कुशलमा अकुशल मिल्न सजिलो छैन र अकुशलमा कुशल मिल्न पनि अप्ठेरै छ ।

### *जुग्गा बनेका तिस्स भिक्षुको उपमा –*

भगवानको पालामा तिस्स नाम गरेका एकजना भिक्षु थिए । प्रवज्या लिएपछि एउटा गरिब गाउँमा वर्षावास लिन पुगे । गरिव गाउँ हुँदा भोजन पनि खस्रो मिल्थ्यो । भोजन खान नै गाह्रो हुन्थ्यो । बल्ल बल्ल खानेमा पुग्थे । वर्षावास सकिएपछि श्रावस्तीमा फर्के । भिक्षु सारै दुब्लाएका थिए । बहिनीचाहिं लुगा बुन्ने काम गर्थिन् । बहिनीले दाजु सारै दुब्लाएको देखिन् । वर्षावासमा खाना राम्रो भएन छ भनेर घरमा राम्रो मिठो खाना बनाएर भोजनको निमन्त्रणा गरिन् ।

भिक्षुलाई त्यहाँ गाउँमा कथिनमा मिलेको वस्त्र अलि खस्रो थियो । 'यसलाई अलि मसिनो बनाइदेऊ, बहिनी' भनेर चिवर बनाउन दिए । बहिनीले पनि खानामा मिठो, चिल्लो धेरै राखेर भोजन बनाइदिएकी थिइन् । भिक्षुले त्यो गरिष्ठ आहार धेरै नै लिए । सँधै खस्रो हल्का आहार लिइरहेका त्यस भिक्षुले त्यसदिन अमिलो चिल्लो मसलादार आहार धेरै लिए । बहिनीले पनि उनको चिवरलाई नरम बनाइ दिए । दाजुचाहिंले पनि 'आहा ! नरम रहेछ, भोलि त यो नरम चिवर लगाएर भिक्षाटनमा जान्छु' भनेर सुतेका थिए । तर आहार अपच भएको कारणले त्यही रात उनको देहान्त भयो ।

ती भिक्षुको मन चिवरमा तानिएको थियो । मृत्यु हुनेवितिकै त्यस



Downloaded from http://dhamma.digital

भिक्षु त्यही चिवरमा तानिएर मृत्यु हुँदा चिवरमै ताँसिएर जुम्रो भई जन्म भयो । भिक्षुको मृत्यु हुँदा 'यो चिवर उहाँको नजिकमा बसेको मैले लगाउने अधिकार छ' भनेर अर्को भिक्षुले भने । अर्कोले 'यो चिवर म लगाउँछु । पहिले लगाएको चिवर त्यति राम्रो छैन, म लिन्छु' भन्ने चर्चा भएको भगवानले सुन्नुभयो । मेरो चिवर, मेरो चिवर, भनी जुम्रा पो कराइरहेको रहेछ । 'भिक्षुले यदि त्यो चिवर लगायो भने भित्रबाट जुम्रोले अनेक तरहबाट दोस्याउला र अविधि पुग्नसक्छ, यदि लगाएन भने ७ दिनमा मृत्यु हुन्छ । लगायो भने र रगत चुस्न पायो भने धेरै दिनसम्म बाँच्नसक्छ । रगत चुस्न पाएन भने ७ दिनमा मृत्यु हुन्छ र देवलोकमा जन्म हुन्छ' भन्ने कुरा भगवानले देख्नुभयो । ७ दिनपछि त्यो जुम्रो, जुम्रोको भवबाट भिक्षुको शीलको प्रभावले देवलोक गए भन्ने प्रमाण छ ।

छैठौं संघायनमा आएजति प्रश्नको उत्तर दिने मोगोक सयाडोले माण्डले सयाडोलाई पत्रद्वारा सोध्नुभएको थियो, "भन्ते, तिस्स भिक्षुको देहान्त हुने बेलामा उहाँको चिवरमा तानिनुभएको त थियो । अरूको चिवर होइन, आफ्नै चिवरमा थियो । अरूको वस्तु लिने अधर्म चित्त पनि उहाँको थिएन । बहिनीले बनाइदिएको नरम चिवर लगाएर भोलि भिक्षाटन जान्छु भन्ने मात्र कामना थियो । त्यति मामुली उपादानले पनि अपायमा फल दिने प्रतिसन्धिको फल दिन सक्छ र ? त्यही अकुशलले फल दिएको हो कि अर्को अकुशलले ?" सयाडोले उत्तर दिनुभएको थियो, "त्यही अकुशलले जुम्रो बनाएको त होइन, किनभने तानिएको चिवरमा हो, नराम्रो कुरामा होइन । चिवर वस्त्र त अर्हत ध्वज हो । कामगुण जस्तो नराम्रो वस्तुमा तानिएको होइन । तर तानिएको भन्ने उपादान त नराम्रो नै हो । तण्हा उपादान त अकुशल हो । त्यो क्लेश नै हो । तर क्लेश भएता पनि त्यति सारोगरी प्रतिसन्धि हुने त होइन । तर क्लेश अकुशल बसिदिएकोले गर्दा दिट्ठधम्म वेदनीय कर्म अकुशल भइदियो । फलदिने बेला अपरापरिय तृतीय जन्ममा र उपपज्ज दोस्रो जन्ममा हुन्छ तर उपपज्जमा पनि घरीघरी उपपज्जले नै उपकार गरिरहेको हुन्छ । एकपाली उपादान हुनेवितिकै ७ वटा अर्को पाली ७ वटा गरी झन् झन् बढ्दैजान्छ । अकुशल बाटोमा बसिदिंदा कुशल आउने बाटो भएन । उनको शील पनि पवित्र थियो । दान



Downloaded from http://dhamma.digital

भन्दा शील धेरै गुणा उत्तम हुन्छ । तर अकुशलले बाटो छेकिदिंदा कुशललाई प्रवेश गर्ने मौका लागेन । अकुशललाई नै मौका लाग्यो र जुम्रोको भव दियो । अकुशल ढोकैमा बसिदिएको छ त्यसले अकुशललाई अकुशलले स्वागत गर्दा त्यस अकुशलले फल दिएर जुम्रो बनाइदियो । कुशल भएको भए अकुशल आउन पाउँदैनथ्यो ।"

तपाई हामीले यहाँनिर खुब बुझ्नुपर्छ । हामी पनि मर्नेबेला केमा तानिने हो, विचार गर्नुपर्छ । चिवरजस्तो पवित्र कुरामा तानिंदा त अरू अकुशल सबैलाई बाटो खुल्यो । छोराछोरी धनसम्पत्तिमा तानिने हो भने त कता पुग्ने हो ठेगान छैन ।

दिट्ठधम्म त छ तर वर्तमानमा अकुशल टाठो भइदिए अनि पूर्वकर्महरू पनि अकुशल नै आइदिए सूत्रानुसार ती कर्महरू *'छायाव अनपायिनी'* भनिएझैं भइदिन्छन् । तिनीहरू छायाँझैं पछि लागि नै रहन्छन् । अभिधम्मबाट हेर्ने हो भने नामरूपको लहरमा शक्तिस्वरूप कर्म चलिरहेको हुन्छ, वस्तुस्वरूप होइन । जस्तै तृष्णासम्बन्धको पञ्चस्कन्ध उत्पति भयो । तृष्णा अकुशल हो । त्यो बिग्र्यो । बिग्रेता पनि यसको शक्ति फेरि अर्कोमा आएर खडा भइदिएको हुन्छ । शक्तिस्वरूप भएरमात्र, वस्तुस्वरूप होइन ।

***पट्ठान पाली देशना अन्तर्गत बाह्रौं दिनको***
***'आसेवन, कम्मपच्चय' देशना समाप्त भयो ।***

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# तेन्हौं दिन

## (कम्मपच्चय र विपाकपच्चयलाई मिलाएर) – १

## १३

कर्म भन्ने कुरा विशाल र व्यापक छ । यहाँ त संक्षिप्तमा भन्ने हो । कर्मकै बारेमा भन्ने हो भने ४५सै दिन कर्मको व्याख्या गरे पनि सकिंदैन । अब यहाँ सूत्र र अभिधर्मको तरिकाले नै भन्दा बुझ्न सजिलो पर्ला । कर्मबारे र कर्मफलबारे बुझ्न त्यति सरल छैन।

फल दिने कर्म छ । कहाँ छ ? छालामाकि, मासुमाकि, हाडमाकि ........ कहाँ ? मनमा छ ? देख्ने मन, सुन्ने मन, चिन्तन गर्ने मन कुनैमा कर्मको फल लुकेर बसेको हुँदैन । त्यसो भए कर्मको फल छँदैछैन त ? छ । त्यो सुषुक्त अवस्थामा रहन्छ । हेतु जुरेपछि प्रकट हुन्छ ।

*'कुसलाकुसलं कम्मविपाकानं खन्धानं कटत्ताच रूपानं कम्मपच्चयेन पच्चयो ।' 'चेतना सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानाञ्च रूपानं कम्मपच्चयेन पच्चयो ।'* कुशल अकुशल कर्म, चेतनासँग उत्पति हुने हुन्छ । कर्मको कारणले उत्पति भइएका रूपहरूले पनि कर्मलाई बलियो गरी उपकार गर्ने हुन्छन् । *'कटत्ता रूप'* भनेको कर्मजरूप हुन् । भावरूप पनि कर्मज रूप नै हो । 'भावरूप' भनेको स्त्रीभाव र पुरूषभाव भनी दुई हुन्छन् । चक्षुप्रसाद, श्रोतप्रसाद, घाणप्रसाद, जिब्हाप्रसाद, कायप्रसाद भनिने प्रसादरूपहरू पनि कर्मजरूप हुन् । कुनै *'कम्मपच्चयो'* भएर उत्पन्न हुने उतुजरूप पनि हुन्छन् । यिनलाई पनि *'कटत्ताच रूपानं'* भनिन्छ ।

कर्म भनेकै चेतना हो । चेतनाभित्र टाठोपना छ । त्यही टाठोपनाभित्र कर्म बसेको हुन्छ । जस्तै बोट बिरूवा उम्रिन बीउ चाहिन्छ । आँपको बुटो



Downloaded from http://dhamma.digital

उम्रिनको लागि पहिले आँपको कोयो रोप्नुपर्‍यो । आँपको कोयो नै आँपको बीउ हो । आँपको कोयोभित्र पृथ्वी, आपो, तेजो, वायोधातु छ, वर्ण छ, गन्ध छ, रस छ, ओज छ । अष्टकलाप छ । आँपको कोयो पृथ्वी पनि होइन, आपो पनि होइन, तेजो पनि होइन, वायु पनि होइन, वर्ण पनि होइन, गन्ध होइन, रस होइन र ओज पनि होइन । त्यसो भए आँपको कोयो खोइ त ? आँप भन्ने प्रज्ञप्तिमात्र हो । कोयो पनि प्रज्ञप्तिमात्र हो । कोयोभित्र बीउ छ । त्यहाँभित्र पनि पृथ्वी आपो, तेजो, वायु, वर्ण, गन्ध, रस, ओज छ । यिनीहरूमध्ये बीउ कुनचाहिँ त ?

वास्तवमा बीउको कामगर्ने त तेजोधातुले हो । पृथ्वी, आपो र वायुचाहिँ बीउलाई उम्रिन उपकार गर्ने मात्र हुन् । तागत दिई सहयोग पुऱ्याउने मात्र हुन् । उम्रन सक्ने बीउचाहिँ तेजो हो । चेतना सम्ययुक्त भइएका धर्ममा बीउ बन्न सक्ने टाठो भइरास्ने स्वभाव जुन छ, त्यो नै कर्म हो । चेतना हुनेवितिकै कर्म बन्नेचाहिँ ७ वटा जवनमार्फत् हुन्छ । प्रथम जवन-चित्तलाई आसेवन मिल्दैन । दोस्रो जवनलाई आसेवन मिलेको हुन्छ र यसले अर्कोलाई आसेवन पनि दिन्छ । तृतीयले चतुर्थलाई आसेवन दिन सकेको पनि हुन्छ, आफूले आसेवन पाउन सकेको पनि हुन्छ । आसेवन पाउँदा अरू जवनचाहिँ तेजिला हुँदै जान्छन् । देख्नेवितिकै नै जवन-चित्त ७ वटै आइसकेको हुन्छ । जवन-चित्त पनि जति तेजिलो हुँदैजान्छ, त्यति नै फल दिनलाई तेजिलो हुँदैजान्छ ।

कर्म पनि अनित्य हो किनकि यो संस्कारधर्म हो । भनौ कि पुण्यकर्म बन्नेवितिकै बिग्रिन्छ । चेतना भनेको संस्कार हो र त्यो अनित्य हो । सूत्रानुसार त *'छायाव अनुपायिनी'* अर्थात् छायाझैं पछि लाग्छ भनिएको छ । अभिधर्मबाट हेर्दा कर्म भएर बिग्रिए पनि फल दिन्छ । तर त्यही कर्मले फल दिन्छ त भन्दा त्यो कर्म त बिग्रेर गइसक्यो । त्यसोभए अर्को कर्मले फल दिन्छ त भन्दा अर्कोले फल दिने होइन किनभने अर्कोले फल दिने भए पाप र पुण्य कर्म त निष्क्रिय हुने भए । ती त त्यसै जाने भए । त्यही कर्मले फल दिने हो भन्नलाई पनि त्यो कर्म त बिग्रिसकेको छ । तर बिग्रेता पनि त्यसको फल दिने जुन शक्तिस्वरूप छ यो त बिग्रेको हुँदैन । त्यही शक्तिस्वरूपले फल दिन्छ ।



Downloaded from http://dhamma.digital

## कर्मको बीउले काम गर्ने उपमा –

बीउ अनेक प्रकारले सम्भव हुन्छन् – दानाबाट, जराबाट, टुसाबाट, हाँगाबाट हुने बीउहरू । मानौं, कटहरको दानो रोपियो । अलि दिनमा जरोले टेक्यो । रोपिएको दानो त त्यहाँ हुँदैन । जराबाट बिरूवा त निस्क्यो । जमिन कोट्याएर हेरियो भने दानो नै भेट्टिंदैन । बीउ भनेर रोपेको हो तर अहिले छैन । बीउ त बिग्रिसक्यो । बिग्रे पनि सित्तैमा गएको त छैन । कोयोबाट जरा भएकोमा पनि योचाहिँ जरामा पनि हुँदैन, त्योचाहिँ जरामा पनि हुँदैन । कुनचाहिँ जरामा भनेर तोकेर भन्न सकिंदैन । तर पछि रूखमा कटहर त फल्छ । त्यो बीउ त जरामा होइन रहेछ । फल्दा त जरामा होइन, माथि फल्छ । बीउको जुन शक्ति हो त्यो रूखभरि नै फैलिएर गएको हुन्छ ।

त्यस्तै नै हामीले गरेको चेतना कर्म, पापकर्म होस् वा पुण्यकर्म, अनित्य हुन्छ । कर्म गरिएको चेतना अनित्य हो । अनित्य भएकैले त्यो बिग्रिन्छ । चेतना बिग्रिनेबितिकै यता भवग-चित्त आउँछ । कर्म गरेको लहर सिद्धिसक्छ । तर त्यो कर्मको शक्तिस्वरूप सिद्धिएको हुँदैन । कुशल भए कुशल अब्याकत हुन्छ, अकुशल भए अकुशल अब्याकत हुन्छ । अब्याकत भमेको फल हो ।

भवंग-चित्तमा हुने नामरूपमै कर्मको बास हुन्छ । अनि जवन-चित्त बन्छ र फेरि यता अरू चित्तहरू पनि  हुँदै आउँछन् । यता भइएको चित्त पनि नामरूप नै हो । यही नामरूपमा पहिले गरिएको कर्मको शक्ति लुकेको उत्पत्ति गर्ने हुन्छ । यो नामरूप पनि बिग्रिन्छ र अर्को नामरूपलाई यसले उपकार गरिरहेको हुन्छ । त्यतिकै अब त सिद्धियो भन्ने हुँदैन । अर्कोलाई उत्पति हुन उपकार गरिरहेको हुन्छ । यसरी उपकार गरिरहेको हुन्छ भनेको अघि बिग्रेकाको शक्ति नयाँ उत्पति भएकोमा सरेर उपकार गरेको हो । नयाँ उत्पति भएको नामरूपमा त्यो शक्ति विद्यमान हुन्छ । त्यो पनि बिग्रियो भने अर्को उत्पति हुने नामरूपमा त्यो शक्ति हुन्छ । सिर्फ शक्तिस्वरूप मात्र नामरूपको लहरमा मिसिन्छ, वस्तुस्वरूप होइन । शक्तिस्वरूप अहिलेका मात्र होइन, पहिलेपहिलेका पनि हुन्छन् । फल दिन त अहिलेका कर्मले पनि दिइराखेका छन् । पहिलेको कर्मले पनि र एकलाख कल्पअगाडिको



Downloaded from http://dhamma.digital

कर्मले पनि, एकलाख कल्पअगाडिको कर्मले पनि, चार असंख्यवर्ष अगाडिको कर्मले पनि वा ४ असंख्यअगाडिको कर्मले पनि फल दिइरहेका हुनसक्छन् ।

४ असंख्य भनेपछि यस्ता पृथ्वी पनि ४ असंख्य नै भए । एउटा पृथ्वीको एउटा एउटा कल्पको हिसाबले ४ असंख्य कल्प पृथ्वी असंख्य नै भए । एउटा एउटा कल्पको अनुमान लगाउन सकिदैन । यस्ता कल्प हजार कल्प असंख्य कल्पअगाडिका कर्मले पनि फल दिन सक्छन् । ४ असंख्य भनेको कहाँ हो कहाँजस्तो छ तर नजिकै छ । यहीं छ । यसको फल दिने शक्ति हेर्दा टाढा छैन, फल दिने शक्ति त नजिकै छ ।

भगवानका पालामा धम्मरूचि श्रामणेरले जेतवन विहारमा एकदिन आउँदा भगवानको ढोका ढकढकाए । उनी अरहन्त भएपछि आएका थिए । अरहन्त पनि प्रतिसम्भिदा अरहन्त थिए । उनले गाथा गाएर भगवानलाई पूजा गर्छन्, "भगवान, बल्ल भगवानसँग मैले फेरि भेट्न पाएँ । निकै समय पहिले भेट गर्न पाएको थिएँ, बीचमा धेरैकालसम्म हाम्रो बिछोड भयो । पहिले पनि ठूलो मित्रताले सँगै बस्न पाएथें । मैले जुन कुशल अकुशल कर्म गरेथें, ती एउटा पनि खरानीझैं नउडेर गइकन सबै शरीरकै लहरमा आएर फल दिन तयार भइनै रहने रहेछन् । दिन तयार पनि भइरहेका रहेछन् र दिइ पनि सकेका छन् । यी कर्म भनेका त्यति कै हौसिएर जाने होइन रहेछन् । कुशल पनि अकुशल पनि त्यतिकै हौसिएर जाँदैनन् ।" श्रामणेर भएको त धेरै भइसक्यो तर अहिले बल्ल भन्छन् ।

## सुमेध र मेघनाथ महाजनको प्रसंग –

आजभन्दा ४ असंख्य १ लाख कल्प अगाडि सुमेध महाजन र मेघनाथ महाजन भन्ने दुईजना मित्र थिए । सुमेध महाजनले आफ्ना धन सम्पत्ति सबै दान गरेर ऋषि भए तर मेघनाथ महाजनचाहिँ सम्पत्तिमा तानिएकाले त्यसरी दान गर्न सकेनन् । आफ्ना साथी ऋषि भए तर आफू गृहस्थमै सीमित रहे । तर बेलाबेलामा भेट गर्न भने जान्थे । त्यतिखेर दीपंकर भगवान पाल्नुहुन्छ भनी बाटो सफा गरिरहेको ठाउँमा सुमेध ऋषि पुगे । मैले पनि श्रमदान गर्न पाऊँ भनी माग्दा एउटा हिलो भएको ठाउँ सफा गर्ने काम दिइयो । दिन रात काम गर्दा पनि नभ्याइएको बेला भगवान



Downloaded from http://dhamma.digital

पाल्नुभयो । 'भगवान मेरो शरीरलाई पुलको रूपमा स्वीकार गरिदिनुहोस्' भनी सुमेध ऋषिले प्रार्थना गरे । दीपंकर तथागतको साथै एकलाखको संघको समूहले उनीमाथि टेक्दै गए । यो कुराको हल्ला सहरभरि फैलियो ।

मेघनाथले पनि यो खबर सुने । उनी पनि त्यहाँ आए । सुमेध ऋषिको त्याग देखेर उनीमाथि मेघनाथको झन बढी श्रद्धा बढेर आयो । त्यतिखेर सुमेध ऋषिलाई ब्याधित पनि मिल्यो । '४ असंख्य १ लाख कल्पपछि भद्रकल्पमा (५ बुद्ध हुने समयमा) चौथो बुद्धका रूपमा गौतम गोत्रमा गौतम नामले नै प्रख्यात भइएका बुद्ध हुनेछौ । शुद्धोधन राजा र महामाया रानीको कुलपुत्रका रूपमा जन्मने छौ । दायाँ बायाँ सारिपुत्र र मौद्गल्यायन हुनेछन् । पत्नीमा यशोधरा हुनेछिन् ।' यसरी जब सुमेध ऋषिलाई ब्याधित मिल्यो, मेघनाथको मनमा कुरा खेल्यो – अहो मेरो मित्र चानचुने होइन रहेछन् । यिनी त भगवान हुने व्यक्ति रहेछन् । बोधिसत्व पो रहेछन् । सम्मासम्बुद्ध हुने व्यक्ति पो रहेछन् । यस्तो मित्रलाई त छोड्नुहुन्न भनेर सुमेध ऋषिसँग सल्लाह गर्दै उनले भने, "म पनि तपाईंले निर्वाण लिने बेलामा सँगसँगै निर्वाण लिन्छु ।" ऋषिले भने, "निर्वाण भन्ने कुरा त्यसै कहाँ पाइने हो र । निर्वाण लिन त पुण्य पारमिता पूरा गर्नुपर्छ ।" "अब मैले के गर्नुपर्‍यो त ?" सुमेधले भने, "मजस्तो त्यागी भएर आउनुपर्छ ।"

मेघनाथले सम्पत्ति सबै दान गरेर त होइन, मातापितालाई सम्पत्ति सुम्पेर ऋषि बन्नआए । सुमेध ऋषिचाहिँ सम्पूर्ण धनसम्पत्ति दान गरेर आएका थिए । यी दुई ऋषि भएर सँगै आचरण गरे । मेघनाथलाई लाग्यो – म पनि बुद्धको नजिकको मान्छे भएर बस्छु । भगवानको मित्र हुनु मामुलि कुरा होइन । उनले पनि सुमेध ऋषिले जस्तै ध्यान भावना आचरण गर्नथाले । धेरै वर्षसम्म आचरण गर्दैगए । सुमेध ऋषि कुनै पनि बेला कुशल कर्म नगरी त्यसै बस्ने व्यक्ति थिएनन् । शासनको सेवा, भगवानको सेवा, संघको सेवा आफ्नो पनि समाधि आचरणहरू पनि राम्रो गर्दैगए ।

मेघनाथ ऋषि भएर जंगलमा सुमेधसँगै आचरण गरिरहेका थिए । एकदिन एकजना छट्टुले मेघनाथलाई देख्यो । उनले सोचे – 'ए, मेघनाथ त यहाँ पो आएछन् । मेघनाथको घरमा सम्पत्ति प्रशस्तै छ, बरू यिनलाई



Downloaded from http://dhamma.digital

फकाई फुल्याई ऋषित्वबाट बाहिर निकाल्न सके मसँग मिल्थे । अहिले त म गरिब छु, तिनी महाजन छन्, मलाई पुछ्दैनन् । मलाई पुछ्ने गराउने उपाय भनेको म पनि ऋषि भएर उनीसँग मित्रता गाँस्छु । मित्रता बनाएर सँगै निस्केर आइयो भने यिनको सम्पत्ति लिन पाइन्छ र मेरो पनि काम बन्छ' भन्ने कुविचार त्यस छट्टुले मनमा ल्याए । अनि उनी पनि ऋषि बने । अब ऋषि ३ जना भए । बोधिसत्व भएका सुमेध अभिज्ञान प्राप्त भएका भएर ध्यानसिद्धि गरेर ध्यान समापतमा प्रवेश गरेर बस्थे । यता मेघनाथ र अर्को ऋषि अभिज्ञान प्राप्त थिएनन् । सँधैं सँगै बस्दा र फलफुल टिप्न खोज्नजाँदा ती दुईमा दिनप्रतिदिन मित्रता बढ्दैगयो । ध्यानको काम छोडेर गफसफ बढी गर्न थाले । समाधिपट्टि बाधा तेर्सिन थाल्यो । समाधिसँग असम्बन्धित तिरच्छान कथाहरू पनि हुन थाले । भित्र ज्ञान प्राप्तिमा ग्रहण लाग्न थाल्यो । ऋषि बन्न आएका ती छट्टुले मेघनाथसँग कुरा गर्न थाले – 'हाम्रो अवस्था ऋषि भएर जंगलमा बस्ने होइन, अझै हाम्रो त लाउँलाउँ खाउँखाउँ भन्ने उमेर हो । वृद्ध भएर काम गर्न नसक्दा पो बल्ल यसरी ऋषि भएर जंगल पस्ने हो । वानप्रस्थ त काम गर्न नसक्ने बेलालाई हो । बाल्यावस्था बालककालको रंगीचंगीमा भुल्ने, गृहस्थी अवस्था गृहस्थीको रंगीचंगीमा भुल्ने, काम गर्ने व्यापार गर्ने सम्पत्ति जोड्ने, छोराछोरी बनाउने, नाती नातिना बिवाह गरिदिने आदि सबै कुरा गर्ने, जब बुढो भइन्छ, बल्ल वानप्रस्थ निस्कने र सन्यासमा जाने हो । (पहिले नियम यस्तै थियो) मैले त ऋषि आश्रममा ऋषि भएर बस्ने विचार छोडिसकें ।' यसो भनेर त्यो साथीले मेघनाथलाई आज पनि भोलि पनि भन्न थाले । बिचरा मेघनाथको बुद्धिले घाँस चर्न थाल्यो । उनले पनि सोचे – 'यिनले भनेको ठीकै हो, घरमा आरामसाथ बस्न पाइन्छ, जंगलमा बस्न गाह्रो, फलफुल खोज्न जानुपर्छ, निस्कौं' भनेर साथीको हाहामा लागेर मेघनाथ ऋषित्व छाडेर निस्के ।



Downloaded from http://dhamma.digital

## मेघनायको पतन –

ऋषित्व त्यागेर जंगलबाट निस्केर धन सम्पत्तिको रजाईं गर्न थाले । उनको साथीको नियत पहिले देखिनै नराम्रो थियो । त्यो नराम्रो नियत सल्किंदै गयो । अब त मद्यपानतिर पनि लाग्न थाल्यो । मदिराको लतमा लाग्दालाग्दै बेलुकी मात्र होइन, उठेदेखिन् मदिरा सेवन गर्न थाले । महाजन व्यक्ति हुन्, मदिरामा मस्त हुँदा अरू मान्छेहरू पनि धुइरिन थाले । सबैलाई खिलाई पिलाई गर्नै पर्‍यो । गर्दागर्दै उनका सम्पत्ति स्वाहा भयो । छोराको पीरले उनको पिताको पनि देहान्त भयो । त्यसैले पनि मूर्ख छोराछोरीलाई भगवानले पनि पञ्चशत्रुमा आखिरी शत्रु भन्नुभएको छ ।

सम्पत्ति सबै स्वाहा भयो । घरमा खानलाई समेत धौंधौ पर्‍यो । घरसमेत् बिक्रि गरेर जीवन धान्न पर्नेमा पुगे । घर, खेत, जग्गा जमिन भाँडाकुडा सबै बिक्री गरे । आमाचाहिँले 'छोराले त सबै सखाप पार्ने भए । बाटोको छेउमा सानो छाप्रो बनाएर तार्ने भुट्ने बनाएर अनि रोटी पोलेर बिक्री गर्नुपर्‍यो र छोराको जीवन धान्ने उपाय गर्नुपर्‍यो' भनेर आमाचाहिँले सोचिन् । बाटो छेउमा सानो छाप्रो बनाएर खानेकुरा बनाएर बेच्न थालिन् । छोराले बिहानै दिउँसै र बेलुकै रक्सी खान पैसा माग्न आउँथे । अब भात केले खाने, केले खुवाउने ? आमाचाहिँले दुःख पाउन थालिन् । त्यत्रा महाजन अहिले दरिद्रताको शिकार हुन पुगे ।

## मेघनायबाट मातृघातक कर्म –

एकदिन त बिहानै उठेर बोटल हेर्दा बोटलमा अलिकतिमात्र रक्सी बाँकी भएको देखे । त्यही अलिकति भए पनि पिएर मातिंदै आमाले भर्खरै पसल खोल्दै गरेको बेलामा पैसा माग्न पुगे । बिक्रीसिक्री केही भएको थिएन । पैसा पनि थिएन । आगो फुक्दै गरेको बेला, छोरा रक्सीले मात्तेको छ र कराएको छ । यस्तो अवस्थामा ग्राहक कोही आउँदैनन् भनेर 'छोरा घर जाऊ न, अलिकति व्यापार भएपछि दिन्छु' भनेर जति भने पनि लागेन । ग्राहक आउने बेला भयो । काम गर्न पनि दिएको थिएन । तिनले तर्साउनुपर्‍यो भनेर नजिकैको दाउराको कप्टेरा उठाइन् र हिर्काउँलाजस्तो गरी भनिन् 'जा, भनेको मान्दैनस्' । अलिकति छोएको मात्र के थियो 'ए,



Downloaded from http://dhamma.digital

मलाई हात छोड्ने भनेर त्यही कप्टेरा उठाएर आमाको टाउकोमा बजारिदिए । उत्तिखेरै आमाको देहान्त भयो । अब त अनन्तरिय कर्म बन्यो । हेर्नुहोस् त बोधिसत्व सुमेघ ऋषिको साथी मेघनाथको कर्तुत ।

*तस्मा अकल्याणजन आसिविसोमिवनरगं ।*

*आरक्स परिवज्जेय बुदि क्रम विसरूण ।।*

आफ्नो कल्याण चाहने बुद्धिमान व्यक्तिहरूले मूर्खजनहरूलाई अति विषधारी सर्पलाई देखेर आफ्नो सुरक्षाको लागि जसरी तर्केर जान्छन्, त्यस्तैप्रकारले नै मूर्खजनदेखि  पनि विषालु सर्पबाट तर्केर गएभैं तर्केर जानुपर्छ ।

सुमेध ऋषिका संगतमा रहुन्जेल मेघनाथलाई कति हो कति राम्रो भइरहेको थियो । जब मूर्ख व्यक्तिको संगत केही दिनसम्ममात्र भएको थियो कानमा शब्द पनि त्यस्तै अकल्याणको पऱ्यो, कामगुण विषयका शब्द, द्वेष विषयका शब्द, राग विषयका शब्द, तिरिच्छन्द कथाहरू सुनिइए । सम्यक वचन सुनिएनन् । उनको मनमा पनि त्यस्तै कुरा खेल्न थाल्यो । आज पनि त्यस्तै भोलि पनि त्यस्तै कुरा चलेको हुँदा आसेवन भइदियो । त्यस्ता कुराहरू भित्र मनमा पुगेर राम्रो भाव हराउँदै जाने हुन्छन्, नराम्रो भाव फष्टाउँदै जाने हुन्छन् । यस्तै भावले गर्दा उनलाई ऋषित्वबाट बाहिर निकालिदिए, बाहिरकाको संगतबाट मदिरापान र मदिरापानबाट आमामार्ने मातुघातक कर्ममा समेत पुऱ्याइदियो ।

आमा मार्नेवितिकै उनको शरीर पोलेर आयो – 'मैले मार्छु भनेर मारेको त होइन, रिसको बेला हात गइहाल्यो, आमा बित्नुभयो' भनेर बिलौना गरे । उनी मातृशोकमा डुबेर सारा शरीर भत्भति पोलेर आएको कारणले उनको मृत्यु भयो र मृत्यु पश्चात् अविचि नरकमा खसे ।

नरकमा गिरेपछि, एकपल्ट प्रलय भएपछि नरकबाट छुटेर ब्रम्हलोक जान्छ । फेरि अर्को कल्प सुरू हुन्छ । फेरि त्यो अकुशलले फेरि नरकमा झार्छ । अर्को कल्प प्रलय हुन्छ, फेरि नरकमा झार्छ । फेरि नरक, फेरि नरक । यसरी अपाय दुर्गतिमा मात्रै भोग गर्नुपर्छ ।

मेघनाथ त्यसरी दुर्गतिमा पर्दापर्दा ४ असंख्य एक लाख कल्प बित्यो । दोस्रो जन्ममा फल दिएको *उपपज्ज वेदनीय कर्म*ले हो । मृत्यु



Downloaded from http://dhamma.digital

हुनेवितिकै अविचि नरक पुऱ्याएको उपपज्ज वेदनीय कर्मले हो । तृतीय जन्मदेखि नरक, अपाय, दुर्गतिमात्रै भोग गर्नुपऱ्यो । नरकबाट उम्केर आयो भने पशुयोनीमा, प्रेतयोनीमा अनि फेरि नरक, कल्प प्रलय हुँदा फेरि नरक ।

## मेघनाथ माछोको भवमा –

भद्रकल्पमा आएपछि भगवान गौतमबुद्धको समयमा समुद्रमा ठूलो मान्छे खाने माछो भएर जन्म लिए । त्यो माछोको नाम 'किमिला' थियो । ठूलठूला जहाजमा १०००, १५००जना यात्रु चढेर जाने जहाजलाई पल्टाएर मान्छेलाई कुपुकुपु निल्ने माछो । माछाहरूको पनि आआफ्नो इलाका हुन्छ । सिमाना नाघेर जान नपाउने रहेछ । आफ्नो इलाकामा आएकोलाई त्यो माछाले खान पाउने रहेछ । त्यो अजंगको माछोले कसैलाई पनि छाड्दैनथ्यो । त्यो माछोको बारेमा सबै ठाउँमा चर्चा भइरहेको थियो । 'त्यो बाटो त जानै हुन्न, माछोले मारिहाल्छ' भनेर त्यस इलाकामा मानिसहरूको आउजाउ बन्द हुन थाल्यो ।

त्यही समयमा भगवान पनि उत्पति हुनुभयो । धेरैले बुद्धधर्म संघको महिमा जान्दै गए । उपदेश सुन्दै गए, बुझ्दै गए । एकदिन श्रावस्तीका व्यापारीहरू त्यसै बाटोबाट नगइ नहुने भयो । माछोको खतरा त छ । हाम्रो भाग्यमा भए तर्केर जाउँला, त्यही बाटो जाने भनेर लोभमा तानिए ।

एउटा ठूलो जहाजमा चढेर ती व्यापारीहरू त्यही बाटो लागे । जहाजलाई परबाट त्यस माछाले देखे । माछो वेगले आयो । घरीघरी टाउको पानीबाट निकाल्दै वेगले आइरहेको थियो । माछो त्यसरी आउँदा समुद्रको पानी छचाल्कियो । केले यसो रहेछ भनी हेर्दा त्यही ठूलो माछो रहेछ । ए, मान्छे खाने माछो आयो, अब फेला परिने भइयो, के गर्ने भनेर खैलाबैला मच्चियो । अब सबैलाई खाने भयो यसले, अब के गर्ने, सबैले भगवानको नाम लिंदै, 'हे गौतमबुद्ध हामीलाई बचाउनुहोस् भनेर सबैले एकै स्वरमा कराउन थाले । यसरी गौतम, गौतम, गौतम भन्ने शब्द गुञ्जिंदा त्यो शब्द माछोको कानमा बराबर पर्न थाल्यो र ४ असंख्य र एकलाख



Downloaded from http://dhamma.digital

कल्पअगाडिको ब्याधितको कुरा झलक्क सम्झ्यो । त्यो माछो मेघनाथ थियो । त्यतिबेला गौतम नामले सम्यकसम्बुद्ध हुनेछौ भनेर दीपंकर तथागतले सुमेघ ऋषिलाई ब्याधित दिएको कुरा उसको मनमा छाप परेको थियो । अहिले गौतम, गौतम भन्ने स्वर गुञ्जिएको सुनेर त्यो माछो झसङ्ग भयो । गौतम शब्द साह्रै मीठा शब्द हो भनेर स्मरण गर्दागर्दै उसको मुटु पनि शीतल भयो र त्यो माछो जहाजबाट फनक्क फर्केर गयो ।

## *मेघनाथ मनुष्यको भवमा –*

भयो, अब आजदेखि कुनै प्राणी पनि मार्ने छैन भन्ने अठोट गरे । नमारेपछि खान पनि पाएन र भोकै मऱ्यो । भोकै मरेर एक ब्राम्हण कुलमा जन्म्यो । बल्ल त्यो माछोले मान्छेको कुलमा जन्मन पाए । ती ब्राम्हण पनि शासनमा अति श्रद्धालु ब्यक्ति थिए । त्यो बालकलाई जातिसर ज्ञान थियो । म त माछोको भवबाट आएको रहेछु । त्यसभन्दा अगाडि म नरकमा थिएँ । यसरी मैले डरलाग्दो भोग गरिराखेको थिएँ भनेर बालकावस्थामै भय मान्न थाले । सातवर्षको उमेर हुँदा बाबुसँग धर्म सुन्न जान्छु भन्न थाले । 'तँ त्यहाँ गइस् भन्ने हल्ला गरी धर्मलाई अगौरव गर्छौ, पर्दैन' भन्दा 'म हल्ला गर्दिन, जान्छु' भने । आमा चाहिँले पनि 'जान्छु भनेपछि लानुस् न' भनिन् ।

बालकलाई लगे । बालक भए पनि ठूलो मान्छेजस्तो थियो । हल्लाखल्ला गरेनन् । धर्मदेशना पनि पुरै ध्यान दिएर सुन्यो । देशना हुँदा भगवानलाई टाढाबाट मात्र देख्न पाएको थियो । नजिकबाट दर्शन गराउन भगवान भएकै ठाउँमा उसलाई बाबुचाहिँले लगे । भगवानले पनि बालकलाई देखिसक्नुभएको थियो । मेघे आए भनेर थाहा पाइसक्नुभएको थियो । सुमेघ ऋषि हुँदाखेरि मेघनाथले बहुतै सेवा गरेका थिए । ज्ञान पाउन पारमि धारण गरेका थिए । त्यतिबेला तपाईसँगै मैले पनि ज्ञान पाउँछु भनेको थियो । नजिकबाट भगवानको दर्शन पाउँदा उसको जीउ सिरिङ्ग भएर त्यतिखेरको जस्तो मन पलाएर आयो । भगवानलाई उनले एकोहोरो हेरेको हेऱ्यै गरे । बाबुचाहिँले 'लौ, छोरा अब घर फर्क' भन्दा घर जान मानेन । 'यहाँ त त्यतिकै बस्न कहाँ पाइन्छ र, श्रामणेर बन्नुपर्छ, बुझ्यौ' भने । उनले भने 'श्रामणेर बन्यो भने यहाँ बस्न पाइने भए अहिले नै बन्छु ।



Downloaded from http://dhamma.digital

श्रामणेर बन्छु, म घर फर्कन्न' भनेको भन्यै गरे । घरमा बुढाबुढी सल्लाह गरेर 'लौ त इच्छा गरिहाल्यो, पछि निस्किहाल्छ नि' भनेर उत्लिखैरै श्रामणेर बन्ने अनुमति दिए । भगवानले पनि सारिपुत्रलाई 'श्रामणेर बनाएर तिम्रो चेला बनाऊ' भन्नुभयो । सारिपुत्रले पनि उनलाई श्रामणेर बनाइदिए । उनलाई शिक्षा दिए । ३२ कोट्ठासको ध्यान दिएर विपश्यना सिकाउँदा पछि अरहन्त भए ।

त्यतिखेर ४ असंख्य र १ लाख कल्पअगाडिको पुण्यले यहाँ आएर फल दियो । त्यसैले ४ असंख्य र १ लाख कल्पअगाडि गरिएको पुण्य नै होस् वा पाप नै अहिले आएर फल दिन्छ भनेपछि कर्मको फल टाढा हुँदैन, नजिकमै हुन्छ । कर्म भन्ने कुरा बुझिनसक्नु छ । त्यसैले भगवानले *'कम्मविपाकं अचिन्तेय'* भन्नुभएको छ । त्यसबेला मदिरा पिएर गरेको मातुघातक कर्म र अरू कर्महरू सबै जुटेर फल दिएको दियै छ । त्यति फल दिएर पनि सकिएन । अपरापरिय कर्म सकिनु भनेको पनि बहुतै कठिन छ, मामुलि छैन । अरहन्त ज्ञानमा पुगेपछि मात्र अपरापरिय कर्म हौसिन्छ किनभने अर्हन्तावस्थामा प्रतिसन्धि हुने कर्महरू सबै समाप्त हुन्छन् । तर पवतिफल दिँदैछ अझै । पवतिफल परिनिर्वाण भएपछि मात्र हौसिन्छ । खन्ध नै छैन भने डुब्ने भन्ने पनि हुँदैन ।

यो चेतना कर्म बिग्रेर पछिकोलाई उपकार गर्दैछ, त्यही पनि बिग्रेर पछिकोलाई उपकार गर्दैछ । त्यही पनि बिग्रेर पछिकोलाई उपकार गरेको हुन्छ । बिग्रिरहेको पनि छ र उत्पति पनि भइरहेको छ ।

प्रसादरूप बिग्रिरहेको छ र कर्मजरूप उत्पति भइरहेको छ । चक्षुप्रसाद कर्मजरूप बिग्रिरहेको छ, उत्पति पनि भइरहेको छ । कर्मजरूप भनेको विपाक हो । कर्मको शक्ति यही विपाकमै हुन्छ । यो पनि बिग्रियो र फेरि अर्को नयाँ उत्पति हुनेमा उपकार गरिरहेको हुन्छ । यो अभिधर्मबाट भनिएको हो । सूत्रमाचाहिँ भगवानले *'छायाव अनपायिनी'* भनेर छायाँझैं पछि लागिरहेको हुन्छ भन्नुहुन्छ । छायाँबाट टाढिन पाएको हुँदैन । हिजो पनि छायाँको साथमा, आज पनि छायाँको साथमा छौं । हाम्रो अनन्त अगाडिदेखिको कर्म अब छैन, पर भइसके, त्यसको डर छैन भनेर ढुक्क पर्नुहुँदैन । हेर्दा कहाँ छन् कहाँजस्तो भए पनि यहीं नै छन् । तम्तयार



Downloaded from http://dhamma.digital

भएर फल दिन मौका कुरिरहेका छन् । मौका पर्नासाथ मार हानिहाल्छ । कुशल कर्मको विपाक होस् वा अकुशल कर्मको विपाक, सबै मौका कुरेर बसिरहेका हुन्छन् ।

कर्म पनि ४/४ गरेर ३ थरीका हुन्छन् –

१) दिट्ठधम्म वेदनीय कर्म, उपपज्ज वेदनीय कर्म, अपरापरिय वेदनीय कर्म र अहोसी कर्म – १ प्रकारको

२) गरूक कर्म, आसन्न कर्म, आचिन्न कर्म, कटत्ता कर्म – २ प्रकारको

३) जनक कर्म, उपथम्भक कर्म, उपपीलक कर्म, उपघातक कर्म – ३ प्रकार

(यी सबै कर्मको व्याख्या पछि सम्पत्ति र विपत्तिसँग मिलाएर लानुपर्छ ।)

कर्मले फल दिने बेलामा केको नियमबाट, केको आधारमा फल दिन्छ, केको आधारमा कस्तो कर्मले फल दिन्छ, केको आधारमा कस्तो प्रकारको कर्मले फल दिन्छ । तिनलाई पनि जान्नुपर्छ ।

कर्म भनेको जति पुरानो भए पनि अन्त कतै छैन, यहीं नै छ । त्यसलाई हाम्रो इच्छाले फल दिने बनाउन सकिंदैन । फल दिने बनाउन सकेको भए निर्वाणको फल दिने बनाउन पनि सकिन्थ्यो । त्यो कर्मलाई बरू स्वागत गर्न सकिन्छ । यो कुरा सोचनीय छ । कर्म विषयमा यही नै हो भनेर तोकेर भन्न सकिंदैन । तर यसका नियमहरू छन् । फोहरको थुप्रो नभई झिंगा भन्किन सक्दैन । झिंगालाई स्वागत गर्न फोहर चाहिन्छ । झिंगा धपाउन पर्‍यो भने फोहर हटाउनुपर्छ । काम, क्रोध, राग, द्वेष, माया, मोह, ईर्ष्या, अभिमानले मन भरिएका छन् भने पूर्वअकुशल कर्मलाई स्वागत हुन्छ । झिंगा भन्किन फोहर जम्मा भएकैं हुन्छन् । कुशललाई स्वागत गर्नु छ भने मनका फोहरजति सबैलाई हटाउनु आवश्यक छ ।

बोधिसत्वले ४ असंख्य र एकलाख कल्पको पारमि धारण गर्नुभयो । त्यसरी पारमि धारण गर्दागर्दै कुनै कुनै जन्ममा मनुष्य भएको जन्ममा पनि डाँकासमेत हुनुपर्‍यो । तर बोधिसत्वको पहिलेदेखिको पुण्य पारमिता तेज हुँदा डाँकु भए पनि ज्ञानमा तेज नै थियो ।



Downloaded from http://dhamma.digital

**बोधिसत्व डाँकु भएको एक जन्मको घटना –**

एक उपासकले एकजनासँग एक हजार रुपियाँ लिनुथियो । पैसा लिनुथियो भन्दाभन्दै बुढाको देहान्त भयो । आमाचाहिँले सोचिन् – 'म पनि वृद्ध हुँदैछु । म मरे भने त उसले पैसा फर्काउँदैन । नमर्दै छोरालाई पैसा माग्न पठाउनुपर्‍यो । म मरे भने यो हिसाब छोरालाई थाहा हुँदैन' भनेर छोरालाई भनिन्, "जाऊ छोरा, फलानाले यसरी लगेको १००० रुपियाँ मागेर लिएर आऊ ।"

छोराचाहिँ पैसा माग्न गयो । पूरा दिनको बाटो थियो । यता आमाचाहिँ बिरामी परिन् । उपचार राम्रो मिलेन । 'छोरालाई पैसा माग्न पठाएँ, पैसा दिएर ल्याउँछ कि ल्याउँदैन, माग्न त गयो, मैले केही नभनी त हुन्न होला' भन्दाभन्दै छोरामा तानिएर तिनको देहान्त भयो । मरेर कुकुर-प्रेत भइन् । छोराले १००० रुपियाँ उठाएर त ल्यायो । बाटोमा डाँकाहरू ढुकिरहेका थिए । डाँकाका मालिकचाहिँ बोधिसत्व थियो । त्यो कुकुर-प्रेतले बाटोमा डाँका बसेका छन्, छोरालाई मार्छन् र पैसा लान्छन् भनेर छोरामाथि तानिइन् । डाँकाभन्दा अलि अगाडि गएर लुकेर छोरालाई भगाउँछु भनेर भुक्न थालिन् । भुकेर झम्टेझैं गर्दा उता छोराचाहिँले पनि कुकुरलाई आमा भनेर नचिन्दा झटारोले हिर्काउँदै गरे । ती डाँकाले यो दृश्य हेर्दैथिए । त्यहीँ माथिबाट एउटा चरोले 'यो मान्छेले पैसा लिएर आएको छ है यसलाई मारेर उससँग भएको १००० रुपियाँ लुट है लुट' भनेर उडेर गयो । त्यो चराले भनेको कुरा त्यो केटाले बुझेन । त्यो चराको आवाज पनि मलाई मंगल हुने आवाज नै होला भनेर उसले बुझ्यो ।

डाँकाले त्यो चराले दिएको सन्देश बुझ्यो । बोधिसत्व भएको त्यस डाँकाले सोच्यो – 'चराले यस्तो भन्दैछ, कुकुर्नीले झम्टिँदैछ । यो कुकुर्नीले त्यसै झम्टेको होइन होला । हामी यहाँ भएको यो कुकुर्नीलाई थाहा छ । त्यो केटालाई बचाउन सक्दो प्रयास गर्दैछ । चरोले मार भन्दैछ । त्यो चरो पक्का पनि यसको पूर्वजन्मको दुश्मन होला । यो कुकुर्नीले किन त्यसरी झम्टिँदै छ । हेर्दा त्यो कुकुर्नीले त्यो केटालाई अति नै दया गरेजस्तो छ । पक्का पनि यो कुकुर्नी त्यो केटाको पहिलेकी आमा हुनुपर्छ । आमाको रूपमा प्रेत-कुकुर्नी भएकी होली' भनेर बोधिसत्वले



Downloaded from http://dhamma.digital

अडकल गरे । छोराको मायामा तानिएरै मरेकी हुनुपर्छ । केटा नजिकै आएपछि उनले त्याप्प समात्यो । उनले केरकार गरे – 'तँ को होस् यहाँको, कहाँबाट आइस्, यहाँबाट कहाँ गएको, किन गएको ?' केटाले पनि खुलस्त हुनेगरी सबै बतायो । 'घरमा को छ ?' 'आमा ।' 'कुन उमेरको थिई ?' 'वृद्ध ।' 'स्वास्थ्य अवस्था कस्तो थियो ?' 'सारै राम्रो त थिएन ।' 'त्यसो भए घर नगए पनि हुन्छ । तेरी आमा मरिसकी । यी यही कुकुरर्नी तेरी आमा हुन् ।' वास्तवमा डाँकाले देखेको थिएन, अनुमानमात्र लगाएका थिए । कुकुरर्नी भए पनि छोराको मायामा अझै तानिएर आएकी थिइन् ।

बोधिसत्व भएको त्यस डाँकालाई पनि झसङ्ग भयो । उनको मनमा कुरा चल्यो – 'तृष्णा भन्ने कुरा त्यति डरलाग्दो रहेछ । अघिको मान्छे, अहिलेको प्रेत-कुकुर । मैले पनि लोभले सम्पत्तिको लागि डँकैती गर्दै, मान्छे मार्दै गरेको छु । साह्रै ठूलो मूर्ख काम गरिरहेको रहेछु । आजबाट यसरी डाँका मार्ने काम म पनि गर्दिनँ ।' उनले आफ्ना सहचरहरूलाई 'तिमीहरूले पनि अबदेखि यस्तो डँकैतीको काम कहिल्यै नगर्नू' भनेर त्यसदिनदेखि डाँका मार्ने काम छोडेर राम्रो काम गर्न थाले ।

जेमा तानियो उतैतिरको प्रतिसन्धि हुनजान्छ । बोधिसत्वका पहिलेका पुण्यहरू भए पनि मर्ने बेला अकुशलले फल दिएर अपाय गएका घटना पनि छन् । कुशलले फल दिए तापनि प्रवृति कर्ममा अरूअरू कर्म आएर संगत गलत हुँदा डाँका भएका पनि घटना छन् । ४ असंख्य र एक लाख कल्पभरि गरिएका कुशल पुण्यले यही जन्ममा अर्थात् सिद्धार्थ भएको जन्ममा ती सबै कुशल कर्मले फल दिएर सर्वज्ञता ज्ञानसम्मको फल पनि दिएका छन् । सम्पूर्ण कुशलले यो अन्तिम जन्ममा फल दिंदा सम्यकसम्बुद्ध भगवानसम्म हुनुभयो ।

त्यसैले कुशल पनि त्यतिकै हौसिएर जाँदैन । अकुशल पनि त्यतिकै हराएर जाँदैन । हौसिने त प्रथम जवन-चित्त हो । यो चित्त कलिलो हुनाले यही जन्मसम्ममा मात्र फल दिने अधिकार हुन्छ । यो जन्म सकियो भने यसको फल दिने समय पनि सकिन्छ । त्यसपछि यो शक्तिहीन हुन्छ र यसले फेरि फल दिन नसक्ने हुन्छ । उपपज्ज वेदनीय कर्मले पनि अन्तिम समयको हुँदाखेरि वृद्धजस्तो कमजोर र शक्तिहीन हुन्छ । यसले



Downloaded from http://dhamma.digital

पनि दोस्रोजन्ममा मात्र फल दिने अधिकार पाएको हुन्छ । यसो हुनाले यसले दोस्रो जन्मको प्रतिसन्धि फल दिन्छ र सकिन्छ । प्रतिसन्धि भएपछि प्रवृतिकालमा फल दिनेचाहिँ यिनै मैलिएका कर्महरूले फल दिइनै रहेका हुन्छन् ।

अभिधर्मको दृष्टिले हेर्ने हो भने आँखामा, कानमा, नाकमा, जिब्रोमा, कायमा कुशल विपाक हुन्छन्, अकुशल विपाक पनि हुन्छन् । आफूलाई चित्त नबुझ्दो देख्नुपरेको छ, चित्त नबुझ्दो सुन्नुपरेको छ, चित्त नबुझ्दो गन्ध आएर स्पर्श भएको छ, चित्त नबुझ्दो रस लिन परेको छ, चित्त नबुझ्दो स्पर्श लिन परेको छ भने अकुशल विपाक भइरहेको छ । मनपर्दो दृश्य देख्न पाइरहेको छ, मनपर्दो शब्द सुन्न पाइरहेको छ, मनपर्दो गन्ध, मनपर्दो रस, मनपर्दो स्पर्श लिन पाइरहेको हो भने कुशल विपाक भइरहेको हुन्छ ।

हामी अहिले महाविपाक चित्तले प्रतिसन्धि भएर आएका छौं । महाविपाक चित्तले प्रतिसन्धि भएर कोही तिहेतुक कुशलले, कोही द्विहेतुक कुशलले, कोही उक्कठ्ठ कुशलले आएका हुन्छन् । कोही उपेक्षा र सन्तीरण कुशल विपाकले प्रतिसन्धि भएका पनि छन् । तीचाहिँ अहेतुक कुशल विपाक हुन् । उपेक्षा सन्तीरणले प्रतिसन्धि भएकाले र कुनै बलियो हेतुमा नभएका कारणले मान्छेको गर्भावासमा त आयो तर गर्भैमा अन्धो, लुलो, लाटो, लंगडो, उठ्न, टेक्न, हिंड्न, नसक्ने भएर बस्नुपर्ने अवस्थामा हुन्छन् । ती पशुभन्दा फरक नपर्ने अवस्थाका हुन्छन् । मनुष्यको भवमा प्रतिसन्धि त हो, कुशल विपाक त हो तर उपेक्षा र सन्तीरणले गर्दा त्यो कुशल विपाक पनि बलियो प्रकारको हेतु अलोभ, अदोस र अमोह नभइएकाले गर्दा यता प्रतिसन्धि त दियो तर प्रवृतिमा अरू अकुशल विपाकले नै घेरिएका हुन्छन् । त्यो कुशल विपाक त हो तर अहेतुक कुशल विपाक हो । द्विहेतुक र तिहेतुक कुशल विपाकबारे हेतुपच्चयमा बताइसकिएको छ । सोमनस्स (प्रशन्न) चित्तले प्रतिसन्धि भएको छ, तिहेतुक कुशल पनि उत्कट कुशल पनि छ भने त्यो सोमनस्स विपाक हो र त्यो जन्मभरिको विपाकजति सबै त्यही नै हो ।

विपाकको स्वभाव शान्त हुन्छ । कर्मको स्वभाव भने चटपटे



Downloaded from http://dhamma.digital

हुन्छ । भवंग भइरहेको बेला शान्त नै हुन्छ । निदाएको बेला पनि शान्त नै हुन्छ । कुशल होस् वा अकुशल, विपाकको स्वभाव चटपटे हुँदैन । पशु पनि निदाएको बेला त शान्त नै हुन्छ । मान्छे पनि मस्त निन्द्रामा शान्त नै हुन्छन् । निदाएको बेला पीर लाग्ने, रिस उठ्ने भन्ने हुँदैन त्यसैले विपाक भनेको शान्त स्वभावको हुन्छ । कर्मले हुने विपाकहरूमा – उपपज्ज वेदनीयले सुगतिको वा दुर्गतिको नयाँ भव खडा गरिदिन्छ । उपपज्ज वेदनीय कर्ममा नयाँ भव खडा गर्ने शक्ति हुन्छ । दिट्ठधम्म वेदनीय कर्ममा नयाँ भव खडा गर्ने शक्ति हुँदैन किनकि यो धेरै शक्तिहीनको हुन्छ । त्यसैले त्यसले प्रतिसन्धि फल दिन सक्दैन । उपपज्ज वेदनीय कर्म दिट्ठधम्मभन्दा तागतिलो हुन्छ र भव खडा गर्न सक्छ । अपरापरिय वेदनीय कर्मले भव पनि खडा गर्न सक्छ, खडा भएको भवमा फल पनि दिन सक्छ । यो धेरै तगडा कर्म हो ।

अघि माथि प्रसंगमा बताइएको माछाबाट श्रामणेर भएका व्यक्ति अपरिपरियले फल दिंदादिंदा अपायबाट छुटकारा हुनै सकेन । तर अन्तिम भवमा अरहन्तसम्म पनि भए । उनी श्रामणेर भए, सारिपुत्रबाट शिक्षा लिएर छिटै ज्ञान प्राप्त गरे । अनि भगवानसँग भेट हुँदा भेट नभएको धेरै भयो भनी बिन्ती गरे । पहिलेपहिले त बरोबर भेट हुन्थ्यो । बीचमा छुट्टिए, भेट हुन पाएन । अहिले अन्तिम जन्ममा भेट भयो । शासनको सुरूमा भेट भएको थियो, बीचको ४ असंख्य र एक लाख कल्पसम्म हराएको हरायै भए । अहिले अन्तिममा भेट भयो । यति लामो समयसम्ममा गरिएका कुशल वा अकुशल कर्महरू मोफतमा नजाने रहेछन् । मौका छोप्दै फल दिंदै गर्ने रहेछन् । हामीले पनि शासन भेट्यौं भनेर ढुक्क हुनुहुँदैन ।

ती मेघनाथ ऋषिले पनि शासन त भेटका थिए । तर शासनको गौरव राख्न सकेनन् । सुमेघ ऋषिको संगत मिल्दा त गौरव गर्थे । बीचमा संगत गलत भयो । शासनको विरोध नै त गरेका थिएनन् । श्रद्धा त थियो । पछि मदिरापानमा भुले । अन्त्यमा आफ्नी मातालाई पनि मार्नेमा परे । सुमेध बोधिसत्वको सुगतिमा र उसको दुर्गतिमा जन्म हुँदा भेट हुन पाएन । भेट त आनन्द, महाकाश्यप, मौद्गल्यायन, र यशोधरासँग भेट भयो । यशोधरासँग त झन धेरैचोटी भेट भएको थियो । वज्जिरा भिक्षुणीसँग,



Downloaded from http://dhamma.digital

उत्पला भिक्षुणीसँग, धम्मदिन्ना र गौत्तमीसँग धेरै जन्महरूमा भेट हुँदैआए । तर बोधिसत्वसँग भने भेट भएन । पछि टाउकै उठाउन नसक्नेगरी अपायमा डुबे ।

हामीले त टाउको उठाएका छौं । टाउको उठाएकै बेला भवसागरबाट उम्किन सक्यौं भने सकियो नत्र हाम्रो पनि खैर छैन । हामी अझै बलियो हुन सकिरहेका छैनौं । फेरि संगत गलत भएर गलत मार्गमा लाग्यौं भने र पापमित्र पाएर चित्त विचलित हुन थाल्यो भने खतरा नै छ । अझै ४ असंख्य र १ लाखकल्प कुर्नुपर्ने हुन्छ । यो अपरापरिय वेदनीय कर्म भनिने कर्मले जबसम्म निर्वाण पुग्दैन तबसम्म मौका परे अनुसारले फल दिँदैजान्छन् । मौका पार्ने काम सम्पत्ति र विपत्तिले गर्छन् ।

*कालोपधि पयोगानं गतियाय यथा रहं ।*

*सम्पत्तिञ्च विपत्तिञ्च कम्म मागमम पच्चति ।।*

कर्मको फलको नियमले भन्नुपर्दा यतिले मात्र पुग्दैन । अझै अन्य कर्महरू पनि रहेका छन् जस्तै – गरूक, आसन्न, आचिन्न र कटत्ता कर्म । जनक, उपथम्भक, उपपीलक र उपघातक कर्म । यी कर्महरूलाई पनि सम्पत्ति र विपत्तिको साथमा सँगसँगै मिलाएर लैजानुपर्छ ।

***पट्ठान पालि देशना अन्तर्गत तेन्हौं दिनको 'कम्मपच्चय र विपाकपच्चय' – १ देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# चौथौं दिन

## (कम्मपच्चय र विपाकपच्चयलाई मिलाएर) – २

### १४

बुद्ध-शासन दिनानुदिन फैलिरहेको अहिलेको समयमा पनि कर्म र कर्मफललाई नबुझ्ने मानिसहरू संसारमा धेरै नै छन् । अन्य धर्म मान्नेहरूलाई त परै राखौं, बुद्धधर्मका अनुयायीहरूमा पनि कर्म र कर्मफलमा विश्वास नगर्नेहरू धेरै नै छन् । कोही त बुद्धलाई मान्यों भने भगवानले सम्पत्ति दिन्छन् भन्ने मान्यता बोक्नेहरू पनि बुद्धधर्म मान्नेहरूमा धेरै पाइन्छन् । यो हुनगएको मूल कारण धर्मलाई सही प्रकारले नबुझेकाले हो । भगवानले धर्मद्वारा नै शिक्षित बनाउँदै जानुभएको थियो । सही प्रकारले सुन्ने र सही प्रकारले बुझ्नेहरू मात्र शिक्षित हुन्छन् । शिक्षित बनाउने सम्बन्धमा पालिमा एक पद आउँछ –

*'नगे दण्डे दमयन्ति, अंगुले हि कसाहि च ।*
*अदण्डेन असत्थेन चोरो दण्तो महेसिनो ।।'*

हात्ती घोडादि पशुहरूलाई लहुराले तहलाउँछन्, मूर्ख भइएका मान्छेलाई पनि कुटपीट गरेर अनेक प्रकारले डर देखाएर ठीक बाटोमा ल्याउँछन् तर भित्रको स्वभाव बदलिदिन त सकेका हुँदैनन् ।

सम्मासम्बुद्ध भगवानले नालागिरी नाम गरेको हात्तीलाई पनि कुनै लहुरोविना नै कुनै हतियारविना नै मैत्रीको प्रभावले त्यस हात्तीलाई शान्त गर्नुभयो । अंगुलिमाललाई पनि कुनै हतियार नसमाइकन कुनै डण्डा लहुरो नचलाइकन वशमा लिनुभयो ।

लहुरोद्वारा तहलाइएका र भगवानको उपदेशबाट शिक्षित भएका दुई थरीलाई हेरेमा समान छैन । भगवानको उपदेशले शिक्षित भइएकाहरूमा भित्रदेखि शान्त हुन्छन् । मैत्रीभाव राख्न जान्ने हुन्छन् । भगवानलाई पनि



Downloaded from http://dhamma.digital

धेरै प्रशंसा गर्छन् । अहो, धन्य, मनुष्य भइएछ, भगवानलाई जान्न चिन्न पाइयो भनेर कृतज्ञ भएर खुसी हुन्छन् । दण्ड, हतियार, डर, धम्की त्रासले शिक्षित बनाइएकाले धन्य धन्य भन्दैनन् । डरको कारणले मात्र शिक्षित हुन परेको हुन्छ । बाहिर शिक्षित भएझैं भए पनि भित्रैबाट शिक्षित भएका हुँदैनन् । भगवानको उपदेशबाट शिक्षित भइएकाचाहिँ बाहिरबाट पनि भित्रबाट पनि शिक्षित नै हुन्छन् ।

कर्मको बारेमा हामीले नबुझी हुँदैन । कर्मबारे बुझिएन भने पुण्य गर्छु भन्दाभन्दै पुण्यको नजिकै बसेर पाप गरिरहेको थाहा नै पाएको हुँदैन । आफ्ना र प्रिय व्यक्तिमा खुसी भएको तृष्णाले गर्दा हो । पुण्यमा खुसी भएको प्रीतिले गर्दा हो । हामी पुण्यको कारणले खुसी हुनुपर्छ । दान गर्नु भनेको पुण्य हो । दान दिनमा आनाकानी गर्न हुँदैन । दान दिनमा आनाकानी गर्नुलाई *'मात्सर्य'* भनिन्छ । त्यो मात्सर्यरूपी शत्रुलाई जितेर दान दिइनुपर्छ । पुण्यको छेउमा हुने अर्को शत्रु *'अभिमान'* हो । *'धम्माधिपति अतिमानोति'* । अभिमान भएमा गौरव हराएर जान्छ । त्यसैले 'कुशलको छेउमै अकुशल बसिरहेको हुन्छ' भनिएको हो । अभिमानमा पनि जवन-चित्त ७ वटा आएको हुन्छ । पुण्यको पुण्यकै र पापको पापकै रफ्तार हुन्छ । *'रागो मित्तया वञ्चेति'* । राग भनिने तृष्णा-धर्मले मित्र जस्तोजस्तो भएर छल गर्न आउँछ । आफूले त मैत्री-कामना गर्छु भनेर ध्यान गरेको हुन्छ तर पहिले आफ्नो नजिकका को छन् त्यसमा ताँसिन्छ । जताजता माया लागेका व्यक्ति छन्, त्यता त्यता डोऱ्याएको हुन्छ । माया नलागेकामा वा मन नपरेकामा डोऱ्याउँदैनन् । तिनलाई सम्झना आए पनि *'सब्बे सत्ता अवेरा होन्तु'* भनिन्छ तर माया लागेकालाई मनले तोकीतोकी मैत्री पुऱ्याएको हुन्छ । तृष्णाले ठाउँ ओगटिसकेको थाहा नै लाग्दैन । कुशलको छेउमै बसेको अकुशललाई जान्न गाह्रो छ । विपश्यना ध्यानले चित्तलाई हेर्न जानिएन भने कुन कस्तो चित्त उत्पत्ति भएको हो थाहा पाउन सकिँदैन ।

मैत्री पुऱ्याउँदा पनि आफ्ना स्वर आफ्नै ध्वनीमा रमाइरहेको हुन्छ । त्यो पनि तृष्णाले गर्दा हो । स्वरमा रमाउन थालिंदा शरीर पनि अलिअलि हल्लिन थाल्छ । मैत्री पुऱ्याउँछु भनिएको छ तर आफ्नै ध्वनिमा आफै रमाइरहेको हुन्छ । सबैलाई आफूजस्तै ठानेर *'अत्तनो उपमं कत्वा'*



Downloaded from http://dhamma.digital

भनिएझैं आफूलाई उपमा बनाएर मैत्री पुऱ्याउनुपर्छ । आजकल *'सब्बे सत्ता अवेरा होन्तु, सब्बे सत्ता अब्यापज्ज होन्तु'* को ठाउँमा *'अहं अवेरा होमि, अहं अब्यापज्ज होमि'* भनेर 'म आफू शत्रुरहित हुन पाऊँ, म आफू कुनै दुःख आपदमा पर्न नपरोस्' भन्ने अर्थले मैत्री पुऱ्याएको हुन्छ । *'सब्बसत्ता अवेरा होन्तु, सब्बे सत्ता अब्यापज्ज होन्तु'* भनेर आफूजस्तै सबै प्राणीहरू पनि शत्रुरहित होऊन्, सबै प्राणीहरू आपद्रहित होऊन् भनेर मैत्री पुऱ्याइनुपर्छ । यसरी मैत्री पुऱ्याउँदा भित्रैदेखि सबैलाई आफूसमान ठानेर मैत्री पुऱ्याइएको हुन्छ ।

*'करुणा याच सोकस्स'* – दयाको छेउमै शोक छ । दया-चित्त हल्लिँदैन । त्यो ब्रम्ह-चित्त हो । 'कठै, विचरा' भनेर भन्दा दया देखाएझैं भए पनि शोकमा ढल्किसकेको हुन्छ । तर आफूले चाहिँ त्यस शोकलाई पनि दया नै हो भनेर सम्झिरहेको हुन्छ । असली दया वा करुणा अलिकति पनि हल्लिँदैन । धम्मदिन्ना बेहोस भई लड्दा पनि विशाखको चित्त अलिकति पनि हल्लेन किनभने उनी अनागामि व्यक्ति हुन् । अभि, कठै विचरा भनेर हतनपत्त गएर उठाउने खाले उनी भएनन् । करुणा भनेको आत्तिने स्वभावको हुँदैन किनभने त्यो ब्रम्हचर्य-धर्म हो । तर हामी दया गरिरहेका छौं भन्दै आत्तिरहेका हुन्छौं । कुशल भन्दै अकुशल भइरहेको थाहा नै पाउँदैनौं । अकुशल आएको थाहा पाउन गाह्रो हुन्छ । कुशल जस्तोजस्तो भएर अकुशल उभिन आएको हुन्छ ।

सतिपट्ठान भएन भने अकुशल हुँदै गरेको थाहा पाईदैन । सतिपट्ठान राम्रो छ भने मात्रै जान्न सकिन्छ । नत्र गाह्रो छ । त्यसैले हामीले जान्नुपर्छ पुण्यको छेउमै अपुण्य लुकेर बसिरहेको हुन्छ । भएको अपुण्यलाई जान्न सकिएन भने त्यसैलाई पुण्य सम्झेर बसिन्छ । त्यस्तै समाधिका छेउमा थीनमिद्ध हुन्छ । समाधि लिएको बेला खन्धको उत्पत्ति विनास हेरिन्छ तर पनि वीर्य कमजोर हुँदैजाँदा उत्पत्ति-विनास पनि मसिनो मसिनो हुँदै देख्न नै छोडिन्छ । मन बाहिर पनि गएको हुँदैन, खन्धको स्वभाव पनि देखिरहेको हुँदैन किनभने त्यहाँ थीनमिद्ध आइसकेको हुन्छ । वीर्य कमजोर हुँदा थीनमिद्धले वीर्यको ठाउँ लिइसकेको हुन्छ । कुनैकुनै समयमा थीनमिद्ध आएको बेला खन्धलाई नै नदेखेजस्तो उत्पत्ति-विनास पनि नदेखेजस्तो, छैन



Downloaded from http://dhamma.digital

कि जस्तो पनि बनाइदिन्छ । अहो, मैले ज्ञान पाएँ कि के हो भन्ने अभिमान पनि चढाइदिन्छ । थीनमिद्धले पनि ज्ञान पाएँ कि के हो भन्ने जस्तो गरी अभिमान उत्पन्न गराइदिन्छ । कुशलको छेउमै अकुशल हुन्छ र अकुशलको छेउमै कुशल हुन्छ भन्ने कुरा उपनिस्सयपच्चयमा आइसकेको छ । तर त्यो कम्तीमात्रामा हुन्छ । कुशलको छेउमा अकुशलचाहिँ धेरै हुन्छ । यी कुशल अकुशल त्यसै सिद्धिएर जाँदैनन् । चेतना त कर्म भएको क्षणिकमा बिग्रेर गए तापनि कर्मको शक्तिरूपचाहिँ रहिरहेको हुन्छ । शक्तिरूपले उपकार गरिरहेको हुन्छ ।

जस्तै यहाँ एउटा वस्तु देखियो । त्यो वस्तु हटाइदिंदा देखिंदैन । देखियो भन्नासाथै त्यहीं बिग्रिन्छ । कालो भनेर भनेको आँखाले होइन, मनले हो । देख्नेबितिकै बिग्र्यो, बिग्रिनेबितिकै धम्मारम्मण भएर मनमा स्पर्श भइसकेको हुन्छ । अहिले रूप ठोकेर आँखामा देख्ने मनको उदय हुन्छ । देख्नेबितिकै धम्मारम्मण भएर मनायतना फेरि ठोकिन्छ । अहिले नदेखिएको भए तापनि उसको शक्तिस्वरूपले उपकार गरिदिएको हुन्छ । कालो भनेर जान्ने मन उत्पत्ति गर्न उपकार गरिदिएको हुन्छ । त्यो कालो भन्ने मन भोलि पनि सम्झन सकिन्छ । त्यहाँ वस्तुस्वरूप त हुँदैन तर शक्तिस्वरूपचाहिँ हुन्छ । कुशल होस् वा अकुशल होस्, अनित्य स्वभाव हो र त्यो बिग्रिन्छ । वस्तुस्वरूप बिग्रिन्छ तर कामै नगर्ने भएर जाने होइन । त्यसको शक्तिस्वरूप बाँकी रहेको हुन्छ । एउटा चित्त उत्पत्ति भएमा त्यसमा पनि शक्तिस्वरूप हुन्छ । त्यो पनि बिग्रेर जान्छ र फेरि नयाँमा आएर बसेको हुन्छ । नयाँमा त्यस शक्तिस्वरूपले उपकार गरिरहेको हुन्छ । यही क्रमले फल दिने काम भइरहेको हुन्छ । हामी यावत प्राणीलाई कर्मले नचाइरहेको छ । विशुद्धि-मार्ग अर्थकथामा कर्मको बारेमा बताइएको छ ।

लोको – लोक भन्ने यो शरीर हो । यो शरीरलाई 'नामरूप लोक' भनिन्छ । शरीरमात्र नभएर यावत सबै नै नामरूप लोक हुन् । लोक भनिने यो शरीरलाई '*कम्मेन वत्तते*' अर्थात् कर्मले नै चलाएको हुन्छ । कर्म कै आधारमा चलेको छ । '*कम्मेन वत्ततिलोको पजा*' अर्थात् कर्मले डोऱ्याएको ठाउँमा नै चल्नुपर्छ । अहिले हामीलाई मनुष्यलोकमा डोऱ्यायो र यो मनुष्य शरीर मिलेको छ । अपायलोकमा डोऱ्याएको भए अपायलोकको



Downloaded from http://dhamma.digital

शरीर मिल्थ्यो । *'कम्म निवन्धना सत्ता'* अर्थात् सत्वप्राणीहरूलाई कर्मको डोरीले बाँधेर डोऱ्याएको छ । *यथा* अर्थात् जस्तै, *रथ सारिवया यथा* अर्थात् जसरी रथको चक्कालाई बाहिरबाट लगाइएको ठेकीले चक्का जति नै घुमे पनि ठेकीले बन्द गरिदिएको हुनाले चक्का बाहिर निस्कन सक्दैन । चक्कामा धुरा छ । धुरामा ठेकी लागको छ । जति नै घुमे पनि धुराभित्र घुम्छ, बाहिर निस्कन पाउँदैन । त्यस्तै कर्म पनि संसारको धुरामा ठेकीजस्तो भएर बसेको हुन्छ । ठेकी लगाइएको रथमा चक्का जसरी निस्कन सक्दैन त्यसैमा घुमिरहन्छ त्यस्तै प्रकारले नै सत्वप्राणीहरूलाई कर्मको वन्धनले घुमाइराखेको हुन्छ । कहिले मनुष्य, कहिले देवता, कहिले ब्रम्हा, कहिले पशु, कहिले प्रेत, कहिले नरकमा घुमाइराख्छ । त्यसबाट छुटकारा हुन दिंदैन । विशुद्धि-मार्गमा भनिएको छ – *'कम्मस्स कारको नत्थि, विपाकस्स च वेदको, सुद्धधम्म पवतन्ति एवेतं सम्मादस्सनं'* ।

कर्मले नै प्राणीलाई डोऱ्याउँछ, देव ब्रम्हा बनाउँछ भन्ने कुरा गर्दा कतिपयलाई कर्ममा गएर मिथ्यादृष्टि हुन्छ किनभने राम्रो कर्म गरे राम्रो फल मिल्छ, नराम्रो कर्म गरे नराम्रो फल मिल्छ । कर्म कसले गर्छ भने 'मैले', कर्मको फल कसले भोग्छ 'मैले' भन्ने धारणा लिन पुगिन्छ । यसो भएमा कर्ममा मिथ्यादृष्टि हुनजान्छ । कर्ममा मिथ्यादृष्टि हुनजाने तरिकाले बुझेर पनि हुँदैन । धेरैजसो कर्मको यथार्थता नबुझेको व्यक्तिमा राम्रो कर्म गरे पनि मैले, नराम्रो कर्म गरे पनि मैले हो भनेर लिंदा कर्मको फल भोग्नुपर्ने पनि मैले नै हो भनेर लिन पुग्छ र 'म', 'मेरो' 'मैले' भनेर मिथ्यादृष्टि ग्रहण हुन्छ ।

विशुद्धि- मार्गमा *'कम्मस्स कारको नत्थि, विपाकस्स वेदको, सुद्धधम्म पवतन्ति एवेतं सम्मदस्सनं'* भनिएको छ । यसको अर्थ कर्म गर्ने व्यक्ति छैन, फल भोग्ने व्यक्ति पनि छैन, कुनै सत्व प्राणी पनि छैन सिर्फ शुद्धधर्मको लहर मात्रै छ । कर्म त छ तर कर्म गर्ने व्यक्ति छैन । कर्मको फल पनि छ तर फल भोग्ने व्यक्ति छैन । यो कुरालाई राम्ररी बुझ्नुपर्छ ।

जस्तै शुद्ध-धर्म कसरी चल्छ भने आँखामा रूप ठोकियो भने भवंग, भवंग-चलन, भवंगुपच्छेद, पञ्चद्वारावर्जन, चक्षुविज्ञान, सम्मपतिच्छन्द, सन्तीरण, वुत्थो, जवन-चित्त । अनि जवन- चितपछि तदारम्मण-चित्त र भवंग-चित्त



Downloaded from http://dhamma.digital

आउँछ । त्यस्तै अरू द्वारबाट पनि यहीअनुसार चल्दैजान्छ । रूप पनि छ, मन पनि छ । मनको लहर छिटो चल्छ, रूपको ढिलो । मनको लहर सकिएपछि रूप बिग्रिन्छ । मनको लहर नसकुन्जेल रूप बिग्रिंदैन । मनको आयु रूपको भन्दा लामो छ । रूपको आयु छोटो छ । मन र रूप मात्रै छ भनेपछि 'म' पनि छैन, 'मेरो' पनि छैन, सत्वप्राणी पनि छैनन्, स्त्री पुरूष पनि छैन, कुनै मनुष्य, देव, ब्रम्हा भन्ने पनि छैन । सिर्फ शुद्ध-धर्मको लहरमात्र छ । यसैलाई *'सुद्ध-धर्म पवतन्ति'* भनिएको छ । कर्ममा पनि कर्म गर्ने व्यक्ति छैन, विपाकमा पनि विपाक भोग्ने व्यक्ति छैन । गर्भवासदेखि यही रफ्तार चल्दै आएको हुन्छ । जन्मिंदा पनि यस्तै थियो । ठूलो भएपछि पनि यही नै रफ्तार छ । मर्ने बेलासम्म पनि यही रफ्तार कायम रहन्छ । मृत्यु भएपछि सुरू हुने प्रतिसन्धि-चित्तबाट पनि यही रफतारले चल्छ । यसमा फरक छ भने कुशल, अकुशलको फरक हुन्छ । कुशल हो भने कुशल मुताविक रूप र मन हुन्छ। त्यस्तै अकुशल भयो भने अकुशल मुताविकको अपवित्र मन र रूप हुन्छ । अपवित्र मन भनेको लोभ, दोष, मोह सम्बन्धबाट भइएको प्रतिसन्धि-चित्त, भवंग-चित्त र त्यही अनुसारले अहेतुक जवन-चित्तहरू हो । कुशल अकुशलमा मात्र फरक हुन्छ तर लहरमा फरक हुँदैन । कर्म र विपाक भनिने पनि यही रफ्तारमा नै हुन्छ । भइरहेको कर्म बन्दैछ, बिग्रदैछ तर त्यसको शक्तिस्वरूपचाहिँ सुरक्षित भइरास्वेको हुन्छ ।

जस्तो मरेको सिनो कुकुरलाई गिद्धले खाएर सकिए पनि गन्ध रहेको हुन्छ । त्यो सिनो भएको माटोमा सिनोको गन्ध रहिरहेको हुन्छ । गन्ध कुनै वस्तुरूपमा छैन त्यस्तै कर्म त सकिन्छ तर त्यसको शक्ति रहिरहेको हुन्छ । मौका पर्दा समय अनुसारले फल दिन्छ । सबै कर्मले फल दिने पनि होइन । आफूले रोपेको सबै बीउहरूमा नउम्रिने पनि छन् । मकैको बीउलाई हेरेमा पनि सुकेर चाउरिपरेको मकै पनि हुनसक्छ । त्यस्तै उम्रने शक्ति केही पनि नभइको पनि हुन्छ । उम्रिने क्षमता नभएका फुस्रोखाले बीउ पनि हुन्छ । कुनै बीउ माटोमा भएको मलजल पाएर उम्रिन्छ । कुनै कुनै बीउ मलजल पाए पनि नउम्रिने पनि हुन्छन् । त्यस्तै हामीमा रहेका कर्महरू फल दिने क्षमता भएका पनि हुन्छन्, फल दिने



Downloaded from http://dhamma.digital

क्षमता नभएका पनि हुन्छन् । यस्ता कर्मले मौका जुरे पनि फल दिन सक्दैनन् । फल दिन नसक्ने कर्म भनेको हल्कावाले कर्म हुन् । ती उदस्स मनको हुन्छ, कडा र तेजिलोपनाको हुँदैन । तर यी उदस्स मनका कर्महरू फेरि उम्रन सक्नेवालका हुन्छन् । अति कडा भएको तेजिलो चेतनासहितको कर्मले प्रतिसन्धि-फल दिन पनि सक्ने हुन्छन् । प्रवति-फल पनि दिन सक्छन् । फल दिन सक्ने कर्मले पनि जतिखेर पनि फल दिन सक्दैनन् । जस्तै दिट्ठधर्म वेदनीय कर्मले यो जन्ममा मात्र फल दिन्छ, अर्को जन्ममा फल दिन सक्दैन ।

दिट्ठधम्म वेदनीय कर्मले यही जन्ममा तेजिलो हिसाबले फल दिनसक्छ । कुशलमा हेर्ने हो भने भगवान वा अरहन्त वा ध्यानलाभी अनागामी निरोध समापत प्रवेश गरेर आएको बेला पहिलो भोजन दान गरियो र दान दिने वस्तु पनि न्यायपूर्वक कमाइएको सम्पत्ति हो र भित्रबाट आफै जागृत भएर दान गरिएको हो, कसैले भनेर होइन असंखारिक चेतनाले दान गरिएको हो भने त्यस दानले ७ दिनभित्र नै फल दिन्छ । सानातिना कुशल कर्महरूले आसेवन पाएका हुँदैनन् त्यसैले ती कमजोर हुन्छन् । त्यस्ता कर्मले यही जन्ममा झट्टै फल दिन सक्दैनन् । अघि भनिएको कुशल कर्ममा भगवान, अरहन्तहरू समापत ध्यानबाट भर्खर उठेको समय हुँदा शरीर र चित्त दुवै पवित्र भई निर्वाणमय भएको हुन्छ र त्योबेलाको दान पवित्र हुन्छ । केही गरी त्यसदिन भोजन मिलेन भने ती समापत ध्यानबाट उठेकाहरूको आयु सकिने दिन हुन्छ ।

त्यस्तै अकुशलपट्टि हेरेमा पनि भगवानलाई, अरहन्तलाई या माता मारेको वा पिता मारेकोजस्ता ठुलठूला कसुर गरेका र भगवान अरहन्तहरूप्रति अपराध चिताएर कार्य गरेका भए त्यस्ता व्यक्तिले पनि दिट्ठधम्म वेदनीय कर्मको फल पाउँछन् ।

## सारिपुत्रको टाउकोमा मुड्की हानेको प्रसंग –

सारिपुत्रले एकरात पूर्णिमाको दिन श्रावस्ती जेतवन विहारबाट दक्षिणतिर अन्धवनमा गएर समापत प्रवेश गर्नुभएको थियो । रातिको समयमा टहटह जुनको प्रकाशमा उहाँको टाउको टल्किरहेको थियो । त्यसवेला दुईजना राक्षस आउँदैथिए । उनीहरूले ध्यान बस्दै गरेको सारिपुत्रलाई



Downloaded from http://dhamma.digital

देखे । जुनको प्रकाशमा टल्किरहेको टाउको देखेर एकजना राक्षसलाई त्यो टाउकोमा हिर्काउने मन भएछ । अर्को राक्षसले भन्यो, "उहाँ त सारिपुत्र हुनुहुन्छ, हिर्काउन हुन्न ।" "होइन, मेरो त हात साह्रै चिलाइरहेको छ। एकताली हिर्काएर हेरूँ । मलाई त हानुँहानुँ लाग्यो ।" त्यसरी टाउकोमा हान्न लागेको रिसले पनि होइन । तर अर्को राक्षस साथीले रोक्दारोक्दै गएर गोलो चिल्लो टाउकोमा मड्कीले हिर्काइहाल्यो । बल्ल चित्त बुझ्यो भनेर अलि परतिर मात्र के पुगेको थियो पृथ्वीले उसको अकुशललाई खप्न सकेन । तत्कालै उसको मृत्यु भयो अनि पृथ्वी भासेर अविचि नरक पुग्यो । उसलाई तुरुन्तै मृत्युसम्म पुऱ्याइदिएको दिट्ठधम्म वेदनीय कर्मले हो । अविचि नरकमा फल दिएकोचाहिँ उपपज्ज वेदनीय कर्मले हो । यसरी दिट्ठधम्म वेदनीय कर्मले ७ दिन, ७ महिना वा ७ वर्षभित्र फल दिन्छ ।

कुशल होस् वा अकुशल होस् सानातिनाले ठूलो हिसाबले प्रष्टरूपमा फल दिन सक्दैनन् तर तिनको कारणले वर्तमानमा कहिलेकाहीँ मनमा अशान्ति हुने, यत्तिकै पनि चित्त खिन्न हुने, राम्रो काम गर्दा पनि आलस्यले दाबिदिने, अल्सी लाग्ने, चिन्ताहरू दिइराख्ने हुन्छ । कुनै आर्यजनहरूलाई आफूले दुःख दिएको छ वा अपराध चिताइएको छ भने त्यही मुताबिक आफूलाई भित्रभित्रै पोलिराखेको हुन्छ । बाहिर देखिने गरी त फल दिएकोजस्तो लाग्दैन । यसो भएको दिट्ठधम्म वेदनीय कर्म कमजोर भएको हुनाले हो । यसबाट रोगव्याधि दिन पनि सक्छ, बाहिरबाट अनेक आरोप आक्षेप आउन पनि सक्छ । सरकारी दण्ड, सामाजिक दण्ड लाग्ने, चित्त अशान्ति हुनेआदि भइरहन्छ । अर्को जन्ममा अर्थात् दोस्रो जन्ममा गएर उपपज्ज वेदनीय कर्मले फल दिन्छ । उपपज्जमा एउटाले मात्र फल दिने अधिकार हुन्छ । कर्म त धेरै गरिएका हुन सक्छन् तर एउटाले मात्र फल दिन्छ, चाहे कुशलले होस् वा अकुशलले होस् । कुनचाहिँले दिन्छ भन्न सकिँदैन । उपपज्जमा कुशलले फल दियो भने अरू भएका कुशल जति सबै हौसिन्छन् । त्यस्तै अकुशलमा पनि एउटाले फल दिन्छ बाँकी हौसिन्छन् । उसलाई दोस्रो जन्मसम्मको मात्र फल दिने अधिकार हुन्छ । दोस्रोजन्म मनुष्यलोकमा पनि वा नरकलोकमा पनि फल दिनसक्छ । अकुशलले फल दिएर नरकको शरीर दियो भने पनि कर्मको कारणले उतुज शरीर बन्नसक्छ ।



Downloaded from http://dhamma.digital

*'कम्म पच्चय उतुज'* । कर्मको कारणले गर्दा ऋतुले खडा गरिदिएको शरीर खडा हुन्छ ।

नरकमा दन्किने आगोहरू, छुरा, तरवार आदि जेजति छन् ती सबै ऋतुले बनेका त हुन् तर त्यो ऋतु पनि कर्मकै कारणले खडा भएको हो । पालिमा *'कम्मज उतुज रूप'* भनिन्छ । *'कम्म पच्चयो उतुज रूप'* अर्थात् कर्मको उपकारले गर्दा ऋतुले खडा गरिदिएको रूप हो भनिएको हो । त्यहाँको दन्किएको आगो, हतियार आदि पहिले नै बनेका र खडा भएका होइनन् । त्यो नरक पनि पहिले नै बनेर तयार भएर बसेको पनि होइन । आफ्नो नरक आफैले बनाउने हो । आफूलाई काट्ने हतियार पनि आफैले बनाउने हो ।

मौद्गल्यायनले देखेका गृद्धकुट पर्वतका प्रेतहरूको सम्बन्धको एक चित्रण यस प्रकार छ – त्यहाँ केही प्रेतहरू गइरहेका छन् । सबैको शरीरमा भाला गडेको छ । फेरि उफ्रिन्छ, फेरि भाला गड्छ अनि रूदै कराउँदै चिच्याउँदै पूर्वबाट पश्चिमतिर कुद्छ, पश्चिमबाट पूर्वतिर । ती प्रेतको कर्मै त्यतिमात्र भएको देखिएको छ । मौद्गल्यायनले दिब्यचक्षुद्वारा मात्र यो दृश्य देख्नुभएको छ । अरूले देख्न सक्दैनन् । आवाज पनि सुन्न सक्दैनन् किनभने ती प्रेतहरू प्रेतलोकका हुन्, यता हामी पर्यौं मनुष्यलोकका । मौद्गल्यायनका दिब्यचक्षुले देखे – ती प्रेतहरू यताबाट उता, उतबाट यता दौडिरहेका छन् – मलाई बचाऊ, मलाई बचाऊ भनेर । त्यही भाला उत्पत्ति हुँदै गड्दै, उत्पत्ति हुँदै गड्दै गरिरहेका छन् । ती सबै आफूले गरेका कर्मको कारण ऋतुले खडा गरिदिएका रूपहरू हुन् । नरकमा आफूलाई दुःखकष्ट दिने जे जति छन्, ती सबै कर्मबाटै उत्पन्न भइदिन्छन् ।

तपाईं हामीले गरेका कुशल कर्मले देवलोकमा महलहरू खडा गरिदिन्छन् । त्यहाँ घर किनेर वा बनाएर बस्नुपर्दैन । यहाँ विहार बनाएर दान गर्दा देवलोकमा महल खडा भइदिन्छ । यहाँको कुशल कर्मले गर्दाको ऋतुले त्यहाँ महल खडा भइदिएको हुन्छ । त्यसैले त्यहाँ गएर बनाइरहनुपर्दैन । उपपज्ज कर्मले दोस्रो जन्ममा प्रतिसन्धिलगायत शक्ति रहे अन्य फल पनि दिन्छ । धेरैजसो त पवतिकर्मले फल दिन्छ । पवतिकालमा चाहिँ अपरापरिय वेदनीय कर्म हुन्छ । अपरापरिय वेदनीय कर्म भनेको पहिलेदेखि गर्दैआएका कर्म हुन् । ती सबै यही नामरूपसँग बसिरहेका



Downloaded from http://dhamma.digital

हुन्छन् । ती कर्मको शक्तिहरूले मौका मिले अनुसारले फल दिंदै जान्छन् । फल दिन नसक्ने कर्मलाई अहोसिकम्म भनिन्छ । यसलाई अर्को किसिमले पनि हेर्न सकिन्छ ।

एउटा गरूक कम्म, अर्को आसन्न कम्म, एउटा आचिण्ण कम्म र अर्को कटत्ता कम्म भनी फल दिने अवस्थाका चार कर्महरू हुन्छन् । गरूक कम्म भनेको भारी कर्म हो । पञ्चअन्तरीय कम्म भनेको माता मारेको, पिता मारेको, अरहन्त मारेको, बुद्धको शरीरबाट रगत निकालेको र संघ भेद गरेका जस्ता कर्महरू हुन् । यसलाई पञ्चमहापाप पनि भनिन्छ । कुशलपट्टिका कर्महरूमा अभिज्ञान, ध्यानसिद्धि, प्रथम, द्वितीय, तृतीय र चतुर्थ ध्यानसिद्धि छन् । गरूक कर्म छैन भने आसन्न कर्मले फल दिन्छ । अर्को जन्ममा यसैले फल दिन्छ भन्ने छैन । किनभने हामीमा पञ्चअन्तरीय कर्म छैन । प्रथम, द्वितीय, तृतीय ध्यान पनि छैन भने यसैले जन्म दिन्छ भन्ने हुँदैन । अनि त कुनचाहिँले फल दिन्छ, त्यसको यकिन हुँदैन ।

अजातशत्रु पिता मारेकाले गर्दा जति भगवानसँग सम्पर्कमा आएको व्यक्ति भए पनि, धर्म श्रवण गरे पनि, ठूला दायक भए पनि, अनि भगवान परिनिर्वाण भएपछि पनि चतुपच्चयले सहयोग गरी शासनमा धेरै सेवा गर्दै आएका व्यक्ति भए पनि पिता मारी अपाय दुर्गति जाने पक्का कर्म गरिसकेकाले गर्दा अरू पुण्य जति नै गरे पनि उनलाई ती कुशल कर्महरूले बचाउन सकेनन् । त्यस्तो पक्का कर्म छैन भने कुन कर्मले पुनर्जन्म दिन्छ भन्न सकिंदैन । अब फल दिनेमा आसन्न कर्म आउँछ । नजिकमा भएको, नजिकमा सम्झेको र नजिकमा गरेको कर्मलाई आसन्न कर्म भनिन्छ । नजिकमा भनेको मृत्युको क्षणमा हो । आसन्न कर्म भनेर मरणासन्नको बेला सम्झिएको वा गरिएको कर्मलाई भनिन्छ ।

### *आसन्न कर्मबारे बुढो गाईको उपमा –*

बुढा गाईहरू तगारोको मुखैमा रहेका हुन्छन् । तगारो खोल्दा पछाडिका बलिया गाईहरूलाई बाटो दिन पनि ती अगाडिका बुढा गाईहरू पहिले निस्किदिनुपर्दछ । साँझको बेला गोठमा ल्याउँदा घाँस खाएर अघाइएका भएर बिस्तार बिस्तारै हिड्छन् । अलि साना खालका दगुर्देदगुर्दै हिंड्छन् । गोठालाले पछाडिबाट लौराले हिर्काएर लग्छन् र दगुर्न सक्ने अगाडि पुग्छन्



Downloaded from http://dhamma.digital

तर बिस्तारै हिड्ने पछाडि छोडिइन्छन् । पहिले जानेले गोठमा पहिले पुगेर ठाउँ लिइसकेका हुन्छन् तर तगाराको मुखैमा ठाउँ लिन पुग्नेमाचाहिँ ती बुढा कमजोर गाईहरू नै हुन्छन् । बिहान तगारो खोल्दा निस्कने बेलामा पछाडिबाट ग्वारग्वारती भित्र रहेका गाईहरू आउँदा मुखैका बुढा गाईहरूलाई घचेटदै बाहिर आउँछन् । त्यस्तै आसन्न कर्मचाहिँ बुढा गाईजस्तै हो । आउँदा सबैको पछि आउँछ । अरू कर्महरू त छन् तर मर्ने बेलामा आसन्न कर्म झट्ट आएर पहिले नै फल दिन्छ । शक्तिहीन भए पनि नजिकमा भइदिएकोले मृत्युको मुखमा भइदिन्छ ।

## चण्डाली उपासिकाको प्रसंग –

भगवानको पालामा चण्डाली नाम गरेकी उपासिका थिइन् । तिनी वृद्धा भइन् । कहिल्यै धर्म सुन्न जाँदैनथिन् । भगवानको विरोधमात्र गरेर बस्थिन् । भगवानलाई वन्दना पनि गर्दैनथिन् । तिनी भगवानको शासनमा आउने व्यक्ति थिइनन् । उनी अर्कै धर्म सम्प्रदायकी थिइन् । हाम्रो धर्म उसको धर्म भनेर धर्ममा भेद देख्ने व्यक्ति थिइन् । भगवानले एकदिन ती उपासिकालाई मृत्युपश्चात् अपायमा जाने देख्नुभयो । यिनलाई बचाउने उपाय छ कि छैन भनी हेर्दा बचाउने उपाय छ भन्ने देख्नुभयो । यिनलाई नजिकको कर्म बताइदिनुपर्‍यो भनेर भगवान त्यो दिन सधैं भिक्षाटन जाने बाटो नगइकन ती उपासिका आउने बाटो जानुभयो । भगवान भिक्षुसंघको साथमा हुनुहुन्थ्यो । ती उपासिका पनि त्यही बाटो भएर आइन् । बाटोमा जम्काभेट भयो । उनी बुद्धको सामुन्ने परिन् । समूह देखेर एक छेउ लागिन् । भगवान तिनको छेउमा पुगेर अडिनुभयो । मौद्गल्यायनले बाटो खुल्ला भए पनि भगवान रोकिनुभएको देखे । बाटो खुल्ला भइकन पनि किन रोकिनुभयो, केही कारण अवश्य छ भनी विचार गरे । कारण देख्नुभयो । ती उपासिका मृत्युको नजिक भएको उनले पनि बुझे ।

मौद्गल्यायनले ती उपासिकालाई भगवान उहाँनै हुनुहुन्छ भनेर भगवानका गुण केही बताएर भगवानलाई गौरव राख्न, राम्रो श्रद्धापूर्वक ढोग, वन्दना गर्न भने । त्यसो गरे सुगति गइन्छ, नरकबाट बचिन्छ, तिम्रो कल्याण हुन्छ भनेर बताए । यति कुरा सुन्दा ती उपासिका नरकको डरले हात जोडी वन्दना गरिन् । तिनमा श्रद्धा पनि बढेर आयो । अनि भगवानलाई



Downloaded from http://dhamma.digital

लाग्यो अब नजिकको कर्म बलियो भयो । श्रद्धा-चित्त जगाई वन्दना गरेर अलि परतिर पुग्दा एउटी ब्याएकी गाइले तिनलाई हाने र तत्कालै तिनको मृत्यु भयो । मृत्युपश्चाद् सुगति देवलोकमा जन्म भयो । अगाडिअगाडि गरिएका अकुशल कर्महरू धेरै नै थिए । अपाय फल दिने कर्म कति थिए, थिए । तर नजिकमा कुशल भइदियो । त्यो कुशलले फल दिएर सुगति पुगिन् । त्यस्तै जीवनमा दानपुण्य शील पालन भइरहेको छ तर मर्ने बेला नजिकमा अकुशल आएर फल दियो भने त्यो अकुशलले दुर्गतिमा फल दिन्छ । कुशल छ भनेर मात्र हुँदैन ।

### आसन्न कर्मसँग सम्बन्धित सम्राट अशोकको एक प्रसंग–

सम्राट अशोकले एकपल्ट मग्गलीपुत्र तिस्स भिक्षुलाई सोधे, "भगवानको पालादेखि अहिलेसम्म दान दिने राजाहरूमा मैले जति दान गर्ने राजा कति भए होलान् । कुन कुन समयमा को को थिए, भन्ते ।" यस प्रश्नको उत्तरमा तिस्स भिक्षुले भन्नुभयो, "त्यसरी दान गर्नेमा तपाईले जति दान गर्ने मैले अरू कोही पनि देखिनँ । भगवानको पालामा पनि थिएनन् । त्यसपछि पनि तपाईजस्तो दानी राजा मैले भेटेको छैन ।"

'एकल मेदनी धुम्त्वा = सबै पृथ्वी नै खाएका अथवा सबै पृथ्वीभरि राज गरेका

दत्वा कोटीसतेरपि = सयकरोड दान गरेका राजा अद्ध मलक मतव अन्तेइस्सर दन्तको ।

जब उनको अन्त्य समय आयो, उनी यसो भन्दै मरे, 'मेरो अधिनमा भन्ने चीजचाहिँ आधिटुक्रा अमलामात्र रह्यो ।' सम्राट अशोक यसो भन्दै शोकमा डुबेर मरे । त्यो शोक मर्ने बेलामा आसन्न कर्म भइदियो । उनले जीवनभरि गरिएका दान पुण्यहरू कुनैले पनि आएर फल दिने मौका पाएनन् । सम्राटको त्यो शोक आसन्न भइदिंदा दुर्गतिमा फल दिए । त्यसले धेरै नै कुशल पुण्य गरिए पनि एउटै अकुशल आसन्न बन्न गयो भने त्यो आसन्नले नै फल दिन्छ ।

### अर्को प्रसंग –

शासनमा रहेर ३० वर्षसम्म ध्यान भावना आचरण गरेका एकजना उपासक थिए । उनले बत्तीस कोट्ठास – केसा, लोमा, नक्खा, दन्ता इत्यादि



Downloaded from http://dhamma.digital

गरी अशुभ भावनाको आचरण गरे तर मार्ग-ज्ञान फल-ज्ञान केही मिलेन । 'यो बुद्धको मार्ग पनि फजुल रहेछ' भनेर आचरण गर्न छोडिदिए । त्यो अकुशलको कारणले उनी मरेर गोही-प्रेत बने । पेटभरि खान पनि पाएनन् । त्यसैले सही मार्ग समाउनुपर्छ । सही मार्ग होइन भने ध्यानमात्र गरेर हुँदैन । सही आचरण भएको छैन भने वर्षमात्र बढ्ने क्रम हुन्छ । कर्म नियत भइनसकुन्जेल कुन कर्मले फल दिन्छ, दिन्छ ।

नजिकमा भएको आसन्न कर्म पनि कटत्ता कर्मले र अपरापरीय कर्मलेझैं अर्थात् पहिलेपहिलेदेखि गरिआएको कर्मलेझैं फल दिनसक्छ । यसले प्रतिसन्धि-फल र प्रवृतिकालको फल पनि दिनसक्छ । फेरि यसलाई पनि बुझौं –

***'पुग्गलोपि उपनिस्सय पच्चयेन पच्चयो ।'***

नजिकमा कस्ता मान्छे आएर बसेकाछन् र के गर्दैछन्, यसले पनि आसन्न कर्म बन्नमा भूमिका खेल्छ । जुवा तास खेलेको विषयमा कुरा चल्दैछ र बिरामीको कानमा त्यस्ता कुरा घुसिरहेको छ भने र त्यस्तै शब्दहरू ठोकिइरहेमा मनमा पनि त्यस्तै प्रकारको विचारले ठाउँ ओगट्छ । यो कुशलको बाटो होइन । कोही छेउँमै आएर रोइदिन्छ । रूँदै 'तपाई पीर नगर्नुहोस, हामी छौं' भनेर बिलौना गर्न थाल्यो भने त्यो बिलौनाका शब्दहरू बिरामीको कानमा ठोकिन्छ र मनमा दुःख उब्जिन्छ । अनि त्यो आसन्न कर्म भइदिन्छ । व्यक्तिबाट अपायमा झर्ने र व्यक्तिबाट सुगति पुग्ने जोहो पनि हुन्छ । तर आफू डरो भइएको छ र नियत गति छ भने त ढुक्कै छ । 'यति भन्न पाइनँ, फलानासँग यति लिनु थियो, पछि छोराहरूले के गर्छन होला' भनेर सुर्ता लिन थालियो भने त्यही आसन्न कर्म भएर अपायमा झारिदिन्छ । मर्ने बेलामा अकुशल आसन्न हुने अवस्था धेरै हुन्छन् । आसन्न कर्म छैन भने आचिण्ण कर्मले फल दिन्छ । दिनदिनै आसेवन भइरहेको कर्मलाई आचिण्ण कर्म भनिन्छ । आचिण्ण कर्म पनि बलियो छैन भने कटता कर्मले फल दिन्छ ।

***पट्ठान पालि देशना अन्तर्गत चौथो दिनको 'कम्मपच्चय र विपाकपच्चय' – २ देशना समाप्त भयो***



Downloaded from http://dhamma.digital

# पन्ध्रौं दिन

## (कम्मपच्चय र कुशल अकुशल कर्मसँग सम्बन्धित चेतसिक धर्महरु सबैलाई मिलाएर)

**१५**

धर्मदेशना सुन्न जाँदा कारणवश धर्मदेशना भएन र फर्कनुपर्‍यो भने पनि मन खिन्न पार्नुहुँदैन किनकि त्यसबाट आफूलाई कुनै नोक्सान भएको हुँदैन । धर्म सुन्ने चित्तले आएको हुँदा पुण्य नै भइरहेको हुन्छ । हत्तेरिका, किन आएको हुँला, सित्तै भयो भनेर भन्न हुँदैन । सित्तै भएको छैन, धर्मदेशना सुन्ने मन लिएर आएको पुण्य त छँदैछ ।

***अनाथपिण्डिक महाजनको प्रसंग –***

उक्त माथिको विषयमा अनाथपिण्डिक महाजनको प्रसंग ल्याउनु उचित हुन्छ । अनाथपिण्डिक महाजन एकबाजी श्रावस्तीबाट राजगृह पुगेका थिए । त्यसबेला भगवान राजगृहमा हुनुहुन्थ्यो । अनाथपिण्डिकलाई भगवान उत्पति हुनुभएको कुरा थाहा थिएन । राति आफ्ना मित्र महाजनकोमा भोजन लिइसकेपछि कुराकानीको क्रममा सम्मासम्बुद्ध भगवान उत्पति हुनुभएको चर्चा चल्यो । त्यो कुरा सुन्दा उनलाई भगवानको उत्पति हुनु भनेको अति दुर्लभ छ । अब उत्पति हुनु भएछ, मैले कतिखेर दर्शन पाउँछु होला । बुद्ध भन्ने अरहन्त गुणले परिपूर्ण भएपछि मात्र बुद्ध हुन्छन्, सम्मासम्बुद्ध गुणले परिपूर्ण हुन्छन्, विज्जाचरण गुणले परिपूर्ण हुन्छन् भनेर बुद्धका गुण सम्झन थाले ।



Downloaded from http://dhamma.digital

यसरी भगवानका गुण सम्झिदासम्झिंदै उनलाई बुद्धानुस्सति भयो । बुद्धानुस्सतिको भावनाले गर्दा श्रद्धाचित्त उत्पन्न भयो र चित्त पवित्र भयो । त्यो चित्तबाट उज्यालो झलक निस्क्यो । राति सुत्दा पनि भोलि कहिले आउला भन्ने उत्कण्ठाले उनी सुत्नै सकेनन् । अब त उज्यालो भयो, भगवान भएठाउँ जान्छु भनेर निस्कंदा अँध्यारो बाटोमा कुनै मुर्दामा ठेस लाग्यो । मुर्दा देख्दा उनी झसङ्ग भए । झसङ्गले समाधिलाई हानी गर्छ । एकाग्रताले समाधिलाई बढाउँछ । चित्त भसङ्ग हुनेवित्तिकै एकाग्रता हुँदैन । समाधि हराउँछ । झसङ्ग भएपछि हेर्दा अघिको उज्यालो पनि हरायो । उज्यालो हराउँदा पो अँध्यारो नै भएको उनलाई थाहा लाग्यो । मनमा डर पस्न थाल्यो ।

त्यो बेला देवताहरूले भने – 'तपाईंको एउटा एउटा पाइला कति हो कति मूल्यवान छ । भगवानलाई दर्शन गर्न अगाडि बढिरहेको पाइला हो । हात्ती घोडा दान गरेको पुण्यभन्दा अति मूल्यवान तपाईंको पाइला छ ।' देवताहरूका यस्तो कुरा सुन्दा उनलाई फेरि मनमा प्रीति जागेर आयो । त्यही प्रीतिबाट अघिको जस्तो शरीरबाट उज्यालो निस्क्यो । भगवानको दर्शन गर्न र धर्म सुन्न हिंडेको पाइलाको महत्व त्यतिसम्म हुन्छ । त्यसबेला चित्त धर्म सुन्नतिर ढल्केको हुन्छ । अरू बेला घरको काममा व्यस्त रहे पनि धर्म सुन्न जाने समय भयो भनेर जुरुक्क उठेर गएको समयको चित्त धर्मश्रवण गर्नतिर ढल्केको हुन्छ । क्लेशमा बगिरहेको चित्त फनक्क फर्केर धर्मतिर ढल्केको हुन्छ । धर्मतिर फर्कनेवित्तिकै चित्त पवित्र हुन्छ ।

धर्म सुन्न जान्छु भन्ने चित्त जाग्नेवित्तिकै जवन-चित्त ७ वटा धर्मतिर चलेको हुन्छ । धर्मसुन्नतिर चालिएको पाइला कायिक कर्मबाट पनि धर्मतिर प्रवृत भइरहेको हुन्छ । त्यसबेला कुशल चित्त हुन्छ । त्यसैले धर्म सुन्न आएको बेला केहीगरी सुन्न नपाएता पनि यसमा नोक्सान छैन । त्यसैले धर्मदेशना नभए पनि सुन्न भनेर पाइला बढाइएकोमा फाइदै हुन्छ ।

कुशल अकुशल कर्म र ती कर्मसँग सम्बन्ध भएर आउने चेतसिक धर्महरू सबैलाई 'कर्म' भनिने चेतनाले नै उपकार गरेको हुन्छ । साथै *'कटताच रूपानं'* अर्थात् कटत रूपलाई पनि कर्मले उपकार गरेको हुन्छ ।



Downloaded from http://dhamma.digital

'चेतना सम्पयुत्तकानञ्ज धम्मानं तंसमुट्ठानञ्च रूपानं चेतनासँगसँगै उत्पति हुने चित्त चेतसिक धर्मको साथै चेतना सँगसँगै उत्पति हुने सबै रूपहरूलाई कर्मले उपकार गरेको हुन्छ । कर्मको विषयमा अलि फिंजाएरै बुझ्नुपर्छ । कर्मलाई गहिराइमा गएर बुझ्न अति आवश्यक छ ।

लोकमा बाहिरी तवरले हेरेमा पापकर्ममा लागेकाहरूको सबै तञ्जमञ्ज राम्रो भएको देखिन्छ । कसैले भने राम्रो पुण्यकर्ममात्र गरेका छन् तर दुःख पाइराखेको देखिन्छ । यस विषयमा कतिपयले प्रश्न पनि उठाउने गरेका छन् । यदि राम्रो कर्म गरी राम्रो फल मिल्ने हो भने राम्रो काम गरेको व्यक्तिलाई दुःख नहुनु पर्ने हो । राम्रो कर्म गर्नेहरू गरिब छन्, उनीहरूलाई खानलाउन पनि दुःख छ, राम्रो लुगा पनि लगाउन पाउँदैनन् । अलि अलि भएकोमा पनि दान गर्छन्, शील पालन गर्छन् तर कहिल्यै गृहस्थ जीवन राम्रोसित निर्वाह गर्न सक्दैनन् । कोही पाप कर्ममा चुर्लुम्म डुबेका छन् तर यिनीहरूलाई लौकिक दृष्टिका सबै सम्पत्ति मिलिरहेको छ । आखिर के कारणले हो ? यदि कर्ममा विश्वास गर्ने हो भने, राम्रो कर्म गरेकालाई राम्रो फल मिल्नुपर्ने हो, नराम्रो काम गरेकालाई नराम्रो फल मिल्नुपर्ने हो । लोकमा यस्तो शब्द र प्रश्न बारम्बार उठ्छन् । कर्मबारे राम्ररी मसिनो गरी बुझिएन भने कर्मफलबारे शंका हुनजान्छ ।

कर्म भनेको जवन-चित्तहरू हुन्, फल दिने चित्तहरू हुन् । दिट्ठधम्म वेदनीय कर्मले यही जन्ममा फल दिन्छ भने आखिरको जवन-चित्तले दोस्रो जन्ममा फल दिन्छ र बीचका ५ वटाले तेस्रो जन्मदेखि फल दिँदैजान्छ । दोस्रो जन्ममा फल दिनेमा पनि गरूक कर्म छैन भने आसन्न कर्मले फल दिन्छ । कर्मको कुरा अचिन्तेय्य छ, कल्पना वा चिन्तना गर्न सकिँदैन । कुन कर्मले कहिले कसरी फल दिन्छ भन्न सकिँदैन । पूर्वकर्मको सहयोग नभई सानोतिनो कर्मले फल दिन सक्दैन । कुशलकर्ममा बुद्ध, अरहन्तहरू समापत्ति ध्यानबाट उठ्दा दान गरिएका कर्मले र अकुशल कर्ममा पञ्चअनन्तरीय कर्मले प्रष्टरूपमा अहिले यसै जीवनमा फल दिन सक्दछ किनभने यी कर्महरू वर्तमानका ठूला भारी कर्म भइदिएको हुन्छ । यस्तो अवस्थामा पहिलो-जवन चित्तले नै फल दिन्छ । यसको कारण ती दिट्ठधम्म वेदनीय कर्म भइदिनाले र भारी कर्म भइदिनाले हो । अन्य सानासाना



Downloaded from http://dhamma.digital

कर्मले अतीतको कर्मको आड पाएर फल दिने गर्छन् ।

आसन्न कर्मलाई पनि यसैसँग बुझ्नुपर्छ । भगवानले देशना गर्नुभएको एउटा जातकमा आएको अंगती राजाको विषयलाई लिएर यसलाई बुझौं ।

## अंगति राजाको प्रसंग –

अंगति धार्मिक र न्यायी राजा थिए । उनको रूचा नामकी एउटी छोरी थिइन् । रूचा अति सुन्दर थिइन् । राजाले औंसी पूर्णिमाको दिन दान धर्म गर्थे । उनले छोरीलाई एकहजार रुपियाँ दिएर औंसी पूर्णिमाको दिन दान धर्म गर, उपोसथ व्रत धारण गर्ने गर भन्थे । 'त्यतिकै समय खेर फाल्नु योग्य छैन, उपोसथ अष्टशीलको व्रत लिनुपर्छ है' भनेर बेलाबेलामा सम्झाउँथे र औंसी पूर्णिमाको एकदिन अगाडि एकहजार रुपियाँ दिन्थे । अष्टशीलमा बेलुकीको छाक लिनुहुँदैन, अब्रम्हचर्य पालन गर्नुपर्छ भन्थे । माला, गन्ध सुगन्धले शरीर सिगार्नुहुँदैन । अलि गहिराइमा पुगेर हेर्ने हो भने आफ्नो शरीरलाई राम्रो पारेर सजाएर अरूलाई राम्री भएको देखाएर आफूप्रति आकृष्ट पार्ने गरी रूप सिंगार्नु पनि अकुशल नै हो । किनभने यसले आफ्नो कारणले अरूलाई तृष्णा जगाइदिने काम हुन्छ । स्वाभाविक तवरले राम्रो भएकालाई यसो भनेको होइन । राम्रो बन्ने चेतना र चेष्टा पनि अकुशल नै हो । त्यसैले अष्टशील लिंदा आफू सिंगारिन हुँदैन । आज त व्रतको दिन हो भनेर बिहानै नुहाइधुवाइ गरेर कपाल कोरेर मुखमा अनेक प्रकारको वस्तुले लिपपोत गरेर राम्रो भएर सुगन्ध अत्तर छर्केर सजधज गरेर बसेको व्रत बसेको होइन ।

रूचा एकली छोरी हुनाले र कुनै छोरा नहुनाले राजाले छोरी रूचालाई साह्रै मायाँ गर्दथे । त्यसैले पनि पुण्य धेरै गर्नुपर्छ उपोसथ व्रत धारण गर भनेर औंसी पूर्णे आउनुअगाडि नै राजाले सूचना गर्थे र पैसा पनि दिन्थे । लगाउने लुगा पनि दैनिकरूपमा पठाइदिइराख्थे । राम्ररी बस्नु, जथाभावी लुगा नलगाउनु भनेर सम्झाउँथे । राजा आफै पनि धार्मिक र न्यायी थिए ।



Downloaded from http://dhamma.digital

## गुण ऋषिसंग भेट र उनको सिद्धान्त –

एकदिन कार्तिक पूर्णिमाको रातमा, भर्खर वर्षावास सकिएको समयमा, चौमासा सकिएको समयमा, गर्मी सकेर जाडोमा प्रवेश गरेको रात्रीको समयमा, पूर्ण चन्द्रमा उदाएको रात थियो । त्यति गर्मी पनि नभएको त्यति जाडो पनि नभएको त्यो कार्तिक महिनाको रातमा राजा कौसीबाट यताउता हेरिरहेका थिए । सिरिसिरि हावा लागिरहेको थियो । राजाको मन प्रशन्न भइरहेको थियो । उनले एउटा भारदारी सभा बोलाएर भने, "आज यति रमणीय रात छ । त्यसै समय बिताउनुभन्दा बरू कुनै गुरूकोमा गएर धर्मको शिक्षा लिन पाए हुन्थ्यो कि ?" परिषदले भने, "ठीक छ, महाराज, राम्रो कुरा हो, महाराज ।" त्यसोभए कुन गुरूकहाँ जाने, कसले राम्रो शिक्षा दिनसक्छ भनेर राजाले सोध्दा उनीहरूले भने, "हाम्रा गुण नाम गरेका ऋषी हुनुहुन्छ । उहाँले नै राम्रो शिक्षा दिन सक्नुहुन्छ ।" त्यसोभए जाऊँ न त भनेर राजा, सेनापति, मन्त्रीहरूसहित गुण ऋषिकहाँ गए ।

त्यहाँ पुगेर राजाले राम्रो प्रकारले ढोग वन्दना गरे । राजाले सोधे, "हे ऋषिश्वर ! म देशको राजा हुनाले मैले जान्नुपर्ने कुरा धेरै छन् । मैले पालन गर्ने नियमहरू पनि धेरै नै होलान् । यस सम्बन्धमा नजानेका केही कुरा हजुरलाई सोध्न चाहन्छु ।" ऋषिले भने, "के सोध्नुहुन्छ, सोध्नुस् ।" राजाले केही प्रश्नहरू तेर्स्याए, "विशेषगरी छोराछोरीले मातापिता उपर गर्नुपर्ने कर्तब्य के कस्तो हो । कस्तो कर्तब्य पालन गर्दा असली छोरा असली छोरी बन्न सक्छन् ? राजाले जनतामाथि गर्नुपर्ने कर्तब्य के हो ? घर परिवारमा गृह निर्वाहको क्रममा आफ्ना दाजुभाई दिदिबहिनीहरूमा कस्तो प्रकारको ब्यवहार गरियो भने असली पुरूष कहलाइन्छ ? कस्तो कर्म गरेदेखि दुर्गति अपायबाट बचेर सुगति पुग्न सकिन्छ ?"

ती ऋषिलाई यस्ता कुरा केही थाहा थिएन । विचरा, उनी लुगा नलगाउने ऋषि हुन्, अचेलक ऋषि । ती ऋषिलाई ती प्रश्नहरू राम्रो, राम्रो भावले नै सोधेका हुन् भन्ने थाहा भए पनि उत्तर भने थाहा थिएन । उनले अरूलाई सुनाइराख्ने आफ्नो मत मुताविक कुरा सुनाए । उनले भने –

*'नत्थि माता पिता* – संसारमा आमा बुवा भन्ने छैनन् ।

*नत्थि भातर* – छोराछोरी दाजुभाई छैनन् ।



Downloaded from http://dhamma.digital

*नत्थि आचरियो* – गुरू भन्ने पनि छैनन् ।

*नत्थि धम्मचरिय* – धर्माचरण गर्ने श्रावक ब्राम्हण पनि छैनन् ।
संसार नियत हो । उसको नियममा चल्छ ।
कसैले केही गरेर हुँदैन ।

*नत्थि दिन्नं* – दान भन्ने पनि छैन ।

*नत्थि दानफलं* – दानको फल भन्ने पनि छैन ।

*नत्थि इहलोके नत्थि परलोके* – यो लोकपरलोक भन्ने पनि छैन ।

पुण्य गरेर पुण्यको फल भोग्न पाइन्छ भन्ने छैन । पाप गरेर पापको फल भोग्नुपर्छ भन्ने पनि छैन । संसारको नियम नै नित्य छ । त्यो नित्य नियमानुसार जस्तो हुनुपर्ने हो, हुन्छ । तपाईलाई राजा हुनुपर्ने थियो, राजा हुनुभयो । मलाई ऋषि हुनुपर्ने थियो र म ऋषि भएको छु । जसलाई जे हुनुपर्ने छ, त्यो हुनु नै पर्छ । हुनेहुनामी टारेर टर्दैन । संसारमा दान भन्ने र व्रत भन्ने कुरा बेकारको कुरा हो । व्रत लिनुपर्ने थियो र लिएको हो । वास्तवमा त्यसको फल छैन । जे लेखिएर ल्याइएको छ, त्यही नै हुन्छ ।

दान दिनु बाल मूर्खता हो, पुण्य मिल्छ कि भनेर दान गर्नु मूर्खता हो । बाठो व्यक्तिले सबै सोहर्छन् । संसारको नियत गतिलाई कसैले टार्न सक्दैन । समुद्रको पानी बाहिर पोखिएर बगेर जान सक्दैन । त्यस्तै ८४ हजार कल्पसम्म यो नियत चलिरहन्छ नै । त्यो घेराबाट कोही पनि बाहिरिन सक्दैन । ८४ हजार कल्पसम्म के के हुने हो त्यो पक्का हुने गरी लेखिसकिएको छ । लेखेको केही गरे पनि टर्दैन । यो घेराभित्र मुक्ति भन्ने कुरा कसैले पाउन सक्दैन । प्राणहत्या भन्ने कुरा पनि छैन । जो छ पृथ्वी छ, आपो छ, तेजो छ, वायु छ, सुख छ, दुःख छ र जीव छ । यी ७ प्रकारका धातु छन् । काट्ने भनेको पनि खाली ठाउँमा हतियार घुसेको मात्र हो, काटेको होइन । मऱ्यो भनेको पनि उ मर्ने थियो र मात्रै मरेको हो । पहिलेदेखि तोकिएर आएको भएर मरेको हो । कसैले काटेर मरेको होइन । हतियार पसेको पनि ती ७ धातु भित्र पसेको मात्र हो, मारेको त होइन । त्यस्तै मातापिता भन्ने पनि छैनन् सिर्फ पृथ्वी, आगो, तेजो, वायु, सुख, दुःख जीव हुन् । खोइ मातापिता ? खोइ आचार्य, खोइ श्रमण, खोइ ब्राम्हण कोही



Downloaded from http://dhamma.digital

पनि छैनन् । त्यसैले महाराज, यस्ता कुराको पछि नलाग्नुहोस् । अहिले मनुष्य भएको मौका हो । जति मोजमज्जा गर्नु छ, अहिले नै गर्नुहोस् । अर्को जन्म हुनु त नियत छ । अर्को जन्ममा जे हुन्छ, हुन्छ । कसैले केही गरेर हुने होइन । टारेर टर्ने कुरा केही पनि छैन ।"

ऋषिका यी कुरा राजाले निकै ध्यान दिएर सुने । त्यहीबेला ललाट नामका सेनापतिले भने – "अहो, यहाँ ऋषि त साँच्चै नै जान्नुहुने ज्ञानी रहेछ । उहाँले भनेका कुरा सत्य हो किनकि मलाई जातिस्सर ज्ञान छ । म पूर्वजन्ममा पिंगला नाम गरेको कसाई थिएँ । त्यसबेला मैले कति गाई गोरू काटे, काटें । अन्य प्राणी पनि कति मारें, मारें । यदि आज श्रमण ब्राम्हणहरूले भनेजस्तो व्यक्तिले जस्तो कर्म गर्छ त्यस्तै फल मिल्छ, परलोक भन्ने छ, यता गरिएका कर्म अनुसार पुनर्जन्म हुन्छ भन्ने नियम यदि सही भएको भए म त नरकमा पर्नुपर्ने हो । तर अहिले यो जन्ममा सेनापतिको घर जन्मन पाएँ र सेनापति पनि हुन पाएँ । पहिले जीवनभरि कसाई काम गरेका व्यक्ति मृत्युपश्चाद् म मनुष्य मात्र होइन सेनापति पनि हुन पाइरहेको छु । त्यसैले उहाँ गुरू ऋषिले भन्नुभएको कुरा एकदम सत्य हो । म यसलाई पूर्ण स्वीकार गर्दछु ।"

ललाटले यस्तो भन्दैगर्दा त्यहाँ बसेका बीजक कमारो सुँक्क सुँक्क रून थाले । राजाले तिमी किन रोएको भनी सोध्दा उनले भने – "उहाँ ललाट सेनापतिले भन्नुभएजस्तै मैले पनि पूर्वजन्मको घटना सम्झन्छु । मसँग पनि जातिस्सर ज्ञान छ । अहिले आएर बुझें, म त फसेको रहेछु । आफू फसेको चाल पाएर रोएको हुँ । म पहिलेको जन्ममा ठूलो धनीमानी व्यक्ति थिएँ । मैले जीवनभर दानपुण्य पनि गरेको थिएँ । शील पनि पालन गरेको थिएँ । उपोसथ व्रत पनि धारण गरेको थिएँ । नराम्रो काम गरे नराम्रो फल भोग्नुपर्छ भन्ने कुरा मेरो मनमा छापाझैं बसेको थियो त्यसैले जिन्दगीभर राम्रो काममात्र गरेको थिएँ । राम्रो काम गरेर आए तापनि अहिले म कमारीको गर्भबाट जन्म भई कमारो हुनुपर्‍यो । यदि मैले गरेको पुण्यले फल दिएको भए म यतिबेला त माथि देवलोकमा जन्मनुपर्थ्यो । त्यसैले *'राम्रो काम गरे राम्रो फल मिल्छ'* भन्ने कुरा फजुल रहेछ । संसारको नियत नियम त साँच्चै नै रहेछ । जे हुनु थियो त्यो अवश्यमेव



Downloaded from http://dhamma.digital

हुने रहेछ । म पनि ऋषिको कुरामा सहमत छु । अहिले म कमारो छु । कमारोलाई राम्रो खाने राम्रो लाउने भन्ने हुँदैन । अहिले पनि मलाई मिलेको भोजन कुनै दानयोग्य व्यक्ति आए सबै नै दान गर्छु भन्ने मन छ तर म कमारो हुँ । उहाँ गुण ऋषि र ललाट सेनापतिले भन्नुभएको कुरा सही हो । बेकारमा दानपुण्य गरेर परिश्रममात्र गरेको रहेछु ।"

राजाको मनमा लाग्यो, – "यिनीहरू तीनैजनाले त्यही त्यही कुरा भने । कर्मानुसारको फल नमिल्ने रहेछ । मातापिता, गुरू, श्रमण, परलोक भन्ने रहेन छ । संसारको निगत नियम ८४ हजारकल्पसम्म विना रोकतोक एकनासले चल्ने रहेछ । जे जे हुनुथियो लेखिएरै आउने रहेछ । मलाई राजा हुनुथियो, राजा भएँ । उसलाई कमारो हुनुथियो, कमारो भयो । 'हुनिहार, दैव नटार' भनिन्छ । यसमा पनि गुण ऋषिको भनाइ मिसिएभैं लाग्छ ।' राजाको मनमा मिथ्यादृष्टिको छापा बस्यो ।

राजाले मनमनै निश्चय गरे – 'ए, म पो फसेको रहेछु । यिनीहरूले भनेको सही हो । आजसम्म मैले राम्रो कर्म गर्नुपर्छ, पुण्य गर्नुपर्छ भन्दैआएको गलत रहेछ । उनले ऋषिलाई भने, "हे, ऋषिश्वर, तपाईले भन्नुभएको कुरा मनासिब हो, मलाई साह्रै चित्त बुझ्यो । अब म यहाँ तपाईसँग बसेर समय खर्चिन चाहन्नँ । मेरो आयु कति बाँकी छ, थाहा छैन । अब बाँचुन्जेल अनेक रंगीचंगी, मोजमज्जा र आनन्दभोग गर्न चाहन्छु । म हिंडे ।"

यति भनेर राजा ऋषिलाई ढोग वन्दना नगरिकनै गए । 'नत्थि समण ब्राम्हणो' भनेपछि ऋषि पनि त रहेन । ऊ पनि पृथ्वी, आपो, तेजो, वायु, सुख, दुःख र जीव भए अनि आफू पनि पृथ्वी, आपो, तेजो, वायु, सुख, दुःख र जीव भयो । दुवैमा कुनै फरक रहेन । मातापिता पनि त्यस्तै नै हुन् । संसारमा सम्मान गर्नुपर्ने पनि कोही छैनन् भन्ने गहिरो प्रभाव राजाको मनमा बस्यो ।

राजा सीधै राजमहल गएर मन्त्री भारदारहरू जुटाएर भने, – "तिमीहरूले मिलेर यो राज्य विचार गरेर चलाउँदै गर । मलाईचाहिँ सुन्दरीहरू ल्याइदिनू, म सुखभोगमा डुब्न चाहन्छु ।" यसरी राजा पूर्णरूपले मिथ्यादृष्टिक बने । यो खबर सारा राज्यभरि फिंजियो । 'हाम्रा राजा गुण



Downloaded from http://dhamma.digital

ऋषिको संगतमा परेर मिथ्यादृष्टिक हुनुभयो रे ! अब देश बर्बाद हुने भयो' भनेर हल्ला फैलियो ।

यो खबर रुचा राजकुमारीको कानमा पनि पऱ्यो । रुचा राजकुमारी आनन्द भन्ते हुनेवाला व्यक्ति थिइन् । ललाट सेनापतिचाहिँ देवदत्त हुनेवाला थिए । बीजक भन्नेचाहिँ मोद्गल्यायन हुनेवाला थियो ।

## *ललाट सेनापतिको पूर्वकथा –*

ती ललाट नाम गरिएका सेनापति पूर्वजन्ममा कसाही काम गरेका व्यक्ति थिए । अहिले यो जन्ममा सेनापति हुनलाई उनले पहिले पहिले गरेका कर्मले आएर फल दियो । कुन कर्मले फल दियो त भन्दा पहिला काश्यप भगवानको पालामा यिनले काश्यप भगवानको चैत्यमा गएर अनोजा नाम गरिएको फूलको माला उनेर चैत्य पूजा गरेका थिए । त्यो पुण्यले बीचमा फल दिने मौका पाएको थिएन । अहिले त्यो पुण्यले फल दिने मौका पायो र कसाइ काम गरेको व्यक्तिलाई पनि मृत्यु हुनेबेला त्यो पुण्य अगाडि आएर सेनापतिको कुलमा जन्म दिलाई सेनापति बनाइदियो । कहिलेदेखिको पुण्यले त्यहाँ गएर फल दिने काम गऱ्यो । यो फल दिएको अपरापरीय वेदनीय कर्मले हो । यो अपरापरीय वेदनीय कर्मले पवतिकालमा पनि फल दिन सक्छ र प्रतिसन्धि फल पनि दिन सक्छ । त्यतिखेर त्यो पुण्य त्यतिकै लुकिराखेको थियो, फल दिने मौका नै पाएको थिएन । त्यो कसाही काम गरेको अकुशललाई खरानीले आगोलाई पुरिदिएजस्तै पुरिदिएको थियो । कतिखेर हावाले त्यो खरानी उडाइदिंदा आगोको झलक आउँछ अनि फल दिन पुग्छ । अहिले त्यो कसाही काम गर्दाको अकुशलको फल आउने बेला आएको थिएन ।

## *बीजकको पूर्वकथा –*

त्यो बीजक भन्ने कमारो मोद्गल्यायन हुनेवाला थियो । उनी पूर्वजन्ममा एउटा महाजन थिए । उनी दानी ज्ञानी थिए । शीलवान पनि थिए । मृत्युपश्चाद् उनी कमारो भएर जन्म लिनुपऱ्यो । त्यो कमारो हुन परेको कुन अकुशलले हो भनेर हेरेमा त्यो पनि काश्यप भगवानकै पालामा

Downloaded from http://dhamma.digital

घटेको घटना हो । उनी गोठाला थिए । गाई हराएर यता उता दगुर्दै गाई खोजिरहेका थिए । गाई हराएको चिन्ताले ऊ हैरान थियो । त्यसैबेला जंगलमा बाटो बिराएर बाटो खोज्दै एकजना भिक्षु त्यहाँ आइपुग्यो । त्यो गोठालालाई देखेर भिक्षुले सोध्नुभयो, "हे, उपासक, म फलाना ठाउँमा जान हिंडेको हुँ । बाटो बिराएर भौतारिरहेको छु, बाटो बताइदिनुस् न ।" गाई हराएको चिन्ताले गर्दा त्यो गोठालो त भिक्षुदेखि रिसाएछ । बोल्दै बोलेन । तीन पल्ट सोध्दा त्यो गोठालोले झर्किंदै भन्यो, "तिमी भिक्षुहरू हल्ला गर्नमात्र जानेका छौ, धेरै कुरामात्र गर्छौ, कमारै खानदानका होला है तिमीहरू त !" यति भनेर त्यो गोठालो खुरुखुरु हिंडे । भिक्षुलाई अपशब्द प्रयोग गरेको त्यो अकुशल कर्मले बीचमा फल दिने मौका पाएको थिएन । अहिले आएर कमारो हुने फल दियो । कतिको अन्तरालमा फल दिंदैजान्छ भन्ने कुराको टुङ्गो नै छैन । अब त मौद्गल्यायन अरहन्त भइसक्नुभएको छ, फल दिन त सक्दैन तापनि अरहन्त नभएसम्म कर्मको विपाकहरू पछि लागेर आइरहेका थिए । तर कहिले, कहाँ, कसरी भन्ने कुरा भन्न सकिंदैन । उसले गरेको कुशल त थियो तर लुकेर बसेको थियो र मौका पर्खेर बसेको थियो । अब मौका पऱ्यो र फल दियो ।

हामी अहिले मनुष्य संसारमा छौं । कहिलेको कर्मले मनुष्य भइएका छौं थाहा छैन । अहिले पनि पुण्य गरिराखेकै छौं । तर फल कहिले र कुनकर्मले दिन्छ केही टुङ्गो छैन । त्यसैले भगवानले सत्काय दृष्टि र विचिकित्सा हटाउन सकियो भने *'चतुहपाये हि विप्पमुत्तो'* भनेझैं चार अपायबाट बचिन्छ । हटाइएको छैन भने कुन कर्मले फल दिन्छ र अपायमा गिरिन्छ भन्न सकिंदैन ।

मौद्गल्यायन १ असंख्य र एकलाख कल्पसम्म पारमि पूर्ण गरिआएका हुन् । काश्यप भगवानको शासन अस्ति मात्रको त होइन नि, तापनि काश्यप बुद्धको शासनमा पनि भिक्षुलाई अपराध चिताउने र बोल्नेमा उनी पुगेका थिए । कर्मको लीला यसै भन्न सकिंदैन । भगवानले भन्नुभएको छ –*'कर्मविपाको अचिन्तयो'* । त्यसैले अहिले आचरण गरी दृष्टि र विचिकित्सा हटाउन बल गर्नुपर्छ । नभए ध्यानलाभी गरूक कर्म भए पनि पक्का छ । दृष्टि र विचिकित्सा हटाउन सकियो भने पनि पक्का नै छ । नभए,



Downloaded from http://dhamma.digital

पहिलेका कुन कर्महरूले ढुकिरहेका छन्, थाहा नै हुँदैन ।

## फेरि राजा अंगतिकै कुरा –

राजा अंगतिले मिथ्यादृष्टिक भएर मिथ्या आचरण गर्न थाले । कामेक्षु मिथ्याचार पनि गर्न थाले । देशमा होहल्ला भयो र रूचा राजकुमारीले पनि यो कुरा सुनिन् । 'हाम्रा पिताजी त्यस्तो अधार्मिक राजा त होइनन्, के हुन गए छ पिताजीलाई' भनी सोचेर उनी जिल्ल परिन् । फेरि सोचिन् – 'मिथ्यादृष्टिक गुण ऋषिको संगतमा परेर फेरि त्यस्तै ललात सेनापति र बीजक कमारोको संगतमा वा लहैलहैमा परेर पिताजी बिग्रनुभयो । अहिले नै भन्नजाँदा पिताजीको गौरव हुँदैन । हप्तैपिछे १०००/१००० रूपैयाँ दानको लागि भनेर दिनुहुन्छ । मैले त्यही समयलाई पर्खन्छु ।'

रूचा त्यसै दिनको पर्खाइमा बसिन् तर राजा पैसा लिएर आएनन् । भोलि पूर्णिमा हो भनेर पिताजीकहाँ भेट्न गइन् । राजा पनि छोरी आएकी देखेर खुसी भए । राजाले खुसी प्रकट गर्दै भने, "छोरी, तिमी सन्तुष्ट नै छौ होइन, खुसी नै छौ होइन, छोरी ?" रूचाले भनिन्, "म खुसी नै छु । भोलि पूर्णिमा हो भनेर पिताजीले बिर्सनुभयो कि भनेर सधैं दिने गर्नुभएझैं एकहजार रुपियाँ दान गर्न दिनुहोस् । म उपोसथ व्रत धारण गर्छु ।" राजाले भने, "छोरी, हामी त फसेका रहेछौं नि । मलाई गुण ऋषिको धर्म सुनेर बल्ल ज्ञान खुल्यो । दान गरेको त भएको पैसा बेकारमा फ्याँकेजस्तो पो भएको रहेछ । परलोक भन्ने छैन, माता पिता भन्ने छैन, इष्टमित्र भन्ने छैनन् । सिर्फ पृथ्वी, आपो, तेजो, वायु, सुख, दुःख र जीवमात्रै रहेछ । यो संसारको नियम नै नियत छ । नियत हुँदा हामीले त्यो नियमलाई बदल्न खोजेर हुँदैन । भावीमा जे लेखिएर आएको छ, त्यहीमुताविक हुँदैजान्छ । कसैले टारेर टर्दैन । यो नियम ८४ हजार कल्पसम्म एकनास जान्छ । ८४ हजारकल्प उता भने कोही पनि रहँदैनन् । त्यसैले तिमी राजकुमारी भएको मौकामा तिमीले पनि रजाई गरेर बस । व्रत बस्नु भनेको त भोकै हुनुमात्र हो । व्रत बसेकी पनि त्यस्तै हुन परेर मात्र हो । त्यो पनि नियत नियम अनुसार आएको छ । अबचाहिँ व्रत बस्ने काम नगर । दान दिएर नोक्सान गर्ने काम नगर । श्रमण, ब्राम्हण पनि छैनन् । ती पनि उक्त ७ धातुमात्र



Downloaded from http://dhamma.digital

हुन् ।"

## रूचा राजकुमारीको राजालाई चेतना –

राजकुमारी रूचाले पनि यही कुरा खोजेकी थिइन् । तिनले भनिन्, "पिताजी, पहिले मैले सुनेथें कि मूर्खको संगतले गर्दा मूर्खको स्वभाव टाँसेर आउँछ र मूर्ख बन्छ । पिताजी, तपाई त ज्ञानी हुनुहुन्थ्यो, जानकार हुनुहुन्थ्यो, साह्रै न्यायिक हुनुहुन्थ्यो र धार्मिक पनि हुनुहुन्थ्यो । आज ती मूर्ख गुण ऋषिको, ललाट सेनापतिको र मूर्ख कमारोको लहैलहैमा लागेर आज तपाई किन ती मिथ्यादृष्टिकहरूसँग आफूलाई दाँज्नुहुन्छ ? यो त योग्य भएन, पिताजी । तपाईको पहिलेको सोचाइ र मार्ग ठीक थियो । यो मिथ्यादृष्टिले त तपाईलाई र देशलाई चुर्लुम्म डुबाउने भए । यो मूर्खपना छोडिदिनुहोस्, पिताजी । कुसंगतले कतिसम्म बिगार्न सक्छ भन्ने कुरा किन बिर्सनुहुन्छ ?"

अंगुत्तर निकायको एकठाउँमा भगवानले कुसंगतको बारेमा भन्नुभएको छ – 'गनाउने मरेको माछालाई कुशको घाँसले पोको पारेर लिएर आउँछ भने त्यो गनाएको माछोको संगतले कुशमा समेत दुर्गन्ध फैलिन्छ । त्यस्तैगरी मूर्ख र मिथ्यादृष्टिकहरूको संगतबाट मूर्खको मिथ्यादृष्टिपना सज्जनमा पनि सरेर आउँछ । मूर्खको संगतले गर्दा अंगति जस्ता धार्मिक राजामा पनि मूर्खको मिथ्यादृष्टि मरेको माछाको दुर्गन्धझैं टासेर आयो ।

पट्ठान पालिमा हेरे पनि *'पुग्गलेपि उपनिस्सयपच्चयेन पच्चयो'* भनिएको छ । व्यक्तिको उपनिस्सय कतिको प्रभावकारी हुन्छ भन्ने कुरा बुझ्न जरूरी छ । व्यक्तिको उपनिस्सयबाट ४ अपाय पनि पुऱ्याउन सक्दछ र सुगतिमात्र होइन निर्वाणसम्म पनि पुऱ्याउन सक्दछ ।

गुराँसको फूललाई पलासको पातमा पोको पारेर ल्याउँछ भने त्यो पलासको पातमा पनि फूलको वासना फैलिएर जान्छ । यसैप्रकारले नै ज्ञानी विद्वान व्यक्तिको संगतले गर्दा विद्वानको ज्ञान पनि आफूमा फैलेर आउँछ । विद्वानको संगतले आफू पनि विद्वान भइन्छ । मूर्खको संगतले आफू पनि मूर्ख भइन्छ । त्यसैले राम्रो संगत गर्नु साह्रै जरूरत छ ।

रूचा राजकुमारीले फेरि भनिन्, "नराम्रोको संगतले आफू पनि



Downloaded from http://dhamma.digital

नराम्रो हुन्छ भन्ने कुरा सुनेकीमात्र थिएँ, अहिले त आफ्नै पिताजीलाई खराव संगतको फल लागेको प्रत्यक्ष देख्न पाएँ । यो साह्रै ठूलो गल्ती मार्गमा लाग्नुभयो, पिताजी । ती मिथ्यादृष्टिकसँग आफूलाई कसरी दाँज्नुभयो ? त्यति धार्मिक राजा कसरी मिथ्यादृष्टिको घेरामा पर्नुभयो, महाराज ? राम्रो कर्म गर्नाले नै राम्रो हुन्छ । ती गुण ऋषि पनि बालकजस्तै नाङ्गै बसेका छन् । केटाकेटीझैं निर्लज्ज भएर बसेका छन् । नियतलाई नै विश्वास गर्दथियो भने किन त्यसरी निर्लज्ज भएर बसेको ? तिनी पनि आफ्नो उपदेशानुसार बस्नुपर्थ्यो नि, तिनी आफू त आचरण गरेर बसेका छन् नि ।"

राजाले भने, "होइन छोरी, तिमी कुरै बुझ्दैनौ । तिनलाई त्यस्तै हुन लेखेको थियो । मलाई यस्तै हुन लेखेको छ । तिमीलाई पनि यस्तै हुन लेखेको छ । यस्तै हुनु थियो र भएको हो । यो त नियत हो, छोरी ! कुरा गर्न त जानेकी रहिछौ तर गलत धारणा नराख ।"

## रूचा राजकुमारीको पूर्वकथा प्रसंग –

रूचाले राजाको कुरा मानिनन् । उनले भनिन् – "पिताजी, मसँग पनि जातिस्सर ज्ञान छ । म इन्द्रकी अग्रमहिषि रानी भएको बेलामा मैले भइसकेको ७ जन्म र हुनेवाला ७ जन्म गरी १४ जन्मलाई त्यतिखेर देखिसकेको थियो । त्यो अहिलेसम्म सम्झँदैछु । ती सेनापति र कमारोले त १ जन्म मात्र देखेका हुन् । एकसमय म सुनारको छोरो थिएँ । रूप पनि राम्रो थियो । तर संगत गलत भएकोले कामेसु मिच्छाचार कामहरू गरें । त्यो जन्मबाट मृत्यु हुनेबितिकै कामेसु मिच्छाचार कर्मले फल दिन पाएन, पिताजी । म कोसम्बी देशमा एक ठूलो महाजनको छोरो भएर जन्में । त्यतिखेर धेरै दानपुण्य गरें र शील पालन गरें । अघिको जन्ममा कामेसु मिच्छाचार गरेको भए पनि पछिको जन्ममा दानपुण्य कुशल कर्म गर्ने भएँ । कर्मको कुरा अचम्भको छ । तर तेस्रो जन्ममा त्यो दान पुण्यको कर्मले फल दिन पाएन । रौरव नरकमा गएर डुब्नुपर्‍यो ।

बल्ल कामेसु मिच्छाचार कर्मले त्यहाँ गएर फल दियो । त्यो अपरापरीय कर्मको फल हो । दोस्रो जन्ममा फल दिन नजिकमा आसन्न कर्म कुनचाहिँ छ त्यसैले फल दिन्छ । उपपज्ज कर्म जति सबै होसिन्छन् ।



Downloaded from http://dhamma.digital

अपरापरीय कर्मचाहिँ होसिदैन । रौरव नरक भोग धेरै कालसम्म भोगेर रौरववाट छुटेर म बोको हुन पुगें । बोको पनि ठूलो दनकको हुँदा मलाई सुरूमै खसी पारे । कामेसु मिच्छाचार कर्मको विपाक यसरी आयो । ममाथि चढेर मान्छेहरू मलाई दगुराउँथे । कहिले नारेर गाडा तान्न लगाउँथे । त्यो बोकाको जन्म सकेर फेरि बाँदरको जन्ममा पुगें । अरू बाँदरभन्दा ठूलो दारको हुँदा बाँदरको राजाले मेरो ठाउँ ओगट्छ भनी सानैमा खसी पारे । त्यो कामेसु मिच्छाचारको प्रभाव सँगसँगै आउँदैथियो । अरू बाँदरहरूको हेला सहनुपऱ्यो । पहिलो कोसम्बीको, दोस्रो रौरव नरकको, तेस्रो बोकोको, चौथो बाँदरको भव पाएँ । बाँदरबाट गोरूको भवमा पुगें । गोरू पनि ठूलो खाले गोरू भएकोले छिटो हिंड्ने हुँदा गाडा तान्न सजिलो हुन्छ भनी गाडा तान्नमा प्रयोग गरिएँ, त्यसैमाथि खसी पारेर । आनन्द भनेको कति पनि पाइनँ । *(हेर्नुहोस् त, पछि आनन्द भन्ते हुने व्यक्तिले पनि कामेसु मिच्छाचार कर्म गर्दा भोग्नुपरेका दुःखहरू ।)* हिड्ने गोरूको पुच्छर निमोठिने भनेझैं गोरूले छिटो गाडा तान्दा पनि पिटाइ खान्छ ।

गोरूबाट मनुष्य भएर त जन्में तर यता न उताको भएर । न त पुरूष नै भएँ, न त स्त्री नै । नपुसंक भएर जन्में । त्यो नपुसंकको जन्म बितेर म ४ जन्मसम्म इन्द्रकी अग्रमहिषि रानी हुन पुगें । त्यसपछि एउटा देवताकी रानी हुन पुगें । ५ जन्म त देवलोकमा भयो । देवलोकको आयु सकेर अहिले तपाई अंगति राजाकी छोरी रूचा राजकुमारी भएकी छु । यो जन्म सकेर फेरि देवलोकमा जन्मने छु । स्त्री हुने विपाक यहाँबाट सकिन्छ । त्यसैले हे पिताजी, उनीहरूले एक जन्ममात्र देखे, मैले १४ जन्म देखिसकेकी छु । तपाई मिथ्यादृष्टिक नहुनुहोस्, पिताजी । आफू पनि चुलुम्मै डुबेर देशै डुबाउने काम नगर्नुहोस् ।" "छोरी, कस्तो भन्न जानेकी तिमीले ! तिमीलाई त्यस्तै भन्न जान्नुथियो र जान्यौ ।" राजाले रूचाको कुरा खाएनन् ।

हामीले यहाँ बुझ्नुपर्ने कुरा के हो भने कर्मले कति खेर के फल दिन्छ भन्न सकिंदैन । प्रतिसन्धि फल दिने कर्मले पनि कुनले कतिखेर फल दिन्छ, निश्चित नै छैन । हामीले यति त जान्नैपर्छ कि मर्ने बेलामा गरूक कर्म छ भने भइगयो, छैन भने नजिकमा गरिएको वा सम्झेको कर्म



Downloaded from http://dhamma.digital

(आसन्न कर्म)लाई जानिराख्नुपर्छ । आसन्न कर्म भएन वा काम गर्ने क्षमताको छैन भने बल्ल आचिण्ण कर्मले मौका पाउँछ । आचिण्ण कर्म पनि त्यति तेजिलो छैन भने कटता कर्मले फल दिन्छ । तर मर्ने बेलामा कस्तो मन उत्पन्न हुन्छ भन्न सकिंदैन । कसरी कुनबेला मरिन्छ, मरिन्छ ।

कुनै मोटरसाइकल, गाडीमा यात्रा गर्दा दुर्घटनामा परेर मरियो भने होस कहाँ पुग्छ, पुग्छ । त्यसैले अहिल्यै दरो र बलियो भइराख्नुपर्छ । बलियो भइएको छैन भने त अहिले कुन जन्मको पुण्यले अहिले मनुष्य भइएको छ, कतिका पापकर्महरूले घेरा मारेर बसेका छन्, कहिले फल दिन पाइएला भनी मौका ढुकेर बसेका छन् । कुनै कर्म वर्तमानमा फल दिने पच्चुपन्न कर्महरू पनि छन् भने कुनै मृत्युको मुखैमा गएर बसेका छन् । मृत्युमा पुग्नेवितिकै फल दिने भनेर पर्खेर बसेका छन् । हाम्रो मृत्युको मुखमा के कस्ता कर्महरू छन् हामीलाई थाहा हुँदैन । डरलाग्दा कर्महरू पनि हुन सक्छन् ।

## रूचा राजकुमारीको प्रार्थना –

रूचा राजकुमारीले जसरी सम्झाए पनि राजाले मानेनन् । तिनले उत्निखेरै प्रार्थना गरिन् – "राजाको पुण्यले नभए पनि मैले गरेको आजसम्म गरेका दानका कुशल पुण्यहरू, आजसम्म धारण पालन गरेका उपोसथ व्रतहरू, मेरो जुन शील समाधि पुण्यहरू छन् ती पुण्यहरूको बलले यो लोकमा कुनै विद्वान श्रमण ब्राम्हणहरू कोही हुनुहुन्छ भने आएर मेरा पिता महाराजको मिथ्यादृष्टिलाई हटाइदिनुहोस् । नत्र भने पिताजी त बिग्रे बिग्रे, देश नै बिग्रिने भयो । यदि कुनै श्रमण ब्राम्हण हुनुहुन्छ भने वा देवलोकमा त्यस्ता कोही देवता हुनुहुन्छ भने आएर मेरो पिताजीको मिथ्यादृष्टि हटाइदिनुहोस् । त्यस्तै ब्रम्हलोकमा सद्भावना भएका कुनै ब्रम्हाजी हुनुहुन्छ भने पनि पिताजीको मिथ्यादृष्टि हटाइदिनुहोस्" भनेर प्रार्थना गरिन् ।

## नारद बोधिसत्वबाट राजाको मिथ्यादृष्टि हटेको प्रसंग –

त्यतिखेरै बोधिसत्व ब्रम्हलोकमा थिए । नारद नाम गरिएका ब्रम्हाजी भएर बसेका थिए । बोधिसत्व जुन भवमा पुगे पनि मनुष्यलोकमा के हुँदैछ,



Downloaded from http://dhamma.digital

कहाँ के हुँदैछ, मैले के कसलाई उपकार गर्ने भनेर उपकार गर्नेतिर मन फर्काइरहेको हुन्छ । देवलोकमा भए पनि देवलोकको सुखमा चुलुम्म डुबेर बसेका हुँदैनन् ।

उनी नारद ब्रम्हाले रूचाको प्रार्थना थाहा पाउनुभयो – अंगति राजा त साह्रै मिथ्यादृष्टिमा परेका छन् । देश डुब्ने भयो, देशमा हाहाकार मच्चियो, देशै बरबाद हुने भयो । यता रूचा राजकुमारीको प्रार्थना पनि यस्तै छ । मैले गएर राजाको मिथ्यादृष्टिलाई त हटाइदिनै पऱ्यो । कसरी जाने ? त्यसै जाने हो भने त कसैले गौरव राख्दैनन् । बरू धेरैको मनलाई आकर्षण गर्न सक्ने ऋषिको रूप धारण गरी जानुपर्ला भनेर आकाशमार्गबाट नारद ऋषि भएर गए । अंगति राजाको महल छेउमै पुगेर आकाशमै उभिनुभयो । सबै जनताले र राजाले पनि उनलाई देखे ।

राजा जुरूक्क उठे अनि सोधे, "तपाई को हुनुहुन्छ र के काम विशेषले आउनुभयो ?" "मलाई नारद ऋषि भनेर सबैले जानेका छन् । म काश्यप गोत्रमा उत्पन्न भएको नारद हुँ ।" "तपाइको धेरै शक्ति रहेछ, माथि आकाशमा अडिन सक्नुहुन्छ । यो शक्ति तपाईलाई कसरी मिल्यो ? नियतबाट हो कि आचरणबाट मिलेको जान्न चाहन्छु ।" "हे महाराज, म पूर्वजन्ममा सत्यवादी थिएँ । सही प्रकारको धर्म अपनाउँथें । दुष्चरित्र केही गर्दिनथें । १० सुचरित्र धर्मलाई पालन गर्दथें । इन्द्रियलाई दमन गरी सुरक्षा गरेको थिएँ । एकाग्र भई ध्यान आचरण गर्दा ब्रम्हलोकमा पुगें ।" "त्यसो भए तपाईको भनाइमा परलोक छ त ?" "परलोक छ, कर्म भन्ने छ, कर्मका फल भन्ने छ । राम्रो कर्म गरे राम्रो फल मिल्छ, नराम्रो कर्म गर्नेलाई नराम्रो फल मिल्छ । देवलोक भन्ने छ, मनुष्यलोक भन्ने छ, नरक भन्ने छ, प्रेत, असुर भन्ने छन्, पशु भन्ने छ ।" यो सुनेर राजालाई खल्लो लाग्यो । नारद ब्रम्हाको कुरा आफूले बुझेको कुरासित मिलेन ।

उनले ठानेका थिए संसारको नियम नियत छ तर यी ब्रम्हाले भन्छन् – परलोक, कर्म, कर्मको फल छ । गुण ऋषिलाई राजाको कर्तब्य, छोराछोरीको कर्तब्य के हो भनी सोध्दा किन त्यसको जवाफ नदिई आफ्ना कुरामात्र बताए त भन्दा त्यो बेला गुण ऋषिलाई धेरैको मान्यता थियो त्यसैले यो कुरा मैले जान्दिन भन्न सकेनन् । राजालाई यो कुराको छाप



Downloaded from http://dhamma.digital

बसेकोले नारदमुनि आएर बताउँदा पनि स्वीकार गर्न सकेन । अझ उनी भन्छन्, "अँ त हे नारदमुनि, परलोक छ भनेर तपाई पूरा विश्वास दिलाउन सक्नुहुन्छ ?" "जसले जे कर्म गर्छ उसले त्यस्तै फल भोग्नुपर्छ । मैले पहिले गरेको कर्मको फल अनुसार ब्रम्हा भएँ । कर्म र कर्मको फलको नियम छ महाराज ।" "उसोभए तपाईलाई परलोक छ भन्ने त्यस्तो विश्वास छ भने मलाई अहिले पाँचसय रूपियाँ सापट देऊ, मैले अर्को जन्ममा परलोकमा तपाईलाई पाँचसयको बदला एकहजार तिर्छु ।" ब्रम्हाले पनि विश्वास नगरेझैं गरी भन्नुभएछ, "हे महाराज, कर्जा भनेको जुन व्यक्तिमाथि विश्वास छ त्यसलाई मात्र कर्जा दिइन्छ । जो अल्छी छ, केही सम्पत्ति छैन, राम्रो काम पनि गर्दैन, राम्रो आचरण पनि छैन, सत्यवादी पनि छैन भने लोकमा पनि कसैले विश्वास गर्दैन र कर्जा दिंदैन । राम्रो काम गरेको, सम्पत्ति कमाएको, अल्छी नभएको, जाँगरिलो, धन आर्जन पनि गरेको व्यक्तिलाई जसले पनि कर्जा दिन्छ । अहिले तपाईलाई मैले विश्वास गर्ने ठाउँ कतै छैन । तपाई यो लोक र परलोक मान्नुहुन्न, मिथ्यादृष्टि लिइरहनुभएको छ, पापकर्म गर्नुभएको छ । त्यसैले तपाई नरक जाने व्यक्ति हुनुहुन्छ । कहिले रौरव, कहिले महारौरव, कहिले तापन कहिले महातापन पुग्नुहुन्छ । नरकको भयावह र कहालिलाग्दो कष्ट भोगिरहने व्यक्तिसँग मेरो कर्जा फिर्ता दिनुहोस् भनेर कसरी माग्ने ? नरक नरक धाएर माग्न आउन सक्दिनँ । त्यसैले तपाईलाई कर्जा दिन सक्दिनँ । फेरि लोकान्तररिक नरक भन्ने पनि छ । त्यहाँ निष्पट अन्धकार हुन्छ । उज्यालोको नामनिसान हुँदैन । चिसोमा पनि अति चिसो छ । जोकोही पनि कक्रेर मर्न सक्छ । डुङ्गाको ओढारमा चमेरोझैं टाँसिएर बस्नुपर्छ, खानु र पिउनु भोक प्यासले सताइएको हुन्छ, चिसोले कठयाङ्ग्रिनुपरेको छ, दुःख पाइरहन्छ । के खाऊँ भन्दै यताउता छामछुम छुमछुम गर्नुपर्दछ । कसैलाई यस्तो छोइहाले पनि आहार यही हो भनी खान खोज्छ । जसले पनि खान खोज्छ । आपसमा तानातान गरी खाने हुँदा दुवै त्यहाँबाट झरेर चिसो वरफजस्तो पानीमा खस्न पुग्छ । माथि चढ्छु भनी बल गर्छ, फेरि खस्छ । त्यसरी दुःख पाइरहेको बेला तपाईलाई मेरो पैसा दिनुहोस् भनी कसरी माग्न आउन सक्छु ? तपाई जस्तो विश्वास नभएकालाई म कर्जा दिन सक्दिनँ ।"

Downloaded from http://dhamma.digital

## राजा अंगतिको ज्ञानोदय –

जब नरकको विषयमा सुन्दै गएपछि र आफू त्यस्तो हालतमा पर्नुपर्ने कुरा थाहा लागेपछि राजा झसङ्ग भए । राम्रो पुण्य गरेका व्यक्ति स्वर्गलोक जान्छन् र त्यस्तालाई जति पनि कर्जा दिन सकिन्छ भनेर स्वर्गको वयान पनि नारदमुनिले बताइदिए । एकदिनको स्वार्थको पूर्तिमा, अहो कतै आफू चुर्लुम्म डुब्ने त होइन । निःस्वार्थ भई आचरण गरे त स्वर्गको आनन्द पाउन सक्छु भनेर राजालाई ज्ञान हुँदैआयो । भयो, अबदेखि म यस्तो मिथ्याधारणा लिन्नँ । कर्म रहेछ, कर्मको फल रहेछ । माता पिता, छोराछोरी दाजुभाइ, गुरू ब्राम्हण सबै रहेछन् । लोक परलोक पनि रहेछन् । राजालाई यी सबै कुरा छर्लङ्ग हुँदैगयो । उनी मिथ्यावृष्टिबाट मुक्त भए । यो सुनेर सबै प्रजाहरू खुसी भए । ब्रम्हाजीको देशना जनताहरूले पनि सुने । साराको कल्याण हुने भयो । राजकुमारीको याचना यसरी सफल हुनपुग्यो ।

*पट्ठा पालि देशना अन्तर्गत पन्ध्रौं दिनको*
*'चेतसिक धर्महरू' को देशना समाप्त भयो ।*

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# सोह्रौं दिन

## (कम्मपच्चय र विपाकपच्चयलाई मिलाएर) – ३

**१६**

कर्म चेतना स्वरूप हो, शान्ति स्वरूप होइन । विपाक फल स्वरूप हो । यसको शान्ति स्वभाव हुन्छ । सिरसिर चिसो हावा लागिरहँदा त्यसमाथि एउटा रूखको छहरीमा बस्न पाउँदा जसरी शान्त र सुखकर हुन्छ त्यस्तै विपाक शान्ति स्वरूप हुन्छ ।

कुशल अकुशल कर्महरू र कर्मको विपाकका खण्डहरू र त्यही कर्मको कारणले कटत रूपहरूसँग कर्मसँग उत्पत्ति हुने रूपहरूलाई पनि उपकार गरेको हुन्छ । चेतनासँग सम्बन्धित भएर उत्पत्ति हुने चित्त चेतासिक धर्महरू र कर्मजरूपहरूलाई चेतना कर्मबाट उपकार गरिएको हुन्छ । कहिले कर्मले कहाँ गएर फल दिन्छ कुन कर्मले कहाँ कसरी फल दिन्छ अनुमानै लगाउन सकिंदैन ।

दिट्ठधम्म वेदनीय कर्मले यही जन्ममा फल दिने अधिकार पाएको हुन्छ । उपपज्ज वेदनीय कर्मले दोस्रो जन्ममा फल दिने अधिकार पाएको हुन्छ । तर अधिकार पाए पनि फलदिने बेलामा कसरी फल दिन्छ भन्न सकिंदैन । उपपज्ज वेदनीय कर्ममा पनि मर्ने बेला आसन्न कर्म अगाडि आई के कस्तो सम्झना आउँछ र के भइदिन्छ जान्न सकिंदैन । गरूक कर्मचाहिं छैन, नियत मिथ्यादृष्टि पनि छैन र पञ्चअनन्तरीय कर्म पनि छैन भने अपाय जाने पक्का नियत हुँदैन । ध्यानलाभी पनि होइन भने ब्रम्हलोक जाने पक्का पनि छैन । पक्का त कुनै जन्मको पनि पक्का हुँदैन । अरहन्त भयो भने त निर्वाण जान पक्का पक्की हुन्छ । पक्का नभएको कारणले कुन कर्मले फल दिन्छ भनेर भन्न सकिंदैन । फल दिने



Downloaded from http://dhamma.digital

कर्ममा चारवटा कर्म हुन्छन् – एउटा जनक कर्म हुन्छ, एउटा उपथम्मक कर्म हुन्छ, एउटा उपपीलक कर्म हुन्छ र अर्को उपघातक कर्म हुन्छ ।

जनककर्म (जनेति) भइदिने कर्म हो । यसले जन्म दिने काम गर्छ । उपथम्मक कर्म भनेको सहयोग गर्ने कर्म हो । फल दिनमा वाधा व्यवधान पार्ने उपपीलक कर्म हो । उपपीलक कर्म नजिकबाट फल दिन नसकने गरी विघ्न दिइराख्ने कर्म हो । उपघाटक कर्म भनेको फल दिनमा घात गर्ने वा मेटाइदिने कर्म हो ।

## *जनक कर्म –*

जनक कर्मले प्रतिसन्धि फल दिनसक्छ । जनक कर्म भनेको विपाक हो जसले अर्को जन्मको प्रतिसन्धि दिन्छ । यसले प्रतिसन्धि पनि दिन्छ, प्रवृतिकालमा फल पनि दिन्छ । नयाँ भव पनि दिनसक्छ र जीवनकालमा पनि फल दिनसक्छ । जस्तै कि मरणासन्न जवन-चित्त ५ वटा चल्छ । ५ वटाबाट नै तदारम्मण २ वटा मेटिनुअघि च्यूतिचित्त अथवा प्रतिसन्धि-चित्त जनक कर्मले दिनसक्छ । प्रतिसन्धि पनि कुशल विपाक वा अकुशल विपाक दुइटै दिनसक्छ । यसले प्रतिसन्धि-विज्ञान मात्र नभइकन कर्मज रूपहरूको पनि फल दिन्छ । कर्मजरूपहरू, हृदयवस्तु रूप, भावरूप, कायपसाद, चक्षुपसाद, श्रोतप्रसाद, घाणप्रसाद, जिह्वाप्रसाद र जीवित रूपहरू जनक कर्मले दिन्छ । जनक कर्मले कटता रूप (कर्मज रूपहरू) पनि दिन्छ । यसले राम्रो वा नराम्रो प्रतिसन्धि पनि दिनसक्छ ।

## *उपथम्मक कर्म –*

उपथम्मक कर्मले फल दिँदैन । तर फल दिने कर्मलाई सहयोगचाहिँ गर्छ । यसले फल दिँदैगरेकालाई सहयोग पुऱ्याउँछ, भएकालाई उन्नति हुने वा फैलिनको लागि उपकार गर्दछ । फैलेर धेरै कालसम्म रहनको लागि पनि उपकार गर्दछ । राम्रोलाई होस् वा नराम्रोलाई होस्, वर्तमानमा फल दिँदैछ भने त्यो फल दिएको जनक कर्मले हो । यो फल दिने कामलाई उपथम्मक कर्मले सहयोग पुऱ्याएको हुन्छ । स्वागत गरिरहेको हुन्छ । सहयोग पाएकोले फल दिने कर्म झनझन तेजिलो हुन्छ । यसले फल



Downloaded from http://dhamma.digital

दिन पनि सहयोग गर्छ, दिँदै गरेको फल धेरै कालसम्म रहन पनि सहयोग गर्छ । धेरै कालसम्म रहेर त्यसैबाट झन फैलिँदै जान पनि सहयोग गर्छ ।

जस्तै लौकिकमा पनि धनसम्पत्ति प्राप्त हुनमा फल दिएको जनक कर्मले हो । त्यही आधारमा काम व्यवसाय झन बढाएर लैजाने काममा उपथम्मक कर्मले सहयोग दिएको हुन्छ । त्यो व्यवसायको काममा कुनै हानी नपारिकन झनझन उन्नति भएर जाने काममा उपथम्मक कर्म नै सहयोगी भइरहेको हुन्छ । त्यस्तै जनक कर्मले अकुशलको फल दिँदा उपथम्मक कर्मले त्यस फललाई झनझन दुःखद् बनाउन पनि सहयोग दिइरहेको हुन्छ । त्यो फल भोग धेरै समयसम्म रहनको लागि पनि सहयोग दिइरहको हुन्छ ।

## *उपपीलक कर्म –*

उपपीलक कर्मचाहिँ उपथम्मक कर्मसँग विपरित छ । उपपीलक कर्मले फल दिनमा नजिकबाट सताउँछ । बाधा दिन्छ । जस्तै जनक कर्मले राम्रो कुशल कर्मको फल दियो र यता अन्य कुशलले पनि फल दिँदैछन् भने उपपीलक कर्मले नजिकबाट सताउने काम गरिरहेको हुन्छ । राम्रो फललाई परिपूर्ण बनाउन नसक्ने पारिदिन्छ । यसलाई उपपीलक कर्म भनिन्छ । राम्रो कर्मले फल दिँदैछ भने पनि यसले सताएको सताएै गरेर फल दिन नसक्ने बनाउँछ । धेरै फल दिनेलाई पनि कमजोर बनाइदिन्छ । थोरैमा टारिदिन्छ । अकुशलमा पनि त्यस्तै हो । अकुशलले फल दिँदैछ भने पनि त्यसलाई पनि सताइरहेकै हुन्छ । फल दिन बाधा दिने हुँदा ठूलो फल दिन नसक्ने बनाइदिन्छ । यदि ठूलै चोट लाग्ने कर्म छ भने यसले सताएर सानोमा टारिदिने हुन्छ । जनक, उपथम्मक, उपपीलक र उपघातक कर्म कुशल अकुशल दुवैमा हुन्छ । अकुशललाई बाधा दिने उपपीलक त सबैलाई रूचिकर नै हुन्छ । यसलाई प्राप्त गर्ने उपमा सम्पत्ति र विपत्तिको चर्चामा आउने छ । उपपीलकले सताउँछ मात्र तर उपघातकले त काटिदिन्छ । हुन्छ कि हुन्छ कि भन्दाभन्दै अलिकतिमा टर्छ । बादल लाग्छ, अन्धाधुन्द ठूलो पानी पर्लाजस्तो हुँदा एक दुई थोपा छिटा आएझैं भई टर्नेजस्तो । यो पाली त मैले ठूलै काम गरें, सफलता पाउने भयो भन्दाभन्दै अलिकतिमा



Downloaded from http://dhamma.digital

टरेर जानेजस्तो । यसरी उपपीलकले उन्नति हुन दिँदैन । राम्रोलाई पनि नराम्रोलाई पनि दुःख दिएको हुन्छ ।

## उपघातक कर्म –

उपघातक कर्म भनेको पूर्णरूपले नास गरिदिने कर्म हो । उपघातकले मार्न पनि सक्छ, मारेर आफैले पनि प्रतिसन्धि हुन आएर फल दिनसक्छ । मारेर अर्कालाई फल दिलाउन पनि सक्छ । यो उपघातक कर्म हो ।

लौकिकमा पनि लोकुत्तरमा पनि यी कर्महरू आइरहेका हुन्छन् । वास्तवमा भएको कुरो त के हो भने भित्रभित्रै यी कर्महरू जुधेका हुन्छन् । कर्मको झगडा भइरहेको हुन्छ, हामीले भोग्न परिरहेको हुन्छ । भोग्नु भनेको नै कर्मको झगडामात्र हो । जस्तै बिरामीलाई ज्वरो आएको छ, रूघाखोकी लागेको छ, डाक्टरले रगत जाँचेर भित्र रोगका कीरा छन् भनेर पत्ता लगाउँछ । ती कीराले भित्रका राम्रा कीराहरूसित लडाई गरिरहेका हुन्छन् । भित्र कीराको जुधाइ हुन्छ, बाहिर ज्वरो आउने रूघाखोकी लाग्ने हुन्छ । डाक्टरले कुन कीरा कुनसित लडेका छन्, हेर्छन् । आफ्नापट्टिका कीराको तागत कति छ र उट्टापटिको कीराको तागत कति छ हेरेर आफ्नापट्टिका कीरालाई बलियो बनाउन सहयोगी सिपाही पठाइदिन्छन् अथवा औषधि दिन्छन् । उतापट्टिका सिपाहीको फौजमा बम हानिदिनुपर्‍यो भन्नेजस्तै डाक्टरले औषधी वा सुइ दिन्छन् । बम हान्नेबितिकै अथवा औषधिको प्रभाव दिएपछि कीरा लट्ठ पर्छन् र मर्छन् । कीरा लट्ठपर्दा आफू पनि लट्ठ परिन्छ । ओछ्यानमा लम्पसार पर्छन्, निन्द्रा लाग्छ । आराम गर्नुपर्छ ।

भित्रको कीरा लट्ठिएको हुन्छ । बाहिरबाट हेर्दा हामी लट्ठिएका देखिन्छौं । उता रोगका कीरा लट्ठिएको बेला यताको कीराले तिनीहरूलाई मार्ने मौका पाउँछन् । भित्र कीराको झगडा हुन्छ, बाहिर ज्वरो आउँछ र रूघाखोकी लाग्छ । दुश्मन कीरा सबै मरेपछि सन्चो हुन्छ । लडाई हुँदैछ, औषधि दिइँदैछ, सहयोग पनि मिल्दैछ, कोर्स पूरा हुने गरी औषधि खानुपर्छ, सुइ लिनुपर्छ । औषधिको कोर्स पूरा लिइएन भने भित्र कुनाकानीमा रहेका कीराहरू फेरि उठेर आउँछन् ।

त्यस्तै भित्र कर्मको लडाई भइरहेको छ । उपपीलक कर्म पनि छ,



Downloaded from http://dhamma.digital

उपथम्मक कर्म पनि छ, उपघातक कर्म पनि छ र जनक कर्म पनि छ । तपाईं हामीमा अनमतग्ग संसारदेखिका कर्म जति सबै यही नामरूपमा छन् । जति पनि पापकर्म र पुण्यकर्म गरिएका थिए/छन् ती पनि यहीँभित्र छन् । ती सबै नामरूपको लहरमा चलिरहेका छन् ।

जस्तै आँपको बीउ रोपियो । फल टिपिन्छ । बीउको शक्ति अनुसार फल दियो । त्यो फल टिपेर ल्याए पनि रूखमा फल दिने शक्ति रहेकै हुन्छ । फेरि मौका परे फल दिन्छ । त्यस्तैगरी यहाँ उत्पत्ति-विनास भइरहेको छ । फल दिइरहेको छ, फल दिने तयार पनि भइरहेको छ । फल दिने शक्तिस्वरूप त रहिरहेको हुन्छ । एउटा नामरूप बिग्रे पनि अर्को नामरूपमा बाँकी रहेका पापपुण्य पनि साथै आएको हुन्छ । उत्पत्ति हुँदा मन र रूप उत्पत्ति हुन्छ । उत्पत्ति हुन्छ, विनास हुन्छ । एउटा उत्पत्ति हुँदा अनमतग्ग संसारदेखिका कुशल अकुशल कर्म त्यहीँ हुन्छन् । यो नामरूप बिग्रँदा ती कुशल अकुशलहरू अर्को नामरूपमा जान्छन् । यसरी नै कर्महरू गुडेर आएका हुन्छन् ।

४ असख्य र १ लाख कल्पदेखिका कर्मले पनि अहिले आएर फल दिनसक्छ भन्ने कुरा अस्तिको धम्मरूचिय श्रामणेरको प्रसंगबाट पनि थाहा लागि सकिएको छ । ती कर्महरू हामीभित्रै हुन्छन् र फल दिने मौका ढुकिरहेका हुन्छन् । कुशललाई मौका पर्दा कुशलले, अकुशललाई मौका पर्दा अकुशलले फल दिन्छन् । बलियो गरी फल दिन नसक्नको लागि उपपीलक कर्मले बाधा दिइरहेको हुन्छ । उपघातक कर्मले अकुशल तेज भयो भने फल दिने गरेका कुशललाई मारिदिन सक्छ । कि आफैले फल दिन्छ कि अरूलाई फल दिने मौका दिन्छ । अहिले फल दिँदै गरेको कुशललाई मारिदिएर कि त यसैले फल दिन्छ कि त अर्कालाई फल दिने मौका दिन्छ । उपघातक कर्मको विपाकमा सारिपुत्रलाई राक्षसले टाउकोमा हान्यो । हान्नेबितिकै उपघातक कर्मले राक्षस भइरहेको पहिलेको कर्मलाई मारिदियो र अविचि नरक जाने फल दियो ।

राम्रो कर्मले फल दिँदैछ, उन्नति भइरहेको छ, राम्रो कमाइ भइरहेको छ, ती सबैलाई आगो, पानी, चोर, डाँका बनाइदिएर त्यो फललाई नास गरिदिन्छ र अर्को पुण्यलाई तिमीले फल दिन्छस् भने दे भनेर छोडिदिन्छ ।



Downloaded from http://dhamma.digital

उल्लिखेरै बाहिरको सहयोग मिलेर राम्रो काम गरेर धेरै कमाइ गर्न सक्ने राम्रो फल दिन पनि सक्छ । उपघातकले फल दिंदा भए गरेकालाई पनि मारिदिन्छ, अर्कालाई पनि फल दिने मौका दिन्छ । मारेर आफैले पनि प्रतिसन्धि फल दिन्छ । कुनैले चाहिं मार्छ र छोडिदिन्छ । जुनसुकै कर्मले फल दिए पनि देओस् भनी छोडिदिन्छ । यसरी उपघातक कर्मको कामलाई तीन प्रकारले बताइएको छ ।

## मल्लिका रानीको एउटा प्रसंग –

अकुशल कर्मको सन्दर्भमा पनि मल्लिका रानी मृत्यु हुनेवितिकै अविचि नरक पुगिन् । अविचि नरकको क्षण मनुष्यलोकको समयले ७ दिन हुन्छ । उनले मनुष्यलोकमा हुँदा गरिएका कुशल पुण्यहरू धेरै थिए । भगवानमाथि उनको ठूलो श्रद्धा थियो । आचिण्ण दान पनि गरिराख्ने हुन् । तर मर्नेबेला अकुशललाई सम्झेकी थिइन् । त्यो सम्झना त्यति तेजिलो त थिएन तर त्यो घटना सम्झेकीले गर्दा अकुशल जतिलाई बाटो खोलिदियो । अपरापरीय कर्म आएर फल दियो र नरकमा परिन् । फल त दियो तर उनको पूर्वकुशल कर्मले गर्दा त्यो अकुशल फललाई घात गरिदियो र त्यो कर्म त्यहीं मर्‍यो अनि ती मल्लिका पनि अविचिमै मरिन् । त्यहाँ मृत्यु हुनेवितिकै अर्को कुशललाई 'लौ जाओ, तैंले फल दे' भनेर छोडिदियो । पहिले गरेका कुशलले फल दिंदा उनी देवलोक पुगिन् । उपघातक कर्मले काम गर्ने पनि नराम्रोमा मात्र होइन । कुशलले अकुशलाई, अकुशलले कुशललाई मार्छ । जसको तागत बढी छ त्यसले मौका पायो भने मार्छ । अपायको. प्राणी मनुष्यलोकमा आउन सजिलो छैन । उपथम्मकले त्यो अकुशललाई सहयोग दिइरहेको हुन्छ ।

## कुकुरको भव र उपथम्मक कर्म –

जस्तै यहाँ मरेर कुकुर भयो भने त्यो कुकुरसँग अलोभ, अदोष, अमोह हेतु नै हुँदैन अर्थात् त्यो कुकुरमा ज्ञान केही पनि हुँदैन । उनले कर्म र कर्मको फलमा विश्वास पनि गर्न सक्दैन । उसलाई दान शील भावना गर्नुपर्छ भन्ने नै थाहा हुँदैन । उसको काम त असल मान्छे होस् वा खराब



Downloaded from http://dhamma.digital

मान्छे होस् मालिक होइन भने भुक्ने, डर त्रास दिने, मार्न सक्ने प्राणी भए मार्ने त्यति मात्र उसको काम हुन्छ । उसको काम जति सबै अकुशलमात्रै हुन्छ । यस्तै अकुशल कर्मले गर्दा उपथम्मक भई सहयोग दिंदैगर्छ । यसको फलस्वरूप फेरि फेरि पनि अपायमै जन्म भइरहनुपर्ने गराउँछ । यसरी उपथम्मक कर्मबाट सहयोग पाइरहने हुँदा अपायबाट माथि आउन सक्दैन । कुशल कर्मको फलबाट मनुष्यलोकमा जन्म भए उनमा विवेक ज्ञान हुन्छ, कर्म र कर्मफलमा विश्वास हुन्छ, दान शील भावनाको अभ्यास हुन्छ र अझै झन बढीमात्रामा कुशल कर्म गर्नमा सहयोग दिने क्रममा उपथम्मक कर्म अघि सरेको हुन्छ । यसरी राम्रो गर्दागर्दै उपघातक कर्म आइदियो भने उसले त्यो कुशललाई मारेर उसैले फल दिन पनि सक्छ, अर्कालाई फल दिलाउन पनि सक्छ । कुनले कसरी फल दिन्छ भन्न सकिंदैन । काश्यप भगवानको पालामा गरिएको कर्मले फल दिन आएर कसाइ काम गर्ने पनि सेनापति हुनसक्छ ।

कुकुर भएपनि त्यो कुकुरको नामरूपमा पुण्य पनि हुन्छ, पाप पनि हुन्छ । त्यस नामरूपमा पहिलेपहिलेदेखि गरिएका पाप पुण्य संचित हुन्छन् । अपायमा भोग गरिरहेको बेला पनि उपथम्मक कर्मले सहयोग गरेको हुन्छ । पापकर्म गर्छ, फेरि भोग्छ । यसरी भोग्दाभोग्दै कहिलेको कुशल कर्मले फल दिन आउँछ र त्यो अकुशल कर्मलाई घात गरिदिन्छ । सीधा देवलोक पनि पुऱ्याइदिन्छ र अकुशलको पालो आए देवलोकबाट नरक पनि पुऱ्याइदिन्छ ।

## *४ सम्पत्ति र ४ विपत्तिका कुरा –*

उपघातक कर्मले घात गरेर फल दिए पनि कता कताबाट झुक्किएर फल दिन आउने पनि हुन्छन् । जनक, उपथम्मक, उपपीलक र उपघातकले फल दिने सम्बन्धमा पनि भगवानले भन्नुभएको छ –

*कालो पधिप योगानं गतियाय यथा रहं ।*
*सम्पत्तिञ्च विपत्तिञ्च कम्म मागमम पच्छति ।।*

काल, उपधि, पयोग र गति भनी सम्पत्ति र विपत्ति ४/४ वटा छन् । सम्पत्तिमा ४ छन् – कालसम्पत्ति, उपधिसम्पत्ति, प्रयोगसम्पत्ति र गतिसम्पत्ति । विपत्तिमा पनि ४ छन् – कालविपत्ति, उपधिविपत्ति, प्रयोगविपत्ति



Downloaded from http://dhamma.digital

र गतिविपत्ति । यहाँ सम्पत्ति भनेको परिपूर्ण हुनु हो भने विपत्ति भनेको बिग्रिनु हो । अथवा सम्पत्ति भनेको सप्रनु र विपति भनेको बिग्रिनु हो । अनमतग्ग संसारदेखि गरिआएको कर्म अनित्य भएर गए पनि तिनको शक्तिस्वरूप रहिरहेको हुन्छ । तिनीहरूले फल दिंदा त्यसै आफू खुसी दिंदैनन् । सम्पत्ति र विपत्ति हेरेर फल दिन्छन् । सम्पत्तिकालमा सम्पत्तिफल र विपत्तिकालमा विपत्तिफल दिन्छन् ।

### कालसम्पत्ति / कालविपत्ति –

देश, काल, परिस्थिति अनुकुल भएको समयलाई कालसम्पत्ति भनिन्छ । देश, काल परिस्थिति बिग्रेको समयलाई कालविपत्ति भनिन्छ । देश, काल, परिस्थिति बिग्रेको समय भनेको अत्याचारी, मूर्ख राजाले राज गरिएको समय वा देशमा युद्ध, अनिकाल भएको समय, बम्बार्ड भइरहेको समयलाई देश, काल, बिग्रेको समय भनिन्छ । असल तथा न्यायी राजाले राज्य गरेको समय, कतै पनि चोर डाँकाहरूले दुःख नदिएको समय र परिस्थिति राम्रो भएको समयलाई कालसम्पत्ति भनिन्छ । कालसम्पत्तिमा फल दिने कर्मले कालविपतिमा पूर्णफल दिन सक्दैन । जस्तै महाजनहरूलाई सम्मान र गौरव भएको समयमा यदि महाजन हुने कर्म लिएर आएको छ भने उसलाई परिपूर्ण फल दिन्छ । तर महाजनहरूलाई डर र असुरक्षा हुने समय हो भने त्यो कर्मले परिपूर्ण फल दिन सक्दैन । किनभने परिपूर्ण फल दिने बेलामा बाधा तेर्सिएको हुन्छ । फल दिनमा पनि सम्पत्ति र विपत्तिको आधार चाहिन्छ ।

Dhamma.Digital

### गतिसम्पत्ति / गतिविपत्ति –

जम्मा गति ५ हुन्छन् – निरीय-गति, प्रेत-गति, तिरच्छान-गति, मनुस्स-गति र देव-गति । देव-गतिमा देव र ब्रम्हा दुइटै लिनुपर्छ । निरिय-गति भनेको नरकको गति, प्रेत-गति भनेको प्रेत असुर काय गति हो, तिरच्छान-गति भनेको पशु-पंछीको गति, मनुस्स-गति भनेको मनुष्यको गति र देव-गति भनेको देव ब्रम्हाको गति हुन् । यी ५ गतिमा ३ वटा विपत्ति हुन् र २ वटा सम्पति हुन् । गति भनेको जन्म हो । पहिले पहिले भव-



Downloaded from http://dhamma.digital

सम्पति, भोग-सम्पति कर्म र कर्मको फलबाट मिल्छन् भन्थे । भव-सम्पत्ति/विपत्ति, भोग-सम्पत्ति/विपत्ति पनि भन्थे । गति-विपत्तिमा विपत्ति अनुसारको फल दिने मौका प्राप्त हुन्छ । मनुष्य-गति, देव-गति गति-सम्पतिमा भएकाले विपत्तिमा फल दिने कर्मलाई मौका मिल्दैन । गतिले बन्द गरिदिएको हुन्छ । मनुष्य-गतिमा नरकमा फल दिने कर्मले फल दिन सक्दैन । राता आगाका डल्ला मुखमा खन्याउने गतिका कर्महरूले मनुष्य-गतिमा फल दिन सक्दैनन् । मनुष्यलोकमा त्यसरी आगो खन्याउने कर्मलाई गति-सम्पत्तिले बन्द गरिदिएको हुन्छ । मनुष्य-गति उसको ईलाका होइन । देवलोकमा भए देव आहार मिल्ने पुण्य हुन्छ तर मनुष्यलोकमा त्यो देव आहार मिल्न सक्दैन । यसलाई पनि गतिले बन्द गरिदिएको हुन्छ । कर्मले पनि सम्पत्ति र विपत्ति अनुसार फल दिन्छ । सम्पति-कालमा सम्पत्तिको फल दिन्छ भने विपत्ति-कालमा विपत्तिको फल दिन्छ । नरक भोग गरिरहँदा पनि पहिले पहिलेदेखि गरेका पुण्य कर्म पनि पाप कर्म पनि सँगै हुन्छन् । तर ती पुण्यहरूले त्यस नरकमा गएर शीतलता दिन सक्दैनन् किनभने नरक गति-विपत्ति हो । गति-विपत्ति हुँदा मनुष्यलोकमा वा देवलोकमा फल दिने कर्मले त्यो ठाउँमा फल दिन सक्दैन । गतिले ती सबैलाई बन्द गरिदिएको हुन्छ । त्यस्तै मनुष्यलोकमा हुँदा नरक प्रेतमा फल दिने कर्मले फल दिन सक्दैन । यो पनि गतिले बन्द गरिदिएर भएको हो ।

### *एउटा उदाहरण –*

एकजना अपराधीले ठूलो अपराध गऱ्यो । मृत्युदण्ड दिनुपर्ने सम्मको अपराध उनले गरेको थियो । सिपाहीहरूले उसलाई लखेटेर पक्रन जाँदा आफ्नो देशको सिमाना कटेर अर्को देशमा प्रवेश गऱ्यो । यताको सिमाना कटेको हुनाले यताको सिपाही उता जान पाएन र त्यो मान्छेलाई सजाय दिन सकेन । सजाय दिनलाई उसलाई यतै माग्नुपऱ्यो । त्यो अपराधीलाई यता पठाउनेवितिकै उसलाई पक्रेर यताको कानुन अनुसार सजाय दिन सकिन्छ । यता नदिउन्जेलसम्म त्यो अपराधी बचेको थियो किनभने यताको सिमाना कटेर उताको देशमा प्रवेश पाएको हुनाले । फर्केर आउँदा यताको कानुन लाग्यो । सिमाना काट्दैमा यताको कानुन मरेको



Downloaded from http://dhamma.digital

हुँदैन । त्यस्तै अहिले हामी चार अपायको सिमाना कटेर मनुष्यलोकमा आएका छौं । भएको पुण्यको आड लिएर मनुष्य भएका छौं तर अन्य अकुशलहरूले त दुकिरहेका नै हुन्छन् । यताको सिमानाभित्र आएपछि तिनको कानुन लाग्दछ । अहिले गतिले बन्द गरेर मात्रै तिनबाट बचेका छौं । गति बदलिंदैमा ती अकुशलहरू मेटिएर जाने होइनन् ।

कसैलाई लोभले राज गरेको हुन्छ त कसैमा रिसको हुकुम चलेको हुन्छ । कसैमा मोहको हुकुम चलेको हुन्छ । कसैमा ज्ञानको हुकुम चल्ने पनि हुन्छ । महागाण्डो सयाद्योले त अहिले यो संसारमा तृष्णाको राज छ भन्नुहुन्छ । तृष्णाले अरायो भने बसिनसक्नु हुन्छ । तृष्णाको मित्रचाहिँ चार अपाय हुन् । ती मित्रले म कहाँ पठाइदे भनी माग्छन् । तृष्णारूपी यताको मित्रले भन्छ, "अझै पर्ख न, धेरै कसुर थुपारेर पठाइदिन्छु ।" ज्ञानले भए "हुन्न, त्यहाँ डरलाग्दो र खतरा छ । उता जानै नपर्ने गरी उता जानुपर्ने कारणलाई निभाउँछु ।" भन्थ्यो । हामी त तृष्णाको होइन, ज्ञानको राजमा बस्नुपर्छ । तर जबसम्म ज्ञान तेजिलो हुँदैन, तृष्णाले जितिराखेको हुन्छ । जबसम्म सति, वीर्य, समाधि, श्रद्धाको तागत परिपूर्ण हुँदैन तबसम्म त तृष्णाकै राजमा रहेका हुन्छौं । अनि ती सबै कमजोर भइदिएका हुन्छन् । हुन त क्लेश भनेको कमजोर नै हुन्, बलिया होइनन् । जब श्रद्धा सति वीर्य आदि कमजोर हुन्छन् त त्यो कमजोर क्लेश पनि बलिया हुन्छन् । कामसुत्रमा भनिएको छ –

*अबलानं बलीयन्ति, मद्दन्तेन परिस्सया ।*
*ततो नं दुक्खमन्वेति, नावं भिन्नमिवोदकं ।।*

राग, द्वेष मोहादि क्लेशहरू बल नभएका हुन् । हुन पनि तृष्णाले त पहिलेपहिलेदेखि राज गरिआएका हुन् तर पनि दान गर्छु भन्नेवितिकै त्यो तृष्णा कुलेलम ठोक्छ । भित्रबाट दान गर, दान गर भन्ने श्रद्धा जागेपछि तृष्णाले त्यो श्रद्धालाई बन्द गर्न सक्दैन । कमजोर त तृष्णा साह्रै कमजोर छ । मात्सर्यले दान दिन खोज्दैन तर दिन्छु भन्ने श्रद्धा आउनेवितिकै त्यो मात्सर्यले ठाउँ छोड्नैपर्छ । तर त्यो मात्सर्य चतुर छ । दान गरिसकेपछि फेरि ठाउँ ओगटिहाल्छ । एकछिन त कमजोर र डरछेरूवा भएको कारणले भाग्छ । सतिमा नबसेको बेला मोह आउँछ । मोह भनेको अविद्या हो ।



Downloaded from http://dhamma.digital

अविद्या आयो भने त साथी पाएँ भनेर पहिलेकै ठाउँ लिन आइहाल्छ । यदि विद्या (ज्ञान) अग्र भइदिएमा सम्पूर्ण कुशलहरू जम्मा हुन आउँछन् ।

बल नभइएका ती क्लेश पनि सति, वीर्य, समाधि प्रज्ञा केहीको पनि आचरण नभइएकाका लागि ती बलिया हुन्छन् । जुन व्यक्तिमा ध्यान भावनाको आचरण छैन, सति, वीर्यको आचरण पनि छैन, श्रद्धा प्रज्ञाको आचरण पनि छैन त्यस्तो व्यक्तिको लागि ती क्लेशहरू बलिया हुन्छन् । त्यसो भएर भगवानले बोज्झङ्ग सुत्रमा भन्नुभएको छ –

*सतिसम्बोज्झङ्गोति भाविता बहुलिकता,*
*वीरियसम्बोज्झङ्गोति भाविता बहुलिकता,*
*समाधिसम्बोज्झङ्गोति भाविता बहुलिकता,*
*धम्मविचयसम्बोज्झङ्गोति भाविता बहुलिकता,*

यसरी सति, वीरिय, समाधिलाई बारम्बार होस गर्नुपर्छ । जति एकाग्रतालाई भावना गऱ्यो, उति समाधि तेज हुँदैजान्छ । जति प्रीतिलाई भावना गऱ्यो, उति प्रीतिसमाधि तेज हुँदैजान्छ । जति धम्मविचय(ज्ञान)लाई भावना गऱ्यो, उति ज्ञान तेज हुँदैजान्छ । कुनै पनि भावना छैन भने वीरिय, सति, समाधि सबै कमजोर नै रहन्छन् र कमजोर क्लेश पनि बलिया हुन्छन् । क्लेश शरीरभरि फैलिन पायो भने तृष्णाको हुकुम चल्नथाल्छ । तृष्णाले नराम्रोतिरै तान्छ, राम्रोतिर जान दिँदैन ।

पानीको बाटो भई जाँदा चिरिएको नाउमा जसरी पानी पसेर पानीले दुःख दिइरहेको हुन्छ, त्यसैगरी संसारी यात्रीहरूमा पनि दुःखमात्रै पछि लागिरहेको हुन्छ । उपपीलकले कुशललाई सताइराखेको हुन्छ र उपघम्मकले पनि अकुशललाई सहयोग जुराइरहेको हुन्छ । यदि ज्ञानलाई नै राज गर्न दिएको छ भने ती उपपीलक पनि टाढिएर जान्छ । यसलाई अलि सूक्ष्म पारेर बताउनुपरेको छ । कालसम्पत्ति, गतिसम्पत्ति, प्रयोगसम्पत्ति र उपाधिसम्पत्तिको आधारमा यिनलाई बुझ्नुपर्छ । यसलाई भोलि बताइने छ ।

***पट्ठान पालि देशना अन्तर्गत सोह्रौं दिनको 'कम्मपच्चय र विपाकपच्चय' – ३ देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# सत्रौं दिन

## (फेरि पनि कम्मपच्चय र विपाकपच्चयलाई मिलाएर) – ४

१७

शासनबाहिर कर्म र कर्म फलको बारेमा बुझ्न दुर्लभ हुन्छ । शासनबाहिर 'कम्मसकता ज्ञान' नहुने त होइन, हुन्छ । बोधिसत्वको पारमिलाई हेर्ने हो भने कम्मसकता ज्ञान राम्रो भएर नै उहाँले ४ असंख्य र १ कल्पसम्म पारिमि धारण गर्दैआउनुभयो । तर पनि व्यापकरूपमा थिएन । बोधिसत्व भएको समयमा कममात्रमा कम्मसकता ज्ञान थियो । अहिले शासन भएकोबेला पनि मनुष्यहरूमा नै हेर्ने हो भने कम्मसकता ज्ञान भएकाहरू थोरैमात्र छन् ।

विश्वभरिकालाई नहेरे पनि नेपालीहरूमा मात्र हेरे पनि कम्मसकता ज्ञान नभएका धेरै नै छन् । अझ त्यसमा पनि सीमित पारेर हेरेको खण्डमा बुद्धमार्गीमा हेरे पनि शुद्धरूपमा कम्मसकता ज्ञान नभएका धेरै नै छन् । साँच्चै नै शुद्धरूपमा कम्मसकता ज्ञान भएको भए आफूलाई लाभ पाउन भाकल गर्ने, बत्ती बाल्न जाने, अनेक प्रकारले जप व्रत गर्ने, बली चढाउने कार्य गर्दैनथे । शासनभित्र र शासनबाहिर कम्मसकता ज्ञान भएको र नभएकोमा धेरै नै फरक छ । नेपालीहरूमा पनि राम्रो गरे राम्रो फल मिल्छ भन्ने धारणा त छ ।

ईश्वरले दिन्छ भन्ने धारणा पनि छ । कम्मसकता ज्ञान बलियोचाहिँ भएको छैन । बुद्धमार्गीले पनि भगवानले त निर्वाण जाने बाटो मात्रै देखाउनुभएको हो नि, भगवान त मुक्तिदाता मात्रै हो, धन दिने त अर्कै छन् भन्ने धारणा भएका पनि छन् । धन दिने त लक्ष्मीले हो नि भन्ने पनि छन् । यसले कम्मसकता ज्ञान बलियो नभएको प्रमाण दिन्छ । कम्मसकता



Downloaded from http://dhamma.digital

ज्ञान हो कि जस्तोगरी मुछिएर गएको छ । शासनबाहिरको त कुरै नगरौं ।

शासनभित्र भगवानका उपदेशहरू छन् तापनि सुन्न पनि कठिन छ । अहिले हामी शासनमा मनुष्य भएर सही शासनमा श्रद्धा भएर सही प्रकारले सही प्रकारको मार्ग आचरण गर्न पाएको नै हाम्रो पूर्वको पुण्य साह्रै नै तेज रहेछ भन्ने कुरा अहिलेको हाम्रो सुगतिमा रहेको अवस्थाले जनाउँछ । किनभने यस्तो विपश्यना ध्यान गर्ने मौका सबैलाई मिल्न सक्दैन ।

मनुष्य हुनु दुर्लभ छ, त्यो अहिले सफल भयो । सत्य-धर्म सुन्न दुर्लभ छ, यस्तो शिविरमा आएर सुन्न पाइयो, त्यो पनि सफल भयो । भगवान उत्पति भएको शासनको समय दुर्लभ छ, त्यो पनि सफल भयो । धम्मानुधम्मपटिपति (धर्माचरण) दुर्लभ छ, त्यो पनि मिल्दैछ । बलियो श्रद्धा स्रोतापन्न भएपछि मात्र सम्भव हुन्छ । स्रोतापन्न भएपछि अरूले हल्लाउन सक्दैन । अहिले त्योतिरको क्रम पनि हुँदैछ । हामी आचरण गर्दैगरेका व्यक्ति (सेक्खपुग्गल) हौं । कर्मको बारेमा स्पष्ट बुझिएन भने तपाईं हामीमा शंका उब्जन सक्छ । त्यसैले भगवानले उपदेश गर्नुभएको कुरालाई कोशिस गर्दै भन्दै छु, कोशिस गर्दै सुन्नुहोला । पालिमा भनिएको छ –

*'कम्म विपाका, वत्तन्ति, विपाको कम्मसंभवो ।'*

(कर्मले विपाक ल्याउँछ, विपाकबाट फेरि कर्म हुन्छ ।)

'कम्मा पुनब्भवो होति, एवं लोको पवत्तन्ति ।'

(यसरी कर्म फेरिफेरि बन्दछ र संसार यसरी नै चल्दैजान्छ ।)

जस्तै रूखमा फल फल्छ र फलबाट बीउ पाइन्छ । त्यसरी नै कर्मबाट विपाक आउँछ र विपाकबाट फेरि कर्म बन्दछ । यही कर्मले फेरि विपाक ल्याउँछ । यसरी नै संसार चलिरहेको छ ।

कर्मले फल दिन समय पनि अनुकूल हुनुपर्छ । देश, काल, परिस्थिति पनि अनुकुल हुनुपर्छ । हामीभित्रै देवलोक जाने कर्म पनि छन् । नरक जाने कर्म पनि छन् । ब्रम्हलोक जाने उपथम्मक कर्म पनि छन् । पहिले पहिलेका जन्महरूमा ध्यान भावना गरिएका उपथम्मक कर्म छन् भने यसले ब्रम्हलोक पुऱ्याउन पनि सक्छ । सीधै ब्रम्हलोक दिने खालका कर्मचाहिँ छैनन् । किनभने ब्रम्हलोक पुग्दा तिनको पुण्य सबै सिधिसकेको हुन्छ र ब्रम्हलोकको आयु भने लामो हुन्छ । देवलोकमा आयु छोटो छ,



Downloaded from http://dhamma.digital

पुण्यको आयु धेरै छ । आयु सकिएपछि फेरि गिरिन्छ र फेरि सुगतिमा पुगिन्छ । यसरी धेरै जन्मसम्म पनि फल दिन सक्छ । ब्रम्हलोकमा पुग्नेवितिकै ब्रम्हलोकमा कुनैमा ५०० महाकल्पसम्मको आयु हुन्छ । कुनैमा १००० महाकल्प, कुनैमा ८४,००० महाकल्प सम्मको आयु हुन्छ । लामो आयु हुँदा उपपज्ज र अपरापरिय वेदनीय कर्मले पनि फल दिइरहेको हुन्छ । जब ब्रम्हलोकबाट मनुष्यलोक झरेमा ब्रम्हलोक जाने कर्म अझै रहेको छ भन्न मिल्दैन । अर्को ध्यान सिद्धि नभई फेरि ब्रम्हलोक पुग्न सकिँदैन ।

देवलोकमा चाहिँ देवलोकबाट च्यूत भएर मनुष्यलोकमा आएको छ भने देवलोक जाने पुण्य अझै छ भन्न मिल्छ । ब्रम्हलोकचाहिँ मिल्दैन । ब्रम्हलोकको चाहिँ उपथम्मक कर्म (सहयोग गर्ने कर्म) मात्रै रहेको हुन्छ । पहिलेपहिले ध्यानभावना गरिएका आचारणहरूले सहयोग त दिन सक्छ । उदाहरणको लागि पहिले ध्यान नबसेका १०० जना दसदिने शिविरमा ध्यान बसेका छन् । ती सबैको समाधि एकनासको हुँदैन । कसैलाई पहिलो दोस्रो दिनमै समाधि लाग्छ । कसैलाई भने १० दिन बितेर जाँदा पनि समाधिको मेसो लाग्दैन । कसैलाई त बसेकै क्षणमा सामधि लाग्छ । किनभने पूर्वजन्मबाट कोसित कस्तो कर्म साथ लागेर आएका छ भन्ने थाहा हुँदैन ।

कुनै व्यक्ति सानो घटना हुँदा पनि धेरै नै आत्तिन्छन् । कुनै व्यक्ति जस्तै ठूलो घटनामा पनि नआत्तिकन धैर्य धारण गर्न सक्ने हुन्छन् । एक अर्कामा मिल्दैन । हुन त हामीमा अनमतग्ग संसारदेखिका अपरापरिय कर्महरू सबै यही नामरूपको लहरमा छन् । यहाँ धेरै किसिमका कुशल पनि छन्, अकुशल पनि छन् । नरक, प्रेत, पशुमा भोग गर्ने कर्म पनि छन् । सुगतिका मनुष्यलोक, देवलोक, चक्रवती राजा हुने कर्म पनि छन् । तर तिनले त्यसैत्यसै फल दिन सक्दैन । फल दिनको लागि सम्पत्ति र विपत्ति हेरेर फल दिन्छन् ।

*कालो पधियोगानं गतियाघ यथा रहं ।*

*सम्पतिञ्च विपतिञ्च कम्म मागमम पच्छति ।।*

फल दिनको लागि काल-सम्पत्ति, उपधि-सम्पत्ति, प्रयोग-सम्पत्ति,



Downloaded from http://dhamma.digital

गति-सम्पत्ति र काल-विपत्ति, उपधि-विपत्ति, प्रयोग-विपत्ति, गति-विपत्ति गरी सम्पत्ति ४, र विपत्ति ४ हुन्छन् । कर्मले फल दिंदा सम्पत्ति र विपत्ति अनुसारले फल दिन्छ ।

## गति-सम्पत्ति / विपत्ति

सम्पत्ति कालमा विपत्तिकालका कर्मले फल दिन पाउँदैनन् । विपत्तिकालमा पनि सम्पत्तिकालका कर्मले फल दिन पाउँदैनन् । ती रोकिएका हुन्छन् । गति पनि ५ हुन्छन् – निरीय-गति, प्रेत-गति, तिरच्छान-गति, मनुस्स-गति र देव-गति । यी पञ्चगति हुन् । यी पञ्चगतिमा विपत्ति गति ३ वटा र सम्पत्ति गति २ वटा छन् । मनुष्य गति गति-सम्पत्ति हो । तर गति-सम्पत्ति भए पनि विपत्तिमा फल दिने कर्म पनि छन् । ती कर्महरू पहिलेको जन्ममा नै छोडेर आउने होइन । आफ्नो छायाँ पछि लागेझैं कर्मले पछ्याइरहेको हुन्छ । सुगतिमा आउँदा पनि दुर्गतिमा फल दिने कर्महरू हुन्छन् । दुर्गतिमा हुँदा पनि सुगतिमा फल दिने कर्महरू हुन्छन् । तर गतिले बन्द गरिदिने हुँदा ती कर्मले अहिले मनुष्य-गतिमा फल दिन सक्दैन । त्यसैले नरकमा घोर दुःख दिने कर्म भए पनि मनुष्यलोकमा हुँदा डराउनुपर्दैन । ती कर्महरूले त बाटो ढुकिरहेका हुन्छन्, तर डराउनुपर्दैन । उता जाँदै नगएपछि ती कर्मसँग डराउन त पर्दैन तर त्यो बाटो नजानको लागि भने कोशिस गर्नुपर्छ । यो मनुष्य जन्म पाएको मौका महान छ । अहिले हामीमा भारीकर्म छैन । पक्कापक्की नरकमा फल दिन्छ भन्ने कर्म अहिले छैन । अहिले भएको कर्महरू सबै हलुकाखाले मात्र हुन्छन् । यतिबेला शासन भेट्टिएको अवसरमा आफ्नो बाटो लागियो भने ती कर्महरूसँग डराउनुपर्दैन ।

अनमतग्ग संसारदेखि गरिएका अकुशल कर्महरू छन् तर तिनले विपत्तिकाल गतिमा मात्र फल दिन सक्छन् । सम्पत्तिकाल वा गतिमा आएर फल दिन सक्दैनन् । ती गति-विपत्तिमा फल दिने कर्महरू सबै गति-सम्पत्तिले बन्द गरिदिएको मौकामा वा भनौं ती थुनिएको मौकामा हामीले तिनको सिमाना काटिहाल्नुपर्छ । हामी अहिले पुथुजन भूमिमा छौं । पुथुजन भूमिबाट आर्यभूमिमा टेक्नु छ । आर्यभूमिमा टेक्नेवितिकै उनीहरूको देश



Downloaded from http://dhamma.digital

काटिन्छ । ती अकुशलले दिने प्रतिसन्धि-कर्महरू सबै भुस हुन्छन् । अपायमै जान नपरेपछि प्रवृतिकालका फल दिने कर्महरू पनि हतोत्साहित हुन्छन् । हुन त योगीहरू पुथुजन भूमिबाट आर्य भूमिका टेक्न जान लगातार कोशिस गरिरहेका हुन्छन् । ह्रामी मध्यम मार्गको बाटोबाट गुज्रुर्दैछौ । मध्यम मार्ग नै सही बाटो हो । गलत बाटोबाट गइयो भने घुमिफिरी त्यही पुथुजन भूमिमा नै पुग्छौं । यो हिंडाइलाई रोक्नुहुँदैन । हिंड्दाहिंड्दै बीचैमा मरियो भने पनि विपश्यनाको योगी हो भने 'विपाको पुग्गलो' भनेर भगवानले अंगुतर निकाय पालिमा भन्नुभएझैं त्यो व्यक्ति देवलोक जान्छ र त्यहीबाट आर्यज्ञान पाउँछ । पुथुजन भूमिबाट आर्यभूमिमा पुग्छ ।

नरकमा फल दिने कर्म त छन् तर नरकै नभए पछि ती कर्महरूले फल दिन सक्दैनन् । अहिले पनि धेरै अकुशल गरेका छन् भने उताका अकुशलसँग पार्टनर भएका हुन्छन् ।

## रेवती उपासिकाको प्रसंग –

रेवती भन्ने उपासिका नन्दिय महाजनकी धर्मपत्नी हुन् । नन्दिय महाजन भगवानमा श्रद्धा भएका हुन् तर रेवती भने श्रद्धा नभएकी हुन् । दान गर्दा पनि रिसाई रोक्ने गर्थिन् । नन्दिय घरमा नभएको बेला संघहरू घर छेउबाट जाँदा संघलाई दुर्वचन बोल्थिन् । नन्दिय महाजनले एउटा विहार दान गरे र देवलोकमा देव महल बन्यो । रेवतीको लागि भने नरकमा आगो सल्क्यो । उहाँ आगो सल्काउने पनि यहींबाट नै हो । कर्म त यहींबाट बन्छ । आगो सल्काउन पनि यहींबाट हो र देवलोकमा महल बनाउने पनि यहींबाट हो । रेवती मर्नेबेलामा होस नभएको समयमा यमदुतहरू आएर पहिले त देवलोकबारे बताए । त्यहाँ भएका महलहरू ककसको हो भनी सोध्दै गइन् । एउटा महलनिर पुग्दा योचाहिं कसको महल हो भनी जान्न खोज्दा नन्दियको भन्ने थाहा पाएपछि, 'ए यो त मेरो पतिको महल रहेछ । म पनि यसैमा बस्न जान्छु । मेरो पतिको महलमा मेरो पनि अधिकार छ' भन्न थालिन् । 'तिम्रो पतिको पुण्य र तिम्रो पापलाई सँगै राखेर हेर्न मिल्दैन । यदि तिमीले पनि पतिसँगसँगै पुण्य गरेकी भए यसको अधिकार तिमीलाई मिल्थ्यो । पुण्य गर्दा तिमी राजी भएनौ र रिस



Downloaded from http://dhamma.digital

र डाह गर्ने हुँदा अहिले यो महलमा तिम्रो अधिकारको होइन । तिम्रो पतिका अर्कै पत्नीहरू त्यहाँ छन् ।' यति भनेर यमदुतहरूले 'तिमी जाने ठाउँ यही हो हेर' भनेर अविंचि नरक देखाए । 'म अविचि नरक जान्नँ' भन्दाभन्दै अविंचिमा खसिन् ।

यहाँ गरिएका पुण्य कर्महरूको कारणले देवलोकमा देवमहल खडा हुन्छ । पाप गरिराख्नेले भने दुर्गतिको आगो सल्काइरहेको हुन्छ । पहिलेका पनि पापकर्महरू र अहिलेका पनि पापकर्महरू धेरै थुप्रिंदा नमर्दै रेवतीले अविंचि देख्नुपर्‍यो र अविंचिमा खस्न पुगिन् । अहिले हामीमा ठूलोखाले पाप त छैन । सानातिनासँग त डर मान्नुपर्दैन । कस्तो व्यक्तिले डर मान्नुपर्दैन भने 'म अब पाप कर्म कहिल्यै गर्दिनँ, सदा दान शील भावनामात्र गर्दछु । अहिले मनुष्य योनी मिलेको बेला विपश्यना आचरण गरेर पृथुजन भूमिबाट आर्य भूमिमा जसरी पनि पुग्छु' भनेर अठोट गर्ने व्यक्ति आर्य भूमि पुग्ने व्यक्ति हुन्छन् । त्यसै कारणले अहिले तपाई हामीले मनुष्य भव पनि पाएका छौं र शासन पनि भेट्टिएको छ । धर्म सुन्ने कान पनि पाएका छौं अनि धर्म बुझ्ने ज्ञान पनि छ । आचरण गर्ने श्रद्धा पनि छ । यस्तो बेला कोशिस गर्ने हो भने सफल अवश्य हुनसक्छौं ।

## काल-सम्पत्ति/विपत्ति –

काल भनेको देश, काल, परिस्थिति हो । अहिले हामीमा काल-सम्पत्ति छ । जताततै ध्यान शिविर छन् । अरू कुनै पनि काम गर्दिनँ, ध्यानमात्र बस्छु भने पनि सम्भव छ । सहयोग गर्ने सेवा गर्ने वेय्यावच्चहरू (धर्मसेवकहरू) पनि छन् । आफूलाई दान गर्ने व्यक्ति पनि छन् । पहिलेपहिले ऋषिमुनिहरू ध्यान बस्दा वेय्यावेच्चहरू प्राय हुँदैनथे । फलफूल खोज्न टाढाटाढासम्म पुग्नुपर्थ्यो । फल खोज्नजाँदा सर्पले टोकेर मर्थे पनि । अहिले त हामीलाई त्यसरी खाना खोज्न जानुपर्ने स्थिति छैन । घण्टी लाग्दा भोजन मिल्छ । कति सजिलो । त्यसैले पनि अहिले हामीलाई भवसम्पत्ति छ । दान गर्नेले पनि कसैको करकापमा होइन, खुसीले भित्रबाट श्रद्धाले गरिरहेको छ । यति राम्रो काल हामीलाई जुरेको छ ।



Downloaded from http://dhamma.digital

## काल-विपत्तिको उपमा –

भगवान परिनिर्वाण भइसकेर करीब ४०० वर्ष पुगेको बेला श्रीलंकामा त्यतिबेला देशद्रोहीहरू धेरै भए । राजनीति गर्नेहरू, राजा मारेर आफैले राज गर्ने व्यक्तिहरू अनेक प्रकारका हतियार प्रहार गर्ने व्यक्तिहरू भए । त्यसमाथि अनिकाल परेर दुःख आइलागेको काल पनि थियो । चित्रल भन्ने एउटा उँचो डाँडो थियो । त्यो डाँडाको यतापट्टि १२००० भिक्षु, उता पट्टि १२००० भिक्षु विहार गर्थे ।

अनिकाल सुरू हुँदा त्यहाँका दान्यदाताहरू मिलेर ३ वर्षलाई खानपुग्ने धानआदि खाद्यान्न दान गरे । दान त गरे तर त्यसै रातमा कहाँबाट कहाँबाट मुसाहरू नदी बगेझैं आएर त्यो तीन वर्षलाई पुग्ने धान एकै छाक बनाएर गए । भोजन जाँदा पनि भोजन हतपति मिल्दैनथ्यो । भोजन नपाकेका घर धेरै थिए । जंगलमा गएर पात, जरा, कन्दमुल खोजेर खाने भिक्षुहरू पनि थिए किनभने भिक्षाटनमा भोजन मिल्न कठिन थियो । केही दिनपछि त भिक्षाटनमा भोजन मिल्न पनि छोड्यो । ती भिक्षुहरूमध्ये २०,००० भिक्षुहरू अरहन्त थिए । उहाँहरूले सोचे – 'अहो, हामीले गर्दा अरूलाई खान भोजन भएन । यतिबेला सबैलाई गाहोसारो छ । हामीले अब परिनिर्वाण लिनु नै ठीक हुन्छ ।' यसरी सोचेर ती २०,००० भिक्षुहरूले त्यो खोलामा हाम्फालेर परिनिर्वाण लिए । अब ४००० मात्र भिक्षुहरू बाँकी रहे । ती ४००० मध्ये पनि कोही जम्बुद्वीपतिर लागे भने कोही शासनको सुरक्षा गर्छौं भनेर त्यहीं बसे ।

Dhamma.Digital

## गुरूको पछि लागेका निग्रोध श्रामणेरको प्रसंग –

ती मध्येमा एकजना श्रामणेरको विषयमा भन्छु । त्यस श्रामणेरको नाम निग्रोध थियो । उनी गुरूको पछि लागेर जंगलतिर लागे । त्यहाँ रूखका पात जराहरू खन्दै खानेहरू पनि थिए । कोही रूखका बोक्राहरू पातहरू उसिनेर गंगाजीको किनारमा गएर खाने पनि थिए । त्यहीं गएर ती गुरू चेलाले विहार लिए । त्यस्तै बोक्रा पातहरू खाँदै पानी पिउँदै गुजारा गरे । पछि त ती बोक्रा पातहरू पनि मिल्न छोड्यो । मानिसहरू जहाँ अलि खानेकुरा पाउँछन् त्यही छाप्रो बनाई बस्न थाले । अब भिक्षुहरूलाई



Downloaded from http://dhamma.digital

आपत पऱ्यो । उनीहरूलाई आज पनि भोलि पनि निपर्सी पनि केही खानेकुरा कहीं पनि मिलेन । भोकले गर्दा हिंड्न पनि सकेनन् ।

ती गुरूचेला एउटा ताडीको रूखमुनि आइपुगे । त्यस रूखमाथि केही फल फलेको रहेछ । श्रामणेरले भने, "गुरूजी, यो ताडीको रूखमा केही फल फलेको रहेछ, म चढेर ती फल टिपेर ल्याउँछु । त्यो फल खाएर केही आड मिल्छ र हामी हिंड्न सक्ने हुन्छौं । म रूख चढ्छु, गुरूजी ।" गुरूले भने, "श्रामणेर, तिमी कमजोर भइसकेका छौं । भो, छोडिदेउ ।" "होइन गुरूजी, म चढ्छु ।" श्रामणेरले सकी नसकी हातमा खुर्पा लिएर रूख चढे । माथि रूखमा चढेर काट्दै थियो । काट्दाकाट्दै खुर्पाको बिंड खुस्केर खुर्पा झऱ्यो । गुरूलाई त्यो खुर्पा माथि ल्याइदिनोस् भन्न पनि मिलेन । गुरू भन्ते पनि वृद्ध र कमजोर थिए । त्यो श्रामणेरमा पनि तल झरेर खुर्पा लिएर फेरि माथि चढ्ने शक्ति थिएन । माथिका पात लहरा चुडाल्दै बाट्दै लामो बनाएर त्यो बिंड बाँधेर तल झारिदिए । गुरूजीलाई त्यो खुर्पा बिंडभित्र राख्न पाए मलाई सजिलो हुन्थ्यो भने । खुर्पा बिंडभित्र राखिदेऊ भनेर गुरूलाई अराएनन् । गुरूले कुरा बुझे । उनले त्यो झरेको खुर्पालाई बिंडभित्र हालिदिए । श्रामणेरले त्यसलाई माथि ताने । केही ताडीका फल झारे । त्यही फल खाएर केही दिन गुजारा गरे । त्यो रूखबाट पनि फल मिल्न छोड्यो र अगाडि बढे ।

हिंड्दाहिंड्दै बाटोमा एउटा पुरानो छाप्रो विहार भेटियो । त्यही छाप्रोमा विहार गरे । तर वरिपरि नजिकमा कुनै पनि गाउँ थिएन । दान दिने मानिस पनि कोही पनि थिएनन् । त्यहाँ पुग्दा हिंड्ने शक्ति पनि हरायो । खानु न पिउनु भए । अब त मरिने भइयो भनेर त्यस पुरानो विहाररूपी छाप्रोमा त्यसै पल्टिराखे । श्रामणेरले केही खाने वस्तु मिल्छ कि भनेर खोजे, तर केही मिलेन । आफू पनि भोकै र गुरू पनि भोकै । छाप्रोको छेउमै भएका घाँस उखेल्न थाले तर घाँस उखेल्नेसम्मको तागत थिएन । बस्न पनि सकेन । त्यहीं पल्टेर पल्टीपल्टी घाँस उखेल्न थाले । त्यसरी भए पनि वेय्यावेच्च पुण्य लिन्छु भनेर सुतेर भए पनि नजिकैका घाँसहरू उखेल्न थाले । त्यस्तो अवस्थामा पनि उनले वेय्यावेच्च पुण्य लिने विचार गरे ।



Downloaded from http://dhamma.digital

एकदिन परबाट गाउँलेहरू जंगलबाट त्यही बाटो भएर आउँदैथिए । त्यहाँ घाँस हल्लेको देखे । त्यहाँ त कुनै प्राणी छन् कि भनेर हेर्दा त श्रामणेरलाई देखे । 'के गर्नु भएको श्रामणेर' भनेर सोधे । 'यहाँ वरिपरि झार पलाएको हुनाले उखेलेर सफा गरूँ' भनेर जवाफ दिए । 'किन सुतीसुती काम गर्नुभएको' भनी सोध्दा 'के गर्नु उठने बल पनि छैन' भनेर जवाफ दिए । उनीहरूले मह लिएर आएका रहेछन् । 'एक्लै हुनुहुन्छ कि अरू पनि' भनेर सोध्दा 'गुरूजी पनि हुनुहुन्छ' भनेर जवाफ दिए । 'त्यसो भए यहाँ अलिकति मह छ तपाईले पनि लिनुहोस्, गुरूजीलाई पनि दिनुहोस्' भनेर केही मह दिए । 'हाम्रो गाउँ फलाना ठाउँ छ तपाईहरूले यो मह लिनु भए त्यो गाउँसम्म पुग्न सकिन्छ । हाम्रो गाउँ आउनुहोस्, हामी भोजनादि जे छ त्यो दान गर्छौं आउनुहोला' भनी निमन्त्रणा गरेर गए ।

श्रामणेर खुसी भएर छाप्रोरूपी विहारमा गए । ढोकामा पुगेर गुरूलाई आवाज दिए – गुरू भन्ते वन्दना ! गुरूले सुने । उनले सोचे – 'विचरा श्रामणेर भोकाएर आएका होलान्, खानेकुरा केही छैन, उनलाई के दिउँ ? मलाई भोक लाग्यो भन्यो भने के दिने ? भयो बोल्दिनँ, उपाय केही छैन' भनेर ढोका खोलेनन् । श्रामणेरले फेरि भने, 'गुरू भन्ते वन्दना !' दुईपाली भएपछि नबोली भएन भनेर गुरूले भने, "श्रामणेर, मसँग खानेकुरा केही पनि छैन, तिमीलाई थाहा नै छ । म वृद्ध र निर्बल छु, उठ्न पनि मुस्किल छ । मलाई नसताऊ न, श्रामणेर !" "होइन, गुरूजी अर्पण गर्ने वस्तु अलिकति मिलेको छ । त्यसैले गुरूजी, ढोका खोल्नुहोस् ।"

श्रामणेरले मह अर्पण गरे । "श्रामणेर, पहिले तिमीले कति चाहिन्छ लेऊ ।" भनेर गुरूले भने । "होइन, गुरूजी, पहिले गुरूजीले लिनुहोस् ।" "तिमी कलिलो उमेरका छौ । तिमीले शासनमा रही गर्नुपर्ने काम धेरै छ । म त वृद्ध भइसकें, तिमिले पहिले लेऊ ।" भनेर गुरूले श्रामणेरलाई माया गरी भने । श्रामणेरले भने, "होइन, गुरूजीले नलिउन्जेल म लिन्नँ ।" मह लिइसकेपछि गुरूले सोधे, "ती मह दान गर्नेहरूले अरू के भने त ?" "हाम्रो गाउँमा आउनुहोस् भनेर निमन्त्रणा गरे अनि गाउँ जाने बाटो पनि बताए ।" गुरूले भने, "अहो ती मानिसहरू ठूला उपकारी रहेछन् । हाम्रो ज्यान बचाइने पनि तिनै हुन् । भिक्षापात्र, आसन ठीक पार । अहिल्यै जाउँ, भोलि



Downloaded from http://dhamma.digital

भन्यो भने हामी हिंड्न पनि सक्दैनौं । यो महले अहिले अलिकति ताकत त दिएको छ । अहिल्यै जाने हो भने पुगिन्छ । भोलि भनेमा त्यहाँ पुग्न सकिँदैन ।" यति भनेर हिंडिहाले । कति दिनका भोका, हिड्न पनि मुस्किल भइरहेको थियो । तर बिस्तारै बिस्तारै पुगे । ती गाउँले निमन्त्रकहरूले थाहा पाएर फलफूल आदिद्वारा सेवा गरे । ती गुरू चेलाले गाउँ नजिकै विहार लिए । अब भिक्षाटन गर्न गाउँमै जाने गरे ।

त्यतिबेला श्रामणेरले भिसमिसेमै गाउँ छोडेर जाने र अरूणोदय भएपछिमात्र गाउँ पस्ने अधिष्ठान लिएका थिए । उनी बिहानै भिसमिसँगै जंगलतिर जान्थे । अरूणोदय भएपछि गाउँ फर्कन्थे । एकपल्ट गुरूजी बिउभँदा श्रामणेरलाई देखेनन् । कहाँ गएछन् होला, यतातिर मान्छेको मासु खाने मानिस छन् भन्ने सुन्थे । श्रामणेरलाई मारेर खाए कि भन्ने गुरूको मनमा शंका उठ्यो । तर एकछिनपछि पात्रभरि पानी लिएर श्रामणेर आइपुगे । "श्रामणेर, तिमि कहाँ गएका थियौ ?" "म उता जंगल गएको थिएँ ।" "त्यसरी केही सूचना नै नदिइकन फुत्तफुत्त बाहिर जान्छौ । तिम्रो चिन्ता मलाई हुन्छ । मलाई नसोधी गएकोले म तिमीलाई सजाय दिन्छु ।" "हुन्छ, सजाय दिनुहोस्, गुरूजी तर पहिले यो पानी लिनुहोस् गुरूजी ।" गुरूजीले हात धोइ पानी पिएपछि श्रामणेरले भने "के सजाय दिनुहुन्छ, गुरूजी ?" पहिले भिक्षाटन जाउँ भने । भोजन लिइसकेपछि गुरूले सोधे, "किन त्यसरी खबर नै नदिइकन गयौ त ? "म अरूणोदय हुने गरी गाउँमा नबस्ने अधिष्ठान लिएको हुनाले गएको हुँ" भनेर जवाफ दिए । गुरूले साधुकार दिनुभयो र भने, "सजाय त तिमीलाई होइन, मलाई नै दिनुपर्छ । श्रामणेर, अब तिमी आफ्नो सुरक्षा हुने ठाउँमा जाऊ । म त वृद्ध भइसकें । अब मेरो भोलि हो कि पर्सि हो । म मृत्युको नजिक पुगिसकें । तिमी आफ्नो सुरक्षा आफैंले गरेर शासनमा रत होऊ ।"

## कालसम्पत्तिको पुनरागमन –

त्यसको २/३ दिनमै मानिस खाने नरभक्षकहरू त्यहाँ आए र गुरूलाई मारेर मासु पोलेर खाए । श्रामणेरले गुरूले आफ्नो सुरक्षा गरेर शासनको सुरक्षा गर भनेअनुसार श्रामणेर त्यहाँबाट भागेर श्रीलंका पुगे । त्यहीबेला श्रीलंकाको देश काल परिस्थिति राम्रो भयो । भगवानप्रति श्रद्धा



Downloaded from http://dhamma.digital

भएका पार्टीले राज पाए । विरोधीहरू पराजित भए । देशमा शान्ति बहाली भयो । उता जम्बुद्वीप गएका भिक्षुहरू पनि फर्केर आए । ती निग्रोध श्रामणेर पनि २० वर्षको उमेरमा गुरुसँग उपसम्पदा कर्मस्थान लिएर त्रिपिटक अध्ययन गरेर बसे । दानदाताहरू उनीकहाँ दिनहुँ आएर दान गर्थे । भिक्षाटन जान पनि परेन, दान आइ नै रह्यो । पाएको दान बाँडेर पनि नसकिने भयो । हेर्नुहोस्, श्रामणेरको पूर्वपुण्य त धेरै थियो । उनलाई मिल्ने लाभ त धेरै थियो तर कालविपत्तिमा पर्दा त्यो लाभ मिलेको थिएन । पात बोक्रा खाएर गुजारा गर्नुपर्नेसम्म भएको थियो । उनको पूर्वपुण्य सबै रोकिएको थियो । अब कालसम्पत्ति हुँदा ती पुण्यहरूले फल दिन थाले । कालविपत्तिमा विपत्तिको फलमात्र हुन्छ र सम्पत्ति फल रोकिन्छ । हामीमा पनि कालसम्पत्तिको कारणले ध्यान शिविरमा बस्न मिलिरहेको छ । कालविपत्ति आए यो अवसर रोकिन्छ । कालसम्पत्तिले फल दिएको बेला विपत्तिका फल सबै रोकिएको हुन्छ । रोकिएको मात्र हो, फल दिँदैन भन्ने होइन । मनुष्य भवमा नरकका फल भोग्न पर्दैन तर मनुष्य भवमा भोग्नुपर्ने अकुशल त भोग्नुपर्ने हुन्छ तर सम्पत्तिकालमा ती अकुशल फल पनि रोकिएको हुन्छ ।

### *उपधि-सम्पत्ति/उपधि-विपत्ति र तिनका उदाहरणहरू –*

उपधि भनेको रूप हो । रूपमा पनि सम्पत्ति र विपत्ति हुन्छ । राम्रो सुन्दर रूप सम्पत्तिमा र नराम्रो र कुरूप विपत्तिमा लिइएको छ । व्यक्तिको रूप लावण्य नराम्रो छ र अंगभंग छ भने वा अन्धो वा अन्धी छ भने त्यो व्यक्तिलाई राम्रो दुलही वा दुलहा मिल्दैन । कुल खानदानका वा महाजनका छोराछोरीहरूसँग बिहावारी हुन सक्दैन । उपधि विपत्तिको कारणले महाजनको कुलमा विवाह सम्बन्ध हुने कुशललाई रोकिदिएको हुन्छ ।

(१) भगवानको पालामा पनि एक राजकुमार जो अभिषेक भई युवराज पद पाउनेवाला त थिए तर आँखा दुईटैले देख्दैनथे । आमाचाहिँले यिनलाई नै राज्यको उत्तराधिकारी बनाउनुपर्छ भन्दा 'हुँदैन, उनको उपधि कमजोर छ त्यसैले राज्य चलाउन लायक छैनन्' भनेर उनलाई राज्याभिषेक दिइएन । राजकुलमा जन्मे पनि उपधि कमजोर भइदिँदा तिनलाई राज्य पाउने हक भएता पनि त्यो अधिकारबाट ऊ वञ्चित भयो ।



Downloaded from http://dhamma.digital

यस्तो अवस्थानमा सम्पत्तिका कर्म रोकिन्छन् र विपत्तिका कर्म मात्र अघि सर्छन् ।

(२) कुनै केटी गरिबको कुलमा जन्मेकी छे । गरिबको कुलमा जन्मे तापनि रूप लावण्य राम्री भएकीले महाजनले परैबाट देखेका हुन्छन् । यो देखाइदिएको उपधिसम्पत्तिले हो । उपधिसम्पत्ति भएकाले राम्रो कर्मले फल दिने र फल पाउने जोहो मिलेको हुन्छ । टाढै भएपनि उपधिसम्पत्तिले सम्पन्न भएकीले महाजनले देखेर रूचाएको हुन्छ । तिनी गरिब भए पनि उपधिसम्पत्ति भएकोले महाजनको घरमा महाजननी बन्न सक्ने हुन्छिन् ।

(३) एक समय श्रीलंकमा गाईको मासु खानुहुन्न भन्ने नियम थियो । गाईको मासु खानेलाई सजाय हुन्थ्यो । गाईको दुध प्रयोग गरिराखेका हुनाले गाईको मासु खान योग्य छैन भन्ने थियो । कसैलाई यो कानुन रूचेको थिएन । तर एकपल्ट एउटा गाउँमा सरकारले थाहा नपाउने गरी गाई काटी खाएछन् । अन्य गाउँलेहरूले थाहा पाए र रिपोर्ट गरे । तर मासु खानुहुन्न भनेर कानुन त बनाइए तर खाएवापत के कस्तो सजाय हुने भन्ने नियम थिएन ।

मासु खानु देशद्रोही काम त थिएन । त्यसलाई के सजाय दिने ? सजाय दिन अप्ठेरो भयो । तैपनि राजाले त्यो गाउँको सबैलाई बोलाए र दरवार वरिपरि साफ सफाइ गर्ने सजाय दिए । 'जति दिन लागे पनि यति काम सकेर मात्र यिनीहरूलाई छोडिदिनू' भन्ने राजाको हुकुम भयो । ती सजाय पाएका गाउँलेहरूमध्ये एउटी अत्यन्त राम्री तरूनी पनि थिइन् । गरिब गाउँको भए पनि अति राम्रो रूप भएकीले राजाको मन उनीप्रति तानियो र राजाले तिनलाई राजमहलमा राम्ररी नै खान लाउन दिएर सुखसाथ राख्न थाले । तिनले कुनै काम गर्न परेन । पछि त राजाले तिनलाई कान्छी रानीसमेत बनाए । ती केटी कान्छी रानी हुँदा उनका मातापिता, मामामाइजु, काकाकाकी जो छन् सबैलाई काम नअराउनु भन्ने आदेश पनि भयो । गर्दागर्दा सबै गाउँलेलाई नै कामबाट मुक्त गराए । यो मुक्त गराएको उपधिसम्पत्तिले गर्दा हो । यदि उपधिविपत्ति भएको भए अर्थात् रूप लावण्य नराम्रो भएको भए रानी भएर सुखको फल भोग गर्न



Downloaded from http://dhamma.digital

पाउने थिइनन् । लौकिकमा पनि सम्पत्ति र विपत्तिले धेरै ठूलो काम गरेको हुन्छ । रूप र व्यक्तित्व आकर्षक छ भने अहो, यी त ठूलो विद्वान होलाजस्तो भान हुन्छ । कहीं पुग्नु छ, सभा गोष्ठीमा भाग लिन जानु छ भने लुगासुगा राम्रो लगाएर आफूलाई सजाएर जाने हुन्छ र आकर्षक व्यक्तित्व झल्काउनुपर्ने स्थिति आउँछ । त्यसै जाने हो भने कसैले बोल्न पनि गारो मान्छन् । आफूले पनि बोल्न धक मान्नुपर्ने हुन्छ ।

सम्पत्ति कर्मले फल दिने भएकोले उपधिले पनि मानिसलाई आकर्षक बनाउँछ । हँसिलो, हिसिपरेको, सुन्दर मुहार देख्नेवित्तिकै गौरवभाव जागेको हुन्छ । हुन त चोर वा विद्वान नै किन नहोस्, उसको रूपले पनि देख्नेलाई गौरव जगाएको हुन्छ । त्यो भाव जगाइदिएको नै उपधिसम्पत्तिले हो । उपधिसम्पत्तिले गर्दा उपधिसम्पत्तिमा फल दिने कर्महरूले मौका पाइरहेका हुन्छन् ।

**प्रयोगसम्पत्ति/प्रयोगविपत्ति र तिनको उदाहरणहरू –**

प्रयोग भनेको काय, वचन र मनबाट गरिएको प्रयासयुक्त काम हो । काय कर्म, वचन कर्म र मनो कर्म राम्रो छ भने ती प्रयोगसम्पत्ति हुन्, होइन भने ती प्रयोगविपत्ति हुन् । प्रयोग अनुसारले पनि राम्रो नराम्रो फल दिने हुन्छ । शासनमा बसेर काम गरेका पनि हुन् । भगवानको समीपमा बसेका पनि हुन् तर प्रयोग गल्ती भए विपत्ति हुनजान्छ ।

(१) अजातशत्रुले पिताको हत्या गरे । पिता हत्याको कारणले रातभरि सुत्न पनि सकेनन् । अलिकति निन्द्रा आउलाजस्तो हुँदा उनी झसङ्ग हुन्थे । जताततैबाट भालाले रोपेझैं हुन्थ्यो । तर्सेर चिच्याउँदै उठ्थे । त्यसो गराएको उसले गरेको अकुशल कर्मले हो । प्रयोगविपत्ति भइदिएकोले सम्पत्ति कर्महरू सबै रोकिएका थिए । हिंड्दा, बस्दा पनि त्यस्तो झस्को भइरहन्थ्यो । विपनामा पनि सपनामा पनि त्यस्तै झस्को आइरहन्थ्यो । भगवान पनि त्यतिखेर राजगृहमा हुनुहुन्थ्यो तर प्रयोगविपत्तिले गर्दा आर्यज्ञान पाउन सकिरहेका थिएनन् । ती तिहेतुक थिए तर पनि मार्गज्ञान पाउनमा बाधा तेर्सिएको थियो ।

(२) अंगुलीमाललाई पनि प्रयोगविपत्ति भइराखेको थियो । तर अनन्तरीय कर्म गर्न भ्याएको थिएन । मातालाई मार्छु भन्ने दिन भगवानले भेटेर



Downloaded from http://dhamma.digital

उसको कर्मलाई सुधार गरिदिनुभयो । पापतिर एकनासले बगेको मनलाई अलिकति होस दिलाएर ज्ञानतिर फर्काइदिनुभयो । अब फेरि प्रयोग राम्रो भएकोले भगवानको उपनिस्सयको आड पाउँदा भएका अकुशललाई काटेर अंगुलिमाल सम्पत्तितिर फर्के र प्रयोगसम्पत्तिले फल दिने मौका पाए । यदि भगवानसँग भेट्न ढिलो भइदिएको भए उनीद्वारा मातृहत्याको भारी कर्म भइसकेको हुन्थ्यो ।

(३) ८० करोडका महाजन महाजननी पनि पछि गएर माग्ने भएको घटना पनि छ । पछि संगत गलत भएर रक्सी पिउनेतिर लागे, नाचगान, मेलापातमा भुल्न थाले । भएको सम्पत्ति सबै उडाए । लौकिकमा पनि राम्रो गरेका भए देशमा सबैभन्दा ठूलो महाजन हुन्थे । लोकोत्तरका काम राम्रो गरेका भए पति अरहन्त र पत्नी अनागामी हुन्थे । अरहन्त हुने बीउ त थियो । अतीतका कर्महरू त अरहन्त फलसम्म दिनेखालका थिए । तर प्रयोग विपत्तिमा परेकाले नराम्रा आचरण गरे । लौकिकको पनि हानी, लोकोत्तरको पनि हानी बेहोर्नुपर्‍यो । उमेर ढल्किँदै गयो । अब ज्ञान बुझ्ने क्षमता भएन । यदि उनीहरूले शासनमा रहेर राम्रो आचरण गरेका भए अरहन्तसम्म हुन्थे । प्रयोगविपत्तिले गर्दा सम्पत्तिका कर्महरू सबै रोकिए ।

तपाई हामीले पनि निर्वाण प्राप्त गर्ने पुण्य पहिले लिएर आएका रहेछौं भने पनि प्रयोग अर्थात् कोशिस भएन अथवा कोशिस कमजोर भयो वा सही प्रकारले कोशिस गरिएन, पछि गरौंला नि भन्दै गइयो भने निर्वाणसम्मको फल दिने कर्म पनि रोकिन्छ । हामी आज यस्तो अवस्थासम्म आइपुग्नुले पनि अतीतमा राम्रा कर्म गरेका रहेछौं भन्ने प्रमाण दिन्छ किनभने अहिले भगवानको शासन भेटाउन सकिरहेका छौं । अतीतका कर्म त राम्रा रहेछन् तर वर्तमानमा राम्रो कोशिस गर्न सकिएन भने ती राम्रा कर्महरू रोकिन्छन् । अतः प्रयोग गतिलो हुनुपर्छ । फेरि कोशिसमात्र गर्छु भनेर पनि हुँदैन, साथमा ज्ञान पनि चाहिन्छ ।

## *तीन माछाको उपमा –*

एउटा माझीले तीनवटा माछा पक्रे । घर जाँदा गंगा नदीमा नाउ चलाएर गए । माछा पनि नाउभित्रै राखे । ती तीनवटा माछा तीन प्रकारका



Downloaded from http://dhamma.digital

थिए – एउटा वीर्यको आधार लिने माछो, अर्कोचाहिँ भाग्यको भरोसा लिने माछो र तेस्रोचाहिँ ज्ञान बुद्धिको आधार लिने माछो । वीर्य माछोको मनमा आयो कि यदि कोशिस गरियो भने के हुन्न र ! भनेर बुर्लुक्क उफ्रन्छ तर उम्कन सक्दैन । बुर्लुक्क बुर्लुक्क उफ्रिरहन्थ्यो । त्यो माछो उफ्रिरहेको त्यो माझीले हेरिरहेको थियो । यो माछो त धेरै उफ्र्यो, पानीमा पर्‍यो भने त यो उम्किन्छ भनेर टाउकोमा हिर्काइदियो । माछोको उफ्रिने शक्ति हरायो । भाग्यमा भरपर्ने माछोचाहिँ मेरो भाग्यमा भए बाँच्छु भनेर ढुक्क परेर बस्यो । अर्को ज्ञानी माछोले चाहिँ त्यसै उफ्रेर मात्र हुँदैन, समय पर्खनुपर्छ । त्यसै उफ्रिंदा यसले थाहा पाउँछ र मारिहाल्छ । भाग्ने मौका पर्खनुपर्छ भनेर मौका ढुकेर बस्यो । नाउ किनार लाग्नेबेला नाउ कोल्टे परेको अवस्थामा त्यो माछो फुत्त पानीमा उफ्र्यो । उसले आफ्नो ज्यान बचायो । त्यो भाग्यवादी माछोलाई उफ्रने होस आएन । त्यो माझीलाई दुईटा माछामात्र मिल्यो । भाग्यको आस गर्ने र वीर्यको आस गर्ने दुईटै माछा मारिए ।

कोशिस गरे किन हुन्न र भनेर कोशिसमा मात्र भर परेर हुन्न, ज्ञान पनि चाहिन्छ । त्यो माझी भनेको मृत्युराज हो । मौका पनि हेरेर समय पनि हेरेर छुट्कारा हुन कोशिस गर्ने हो भन्ने व्यक्तिलाई मृत्युराजको पकडबाट उम्किने बाटो हुन्छ, त्यो ज्ञानी माछोजस्तै । पछिपछि भनेर भाग्यका मात्र आस गर्ने र समयले देला नि भनेर बस्ने व्यक्ति भाग्यको भर पर्ने माछोजस्तो । कोशिस गरे किन हुन्न र भनेर सही धर्मको ज्ञान पनि छैन, सही गुरूको निर्देशन पनि छैन, मैले गरेकै ठीक हो भनेर मूढे बलमात्र झिक्ने व्यक्ति वीर्य माछो जस्तो । वीर्य माछोको नै टाउको पहिले फुट्छ, सहीज्ञान नभएको कारणले । उसमा अभिमान बढ्छ । अरूलाई नराम्रो चिताउने, नराम्रो बोल्ने हुन्छ र वचन कर्म नराम्रो भइदिन्छ । उसले कोशिस त गरेको हुन्छ तर सही संगत र ज्ञान नभएकोले ऊ 'सुतो' वा 'अरियसावक' हुँदैन । आर्य धर्ममा शिक्षित भएको व्यक्ति ऊ हुँदैन ।

अतः ज्ञानी भएर मौका भेट्टाएर कोशिस गरेर त्यो ज्ञानी माछोले झैं संसाररूपी नाउबाट उम्किहाल्नुपर्छ ।

***पट्ठान पालि देशना अन्तर्गत सत्रौं दिनको***

***'फेरि पनि कम्मपच्चय र विपाकपच्चय'– ४ समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# अठारौं दिन

## (आहारपच्चय र इन्द्रियपच्चयलाई मिलाएर)

१८

### आहार पच्चयो

यहाँ आहार भनेको खाने आहार होइन । धारण गर्ने स्वभावलाई आहार भनिन्छ । विशेषरूपले धारण गरेर उपकार गर्ने भइएकोलाई आहार पच्चयो भनिएको छ । विशेष धारण गर्नेमा भगवानले – *'कवलिकारो आहारो इमस्स कायस्स आहारपच्चयेन पच्चयो ।'* भन्नुभएको छ ।

कवलिकार आहार भनेको चबाउने, पिउने, चाट्ने, चुस्ने यी चार प्रकारले खाना लिइनेलाई भनिन्छ । यो आहारपच्चयमा खाइएको, पिइएको, चाटिएको वा चुसिएकोलाई नै आहार भनिएको होइन । जुन चीजले धारण गर्न सक्छ, त्यो मात्र आहार हो ।

हामीले खाने भोजनमा कामलाग्ने भन्दा काम नलाग्ने धेरै हुन्छ । काम नलाग्नेलाई आहार भन्न हुँदैन किनकि त्यसले केही पनि वा कति पनि धारण गर्न सक्दैन । यो हाम्रो कायमा विशेषरूपले धारण गर्ने सक्नेलाई मात्र आहार भनिन्छ । जुन भोजन लिइन्छ, त्यसमा काम नलाग्ने जति सबै फ्याँकिन्छ । काम लाग्ने जतिले मात्र उपकार गर्ने रूपमा लिइन्छ । भगवानले *'सब्बे सत्ता आहार ठितिका'* भन्नुभएको छ । सबै प्राणीहरू आहारकै आधारमा छन् । आहारविना कुनै पनि प्राणी बाँच्न सक्दैनन् ।

रूपलाई चलाउने तत्वका रूपमा – कर्म, चित्त, ऋतु र आहार नै हुन्छन् । कर्मज आहार, चित्तज आहार, ऋतुज आहार र आहार आहार भनी चार प्रकारले आहारलाई बताइएको छ ।



Downloaded from http://dhamma.digital

कर्मजरूप – कर्मले बनिएको रूपलाई कर्मको आहारले नै परिवर्तन गराएको हुन्छ । चित्तजरूपलाई चित्तको आहारले नै परिवर्तन गराएको हुन्छ । ऋतुजरूप ऋतु आहारले र कर्मको ओज शक्तिरूपी कर्मको आहारले नै परिवर्तन गराएको हुन्छ । तत्तत् शक्तिलाई धारण गर्न सक्ने शक्तिलाई आहार भनिन्छ । हामीमा ती आहारहरूमध्ये एकएक आहार कमजोर भएमा रूप पनि कमजोर हुँदैजान्छ । एउटा कमजोर ढल्न लागेको घरलाई छेउबाट टेको लगाएर अडाएजस्तो गरी आहारले रूपलाई उपकार गरेको हुन्छ । त्यसैलाई आहार पच्चयो भनिन्छ । यो पृथ्वी, आपो, तेजो वायुले सहित भएको रूपलाई आहारले टेको दिएको हुन्छ । कर्मज आहारले र चित्तज आहार प्रतिसन्धिको बेला विज्ञान-चित्त हुन्छ । प्रतिसन्धि-विज्ञानको उत्पति सँगसँगै सहजातको रूपमा *'ओक्कन्तिक्खणे नामरूपं अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो'* भनिएझैं नामरूप उत्पति हुन्छ । सँगसँगै कर्मज रूप पनि हुन्छ । कर्मज रूप विज्ञानको आडमा हुन्छ । कर्मको आहारले रूप हुन्छ । कर्मको आहारले रूपलाई उपकार गरेको हुन्छ । प्रतिसन्धि-विज्ञान बिग्रिनेबित्तिकै भवंग-चित्त हुन्छ । भवंग-चित्तलाई चित्तज रूपले सँगसँगै भएर उपकार गरेको हुन्छ ।

प्रतिसन्धिको हृदयवस्तु रूपलाई पुरेजातमा लिएर पनि हुँदैन । यसलाई विज्ञानको बलियो आड हुन्छ । हृदयवस्तु रूपबाट नै अरू रूपहरू फैलिएका हुन्छन् । कर्म, ऋतु चित्तको आडमा यो अडिन्छ । आहार शक्तिमा त्यो बेला माताले खाएको वा अन्य बाहिरबाट आउने आहार केही पनि हुँदैन । सुरुमा त यी तीन शक्तिले नै उपकार गरेको हुन्छ । त्यसपछि यिनले नामरूपलाई, नामरूपले ६ इन्द्रियलाई, इन्द्रियले स्पर्शलाई, स्पर्शले वेदनालाई एकएक गरी उपकार गर्दै वा हुँदैआएको हुन्छ ।

कर्मज ओज शक्ति, चित्तज ओज शक्ति, ऋतुज ओज शक्ति र आहार ओज शक्ति भनी ४ प्रकारको शक्ति बताइएको छ । यी चार प्रकारका शक्तिले नै यो सम्पूर्ण रूपलाई उपकार गरिएका हुन्छन् । अर्को ठाँउमा भगवानले *'अरूपिनो आहारो सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं आहारपच्येन पच्चयो'* भन्नुभएको छ । अरूपिनो आहारो भनेर रूप नभएको आहारलाई भनिएको हो । आहार भनेको रूप भइएको पनि हुन्छ,



Downloaded from http://dhamma.digital

रूप नभइएको पनि हुन्छ ।

रूपमात्र भएको ब्रम्हलोक पनि छन् । रूपमात्र भएकोले आँखा त हुन्छन् तर देख्दैनन् । ती ब्रम्हलोकमा भएका ब्रम्हाजीहरूलाई पनि आहार चाहिन्छ । त्यसैले *'सब्बेसत्ता आहार ठितिका'* भनेर भगवानले भन्नुभएको हो । रूप ब्रम्हलोकमा पनि सत्व छन् त्यसैले उनीहरूलाई पनि आहार चाहिन्छ । उनीहरू पनि प्राणी हुन् । नाम नभए पनि प्राणी त भन्नुपर्ने हुन्छ । प्राण भनेपछि रूप जीवित र नाम जीवितलाई बुझ्नुपर्छ । रूपमा जीवित रूप नभई हुँदैन । चक्षुप्रसादमा पनि जीवित रूप हुन्छ । नभए काम गर्न सक्दैन ।

नाम जीवित भनेको मन जीवित हो । यस अनुसार रूपमात्र भएको ब्रम्हलोकमा रूप जीवित हुन्छ । जीवित रूप भएको कर्मज रूपको आधारमा हो । कर्मज रूप पनि जीवित रूपको आडमा हुन्छ । जिउँदो भनेको नै जीवितलाई हेरेर भनिएको हो । रूप जीवितलाई हेरेर अनि नाम जीवितलाई हेरेर मरेको छैन भनिन्छ । मरेको छैन भनेको नै जीवित रूप र जीवित मनले गर्दा हो ।

रूपमात्र भएको ब्रम्हलोकमा पनि जीवित रूप त हुन्छ । जीवित रूप हुनाले ती ब्रम्हाहरू पनि प्राणीभित्रै पर्छन् । ब्रम्हलोकमा भएको रूपचाहिँ कर्मले गर्दा भएको हो । चित्तले भएको होइन । कर्मज रूप हुँदा ती कर्मज आहारमा बाँचेका हुन्छन् । कर्मज आहार, चित्तज आहार, ऋतुज आहार र आहार आहार भनी ४ प्रकारका आहार हुन्छन् भनेर माथि भनिसकिएको छ ।

गर्भावस्थामा कल्कलाउँदो पानीमा नै ऋतुको आहारले सुरक्षा गरिदिएको हुन्छ । अलि बढी चिसो भइदिएमा त्यो रूप बिग्रिन्छ अनि नाम पनि उत्पन्न हुन सक्दैन । रूपलाई रूप आहारले र मनलाई मन आहारले उपकार गरेको हुन्छ । मन आहारमा फस्स चेतना र विज्ञान आउँछन् । रूप आहारमा कर्म, चित्त, ऋतु र आहार आउँछन् । कवलिकार आहारमा पनि काम नलाग्ने फर्याँकिन्छन् र बाँकीले रूपलाई आड दिएको हुन्छ र यसले गर्दा आयु पनि बढेर जान्छ । धेरै परिश्रम पर्दा, घाममा हिँडेर पसिना पसिना भएर आएको बेला शरीर कमजोर भएको हुन्छ, थकाइ लाग्छ । विश्राम गर्न



Downloaded from http://dhamma.digital

मन लाग्छ । त्यतिखेर चिसो शितल पानी पिउन पायो भने शरीर अलि टाठो हुन्छ । मन आहार भनेको फस्स, चेतना र विज्ञान आहार हो ।

मातको गर्भमा विज्ञान-चित्तकै आहारको आडले गर्दा सम्पयुक्त धर्महरू उत्पति भएर आउँछन् । सर्व साधारण चित्तहरू प्रतिसन्धि-चित्तमा ती विज्ञानसित हुने कटत रूप(कर्मज रूप)लाई पनि उपकार गरेको हुन्छ, चित्तज रूपलाई पनि उपकार गरेको हुन्छ । कर्मज रूपलाई विज्ञानले उपकार गर्छ र त्यसको लगतै भवंग-चित्तको उत्पति हुन्छ । यसरी चित्तज रूपलाई पनि उपकार गरेको हुन्छ । त्यतिखेर विज्ञान आहार भइदिएको हुन्छ । प्रतिसन्धि-विज्ञान बिग्रनेबितिकै भवंग-चित्त आउँछ । भवंग-चित्त हुनेबितिकै चित्तजरूपलाई पनि उपकार गर्छ । त्यो चित्त नै त्यो रूपको लागि आहार भइदिन्छ । भवंग-चित्त पनि विज्ञान नै हो । भवंग-चित्तले नामरूपलाई उपकार गरेको हुन्छ । भनिएको पनि छ – *विञ्ञाण पच्चया नामरूपं* । नामरूप विज्ञानकै आहारले सम्भव हुन्छ । यसलाई *'अरूपिनो आहार'* भनिन्छ ।

प्रवतिकालमा हेरेमा फस्स (स्पर्श) आहार हुन्छ । आँखामा देख्ने मन फस्सकै आधारमा हुन्छ । फस्स छैन भने आँखाले देख्न सक्दैन । त्यो फस्स नै देख्ने चित्त र देख्ने चित्तसँगै उत्पन्न हुने सम्प्रयुक्त धर्मको लागि फस्स आहार भइदिएको हुन्छ । जस्तै शब्द नभइकन कानले सुन्दैन । निदाएको व्यक्तिमा भवंग-चित्त चलेको हुन्छ । त्यसबेला आँखा मरेजस्तै नै भइरहेको हुन्छ । कान, नाक, जिब्रो पनि मरेजति नै भइरहेका हुन्छन् । आँखामा फस्स (रूप) नठोकुन्जेल मनलाई उपकार गर्न सक्दैन । फस्स नठोकुन्जेल देख्ने मन पनि हुन सक्दैन । फस्सको आहारले नै ती बाँचेको हुन्छन् ।

दिनभरि आँखा चिम्मगरी बसेर बेलुका आँखा खोल्दा आँखा टाठा हुदैनन् । आँखा लाटिएका हुन्छन् किनभने दिनभरि आँखा नखोलिएकाले आँखा भोकाएका हुन्छन् । आँखाले पनि जति खाइदियो त्यति टाठो हुन्छ । दिनभरि आँखा चिम्म गरेकाले आँखाले केही फस्स (आहार) पाएको हुँदैन र बेलुकी आँखा लाटिएका हुन्छन् । तर एकछिन आँखा खोलेर हेर्दै गएपछि फेरि टाठिँदै आउँछन् । फस्सको आहार मिल्दैआएकोले आँखा टाठो हुँदैआएका



Downloaded from http://dhamma.digital

हुन् । सोत सम्फस्स, चक्खु सम्फस्स, घान सम्फस्स, जिह्वा सम्फस्स, काय सम्फस्स र मनो सम्फस्स – यी फस्स आहार हुन् । निदाएको बेला भवंगसँग फस्स भइरहेको हुनाले चित्त टाठिएको हुन्छ । चित्तज रूपहरू पनि बाँचेका हुन्छन् । चित्तज रूपको आडमा कर्मज रूप पनि बाँचेको हुन्छ र जीवित रूपहरू सबै जीवित भइरहेका हुन्छन् ।

आँखामा फस्स हुन्छ । त्यो फस्स रूप हो कि मन हो ? कानमा शब्द ठोकिन्छ । फस्सले ठोकिएको हो । त्यो फस्स रूप हो कि मन हो ? हो, फस्स मन हो । मनमा पनि यो चेतसिक हो । त्यो चेतसिक भनिने फस्स आहार भइदिएको हुन्छ । तेस्रो आहारचाहिँ चेतना आहार हो । चेतना भनेको चटपटे स्वभावको हुन्छ । भित्रभित्रै जागृत गर्ने स्वभाव चेतनाको हुन्छ । यो चेतना पनि आहार भइदिन्छ । यो पनि अरूपिनो आहार हो । फस्स हुनको लागि पनि चेतनाको सहयोग चाहिन्छ । मनलाई र रूपलाई टाठो बनाउन चेतनाकै सहयोग चाहिन्छ । चेतना भए मात्र मन लागेकोमा हेर्न सुन्न पुगिन्छ । जब चेतनाले तान्छ अनि देखिने काम हुन्छ, सुनिने काम हुन्छ । नामहरू चेतनाकै आडमा तागतिला हुन्छन् । चेतनाले गर्दा सम्पयुक्त धर्म टाठा हुन्छन् अनि चेतना सम्पयुक्त धर्मसँगसँगै उत्पति हुने समुट्ठ रूपहरू पनि तागतिला हुन्छन् । त्यसबेला चेतना आहार भइदिएको हुन्छ ।

मन नै नहुने ब्रम्हलोकमा भने कर्म नै आहार भइदिन्छ । कर्मज रूप जीवित रूपमा आहार भइदिएको हुन्छ । यसरी ऊ बाँच्न पाइरहेको हुन्छ ।

## इन्द्रिय पच्चयो

इन्द्रिय भनेको मालिक हो । अधिपति भनेको पनि मालिक नै हो । दुई दुईटा मालिक भएको देखियो । भगवानले यी दुईटा प्रतिहार बताउनुभएको छ । यी दुई मालिक आपसमा मिल्दैनन्, फरक छन् । अधिपति मालिक चक्रवर्ती राजाजस्तो हो । यसले सबैलाई आफ्नो अधिनमा लिनसक्छ । इन्द्रिय मालिकचाहिँ चक्रवर्ती राजा जस्तो होइन । ती त आआफ्ना सहरका मालिकजस्ता हुन् ।



Downloaded from http://dhamma.digital

मानौं, एउटा संसारमा ६ वटा देश छन् । ती ६ वटा देश भनेका – आँखा, कान, नाक, जिब्रो, काय र मन हुन् । यी ६ वटा देशमा ६ वटै मालिक छन् – एउटा देशको एउटा मालिक । अट्ठकथामा पनि इन्द्रिय भनेको आफ्नो इलाकामा भएका सम्पूर्णलाई आफ्नो अधिनमा ल्याउन सक्ने मालिक हो भनिएको छ । जस्तै कि चक्षु इन्द्रिय भनेर आँखालाई भनिन्छ । यता आरम्मणमा चक्खायतन भनिन्छ । *'चक्खायतन चक्खुविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं पुरेजातपच्चयेन पच्चयो ।'* इन्द्रिय पच्चयोमा भने *'चक्खुन्द्रियं चक्खुविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो'* । *'सोतिन्द्रियं सोतविञ्ञाण धातुया तंसम्पयुत्तकानञ्च धम्मानं इन्द्रियपच्चयेन पच्चयो'* । त्यस्तैगरी *घानिन्द्रियं,* जिह्विन्द्रियं, *कायिन्द्रियं* इत्यादि पनि हुन् । जीवितन्द्रियमा *'रूपजीवितन्द्रियं कटतारूपानं इन्द्रियपच्चयेन पच्चयो ।'* रूप इन्द्रिय पनि हुन्छ, मन इन्द्रिय पनि हुन्छ । आँखामा पुरेजातमा 'चक्खायतन' भनिन्छ भने त्यसैलाई इन्द्रिय पच्चयमा 'चक्खुन्द्रिय' भनिन्छ । चक्षु इन्द्रिय मालिक भएर यसले देख्ने मन र देख्ने मनसँगसँगै उत्पन्न हुने सम्पयुक्त धर्मलाई अधिनमा लिनसक्छ । चक्खु इन्द्रिय हुन्छ ।

चक्षु इन्द्रिय तेजिलो भए आँखाले तेजिलो देख्ने र कमजोर भए कमजोर देख्ने हुन्छ । मालिक कमजोर भए मालिकको छत्रछायाँमा बस्ने जनता पनि कमजोर हुँदैजान्छ र देश पनि कमजोर हुन्छ । देश कमजोर भएमा बाहिरको सहयोग चाहिन्छ । आँखाको देशमा चक्खु इन्द्रिय मालिक हो । कानको देशमा सोतिन्द्रिय मालिक हो । चक्षु इन्द्रिय त राजा भयो तर प्रजा को त ? प्रजा नभए राजा पनि हुँदैन । चक्षुविज्ञान र सम्पयुक्त धर्मलाई प्रजा बनाइनुपर्छ । त्यसलाई सोतिन्द्रियले प्रजा बनाउन सक्दैन । उसको देश भिन्दै छ । अधिपतिमा चक्रवर्ती मालिक भएपछि सबैतिर हुकुम चल्ने हुन्छ । इन्द्रियमा सबैतिर हुकुम चल्दैन । तिनको आआफ्नो देशमा मात्र हुकुम चल्छ । जस्तै चक्षुरूपी देशमा चक्षुविज्ञान सम्प्रयुक्त धर्महरूको मालिक चक्षु इन्द्रिय हुन्छ । श्रोतविज्ञान र श्रोतविज्ञान सगँसँगै उत्पति हुने चेतसिक धर्महरूको मालिक सोतिन्द्रिय हुन्छ । त्यस्तै गन्धविज्ञान र गन्धविज्ञान सगँसँगै उत्पति हुने चित्त चेतसिकहरू मालिक घानिन्द्रिय हुन्छ । रस जान्ने विज्ञान र त्यस सगँसँगै उत्पति हुने चित्त चेतसिक धर्महरूको मालिक



Downloaded from http://dhamma.digital

जिह्विन्द्रिय हुन्छ । आफ्नोमा बाहेक अर्को इलाकामा गएर उसले हुकुम चलाउन पाउँदैन । काय पनि काय इलाकामा मात्रै मालिक बन्न पाउँछ ।

हृदयवस्तुमा इन्द्रिय भन्ने हुँदैन । तर भावरूप इन्द्रियचाहिँ हुन्छ । भावरूप इन्द्रिय दुई छन् – स्त्रीभाव इन्द्रिय र पुरूषभाव इन्द्रिय । यी दुई इन्द्रियलाई पट्ठान पालिमा तोकेर बताइएको छैन तर अभिधर्ममा स्त्रीभाव इन्द्रिय र पुरूषभाव इन्द्रिय भनी तोकेर बताइएको छ । स्त्रीभाव इन्द्रिय र पुरूषभाव इन्द्रिय र फेरि रूप जीवित इन्द्रिय भन्ने हुन्छ । यसरी चक्खु इन्द्रिय, सोत इन्द्रिय, घान इन्द्रिय, जिह्वा इन्द्रिय, काय इन्द्रिय, स्त्रीभाव इन्द्रिय, पुरूषभाव इन्द्रिय, र रूप जीवित इन्द्रिय गरी जम्मा आठवटा रूप इन्द्रिय हुन्छन् ।

स्त्रीभाव इन्द्रिय र पुरूषभाव इन्द्रियलाई पट्ठान पालिमा तोकेर बताइएको छैन । किन त भन्दा सुरुमा प्रतिसन्धि हुँदा विज्ञान त छ, कर्मज रूप पनि छ, हृदयवस्तु रूप पनि छ, भावरूप पनि छ अनि कायरूप पनि छ । स्त्रीभाव पनि छ र पुरूषभाव पनि छ तर स्त्रीभाव र पुरूषभाव त्यो बेलामा विकसित भएको हुँदैन । प्रवतिकालमा स्त्रीभाव भनेको स्त्रीको स्वभाव, उठ-बस, हेराइ-बोलाइ, हिंडाइ, अंग–प्रत्यंगहरू पुरूषसँग मिल्दैन । यो नमिलेको कारण भावरूपले गर्दा हो । त्यो कल्कलाउँलो पानीमा त्यो भावरूपको नक्कल देखिएको हुँदैन । भावरूप त छ तर स्त्रीभाव रूप र पुरूषभाव रूप इन्द्रिय बन्न सकेको हुँदैन । इन्द्रिय बन्यो भने त मालिक भइहाल्छ । पछि गएर बिस्तार बिस्तारै अंग पूर्ण हुँदै गएपछि इन्द्रिय छुट्टिंदैजान्छ र त्यो इन्द्रियले नै मालिक बनेर हाउभाउ बसाइ–उठाइ, बोलाइ–चलाइ फरक पार्दैलान्छ । त्यसबेला मात्र स्त्रीभाव इन्द्रिय र पुरूषभाव इन्द्रिय छुट्टिन्छ । अभिधर्ममा यसरी बताइएको छ ।

### *रूपजीवित इन्द्रिय –*

जीवित रूप पनि इन्द्रिय भइदिन्छ । जीवित रूपले नै प्रसादरूपहरूलाई बचाउनको लागि बलियो आधार दिएको हुन्छ । चक्षु, सोत, घान, जिह्वा, कायमा जीवित रूप नभई हुँदैन । जीवित रूपले नै प्रसादरूपको आयुलाई बढाइदिएको हुन्छ । जीवित रूप नभए प्रसादरूप मर्छ । पट्ठान पालिमा



Downloaded from http://dhamma.digital

त्यसलाई रूप जीवित इन्द्रिय भनेर तोकेर बताइएको छ तर स्त्रीभाव इन्द्रिय र पुरुषभाव इन्द्रियलाई पट्ठान पालिमा यसरी तोकेर बताएको छैन । जीवित रूप इन्द्रिय भइदिएकोले रूप दुर्गन्धित नहुन दिन काम गरिरहेको हुन्छ । मरेको मान्छे भनेपछि नाम पनि हुँदैन, जीवित रूप पनि हुँदैन । जीवित रूप नभएकोले रूप गन्हाउन थाल्छ । नगन्हाउने गरी शरीरलाई (रूपलाई) बचाउने त जीवित रूपले नै हो । जीवित रूपले बचाएको हुनाले प्रसादरूपको आयु पनि बढेर गएको हुन्छ । प्रसादरूपहरूमा मालिक भएर बसेकोचाहिँ रूप जीवित इन्द्रिय हो ।

## रूपपट्टिका जीवित इन्द्रियहरू –

चक्खु इन्द्रिय, सोत इन्द्रिय, घान इन्द्रिय, जिव्हा इन्द्रिय, काय इन्द्रिय, जीवित इन्द्रिय, स्त्रीभाव इन्द्रिय, पुरुषभाव इन्द्रिय गरी जम्मा ८ छन् ।

## मनपट्टिका इन्द्रिय –

लोकोत्तरपट्टिका लाई यहाँ भन्न लागेको होइन । पृथकजनका इन्द्रियहरूलाई मात्र यहाँ उल्लेख गरिन्छ । मन इन्द्रिय, सुख इन्द्रिय, दुःख इन्द्रिय, सोमनस्स इन्द्रिय, दोमनस्स इन्द्रिय, उपेक्खा इन्द्रिय, सद्धिन्द्रिय, वीरिय इन्द्रिय, सति इन्द्रिय, समाधि इन्द्रिय, पञ्ञेन्द्रिय गरी जम्मा ११ छन् ।

| | | |
|---|---|---|
| क) मन इन्द्रिय | – | १ |
| ख) वेदना पट्टिका | – | ५ |
| ग) इन्द्रिय पट्टिका | – | ५ |
| | | ११ |

सम्पूर्ण चित्त ८९ छन् । ८९ चित्त, ५२ चेतसिक र २८ रूप हुन्छन् । मालिक बन्न सक्नेलाई मात्र भगवानले छुट्याएर इन्द्रियमा बताउनुभएको छ । विज्ञान (मन)कै तागतले यता प्रतिसन्धि भएर हृदयवस्तु रूप उत्पन्न हुन सकेको हो । विज्ञान मनको तागत भएन भने उत्लिखैरै सडेर जान्छ । त्यसैले त्यस ठाउँमा विज्ञान वा मन इन्द्रिय बनिदिन्छ ।



Downloaded from http://dhamma.digital

प्रतिसन्धिको पहिलो रूप हृदयवस्तु रूपमा गएर यो विज्ञानमा इन्द्रिय भइदिन्छ ।

विज्ञान भनेपछि भवंग पनि हो । भवंग हुनेवितिकै चित्तज रूपमा पनि भवंग इन्द्रिय भइदिन्छ । यी त भए विज्ञान मन इन्द्रियका कुरा । अब वेदनालाई लिऔं । सुख भन्ने पनि वेदना हो, दुःख भन्ने पनि वेदना हो, सोमनस्स भन्ने पनि वेदना हो, दोमनस्स भन्ने पनि वेदना हो, उपेक्षा भन्ने पनि वेदना हो । वेदना पनि अनुभव वा भोग गर्ने स्वभावमा मालिक भइदिन्छ ।

सुख वेदना छ भने सुख वेदनासँगै उत्पति हुने सम्पयुक्त धर्म, सम्पयुक्त चित्त चेतसिक धर्म सबैमा वेदना मालिक भइदिन्छ । वेदना चेतसिकलाई छोडेर बाँकी ५१ चेतसिकहरूमा पनि वेदनाले अनुभव गरेको हुन्छ । सुख अनुभव गर्दा पनि भएका सम्पूर्ण चित्त चेतसिकहरूलाई सुखतिर आकर्षण गर्न सक्ने शक्ति वेदनामा हुन्छ र त्यस ठाउँमा वेदना मालिक बन्छ ।

दुःख वेदना छ भने पनि दुःखमा सम्पूर्णलाई ल्याउन सक्ने हुँदा त्यो ठाउँमा पनि वेदना मालिक बनिदिन्छ । सोमनस्स, दोमनस्स र उपेक्षामा पनि वेदना मालिक भइदिन्छ ।

अहिले हामीलाई आवश्यक परेको इन्द्रियलाई अलि बिस्तारमा लैजाऊँ । आवश्यक परेकामा पहिलो सद्धा इन्द्रिय, सति इन्द्रिय, वीरिय इन्द्रिय, समाधि इन्द्रिय, प्रज्ञा इन्द्रिय हुन् । बोधिपक्षीय धर्ममा हेर्दा अरूबाट छुट्याएर यिनी ५ वटा प्रकारका इन्द्रिय हुन् भनेर बताइएको छ । वेदनालाई निभाउन यी इन्द्रियले मात्र सक्छन् । त्यसैले आचरण गर्नमा यी इन्द्रियहरूको अति आवश्यकता हुन्छ – श्रद्धा, वीर्य, सति, समाधि र प्रज्ञा । यी पाँच वटालाई इन्द्रिय अथवा मालिकको रूपमा बताइएको छ । यी बल पनि हुन् । तर सबै ठाउँमा सबै नै मालिक हुँदैनन् ।

श्रद्धा जब इन्द्रिय बन्छ तब मात्र मालिकको स्थान ग्रहण गर्छ । हल्का श्रद्धा मालिक बन्न सक्दैन । हल्का वीर्य पनि मालिक बन्न सक्दैन । हल्का सति, हल्का समाधि, हल्का प्रज्ञा मालिक बन्न सक्दैनन् । मालिक बन्न सक्यो भने वेदनालाई मेटाउन सक्ने हुन्छन् । त्यसैले



Downloaded from http://dhamma.digital

भगवानले बोधिपक्षिय धर्ममा यिनलाई इन्द्रिय पनि भन्नुभएको छ र बल पनि भन्नुभएको छ । जब यी इन्द्रिय बलमा परिणत भए भने क्लेश जति सबै दुर्बल हुन्छन् । तर ती इन्द्रिय वा बल केही पनि छैन भने यी दुर्बल कुराहरू पनि बलिया भइदिन्छन् ।

भगवानमा श्रद्धा, धर्ममा श्रद्धा, संघमा श्रद्धा, कर्म र कर्मफलमा श्रद्धा र प्रतीत्यसमुत्पादमा श्रद्धा हुनुपर्छ । अहिले विपश्यनाको जुन आचरण गरिरहेका छौं यही नै निर्वाण जाने मार्ग हो भन्ने कुरामा शंका नभइएको भएर श्रद्धा हो र यो पनि इन्द्रिय बन्नुपर्छ । खोइ यति गर्दा पनि हुँदैन, खोइ हुँदैन होला भनेर हिम्मत हार्दा इन्द्रिय बन्दैन । यो जन्ममा त सकिंदैन होला, पारमि मात्र लिएर जाने होला भनेर नीच मार्दा श्रद्धा इन्द्रिय बन्दैन । इन्द्रिय बन्यो भने श्रद्धासँग उत्पति चेतसिक धर्म जति सबै उसको अधिनमा आउँछन् । ऊ मात्र नभएर ऊसँगै उत्पति हुने रूप पनि सबै श्रद्धाकै खटनमा आउँछन् । श्रद्धापूर्वक आचरण गरे साँच्चै नै म पाउन सक्छु भनेर गरिने श्रद्धा यदि इन्द्रिय बन्यो भने कोशिस कमजोर हुँदैन । म वास्तवमा अहिले केही गरेरै केही पाउन सक्छु भन्ने श्रद्धा बलियो भएमा कोशिस कमजोर हुन पाउँदैन । श्रद्धा इन्द्रिय बन्यो भने सबै श्रद्धाकै हुकुममा चल्ने हुन्छन् । जति भएका चित्त चेतसिक धर्महरू श्रद्धाकै हुकुममा चल्ने भइसकेपछि बीचमा आएर खोइ, म यो मार्ग पाउन सक्छु के त भन्ने शंका (विचिकित्सा) आउन सक्दैन, किन सक्दैन भने श्रद्धा इन्द्रिय भइदिएकोले ।

इन्द्रिय हुनलाई पनि एउटा मात्र इन्द्रिय भएर पुग्दैन, पाँचवटै इन्द्रिय भइदिनुपर्छ । श्रद्धा त तेज छ तर प्रज्ञा कमजोर छ भने श्रद्धा इन्द्रिय बन्न सक्दैन । प्रज्ञा कमजोर हुँदा विचिकित्सा पनि ल्याउँछ, तृष्णा पनि ल्याउँछ ।

## सुनक्खत भन्ने भिक्षुको प्रसंग –

सुनक्खत भन्ने भिक्षु भगवानको पछिपछि लाग्दै गइरहेका थिए । उनले नाथ पुत्रपट्रिका एकजना नाङ्गा साधुलाई देखे । उनले दिव्यचक्षु पाइसकेका थिए । तर दिव्य श्रोत पाउन सकेका थिएनन् । उनले भगवानसँग दिव्यश्रोत पाउनको लागि कर्मस्थान मागे । तर भगवानले उनले पहिले



Downloaded from http://dhamma.digital

पहिले अरूको कान फुटाइदिएकाले उनले दिव्यश्रोत ज्ञान पाउन नसक्ने देखेर भगवानले त्यो कर्मस्थान दिनुभएन । त्यस कुरामा चित्त नबुझेकाले यता ती नाङ्गै बसी आचरण गरेका नाथपुत्रका चेलालाई देखेर – 'यी त लुगा पनि लगाउँदैनन्, राम्रा खाना पनि चाहिँदैन । अर्हन्त त यस्ता पो हुन्छन् । यिनी गौतम त आफूले जानेको विद्यासम्म पनि सिकाउँदैनन् । गुरूले जाने जति चेलाले जान्दछन् भनेर होला नि ! गुरूको लागि राखेका होलान् नि ! यी गौतमले त सबै खुलस्त सिकाउँदा रहेन छन् । भगवान भन्नेले त्यसरी कहाँ लुकाउँछन् र ! अहो, अरहन्त त त्यस्ता पो हुन्छन्, म त त्यसकहाँ जान्छु' भनेर उसकहाँ जान तयार भए ।

भगवानले रोक्नुभयो । ती भिक्षुले मानेनन् । भगवानले भन्नुभयो, "यी नाङ्गा बाबासँग केही छैन, कुनै पनि राम्रा आचरण गर्दैनन् । गलत बाटोमा हिंडिरहेका हुन् । गलत बाटोमा लाग्नेसँग तिमी गयौ भने तिमी पनि गलत बाटोमा पर्ने छौ । नजाऊ ।" ती सुनक्खत भिक्षु भन्छन् – "तपाई आफूमात्र सही भएको बताउनुहुन्छ, अरूको राम्रो कहाँ बताउनुहुन्छ र !" उल्टै भगवानलाई वचन लगाए । भगवानले अन्तमा भन्नुभयो, "तिमी भनेको मान्दैनौ । यिनी आजको ७ दिनमा मर्छ । यिनको मृत्यु पनि आहार अपच भएरै हुन्छ । अनि मृत्युपश्चाद् यिनलाई कुकुर घिसारेझैं घिसारेर लैजान्छन् ।" उनले भने, "तपाईले अर्कालाई त्यसै त्यस्तो भन्न त योग्य छैन । साँच्चै होइन रहेछ भने त मैले तपाईलाई झुठो आरोप लगाउँछु । मैले घिसारेर लान दिन्नँ । मर्न पनि दिन्नँ । अपच हुने गरी खान पनि दिन्नँ । म जान्छु उनलाई मान्न । साँच्चै मर्छ भने मरेर यिनी कहाँ पुग्छन् त भन्नुहोस् !" भगवानले भन्नुभयो, "मरेर यिनी असुरलोक पुग्छन् ।" उनले सोधे, "असुरलोक पुग्छन् भनेर के प्रमाण दिन सक्नुहुन्छ ?" भगवानले भन्नुभयो, "गएर गुरूजी, तपाई कुन लोकमा पुग्नुभयो भनेर मरेको मुर्दाको कानैमा गएर कराऊ, तिनी लासमा नै आएर थपक्क बसेर भन्नेछन् – म असुरलोक पुगें भनेर ।"

आँखिरमा सुनक्खत त्यस दृष्टिकसँग मिल्न गइहाले । उनले त्यहाँ गएर भने, "बुद्धले यसो यसो हुन्छ भनेका छन् । बुद्धलाई झुठा बनाउने मौका यही हो । तपाईले केही नखानुस् ।" ती चेलाालाई पनि



Downloaded from http://dhamma.digital

अपचबाट मर्छु कि भन्ने डर त लाग्यो । उसो भए म खान्नँ भनेर ७ दिन सम्म खाएन । साँच्चै नै केही नखाई मर्ने स्थितिमा पुग्यो । भित्र भोक लाग्दैछ, भोकले मर्ने स्थितिमा पुग्दा उनलाई रिस उठ्न थाल्यो । उनले सोचे – 'यो कुरा भन्ने त गतिला व्यक्ति त होइनन् । ऊ त बुद्धका चेला हुन् । मलाई मार्न भनेर नै यो बहाना बनाएको हुनसक्छ । उनको कुरामा परेर म त फसिरहेको रहेछु । म त भोकै मर्न सक्दिनँ । म त खान्छु' भने ।

उनका चेलाहरूले पनि 'गुरूजी, नखाई हुन्न, लिनुहोस्' भनेर बेसरी खिलाए । उनले पनि बेसरी खाए । ७ दिनसम्म नखाँदा आन्द्रा पातला भएको हुनाले खाएको भोजन अपच भयो र मऱ्यो । एउटा कुरा त सही भयो । तर अर्को कुरामा त झुठा बनाउँछु । 'कुकुर घिसारेझैं घिसारेर लान दिन्नँ । बोकेर लाने बनाउँछु' भनेर चेलाहरू सबै बोलाएर बेडजस्तो बनाएर त्यसमा सुताएर लान खोज्यो । त्यो लासलाई उचाल्न खोज्छन्, उचाल्नै सकेनन् । 'यिनका कुरा सुनेर कहाँ हुन्छ, घिसारेर लैजाऔं' भन्दै चेलाहरू कराउन थाले । जंगलमा पुगेपछि 'यस्तालाई कहाँ जलाउने, अपच भएर मरेकालाई, आचरण नभएकालाई' भनेर त्यही फयाँकिदिए । अँ, यो पनि सही भयो । 'अब असुरलोक पुग्छ भनेका छन्, त्यो त झुठा बनाउँछु' भनेर उनको कानैमा गएर करायो, "गुरूजी, तपाई कहाँ हुनुहुन्छ ? उठेर भन्दिनुस् न एकपाली !' यति भनेपछि त्यो लास जुरुक्क उठेर 'म त असुरलोकमा छु नि' भन्यो ।

अब बल्ल सुनक्खतलाई बुद्धका बचन झुठा रहेन छ भन्ने पक्का भयो । *बुद्ध बचन दोसनाम नत्थि* – बुद्ध वचनमा झुठा भन्ने छैन । त्यो व्यक्तिलाई गलतमा गएर श्रद्धा भयो । सही प्रकारको इन्द्रिय नभइदिएकोले त्यसमा विचिकित्सा पलायो । भगवानमाथि पनि शंका गर्न पुगेर गलतमा श्रद्धा गर्न पुगे । त्यसैले श्रद्धा इन्द्रियमा विकसित नहुन्जेल श्रद्धा कच्चा नै हुन्छ । दुर्बल श्रद्धालाई इन्द्रिय बनाउन बलियो हुनुपर्छ । अनि इन्द्रिय मालिक हुन्छ । भगवानमाथि भएको श्रद्धा पछि गएर गलतमा श्रद्धा गर्न पुगेपछि त्यो श्रद्धा मालिक बन्न सकेन । श्रद्धा इन्द्रिय भएपछि कसैले गौतम बुद्ध भगवान होइनन् भनेर जति नै भने पनि उसको श्रद्धा हल्लिँदैन ।

सुप्रबुद्धलाई इन्द्रले नै आएर 'यिनी भगवान होइनन्, बुद्धका धर्म



Downloaded from http://dhamma.digital

क्लेश निखार्ने धर्म होइन, बुद्धका श्रावक संघ सुप्पटिपन्न होइनन् भनेर भन, म तिम्रो रोग पनि निको पारिदिन्छु, परिपूर्ण सम्पत्ति पनि दिन्छु' भनेर लोभ देखाउँदा पनि उनले त्यसरी भन्न मानेनन् । उनले भने, "हे इन्द्र, म गरिब होइन, म त महाजन हुँ, म धनी छु, मलाई सत्पुरूषका धन सबै मिलिसकेको छ । तिमी अहिल्यै यहाँबाट गइहाल । मैले भगवानलाई भगवान होइन भन्न सक्दिनँ । सद्धर्मलाई धर्म होइन भन्न सक्दिनँ । मलाई तिम्रो सम्पत्ति केही पनि चाहिँदैन ।" जब श्रद्धा इन्द्रिय बन्यो भने त्यो श्रद्धालाई कसैले हल्लाउन सक्दैन । मैले अवश्य यही जन्ममा नै ज्ञान पाउँछु भनेर पूरा विश्वासले आचरण गरिएको श्रद्धा पक्का हुन्छ । म त खोइ यो जन्ममा त सक्दिनँ होला, पारमि कमजोर भएर होकि, के कारणले हो, भन्नेवितिकै श्रद्धा इन्द्रिय बन्दैन किनकि बीचमा शंका सन्देह घुस्न आइगयो । त्यसैले श्रद्धा इन्द्रिय, वीर्य इन्द्रिय, सति इन्द्रिय, समाधि इन्द्रिय र प्रज्ञा इन्द्रिय – यी पञ्च इन्द्रियलाई विशेष गरी साथ लिन जरूरत छ । यसलाई भोलि पनि लिएर जानेछु ।

*पट्ठान पालि देशना अन्तर्गत अठारौं दिनको*
*"आहारपच्चय र इन्द्रियपच्चय' देशना समाप्त भयो ।*

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# उन्नाइसौं दिन

## (इन्द्रियपच्चय र झानपच्चयलाई मिलाएर) – १

१९

रूप इन्द्रियमा चित, ऋतु, आहार र कर्म आउँछन् । इन्द्रिय भनेको मालिक हो । इन्द्रियमा पनि पुरेजात इन्द्रिय र सहजात इन्द्रिय भनी दुईटा हुन्छन् । अर्कोचाहिँ रूप जीवित इन्द्रिय भन्ने हुन्छ । शरीरमा हेर्ने हो भने पुरेजातपच्चयमा चक्षु-प्रसाद, श्रोत-प्रसाद, घ्राण-प्रसाद, जिह्वा-प्रसाद र काय-प्रसाद छन् । इन्द्रियपच्चयमा पनि सुरूमै चक्षु-इन्द्रिय जुन अलिकति अगाडि भएर उत्पति हुने चक्षु-विज्ञान र त्यससँगै उत्पति हुने सम्प्रयुक्त धर्म सबैको मालिक भइदिएको हुन्छ । त्यस्तै श्रोत-इन्द्रिय पनि श्रोत-विज्ञान हुनुभन्दा अलिकति अगाडि भएको हुन्छ । अलिकति अगाडि भन्दा – अतीत-भवंग, भवंग-चलन, भवंगुपच्छेद भनी बुझिन्छ । मालिकजस्तो भएर जति तेजिलो छ त्यति तेजिलोरूपमा सुन्न सक्ने वा देख्न सक्ने हुन्छ ।

सानो उमेरको चक्षु-इन्द्रिय र ठूलो हुँदाको अर्थात् अहिलेको चक्षु-इन्द्रिय उस्तै हुँदैन । इन्द्रियको शक्ति कमजोर हुँदै गएको हुन्छ । चक्षु-इन्द्रिय कमजोर हुँदैगयो भने देख्ने विज्ञान र सम्प्रयुक्त धर्महरू पनि कमजोर हुँदजान्छ । त्यस्तै श्रोत-इन्द्रिय जति तेजिलो भयो त्यति सुन्ने मन पनि तेजिलो हुन्छ । श्रोत-इन्द्रिय तेजिलो भएमा टाढाबाट आएको आवाज पनि सुन्न सकिन्छ । कमजोर भएमा नजिकको पनि सुन्न मुस्किल पर्छ । यहाँ चक्षु-इन्द्रियले चक्षु सम्बन्धमा उत्पति हुने चित्त चेतसिक धर्मले देख्ने कामलाई जनाउँछ । देख्ने काममा उत्पति हुने चित्त चेतसिक धर्म सम्पूर्णको मालिक चक्षु-इन्द्रिय हुन्छ । यो आफू मालिक भएको हुनाले मालिक जति तेजिलो हुन्छ त्यति तेजिलो अनुसारले चित्त चेतसिक धर्महरूलाई पनि



Downloaded from http://dhamma.digital

डोऱ्याएको हुन्छ । कमजोर भयो भने कमजोर हिसाबले मात्र डोऱ्याएको हुन्छ ।

त्यसैले मालिक हुनेमा चक्षु-इन्द्रिय, श्रोत-इन्द्रिय, घ्राण-इन्द्रिय, जिह्वा-इन्द्रिय र काय-इन्द्रिय हुन्छन् । यी पाँच इन्द्रियपछि स्त्री-भाव इन्द्रिय, पुरुष-भाव इन्द्रिय अनि रूप जीवित इन्द्रिय आउँछन् । फेरि चक्षु-इन्द्रिय, श्रोत-इन्द्रिय, घ्राण-इन्द्रिय, जिह्वा-इन्द्रिय र काय-इन्द्रियहरू पुरेजात इन्द्रिय हुन् । देख्ने, सुन्ने मन उत्पति हुनुभन्दा अलिकति अगाडि भएर उपकार गरिने भएकाले पुरेजात इन्द्रिय भनिएका हुन् ।

स्त्री-भाव र पुरुष-भाव इन्द्रियलाई प्रतिहारमा लिइएको छैन तर, अभिधर्ममा इन्द्रियमा लिइएको छ किनभने भाव इन्द्रिय कच्चा हुन् । किन कच्चा हुन् भने प्रतिसन्धिको क्षणमा कल्कलाउँदो पानीमा भाव इन्द्रिय हुन्छ । भाव-रूप त त्यहाँ हुन्छ । काय-रूप त छ, वस्तु-रूप पनि छ तर तीसँग उत्पन्न हुने प्रत्युत्पन्न धर्मचाहिँ पलाइसकेको हुँदैन । प्रत्युत्पन्न भनेको उपकार गरेर उत्पन्न भएको धर्म हो । त्यहाँ स्त्री-भाव रूप त छ तर बाहिरबाट स्त्री-भाव देखिएको हुँदैन । भाव-रूप कच्चा छ किन भनिएको हो भने जन्मिंदा पुरुष भएर जन्मे पनि आधा उमेर गइसकेर पछि स्त्री भएका घटना पनि छन् । त्यसैले त्यस इन्द्रियले पूर्णरूपले काम गर्न नसकिएको अवस्था पनि हुन्छ । इन्द्रिय भनेको मालिक हुँदा पुरुष-भावमा पुरुषको नक्कलले नै तानिराखेको हुन्छ । कुनै कुनै अवस्थामा कारणवश कुनै पूर्वकर्म विपाक जुटेर आउँदा बीचमा फेरि स्त्री-भावमा परिवर्तन भएका घटना पनि छन् ।

Dhamma.Digital

## *एकजना भिक्षु स्त्री भएको प्रसँग –*

विनय पिटकमा हेर्ने हो भने एक तिस्स नामका भिक्षु दस वर्षावासपछि स्त्री भएको घटना छ । भिक्षु हुदाँहुँदै स्त्री भइदिंदा मेरो रूप र भाव सबै बदल्यो भनी उनले चिन्ता लिए । यो कुरा भगवान कहाँ पुऱ्याइयो । भगवानले भन्नुभयो, "यिनलाई भिक्षुणी विहारमा पुऱ्याइदेऊ ।" अब यिनी दस वर्षाबास पछि भिक्षु विहारबाट भिक्षुणी विहारमा पुगे । त्यसैले भाव-रूप पक्को हुँदैन, कच्चो हुन्छ । कारणवश अलिकति गडबड भइदिंदा भाव-रूप



Downloaded from http://dhamma.digital

बदल्न सकिने हुनाले पच्चय(प्रतिहार) मा नआएको हो ।

इन्द्रियमा भने भाव-रूप हुन्छ । इन्द्रियमा पुरूष भए पुरूषकै रूप, पुरूषकै काम तृष्णा, पुरूषको बसाइ-उठाइ, बोलाइ-हिंडाइ, हेराइ इत्यादिमा पुरूषकै भाव इन्द्रियले नै मालिक बनेर त्यतैतिर डोऱ्याइरहेको हुन्छ । पुरूषको र स्त्रीको काम तृष्णा, बसाइ-उठाइ, हिंडाइ-चलाइ, बोलाइ-हेराइ एक आपसमा मिल्दैन । कसैलाई त असली पुरूष भए पनि स्त्री-भावले तानिरहेको हुन्छ । पुरूष भएर पनि स्त्रीको स्वभाव र हावभाव पनि आउन सकिने हुँदा पट्ठान पालि देशनामा त्यसलाई नलिएको हो । कोही भने स्त्री भएर पनि पुरूषको स्वभावधारी पनि हुन्छन् ।

### *उत्तरकुमारको प्रसंग –*

भगवानको पालामा उत्तरकुमारले कात्यायन भिक्षुमाथि अलिकति अपराध चिताउनाले स्त्री भएको घटना छ । कात्यायन भिक्षु, रूपमा पनि अति राम्रा थिए । शक्तिमा एतग्ग पाएका ४०जनाको समूहमा उनी पनि थिए । उनी अर्हत थिए । कात्यायन भिक्षुले स्नान गर्न लुगा फुकाल्दा उनको सुवर्णमय शरीर उत्तरकुमारले देखे । उनको मनमा मेरी पत्नी पनि यस्तै सुनको शरीरजस्तो शरीर भएकी झल्केकी टल्केकी भए वा यी भिक्षु नै मेरी पत्नी भइदिएको भए कस्तो हुन्थ्यो भनेर अपराध चिताए । उनको मनमा यस्तै तर्क वितर्क हुँदैथियो, एकछिनमै उनको आफ्नो पुरूष-भाव नै बदल्यो । उनी पुरूषबाट स्त्री भए । साथीहरूसँग बस्न उनलाई लाज लाग्यो र एकछिन बाहिर जान्छु भन्ने निहुँ पारी त्यहाँबाट भागे ।

उनी उत्तरकुमारबाट उत्तरकुमारी भइन् । उनलाई आफ्नो गाउँ फर्कन पनि लाज भयो । कता जाऊँ कता जाऊँ भइरहेको बेला एक परदेशी व्यापारीहरूको लर्को देखे । ऊ तिनीहरूकै पछि लागे । उनी अर्कै नगरमा पुगे । यता पुरूष हुँदाखेरिका उनका ४ जना छोराछोरी थिए । पुगेको नगरमा उनको फेरि बिवाह भयो र कालान्तरमा यतापट्टि स्त्री हुँदा पनि छोराछोरी भए । एकै जन्ममा पिता भएर जन्माएका छोराछोरी पनि भए, माता भएर जन्माएका छोराछोरी पनि भए ।

केही कालपछि उनका साथीहरू त्यस नगरमा घुम्न आए । उनले



Downloaded from http://dhamma.digital

त ती साथीहरूलाई चिनिन् तर उनी स्त्री भएकीले उनका साथीहरूले चिनेनन् । 'ती मेरा मित्रहरू हुन् । घरमा बोलाएर हालचाल दुःख सुखका कुरा बुझ्नुपर्‍यो' भनेर घरमा भोजनको लागि बोलाउने विचार गरिन् । घरको श्रीमानसँग सल्लाह गरी उनीहरूलाई घरमा निमन्त्रणा गरे ।

भोजनको बेला कुराकानी गर्दा उनले आफ्नो गाउँ र परिवारको बारेमा सोधे । ती मित्रहरूले भने "होइन, तपाईले त्यस गाँउकालाई कसरी चिन्नुभयो, त्यहाँ जानुभएको थियो र !" "म चिन्दछु नि" भने । कुरा बुझ्दा साथीहरूले पनि उनको बारेमा जान्न चाहे । "तपाई को हुनुहुन्छ, भन्नुहोस् त ? हामीले तपाईलाई त चिन्न सकेनौं । तपाईले त्यस गाउँको बारेमा कसरी प्रष्टै जान्नुभयो ? हामीलाई पनि तपाईले चिन्नुभयो, खै हामीले त चिनेनौं ।" तिनले पनि खुलस्त बताए । "म फलाना हुँ, यस्तो हुन गयो । भिक्षुप्रति मैले अपराध चिताउनाले यस्तो अवस्थामा हुन पुगें" । भनेर तिनले पनि साथीहरूलाई नलुकाइकन सबै बताए ।

त्यतिखेर उहाँ कात्यायन भिक्षु पनि त्यसै नगरमा आउनुभएको थियो । साथीहरूले तिनलाई सल्लाह दिए "बच्ने एउटा मौका छ । उहाँ कात्यायन भिक्षुलाई घरमा बोलाएर भोजन दान गर र क्षमा माग ।" तिनले पनि त्यसै गरे । क्षमा मागिसकेपछि स्त्री रूपबाट पुरूष रूपमा बदलियो ।

अचम्म त अचम्मै छ यो संसार ! पुरूष रूपमा बदलेपछि यता आफ्नो पति भनेर त भएन । उनले आफ्नो पतिलाई सबै बेलिबिस्तार बताएर बिदा मागे । तर छोराछोरी उताका पनि आफ्नै हुन्, यताका पनि आफ्नै हुन् । उता पिता भएर, यता माता भएर पैदा भएका छोराछोरी हुन् । कात्यायन भिक्षुले उनलाई सोध्नुभयो, "माता भएर जन्माएका छोराछोरी र पिता भएर जन्माएका छोराछोरीमा कता पट्टिकाको मायाँ धेरै लाग्छ ?" उनले भने, "माता भएर जन्मेका सन्तानमा बढी मायाँ लाग्छ ।"

इन्द्रिय प्रतिहारले नै उपकार गर्दा जन्मभरि नै पूरा उपकार गर्नुपर्छ । बीचमा यसरी गडबड पनि हुन सक्ने भएकोले पट्ठान पालिमा इन्द्रियलाई त्यसरी प्रतिहारको रूपमा लिइएको छैन । तर इन्द्रिय बनेर मालिक बन्न सक्ने अवस्था त हुन्छ । तर सधैंको लागि भनेर पक्का गर्न नसकिने हुदाँ प्रतिहारको रूपमा भने लिइएको छैन ।



Downloaded from http://dhamma.digital

रूप जीवितिन्द्रिय इन्द्रियको सम्बन्धमा प्रतिसन्धिवेलि नै रूप जीवितिन्द्रिय नहुने हो भने यो रूप सबै त्यहीं त्यसैबेला सडेर मक्किएर गइसक्थ्यो । रूप जीवितिन्द्रियले नै रूपहरूलाई मालिक भएर बचाएको हुन्छ ।

चक्षुप्रसाद रूपमा पनि जीवित रूप छ । कर्मले बनेको प्रसादरूप पनि छ । कर्मले बनेका रूपहरूलाई पनि मालिक भएर उपकार गरेको हुन्छ । प्रसादरूपको आयु नसकिनको लागि जीवित इन्द्रियले बराबर बचाइदिइरहेको हुन्छ । प्राण भनेको नै विशेष गरी हेर्ने हो भने रूपजीवित र मनजीवितलाई नै भनिएको हो । साँच्चै नै वस्तुरूपमा प्राण हुँदैन ।

पहिले पहिले एउटा व्यक्तिको निस्केर गएको प्राण कस्तो हुने रहेछ भनेर हेर्ने गर्थे । पायसी राजाले यसको परीक्षण गर्ने विचार गरे । उनले सोचे प्राण निस्केर गयो भन्छन् कस्तो हुने रहेछ प्राण भन्ने वस्तु ! अहिले पनि त्यस्तो भन्ने चलन छ । आँ गरेर मऱ्यो भने प्राण मुखबाट निस्केर गयो भनिन्छ । आँखा फर्काएर मऱ्यो भने प्राण आँखाबाट निस्केर गयो भनिन्छ ।

लोकको यस्तो भनाइ सुनेर पनि पायसी राजाले प्राण भन्ने कुरा निस्केर नजान दिनको लागि यसलाई बन्द गरेर समातेर फेरि प्रवेश गराएर जिउँताइ दिने भनेर मृत्यु दण्डमा परेको एउटा मान्छेलाई नमार, यसलाई पेटीमा बन्द गरेर राख भनेर कतैबाट हावा ननिस्कने पेटीमा थुनेर ढकनी राखे । मर्नेबितिकै प्राण निस्कन्छ र त्यसैबेला प्राणलाई समाउने योजना बनाए । मर्नेबितिकै ढकनी खोलेर सबैले राम्ररी हेर भनेर सबैलाई सजग पारे । प्राणलाई समाउन कोशिस त गरे तर प्राण नै निस्केन, प्राण त छैन । सबैले कराए – 'ए प्राण भन्ने त रहेन छ, मरेको त प्राणी रहेछ । केही निस्केर अर्को शरीरमा प्रवेश गर्छ भनेको त होइन रहेछ' भन्ने निष्कर्ष निकाले । त्यसबेला प्राण निस्केर अर्को शरीरमा प्रवेश गर्छ भन्ने मान्यता थियो । अहिले पनि त्यो मान्यता छ ।

'वत्थानि जीण्णानि यथा पहाय,
नवानि गण्हाति नरो परानि ।
तथैव निक्खिप्पदेहं इध जीण्णमेवं,



Downloaded from http://dhamma.digital

गण्हाति अत्ताति नवं सुखेसी ।।'

जीण्णानि = पुरानो भएको, वत्थानि = लुगालाई, यथा = जसरी, पहाय = त्यागेर, नवानि = नयाँ, वत्थानि = लुगाहरू, नरो = मानिसहरूले पहिरिन्छन्, तथैव = त्यस्तैगरी, निक्खिप्प देहं जीण्णमेवं = जीर्ण भइएको शरीरलाई त्यागेर अर्को नयाँ शरीरमा प्रवेश गर्छ । यस्तो धारणा विद्यमान थियो त्यो बेला । तर अहिले त थाहा पाइयो निस्कने भन्ने केही पनि रहेन छ । मरेपछि सबैकुरा समाप्त हुने रहेछ । पायसी राजाले लिएको धारणा र लोकले लिएको धारणा दुवै गलत थियो । लोकले लिएको शाश्वत दृष्टि थियो र पायसी राजाले लिएको उच्छेद-दृष्टि थियो । 'यसै भए म धर्म भन्ने कुनै पनि मान्दिनँ' भनेर पायासी राजा नास्तिक बन्न पुगेका थिए । पछि काश्यप भिक्षुले पायासी राजालाई अनेक प्रकारले सम्झाइबुझाइ गरेर प्रश्नोत्तरद्वारा उनको उच्छेद-दृष्टिलाई हटाउनुपरेको थियो । प्राण निस्केर जाने भन्ने पनि छैन, बसिरहने भन्ने पनि छैन । त्यसैले प्राण भनेको रूप जीवित नामजीवित मात्र हो । जीवित छ वा जिउँदो छ भनेको त प्राण छ भनिएको हो । प्राण हुनाले नै प्राणीलाई प्राणी भनिएको हो । जीवितरूप र जीवितमन नै प्राण हो । जीवित छउन्जेल चिमोट्दा पनि दुख्छ । जीवित रूप मऱ्यो भने दुख्दा पनि दुख्दैन । काट्दा वा चिमोट्दा दुख्दैन भने जीवितरूप मऱ्यो भन्ने बुझिन्छ । जीवितरूप नै छैन भने प्रसादरूप पनि मर्छ । त्यसैले प्रसादरूपको मालिक नै जीवित रूप हो ।

*'रूपजीवितिन्द्रिय कटत्तारूपानं इन्द्रियपच्चयेन पच्चयो ।'* रूपजीवितले कर्मजरूप जस्तै चक्षुप्रसाद, श्रोतप्रसाद, घ्राणप्रसाद ... आदि प्रसाद रूपहरूलाई मर्न नदिनको लागि जीवितरूपले उपकार गरिदिइरहेको हुन्छ । प्रसादरूप एकनाली बिग्रे पनि जीवितरूप सँगसँगै आएर मालिक बनेर उपकार गरिदिइरहेको हुन्छ । कट्त्ता रूप(कर्मज रूप)को लागि यो जीवितरूप इन्द्रिय (मालिक) भइरहेको हुन्छ । अतः मऱ्यो भन्नु नै जीवित रूप र जीवितमन मर्ने हो । जीवितरूप मऱ्यो भने त्यसमा मन उत्पति हुन सक्दैन । मन इन्द्रियमा हेरेमा पनि सम्पूर्ण चित्त (८९ वटा) मा नै मनजीवित अथवा नामजीवित हुन्छ । जीवितनाम भएको कारणले नै मन बाँचेको हुन्छ । जीवितरूपको कारणले नै कटत्ता रूपहरू बाँचिरहेका हुन्छन् ।



Downloaded from http://dhamma.digital

जीवितमन पनि जीवितमनसँगै उत्पति हुने ८९ नामधर्महरू सबैमा जीवितमनले नै मालिक बनेर उपकार गरिरहेको हुन्छ । सम्पूर्ण यी मनहरू सहजात हुन् ।

पञ्चस्कन्धमा नै हेर्ने हो भने नाम स्कन्ध ४ वटा छन् । यो छोटकरीमा भयो । चित्त भन्दाखेरी ८९ चित्त छन् । वेदना चेतसिक हो । संज्ञा पनि चेतसिक हो । संस्कार चेतसिकचाहिँ ५० वटा छन् । सबै जोड्दा ५२ हुन्छन् । '*चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो ।*' सहजातमा जीवितमन इन्द्रिय भएकोले गर्दा सम्पूर्ण चित्तमा सहजात इन्द्रिय बनेको हुन्छ । चक्षुप्रसाद, श्रोतप्रसाद, घ्राणप्रसाद आदि पुरेजात इन्द्रिय हुन् । नामस्कन्ध जति सहजात इन्द्रिय हुन् । पुरेजात इन्द्रिय, सहजात इन्द्रिय र रूपजीवित इन्द्रिय भनी तीन थरीका इन्द्रियलाई बुझ्ने हुन्छ । पुरेजात इन्द्रियलाई कुशल धर्म, अकुशल धर्म र अव्याकत धर्म अनुसार हेर्ने हो भने अव्याकत धर्म भनेर जान्नुपर्छ । रूप जति अव्याकत धर्ममा आउँछन् । नामस्कन्धहरू चाहिँ कुशल पनि हुन्छन्, अकुशल पनि हुन्छन् र अव्याकतमा पनि हुन्छन् । कुशल, अकुशल, अव्याकत सम्पूर्ण धर्महरूमा इन्द्रियहरू हुन्छन् । चक्षुप्रसाद, श्रोतप्रसाद, घ्राणप्रसाद आदिलाई अव्याकतमा नै राखौं ।

मन इन्द्रियलाई अझ केलाऊँ । मन इन्द्रियको साथमा वेदना इन्द्रिय पनि छन् – सुख इन्द्रिय, दुःख इन्द्रिय, सोमनस्य इन्द्रिय, दोमनस्स इन्द्रिय, उपेक्षा इन्द्रिय । यी सबै वेदना स्वभावका हुन् । यी सहजात इन्द्रिय हुन् । नामस्कन्धमा उत्पति हुने जति सहजात इन्द्रिय हुन् ।

नामस्कन्ध एउटा मात्र हुँदैन । त्यससँगसँगै सहजात (सँगै उत्पति) भएर उत्पति हुने नामस्कन्ध जति सबैको ऊ मालिक बनेको हुन्छ । सहजात इन्द्रियमा पनि कुशल, अकुशललाई अलिकति छुत्याई हेर्नुपर्छ । काय विज्ञान हुने वेदनालाई लिऊँ न । काय विज्ञानमा रूपस्कन्ध १ र नामस्कन्ध ४ वटा हुन्छ । नामस्कन्ध ४ मा वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध र विज्ञानस्कन्ध हुन्छन् । यसमा भएको वेदनाचाहिँ हेतु हो कि अव्याकत हो ? हेतु हो कि अहेतु हो ?

हेतु भनेको ६ वटा हुन्छन् – लोभ, दोष, मोह, अलोभ, अदोष र अमोह । वेदना अहेतु हो – हेतु नभएको धर्म, हो त्यसैले यो अव्याकत



Downloaded from http://dhamma.digital

हो । वेदनामा भइएको अधिको सोमनस्सलाई (खुसी भएको मन) कुशल, अकुशल, अब्याकत कुन भन्ने ? सोमनस्समा कुशल, अकुशल दुवै हुन्छन् । दोमनस्समा अकुशल धर्म मात्रै हुन्छ । उपेक्षामाचाहिँ कुशल पनि हुन्छ, अकुशल पनि हुन्छ । क्रिया अब्याकत पनि हुन्छ । उपेक्षामा तीनवटै हुन्छन् । इन्द्रियमा हेर्दा सोमनस्स (खुसी हुने मन) पनि छ । यो कुशल सोमनस्स हो । कुशल सोमनस्स इन्द्रियले सोमनस्ससँगसँगै उत्पति हुने चित्त चेतसिक धर्महरूलाई ऊ मालिक भएर खुसीमा डोऱ्याएर ल्याएको हुन्छ । दोमनस्समा (दुःखी मन) अग्र भयो भने भएका चित्त चेतसिक सबै दुःखी नै हुन्छन् । त्यति मात्र नभई नाम इन्द्रियमा *'तं समुट्ठानानञ्च रूपानं इन्द्रियपच्चयेन पच्चयो ।'* अर्थात् त्यससँगसँगै उत्पति हुने रूपहरूलाई पनि इन्द्रियले मालिक भएर उपकार गरेको हुन्छ ।

दोमनस्स (दुःखी मन) भयो भने रिस उठ्छ । अरू भएका चित्त चेतसिकहरू सबै रिस उठ्को मन(दोमनस्स) मालिक भएर आगोमा हालेको दाउराजस्तै बनेर आएका हुन्छन् । आगो निभाउनेतिर कुनै पनि हुँदैनन् । रूप पनि त्यतै ढल्केको हुन्छ । रिस उठ्को व्यक्तिले काम गर्दा नोक्सान पार्ने हुन्छ । रिसाएर हिंड्दा बिस्तारै मन्दगतिले नहिंडी ठ्याम ठ्याम परेर हिंड्छ । दोमनस्स मालिक भइदिएकोले नामरूप दुवै उतै ढल्केका हुन्छन् । उपेक्षा इन्द्रिय हुँदा सुखतिर पनि तानिएको हुँदैन, दुःखतिर पनि तानिएको हुँदैन । उपेक्षा बीचको हो । बीचको हुँदा कुशल सम्बन्धको र अकुशल सम्बन्धको र क्रिया अब्याकता सम्बन्धको धर्म हुन्छन् । उपेक्षाको स्वभाव शान्त हुन्छ । उपेक्षा इन्द्रियको रूपमा मालिक भइदिएमा रूप र चित्त चेतसिक सबैले उपेक्षाकै हुकुम मान्ने हुन्छन् । चित्त चेतसिक पनि शान्त स्वभावकै भइदिन्छन् । रूप पनि उपेक्षा भएको बेला शान्त हुन्छ ।

अब श्रद्धा इन्द्रिय, वीरिय इन्द्रिय, सति इन्द्रिय, समाधि इन्द्रिय र प्रज्ञा इन्द्रियलाई लिऔं । यिनीहरू लौकिक हुन् । लौकिक श्रद्धा भनेको आर्य नभइसकेको श्रद्धा हो । संस्कार उपेक्षा ज्ञानसम्म लौकिक प्रज्ञा हो । विपश्यना ज्ञान पनि लौकिक हो । लोकुत्तरमा ४ मार्ग ज्ञान र ४ फल ज्ञान हुन्छन् । अरू सबै लौकिक ज्ञान हुन् ।

श्रद्धा भनेको विश्वास हो । विश्वास भन्नाले –



Downloaded from http://dhamma.digital

१) भगवानमा विश्वास,

२) धर्ममा विश्वास,

३) संघमा विश्वास हो ।

भगवानमा विश्वास भन्नाले विशेषगरी भगवानले भन्नुभएको शब्दमा आफूमा अलिकति पनि शंका नहुने गरी विश्वास गरिएकोलाई भनिन्छ । भगवानले भन्नुभएको शब्दमा – *"सब्ब पापस्स अकरणं, कुसलस्स उपसंपदा, सचित्त परियोदपनं, एतं बुद्धान सासनं।'* भन्ने छ । भगवानको वाणीमा पूर्ण विश्वास हुनु नै भगवानमा विश्वास हुनु हो । भगवानले यो नगर्नु भनेपछि त्यो गर्नमा हिच्किचाउनुपर्छ । यो कर्म गरेमा यसप्रकारको फल भोग्नुपर्छ भनेपछि डर मान्नुपर्छ । भगवानमा पूर्ण विश्वास भएपछि नरक देखेपछि मात्र डराउने होइन । भगवानले कर्मको दुष्परिणाम बताउनुभएको सुन्दा नै भय लिनुपर्छ । भगवानले यो पाप गरे यस प्रकारको नरकमा फल भोग गर्नुपर्छ भन्नेवितिकै त्यो पाप गर्न आँट आउँदैन । यही नै भगवानमा विश्वास हुनु हो । यो काम नगर्नु, यो काम गर्नु, यो काम गर्नमा बारम्बार कोसिस गर्नु भनेपछि भगवानको उपदेशमा पूर्ण विश्वास छ भने विश्वास गरे अनुसार अकुशल कर्म नगरेर कुशल कर्म धेरै गर्न सकिने हुन्छ ।

कसका भगवानले पो नराम्रो भनेका छन् र ! सबैका भगवानले राम्रै त भनेका छन् नि ! भनेर कोही कोही भन्छन् । मान्छे मात्र बिग्रेका हुन् भगवानले त राम्रै भनेका छन् भनेर पनि भन्छन् । यसरी त भगवानमा विश्वास भएको ठहरिँदैन । सही प्रकारले भगवानमा विश्वास भएमा सही प्रकारको श्रद्धा हुन्छ । सही प्रकारको श्रद्धा भयो भने मात्र सही आचरण हुन्छ । मुख्य त श्रद्धा नै प्रमुख हो । श्रद्धा पनि कुनै बेला चाहिनेभन्दा बढी हुन्छ । श्रद्धा बढी भएमा तृष्णा पनि हुन्छ । तृष्णा भयो भने श्रद्धा इन्द्रिय बन्दैन । इन्द्रियमा तृष्णा हुनुहुँदैन । अतिसय भयो भने नहुँदोलाई पनि मान्न पुगिन्छ ।

*'बलवा सद्धा मन्दो पञ्ञ मुद प्रसन्न होति ।'* श्रद्धा त बलियो हो, तर ज्ञान कमजोर हुनसक्छ । ज्ञान कमजोर भयो भने नहुँदोलाई विश्वास गर्न पुगिन्छ । नहुँदोलाई विश्वास गर्न पुगिनेवितिकै श्रद्धा इन्द्रिय हुँदैन । श्रद्धा-धर्म सिर्फ कुशलमा मात्र हुन्छ, अकुशलमा हुँदैन । वीरिय अकुशलमा



Downloaded from http://dhamma.digital

पनि हुन्छ । सति पनि अकुशलमा पनि हुन्छ, कुशलमा पनि हुन्छ । समाधि पनि अकुशलमा पनि हुन्छ, कुशलमा पनि हुन्छ । प्रज्ञा पनि त्यस्तै अकुशलमा पनि हुन्छ, कुशलमा पनि हुन्छ । तर श्रद्धाचाहिँ अकुशलमा हुँदैन । श्रद्धा कुशलमा मात्र हुन्छ भनेपछि सहीलाई विश्वास गरेकोलाई मात्र श्रद्धा भनिन्छ । शासन बाहिर पनि आआफनो तरिकाले भगवान भनेर मान्नेहरू थिए । भित्रदेखि श्रद्धा राखेर मानेको श्रद्धाले पनि क्षणिकरूपमा मन सङ्लो बनाउँछ तर कुन विषयले मानेको हो त्यो विषयमा गल्ती भइरहेको हुनसक्छ । आलम्बन गल्ती हुँदा श्रद्धा पनि गलत भएको हुन्छ । श्रद्धा नै गलत हुँदा त्यहाँ कुनै कुशल पनि हुँदैन । मानेको नै गलत भइरहेको हुन्छ । ती गल्तीले गर्दा दृष्टि विचिकित्साहरू पैदा गर्छ । अनि कुशल भन्ने नै हुँदैन । त्यसैले गलत श्रद्धामा कुशल हुँदैन । सही विश्वासलाई मात्र श्रद्धा भनिन्छ ।

सही श्रद्धा हो भने पुण्य हो । पुण्यको असली सम्पति श्रद्धा हो । यो कुरा 'आलवक सूत्र'मा आउँछ – *'सद्धिद वित्तं पुरिसस्स सेट्ठं'* भनिएको छ । तर गलत कुरामा श्रद्धा (विश्वास) गरेर हुँदैन । *सद्धिद वित्तं पुरिसस्स सेट्ठं'* सहीमा विश्वास गरिएको हो भने श्रद्धा हो । श्रद्धा हो भने पुण्य हो ।

भगवानको पालामा चेलाहरूले अग्निदत्त ब्राम्हणलाई केलाई मान्ने त भनी सोध्दा रूखलाई मान, नदीलाई मान, देउरालीलाई मान, पर्वतलाई मान, वनलाई मान भनेका थिए । यसरी मान्यौ भने *'सब्ब दुक्ख पमुच्चति'* – सबै दुःखबाट मुक्त हुन्छौ भनेका थिए ।

*'एतं खो सरणं खेमं एतं सरणमुत्तमं,*
*एतं सरणमागम्म सब्ब दुक्ख पमुच्चति ।'*
*(धम्मपद पालि बुद्धवग्गमा )*

अग्निदत्त ब्राम्हणले चेलाहरूलाई गलत बाटो बताइरहेको थियो । तपाईं नै मालिक हुनुहुन्छ, तपाईं नै हर्ताकर्ता हुनुहुन्छ भनेर रूखलाई जति नै पूजा गरेर ढोगे पनि केही हुनेवाला छैन । मन जति सबै रूखमै एकाग्र हुँदा एकछिनको लागि मन त सङ्लो होला तर श्रद्धा गलतमा भइरहेको छ । गलत विश्वासलाई श्रद्धा भन्न सकिँदैन । श्रद्धा भनेको सही प्रकारको विश्वासलाई मात्र भनिन्छ ।



Downloaded from http://dhamma.digital

सम्झौ, भगवानमा पूर्णरूपले विश्वास भयो । भगवान त ४ असंख्य र एक लाख कल्पसम्म पारमि धारण गरेर साँच्चै नै सम्यकसम्बोधि ज्ञान प्राप्त गर्नुभएको व्यक्ति हो भनेर पूर्ण विश्वास हुनुपर्छ । कोही त यहाँसम्म भनिदिन्छन् कि पहिले भगवान त माथि हुनुहुन्थ्यो । अलि पाप धेरै गरिएकाले मनुष्यलोकमा आएर मनुष्यको कोखमा जन्मेर ध्यान बसेझैं गरेर ज्ञान पाएँ भनेर प्रचार गर्नुभएको हो । यस्तो प्रकारको विश्वासले हुँदैन । ६ वर्षसम्म नाटक गरेझैं ध्यान बसेझैं गरेर ज्ञान पाएँ भनेर प्रचार गरे भन्नेजस्ता गलत सोचाइ र बुझाइले सहित हुनु वास्तवमा श्रद्धा होइन । उहाँले साँच्चै नै ज्ञान पाउनलाई नै आचरण गर्नुभएको हो । ६ वर्षसम्म त उहाँलाई पनि बाटो गल्ती भइरहेको थियो । त्यसैले उहाँलाई ज्ञान मिलेको थिएन । सही बाटो मिल्नेवित्तिकै उहाँलाई सम्यकसम्बोधि ज्ञान प्राप्त भयो ।

भगवानले जति पनि उपदेश गर्नुभएको छ, ती वाणी सबै तर्क होइनन् *'अतक्को वचन बुद्धो'* – कुनै तर्कको बलमा उपदेश गर्ने भगवान उहाँ होइन । भगवानको वाणी तर्कवादी होइन । सर्वञ्ञुत (सर्वज्ञता) ज्ञानले छर्लङ्ग देखेर मात्रै उपदेश गर्नुभएको हो । यस प्रकारको विश्वास भएमा मात्र बलियो श्रद्धा हुन्छ । बुद्धमा पनि र धर्ममा पनि यसरी श्रद्धा विकसित हुनुपर्छ । संघमा पनि *'सुप्पटिपन्नो'* अर्थात् राम्ररी आचरण गरिरहेका भगवानका शिष्यहरू भनेर सही प्रकारले श्रद्धा राख्नुपर्छ ।

भगवानको पालादेखि हेर्ने हो भने भगवानका श्रावक संघहरू सारिपुत्र, मौद्गल्यायन, महाकाश्यप, आनन्द, अनिरूद्ध आदि संघहरू साँच्चै नै सही आचरण गरेर आउनुभएका, संघ परम्पराबाट आउनुभएका संघहरू भनेर संघमा पनि सही प्रकारले विश्वास हुनुपर्छ । अहिलेका संघहरू भगवानको पालाका संघहरू जस्ता होइनन् कि भनेर शंका गर्न थालियो भने श्रद्धा बिटुलो हुन्छ । त्यसैले सही प्रकारको श्रद्धा भएपछि मात्र श्रद्धा इन्द्रिय बन्छ । श्रद्धा इन्द्रिय बनेको छैन भने निर्वाण पाउन सकिँदैन । यो श्रद्धा इन्द्रियसहितको आचरण निर्वाणमुखीपट्रिका हुन् । सही प्रकारको श्रद्धा भएमा श्रद्धासँगसँगै उत्पत्ति हुने चेतसिकहरू सबैले श्रद्धालाई तागत दिन आउँछन् । श्रद्धाकै बलमा ती जुर्मुराएर आउँछन् । त्यस्तै वीर्य पनि । वीर्य कुशलमा पनि हुन्छ, अकुशलमा पनि हुन्छ । श्रद्धा अकुशलमा हुँदैन ।



Downloaded from http://dhamma.digital

विश्वास गर्नुमात्रै श्रद्धा होइन । नभएकोलाई जति विश्वास गरिए तापनि श्रद्धा नभइएकोले पुण्य हुँदैन किनभने पुण्यमा पनि विशेष जराको रूपमा रहेको श्रद्धा नै हो । श्रद्धा छ अथवा धन छ भन्ने जे काम पनि गर्न सकिन्छ । आलवक सूत्रमा भगवानले बताउनुभएको छ श्रद्धा भन्ने वस्तु नै पुरूषको अनमोल धन हो । लगानी छ भने मानिसले ठूलठूलो काम पनि गर्न सक्दछ । आफुसँग साउँ नै छैन भने सानोतिनो काम पनि गरेर खान सकिँदैन । त्यस्तै सही प्रकारको श्रद्धा धन छैन भने निर्वाण प्राप्त गर्ने काम गर्न सकिँदैन ।

*पहिले त साउँको रूपमा श्रद्धा नै चाहिन्छ ।* श्रद्धाको साथमा वीर्य चाहिन्छ । वीर्य कुशलमा पनि इन्द्रिय बन्नसक्छ, अकुशलमा पनि इन्द्रिय बन्नसक्छ । तर यिनमा सति प्रज्ञा सबै जुरेपछि मात्र असलीरूपमा इन्द्रिय बन्नसक्छ । सति र प्रज्ञा नजुटुन्जेल श्रद्धा पनि गलत भएर जानसक्छ, वीर्य पनि गलतमा हुनजान्छ, सति पनि गलतमा हुनजान्छ, समाधि पनि गलतमा हुनजान्छ र प्रज्ञा पनि गलतमा लाग्नसक्छ । अलि बढी ज्ञान(प्रज्ञा) त लगाइन्छ तर श्रद्धा कमजोर छ भने हुँदैन । कुनै पुण्य गर्नुपर्‍यो भने ठाँउ रोज्दारोज्दै मात्सर्यले (कन्जुसिपनाले) घुमाइदिनसक्छ । यहाँ पुण्य गर्न कस्तो होला, यहाँ पनि ठीक छैन होला । यो ठाँउमा अलि ठूलो दान गर्नुपर्ला, यसो गर्नुपर्छ होला भनेर विचार गर्दा – होइन, यहाँ पनि ठीक छैन । यहाँ पनि सुप्पटिपन्न छैनन् होला भन्दै ढिला भएर जान्छ र दान गर्ने मौका उम्किन्छ । त्यसैले प्रज्ञा पनि श्रद्धासँग राम्ररी मिलेको हुनुपर्छ । सबै ठीक प्रकारले मिलेपछि बल्ल इन्द्रिय बन्नसक्छ र बल(तागत) बन्न पुग्छ । बलमा पुग्यो भने निर्वाणमा सहायक बन्छ । वीर्य भन्ने कोशिस गर्ने चेतसिक हो । श्रद्धा पनि चेतसिक नै हो । वीर्य अधिपतिमा पनि छ । इन्द्रिय पनि मालिक हो, अधिपति पनि मालिक हो तर यी दुई मालिक मालिकमा त फरक छ ।

यहाँ इन्द्रिय अनुसारकै वीर्यलाई लिएर चर्चा गरौं । मन कोशिसतिर छ भने रूप पनि कोशिसतिर नै हुन्छ । मन कोशिसतिर छ भने सँगसँगै हुने चित चेतसिकहरू सबे वीर्यकै अधिकारमा चल्ने हुन्छन् । रूप पनि अति नै तागतवर हुन्छ । वीर्य चेतसिक तेज हुँदैगयो भने भोजन लिनेवीत्तिकै



Downloaded from http://dhamma.digital

पनि ध्यान बसिहाल्छु भन्ने हुन्छ । वीर्य कमजोर भयो भने एकछिन् त सुत्छु होला भन्नेतिर तानिन्छ ।

कहिले त कोशिस मात्राभन्दा बढी हुने पनि हुन्छ । गलत कुरामा पनि कोशिस हुनजान्छ । मात्राभन्दा बढी पनि हुनसक्छ, कम्ती पनि हुनसक्छ । तर मात्राभन्दा बढी नहुनेचाहिँ सति(होस) हो । सति भन्ने कुरा सदा कम्ती मात्र हुनसक्छ, बढी होइन । सति भनेको होस हो । तर गल्तीमा गएर होस भइरहेको छ भने अकुशलमा पनि जानसक्छ । त्यसलाई मिथ्यासति भनिन्छ । यहाँ इन्द्रियमा कुशलमा हुने होसलाई लिइन्छ । त्यस्तै समाधि पनि कमी हुनसक्छ, बढी पनि हुनसक्छ । कुशलमा पनि समाधि हुन्छ, अकुशलमा पनि हुन्छ । समाधि भनेको एकाग्रता हो । यो समाधि एकाग्रतालाई झान पच्चयअन्तर्गत चर्चा गरिने छ ।

झान भनेको ध्यान हो । ध्यान भनेको वितर्क, विचार, प्रीति, सुख र एकाग्रता हो । वितर्क भनेको चंचल मनले तर्क वितर्क गर्नु हो । वितर्क पनि ध्यान नै हो । धेरैले बुझेको ध्यान र पट्ठानमा आएको ध्यान मिल्दो पनि छ, अमिल्दो पनि छ । त्यसैले धेरैले बुझेकोभन्दा फरकको ध्यानलाई चर्चा गर्दा बहुश्रुतमा मद्दत मिल्नसक्छ । वितर्कसँग मिलिराखेको छ भने फरक हुँदैन । बुझेकोसँग भन्दा फरकलाई सुन्दा बहुश्रुत हुन्छ । अब ध्यान भनेको धेरैले बुझेकोचाहिँ आँखा चिम्म गरेर बसेकोलाई मात्रै बुझेको हुन्छ । तर ध्यान भनेको यी पाँचवटाको संयुक्त हो – वितर्क, विचार, प्रीति, सुख र एकाग्रता । यी पाँच ध्यानका अंग हुन् । समाधिलाई यिनको आधारमा चर्चा गर्दा अझ प्रष्ट हुनेछ । प्रज्ञा भन्ने ज्ञान हो । यो पनि मात्राभन्दा बढी पनि हुनसक्छ, कम्ती पनि हुनसक्छ । बढी वा कम्ती नहुने भनेको सति मात्रै हो । यही सति (होस)ले सबैलाई मिलाउनुपर्छ । सबै मिल्यो भने इन्द्रिय हुन्छ । इन्द्रिय भएमा मालिक हुन्छ । मालिक बन्यो भने क्लेश आउन सक्दैन । क्लेश आउन सकेको नै मालिक नभएर हो । भोलि यिनै श्रद्धा, वीर्य, सति, समाधि र प्रज्ञासँगसँगै झानलाई पनि लिएर चर्चा हुनेछ ।

***पट्ठान पालि देशना अन्तर्गत उन्नाइसौं दिनको 'इन्द्रियपच्चय र झानपच्चय' – १ देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# बीसौं दिन

## (इन्द्रियपच्चय र झानपच्चयलाई मिलाएर) – २

२०

टम्मुपुरका संघनायक उपद्म सयादोले एउटा रमाइलो प्रसंग सुनाउनुहुन्थ्यो – पहिले एउटा गाउँमा देशना गर्न जाँदा गाउँलेहरूले भने, "हामीलाई अलि माथिल्लो स्तरको धर्म देशना गरिदिनुस् न, भन्ते !" । अनि गुरु भन्तेले पनि पंखालाई अगाडि राखेर मुख छेकेर त्यसमा पनि आँखा चिम्म गरेर देशना सुरु गर्नुभएछ – *'पुरिमा पुरिमा कुसला धम्मा पच्छिमानं पच्छिमानं कुसलानं धम्मानं अनन्तरपच्चयेन पच्चयो ।'* देशना चल्दैथियो । एकछिनपछि पानी पिउन आँखा खोल्दा त अगाडि श्रोता कोही पनि थिएनन् । कुनामा एकजना उपासक मात्र बसेका थिए ।

भन्तेले उनलाई सोधे, "होइन, अघिका त्यत्रा श्रोता कहाँ गए ?"

उनको जवाफ थियो, "सबै उठेर गए, भन्ते ।"

"किन गए त ?"

"देशना बुझ्न सकेनन्, भन्ते !"

"त्यत्रा श्रोताहरूमा बुझ्ने तिमी मात्र रहेछौ ।"

"होइन, मैले पनि बुझ्न सकिनँ, भन्ते ।"

"त्यसो भए तिमी किन बसिरहेको त ।"

"त्यो धम्म हलको ढोका बन्द गर्न बसेको, भन्ते ।"

पट्ठान देशना बारम्बार हुँदैन । पछिपछि त हुन पनि गाह्रो छ । अहिले सीडीहरू बनिसकेका छन् । देशना गर्न जरूरत पनि नहोला । सीडी खोलेर सुने भइहाल्छ । अरू देशनाजस्तो पट्ठान देशनालाई हलुका ढंगले गरेर पनि हुँदैन । सुन्न बुझ्न पनि कठिन हुन्छ । सुन्दा पनि अलिकति होस बिच्क्यो भने पनि बुझ्न सकिदैन ।



Downloaded from http://dhamma.digital

इन्द्रिय पच्चयोबारे हिजो अस्तिदेखि भन्दैआइएको हो । इन्द्रियमध्येमा भावरूपको इन्द्रियचाहिँ पट्ठानको प्रतिहारमा छैन किनभने त्यो नियत होइन । कुनै परिस्थितिमा भावहरू बदलेर जान सकिने भएकोले त्यो नियत होइन भनिएको हो । ती भावहरूलाई पट्ठानमा नबताइए पनि अभिधर्ममा भने बताइएको छ ।

## गर्भको बच्चामा मातापिताको प्रभाव –

इन्द्रियको सिलसिलामा छोराछोरीको मातापितासँग धेरै मात्रामा सम्बन्ध हुन्छ । छोराछोरीको शील स्वभाव राम्रो हुनमा मातापिताको हात पनि हुन्छ । प्रतिसन्धिको क्षणमा रूप तीन प्रकारका हुन्छन् – वस्तुरूप, भावरूप र कायरूप । यी कर्मज रूप हुन् । प्रतिसन्धि-विज्ञान कर्मले दिएको हो । प्रतिसन्धि-विज्ञान हुनेवितिकै, बिग्रिन्छ । बिग्रिनेवितिकै भवंग-चित्त आउँछ । भवंग-चित्त आएपछि त्यसले दिएका चित्तज रूप पनि हुन्छन् ।

गर्भको कल्कलाउँदो पानीमा माताको चित्तज रूप सँगसँगै जान्छन् । यसको अर्थ माताको चित्तज रूपको प्रभाव परेको हुन्छ । गर्भको क्षणमा मातापिता दुईपट्टिकै रूपको कारणबाट प्रतिसन्धि हुन्छ । प्रतिसन्धिमा पितापट्टिको ऋतुज रूप पनि हुन्छ, मातापट्टिको ऋतुज रूप पनि हुन्छ । तर भ्रुणको चाँहि कर्मज रूप हुन्छ । त्यो कर्मज रूपमा अघि भनिएका ३ वटा – हृदय वस्तुरूप, भावरूप र कायरूप हुन्छन् । भवंग-चित्त हुनेवितिकै चित्तज रूप पनि मिल्न आउँछ । त्यो चित्तज रूप मातापिताको ऋतुजको आधार पनि हुन्छ । त्यो ऋतुज रूपको आडले गर्दा कसैको माताको अनुहारसँग मिल्दो हुन्छ त कसैको पिताको अनुहारसँग । माताको त्यतिखेरको पहिलो चित्त जस्तो हुन्छ त्यस्तै प्रकारको चित्तज रूप त्यहाँ चलिरहेको हुन्छ । त्यो कल्कलाउँदो पानीमा बीजारोपण भएको बालकमा त्यो चित्तज रूपको प्रभाव परिरहेको हुन्छ । त्यसरी प्रभाव परिराख्ने हुँदा त्यसैमा उत्पत्ति-विनास भइराख्ने मनमा पनि मातापिताको स्वभावको प्रभाव पर्न गइरहेको हुन्छ ।

एउटा गोरो *(एक किसिमको छेपारोजस्तो जीव)* छ । यदि त्यो रातो दुलोमा बसेको छ भने त्यो रातो रंगकै भएर आउँछ । कालो माटोको दुलोमा बसेको छ भने कालै भएर आउँछ । त्यस्तै नै माताको रूप आकार र रंगको स्वभाव वा पिताको रूप आकार र रंगको स्वभावको छाप पनि बच्चामा



Downloaded from http://dhamma.digital

परेको हुन्छ ।

बच्चाहरू कोही मातापट्टिकोमा कोही पितापट्टिकोमा ढल्केको हुन्छ । तर चित्तज रूपले गर्दा चित्तको स्वभाव अनुसार पनि तानिएर जान्छ । सबै मातापिताकै अनुसार हुँदैन किनभने त्यो बच्चाको कर्म पनि सँगसँगै आएको हुन्छ । मातापिता पनि राम्रो शील स्वभावको आचरणमा छन् भने त्यो गर्भमा आउने पनि नराम्रो आचरण भएका र पाप धेरै गरिएका भएर आउन पनि गाह्रो पर्छ । आउँदै नआउने त होइन । कर्मले गर्दा सँगै भोग्नुपर्ने भए आउनसक्छ तर कम मात्रामा मात्र । तर प्रायःजसो पुण्यकारी मातापिताकोमा पुण्य तेजिलो भएको सत्व आएर प्रतिसन्धि लिन्छ । पछि ऊ शक्तिशाली भएर आउँछ । शक्ति भन्दाखेरि बाहिरबाटै ठूलो मान्छेजस्तो प्रभावशाली देखिने हुन्छ ।

## पुण्यतेजको प्रसंग –

एकजना धनी व्यक्ति र एकजना गरिब व्यक्तिको भेट भयो भने र एउटै टेबलमा बस्यो भने कसको कुराको धेरै मान्यता रहन्छ ? धनीको । किनभने त्यो धनी व्यक्तिमा उसको पुण्यको तेज हुन्छ । यसलाई पालिमा 'पुञ्ञतेज' भनिन्छ । त्यो शक्ति तेजले गर्दा त्यो गरिबलाई प्रभाव दिइरहेको हुन्छ । ऊ सत्यमा भए पनि निहुरेर बस्छ । किनभने उसको पुण्यतेजभन्दा त्यो धनीको पुण्यतेज बढी हुन्छ । शक्ति बढी हुनेले शक्ति कमजोर हुनेलाई जितेको हुन्छ । त्यसैले कुनैकुनै बेला महाजनसँग बोल्न पनि धक मान्नेहरू पनि हुन्छन् । धक मानेको भन्नु नै उसको पूर्व पुण्यतेज घटेकोले हो । शक्तिले जितेको हुँदा बोल्न पनि अलि गाह्रो महसुस हुन्छ । गाह्रो भएर नजिक पर्दैनन् तर महाजन भएर हामीसँग बोल्दैनन् भनिन्छ । वास्तवमा उनीहरू नै नजिक पर्न हिच्किचाएका हुन् । पुण्यतेज भएको व्यक्ति गर्भवासमा आयो भने गर्भवस्थादेखि नै मातापितालाई पनि राम्रो भएर आउँछ ।

सिद्धार्थ कुमारको जन्म हुँदा सुनका चारवटा कलश उत्पन्न भएका थिए । राजा शुद्धोदनलाई जति सुन निकाले पनि नसिद्धिने भयो । त्यो लाभ राजा शुद्धोदनको पुण्यले मिलेको होइन । सिद्धार्थको पुण्यतेजले पितालाई



Downloaded from http://dhamma.digital

कल्याण भएको हो । लोकमा पनि पुण्यतेज भएका व्यक्ति धनीमानी हुन सक्छन् । लोकत्तरमा पनि ज्ञानीमानी हुनसक्छ । त्यसैले विवाह गर्दा पनि असल खानदान हेरिन्छ । खानदान रोजेको किन भन्दा पुण्यतेज भएको पुद्गलले मात्र त्यहाँ आएर गर्भावास लिन्छ । उनका छोराछोरी सबै धनी खानदान, ज्ञानी खानदानका बन्छन् ।

त्यसैले मातापिताको गर्भमा छोराछोरी राम्रो हुनु वा नहुनुमा मातापिताको गुणमा पनि निर्भर गर्दछ । यदि मातापिताको आचरण राम्रो छैन भने पापीष्टले पनि जन्म लिन आउँछ भन्ने कथन पनि छ – 'यो छोरी त आमा जस्ती छे । आमा पनि कस्ता की छे र ! आमा त उस्तै छिन्, छोरी पनि उस्तै' भन्ने पनि गर्छन् । 'बाबु जस्तो छ, छोरा पनि त्यस्तै' पनि भन्छन् । त्यसो भनेको पनि प्रतिसन्धिकै मुत्ताविक भनिएको हो । यता मृत्यु भएर उता जन्मने बेलामा कस्तो कर्म भयो भने कस्तो प्रतिसन्धि हुन्छ – कस्तो खानदान, दुर्गति हो कि सुगति – सुरूमा त्यसले हेरिसकेको हुन्छ । त्यसरी हेरेको भनेको मान्छेले होइन उसको कर्मले हो । अतः सन्तान राम्रा हुनु छ भने मातापिता पनि राम्रा हुनु जरूरी छ । सही प्रकारका मातापिता छन् भने सही प्रकारका छोराछोरी आउन सक्छन् । ज्ञानी छन् भने ज्ञानी, धनी छन् भने धनीको मार्गमा आउँछन् । रूप र स्वभाव पनि त्यसरी नै मिल्न आउँछ ।

त्यसैले पनि होला – शाक्यको खानदानमा बाहिरको खानदान लिने पनि थिएन, दिने पनि थिएन । सन्तान बिग्रिन्छ भनेर आफ्नै खानदानको रोजेका हुन् । अर्को सम्प्रदायबाट आएमा त्यसबाट पैदा भएका सन्तान अज्ञानी हुन्छन् र बिग्रिँदै जानेखालका हुन्छन् । आचरण भ्रष्ट भए संगठनमा बाधा हुन्छ । सन्तान मूर्ख छन् भने सरसल्लाह पनि मिल्दैन र अशान्ति मात्र बढ्छ । त्यसैले आफ्नै खानदानभित्रकैलाई बिवाह/व्यवहारमा लिन्थे । विद्वान खानदानको विद्वान खानदानसँग विधि व्यवहार भयो भने प्रायःजसो सन्तान पनि विद्वान भएर आउँछन् ।

स्कूलको पढाइपछि राम्रो बाटो लगाइदिने क्रममा पनि मातापिताको ठूलो हात हुन्छ । संगत गलत नहुनको लागि र गलत संगतबाट छुटाइदिनको लागि पनि मातापिताकै देन ठूलो हुन्छ । मंगल-सूत्रमा पनि भगवानले



Downloaded from http://dhamma.digital

*'असेवना च बालानं पण्डितानञ्च सेवना'* भन्नुभएको छ । विद्वान, ज्ञानी एवं ध्यानीको संगत लगाइदिनमा पनि मातापिताको भूमिका हुन्छ । त्यसबेला मातापिताको राम्रो निगरानी र प्रथप्रदर्शन भयो भने नराम्रोमा संगतमा लाग्न सक्दैनन् । नभए कुसंगतको वासना छिपिदै गएपछि छुटाउन अत्यन्त कठिन हुन्छ । जस्तै मादक पदार्थको सेवन गरेको २/४ दिनमात्र भएको छ भने त्यसलाई सम्झाइबुझाइ गर्न सकिन्छ । जब लग्गु भइसकेपछि सम्झाइबुझाइ गरेर पनि नहुने हुन्छ । डाक्टरको पनि केही सीप लाग्दैन । यस्तो बेला छोराछोरीलाई राम्रो शिक्षा दीक्षा तालिम दिन सकेमा र काम व्यवहारमा पनि आफूसँगै राखेर छोरीलाई आमाले छोरालाई पिताले ठीक काममा लगाइराखेका छन् भने हम्मेसी बिग्रन सक्दैन । मातापिताको आचरण बिग्रेको छ भने त बिग्रने स्वभाविकै छ । नराम्रा भाव नआउन दिन र राम्रो भावको विकास हुने गरी सुरक्षा दिएमा नराम्रो स्वभाव भित्रिन पाउँदैन र आफूले आफैलाई पनि सुरक्षा गर्न सक्ने हुन्छ । चाणक्य नीतिमा पनि भनिएको छ - *'प्राप्तेतु षोडसे वर्षे पुत्रं मित्र समाचरेत्'* अर्थात् १६ वर्ष पुगेपछि छोरालाई पनि मित्रजस्तै भएर आचरण गर्नू ।

इन्द्रिय पच्चयोमा श्रद्धा इन्द्रिय, वीरिय इन्द्रिय, सति इन्द्रिय, समाधि इन्द्रिय, पञ्ञा इन्द्रिय आउँछन् ।

### १) श्रद्धा : –

श्रद्धा इन्द्रियमा हिजो श्रद्धाको बारेमा धेरै नै भनिसकिएको छ । श्रद्धा भनेको सही प्रकारको विश्वास हो । यसरी सम्यक आचरण गर्दैगएमा साँच्चै नै निर्वाणको साक्षात्कार हुन्छ भन्ने पक्का विश्वास हुन्छ । सही प्रकारको विश्वास भएमात्र सही प्रकारको आचरण हुन्छ । पहिलेपहिले भगवानको पालामा धर्म देशनाको माग गर्दा पनि *'सङ्खित्तेन धम्मं देसेतु, भगवा'* भनेर भन्थे अर्थात् हे भगवान, संक्षेपमा मलाई धर्म देशना गरिदिनुहोस् भनेर माग गर्थे ।

### २) वीर्य : –

संक्षेपमा देशना सुनेर 'म एक विहारी भई 'आतापि वीरिय'ले क्लेशलाई जलाउन सक्नेगरी साँच्चैको वीर्य लगाएर काम गर्छु' भनेर अठोट गर्नुपर्छ । 'आतापि वीरिय' भनेको ध्यान बस्दा पनि सास प्रश्वास



Downloaded from http://dhamma.digital

हेरिंदै छ । मन कति पनि बाहिर जान नदिइकन एकनासले कोशिस गर्दा गर्ने गरी ध्यान बसिन्छ । कुनै सोचाइ मनमा आयो भने पनि क्लेशले मनलाई तान्नै नसक्नेगरी गरेको वीर्यलाई 'आतापि वीरिय' भनिन्छ। यो गरिएको आचरण सिर्फ दुःखबाट छुटकारा पाउनको लागि, निर्वाण पाउनलाई, क्लेश निभाउनको लागि हो भनेर एकाग्रतासहितको ध्यान भइरहेको हुन्छ । यसरी यो उद्देश्यको लागि भनेर संक्षेपमा मलाई धर्म देशना गरिदिनुहोस् भनेर माग गर्ने मात्र नभई साँच्चैनै विश्वास गरी आचरण गर्थे । साँच्चै नै आचरण गरेकोले गर्दा निर्वाण पनि प्राप्त गर्थे । खोइ, कोशिस त गर्ने हो क्यारे, मिल्ने नमिल्ने उसको काम हो भनेर विश्वास कमजोर भयो भने वीर्य पनि कमजोर हुन्छ र यसरी हलकापना आयो भने निर्वाण पाउने कार्यमा शिथिलता आउँछ । कमजोर कोशिसले त हुँदैन । कोशिस तेज हुनको लागि सही प्रकारको श्रद्धा हुनुपर्छ । अनि यही विश्वासको साथमा कोशिस पनि हुनुपर्छ । 'आतापि वीरिय' भनेको क्लेश जलाउन सक्ने वीर्य हो ।

***३) सति*** : –

सही कोशिस भयो भने उठेदेखि होस राखी जान्नुपर्छ । खुट्टा उचाले, सारे, टेके, उचाले, सारे, टेके, उचाले, सारे भनी होस राख्नुपर्छ । उचाल्दा पनि सतिको साथमा टेक्दा पनि सतिको साथमा, भुईंमा छुँदा पनि सतिको साथ लिई हिंड्नुपर्छ । बाहिर जाँदा पनि समाधिलाई बाधा नपारिकन जानुपर्छ । आउनुपर्‍यो भने पनि यहाँ आइ नपुगुन्जेलसम्म मन कतै नजानदिइकन एकनास वीर्य र होस लगाएर आउनुपर्छ । सति पनि तेजिलो प्रकारको सति चाहिन्छ । उचाल्दा पनि होस भइराखेको हुनुपर्छ । भुईं छुँदा पनि होस कायमै हुनुपर्छ । टेक्दै गरे पनि होस भइराखेको हुनुपर्छ । भुईं छोइयो, अर्को खुट्टा उचाल्यो, टेक्योमा पनि पुरा होसका साथ काम भइराखेको हुनुपर्छ ।

पहिले भगवानको पालामा कोही कोही भिक्षु मुखमा पानी हालेर भिक्षाटन जानुहुन्थ्यो । मुखभित्र पानी भएपछि बोल्न सकिंदैन । कसैले केही सोधे बोल्न पुगिन्छ । एक बोली, दुई बोली गर्दागर्दै बोली धेरै हुन्छ । धेरै बोलियो भने समाधिमा वाधा पर्छ । आफ्नो सतिमा र वीर्यमा वाधा पर्छ



Downloaded from http://dhamma.digital

भनेर पानी मुखमा हालेर जान्थे । हिड्दा पनि उचाले, सारे, टेके, उचाले, सारे टेके गरेर सतिका साथ हिड्थे । बाहिरबाट हेर्दा त यसरी सतिपट्ठान गरेको भनेर थाहा हुँदैन तर भित्रभित्रै सतिपट्ठान भइरहेको हुन्छ । गाउँ नपुगुन्जेल यसरी नै सतिका साथ खुट्टा चाल्दै गइरहेका हुन्छन् । यदि दुई पाइला जतिमा सति बिर्सियो भनै फनक्क फर्केर सति छुटेको ठाँउदेखि सतिमा रहेर उचाले, सारे, टेके गरी फर्केर जान्थे । सति विना सारेको एक पाइला पनि नहोस् भन्ने हुन्थ्यो । गाउँ वा सहर भित्रपस्दा पनि र दान लिँदा पनि हरतरहले मैत्री पुऱ्याउँथे । भिक्षाटन गरी विहार आइपुग्दा पनि भोजन लिँदा पनि सतिपट्ठानले सहित भई हिंड्डुल गर्ने र भोजन लिने गर्थे । भोजन सकेर आराम लिंदा पनि एकनास सतिमा विहार गर्थे । यसरी ननिदाउन्जेलसम्म पनि सतिलाई कायमै राख्थे ।

***४) समाधि :–***

समाधि भनेको मनको एकाग्रता हो । श्रद्धा, वीर्य, सतिकै आधारमा समाधि विकसित हुनुपर्छ । एकाग्रता भएको चित्त पवित्र हुन्छ । यसलाई चित्त-विसुद्धि पनि भनिन्छ । चित्त पवित्र भएको बेला चित्तमा कडापना ( पटिघ) हुँदैन । आगोसमान पोल्ने रागहरू पनि हुँदैन । क्लेश नहुँदा चित्त हलुँगो हुन्छ । चित्त हलुँगो भए चित्तज रूप पनि हलुँगो हुन्छ । सबै हलुँगो हुँदा बसुन्जेल आनन्द र छ्याङ्ग भइराख्छ । यसैलाई समाधि भनिन्छ ।

***५) प्रज्ञा :–***

प्रज्ञा भनेको सही प्रकारले स्कन्धको उदय-व्ययलाई देख्नु हो । उत्पत्ति-विनासलाई देखेको प्रज्ञा लौकिक हो किनभने लोकलाई नै देख्दैगरेको हुन्छ । त्यो लोक संस्कार लोक हो, नामरूप लोक हो । लोकलाई देखेको ज्ञान लौकिक ज्ञान हुन्छ । निर्वाण लोकुत्तर ज्ञान हो ।

यहाँनिर वीर्य र समाधिलाई पनि मिलाउनुपर्छ । सतिचाहिँ कहिल्यै पनि बढी भयो भन्ने हुँदैन । श्रद्धा र प्रज्ञालाई पनि मिलाउनुपर्छ । जस्तै कि अट्ठकथामा आएको कुरालाई मनन गर्न सकिन्छ । बजार जाने एकजना व्यक्ति गाडा गोरू नारेर गएका छन् । बाटो घुमाउरो छ । उता घुमाउनुपऱ्यो भने यताको डोरी तान्नुपर्छ । उताको अलिकति खुकुलो पार्नुपर्छ अनिमात्र गाडा घुम्छ । डोरी खिच्ने वा गाडा चलाउने व्यक्ति राम्रो सिपालु व्यक्ति हो



Downloaded from http://dhamma.digital

भने भनेको ठाउँमा गाडा पुऱ्याउन सक्छ । तान्न वा घटाउन बढाउन जानिएन भने लक्षित ठाउँमा पुगिंदैन । सतिचाहिँ लगाम समाउनेजस्तै हो । सतिले वीर्य र समाधिलाई अनि श्रद्धा र प्रज्ञालाई बराबर मिलाउनुपर्छ । श्रद्धा धेरै भयो भने र साथमा प्रज्ञा लाग्न सकिएन भने, 'लौ यहाँ कुन भगवान उत्पत्ति भएछ, पख है, म पनि जान्छु' भन्नेमा पुगिन्छ । किनभने श्रद्धामात्र बलवान भयो तर प्रज्ञा कति पनि भएन । परिनिर्वाण भइसकेको भगवानले शक्ति देखाउनुहुन्न । तपाई हामीले उदेश्य चेतिलाई मात्र मान्न सक्दछौं । भगवान नै आएर दर्शन दिन त आउनुहुन्न । भगवानलाई राम्रोसँग चिनेर मान्न जानियो भने सम्यक सम्बुद्ध भगवानलाई मानेको पुण्य बराबर हुन्छ । मान्न जानिएन भने त ठगिन्छ ।

एकजनाले रंगुनमा एक बुद्धमूर्तिमा चस्मा लगाइदिएको थियो । यो चस्मा मूर्तिमा किन लगाइदिएको भनी सोद्धा उनले यसो भनेछ – एउटा जोतिषीले भनेको थियो, "तपाईको आँखा फुट्नेवाला छ । तपाईको ग्रह दसा ठीक छैन । यसको लागि तपाईले ग्रह शान्ति गर्नुपर्छ ।" "अब के गर्नुपऱ्यो त मैले ?" "भगवानलाई चस्मा दान गर्नुपर्छ ।" त्यसैले मैले मेरो आँखा बचाउन भगवानलाई चस्मा दान गरेको हुँ । मान्छेले जानिएन भने भगवानले पनि चस्मा लगाउनुपर्ने बनाइदिन्छ ।

सही प्रकारको प्रज्ञा छैन भने र श्रद्धा मात्राभन्दा धेरै भयो भने पनि ठगाइ खाइन्छ । नहुँदोलाई मान्न पुगिन्छ । नहुँदोलाई मान्न पुग्दा तृष्णामा तानिन्छ । प्रज्ञा अगाडि भएर श्रद्धा पछाडि भयो भने चिन्तन मात्र गरिन्छ, काम केही पनि गरिंदैन । काम गर्नेतिर भन्दा यस्तो उस्तो यहाँ वहाँ भनेर विचार गर्दागर्दै पुण्य गर्नमा पछाडि परिरहेको हुन्छ । असली रत्न टिप्न पनि ढिलाइ हुन्छ ।

भगवान उत्पत्ति हुनुभयो भने पनि भगवान कहाँ यसरी सजिलै उत्पत्ति हुन्छ र भन्दै भगवानको गुणको बखान गर्दागर्दै भगवान परिनिर्वाण हुने बेलासम्म पनि धर्म सुन्न अभ्यास गर्न छोडिएको छोडिएै हुन्छ । त्यस्ता व्यक्तिहरू पनि भगवानको पालामा थिए । अहिले पनि ध्यान बस्ने व्यक्तिमा श्रद्धा कमजोर भयो भने र प्रज्ञा मात्र अगाडि सऱ्यो भने चिन्तनमात्र हुन्छ, यो रूप हो कि मन हो कि, यो यस्तो होला, यस्तो होइन होला भनी विचार



Downloaded from http://dhamma.digital

गर्दागर्दै वितर्क धेरै हुन्छ र ज्ञान पाउन सक्दैन । प्रज्ञा धेरै भए यो पनि नामरूप, त्यो पनि नामरूप, कसलाई गौरव राख्नुपर्‍यो र ! भगवानको मूर्ति पनि रूपै हो । रूप जति दुःख-सत्य हुन् । मातापिता पनि नामरूप, छोराछोरी पनि नामरूप भएपछि कसले कसलाई मान्यता राख्नुपर्‍यो र ! भनेर परमार्थतिर बढी झुकाब भइदिएर पनि गलत बाटोमा लाग्ने हुन्छन् ।

***वीर्य र समाधि -***

समाधि राम्रो हुँदैछ तर कोशिस कमजोर भयो भने झुल्नेतिर जान्छ । झुल्ने अथवा निन्द्रालाई वीर्यले भगाउँछ । एकाग्रता हुने बेलामा वीर्य कमजोर हुँदै गयो भने लठ्ठ हुँदै निन्द्रातिर ढल्किन्छ । त्यसैले समाधि र वीर्यलाई पनि मिलाउनुपर्छ ।

*'थीनमिद्ध समाधिनी'* । थीन भनेको ढिलो स्वभाव हो भने मिद्ध भनेको लठ्ठिने स्वभाव हो । यी दुईटा समाधि जस्तोजस्तो भएर झुक्याउन आउँछ । एकोहोरो हुँदाहुँदै मन कमजोर हुदैंजान्छ । वीर्य भएन भने लठ्ठिदै जान्छ । मन कतै गएको त हुँदैन तर शरीर भने लठ्ठिदै आउँछ र मन पनि लठ्ठिदै आउँछ । यसरी शरीर र मन लठ्ठिएको भवंग-चित्त धेरै भएर हो । जवन-चित्त कमजोर भएर भवंग-चित्तमात्र भयो भने निन्द्रा र तन्द्रामा पुगिन्छ । यस्तो अवस्थामा बस्न त आनन्दै हुन्छ । दुख्ने पोल्ने पनि हुँदैन, मन पनि बाहिर कही गएको हुँदैन तर थीनमिद्धले छोपिराखेको हुन्छ । भवंग धेरै भएको कारणले के भइरहेको हो थाहै हुँदैन । मेरो मन त कतै गएको छैन, मन र शरीर त हरायो । लौ, मैले त ज्ञान भेट्टाएछु भनेर अतिमान (अभिमान) चढेर आउँछ । समाधिलाई थीनमिद्धले आएर यसरी झुक्याउँछ । त्यतिबेला मन बाहिर गएको पनि हुँदैन, उत्पत्ति विनास पनि देखिएको हुँदैन । होस आउँदा अघि त झप्पै भएको थियो, नामरूप त निभेछ क्यारे भनेर स्रोतापन्न भएछु कि भन्नेहरू पनि हुन्छन् । यसरी थीनमिद्धले झुक्याउँछ । थीनमिद्ध समाधिको नजिकमा हुन्छ। समाधिको शत्रु थीनमिद्ध हो र यसलाई वीर्यले मात्र हटाउन सक्छ । मन कहीं गएको छैन, ठीक त छु नि भन्ने मनमा भयो भने वीर्य हलुका हुन्छ । यसलाई बढावा मिल्दै गयो भने वीर्य कमजोर भएर हराउन सक्छ । अनि थीनमिद्धले ठाउँ ओगट्छ । थीनमिद्धहरूले ठाउँ लिंदा मन एकोहोरो भई लठ्ठिएको हुन्छ । अनि स्कन्धको



Downloaded from http://dhamma.digital

उदय-व्यय स्वभावलाई नदेखिने हुन्छ ।

त्यसैले समाधिमा वीर्य मिलाउनुपर्छ । वीर्य र समाधि बराबर मिलेको हुनुपर्छ, अनिमात्र इन्द्रिय बन्छ । समाधि भयो भने समाधि सम्बन्धका सम्पूर्ण चेतसिक धर्महरूलाई समाधिले नै डोऱ्याएर एकाग्रतातिर तानेको हुन्छ । वीर्यमा पनि वीर्य वीर्य वीर्य भई कोसिस गर्ने चित्त चेतसिक धर्महरूलाई समाधिले नै वीर्यतिरै तानेको हुन्छ किनभने वीर्य इन्द्रिय (मालिक) भएर सबैलाई उसकै मार्गमा डोऱ्याएको हुन्छ। वीर्य कमजोर भयो भने वीर्य सम्बन्धमा चित्त चेतसिकहरू आफ्ना मालिक नभएपछि बस्दैनन् । मालिकै छैन भने सबै भागाभाग हुन्छन् । वीर्य मात्रै तेज हुँदैगए पनि यसपाली त ध्यानमा एकाग्रता बनाएरै उठ्छु भन्ने वीर्य भए पनि वीर्यमात्र अगाडि गएको हुन्छ, समाधि लागेको हुँदैन । यसले उद्धच्चतिर पुऱ्याउँछ । यसो गर्छु, यति गर्छु भन्ने वीर्य त छ तर समाधि भइरहेको हुँदैन । त्यसैले वीर्यले पनि उद्धच्चतिर तान्छ । त्यसैले पनि वीर्य र समाधि मिलाउनुपर्छ ।

लौकिक काममा पनि वीर्य र समाधि मिलेको छैन भने चोटपटक लाग्ने अनेक घटनाहरू भइरहन्छन् । किचनमा काम गर्दा पनि यति काम भ्याएर अर्को काम पनि भ्याइहाल्छु भनेर ध्यान कम छ तर हात खुट्टा छिटछिटो चलेको छ भने हात काटिने वा खुट्टामा घाउ लाग्ने हुन्छ । यसमा पनि वीर्य बढी भयो अनि समाधिचाहिँ कम्ती भयो । काममा पनि काम अनुसारको एकाग्रता चाहिन्छ । किताब पढ्दा पनि यस्तै हो । यो किताब पढिसकेर अर्को पढ्छु भनेर छिटछिटो पढ्दा किताब पनि सकिनु, पढेको पनि बिर्सनु हुन्छ। समाधि भएन, सिर्फ भ्याउनुपरेको मात्र हो । किताबभित्रको कुरा बुझ्नचाहिँ होइन । पढ्दा पढेकोमा बराबर ध्यान लागेको हुनुपर्छ । छिटो गर्छु भन्दा ध्यान पछि लाग्न सक्दैन । पढुन्जेल मात्र हो । पछि सोध्दा वा भन्नुपर्दा कति पनि याद रहँदैन । त्यसैले पनि समाधि र वीर्य मिलाउनुपर्छ ।

सति(होस) धेरै भयो भन्ने हुँदैन । भगवानले पनि परिनिर्वाण हुने बेला अन्तिम वचनमा पनि *'अप्पमादेन सम्पादेथ'* भन्नुभएको छ । अप्रमादी भएर बस्नुपर्छ, बेहोसी भएर बस्नुहुँदैन भन्नुभएको छ । होस कमजोर भयो भने विश्वास पनि गलत, समाधि पनि गलत, वीर्य पनि गलत हुनसक्छ ।



Downloaded from http://dhamma.digital

यी सबैलाई मिलाउने काम सतिले गर्छ । ती सबै मिलेपछि इन्द्रिय हुन्छ । श्रद्धा पनि इन्द्रिय हुन्छ, प्रज्ञा पनि इन्द्रिय हुन्छ, समाधि पनि इन्द्रिय हुन्छ र वीर्य पनि इन्द्रिय हुन्छ । अनि श्रद्धा सम्बन्धका, प्रज्ञा सम्बन्धका, समाधि सम्बन्धका र वीर्य सम्बन्धका चित्त चेतसिकहरू आआफ्ना अधिकारमा हुन्छन् र स्कन्धको परमार्थ कतै पनि उम्किन पाउँदैन । इन्द्रिय भयो भनेको छिपियो वा मालिक बन्यो भनेको हो । अनि स्कन्ध परमार्थलाई सही प्रकारले देख्न थालिन्छ र त्यो इन्द्रिय बलमा परिणत हुन्छ । बल भएपछि क्लेशलाई काट्न सकिन्छ । त्यसैले सद्धिन्द्रिय, पञ्ञेन्द्रिय, समाधिन्द्रिय, वीरियइन्द्रिय, सतीन्द्रिय बन्दछ र यी ५ बलको रूपमा परिणत हुन्छन् ।

***झानपच्चयो (संक्षेपमा) –***

झान भनेको ध्यान हो । ध्यान लगाउनु नै ध्यान हो । ध्यान लगाउने अंग ५ प्रकारका छन् । एउटै कुरामा एकाग्र भइरहेकोलाई ध्यान भनिन्छ भनेर अर्थकथाले पनि भन्छ । जस्तै पर्वतको उँचाईमा बसेकाले तलका सबैलाई देख्छन् । रूखमाथि बस्नेले पनि तलकालाई देख्छन् । आफूसँगै हुने इष्टमित्रलाई पनि देखाउन सक्छन् । *'झान सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं झानपच्चयेन पच्चयो ।'*

ध्यानसँग सम्पयुक्त भएर आउने चित्त चेतसिक धर्महरूलाई र त्यो ध्यानसँगसँगै उत्पत्ति हुने चित्तज रूपलाई पनि एकाग्रता ध्यानले उपकार गरेको हुन्छ । (तंसमुट्ठानानञ्च रूपानं भनेको चित्तज रूप हो । कटतरूप भनेको कर्मजरूप हुन् ।) ध्यानचित्त भयो भने चित्त चेतसिक र त्यस सम्बन्धको चित्तज रूपलाई पनि यता आऊ, यहाँ हेर त भनी नबोलाए पनि बोलाएझैं आफूले देखेको कुरा सबैलाई देखाउँछ । यसरी देखाउनेमा ध्यानका अंगहरू ५ हुन्छन् – वितर्क, विचार, प्रीति, सुख र एकाग्रता ।

वितर्क भनेको चिन्तन वा सोचाइ हो । विचार भनेको मनन गरेको, छ्यान पहिचान गरेको हो । प्रीति भनेको विषयमा तानिएर गद्गद् भइरहेको हो । सुख भनेको सुखानुभूति भएर आएको जस्तै पानीको मूल फुटेर तलबाट पानी निस्किरहेझैं सुख भित्रबाट आइरहेको हुन्छ । एकाग्रता भनेको एक ध्यावन्ति अर्थात् आलम्बनमा ध्यान लागिरहेको अवस्था हो । वितर्कले



Downloaded from http://dhamma.digital

थीनमिद्धलाई हटाउँछ । राति निन्द्रा नलागेको व्यक्तिको मनमा वितर्क भइरहेको हुन्छ । वितर्क भइरहेको बेला थीनमिद्ध हुँदैन ।

यी पाँचवटैलाई ध्यान भनिन्छ । धेरैले बुझे अनुसार ध्यान भनेको आकासैमा उड्नेलाई भनिन्छ । आकासमा उड्नेसँग ध्यानको सरोकार नै हुँदैन । आकासमा उड्ने भनेको अभिज्ञान हो । परचित्त जान्ने पनि अभिज्ञान हो । ध्यान भन्ने त कुशलमा पनि हुन्छ, अकुशलमा पनि हुन्छ । ती पाँच अंग त भइनै रहने स्वभाव हुन् । कुशलमा ध्यान भएकोलाई हेर्ने हो भने – दान गर्छु भनेर चिन्तन गरियो । यो वितर्क भयो । दान दिन योचाहिँ ठीक हुन्छ होला भनेर सोचेको विचार भयो । धन्न, मौका मिल्यो र दान गर्न पाएँ भनेर भित्रबाट गद्‌गद् भएको प्रीति हो । त्यसरी गद्‌गद् भएको बेला मनको सुख, कायको सुख हुन्छ । अहो, राम्रो काम गरेछु भनेर त्यसैमा एक ध्यान लगाएको एकाग्रता हो । यो प्रथम ध्यान हो । अकुशलमा पनि यिनी ५ अंग नै हुन्छन् । यी ध्यान ५ वटा मिल्यो भन्दैमा पुण्य मिल्यो भन्न हुँदैन । एकाग्रतामा शक्ति त हुन्छ । शक्ति कुशलमा पनि हुन्छ । अकुशलमा पनि हुन्छ । शक्तिसंग पुण्यको मतलब हुँदैन ।

### *आकासमा उड्ने साधुको प्रसंग –*

जातक कथाको प्रसंगमा एउटा घटना आउँछ । भगवानको पालामा एक व्यक्ति आकासमा उड्थे । आकासबाट उडेर आएर राजाका धेरै रानीहरूमध्ये एक रानीसँग सुतेर जान्थे र जाँदा पनि आकासमा उडेरै जान्थे । उड्न सके पनि कामेसु मिथ्याचार कर्म गर्थे । रानीले राजालाई भनिन्, "महाराज यहाँ त राति एकजना नाङ्गा साधु आउँछन् ।" भनेर रानीले सबै बेलिबिस्तार राजालाई सुनाइन् । राजाले भने, "तिनलाई समात र चिच्याऊ, म उठेर आउँछु ।" "त्यसरी पनि म सक्दिनँ ।" "अब आयो भने एउटा चिन्ह बनाऊ ।" "हुन्छ, म गर्छु ।" रानीले नङ तिख्याएर राखिन् । त्यो साधु आउँदा नङले क्वाररर कोतारिदिन्छिन् । उनले राजालाई भनिन्, "महाराज, उनको जीउभरि नङले कोतारिदिएकी छु । शरीरभरि रगत निस्केको छ ।" राजाले गुप्तचरलाई यस्तो यस्तो व्यक्ति छ, सबैतिर खोज भनेर आदेश दिए । खोज्दैजाँदा एक ठाँउमा एउटा खुट्टा टेकेर हात उठाएर आचरण गरिरहेको व्यक्तिलाई देखे । शरीरमा हेर्दा नङले कोतारेको देखे ।



Downloaded from http://dhamma.digital

यही नै हो भनेर गुप्तचरहरूले घेरा हाले तर समाउन सकेन, त्यो साधु उडेर गयो । उनीहरूले राजालाई बताए, "महाराज त्यो साधु त उड्रेर गयो । हामीले समाउन सकेनौं ।" राजाले उर्दी जाहेर गरे – 'मेरो देशमा श्रमण ब्राम्हण र आचरण गर्ने कुनै पनि व्यक्ति बस्न पाउँदैन भनेर त्यस्ता व्यक्ति सबैलाई देश निकाला गरे । त्यो समयमा प्रत्येक बुद्धहरू पनि हुनुहुन्थ्यो । त्यो एक व्यक्तिको कारणले राजाको हुकुम जारी हुँदा प्रत्येक बुद्धहरू पनि देश निकालामा परे । त्यतिखेर बोधिसत्व इन्द्र हुनुहुन्थ्यो । राजालाई सम्झाउन इन्द्र आइपुगे । इन्द्रले भने, "महाराज, त्यो एकजनाले गर्दा प्रत्येक बुद्धहरू पनि देश निकालामा परे । यो साह्रै नराम्रो काम भयो । तपाईले त्यो एउटी रानीलाई त्याग्न सक्नुहुन्न ? त्यो एकजना साधुको कारणले अरू राम्रो आचरण गर्नेलाई सजाय दिन मिल्दैन ।" यसरी आकासमा उड्न सके पनि अकुशल आचरण गर्नेहरू पनि हुन्छन् ।

शक्ति भनेको कुशलमा पनि हुन्छ, अकुशलमा पनि हुन्छ। त्यसैले ध्यान राम्रो छ भन्दैमा हुँदैन । ध्यान कुशलतिरको हो कि अकुशलतिरको हो थाहा हुनुपर्छ । अघि माथि उल्लेख गरिएको दानमा भइएको झान अंग ५ वटालाई कामावचर ध्यान भनिन्छ । ध्यान पनि कामावचर, रूपावचर, अरूपावचर र लोकुत्तर ध्यान हुन्छन् । लोकुत्तरलाई अहिले छोडौं । ध्यानको एकाग्रताभन्दा दान गर्ने कुशलताको एकाग्रता महत्वपूर्ण हुन्छ । दान गर्ने एकाग्रतामा दान प्रमुख भएकोले त्यो दानको कुशल कामवचर कुशल हो । कामावचर कुशलसँगै भएको ध्यानलाई कामावचर ध्यान भनिन्छ । यसमा वितर्कको कुशल पनि छ । विचार पनि दानको कुशलमा आएको छ । प्रीति पनि दानकै कुशलमा आएको छ । सुख पनि दानकै कुशलमा आएको छ । एकाग्रता पनि दानको कुशलमा आएको छ । यसरी कामवचर कुशल अति तेजिलो हुन्छ । अकुशलमा पनि त्यही अनुसार हुन्छ । भोलि पुनः झानपच्चयोको साथै मग्ग पच्चयोलाई पनि अगाडि बढाउँदै लगिनेछ ।

***पटठान पालि देशना अन्तर्गत बीसौं दिनको 'इन्द्रियपच्चय र झानपच्चय – २ देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# एक्काइसौं दिन

## (झानपच्चयलाई मिलाएर)

## २१

पट्ठान देशनालाई गम्भीरतासाथ सुन्नुपर्छ । यसलाई बुझियो भने अरू जुनसुकै देशना पनि यसैभित्रबाट आएको हुन्छ । यसैभित्रबाट मात्र आउने हुँदा धर्ममा कुनै शंका नहुने हुनसक्छ । यदि कसैबाट गल्ती भयो भने पनि आफूबाट गल्ती त हुँदैन । कसैले गलत ढंगले उपदेश गरेर गलत प्रचार गरे भने पनि आफू त गल्तीमा पर्दैन । बुझेको छैन भने र गलत उपदेश भयो भने आफू पनि त्यसै गल्तीमा फसिन पुगिन्छ । त्यसकारणले आफ्नो बुझाइ बलियो बनाउनुपर्छ । सही मार्गमा लागे ज्ञान दर्शन बुझिन्छ । छर्लङ्ग जानिसकेपछि फसिन पर्दैन । त्यसैले ध्यानपूर्वक गहिराइमा पुगेर सुन्नुपर्दछ । सुनिसकेर पनि बारम्बार मनन गरिरहनुपर्छ । सुनेर मनन गरिएन भने बुझाइ पक्का हुँदैन ।

### *झान पच्चयो –*

झानमा ५ वटा अंग आउँछन् – वितर्क, विचार, प्रीति, सुख र एकाग्रता । झानमा प्रथम ध्यान, द्वितीय ध्यान, तृतिय ध्यान, चतुर्थ ध्यान र पञ्चम ध्यान हुन्छन् । *पालिमा झान भनेको ध्यान हो ।* ध्यान भनेको कुनै विषयमा एकाग्र हुनसक्नु हो । एकोहोरो अथवा एकाग्र भन्नेवितिकै एउटा चित भयो जस्तै वितर्क - वितर्क चित एउटा मात्र हुदैन । त्यससँग सम्पयुक्त धर्महरू पनि हुन्छन् । *झान सम्पयुत्तका च धम्मा* = ध्यान अंग सँगसँगै उत्पति हुने धर्म र *तं सम्पयुत्तकानानञ्च रूपानं झानपच्चयेन पच्चयो* । वितर्क हुनेवितिकै वितर्क सम्बन्धको चित्त चेतसिक धर्महरूलाई



Downloaded from http://dhamma.digital

बोलाउँछ र डोऱ्याएर लाने हुन्छ । जुन विषयमा वितर्क गर्दैछ सम्प्रयुक्त धर्म पनि त्यसको पछि लाग्छन् । हिजो दिइएको उपमामा जस्तै डाँडामा उभिएको व्यक्तिले टाढासम्मको दृष्य सबै देख्न सक्छ र तल बसेका सबैलाई 'आउ हेर त' भनेर बोलाउँछ र अरूलाई पनि हेराएको हुन्छ । सम्पयुक्त धर्म तानिंदा चित्तज रूपहरूलाई पनि त्यतै तानिन्छ सबै त्यसै विषयलाई हेर्नमा ल्याउने भएकोले यसलाई 'झान' भनिन्छ ।

झान कुशलमा पनि हुन्छ, अकुशलमा पनि हुन्छ । झानका ती पाँच अंगहरू कुशल अकुशल दुईटैमा आउँछन् । वितर्कमा कुशलको चिन्तन हो भने कुशलकै ध्यान भइरहेको हुन्छ । अकुशलको चिन्तन हो भने अकुशलकै ध्यान भइरहेको हुन्छ । वितर्क भनेको चिन्तन गर्नु वा तर्क गर्नु हो । वितर्क भएपछि उद्धच्च हुँदैन । उद्धच्च भनेको समाधिमा नभएको चित्त हो । उद्धच्च भएको बेला चित्त कहाँ गएको छ, थाहै हुँदैन । जथाभावी यहाँ वहाँ चित्त भागिरहेको हुन्छ । सोचाइ चिन्तनतिर पनि होइन । वितर्कमा त सोचाइकै चित्त चेतसिक र रूपहरूलाई पनि तानिरहेको हुन्छ । कुनै व्यक्ति एकोहोरो भएर बस्दा सोचिरहेको भन्न सकिन्छ । एकोहोरो अथवा एकाग्रता भएकोलाई नै ध्यान भनिएको छ । त्यसैले वितर्क भनेको पनि ध्यान हो । धेरैजसोले जानेको ध्यान त पूरै ब्रम्हलोक पुग्ने ध्यानलाई लिइन्छ । आकासमा उड्छ, परचित्तलाई पनि जान्दछ, के के गर्छ भनेर जानेको हुन्छ । ध्यान भनेको यी होइनन् । यीभन्दा भिन्दै हुन्छ । ध्यान भनेको नै ध्यानका ती पाँच अंगहरू हुन् भनी बुझिलिनुपर्छ । पट्ठानले प्रष्टै बताइदिएको छ कि ध्यान भनेको वितर्क विचार, प्रीति, सुख र एकाग्रता हो । तर यी कुशल सम्बन्धमा र अकुशल सम्बन्धमा पनि लागु हुन्छन् ।

हिजो भनिएअनुसार पनि दानमा पनि ध्यान अंग हुन्छन् । दान दिने विचार आयो । यो दिने यस्तो दिने भन्ने विचार पनि भयो । दान दिन पाएकोमा प्रीति अर्थात् गद्गद् हुने चित्त जाग्यो । अनि सुखको आभास पनि भयो । प्रीति र सुखमा के फरक छ भन्ने बारेमा एउटा उपमा दिइएको छ । पानी बगेको प्रीति हो । पानी रसाएको सुख हो । रसाएको देखिदैन तर पानी बगेको भने देखिन्छ । भित्रबाट पानी रसाएजस्तै सुखको अनुभूति भएको सुख हो । त्यो सुखलाई रूचाएको हुन्छ। रूचाइएको हुँदा मन बाहिर



Downloaded from http://dhamma.digital

जाँदैन । नरूचाइनाले मात्र बाहिर जान्छ । रूचाइएकोले मन एकाग्र हुन्छ । कुनै चलचित्र हेर्दा त्यसमा रूचि भइरहेको छ भने त्यसमा आँखै नझिकी हेरिन्छ । किनभने त्यसमा रूचि भइरहेको हुन्छ र छोड्नै सकिरहेको हुँदैन । नरूचाइएको भए आँखा र मन बाहिर जान थाल्छ । रूचि लागेको कुरा मनमा आयो भने त्यसैमा मनन गर्दै रहन्छ । त्यसैले रूचाइएकोमा एकाग्रता हुन्छ ।

त्यसैले शमथ भावना मात्र गर्ने व्यक्तिले जब प्रथम, द्वितीय . . ., ध्यान भयो भने त्यो ध्यानलाई छोड्नै सक्दैन । किनभने उसलाई त्यसबाट प्रीति सुख मिलिरहेको हुन्छ । दान गरेको बेलामा पनि ती पाँच अंग हुने हुनाले ध्यान अंगहरू त दानमा पनि हुन्छन् । तर प्रमुख भएको चाहिँ दान गर्छु भन्ने चेतना हो । त्यो दान गर्छु भन्ने चेतना कुशल हो । कुशलमा पनि कामवचर कुशल, रूपवचर कुशल, अरूपवचर कुशल र लोकोत्तर कुशल हुन्छन् । दान कुशलचाहिँ कामवचर कुशल हो किनभने त्यसले कामलोकमा फल दिन्छ । कामभूमिमा रहने प्राणीमा कामतण्हा हुन्छ । ध्यानले कामतण्हालाई हटाएको हुन्छ । हटाएको हुँदा कामवचर कुशल कटेर जान्छ । कामवचर कुशल प्रमुख हुँदा ध्यानका ५ अंग प्रमुख नभइकन दानका चेतना प्रमुख भइदिइकोले त्यसलाई ध्यान भनेर प्रयोग नगरेको मात्र हो तर हुन त यसमा ध्यान अंग ५ वटा मिलेकै हुन्छन् । त्यसैले यसलाई कामनचर ध्यान नै भन्नुपर्छ । विपश्यना हुने अंगहरू पनि कामवचर नै हुन् ।

अकुशल गर्ने व्यक्तिहरूमा पनि चोर वा डाँकालाई नै विचार गरौं । मानौं, कुनै ठाउँमा चोर डाँकाले चोर्ने र डाँका मार्ने विषयमा चिन्तन गरे । कसरी गर्ने के गर्ने भनेर चिन्तन गऱ्यो । ती सबै वितर्क अकुशल हुन् । त्यसपछि आफनो कल्पनाउपर विचार गर्दैगए । अँ, यसो गर्न ठीक हुन्छ कि हुन्न भनेर बारम्बार विचार गर्दैगए । यसरी चोऱ्यो भने अनि मौका हात पऱ्यो भने यति त फाइदा हुन्छ भनेर फाइदातिर सोचे । त्यसपछि खुसी हुन थाले । मिलेकै छैन तर पनि मनमनै मिलाइसकेको हुन्छ । त्यसरी खुसी भएको बेलामा सुख हुन्छ, दुःख त हुँदैन । सुख आइरहेको बेलामा चित्तमा एकाग्रता हुन्छ । यसरी प्रथम ध्यानाङ्ग पूरा हुन्छ



Downloaded from http://dhamma.digital

तर त्यो अकुशलमा ध्यान भएको हुन्छ ।

एउटा नाटककै कुरा गरौं – नाटक हेर्दा कलाकारहरूले अभिनय गरेको पनि हेर्नुपर्‍यो । मनले त्यहीं हेर हेर भनेर मनलाई घचेटिरहेको हुन्छ । वितर्कले तानिरहेको हुन्छ । वितर्कको स्वभाव विषयतिर चढाइदिइराख्ने हुन्छ । उनीहरूको अभिनयलाई हेरेर विचार गर्दैछ, भनेको कुरालाई सुन्दैछ, मनन गर्दैछ, विचार पनि आइरहेको हुन्छ । हेर्दा त्यसैमा खुसी पनि हुन्छ, प्रीति पनि आइरहेको हुन्छ । इच्छा लागेजस्तै हेर्न पाएको छ भने आनन्द पनि हुन्छ र सुख पनि आइरहेको हुन्छ । त्यो सुखमा एकोहोरो हुँदा एकाग्रता पनि हुन्छ । यो नै प्रथम ध्यान हो । तर यो ध्यान अपायतिर लैजाने ध्यान हो । ब्रम्हलोक लैजाने ध्यान त यो होइन ।

लौकिक ध्यान साह्रै नै कच्चो हुन्छ । अलिकतिमा पनि भंग हुन सक्छ । कुनै विषयमा सोचाइ भयो, त्यो वितर्क भयो । त्यसमा विचार पनि भयो र प्रीति, सुख र एकाग्रता पनि भयो । कसैले छेउमा गएर 'के गर्न लाग्नुभएको' भन्नेवितिकै झसङ्ग हुन्छ । झसङ्ग हुनेवितिकै अघिको ध्यान सबै मासिन्छ, अलिकति पनि बाँकी रहँदैन ।

यसरी चिन्तन गर्ने ध्यानलाई त परै राखौं, आकासमा उड्ने ध्यान पनि कच्चो हुन्छ । अभिज्ञानले आकासमा उड्दैछ भने पनि पक्को हुँदैन । यी ध्यान पाँचवटैलाई सिद्धि गरेर यसलाई बारम्बार अनुलोम प्रतिलोमको अभ्यास गर्दागर्दै अभिज्ञानहरूको विकास हुदैँजान्छ । आकासमा उड्ने सिद्धिको सुरूवात त यी ध्यानबाटै हुने हो । प्रथम ध्यानाङ्ग नै वितर्क हो । द्वितिय ध्यानाङ्ग विचार हो । तृतीय ध्यानाङ्ग प्रीति हो ' चतुर्थ ध्यानाङ्ग सुख हो र पाँचौ ध्यानाङ्ग एकाग्रता हो । प्रथन ध्यानमा वितर्क प्रमुख भएको हुन्छ । द्वितिय ध्यानमा वितर्क हराएको हुन्छ । विचार, प्रीति, सुख र एकाग्रता बाँकी रहन्छ । तृतीय ध्यानमा विचार हराएको हुन्छ । प्रीति, सुख र एकाग्रता बाँकी रहन्छ । चतुर्थ ध्यानमा प्रीति हराएको हुन्छ । सुख र एकाग्रता बाँकी रहन्छ । पञ्चम ध्यानमा सुख पनि हराएको हुन्छ । एकाग्रता मात्र बाँकी रहन्छ ।



Downloaded from http://dhamma.digital

## कसिण र आनापानको प्रसंग –

प्रथम ध्यानमा जाँदा रूपावचर, अरूपवचरतिर जाने ध्यानमा हेर्ने हो भने ४० प्रकारका कर्मस्थानहरू हुन्छन् । धेरैजसोमा त आनापान स्मृतिलाई लिइन्छ । अनुस्मृति स्मरण गर्नुलाई पनि लिइन्छ । पहिलेपहिले ऋषिमुनिहरू कसिण धेरै हेर्थे । कसिणबाट छिटो ध्यान सिद्धि हुन्छ भन्थे । कसिण हेर्नेले माटोलाई गिलो बनाएर गोलो बनाई रातो रंग लगाई घाममा सुकाइदिन्छ । अनि त्यसलाई आफू बसेर हेर्ने ठीक्क हुने गरी अगाडि राखिन्छ । अनि रातो रातो, अथवा हरियो हरियो (जस्तो रंग लगाएको छ) आँखाले पनि त्यही रंग, मनले पनि त्यही रंग देखिरहेको हुन्छ । १ घण्टासम्म यसरी अभ्यास गर्दा आँखा बन्द गरे पनि रातै देख्छ । जति सकिन्छ त्यति समयसम्म १/२/३/४ घण्टा वा दिनभरि हेरिन्छ । आँखा बन्द गरे पनि, सुते पनि रातो नै देखिरहेको हुन्छ । बाहिरफेर जाँदा पनि रातो नै देखिरहेको हुन्छ । त्यो समाधिलाई उसले कुनै बेला पनि छोड्दैन । निन्द्रा लागे पनि बिउँझनेबित्तिकै रातो रातो रातो एकोहोरो देखिरहेको हुन्छ । यसरी ४/५ दिनसम्म हेर्ने अभ्यास गरेपछि हेरिराख्नै पर्दैन । अनि त आँखा खुल्ला गरे पनि रातै अगाडि देख्छ । आँखा खुल्दा पनि रातो, आँखा बन्द गरे पनि रातो नै देखिराख्छ । यसरी अभ्यास गर्दागर्दै पछि त त्यो रातो पनि हराएर शीशा जस्तै टल्कने देखिनथाल्छ । शीशा जस्तो झलझल झलझल देखिराख्छ । या पटिभाग निमित्त हो । जस्तै आनापान गर्नेले पनि सास प्रस्वासलाई एकनास हेर्छ । सास बाहिर निस्केको, भित्र पसेको, बाहिर निस्केको, भित्र पसेको हेर्छ । तर यो हेराइ अनित्य, दुःख अनात्मातिर गएको हुँदैन । यो समथ भावना हो । मन बाहिर जान नदिन बारम्बार सासमा नै मन राख्न ल्याउनुपर्छ । बाहिर जाने मनलाई फर्काएर ल्याउँदै सासमै चढाउँदै गरेको वितर्क हो ।

## बाछोको (आनापानमा मनलाई कजाउने) उपमा –

विशुद्धि मार्गमा एउटा उपमा दिइएको छ – गाई दुहुने व्यक्तिले गाईलाई एउटा खाँबोमा बाँधेको छ । उतापट्टि एउटा किलो गाडेको छ । पहिले बाछोलाई छोडिदिन्छ । बाछोले गाईको थुनमा एकछिन चुस्छ । गाईले



Downloaded from http://dhamma.digital

पनि आफनी छोराछोरीको मायाँले गर्दा भित्रबाट दुध रसाएर आउँछ । त्यसैबेला दुध चुसाइबाट त्यस बाछोलाई छुटाएर किलामा बाँधिदिन्छ । भर्खर दुध अलिकति मात्र चुस्न पाएको थियो किलोमा बाँधिएपछि त्यो बाछो यता दगुर्छ उता दगुर्छ, झम्टिन कोसिस गर्छ । तर बाँधिएको हुनाँ जति झम्टे पनि फनक्क मात्र घुम्ने हुन्छ । यसरी यताउता चल्दा बाँधिएको डोरी किलोमा बेरिन्छ । उसले सकेसम्म बल गरेर उम्कन कोसिस गर्छ तर अन्तमा हरेस खाएर थुचुक्क बस्छ । आमाको दुध अब खान दिन्न भनेर बाछो निरास हुन्छ ।

त्यस्तै आनापानमा पनि सुरुमा त मन पनि यता भाग्छ, उता भाग्छ । स्वास प्रस्वास स्वास प्रस्वास मात्र हेरको मन स्वाटै निस्केर जान्छ । अनि फेरि फिर्ता ल्याएर नाकैमा चढाइदिनुपर्छ । ऐ ननिस्की, त्यसरी निस्केर हुन्न भन्यो, बाहिर गइहाल्छ र फेरि फिर्ता ल्याएर नाकमै चढाइदिनुपर्छ । मनले पनि बाहिर निस्कन बल गरेको हुन्छ, यताबाट पनि फर्काएर त्यहीं राख्न बल गरेको हुन्छ । बाछो पनि दुध खान जान बल गरेको छ, यता किलोमा डोरीले तानिहाल्छ । घुमेर हुन्छ कि भनेर बल गर्छ, डोरीले फेरि किलैमा तान्छ । फनफनी घुम्छ । डोरी किलामा बेरिन्छ । बेरिंदाबेरिंदै बाछोले पनि विचार गर्छ – कसरी यहाँबाट उम्कूँ, यताबाट हुन्छ कि उताबाट हुन्छ । तर अन्त्यमा केही सीप नलागेपछि किलामुनि थुचुक्क बस्छ ।

## पुब्बभाग/पटिभाग/उग्गह निमित्त –

बाछो फनफन घुमेजस्तै चित्त पनि त्यसरी नै घुम्छ । सास प्रस्वासमै मन चढाइदिइराखेको वितर्कले हो । बाछो थाकेर उफ्रिन कम भएजस्तै मनले पनि सासमै बसेर बाहिर निस्कयो, भित्र आयो भनेर जान्दछ । मन बाहिर गएको छ कि छैन भनेर अर्काले विचार गरिराखेको हुन्छ । निस्कँदा पनि, भित्र पस्दा पनि विचार गरिदिइराखेको छ । बाहिर निस्कन थाल्यो भने वितर्कले सासमा चढाइदिइहाल्छ । सम्पयुक्त धर्महरूले पनि त्यसैमा काम गरेका हुन्छन् । रूप पनि त्यतैतिर तानिइराखेको हुन्छ । विचारले त्यो मनलाई बारम्बार विचार गरिदिइराखेको हुन्छ । मन बाहीर निस्कन्छ कि निस्कँदैन भनी विचार गरिदिइराखेको हुन्छ । निस्कयो भने



Downloaded from http://dhamma.digital

चढाइदिने त वितर्कले भइहाल्यो । त्यसैलाई विचार गरिराखेको विचारले हो । कसरी निस्केको छ ? ठोकिएर निस्केको छ कि सुरर निस्केको छ कि सुरर पसेको छ, विचार गरिरहेको हुन्छ । कसैकसैलाई बाहिर निस्केको र पसेकोमा अन्तर नरही डोरी झैं एकनास आइरहेको गइरहेको भान हुन्छ । यसैलाई *'पुब्बभाग निमित्त'* भनिन्छ । त्यसैलाई हेर्दैजाँदा कसैलाई त मोतिका डल्ला जस्तो सुरसुर भित्र पस्दै बाहिर निस्कदै गरेको भान हुन्छ । देख्दै अलि प्रष्ट हुँदैगयो भने *'पटिभाग निमित्त'* हुन्छ । सबैलाई त्यस्तै अनुभव त हुँदैन । यस्तै अनुभूति हुँदैगएपछि अगाडि तिरमिर तिरमिरजस्तै देखिने ताराजस्तो देखिन्छ । बिस्तारै बिस्तारै नजिक नजिक हुँदै आएर गोलो आकारको घुमिराखेझैं छर्लङ्ग देखिन्छ । यसो भएकोलाई *'उग्गह निमित्त'* देखिंदैआएको भनिन्छ । मन कतै नगएर त्यहीं घुमिरहेको हुन्छ । वितर्कले पनि त्यहीं चढाइदिइराखेको हुन्छ । विचारले त्यसैलाई विचार गरिदिइरहेको हुन्छ । फिंजियो, जम्मा भयो, फिंजियो जम्मा भयो भनेर विचारले मनलाई काम दिइराखेको हुनाले मन बाहिर जान पाएको हुँदैन । त्यसरी हुँदाहुँदै मन पनि सङ्लो सङ्लो हुँदैआउँछ । मन सङ्लो हुँदैआउँदा प्रीति हुन्छ । प्रीतिको स्वभाव चित्तलहुता र मनको हलुँगोपना हुन्छ । कायलहुता र काय पनि हलुँगो हुन्छ । मुदिता नरमपनाको हुन्छ अनि त सिरिङ सिरिङ भएर जीउभरि काँडा उम्रेजस्तो भई कहिल्यै नपाएको सुखको अनुभूति हुन्छ । यो सुख कामसुखसित मिल्दैन । त्यो गद्गदी गएको खुसी त रूचि हो। रूचिलाई विचार गर्दैछ । अनि त्यहाँ पानी रसाएजस्तो सुखको अनुभूति हुन्छ । त्यही सुखमा एकाग्रता भएको प्रथम ध्यान सिद्धि हो । तर अभिज्ञान प्राप्त भएको हुदैन ।

प्रथम ध्यानमा ५ वटै ध्यानाङ्ग हुन्छन् । जब त्यो सुखानन्दमा हेर्दै गर्दा पछि त घरीघरी मनलाई त्यसमा चढाइदिइराख्ने काम फाल्तुजस्तो देखिन थाल्छ । मनलाई चढाइ दिइराख्ने काम झन्झट लाग्नथाल्छ । मनलाई चढाइदिइराख्न नपरिकन एकाग्रता भए कति राम्रो हुन्थ्यो भन्ने लाग्नथाल्छ । सुरूमा त नचढाइदिई हुँदैन । मन बाहिर गयो भने ल्याउनुपर्‍यो, गयो ल्याउनुपर्‍यो । यता निमित्त देखियो भने त्यसैमा चढाइदिइराख्नुपर्‍यो, कतै जान नदिइकन त्यसैमा बारम्बार चढाइदिइराख्नुपर्‍यो । चढाइ दिइएन

Downloaded from http://dhamma.digital

भने बाहिर जान्छ र बाहिरको चिन्तन हुन्छ र ध्यान हराउँछ । वितर्कले जहाँ चढाइदिन्छ विचारले पनि त्यहीँ विचार गरेको हुन्छ । वितर्कले बाहिर पुऱ्यायो भने विचारले पनि बाहिरकैमा विचार गर्छ । प्रीति पनि, सुख पनि बाहिरतिर जान्छ । त्यसैले कोही योगीहरू ध्यान बस्दाबस्दै मुसुक्क हाँस्छन् । के सोचाइमा गएर घत लागेको हो त्यसैमा रहेर मुसुक्क हाँसिदिन्छन् । यो भएको मन बाहिर तानिएर भएको हो ।

जति भावना तेज हुँदैजान्छ उति वितर्क, विचार, प्रीति, सुख र एकाग्रताका अंगहरू पनि तेज हुँदैजान्छ । एकाग्रता तेज हुँदैगएपछि वितर्क फाल्तु हो भन्ने विचारेर वितर्कलाई रूचाउन छोडिन्छ । पहिले त मन पराइएको थियो । अहिले एकाग्रता तेज हुँदैजाँदा वितर्कलाई मन पराउन छोडिन्छ । झन्झट अनुभव हुन्छ । यो नभएको भए कति आनन्द हुन्थ्यो भन्ने हुन्छ । बारम्बार चढाइदिइराख्नु परेकोले सही आनन्द पाउन सकिएन भनेर वितर्कलाई अलिकति पनि ध्यान नदिएर विचार प्रीति, सुख र एकाग्रता मात्र कायम हुन्छ । चढाइदिने वितर्क आउन नपरेपछि द्वितीय ध्यानमा पुगिन्छ । वितर्क हट्छ । जुन निमित्त हो त्यसैलाई विचार गरिराखेको हुन्छ । विचार नभए फेरि अन्तैतिर जानसक्छ । त्यसैमा विचार भइरहेको हुन्छ । त्यसैमा प्रीति, त्यसैमा सुख र त्यसैमा एकाग्रता हुन्छ । प्रथम ध्यानसम्ममा एकाग्रता कमजोर हुन्छ, तेजिलो हुँदैन । किनभने वितर्कको काम धेरै भएकोले गर्दा हो । त्यतिबेला चित्त त्यति पबित्र हुन सकेको हुँदैन । चढाइदिइराख्ने कामले गर्दा एकाग्रतालाई बाधा पारेको हुन्छ । वितर्कले सिर्फ थीनमिद्ध नीवरणलाई हटाएको हुन्छ । वितर्क हुदाँ सिर्फ थीनमिद्ध आउन पाउँदैन ।

अब विचारलाई काम दिइराख्ने भएकोले गर्दा मनलाई बाहिर जाने मौका हुँदैन । मनले काम पाएको हुन्छ । बेकामको मन मात्र घरीघरी बाहिर जाने हुन्छ । एकाग्रता पनि झनझन तेजिलो हुँदैजाँदा विचार पनि झनझन तेजिलो हुन थाल्छ । अब आएर त्यसैलाई मनन गरिराख्ने, सोचिराख्ने, छ्यानविछ्यान गरिराख्ने काम पनि मन नपर्न थाल्छ । मनन नै गर्ने नपरे कति आनन्द हुन्थ्यो भन्ने हुन्छ । विचार गर्नुपर्ने कामलाई पनि झन्झटिलो देख्छ । झन्झट मान्दामान्दै त्यसलाई वास्ता गर्न छोडिन्छ । विचार पनि



Downloaded from http://dhamma.digital

हराउँछ । अब तीनवटा बाँकी रहन्छ । अब तृतीय ध्यानमा पुगिन्छ ।

अघि विचार भएको बेलाको भन्दा अहिलेको एकाग्रता तेज हुन्छ । अघि विचार मनन गर्ने काम मनलाई दिइरहँदा एकाग्रता अलि कमजोर थियो । अब त चढाइदिइराख्ने वितर्क पनि छैन, मनन गराउने विचार पनि छैन । मनलाई कामै नदिइकन एकाग्रता भइदिन्छ तर पनि प्रमुखमा त प्रीति छ । त्यो गद्‌गद् भई खुसी भएकोमा एकाग्रता भइरहेको हुन्छ । यो गद्‌गद् हुने तृतीय ध्यान हो । प्रथम वितर्कमा एकाग्रता, वितर्क हराएपछि विचारमा एकाग्रता, अहिले आएर प्रीतिमा एकाग्रता हुन्छ । त्यस समयमा मन्द ज्ञान हुनेलाई निर्वाण भन्ने यही नै हो कि भन्ने भान पनि हुन्छ । प्रीतिमा एकाग्रता हुँदैजाँदा चित्त झनझन पवित्र हुँदैजान्छ । जति एकाग्रता तेज हुन्छ, त्यति चित्त सङ्लो हुँदैजान्छ । त्यो सङ्लो चित्तले प्रीति अथवा खुसीलाई पनि रूचाँउदैन । खुसी किन हुने, खुसीले के काम गर्छ र ! भनेर खुसीलाई फाल्तु देख्न थाल्छ । सुख पनि एकाग्रता पनि खुसीमै तानिएर आएको हुन्छ । यो प्रीति नभइकन नै सुख र एकाग्रता मात्र भए कति राम्रो हुन्थ्यो होला भनेर प्रीतिसँग झिंजो मान्न थाल्छ । आचरण बढाउँदै लैजाँदा प्रीतिलाई रूचाउन छोडिन्छ । नरूचाएपछि मन त्यसबाट हट्छ ।

प्रीतिविना नै सुख र एकाग्रता भइदिँदा चतुर्थ ध्यानमा पुगिन्छ । यो ध्यान सारै कच्चा हुन्छ । लौकिक ध्यान भनेको कच्चै हुन्छ । लोकोत्तर ध्यानमात्र पक्का हुन्छ । लौकिक ध्यान अलिकतिले पनि भंग हुनसक्छ ।

### फुस्स भिक्षुको प्रसंग –

एकजना फुस्स नामका भिक्षु थिए । भगवान परिनिर्वाण भइसकेको अवस्था थियो । एकदिन उनी चैत्यमा गएर सफाइ गर्दैथिए । बढारी सकेर भगवान कस्तो हुनुहुन्थ्यो होला भनेर भगवानको गुण सम्झँदैथिए । त्यो चैत्यलाई हेर्दाहेर्दै चैत्यलाई ध्यान दिन छोडेर भगवानमा पुगे । भगवानमा पुगेर चिन्तन मनन हुँदैगएपछि वितर्क, प्रीति, सुख र एकाग्रताको समाधि हुँदैगयो । त्यसैमा ध्यान हुँदैथियो, मारदेवले अब यिनले ज्ञान पाउने भए भनेर एउटा अनौठो खाले बाँदरको रूप लिएर ती भिक्षुको अगाडिबाट ओहरदोहर गर्दै रहे । भिक्षुको आँखा पनि त्यो बाँदरमा पुग्यो । त्यो अनौठो



Downloaded from http://dhamma.digital

बाँदरलाई देखेर यो कस्तो खाले बाँदर हो त भन्दाभन्दै अघि भगवानको गुणको भावना छुटिहाल्यो । यो कच्चो ध्यान हो । भर्खर सम्यक सम्बुद्ध भन्दै गरेको मन अहिले बाँदरमा पुग्यो । अघिको वितर्क, विचार, प्रीति, सुख र एकाग्रता केही पनि बाँकी रहेन । ला, भएन भनेर हरेस खाएर फर्के ।

अर्को दिन पनि आएर त्यस चैत्यमा सफा गर्दै बढारेर चैत्यलाई हेर्दै धातु, चैत्य, भगवान, भगवानका गुणहरू, भगवानका उपकारहरू, भगवानको करूणालाई मनन गर्दैजाँदा फेरि पनि ती ध्यानङ्गहरू हुँदैआए । ध्यान तेज हुँदैआएको बेला मारदेव फेरि त्यसै ठाँउमा गोरूको रूप लिएर आयो । यसो हेर्दा यो गोरू कहाँबाट आएछ भनेर विचार गर्न पुग्यो । अघिको भगवान कता पुग्यो, पुग्यो । मन सबै त्यो गोरूतिर गयो । आज पनि समाधि राम्रो भएन, आज पनि भंग भयो भन्दै फर्के ।

फेरि अर्को दिन आएर चैत्यलाई साफ सफाई गरेर फेरि भगवानका गुणहरू स्मरण गर्दागर्दै प्रथम ध्यान, द्वितीय ध्यान, तृतीय ध्यानमा पाइला सार्दैगए । त्यो दिन त मारदेव अति घिनलाग्दो मान्छेको रूप लिएर आयो । भिक्षुले देखे । 'अरे यस्तो मान्छे त हुन्नन् । कालो पनि यति कि मान्छे नै होइन जस्तो । हात खुट्टा टाउको हेर्दा मान्छेकै जस्तो थियो, आकार र रंग हेर्दा मान्छे पनि होइन कि जस्तो थियो । यस्तो खाले मान्छे त संसारमा नहुनुपर्ने, कस्तो खाले मान्छे आयो' भनेर सोच्न थाल्दा अघिको समाधि पनि हरायो । यसैले लौकिक समाधि भनेको कच्चा हुन्छ भनिएका हो । अलिकति सानो कुराले पनि भंग पार्छ ।

त्यो भिक्षुको मनमा आयो – बाँदर देखें, गोरू देखें, अनौठो मान्छे पनि देखें – यो कतै मारदेवको छल त होइन भन्ने शंका भयो । "तिमी मारदेव त होइनौ ?" भनेर सोधे । मारदेवको एउटा बानीचाहिँ राम्रो थियो, ऊ झूठाचाहिँ बोल्दैनथे । अरू काममा विघ्न गरे पनि झूठचाहिँ नबोल्ने उनको बानी थियो । "म मारदेव हुँ" भनेर जवाफ दियो । भिक्षुले सोधे, "तिमीले त भगवानको दर्शन गर्न पाएका छौ, होइन र ?" "अँ पाएँ ।" "उसो भए मलाई अलिकति उपकार गर न । भगवानको रूप लिएर देखाऊ न । मैले भगवानलाई भेट्न पाइनँ । भगवानको उपदेश पनि सुन्न पाइनँ । भगवानको गुणलाई मनन गरी भगवानको दर्शन गर्न परिरहेको छ । मलाई



Downloaded from http://dhamma.digital

भगवानको दर्शन गर्न साह्रै इच्छा छ । भगवानको रूप जस्तो थियो त्यस्तै रूप बनाएर देखाउन !" मारदेवले भने, "भगवानको जस्तै रूप त बनाउन सक्दिनँ तर उस्तैउस्तै खालेचाहिँ बनाएर देखाउन सक्छु ।" "लौ त बनाएर देखाऊ न !" भनेर भिक्षुले भन्दा मारदेवले भगवानको जस्तै रूप बनाएर देखाइदियो ।

त्यो भिक्षुले भगवानको रूप देख्नेवितिकै भित्रबाट गद्‌गद् भयो र प्रीतिको संचार भयो । अनि ध्यान अंग ५ वटा आइहाल्यो । त्यही रूप हेर्दाहेर्दै – 'भगवानको रूप अतुल्य रहेछ । अहिले त यो मारदेवको रूप हो । मारदेव त काम, क्रोध, लोभ, माया, मोहमा चुर्लुम्म डुबेको व्यक्तिको त यति राम्रो रूप देखिएको छ भने काम, क्रोध, रिस राग केही पनि नभइएको पवित्र मन भएको भगवानको वास्तविक रूप कस्तो थियो होला' भनेर त्यो रूपलाई अतिक्रमण गरेर गए । त्योभन्दा राम्रो झलक भइएको रूपलाई मनन गर्दागर्दै प्रथम, द्वितीय, तृतीय, चतुर्थ ध्यानसम्म गए र त्यहीं रोकेर अधिकै प्रीतिमा अनित्य, दुःख, अनात्माको मनन गर्दागर्दै अरहन्त भए । अब त उनी ध्यान लाभी भए । यो लोकोत्तर ध्यान हो । अनि मारदेवलाई धेरै धन्यवाद दिएर बिदा गरे ।

त्यसैले भगवानका गुणहरूको स्मरण गर्दा पनि पाठ बुझाएझैं पाठ गरेर मात्र हुदैँन किनभने त्यसमा ध्यान भन्ने नै हुँदैन । वितर्क, विचार, प्रीति, सुख र एकाग्रता त्यसमा हुँदैन । कहीँ जान हतार भएकोले दौडाएर पाठ गरेको त तृष्णामात्र हुन्छ । भगवानको अगाडि हात त जोडिएको छ तर गुरू त तृष्णा पो भइरहेको छ । तृष्णा नै गुरू भएमा पुण्य त पाईंदैन । त्यसो भएर साँच्चै नै भगवानको गुण स्मरण गर्नलाई समाधि चित्तले नै गर्नुपर्छ । बरू फुर्सत नभए लामो नगर्नू, थोरै गर्नू तर समाधिले सहित भएर गर्नू । बरू भगवानको गुण स्मरण गर्दा पनि भित्रबाट श्रद्धा चढाएर अरहं अरहं भनेर प्रीति, सुख र एकाग्रताले भगवानाई वन्दना गने वा स्मरण गर्ने हो भने प्रथम ध्यान भएरै आएकोले पुण्य तेजिलो हुन्छ ।

क्षणिकमात्र गरेको पुण्य पनि पवित्र र तेजिलो हुन्छ । मैत्री प्रक्षेपण गर्दा पनि ध्वनितिर नबगिकन भित्रबाट निस्कने गरी पहिले आफूलाई मनन गरेर आफूलाई जसरी दुःख चाहिंदैन, शत्रुदेखि डर लाग्छ, कुनै शत्रु



Downloaded from http://dhamma.digital

नहोऊन्, कुनै बैरी नहोऊन्, कुनै दुःख आपत नपरोस् भनेर जसरी आफूप्रति मैत्री राखिन्छ, त्यस्तैगरी आफूलाईजस्तै सबै प्राणीहरूलाई पनि *'अवेरा होन्तु, अब्यापज्जा होन्तु, अनिघा होन्तु, सुखी अत्तानं परिहरन्तु'* भनेर भित्र मनदेखि मैत्री राख्नुपर्छ । गीत सुनाएजस्तो लयमा मात्र बग्न हुदैंन । ध्यानाङ्ग सबै आउने गरी मैत्रीभावना गर्नुपर्छ । मैत्री पनि ध्यानसहितको हुनुपर्छ । मैत्री पुऱ्याउने क्रममा ध्यान हुनुपर्छ ।

*'सब्बे सत्ता, सब्बे पाणा, सब्बे भूता, सब्बे पुग्गला'* भनेर जहाँजहाँ मैत्री पुऱ्याइएको छ, त्यहाँ त्यहाँ ध्यान लगाएर मैत्री राख्नुपर्छ । अनि मैत्री सही प्रकारको हुन्छ । त्यो भिक्षुले त्यसरी ध्यान गरेर पनि मारदेवले आएर अलिकति छल देखाउनेवितिकै समाधि रित्तियो । तर क्षणिक भए पनि भगवानमाथि श्रद्धा भएको बेला त ध्यान भयो र ध्यान मुताविकको कुशल पुण्य पनि भयो ।

५ ध्यानाङ्गमा वितर्क हट्दा बाँकी रहेका ध्यानाङ्ग अलि बढी बलिया भए । विचार हट्दा पनि बाँकी अलि बढी बलिया भए । पछिबाट सुखमा पनि रूचि भई तृष्णा आएको हुन्छ । सुख पनि नभए हुन्थ्यो, चाहिएन भनेर सुखविना नै एकाग्रता भएको पाँचौ ध्यान हो । यो एकाग्रता उपेक्षासँग हुन्छ, सुखसँग होइन । पाँचौ ध्यानमा पुगिसकेपछि यहाँभन्दा अगाडि बढनेले फेरि चौथो, तृतीय, द्वितीय, प्रथममा चढेर जान्छ र फेरि प्रथमबाट द्वितीय, द्वितीयबाट तृतीय, तृतीयबाट चतुर्थ, चतुर्थबाट पाँचौ – यसरी अनुलोम प्रतिलोम मनन गर्न थाल्छ । आज पनि त्यस्तै मनन, भोलि पनि त्यस्तै मनन । आज प्रथमबाट द्वितीयमा जान १५ मिनेट लाग्छ भने भोलि १० मिनेट मात्र लाग्छ, पर्सि ५ मिनेट, निकोर्सि १ मिनेट । यसो गर्दागर्दै मन अति तीक्ष्ण हुन्छ । अनि त जुनमा जान्छु भने पनि जान सकिने हुन्छ । द्वितीय ध्यान जान्छु भन्नेवितिकै विचार छैन, तृतीय ध्यान जान्छु भन्नेवितिकै प्रीति छैन । चतुर्थ ध्यानमा जान्छु भन्नेवितिकै सुख र पञ्चम ध्यानमा एकाग्रता हुदैंन । उनीहरूको बारम्बार अनुलोम प्रतिलोम भइराख्दा पाँचौ ध्यानमा पनि उत्लिखेरै पुग्न सकिने हुन्छ । प्रथम ध्यान पनि उत्लिखेरै पुग्न सकिन्छ । पाँचौबाट तृतीय लिन्छु भने पनि उत्लिखेरै लिन सकिन्छ । ध्यान त्यति तेजिलो हुन्छ । चित्त झनझन मृदु (नम्र) हलुँगो



Downloaded from http://dhamma.digital

हुँदैजान्छ । अनि त्यसपछि कुन अभिज्ञान लिने हो त्यसैमा स्वाट्टै पुग्न सकिन्छ । आकाशमा उड्ने अभिज्ञान, परचित्त जान्ने अभिज्ञान इत्यादि अभिज्ञानहरूमा पुग्न सकिन्छ । आकाशमा उड्ने अभिज्ञान पनि त्यति बलियो ज्ञान त होइन । यो पनि लौकिक ध्यान नै हो ।

### आकाशमा उड्ने एक भिक्षुको प्रसंग –

श्रीलंकामा लौकिक ध्यान पाउने धेरै भिक्षुहरू भए । अभिज्ञान पाउने पनि धेरै भए । भिक्षाटन जाँदा पनि उडेर जान्थे रे । भिक्षु नियममा भिक्षुहरू उडेर जाने नियम त थिएन । श्रामणेरहरू उडेर जान्थे । गुरूले श्रामणेरहरूलाई 'त्यसरी उडेर गएर किन अभिमान देखाउँदैछौ । अझ अगाडि बढ्ने कोशिस गर' भनेर भन्थे । तर ती श्रामणेरहरूले गुरूको वचनलाई टेर्दैनथे । आफू उडेर जान पाएकैमा रमाएका हुन्थे । उडेर भिक्षाटन जाँदा 'अहो श्रामणेरजी' भनि दिंदा त्यसैमा फुरूक्क पर्दथे ।

एकदिन एउटा श्रामणेर उडेर लुगा बुन्ने धागो काट्ने ठाउँतिर जाँदैथिए । त्यहाँ एउटी उपासिकाले राम्रो स्वरले गीत गाइरहेकी थिइन् । आकाशमा उड्दाउड्दै ती श्रामणेरले गीत सुने । एकैछिन अडेर गीत सुन्न थाले । सुन्दासुन्दै गीतमा राग भएर रूखको पात चुँडिएर झरेझैं श्रामणेर तल जमिनमा झर्न पुगे । झर्दाझर्दै तल समूहमा आइपुगे । 'ए श्रामणेर माथिबाट झरे' भन्न थाले । के भएर यसरी झरेका भनेर सोध्दा "ती उपासिकाको स्वर कति राम्रो ! स्वर सुन्दा त्यसैमा राग उत्पन्न भयो र मेरो समाधि रित्तियो ।" भनेर जवाफ दिए । अब के गर्ने इच्छा छ त भनेर सोध्दा 'तिनी उपासिकासँग घरबार गर्ने इच्छा छ' भनेर भने । त्यत्रो समाधि त रित्याए भनेर सबैजना मिलेर श्रामणेरको त्यस उपासिकासँग त्यहीँ बिवाह गरिदिए ।

त्यो श्रामणेर पनि त्यही लुगा बुन्ने धागो काट्ने काममा लागे । उपासिकाले घरबाट खाना पकाएर ल्याउने, ऊचाँहि त्यहाँ काम गर्ने भए । एकदिन उपासिकाले भोजन बनाएर ल्याउन अलि ढिलो गरी । उनलाई साह्रै रिस उठ्यो । ती उपासिका आउनेबितिकै 'यतिखेर ल्याउने हो, अलि चाँडै ल्याउनु पर्दैन ? यहाँ भोक लागेर कस्तो भयो' भन्दै हकारे । 'म मात्र कहाँ भ्याउँछु र' भनेर ती उपासिकाले जवाफ दिइन् । यति के भनेकी थिई,



Downloaded from http://dhamma.digital

श्रामणेरले दाउराको दुई कप्टेराले हिर्काउँदा तिनका दुईटै आँखामा परेर दुईटै आँखा फुटे । तिनको पनि कर्म विपाक हो नि त ! अनि बल्ल उसको रिस पनि शान्त भयो । ऊ आत्तिन थाल्यो । 'लौ न, हजुर यस्तो भयो' भनेर सबैसँग गुहार मागे । उपचार गरे, तर सञ्चो भएन । दुवै आँखा फुटे ।

श्रामणेरले स्वास्नीको नोकरजस्तो भएर अन्धीको स्याहार गर्नुपऱ्यो । अनि बुन्ने काम गर्न जाने पनि उही, घरमा चाहिने सामान ल्याउने पनि उही भयो । विचरा, अन्धी स्वास्नीलाई बाहिर भित्र डोऱ्याउन पऱ्यो । त्यो आईमाइलाई त दया लाग्यो – 'पहिले त मेरा श्रीमान आकाशमा उड्थे, अहिले त विचरा अन्धी स्याहार्नेमा परे । मैले पनि केही काम गरेर मद्दत गर्नुपऱ्यो' भनेर हातले छामछामछुमछुम गर्दै काम गर्न सिकिन् । 'यो यो चीज यहाँ राखिदिनु, मैले अन्दाज गरेरै भए पनि पकाइदिन्छु' भनिन् । उनले घरमा बसेर भात पकाउने र पतिचाहिँ काममा जाने गर्न थाले । आँखिरमा अन्धीले पकाएर खाएर बस्नेमा पुग्नुपऱ्यो । अघिको आकाशमा उड्दै गर्ने श्रामणेर अहिले त्यसरी जीवन बिताएर बस्नुपऱ्यो । गुरूले त त्यसरी न उड, अभिमान नदेखाऊ, अगाडि बढ भनेका थिए । उनले मानेनन् । हेर्नुहोस् त, आकाशमा उड्ने समाधिलाई एउटा गीतले कसरी झारिदियो !

भगवानले भन्नुभएको छ, "हे भिक्षुहरू, स्वरमा पुरूषहरूलाई आकर्षण गर्नमा सबै भन्दा तेजिलो र आकर्षक आवाज स्त्रीको हुन्छ । स्त्रीहरूलाई पुरूषको आवाज आकर्षक लाग्छ । अनि रूपमा पनि अति तेजिलो भएको रूप स्त्रीको हो । त्यस्तै स्त्रीहरूलाई पुरूषको रूप आकर्षक हुन्छ । योभन्दा अर्को रूप मैले देखेको छैन ।" त्यस्तै रूप, शब्द, गन्ध, रस, स्पर्श पाँचवटालाई नै लिएर यसो भन्नुभएको हो ।

उड्ने समाधिबाट च्युत हुँदा जमिनमा ड्याम्मै बज्रने गरी खस्दैन । रूखको पात चुँडिएर खसेझैं हल्लिँदैहल्लिँदै खस्छ । लौकिक ध्यान त्यसैले कच्चा हुन्छ भनिएको हो । । अलिकति तानिने आवाजले पनि झारिदिन सक्छ । लोकोत्तर ध्यानमात्र पक्का हुन्छ । अरू लोकोत्तर ध्यानबारे मग्गपच्चयमा आउँछ ।

***एक्काइसौं दिनको पट्ठान पालि देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# बाइसौं दिन

## (मग्गपच्चयलाई मिलाएर) – १

२२

*'मग्गङ्गानि मग्ग संपयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं मग्गपच्चयेन पच्चयो ।'* मार्ग अंगहरू १२ वटा हुन्छन् । पट्ठानमा मग्गङ्गानि भनेर १२ वटा मार्ग बताइएको छ । ८ वटा त सबैले सुनिराखेकै हुन् – 'सम्मदिट्ठि सम्मसंकप्पो, सम्मावाचा, सम्माकम्मतो, सम्माआजीवो, सम्मावायामो, सम्मासति, सम्मासमाधि' भनेर ।

मार्ग अंगहरू र मार्गसँग सम्प्रयुक्त धर्महरू र ती चित्त चेतसिक धर्महरू र मार्गाङ्ग सँगसँगै उत्पत्ति हुने समुट्ठानाञ्च रूपानं (चित्तजरूप) लाई मग्गपच्चयेन पच्चयो . मार्ग प्रतिहारले उपकार गरेको हुन्छ । पालिमा त यति मात्र छ ।

मार्गाङ्ग भनेपछि कुशलपट्टिका ८ वटालाई बताएको छ । अरू ४ वटाचाहिँ अकुशलपट्टिका हुन् । मार्ग भनेको बाटो हो । *'सम्मादिट्ठि, सम्मासंकप्पो, सम्मावाचा, सम्माकम्मतो, सम्माआजीवो, सम्मासति, सम्मावायामो, सम्मासमाधि'* – यी आठ कुशलतर्फका मार्ग हुन् ।

मार्गसँगै उत्पत्ति हुने धर्म सम्पयुक्त धर्म हुन् जस्तै चित्त चेतसिक धर्महरू र तिनीसँगसँगै उत्पत्ति हुने समुट्ठानान्च रूपानं – चित्तज रूपहरू ।

अकुशल तर्फका ४ मार्ग छन् भनी बताइएको छ । मार्ग भनेको बाटो हो । अहिले हामीले हेर्ने हो भने अपाय जाने बाटो एउटा र मनुष्य, देवलोक जाने बाटो अर्को । ब्रम्हलोकको बाटो एउटा, निर्वाणको बाटो अर्को । यसरी बाटाहरू धेरै हुन्छन् । यी बाटाहरूलाई पनि मार्ग नै भनिन्छ । बाटो भनेपछि कुशलको बाटो र अकुशलको बाटो दुइटैलाई



Downloaded from http://dhamma.digital

लिनुपर्छ । अपाय जाने बाटो पनि बाटो नै हो । सुगति जाने बाटो पनि बाटो नै हो । ब्रम्हलोक र निर्वाण जाने बाटो पनि बाटो नै हो । पट्ठानले यसरी बताएको छ । सूत्रमा भने निर्वाण जाने बाटोलाई मात्र बाटो हो भनेर बताइएको छ । हामी नजानिकन गलत बाटोमा हिंडेका छौं भने दुर्गतिकै बाटो हिंडिरहेका छौं । सही बाटोमा हिडेका भए सुगतिमै पुगिन्छ । पट्ठानमा चाहिँ सही बाटो र गलत बाटो दुवैलाई बाटोमा लिइएको छ ।

*सही बाटो – ८*

*१. सम्मदिट्ठि सम्मसंकप्पो,* – २

*२. सम्मावाचा, सम्माकम्मन्तो, सम्माआजीवो,* – ३

*३. सम्मावायामो, सम्मासति, सम्मासमाधि ।* – ३

*गलत बाटो – ४*

*१. मिच्छादिट्ठि,*

*२. मिच्छासंकप्पो,*

*३. मिच्छावायामो,*

*४. मिच्छासमाधि ।*

यहाँ सतिलाई मिथ्यामा लिइएको छैन किनभने 'सति' भनेको द्वारपालजस्तो हो । जस्तै द्वारमा द्वारपाल बसेको छ भने नराम्रोलाई भित्र पस्न दिँदैन । राम्रालाई मात्र भित्र पस्न दिन्छ । त्यस्तै 'सति' पनि द्वारपालजस्तो भएकोले नराम्रोलाई प्रवेश दिँदैन । त्यसैले सतिलाई द्वारपाल भनेर बताइएको हो । लोभ, मोह, काम, क्रोध, ईर्ष्या, अभिमान आदिलाई आउन दिँदैन । श्रद्धा, शील, सुत, त्याग, हिरि, ओतप्प, प्रज्ञालाई प्रवेश दिन्छ । सति नै मनको द्वारपाल हो । नराम्रो भित्र पस्ला भनेर ढोकामा पहरा दिइरहेको हुन्छ । राम्रोलाई भने स्वागत गरिरहेको हुन्छ ।

भगवानले पनि *'सब्बानि कुसलानि अप्पमाद मूलक'* भन्नुभएको छ । सम्पूर्ण कुशल भन्नु नै अप्रमादको मूल हो । कुशलको जरा खोज्ने हो भने अप्रमाद हो । त्यसैले पनि पट्ठान पालिमा 'मिच्छासति' भनेर बताइएको छैन । तर सम्मादिट्ठिको उल्टोमा मिच्छादिट्ठि भन्ने छ । सम्मासंकप्पोको उल्टोमा मिच्छासंकप्पो भन्ने छ । सम्मावायामोको उल्टोमा मिच्छावायामो र



Downloaded from http://dhamma.digital

सम्मासमाधिको उल्टोमा मिच्छासमाधि भन्ने छ ।

अहिले लौकिक मार्ग ५ वटालाई लिऔं – सम्मादिट्ठि, सम्मासंकप्पो, सम्मावायामो, सम्मासति र सम्मासमाधि । अरू तीन वटा मार्गलाई छोडौं । हुन त आचरण गर्दा त यी ५ नै हुन् जसलाई 'पुब्बभाग मग्गो' भनिन्छ । रूपवचर, अरूपवचर कुशलको आचरण गर्दा पनि यिनै ५ वटालाई आचरण गर्ने हो । शीलचाहिँ स्रोतापन्न फलमा पुगेपछि कहिल्यै भंग नहुने हुन्छन् । अरुबेला शील भनेको विरतिको काम गर्ने भएको हुँदा यसलाई धेरै अभ्यास गरिरहनुपर्ने भन्ने छैन । शील भनेको त सुरुको अवस्थामै शुद्ध बनाएर बस्ने हो । प्रज्ञामार्ग र समाधि मार्ग दुईटाचाहिँ वर्तमान आचरणभित्रका हुन् । सम्मावाचा, सम्माकम्मन्तो चाहिँ विरति चेतसिक हुन् । सम्मादिट्ठि भनेको पञ्ञा चेतसिक हो । सम्मासंकप्पो भनेको विर्तक चेतसिक हो । सम्मावायामो भनेको वीर्य चेतसिक हो । सम्मासति सति चेतसिक हो भने सम्मासमाधि भनेको एकाग्रता चेतसिक हो । अरू बाकी ३ वटा शील अन्तर्गतका हुन् । ती विरति चेतसिकका हुन् । यिनको काम सुरक्षा दिनु मात्र हो । आचरणमा यी परिपूर्णरूपमा आउन सक्दैनन् । किनभने यी सुरक्षापट्टिका हुन् – आफ्नो वचनलाई सुरक्षा गर्ने र कायकर्मलाई सुरक्षा गर्ने हुन् । स्रोतापन्नको स्थितिमा यी स्वतः परिपूर्ण हुन्छन् ।

विरति चेतसिकमा हेर्दा – सम्मावाचा – राम्रो कुरा बोल्नु भन्ने आउँछ । पट्ठान पालिमा भने सम्मावाचाको विरोधी तत्व मिथ्यावाचा हो । मिथ्यावाचामा वचनका दुष्चरित्रहरू ४ हुन्छन् – मुसावाद, पिसुण वाचा, फरूस वाचा र सम्फप्पलाप वाचा । यी ४ वचनका दुष्चरित्रलाई विरति चेतसिकले सुरक्षा गर्नेवितिकै सम्मावाचा हुन्छ । बोल्दै नबोले पनि सम्मावाचा हुन्छ । दुष्चरित्र हटाउन सुरक्षा दिनेवितिकै सम्मावाचा भइजान्छ । यो पट्ठान पालि अनुसार हो ।

ध्यानमा नबोली बसेका हुन्छन् । त्यो पनि सम्मावाचा हुन्छ । यसमा सम्मावाचा हुनको लागि भिन्दै कोशिस त गर्नुपर्दैन । त्यसैले यसको लागि अलगै काम गर्नुपर्दैन । कोशिस गर्नुपर्नेमा भने सम्मादिट्ठि, सम्मासंकप्पो, सम्मावायामो, सम्मासति र सम्मासमाधि पर्दछन् । त्यसैले यिनलाई *'पुब्बभाग मग्गो'* भनिन्छ । वचनका दुष्चरित्र छैनन् भने सम्मावाचा भइराखेको



Downloaded from http://dhamma.digital

हुन्छ । अर्को कायका दुच्चरित्र नहुनेतिर्फै सम्माकम्मन्तो हुन्छ । कायले हत्या गर्दैन, चोरी गर्दैन, व्यभिचार कर्म गर्दैन भने कायको दुच्चरित्र छैन । त्यसैले सम्माकम्मन्तो हुन्छ । सम्माआजीवो भनेको वचन र काय दुच्चरित्रबाट व्यापार गर्ने कुरालाई हटाएर सुचरित्रबाट नै आचरण गरेर आफ्नो जीविका चलाएको छ भने सम्माआजीवो हुन्छ । यिनमा पनि विरति चेतसिक नै हुन्छ ।

अष्टांगिक मार्ग दानमा पनि हुन्छ । शील पालनमा पनि हुन्छ । दान गर्ने व्यक्तिमा राम्रो कर्म गरे राम्रो फल मिल्छ र नराम्रो कर्म गरे नराम्रो फल मिल्छ भन्ने विश्वास हुन्छ । यो कम्मसकत सम्मादिट्ठि हो । *सम्मादिट्ठि* दानमा आयो । सम्मादिट्ठिमा पनि कम्मसकत सम्मादिट्ठि, झान सम्मादिट्ठि, विपस्सना सम्मादिट्ठि, मग्ग सम्मादिट्ठि, फल सम्मादिट्ठि, पच्चयखन्ध सम्मादिट्ठि भनी ६ वटा सम्मादिट्ठि हुन्छन् । सम्मादिट्ठिमा कम्मसकत सम्मादिट्ठिलाई पनि छोड्नुहुँदैन् । कम्मसकत सम्मादिट्ठिलाई मिच्छादिट्ठि भनेर भन्न हुँदैन । किनभने राम्रो कर्म गरे राम्रो फल मिल्छ, नराम्रो कर्म गरे नराम्रो फल मिल्छ भन्ने पक्का विश्वास यसमा हुन्छ । कम्म = कर्म मात्र, सक = आफ्नो हो भन्ने कुरामा पक्का विश्वास हुने हुँदा सम्मादिट्ठि हो ।

दान गर्ने व्यक्तिमा कम्मसकत सम्मादिट्ठि हुन्छ । उनमा राम्रो प्रकारको चिन्तन पनि भइराखेको हुन्छ । यो *सम्मासंकप्पो* (सम्यक संकल्प) हो । कुशल चिन्तन भइरहेको हुँदा सम्यक संकल्प हुन्छ । दान कार्यमा कोशिस भइरहेको छ, खान दिने, पिलाउने, पकाउने काममा तत्पर भइरहेको छ । त्यसलाई *सम्मावायामो* भनिन्छ । पुण्यको लागि गर्दै गरेको प्रयत्न कोशिस सम्मावायामो हो । दानजस्तो काम गर्न होस नभई हुँदैन । राम्रो काममा होससँगसँगै लागेको हुँदा त्यो होसलाई *सम्मासति* भनिन्छ । पुण्यमा मन क्षणिक भए पनि एकाग्रता हुन्छ । एकाग्रता नै समाधि हो । राम्रो काममा, पुण्यकार्यमा एकाग्रता हुँदा सम्मासमाधि हुन्छ ।

दान गरेको बेला कुनै प्राणीलाई हत्या गरेको हुँदैन, त्यो बेला चोरी काम पनि गरेको हुँदैन, व्यभिचार गरेको हुँदैन । दान गर्दैगरेको क्षणमा झूठा वचन पनि बोलिँदैन किनकि त्यसबेला कुशल चेतना भइरहेको हुन्छ ।



Downloaded from http://dhamma.digital

चुग्ली वचन पनि हुँदैन । कर्कश वचन पनि हुँदैन । राम्रो पुण्यकै विषयमा कुराकानी हुन्छ त्यसैले सम्फप्पलाप वाचा अर्थात् गफ गर्ने भन्ने पनि हुँदैन । त्यसैले दानकार्यमा पनि अष्टांगिक मार्ग पूरा नै हुन्छ । तर यसबाटोले हामीलाई मनुष्यलोक तथा देवलोक लैजान्छ । यसलाई क्रम सुगतिलोक भनिन्छ । ध्यान बस्नेमा पनि शीलको लागि विशेष वा भिन्दै कोशिस गरिराख्न पर्दैन । ध्यान बसेकै बेला सबै शील पालन भइरहेको हुन्छ । आचरण गर्नुपर्नेमा *'पुब्बभाग मग्गो'* हो । 'पुब्बभाग मग्गो'बाट पनि झन सम्मादिट्ठि ध्यान सिद्धि भएपछि ध्यानबाट मिल्ने ब्रम्हलोकको फल मिल्छ भनेर बुझेको झन सम्मादिट्ठि हो । यो ध्यान मार्ग हो । यसमा वितर्क, विचार, प्रीति, सुख र एकाग्रताको अभ्यास हुन्छ । यो प्रथम ध्यान भयो । प्रथम ध्यान भयो भने ब्रम्हलोकको फल मिल्छ भनेर बुझेको झन सम्मादिट्ठि हो । ध्यानमा पनि राम्रो प्रकारको संकल्प चाहिन्छ । यसको त विशेष काम नै हुन्छ । राम्रो प्रकारको चिन्तन ध्यानमा नभई हुँदैन । चेतसिकबाट हेर्ने हो भने संकल्प भनेको वितर्क चेतसिक हो । प्रथम ध्यानमा पनि वितर्क नै चाहिन्छ । वितर्क चेतसिकले पनि राम्ररी काम गरेको हुनुपर्छ । त्यसलाई सम्मासकंप्पो भनिन्छ । *सम्मावायामो* – राम्रो कोशिस पनि भइरहेको हुन्छ । राम्रो होस पनि भइरहेको हुन्छ । राम्रो एकाग्रता पनि भइरहेको हुन्छ । यी सबैलाई *'पुब्बभाग मग्गो'* भनिन्छ । यो बाटोले ब्रम्हलोक पुगिन्छ ।

मग्गङ्गानि भनेपछि सबै प्रकारको मार्गलाई बुझ्नुपर्छ । दुर्गति जाने बाटो, सुगति जाने बाटो, रूप ब्रम्हलोक, अरूप ब्रम्हलोक जाने बाटो साथै निर्वाण जाने बाटो सबै नै मग्गङ्गानिमा आउँछ ।

रूप भएकोले नै दुःख भएको हो । दुख्ने, पोल्ने, भोकलाग्ने, झम्झमाउने, गर्मी, जाडो हुने यही रूपलाई नै हो । नुहाइदिनुपर्ने, सुताइदिनुपर्ने, खुवाइदिनुपर्ने जति सेवा चाहिने हो, यही रूपलाइ नै हो । ध्यान बस्दा खुट्टा दुख्ने पनि यही रूप भएर नै हो । जति छ यही रूपले नै दुःख दिइरहेको छ । मनमात्र भए भोक लाग्ने पनि थिएन । यसरी रूपको दोष देखेर यो रूप चाहिएन भनेर रूपमा दिक्क भएर बसेको समाधिलाई रूपै नभइएको आकासानाचायतन ध्यान (कुनै निमित्तलाई नहेरिकन गरिएको समाधि)



Downloaded from http://dhamma.digital

भनिन्छ । पहिले त पाँचौ ध्यानसम्म निमित्तबाट गएको थियो । अहिले ती निमित्त छोडेर आकास प्रज्ञप्तिबाट गएको हुन्छ । जाँदाजाँदा त्यो आकासबाट नै प्रथम ध्यान सिद्धि भयो भने प्रथम ध्यान मुताविकको रूप नभएको ब्रम्हलोक अरूप ब्रम्हलोकमा पुग्छ । अनि त्यहाँबाट विञ्ञाणनायञ्चन ध्यानमा जान्छ । विञ्ञाणनायञ्चन भनेको विज्ञानको स्वभावलाई मात्र आड लिएर आचरण गर्दै जाने ध्यान हो । त्यसबाट बढ्दैगएर अरूप ध्यानको द्वितीय ध्यानमा पुग्छ । अनि आकिञ्चायतन ध्यान हुन्छ । यो अरूप ध्यानको तृतीय ध्यान हो । चतुर्थ ध्यानमा नैवसञ्ञानासञ्ञायतन ध्यानमा पुग्छ । यसरी रूप नभएको ब्रम्हलोकमा पुगिन्छ । यिनमा पनि 'पुब्बभाग मग्गो' नभई हुँदैन । यो ब्रम्हलोक जाने बाटो हो ।

मिथ्या अंग ४ हुन्छन् भनेर भनियो । यी मिथ्या मार्ग हुन् । यी मार्ग अपायको बाटो हो । मिथ्यादृष्टि भनेको गलत जानेको, गलतलाई सही भनेर लिएको धारणा हो । गलत चिन्तन गरिएको मिथ्या संकल्प, गलत मार्गमा कोशिस गरिएको मिथ्या व्यायाम हो । गलतमा एकाग्रता भएको मिथ्या समाधि हो ।

कर्म र कर्मफलमा विश्वास हुनु सम्यकदृष्टि हो । सबै खटन्पटन ईश्वरकै हो भन्ने विश्वास हुनु मिथ्यादृष्टि हो । मिथ्यादृष्टिले कम्मसकत ज्ञानको विरोध गर्छ । नामरूप मात्र हो, नामरूप अनित्य हो भनेर लिएको सम्यकदृष्टि हो । नामरूप अनित्य हो भनेर जानेको विपश्यना सम्यकदृष्टि हो । नामरूप नित्य छ, कहिल्यै मर्दैन, सँधैभरि अटल रहन्छ भनेको मिथ्यादृष्टि हो । मिथ्यादृष्टिमा ध्यानमा रहँदा मिथ्याकै चिन्तन चलेको हुन्छ । मिथ्यादृष्टि हुनेवितिकै मिथ्या संकल्पसंगै आउँछ र मिथ्या कोशिस हुन्छ । मिथ्या कोशिस भएपछि मिथ्यामै एकाग्रता हुन्छ । त्यसैले मिथ्यादृष्टि र सम्यकदृष्टिलाई बुझ्न अति नै जरूरत छ । भगवानले धर्मचक्रमा बताउँनुहुँदा सुरूमै सम्मादिट्ठिबाट सुरू गर्नुभएको छ किनभने सम्मदिट्ठि नै छैन भने जे जति गरिन्छ र सबै मिथ्या भएर जान्छ । मिथ्यादृष्टि र मिथ्या विचार, मिथ्या वचन, मिथ्या कामकुरा सबैसबै कुरा मिथ्या नै हुन्छन् । बाटो देखाउने नै गलत भएपछि पछिलाग्ने सबै गलत बाटोमै लाग्छन् । गुरू गलत भए चेलाहरू पनि सबै गलत नै हुन पुग्छन् ।



Downloaded from http://dhamma.digital

## मिथ्यादृष्टिक बक ब्रम्हाको उपमा –

बक नाम गरेका ब्रम्हा पनि सत्काय दृष्टि लिएर बसेको थिए । 'म कहिल्यै मर्दिनँ, म अजम्बरी हुँ, सबै मेरो इच्छामुताविक चल्छ । मभन्दा अरू शक्तिशाली छैनन् । सबै मेरै खटनमा रहनुपर्छ' भन्ने सत्काय दृष्टि लिएका उनी बक ब्रम्हा थिए ।

एकदिन भगवान भिक्षाटन जाँदै हुनुहुन्थ्यो । भगवानले ज्ञान दृष्टिले बकलाई देख्नुभयो । यी ब्रम्हा त मिथ्यादृष्टिमा चुर्लुम्म डुबेका छन् । यदि यिनी मिथ्यादृष्टिसहित भई मरे भने मनुष्यलोकमा आएर पछि अपाय गिर्न पनि सक्छन् भन्ने देख्नुभयो । यिनले आफू मिथ्यादृष्टिक भएर अरूलाई पनि मिथ्यादृष्टिक बनाइरहेका छन् । सबैभन्दा शक्तिशाली भएकोले अरू ब्रम्हा पनि उनकै पछि लागेका छन् । ती ब्रम्हाहरू ब्रम्हलोकको आयु सकेर मनुष्यलोकमा आउँछन् । मनुष्यलोकमा पनि लौकिक ध्यान सिद्धि गरेर उनीहरू स्वयंले भन्न थाल्छन् कि हाम्रा मालिक त माथि छन्, हामी त उहाँकै खटनमा छौं भनेर प्रचार गर्दछन् ।

एकपल्ट भगवानले ती बक ब्रम्हालाई उपदेश गर्नुपर्‍यो भनेर ब्रम्हलोक जानुभयो । उनले भगवानलाई स्वागत गरे । राम्रो समयमा आउनुभयो भनेर आवभगत गरे । तर बकले भगवानलाई खास मान्यता दिएका त थिएनन् । मान्यता नदिए पनि आफ्नो ठाँउमा आएकाले स्वागत गरेका हुन् । हाम्रा घरमा पनि राम्रा नराम्रा, धर्मलाई जान्ने नजान्ने, काममलाग्दा काम नलाग्दा जस्तो व्यक्ति आए पनि आउनुहोस्, बस्नुहोस् त भन्छौं । तर कोही कोही त शंकाको दृष्टिले हेर्ने पनि हुन्छन् । उनी बक ब्रम्हाजीले पनि सत्काय दृष्टिमा डुबेका भए पनि स्वागत त राम्ररी नै गरे । उनले भने, "म सबै चक्रवालको मालिक हुँ । तपाई पनि मनुष्यलोकबाट यहाँसम्म आइपुग्नुभयो । तपाई पनि महान नै हुनुहुन्छ । यहाँ भएका सबै ब्रम्हाहरू र देवताहरू मेरै खटनमा चल्छन् । मनुष्यहरू पनि मलाई नै पुज्छन् ।" ती ब्रम्हाले भगवानको अगाडि झुठा बोलिरहेका थिए । उनलाई मैले झुठा बोलिरहेको छु भन्ने होस थिएन ।

भगवानले भन्नुभयो, "हे बक ब्रम्हा, तिम्रो शक्ति मलाई थाहा छ । तिमी मोफतमा नहुँदो कुरा किन गर्छौ ? तर तिम्रो शक्ति बाहिरको कुरा पनि



Downloaded from http://dhamma.digital

मलाई थाहा छ । एउटा सूर्य चक्रको वरपरलाई एक चक्रवाल भनिन्छ । त्यस्ता हजार चक्रवालमा तिमीले इच्छाअनुसार तिमी बस्न सक्छौ । त्यो शक्ति पनि तिमीमा छ तर त्यहाँभन्दा माथिका ब्रम्हाहरूलाई तिमी देख्न सक्दैनौ । त्यो मैले देख्न सक्छु । तिमी त प्रथम ध्यानको लोकमा छौ । तिम्रो पूर्वजन्म पनि मैले देखेको छु । तिम्रो घमण्डले गर्दा त्यो तिमीले बिर्सिसक्यौ । तिमी ब्रम्हलोक नआउँदैको जन्मलाई पनि मैले देखिरहेको छु । ब्रम्हलोकको आनन्द र प्रीतिमा भुल्दा तिमीले पहिलेका कुरा सबै बिर्स्यौ । तिमी मनुष्यलोकमा छँदा यस्तो अभिमानी त थिएनौ ।"

लोकमा पनि यस्ता कुरा हुन्छ । कुनै गरिब व्यक्ति पछि धेरै धनीमानी भएर गयो भने र मान सम्मान मिल्न थाल्यो भने आफू आएको पुरानो बाटो बिर्सन्छ । म कसरी कुन अवस्थाबाट आएको हुँ भन्ने कुरा सम्भँदैन । यसलाई "टुप्पाबाट पलाएको" भनिन्छ । अहिले उनी बक ब्रम्हाजीलाई पनि त्यस्तै भयो ।

बकले भने, "मभन्दा माथि कुन ब्रम्हा छन् र मभन्दा माथि कोही पनि छैनन् ।" भगवानले भन्नुभयो, "तिमी पनि माथि नै थियो, तिमी माथिबाट गिर्दैआएका हौ । त्यो तिमीलाई थाहा छैन । पहिले तिमीले चतुर्थ ध्यान सिद्धि गरिसकेर अभिज्ञानहरू सबै सिद्धि गरेर बसेका थियौ । त्यतिखेर तिम्रो कामवचर कुशल पुण्य पनि सार्है नै तेज थियो । रूपवचर कुशल पुण्यहरू पनि तेज थियो । तिमी चतुर्थ ध्यानको लोकमा धेरै कालसम्म त्यहाँ बसेर त्यहाँको आयु सकिने बेलामा तिमीले प्रीति, सुख, एकाग्रतामा बारम्बार मनन गर्दैगयौ र त्यसो गर्दागर्दै मृत्यु भयौ । तृतीय ध्यानले मृत्यु भयौ । तृतीय ध्यान लोकमा फेरि ब्रम्हाजी भएर त्यहाँ पनि धेरै कल्पसम्म बितायौ । अनि आँखिरमा त्यहाँको आयु सकिने बेलामा विचार, प्रीति, सुख, एकाग्रतालाई मनन गर्दागर्दै त्यहाँको आयु सकियो र द्वितीय ध्यानले मृत्यु भयौ । द्वितीय ध्यान लोकमै उत्पत्ति भयौ । त्यहाँ पनि धेरै कल्पसम्म बसिसकेपछि त्यहाँको आयु सकिने बेलामा वितर्क, विचार, प्रीति, सुख, एकाग्रता पाँचैवटा ध्यानाङ्गलाई मनन गर्दै मृत्यु भयौ । मृत्यु भएपश्चाद् प्रथम ध्यान लोकमा उत्पत्ति भयौ । यसरी तिमी माथिको ब्रम्हलोकबाट झर्दै झर्दै आएका हौ ।"



Downloaded from http://dhamma.digital

मर्नेबेलामा पनि प्रथम ध्यानाङ्गको मनन भइराखेको थियो । मनुष्यलोकबाट प्रथम ध्यानको मनन् गरेर ब्रम्हलोकमा पुगेको थियो । अहिले उनी माथिबाट नै झर्दै आएकाले उनको पुरानो तेजको स्वभाव सकिएको थिएन । त्यसैले गर्दा उनी महाब्रम्हा भए। त्यो लोकमा भएका अन्य ब्रम्हाजीहरू सबै उनको अधिनमा चल्ने भए । सबैका मालिक बने । मनुष्यलोकमा प्रथम ध्यान मामुली हुन्छ । देर लाग्दैन । मामुली ध्यानले ब्रम्हलोक पुगेका हुन् ।

धनञ्जनी ब्राम्हणलाई पनि सारिपुत्रले अलिकति मुदिता र उपेक्षाको बाटो देखाउनुभएको थियो । त्यो बाटोलाई यसो मनन गर्दागर्दै मृत्यु भएको थियो । ध्यान सिद्धि भइसकेको थियो । प्रथम ध्यान त्यति कठिन छैन । उनी बक ब्रम्हा माथिबाट आएकाले माथिको उनको ताकत अलिअलि त थियो । उनी प्रथम ध्यानलोकमा हुँदा उनको आयु १ असंख्य कल्पमात्र थियो । असंख्य भनेको अनुमान असंख्य हो ।

अहिले मनुष्यको आयु ७५ वर्षको छ । १०० वर्षमा १ वर्ष घट्दै १० वर्षको आयुसम्म हुन्छ । अहिलेको कल्प सत्थन्तर, रोगान्तर, दिविगन्तर हो । एउटाएउटा कल्पमा प्रलय हुन्छ । सानो प्रलय हुन्छ । ठूलो महाकल्प प्रलय होइन । प्रलय भए पनि फेरि चढ्दो आयु हुन्छ । १० बाट २०, २० बाट ४०, ४०–८०, ८०–१६०, १०००, १०,०००, १०००००, करोड, दश करोड, अरब, खरब, दश अरब इत्यादि गर्दै असंख्य वर्षमा पुग्छ । असंख्यबाट फेरि झर्दैझर्दै १०० बर्षको एकवर्षले घट्दै गएर १० वर्ष पुग्छ । यसलाई एक आयुकल्प पनि भनिन्छ । यस्ता आयुकल्प ६४ को एक असंख्यकल्प हुन्छ ।

ती बक ब्रम्हाको यही भद्रकल्प नै आँखिरी समय भइरहेको छ । उनलाई त्यो पनि कति हो कति लामो हुन्छ । भगवानले उनलाई भन्दैजानुभयो, "तिम्रो आयु १ असंख्यकल्प मात्र छ । अझ पनि तिमी सत्काय दृष्टि लिएर के घमण्ड गरिरहेको छौ ? तिमी कति पनि शक्तिशाली छैनौ । चक्रवालको दृष्टिमा १००० चक्रवालमा तिमीले हैकम जमाउन सक्छौ । त्यहाँबाट उता तिमीले देख्न पनि सक्दैनौ । तिमीदेखि माथिका द्वितीय ध्यान लोकमा भएका ब्रम्हालाई तिमी देख्न सक्दैनौ । त्यति बेलाको तिम्रो जन्मलाई



Downloaded from http://dhamma.digital

तिमीले देख्दैनौ, मैले देख्न सक्छु । मैले तिमीभन्दा माथिका द्वितीय, तृतीय, चतुर्थ ध्यानका ब्रम्हालाई पनि देख्छु ।" त्यति भन्दा पनि बक ब्रम्हा गलेनन् । उनले सोधे, "त्यसो भए पहिले म के थिएँ त ?" "तिमी एकसमयमा मनुष्यलोकमा हुँदा ऋषि थियौ । महाजनका छोरा थियौ । कामगुणमा भुल्दाभुल्दै आफ्सेआफ तिमीमा सम्यक ज्ञान भएर आयो । यो अनित्य शरीर हो । एकदिन मर्नुपर्छ । क्षणिक स्वार्थमा जीवन बिताएर त हुँदैन । मीठो खान्छु भने पनि एकछिन जिब्रोले स्वाद लिएको मात्र हो । मीठो के छ र, के आनन्द छ र जति मीठो भए पनि जति नै राम्रो दृष्य हेर्छु भने पनि आँखाको तृष्णा मेटाइदिएको मात्र हो । त्यसले झनझन तृष्णा जगाउँदै लैजान्छ । राम्रा दृष्यहरू पनि अनित्य नै हुन् । जति सुन्छु भने पनि सुनुन्जेलको लागि मात्र हो । त्यो पनि साँच्चै नै आनन्ददायक छैन । हो कि, हो कि जस्तो मात्र हो । यसमा भुलेर जीवनलाई खेर फाल्नु छैन । भरे मृत्यु भएमा कहाँ हो कहाँ, आफ्नो दुर्गतिमात्र हुन्छ । सानो कामगुणको स्वार्थलाई त्यागेर ठूलो फल पाउँछु भनेर गृहत्याग गरेर जंगल पस्यौ । ऋषि भयौ । ध्यान भावना आचरण गर्दै प्रथम, द्वितीय, तृतीय, चतुर्थ अनि ती ध्यानलाई बारम्बार अनुलोम प्रतिलोम गर्दै अभिज्ञान सिद्धि गर्‍यौ र अनेक शक्ति देखाउन सक्ने पनि भयौ ।"

"तिमी एउटा गाउँको छेउमा दैनिक भिक्षाटन गर्थ्यौ । भोजन लिएर आफ्नै समाधिमा रहन्थ्यौ । ध्यानकै प्रीतिमा रहन्थ्यौ । एकदिन त गाउँमा डाँकाहरू आए र गाउँका गाडा गोरु लुट्ने चोर्ने गरे । सामानहरू गाडामा भरेर गाउँका मूल व्यक्तिहरूलाई बाँधेर गाडामा राखेर लिएर गए । उनीहरूले भने – "तिमीहरूले कसैलाई खबर गरेछौ भने तिमीहरूका मान्छे बाटैमा मारिदिन्छौं ।" कसै खबर गर्न पनि भएन । त्यसरी लिएर जाँदै गरेको ऋषि भएका तिमीले देख्यौ । तिमीले सोच्यौ –'यस गाउँमा आएर मैले आफ्नो जीविका चलाएको छु । यस्तो बेला त्यसै चुप लागेर बस्नु योग्य छैन । मैले केही नगरे यी व्यक्तिहरूलाई डाँकाहरूले मार्छन् । यिनीहरूलाई उपकार गर्नैपर्छ' भनेर जतातत्तै सिपाही सिर्जना गरेर राखिदियौ । यता पनि सिपाही, उता पनि सिपाही देख्दा ती डाँकाहरूले ती गाडा सबै छोडेर भागे । तिमीले भय देखाउन मात्रै सिपाही सिर्जेका थियौ । तिमीले भन्यौ, "ती



Downloaded from http://dhamma.digital

डाँकाहरू भागे, अब फर्केर आउँदैनन् । सबैले आआफना सामान लिएर फर्किनुहोस् ।" तिमीले त्यसरी उपकार गरेका थियौ ।"

अर्को जन्ममा पनि यस्तै घटना घटेको थियो । एकपल्ट मरूभूमिमा यात्रा गर्ने यात्रीहरू ५०० गाडामा सामान भरेर गइरहेका थिए । ती व्यापारी थिए । जति दिन लाग्छ त्यति दिनको लागि रासन पानी बोकेर गइरहेका थिए । आधा बाटो पुगेपछि तिनीहरूले बाटो बिराए । दक्षिणतिर जानुपर्ने उत्तरतिर गए । बाटो बिराएर दुईदिनसम्म यसरी गएपछि उनीहरूले बाटो बिराएको चाल पाए । त्यहाँबाट फेरि फर्केर आउँनुपर्दा २ दिनको बाटो दोहरियो । त्यसैले रासन पानी नपुग्ने भयो । मरूभूमिमा पानी सकिएपछि कामै लागेन । मरूभूमिमा त्यो पनि टन्टलापुर घाममा पसिना खल्खल्ती बगे । आफूलाई पनि गोरूहरूलाई पनि पानी थिएन । गोरूले गाडा तान्न पनि सकेनन् । मान्छेहरू गाडाबाट उत्रे अनि गोरूलाई पनि खोलिदिए । गाडामुनि शीत्तलमा बसे । मरूभूमिमा रूखहरू हुँदैनन् । आज पनि त्यसरी बसे, भोलि पनि त्यसरी बसे । हिड्न नसकिने भए, भोकै मर्नेमा पुगे । त्यो ऋषिले यिनीहरूलाई देखेर यिनीहरूलाई त्यसरी भोकै मर्न दिन भएन भनेर ऋषिले उत्लिखैरै पानीको वर्षा गरिदिए । खोलो नै बग्ने बनाए । आफनो शक्तिले रूखहरू पनि खडा गरिदिए । आफूले पनि पानी खाए, गोरूलाई पनि पानी पिलाए । फलफुल पनि खाए । उनीहरूको ठूलो कल्याण भयो । त्यो ऋषिले यसरी धेरै ठाउँमा कल्याण गरेर मानिसहरूको ज्यान माल बचाइदिएका थिए । पुण्य तेज हुँदा चतुर्थ ब्रम्हलोक, चतुर्थबाट तृतीय, तृतीयबाट द्वितीय, द्वितीयबाट प्रथम भएर लामो समयसम्म ब्रम्हलोकमा बस्न पाएका थिए ।

अनि भगवानले फेरि भन्नुभयो, "धेरै लामो कालसम्म यसरी ब्रम्हलोकमा बस्दा मनुष्यलोकमा भएका घटनाहरू तिमीले बिर्सिसक्यौ । ती घटनालाई तिमीले देख्न सकेको भए तिमीलाई त्यसरी अभिमान चढ्ने थिएन ।" यसरी भगवानले भन्नुहुँदा ती बक ब्रम्हाले भने "होइन, मेरो लोक नित्य छ । म कहिल्यै मरेको नै छुइनँ । कहिल्यै मर्नेवाला पनि होइन । यो कुरा मलाई थाहा छ । तपाईलाई थाहा छैन किनभने तपाई मनुष्यलोकबाट आउनुभएको हो । आफ्नो ठाउँका कुरा आफैलाई नै थाहा हुन्छ । मेरो



Downloaded from http://dhamma.digital

शक्ति यति छ भन्ने कुरा तपाईले अनुमान पनि लगाउन सक्नुहुन्न । लौ हेर्नुहोस्, म अलिकति भए पनि शक्ति देखाउँछु । तपाईको यदि क्षमता छ भने म लुक्छु मलाई देख्नुहोस् । मलाई कुनै पनि ब्रम्हाले देख्न सक्दैनन् ।" हुन पनि हो, कुनै ब्रम्हाले पनि देख्न सक्दैनथे । सबैले प्रार्थना गरेर बोलाउनुपर्ने हुन्थ्यो ।

बक ब्रम्हा लुके । भगवानले पनि ऊ लुकेको सबै ब्रम्हाजीहरूले देखून् भनेर अधिष्ठान गर्नुभयो । लुक्न पुग्दा सबैले "तपाई यही त हुनुहुन्छ नि' भने । यता लुके पनि यताका ब्रम्हाहरूले देखे, उता लुके पनि उताका ब्रम्हाहरूले देखे । लुक्ने ठाँउ नै पाएनन् । बक ब्रम्हाले अचम्म मानेर मनमनै भने, 'अहो, आज मेरो शक्तिलाई के भयो ? मभन्दा शक्तिशाली व्यक्ति आएर नै मेरो शक्ति कमजोर भएको होला । यी गौतम साँच्चै नै अत्यन्तै शक्तिशाली रहेछन् ।' उनी भसङ्ग भए । 'म लुक्न सकिनँ' भनेर आफ्नो अभिमान झारे । अनि भगवानले भन्नुभयो, "तिम्रो शक्ति त्यति बढी रहेछ भने, लौ मलाई देख त !" भनेर लुक्नुभयो । कसैले नदेखून् भनेर अधिष्ठान गरेरै लुक्नुभएको थियो । कसैले देख्न सकेनन् । म यहीं छु भन्ने प्रमाण दिनुपऱ्यो भनेर उहाँले धर्म देशना गरिदिनुभयो । आवाज आइरहेको छ तर कसैले भगवानलाई देखेनन् ।

*'भवेवाहं भयंदिस्वा भवञ्च विभवेसिनं, ।*

*भवं नाभिवदि किञ्च नन्दिञ्च न उपादियिं ।।'*

"हे बक ब्रम्हा, अहं = मैले, भवं = भवमा, म रमाउँदिनँ । भवहवे भयं दिस्वा = भवलाई डरलाग्दो देखेको हुनाले, भव दुःखलाई पनि देखेकोले भवमा रमाउँदिनँ भनेर आचरण गरेर कामलोकलाई त्याग गरेर रूपवचर अरूपवचर भवमा पनि पुगेर आफैले निर्वाण पाएँ, म अजम्वरी भएँ भन्ने ढुक्क परी बसेका ब्रम्हालाई पनि मैले देखेको छु । काम, रूप, अरूप कुनै भवको पनि अलिकति पनि प्रशंसा म गर्दिनँ । कुनै भवमा पनि म रमाउँदिनँ । कुनै भवमा पनि तानिन्नँ किनभने जुनसुकै भव पनि त्यतिकै डरलाग्दा छन् । कामभव डरलाग्दो देखेर कामभवबाट छुट्कारा हुनको लागि भव नै नभएकोमा जान्छु भनेर मुक्ति खोजेर रूप भव, अरूप भवमा आएर रमाएर बसेका ब्रम्हाजीहरूलाई पनि मैले देखेको छु । आयु सकेर



Downloaded from http://dhamma.digital

नरकमा समेत गिर्न सक्छन् भन्ने कुरा उनीहरूलाई थाहा नै छैन । ब्रम्हलोक त मुक्ति नै हो कि भन्ने ब्रम्हाहरू पनि छन् । त्यहाँ तानिएर भवमा फसिरहेका छन् । ती फसिरहेकालाई पनि मैले देखिरहेको छु तर तिनीहरूलाई 'फसें' भन्ने कुराको हेक्का नै छैन । अविद्याले ढाकेको हुँदा उनीहरू अन्धाजस्ता भइरहेका छन् । फसेको नजान्दा म अजम्बरी छु भन्ने अज्ञानता भइरहेको छ । तिमी अहिले बक ब्रम्हाजी भएकोमा आसक्त भइरहेका छौ ।"

यसरी भगवानले धर्म देशना गरिरहनुभएको छ तर रूप कहीं देखिएको छैन । देशनामा भगवानले भन्नुभयो, "हे ब्रम्हा, भवबाट छुटकारा हुनको लागि भवको दोषलाई देख्नुपर्छ । दोषलाई देख्ने व्यक्ति भवमा तानिंदैन । आँखाको, कानको, नाकको, जिब्राको, त्वचाको कसुर नदेख्नेले आँखा, कान, नाक, जिब्रो, त्वचामा तानिएका हुन्छन् । शरीरको कसुर नदेख्नेले शरीरमै रमाइरहेको हुन्छ ।" यसरी देशना गरिसकेपछि आफ्नो रूप देखाइदिनुभयो । अन्त्यमा भगवानले बकलाई चेतना दिनुभयो, "तिमीले जति नै अभिमान गरे पनि तिम्रो केही शक्ति छैन । तिमी त मामुली हौ । तिमीभन्दा शक्तिशाली ब्रम्हाहरू तिमीभन्दा माथि अझै छन् तर ती तिमीजस्तो घमण्डी छैनन् ।"

यति भनेको सुनेपछि बक ब्रम्हाको अभिमान झऱ्यो । अर्थकथामा भनिएको छ – त्यो धर्म देशनालाई मनन गर्दागर्दै १०,००० ब्रम्हाजीहरूले आर्य ज्ञान पाए । ती बक ब्रम्हा पनि निरभिमानी भएर भगवानको शरणमा परे । उनी त्रिरत्नको शरणगामी भए । उनी पनि भवको कसुर देख्नेमा पुगे । उनले आर्य ज्ञान पाए । यदि भगवानको उत्पत्ति नभइदिएको भए ती बक ब्रम्हा मिथ्यादृष्टिबाट उम्कन सक्ने थिएनन् ।

ब्रम्हलोकबाट मृत्युपश्चाद् सीधै अपाय जाँदैनन् । मनुष्यलोक वा देवलोकमा झर्छन् । त्यहाँबाट पनि मरणावस्थामा ध्यानलाई नै मनन गरेर मृत्यु भएमा फेरि ब्रम्हलोकमा पनि पुग्छन् । ध्यानलाई मनन गर्न सकेन भने काम सुगति लोकमा पुग्छन् । काम सुगतिबाट अकुशल गरेमा अपायमा पनि गिर्न सक्छन् ।

मिथ्यामार्ग भनेको मनुष्यलोकमा मात्र नभएर ब्रम्हलोकमा पनि



Downloaded from http://dhamma.digital

हुन्छ । देवलोकमा पनि हुन्छ । अपायमा पनि हुन्छ । सिर्फ शुद्धावास ब्रम्हलोकमा हुँदैन । त्यहाँ अनागामी ब्रम्हाहरू मात्र पुग्छन् । तर ती पनि भवमा अलिकति रमाउने त हुन्छ । तर मिथ्यादृष्टि उनीहरूमा हुँदैन । पुथुजनभूमिबाट आर्यभूमिमा पुगे भने मनुष्यहरूमा पनि मिथ्यादृष्टि हुँदैन । मिथ्यादृष्टि स्रोतापन्न नहुन्जेलसम्म अनुसयको रूपमा पछि लाग्छ । यता गोत्रभुमा पुगेपछि मिथ्यादृष्टि हरेस खाएर बिलाउँछ । त्यहाँबाट पछि लाग्दैन ।

गोत्रभु भनेको पुथुजनभूमिलाई कटेर आर्यभूमिमा पुऱ्याउने अवस्था हो । मिथ्यादृष्टि जहाँ गए पनि पछि लागेकै हुन्छ – चाहे मनुष्यलोक जाऊन्, चाहे देवलोक जाऊन्, चाहे ब्रम्हलोक नै जाऊन् । ठूलो शत्रुको रूपमा रहेको मिथ्यादृष्टि साथमा रहुन्जेल कतै ढुक्क हुन सकिंदैन । मिथ्यादृष्टिको संगतले मिथ्या विचारको संगत मिल्छ, मिथ्या कोशिसलाई पनि ल्याउँछ, मिथ्या समाधि पनि सँगै आइदिन्छ अनि मिथ्याबाट दुर्गति पुगिन्छ । त्यसैले तपाई हामी विश्राम नलिइकन सरासर आर्यभूमितिर लाग्नुपर्छ । विश्राम लिन थालियो भने मिथ्यादृष्टिले गाँजिहाल्छ । त्यसैले विश्राम नलिइकन अहिले मिथ्यादृष्टि भागेको बेला आचरणलाई कायम राख्नुपर्छ । विश्राम लिन थालियो भने मिथ्यादृष्टि फर्केर आउनसक्छ । त्यसैले सतर्क भएर होस कायम राखी काम गरौं ।

***पट्ठान पालि अन्तर्गत बाइसौं दिनको***
***'मग्गपच्चय' – १ देशना समाप्त भयो ।***

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# तेइसौं दिन

## (मग्गपच्चयलाई नै मिलाएर) – २

## २३

*मग्गापच्चयो* । मग्ग भनेको मार्ग अथवा बाटो हो । बाटो भनेको राम्रो पनि हुन्छ, नराम्रो पनि हुन्छ । *'मग्गङ्गानि मग्ग सम्पयुत्तकानं धम्मानं तंसमुट्ठानानञ्च रूपानं मग्गपच्चयेन पच्चयो'* । पालिमा यति मात्र छ । मग्गङ्गानि भनेको मार्गका अंगहरू, मग्ग सम्पयुत्तकानं धम्मानं = मार्गसंग सम्प्रयुक्त धर्महरू (सँगसँगै उत्पति भएर उपकार गर्ने धर्महरू) तंसमुट्ठानानञ्च रूपानं = मार्गसँगसँगै उत्पत्ति हुने चित्त र चेतसिक धर्महरू र चित्तज रूपलाई, मग्गपच्चयेन पच्चयो = त्यसमार्गले उपकार गरेको हुन्छ ।

### *मिथ्यादृष्टि र सम्यकदृष्टि –*

सम्पूर्ण मार्गहरूको संख्या त १२ वटा हुन्छन् । मिथ्यापट्टिका ४ वटा र सम्यकपट्टिका ८ वटा गरी १२ वटा मार्ग छन् । मिथ्यादृष्टि, मिथ्या संकल्प, मिथ्या व्यायाम र मिथ्या समाधि यी ४ वटा मिथ्यापट्टिका मार्ग हुन् । सम्यकपट्टिका ८ वटामा सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि हुन् ।

*मिथ्यादृष्टि* – गलत धारण लिएको, *मिथ्या संकल्प* – गलतमा विचार गरेको (गलत चिन्तन), *मिथ्या व्यायाम* – गलतमा कोशिस गरेको र *मिथ्या समाधि* – गलतमा भएको एकाग्रता । मिथ्यादृष्टिको सम्बन्धमा हिजो बक ब्रम्हाजीको बारेमा बताइयो । ब्रम्हलोकमा पनि मिथ्यादृष्टिले छोड्दैन । मिथ्यादृष्टिले छोड्ने भूमि त आर्यभूमि हो । पृथकजनभूमिबाट बचेर आर्यभूमिमा



Downloaded from http://dhamma.digital

जानुपर्छ । रूप अरूप ब्रम्हलोकलाई त मिथ्यादृष्टिले छोड्दैन भने देवलोकमा छोड्ने त कुरै भएन । मनुष्यलोकमा त झन किन छोड्थ्यो । अनमतग्ग संसारदेखि मिथ्यादृष्टि सँगसँगै आएको हुन्छ । गलत धारणा लिंदा चिन्तन पनि गलत नै हुन्छ । गलत चिन्तन भएर कोशिस गरेपनि त्यो कोशिस पनि गलत नै हुन्छ । त्यो कोशिसमा गएर एकाग्रता भए, त्यो एकाग्रता पनि गलत नै हुन्छ । यसरी गलत मार्गमा मात्र हिंडिएको छ भने ४ अपायमा गिरिन्छ । यी मिथ्याहदृष्टि ४ अपायका बाटा हुन् ।

यदि कम्मसकत सम्मादिट्ठिको बाटो हिंडेको भए काम सुगतिलोकमा पुऱ्याउँछ । कम्मसकत सम्मादिट्ठि भनेको राम्रो कर्म गरे राम्रो फल मिल्छ भनेर दानशीलादि कुशल कर्म गरिने हो । ६ देवलोक र १ मनुष्यलोक गरी ७ काम सुगतिलोक हुन्छन् । काम सुगतिलोकमा भव सम्पति र भोग सम्पति दुवै पाइन्छ । अर्को सम्मादिट्ठिचाहिँ झान सम्मादिट्ठि हो । वितर्क, विचार, प्रीति, सुख एकाग्रताको बाटो भए, प्रथम ध्यान सिद्धि, वितर्कलाई हटाएर गए द्वितीय ध्यान सिद्धि हुन्छ । यसरी ध्यान सिद्धि गरिनु ब्रम्हलोकको बाटो हो भनेर सही प्रकारले बुझेर सही प्रकारले आचरण गर्दैछ भने त्यो झान सम्मादिट्ठि हो । झान सम्मादिट्ठिले ब्रम्हलोकसम्म पुऱ्याउँछ । यी दुई कम्मसकत सम्मादिट्ठि र झान सम्मादिट्ठिले सम्पूर्ण मिथ्यादृष्टिलाई हटाउन सकेको हुँदैन । कम्मसकत सम्मादिट्ठिले नियत मिथ्यादृष्टिलाई मात्र हटाउन सकेको हुन्छ । नियत मिथ्यादृष्टि भनेको ४ अपाय जान पक्का भएको दृष्टि हो । नियत मिथ्यादृष्टि छ भने अब त्यो व्यक्ति कहाँ पुग्छ भनेर सोधिराख्नैपर्दैन । सीधै ४ अपाय पुग्छ । दोषमा पनि अति नै दोषयुक्त दृष्टि नियत मिथ्यादृष्टि हो ।

*'नाहं भिक्खवे, अञ्ञ एक धम्मं मे समनुपस्सामि'* । हे भिक्षुहरू हो, मैले कसुर भइएका धर्महरूमा एउटै धर्मलाई देखेको छु । त्यो हो मिथ्यादृष्टि । मिथ्यादृष्टिसमान अरू दोषयुक्त धर्म छैन अर्थात् मिथ्यादृष्टिलाई छोडेर अरू दोषयुक्त एउटा धर्म पनि मैले देखेको छैन ।

*यं एव यदितं भिक्खवे मिच्छादिट्ठि*
*मिच्छादिट्ठि भिक्खवे परमानि महासावज्जानि ।।*

हे भिक्षुहरू हो, मिथ्यादृष्टि भन्ने कुरा ठूलो कसुरवारमा पनि


Downloaded from http://dhamma.digital

कसुरदार हो । यहाँ मिथ्यादृष्टिलाई लिएर भगवानले भन्नुभएको त्यही नियत मिथ्यादृष्टिलाई हो । अहेतुकदिट्ठि, अकिरियादिट्ठि, नत्थिकदिट्ठिमा अहेतुकदिट्ठि भनेको कार्य – कारण – कार्यलाई नमान्ने दृष्टि हो । कम्मसकत सम्मादिट्ठिले नियत मिथ्यादृष्टिलाई मात्र हटाउँछ । सक्कायदिट्ठि, ससतदिट्ठि, उच्छेददिट्ठिलाई कम्मसकत सम्मादिट्ठिले हटाउन सकेको हुँदैन । तर यसले देवलोक जानलाई रोक्दैन । पुण्य अनुसारले देवलोक जानसक्छ । ब्रम्हलोक पनि जानसक्छ । तर मिथ्यादृष्टि त सँगसँगै गएको हुन्छ र मिथ्यादृष्टिले पनि देवता वा ब्रम्हा बनाइदिन सक्छ । मिथ्यादृष्टि भएकै कारणले दुर्गतिमा पनि जानपर्ने बनाइदिन सक्छ ।

*'उक्खितं पुञ्ञ तेजेन कामरूप गतिंगता ।*
*भवगा तम्पि सम्पत्ता पुन आयन्ति दुग्गतिं ।।'*

दानशील भावनाको पुण्यको तेजले गर्दा माथिसम्म पनि जानसक्छ – कामसुगति ७ लोक र रूप, अरूप ब्रम्हलोकसम्म पनि जान्छ । सबैभन्दा माथिल्लो भव अरूप ब्रम्हलोक पुगे तापनि फेरि दुर्गतिमा पनि झर्नसक्छ । किनभने मिथ्यादृष्टि साथमा भइएको हुन्छ । कम्मसकत सम्मादिट्ठिले ७ कामसुगतिलोकमा र झान सम्मादिट्ठिले ब्रम्हलोकसम्म पुऱ्याउनसक्छ । तर सत्कायदिट्ठि, ससतदिट्ठि र उच्छेददिट्ठिले ब्रम्हलोकसम्मै पुगे तापनि पछि अपायसम्म पनि पुऱ्याउनसक्छ । यस्तो व्यक्ति प्रथम निर्वाण पनि पुग्नसक्दैन । कम्मसकत सम्मादिट्ठि र झान सम्मादिट्ठि नभएको व्यक्तिको लागि त अपायको बाटो सीधै छ । चार अपाय जान बहुतै सजिलो छ । त्यहाँबाट आउनचाहिँ कठिन छ । जान त सारै सजिलो तर आउनचाहिँ सारै गाह्रो छ । देव ब्रम्हलोक जान चार अपायमा भन्दा अलि कठिन छ तर त्यहाँबाट आउन भने सजिलो छ । निर्वाणमा जान सबैभन्दा कठिन छ । निर्वाण गइसकेपछि फेरि फर्केर आउन पर्दैन ।

गइरहेको बाटो भएर अपायको बाटो जान सजिलो हुन्छ । लोभ हुनको लागि कसैको सहयोग चाहिँदैन । लोभ, द्वेष, मोह, अभिमान भइराखेकै छ । श्रद्धा, शील, दानादि कुशल त आफैंले कोशिस गरेर गर्नुपर्ने कुरा हुन् । अकुशल त सजिलै छ, सजिलो भएकोले गर्दा जाने बाटो पनि सजिलै हुन्छ । मनुष्य भव पाएको मौकामा ४ अपाय कहिल्यै नजाने गरी उपाय


Downloaded from http://dhamma.digital

गर्ने हो भने कम्मसकत सम्मादिट्ठि र भाान सम्मादिट्ठिमा मात्र अड्न हुँदैन । तिनमा नअडकिन विपस्सना सम्मादिट्ठिमा पुग्नुपर्छ । विपस्सना सम्मादिट्ठि नभइकन मिथ्यादृष्टिलाई अलिकति पनि हल्लाउन सकिँदैन ।

*'विपस्सना सम्मादिट्ठि ते भुम्मक संखारे ।*

*अनिच्चादुक्ख विसुद्धि तेसु ।।'*

विपस्सना सम्मादिट्ठि भन्नाले तेगुमत सखारो = तीनलोकमा भइएका संस्कारहरूलाई अनित्य दुःख देखेर सत्काय दृष्टिलाई हटाइदिन्छ । त्यसैले सत्काय दृष्टि र शाश्वत दृष्टि यदि छ भने पनि सुगतिलाई त रोक्दैन किनभने कुशल कर्म गर्नलाई यसले रोक्दैन । भवमा रमाउने बनाउँछ । शाश्वत दृष्टिअनुसार आफूले गरेको पुण्यले अर्को जन्ममा फल भोग्न पाइन्छ भन्ने धारणा हुन्छ र भवमा तानिन्छ । त्यस्तो व्यक्तिले भवतृष्णाले सहित भएर कर्म गरिरहेको हुन्छ । यी दृष्टिलाई विपस्सना सम्मादिट्ठि नभइकन हटाउन सकिँदैन । त्यसैले मिथ्यातिरका ४ मिथ्यादृष्टिलाई हटाउन जरूरी छ ।

## चार धातु पूर्णतः निभ्ने ठाउँ खोज्ने भिक्षुको प्रसंग –

जेतवन विहारमा भगवानले धर्मदेशना गरिरहनुभएको थियो । एक भिक्षुले धर्मदेशना सुन्दैथिए । ती भिक्षु अभिज्ञान सिद्धि पाइसकेका भिक्षु थिए । ध्यान सिद्धि पनि भइसकेको थियो । ब्रम्हलोक जान सक्ने अवस्थामा थिए । धर्म सुन्दासुन्दै उनको मनमा विचार आयो – सम्पूर्ण ४ धातु कहिल्यै उत्पत्ति नहुने गरी निभाउने ठाउँ कहाँ होला ? अभिज्ञान र ध्यान सिद्धि भए पनि स्रोतापति आदि लोकुत्तरको ज्ञान पाएका थिएनन् । लोकुत्तर ज्ञान नभएकोले गर्दा ४ धातु निभ्ने ठाउँ कहाँ हो भन्ने शंका उनको मनमा उब्जिएको थियो । देशनामा उनको पटक्कै ध्यान गएको थिएन । यो उब्जेको विचारको कुरा कसलाई सोध्ने भन्ने उनलाई लाग्यो । कसलाई सोध्ने होला भन्दाभन्दै उनको चिन्तन देवलोकतिर फर्क्यो र चतुमहाराजिक देवतालाई सोध्नुपर्‍यो भनेर त्यस देवलोकमा पुगे ।

त्यहाँ पुगेर उनले ४ धातु निःशेष गरी निभ्ने ठाउँ कहाँ हो भनी देवताहरूलाई सोधे । देवताले प्रश्न सुन्नेवितिकै चार धातु निभ्ने ठाउँ त



Downloaded from http://dhamma.digital

हामीले पनि जान्दैनौ, हामीभन्दा माथि ईन्द्र हुनुहुन्छ, उहाँले जान्नुहुन्छ होला भनेर ईन्द्रलोक पठाइदिए । ईन्द्रलाई पनि त्यही प्रश्न सोधे । ईन्द्रले पनि विचार गरे – 'यी भिक्षु अभिज्ञान सिद्ध भएका हुन् । यिनी कहाँबाट आएका हुन् भनेर दिव्यचक्षुले हेर्दाखेरि जेतवन विहारबाट भगवानको धर्मदेशना हुँदैको छोडेर आएका रहेछन् । अगाडि भगवान हुँदाहुँदै भगवानलाई नसोधेर देवलोक आएका छन् । भगवानकहाँ नै पठाइदिनुपर्‍यो' भनेर सोचे । तर उल्टिखेरै भगवानकहाँ बाटै आएका हुँदा केही दुःख पाऊन् भनेर पनि सोचे । उनले भने – 'मैले त जान्दिनँ, माथिका यामा देवताले जान्नुहुन्छ' कि भनेर माथि पठाइदिए । यामाबाट तुषिता, तुषिताबाट निम्मानरति, निम्मानरतिबाट परनिर्मित वशवर्ती पुगे । अनि परनिर्मित वशवर्तीबाट पनि यस्तो उत्तर आयो – 'हामीले त जान्दैनौ, माथि ब्रम्हलोक छ रे । उहाँहरूले जान्नुहुन्छ होला ।'

त्यो भिक्षु त्यहाँबाट ५५ लाख ५० हजार योजनमाथिको ब्रम्हलोकमा गएर त्यही प्रश्न सोधे । त्यो ब्रम्हलोकबाट पनि अझ माथिका ब्रम्हलोक, माथिका ब्रम्हलोक गर्दागर्दै माथिसम्म पुगेपछि उत्तर आयो – 'हामीले त जान्दैनौं, माथि महाब्रम्हा हुनुहुन्छ, हामी सबैका मालिक उहाँ हुनुहुन्छ, उहाँले नजानेको केही पनि छैन । त्यहीं जानुहोस् ।' त्यसो भए उहाँलाई भेटाइदिनुस् न भन्दा उहाँलाई हामी देख्न सक्दैनौं, उहाँ त औंसी पूर्णिमामा मात्र आउनुहुन्छ' भनेर ती ब्रम्हाहरूले भने ।

## भिक्षुको बक ब्रम्हासँग भेट भएको प्रसंग –

त्यही दिन पूर्णिमाको दिन पनि परेको थियो । ती ब्रम्हा पनि सारा ब्रम्हलोकमा रश्मि छर्दै आइपुगे । ऊ, ब्रम्हाजी आउनुभयो भन्नेवितिकै ती भिक्षु ती महाब्रम्हाकहाँ गएर भने, "हे महाब्रम्हा, यी ४ धातु सम्पूर्ण फेरि उत्पत्ति नहुने गरी निभ्ने ठाउँ कहाँ हो ?" ती ब्रम्हालाई पनि आपत पर्‍यो । यी भिक्षु कहाँबाट आएका हुन् भनेर हेर्दा भगवानको ठाउँबाट आएका भनी थाहा पाए । उनले सोचे – 'त्यहीं भगवानलाई नसोधिकन यहाँ किन आएका होलान् ? अब मैले जान्दिनँ भन्न पनि कुन मुखले भन्ने । सबैले सुने भने भन्नेछन् – ए, यी ब्रम्हालाई हामीले सर्वेश्वर भनेका त यिनले



Downloaded from http://dhamma.digital

केही पनि जान्दा रहेन छन् भनेर मलाई अपहेलना गर्छन् । जान्दिनँ भन्नलाई पनि जानेको छैन । तैपनि भिक्षुले बुझ्छ कि भनेर कुरा घुमाएर भने, "हे भन्ते, तपाई अहिले ब्रम्हलोक आइपुग्नुभएछ । केही चिन्ता नगर्नुहोस् । यो ठाउँमा मेरो खटनमात्र चल्छ । सबैको कर्ता नै मै हुँ । सम्पूर्ण चराचर सृष्टि गरेको नै मैले हो । सबैको स्वामी मै हुँ, त्यसैले तपाई ढुक्कसित बस्नुस् ।"

"मैले सृष्टिकर्ता को हो भनेर सोधेको होइन, हे महाब्रम्हा, मलाई त चार धातु निभ्ने ठाउँ चाहिएको हो ।" ब्रम्हाले पनि यो भिक्षुले किन कुरा बुझ्दैनन् भनेर भने, "हे भिक्षु, तपाईले शंकै गर्नुपर्दैन, सबैको कर्ता धर्ता मै हुँ । तपाई थपक्क विहार फर्कनुहोस्, तपाईलाई केही पनि हुँदैन, कुनै आपत्ति पर्दैन, सबै बनाउने सृष्टिकर्ता नै मै हुँ ।" ब्रम्हाले आफूले आफ्नो वर्णन गरिरहेका थिए ।

कर्म र कर्मको फल नजानेकाले ब्रम्हाजीले नै सृष्टि गरेका हुन् भन्छन् । हुन त सृष्टिकालको बेलादेखि आएको हो । जब प्रारम्भमा मनुष्य भए – यी मनुष्य कहाँबाट आएका हुन् कसले बनाएको हो भनेर सोच्दासोच्दै बनाउने त माथि कोही छन् भनेर सोचे । पछि ध्यान गरेर अभिज्ञान सिद्धि गरेर ब्रम्हलोक पुग्दा – ए बनाउने त माथि पो रहेछन् । त्यहाँ पुगेर सबै हजुरकै सृष्टि हो भनिदिंदा ब्रम्हाजी फुरुक्क पर्छन् । मानिसहरूमा पनि सृष्टिकर्ता ब्रम्हाजी नै हुन् भनेर गलत धारणा बसेको छ । यो मिथ्यादृष्टि भनेको सुरूको अवस्थादेखि नै आएको हो ।

भिक्षुले सोधेका थिए – ४ धातु निभ्ने ठाउँ कहाँ हो भनेर तर ती ब्रम्हा भन्छन् – सृष्टि गरेको मैले नै हो । भिक्षुले फेरि फेरि पनि सोधे तर ब्रम्हाले यताबाट उता उताबाट यता गरेर कुरो टार्न खोजे । भिक्षुले पनि आफ्नो जिद्दी छोडेनन् । अब पनि भनेन भने भएन भनेर सोचे । ब्रम्हालाई लाग्यो – अब त भिक्षुले गाली गर्ने बेला भयो । ब्रम्हालाई आपत पऱ्यो – 'जान्दिन भन्न पनि यतिका ब्रम्हाका अगाडि कसरी भन्ने ? आजसम्म म नै सर्वेसर्वा भनेको होइन रहेछ भनेर भन्ने छन् । मैले आजसम्म झुठा बोलेको थाहा पाउँछन्' । आफ्नो वचन झुठा हो भनेर पनि ब्रम्हालाई थाहा थियो । अभिमानले गर्दा सत्यचाहिँ प्रकट गर्न सकेका



Downloaded from http://dhamma.digital

थिएनन् । अनि उनले भिक्षुलाई हात समातेर यता आउनुस् भनेर अरू ब्रम्हाहरूले नदेख्ने ठाउँमा लगे । उनले सोधे, "तपाई कहाँबाट आउनुभयो ?" "म जेतवन विहारबाट आएको हुँ ।" 'त्यहीं भगवान हुँदाहुँदै भगवानलाई नसोधेर ब्रम्हलोक आएर सोधेर कहीं हुन्छ ? तपाईले मलाई लाजमर्दो पार्न आउनुभएको हो ? तपाई गइहाल्नुस् ।" उनले खुसुक्क 'मैले जान्दिनँ' भनेर भिक्षुलाई फिर्ता पठाइदिए । भिक्षुले पनि - 'ए, हो नि त । मैले पनि भगवानलाई छोडेर यहाँ पो आइराखेको' भनेर भिक्षुलाई होस आएछ । 'भगवानलाई नसोधी यता पो आएछु । मैले गर्दा ब्रम्हाजीलाई पनि दुःख भयो' भनेर भिक्षुलाई चेतना आयो ।

मिथ्यादृष्टि भन्ने कुराले ब्रम्हलोकसम्म पनि ढाकेको हुन्छ । मैले सृष्टि गरेको भन्नेले भनिरहेका छन्, उनै हुन् सृष्टिकर्ता भन्नेले पनि भनिरहेका छन्, विश्वास गर्नेले गरिरहेका छन् । *(यो कुरा संयुक्त पालिमा आउँछ ।)*

## चार धातु निभ्ने ठाउँ – शरीरमै –

भिक्षु भगवानकहाँ पुगे । पुगेर भगवानलाई ४ धातु मिल्ने ठाउँबारे विन्ति चढाए । भगवानले पनि सोध्नुभयो, "तिमी कहाँ कहाँ गएर आयौ ?" "म ब्रम्हलोक देवलोक सबै ठाउँमा पुगेर आएँ ।" "त्यसरी बाहिर खोजेर त पाउँदैनौ ।"

*'इमस्मिं येव कलेवरे ब्याममत्ते समनके सविञ्ञाणके ।*
*लोकञ्चेव पञ्ञापेमि लोकसमुद्दञ्च लोक निरोधञ्च ।।'*

"हे भिक्षु तिमीले ४ धातु निभ्ने ठाउँ खोज्नु छ भने अन्त नखोज, यही शरीरमा खोज । शरीरदेखि बाहिर तिमी कतै नजाऊ । देवलोक, ब्रम्हलोकमा खोजेर पाउँदैनौ । सम्पूर्ण दुःखलाई खोज्न परे पनि यही शरीरमै खोज । दुःख-सत्य पनि यही शरीरमै पाउँछौ, ब्रम्हलोकमा गएर सृष्टिकर्ता भेट्राउन सक्दैनौ । लोक भनेको नामरूप लोक हो । लोक बनाउने पनि यही शरीरमै छ, बाहिर छैन । लोक निरोध अर्थात् नामरूप निभ्ने पनि यहीं छ । रूप निभेपछि ४ धातु सम्पूर्ण निभ्छ । फेरि उत्पत्ति नहुनेगरी निभ्ने पनि यही शरीरमा छ, अन्त छैन । लोक निरोध गामिनी



Downloaded from http://dhamma.digital

प्रतिपदा (मार्गसत्य) अर्थात् नामरूप निभ्ने मार्ग पनि यही शरीरमै छ । खोजी गलत भयो भने मिथ्यादृष्टि गुरू भएको हुन्छ । मिथ्या विचार, मिथ्यावीर्य, मिथ्यासमाधि पनि भइरहेको हुन्छ भने मिथ्यामार्ग हुन जान्छ । मिथ्यामार्ग भएपछि मिथ्यामार्ग सँगसँगै उत्पत्ति हुने सम्प्रयुक्त धर्म पनि मिथ्या नै हुन्छन् । ती सँगसँगै उत्पत्ति हुने चित्तज रूप पनि मिथ्या बाटोमा लाग्ने हुन्छन् ।

शरीरमै दुःख-सत्य भेटिन्छ । बन्ने बिग्रने भइरहेको दुःख-सत्य यहीं भेटिन्छ । दुःखको कारण समुदय-सत्य (अविद्या, तृष्णा, उपादान, कर्म) पनि यहीं भेटिन्छ । दुःख निभ्ने निर्वाण पनि यही शरीरका माध्यमबाटै भेटिन्छ । निर्वाण जाने बाटो पनि शरीरमै भेटिन्छ । त्यसैले अन्त नखोज । यही शरीरमै खोज्ने भनेको विपश्यना हो । शरीरमै बन्ने बिग्रने स्वभावलाई सही प्रकारले देखियो भने विपश्यना सम्यकदृष्टि हुन्छ । सही प्रकारले देख्दा सम्यक संकल्पले अनित्य पो रहेछ, बन्ने बिग्रने मात्र रहेछ भनेर जान्दछ र चिन्तन पनि अनित्यतिर चलेको हुन्छ, कोशिस पनि अनित्य देख्नमा लागेको हुन्छ, सति (होस्)ले पनि अनित्यलाई हेर्न जागरूक भइरहेको हुन्छ, एकाग्रता पनि अनित्यलाई देख्नमा एकाग्र भइदिइराखे लौकिक मार्ग ५ मार्ग (सम्मादिट्ठि, सम्मासंकप्पो, सम्मावायामो, सम्मासति, सम्मासमाधि) भइदियो भने विपश्यना सम्मादिट्ठिमा आइपुगिन्छ । सही प्रकारको एकाग्रता, सही विचार र सही देखाइ पनि चाहिन्छ । यति भएपछि विपश्यना सम्मादिट्ठि हुन्छ । अनि मिथ्यादृष्टि नहुँदा मिथ्या विचार पनि हुँदैन, मिथ्या विचार छैन भने मिथ्या कोशिस पनि हुँदैन, मिथ्या एकाग्रता पनि हुँदैन ।

## नाटक हेर्दाको दुःख –

समाधि भनेको एकाग्रता हो र कुनै नाटक वा सिनेमा हेर्दा एकोहोरो भइरहेको पनि एकाग्रता नै हो । नाटक हेर्दा रमाइलो हुन्छ । आनन्द मानिन्छ तर त्यहाँ भित्रको दुःखलाई नदेख्नको लागि अविद्याले छापिदिइराखेको हुन्छ । नाटक हेर्ने ठाउँमा भीड हुन्छ । आफू पनि त्यस भीडको बीचमा पुगेको हुन्छ । राति हुँदा निन्द्रा लाग्छ तर उभिराख्नुपर्छ । यो दुःख हो ।



Downloaded from http://dhamma.digital

जथाभावी पल्टन पनि भएन । यता झुल्यो, उता झुल्यो । घर जान पनि रातको समयमा डर हुन्छ । अर्को दिन कुरा चल्दा सारै रमाइलो भयो भनिन्छ । रातभरि दुःख पाएकोचाहिँ बिर्सिन्छ । मीठो निन्द्रा लागे पनि सुत्न पाइँदैन । सुत्न पाए पनि कति हुन्थ्यो भन्ने हुन्छ । तर त्यत्रो भीडको बीचमा सुत्न मिल्दैन । बाहिर जान मन लाग्छ । भीड छिचोलेर जान पनि सकिँदैन । सहेर बस्नुपर्ने हुन्छ । सजिलै बस्न पाइँदैन । कति दुःखले बस्नुपर्छ, रात मुस्किलले कटाउनुपर्छ, तैपनि रमाइलो भयो भनिन्छ । अविद्याले छोपिदिएको हुन्छ । मिथ्यामार्गमा हुँदा सहीलाई देख्न सकिँदैन । सम्मासमाधि भयो भने मात्र सहीलाई देख्न सकिन्छ ।

*सम्मादिट्ठि, सम्मासंकप्पो, सम्मावायामो, सम्मासति र सम्मासमाधि* मार्गबाट गइयो भने विपस्सना सम्मादिट्ठि हुन्छ । निर्वाण साक्षात्कार गर्ने सम्मादिट्ठिलाई मग्ग सम्मादिट्ठि भनिन्छ । निर्वाण मार्गलाई सही प्रकारले जानेर बुझेर कोशिस गरिएकोलाई सम्मावायामो भनिन्छ । सही मार्ग नगएर कोशिस गरिएकोलाई मिथ्यावायामो भनिन्छ । जानेर बुझेर आचरण गर्नुपर्छ भनेर नै भगवानले धर्मचक्रमा सम्मादिट्ठि र सम्मासंकप्पोलाई अगाडि राख्नुभएको हो । नजानेर गरिएको आचरण सबै गलत हुन्छ । सम्मादिट्ठि भयो भने मध्यम मार्गमा आउँछ । विपस्सना सम्मादिट्ठि नभई मध्यम मार्गमा आउन सकिँदैन ।

*भगवानको दुष्कर चर्या –*

भगवानको पालामा कामगुणमा नै आसक्त भएर आचरण गर्ने पनि थिए । आफूले आफैलाई दुःख कष्ट दिएर आचरण गर्ने पनि थिए । यी दुई प्रकारका आचरण त्यतिबेला प्रचलनमा थिए । भगवानले पनि ज्ञान नपाउन्जेल ६ वर्षसम्म आफ्नो शरीरलाई दुःख कष्ट दिएर अर्काको लहैलहैमा आचरण गर्नुभएको थियो । त्यसैले पनि भगवानलाई भन्न सजिलो भयो कि *'अत्त किलमत्थानुयोगो, दुक्ख, अनरियो, अनत्थ संहितो'* । यस्तो मार्ग निर्वाण पाउने वा कुनै कल्याण हुने मार्ग होइन, आर्य-मार्ग होइन ।

भगवानले ६ वर्षसम्म दुष्कर चर्या नगरिकन ज्ञान पाउनुभएको थियो भने *'अत्त किलमत्थानुयोगो, दुक्ख, अनरियो अनत्थ सहितो'* भनेर



Downloaded from http://dhamma.digital

देशना गर्दा आरोप आउन सक्थ्यो । कस्तो आरोप भन्दाखेरि आफूले त्यस्तो आचरण गर्न सकेन र यस्तो देशना गर्छन् भनेर । उनले गर्न नसकेको आचरण त हामीले गरिरहेका छौं भन्थे । त्यो बेला जसले कसैले गर्न नसक्ने आचरण गर्न सक्थ्यो, त्यो व्यक्ति नामी हुन्थ्यो । जुन व्यक्ति नामी भयो, त्यो व्यक्तिले भनेको सबैले मान्थे । उसलाई मानेको देखेर 'उसले भन्दा म अझ दुष्कर चर्या गर्छु' भनेर भन्थे । त्यसैले दुष्कर चर्या नगरेर भगवानले देशना गरेको भए त्यस्ता पार्टीले भगवानमाथि मिथ्या आरोप लगाउन सक्थे । भगवानले त बोधिसत्व भएर अनेक दुष्कर चर्या गर्नुभएको थियो जुन अन्य कसैले गर्न सक्दैनथे । सबै सम्यक सम्बुद्धहरूले दुष्कर चर्या नगरिहुन्नथ्यो । प्रत्येक बुद्धले त दुष्कर चर्या गर्न पर्दैन । सम्यक सम्बुद्धहरूमा कसैले ६ महिना, कसैले ३ महिना, कसैले १ वर्ष, कसैले ७ दिन भए पनि चर्या गरेका थिए । सबैभन्दा छोटो समयको दुष्कर चर्या ७ दिनको हो र सबैभन्दा लामो समयको दुष्कर चर्या अहिलेका गौतम बुद्धले गर्नुभएको थियो । त्यसैले उहाँलाई आरोप लगाउने बाटो छैन । उहाँलाई दुष्कर चर्या पनि सही मार्गको नहुँदा कुनै ज्ञान पाउने खालको भएन । अतः सम्मादिट्ठि र सम्मासंकप्पो अति जरूरत छ । तपाई हामीमा मिथ्यादृष्टि साथैमा भएको पनि राम्रो विचार वा चिन्तन नभएकोले हो ।

## *प्रज्ञप्ति र परमार्थ*

प्रज्ञप्तिलाई नै सहीरूपमा लिइदिंदा मिथ्यादृष्टि बलियो भएर आएको हो । जस्तै कि गर्भावासको क्षणमा नामरूप हुन्छ । नामरूपमा अलिकति हृदयवस्तु, भावरूप, कायरूप, हृदयवस्तु रूप, रूपदसक, हृदयवस्तु दसक, कायभाव दसक गरी ३० प्रकारका रूप हुन्छन् । त्यो बेलामा भएको नामरूप प्रज्ञप्ति होइन, परमार्थ हो । त्यो बेलामा प्रज्ञप्ति हुँदैन । प्रतिसन्धि-विज्ञानमा नामरूप हुन्छन् । त्यसमा भवंग-चित्त र चित्तजरूपहरू पनि हुन्छन् । ती पनि परमार्थ हुन् । ७ दिनमा फिंजजस्तो भएर आउँछ, त्यो पनि परमार्थ हो । त्यसपछिका ७ दिनमा रगतको डल्लोजस्तो भएर आउँछ । त्यो बेला पनि परमार्थ नै हो । त्यसपछिको ६ महिनामा सम्पूर्ण आकार प्रकार बन्दैआउँछन् । ती पनि परमार्थ नै हो । त्यसपछि १० महिना



Downloaded from http://dhamma.digital

पूरा भएर जन्मिन्छ । त्यो पनि परमार्थ नै हो । सबै परमार्थ नै हुन् तर तपाईं हामीले नजान्दा प्रज्ञप्ति लिएका हौं । उदाहरणमा लिऔं न – एउटा टेबलमा ४ धातु छन् । यसमा पृथ्वी, आपो, तेजो, वायु र यिनका स्वभाव धर्म- वर्ण, गन्ध, रस, ओज छन् । यी जम्मा ८ बाहेक टेबलमा अरू केही छैन । यी ८ तत्व सबै परमार्थ हुन् । यी सबै परमार्थ एकै ठाउँमा जुटेर टेबलको आकार लिंदा 'टेबल' भन्ने प्रज्ञप्तिको जन्म भयो । आकारको आधारमा मान्छे, पशु, रूख, घर भनिलिंदा प्रज्ञप्ति भइदियो । वास्तवमा प्रज्ञप्ति भनेको त पछिबाट थपिन आएको हो । साँचो अर्थमा त परमार्थ मात्रै छ ।

शरीरमा हेरे पनि कपाल भनिन्छ । त्यसको स्वभावलाई मात्र हेरेमा परमार्थ हो । कपाल भनिदिंदा प्रज्ञप्ति भयो । टाउको भनेको प्रज्ञप्ति भयो तर टाउको नै नभनिकन उसको स्वभावलाई मात्र लिइयो भने टाउको भन्ने हुँदैन, परमार्थ मात्र हुन्छ । साँच्चैमा टाउको भन्ने नै हुँदैन । तर परमार्थलाई प्रज्ञप्तिले छोपिदिंदा हाम्रो लागि त परमार्थ हराए जतिकै भयो । राम्रो ज्ञानले हेरियो भने यो सिंगो शरीर त परमार्थको पुञ्जमात्र हो । हाड, छाला, मासु, हात, खुट्टा, पेट भन्ने त प्रज्ञप्ति हुन् । विपश्यनाले हेर्ने नै परमार्थलाई हो । सम्पूर्ण परमार्थ स्वभाव जुटेर आकार बनेको हो । पृथ्वी, आपो, तेजो, वायु मात्र हो । समूहलाई लिइदिंदा प्रज्ञप्ति हुनजान्छ । समूहदृष्टिलाई हटाएर परमार्थदृष्टिले हेरेमा परमार्थ मात्र छ, प्रज्ञप्ति भन्ने नै हुँदैन । परमार्थ दृष्टिले हेर्नेबितिकै आकार प्रकार हुँदैन । आकारको दृष्टिले हेरे प्रज्ञप्ति र स्वभावको दृष्टिले हेरे परमार्थ हो । परमार्थदृष्टिले खन्ध(स्कन्ध)लाई हेरे विपस्सना सम्मादिट्ठि हुन्छ ।

## नन्दक र ५०० भिक्षुणीको उपमा –

राधिका रमण विहारमा गौतमीसहित ५०० शाक्यकुलका भिक्षुणीहरू बसेका थिए । भगवानले भिक्षुहरूलाई 'पालैपालो ती भिक्षुणीहरूकहाँ गएर धर्मदेशना गरिदिनू' भन्ने नियम बनाइदिनुभएको थियो । भगवान आफैं गएर देशना गरे पनि ती भिक्षुणीहरूले ज्ञान पाउने देख्नुभएन । सिर्फ नन्दक भिक्षु गएर देशना गरे मात्र ज्ञान पाउने देख्नुभयो । सारिपुत्र, आनन्द, महाकाश्यप जानुभएर देशना गर्नुभयो तर यी भिक्षुणीहरूलाई भित्रदेखि



Downloaded from http://dhamma.digital

सन्तोष लागेको थिएन । ती भिक्षुणीहरूले नन्दक भिक्षुबाटै उपदेश सुन्न चाहे । भगवानले ती भिक्षुणीहरूकहाँ नन्दकलाई नै पठाइदिने आज्ञा भयो ।

नन्दक भिक्षु गएर ती भिक्षुणीहरूलाई भने, "हे बहिनीहरू हो, मैले देशना गर्दछु, राम्ररी सुन र पछि नबुझेको र सोधिएका प्रश्नको पनि जवाफ देऊ ।"

देशनाको प्रारम्भमै 'चक्षु नित्य हो कि अनित्य हो' भनेर सोध्नुभयो । चक्षु भनेर आँखाको प्रसादरूपलाई भनिएको हो भनेर लिइनुपर्छ । 'अनित्य' हो भन्ते भनेर भिक्षुणीहरूले जवाफ दिए ।

क) 'अनित्य भएको चक्षुलाई सुख भन्छौ कि दुःख भन्छौ' भनी नन्दकले सोध्नुभयो । 'अनित्य भएको हुनाले दुःख हो' भनेर जवाफ दिए ।

ख) 'दुःख भइएको चक्षुलाई तिमीहरूले म, मेरो, मेरो आत्मा भनेर लिन सक्छौ' भनेर सोध्नुभयो । जवाफमा भिक्षुणीहरूले 'यो आत्मा होइन, अनात्म भएकोले त्यसरी लिन सक्दैनौं, भन्ते' भने ।

ग) 'यो आफ्नो अधिनमा छैन, यो मेरो पनि होइन, म पनि होइन भने यसलाई लिन योग्य छ त' भनी सोद्धा 'यसरी लिन योग्य छैन' भनेर जवाफ दिए ।

घ) 'किन योग्य छैन त' भनी सोद्धा 'यो अनित्य, दुःख र अनात्मा भएको हुनाले, भन्ते' भनेर जवाफ दिए ।

त्यस्तैगरी श्रोत, घ्राण, जिह्वा र कायलाई पनि सोध्दै जानुभयो र ती भिक्षुणीहरूले पनि चक्षुकोमा झैं जवाफ दिंदैगए । नन्दक भिक्षुले उनीहरूलाई साधुकार गर्नुभयो ।

कायलाई लिने हो भने परमार्थ हो तर हात भनेर लिए प्रज्ञप्ति हुन्छ । प्रज्ञप्ति भनेको लोकको दृष्टिबाट आएको हो । वास्तवमा प्रज्ञप्ति भन्ने त हुँदैन । लोकको चलनले मात्र प्रज्ञप्ति आएको हो । हुन त परमार्थ परमार्थ परमार्थको धेरै समूह एकत्र भई आकार लिइदिंदा लोकको दृष्टिले नामाकरण गरी प्रज्ञप्ति भइदिएको हो । समूह प्रज्ञप्ति, जन प्रज्ञप्ति, सन्तान प्रज्ञप्ति, नाम प्रज्ञप्तिहरू धेरै भएर आयो । यी आकारलाई हटाएर विपस्सना



Downloaded from http://dhamma.digital

सम्मादिट्ठिले हेरिदिने हो भने प्रज्ञप्ति भन्ने हराउँछ । कम्मसकत सम्मादिट्ठि र भ्मान सम्मादिट्ठिसम्मले त प्रज्ञप्तिलाई हटाउन सक्दैन । प्रज्ञप्ति भन्ने कुरा विपस्सनाले हेर्दा मात्र होइन, साँच्चैमा पनि छैन । साँच्चैमा नभएकालाई पछि अज्ञानताले गर्दा सम्पूर्ण परमार्थ लोप भएर प्रज्ञप्तिलाई मात्र देख्न थालियो । प्रज्ञप्तिबाट हेर्न थालिएकैले गर्दा मिथ्यादृष्टि पनि आयो, विचिकिच्छा पनि आयो ।

नन्दक भिक्षुले ती भिक्षुणीहरूलाई सोध्नुहुन्छ 'काय अनित्य हो कि नित्य ?' जवाफ आउँछ 'अनित्य हो' । 'अनित्य भइएको कायलाई सुख भन्ने कि दुःख ?' जवाफ आउँछ 'दुःख हो' । 'दुःख भइएको यो काय आत्मा हो कि अनात्मा ?' जवाफ आउँछ 'अनात्मा' । आफ्नो अधिनमा छैन । 'अनात्मा भइएको यो कायलाई यो मेरो हो, म हुँ भनेर लिन सक्छौ त ?' जवाफ आउँछ 'सक्दिनँ' । 'किन त्यसरी लिन सकिँदैन ?' जवाफ आउँछ 'सबै अनित्य, दुःख र अनात्मा भइदिएकाले' । यसरी जवाफ पाएपछि नन्दक भिक्षुले ती ५०० भिक्षुणीहरूलाई आर्य-धर्ममा दीक्षित भएका भनेर प्रशंसा गरिदिनुहुन्छ । ती भिक्षुणीहरू पनि खुसी हुन्छन् । फेरि नन्दक भिक्षुले सोध्नुहुन्छ 'मनायतन पनि नित्य हो कि अनित्य हो ?' मनायतन भवंग-चित्त पनि अनित्य नै हो । म, मेरो नभएकोलाई हेर्नुपर्छ भनेर भित्री आयतन ६ वटालाई माथिका मुताबिक बताइदिनुहुन्छ । त्यसपछि बाहिरी ६ वटा आयतन (रूप, शब्द, गन्ध, रस, स्पर्श र धम्म) लाई पनि बताइदिनुहुन्छ ।

एउटा कचौरालाई लिऔं – लोकको दृष्टिमा यो एउटा कचौरा हो तर परमार्थ दृष्टिमा यो रूप हो । साँच्चै नै विपस्सना ज्ञानले हेर्ने हो भने यो कचौरा होइन, रूप नै हो । त्यसैले रूप भनेको परमार्थ हो, प्रज्ञप्ति होइन । समाधिको दृष्टिले चाहिँ कचौरा हो । विपस्सनाको दृष्टिमा कचौरा भन्ने हुँदैन ।

नन्दक भिक्षुले फेरि पनि सोध्नुहुन्छ –

क) 'रूप पनि अनित्य हो कि नित्य ?' जवाफ आउँछ 'अनित्य हो, भन्ते' ।

ख) 'अनित्य भइएको रूपलाई सुख भन्छौ कि दुःख ?' जवाफ आउँछ 'दुःख हो, भन्ते' ।



Downloaded from http://dhamma.digital

ग) 'दुःख भइएको त्यो रूप आरम्मण पनि आफ्नो अधिनमा छ त ?' जवाफ आउँछ 'आफ्नो अधिनमा छैन, भन्ते' ।

घ) 'आफ्नो अधिनमा नभइएको रूपलाई 'म' 'मेरो' भन्न सक्छौ त ?' जवाफ आउँछ 'सक्दैनौ, भन्ते' । यसैगरी सबै आलम्बनहरूलाई पनि बुझ्नुहोला ।

आँखा पनि अनित्य हो, दुःख हो र अनात्मा हो । रूप पनि अनित्य हो, दुःख हो र अनात्मा हो । यसरी अनित्य, दुःख र अनात्मा भइएको आँखा र रूप जुरेर उत्पन्न भएको

क) 'चक्षुविज्ञानलाई नित्य भन्छौ कि अनित्य भन्छौ ?' भिक्षुणीहरूले जवाफ दिए 'त्यो पनि अनित्य नै हो' । नन्दक भिक्षुले अगाडि भन्नुभयो –

ख) 'कारण नै अनित्य भएकोले कार्य पनि अनित्य नै हुन्छ । जस्तै, हे भिक्षुणीहरू हो, एउटा तेलको दियोमा सलेदो पनि छ, तेल पनि छ र बत्ती बलेको छ । त्यो सलेदो नित्य हो कि अनित्य हो ?' जवाफ आउँछ 'अनित्य हो, तेल पनि अनित्य हो । त्यो सलेदो र तेलको कारणबाट बलिरहेको बत्ती पनि अनित्य हो' ।

ग) 'लौ त, भिक्षुणीहरू हो - त्यो सलेदो पनि अनित्य छ, तेल पनि अनित्य छ, बलिरहेको बत्ती पनि अनित्य छ भने त्यो बत्तीको उज्यालोचाहिँ नित्य छ भनेर कसैले भन्यो भने तिमीहरू के भन्छौ ?' जवाफ आउँछ 'त्यो कुरा हुनै सक्दैन, भन्ते । सलेदो, अनित्य छ, तेल अनित्य र ती दुई मिलेर बलेको बत्ती अनित्य छ भने त्यसबाट निस्केको उज्यालो नित्य हुन सक्दैन' ।

घ) 'त्यस्तैगरी रूखको जरा पनि अनित्य छ, फेद, हाँगा, पातहरू, अनित्य छन् भने त्यो रूखको छहारीको शीतलता नित्य छ भनेर कसैले भन्यो भने त्यसलाई के भन्छौ ?' जवाफमा ती भिक्षुणीहरूले भने 'त्यो हामी मान्दैनौ, त्यो पनि अनित्य हो' ।

ङ) 'आँखा पनि अनित्य, दुःख र अनात्मा हो, रूप पनि अनित्य, दुःख र अनात्मा हो । कान पनि अनित्य, दुःख र अनात्मा हो, शब्द पनि अनित्य, दुःख र अनात्मा हो तर देख्ने मन (चक्षुविज्ञान) र सुन्ने मन (श्रोत विज्ञान) चाहिँ नित्य छ भनेर कसैले भने के भन्छौ ?' जवाफ आउँछ 'त्यो



Downloaded from http://dhamma.digital

त हुन सक्दैन, भन्ते । ती पनि अनित्य नै हुन् ।'

च) नन्दक भिक्षुले फेरि सोध्नुभयो 'यिनै देखेको, सुनेको कारणबाट उत्पत्ति हुने लोभ, दोष, मोह आदि क्लेशहरूलाई कसैले नित्य छ भनेमा तिमीहरू के भन्छौ ?' जवाफ आउँछ 'त्यो पनि हुन सक्दैन । कारण नै अनित्य भएपछि कार्य नित्य हुन सक्दैन ।'

छ) नन्दक भिक्षुले फेरि अगाडि भन्नुभयो 'जस्तै एउटा सिपालु कसाइले गोरू काट्यो । छालालाई पनि अलिकति पनि धक्का नपारिकन, मासुलाई पनि अलिकति पनि धक्का नपारिकन, छाला र मासुको बीचको नसाहरूलाई काटेर जोड्दा पहिलेभैं हुनसक्छ त ?' भिक्षुणीहरूको जवाफ थियो 'हुन सक्दैन, भन्ते । जस्तो थियो त्यस्तो रूपमा हुन सक्दैन । किनभने नसा काटिसकेपछि कुनै हालतमा पनि जोडिन सक्दैन । छाला अलग भएको हुँदा अब छाला सुक्दैजाने काम मात्र हुन्छ । जोडिने काम हुँदैन ।'

नन्दक भिक्षुले ती भिक्षणीहरूलाई उचित जवाफ दिएकाले साधुवाद दिए । त्यस्तै अहिले पनि आँखामा रूप ठोकिएर देख्ने मन उत्पन्न हुन्छ र त्यसमा तृष्णारूपी नसा जोडिन आएका छन् तर अति सिपालु भएको विपस्सनाका योगीले रूपलाई, शब्दलाई, गन्धलाई, रसलाई, फोट्ठब्बलाई र धम्मलाई पनि केही गरेको छैन । आँखा, कान, नाक, जिब्रो, काय र मनलाई पनि केही गरेको छैन तर तिनलाई जोडिदिने त तृष्णा हो । तृष्णालाई मात्रै काट्दै गइएको छ भने त्यसबाट उपादान र कर्म भयागिएर आउन सक्दैन । प्रतीत्यसमुत्पादको चक्र घुम्न सक्दैन । नसारूपी तृष्णालाई काटिएको हुनाले चक्रको नियम अब रोकिन्छ ।

चक्षु परमार्थ, रूप परमार्थ, देख्ने मन परमार्थ, कान परमार्थ, शब्द परमार्थ, सुन्ने मन परमार्थ, नाक परमार्थ, गन्ध परमार्थ, गन्ध जान्ने मन परमार्थ, जिब्रो परमार्थ, रस परमार्थ, रस जान्ने मन परमार्थ, काय परमार्थ, फोट्ठब्ब परमार्थ, दुखेको पोलेको जान्ने मन परमार्थ, मनायतन परमार्थ, धम्म परमार्थ, सोचाइ मन परमार्थ – सबै नै परमार्थ हुन् ।

तर विपस्सनारूपी आँखा नहुँदा सम्पूर्ण ती प्रज्ञप्तिमात्र भइदिन्छन् । विपस्सना आँखाले हेरेमा सबै परमार्थ नै हुन् । विपस्सनाले हेर्न कहाँ हेर्ने



Downloaded from http://dhamma.digital

भन्नै पर्दैन, जुनलाई हेरे पनि हुन्छ । आँखालाई हेरे पनि हुन्छ, रूपलाई हेरे पनि हुन्छ, चक्षु प्रसादलाई हेरे पनि हुन्छ । त्यस्तै नामस्कन्धलाई हेर्छु भने पनि – वेदनालाई हेर्छु भने पनि हुन्छ । चित्तलाई हेरे पनि हुन्छ । होइन, रूप पनि होइन, मन पनि होइन, उत्पत्ति-विनासलाई मात्र हेर्छु भने पनि हुन्छ । सतिपट्ठान चारवटामा जुन सतिपट्ठानबाट पनि हेरे हुन्छ । तर अहिले 'मग्गाङ्गानि अर्थात् मार्गमा विपस्सना सम्मादिट्ठिले परमार्थलाई मात्र देख्नुपर्छ । प्रज्ञप्तिलाई देखुन्जेल विपस्सना सम्मादिट्ठि हुँदैन ।

ध्यान बस्दा खुट्टा दुख्यो भन्नेवितिकै प्रज्ञप्ति हो । खुट्टालाई देखेको पनि प्रज्ञाप्ति हो । खुट्टालाई नदेखिकन दुखेको स्वभावलाई मात्र देखेको परमार्थलाई देखेको हो । त्यसैले विपस्सना सम्मादिट्ठिले देख्ने परमार्थलाई हो । विपस्सना आचरण गर्ने व्यक्तिले पहिले त प्रज्ञप्ति र परमार्थलाई छुट्याएर जान्नुपर्छ । छुट्याउनै सकिएन भने विपस्सना सम्मादिट्ठि हुँदैन ।

अनित्य, दुख र अनात्मालाई देखेमात्र विपस्सना सम्मादिट्ठि हुन्छ । परमार्थ नदेखुन्जेल पनि अनित्य, दुख र अनात्मा जान्न सकिंदैन । हिजोको पनि त्यही हात, आजको पनि त्यही हात, आकार पनि उस्तै, भोलि पनि उस्तै तर स्वभावचाहिँ हिजोको होइन, आजको त नयाँ हो । हाड भनेर लिइयो भने हिजोको पनि त्यही, आजको पनि त्यही र भोलिको पनि त्यही हुन्छ तर जुन स्वभाव हो त्योचाहिँ क्षणक्षणमा बदलिरहन्छ ।

सबै परमार्थहरू जुटेर प्रज्ञाप्ति आकार भएको हो । आकार दृष्टिले हेर्दा प्रज्ञप्ति देखिएको हो । विपस्सना तेज भइएको दृष्टिले हेर्दा परमार्थमात्र हो । प्रज्ञप्ति देख्दा हात कसको भन्दा 'मेरो' भन्ने आउँछ । विपस्सना दृष्टिले हेर्दा अनित्य, दुख र अनात्मा मात्र हो । 'म' भन्ने पनि छैन, 'मेरो' भन्ने पनि छैन, 'मेरो अधिनमा' पनि छैन् । जुन परमार्थ हो त्यो 'म' पनि होइन, 'मेरो' पनि होइन र 'मेरो अधिनमा' पनि छैन । जुन प्रज्ञप्ति भइएको हात हो, त्यसमा 'म' पनि, 'मेरो' पनि र 'मेरो अधिनमा' पनि आउँछ । समाउन मन लाग्यो भन्ने त हुन्छ । त्यो परमार्थ हो । समाउन मन लाग्यो भन्ने मन धेरै हुन्छन् । *'समुट्ठानानञ्च रूपानं'* भनिएजस्तै चित्तजरूपहरू धेरै भएर चित्तजरूप वायु भएर घचेट्छ । हात यहाँबाट अलि पर लग्दाखेरि नै बन्दै बिग्रदै, बन्दै बिग्रदै गरिरहेको हुन्छ । तर हातले समाते



Downloaded from http://dhamma.digital

भन्दा प्रज्ञाप्ति भइदिन्छ । त्यहाँ भित्र पनि बन्ने बिग्रने मात्र भइरहेको हुन्छ । नित्य त कुनै पनि छैन । सम्पूर्ण त बन्ने बिग्रने मात्र छ । त्यसैले विपस्सना योगीले प्रज्ञप्तिलाई हटाई परमार्थमात्र देख्ने काम गर्नुपर्छ तर प्रज्ञप्तिको आड नभइकन पनि परमार्थलाई देख्न सकिंदैन । समाधिको लागि त प्रज्ञप्तिको आड पनि चाहिन्छ ।

एकाग्रता भएर विपस्सनाको क्षेत्रमा प्रवेश गरेपछि हातखुट्टा, टाउको भन्नेलाई नहेरिकन स्वभावलाई मात्र हेर्नुपर्छ । स्वभाव पनि एउटाको र अर्कोको मिल्दैन । मन पनि एकपछि अर्को गरी बनिरहेको हुन्छ, बिग्रिरहेको हुन्छ । यसरी बन्ने बिग्रनेमात्र भइरहेकोचाहिँ परमार्थ हो । त्यो परमार्थलाई देखेको विपस्सना सम्मादिट्ठि हो । विपस्सना सम्मादिट्ठि हुनेबितिकै सत्काय दृष्टि हुँदैन । अनि 'म' भन्ने पनि छैन, 'मेरो' भन्ने पनि छैन, 'मेरो आत्मा' भन्ने पनि हुँदैन । अनि सत्व प्राणी स्त्री, पुरूष भन्ने पनि हुँदैन । यसरी 'सत्काय दृष्टि' हट्नजान्छ । नित्य छ, ध्रुब छ, पक्को छ भन्ने 'शाश्वत दृष्टि' पनि हट्नजान्छ । बिग्रनेबितिकै अब सबै सकियो भन्ने 'उच्छेद-दृष्टि' पनि हट्नजान्छ । नयाँ नयाँ उत्पत्ति भइरहेको देखेपछि 'उच्छेद-दृष्टि' हुँदैन । यसरी दृष्टिलाई विपस्सना सम्मादिट्ठिले हटाइदिएको हुन्छ । परमार्थलाई देख्नाले नै मिथ्यादृष्टिलाई हटाउन सकिन्छ । छायाँझैं बसेका प्रज्ञप्ति जति सबैलाई हटाइदिनुपर्छ ।

## अविज्जमान र विज्जमान प्रज्ञप्ति –

'अविज्जमान प्रज्ञाप्ति'लाई पनि र 'विज्जमानप्रज्ञाप्ति'लाई पनि हटाइदिनुपर्छ । हुँदै नभएको तर त्यति कै चलन गरिएको प्रज्ञाप्तिलाई 'अविज्जमान प्रज्ञाप्ति' भनिन्छ । जस्तै मान्छे भन्ने त छैन तर हुँदै नभएकोलाई मान्छे छ भनी चलन गरिएको हुन्छ । हात खुट्टा ज्यान टाउको सबै 'अविज्जमान प्रज्ञप्ति' हुन् । रूपस्कन्ध भनेकोचाहिँ प्रज्ञप्ति हो । त्यो 'विज्जमान प्रज्ञप्ति' हो । वेदनास्कन्ध पनि प्रज्ञप्ति हो । त्यो पनि 'विज्जमान प्रज्ञप्ति' हो । संज्ञास्कन्ध, संस्कारस्कन्ध र विज्ञानस्कन्ध पनि 'विज्जमान प्रज्ञप्ति' हुन् । भएकालाई हेरेर नामाकरण गरिएको भएर 'विज्जमान प्रज्ञप्ति' हुन् । सुरूमा त 'विज्जमान प्रज्ञप्ति'को आड लिएर 'अविज्जमान प्रज्ञप्ति'लाई हटाउनुपर्छ । विज्जमान प्रज्ञप्ति'लाई पनि विपस्सनाको आड लिएर हटाउनुपर्छ ।



Downloaded from http://dhamma.digital

विपस्सनामा जाँदा यो रूप, यो वेदना, यो संज्ञा, यो संस्कार, यो विज्ञान भन्ने नाम चाहिँदैन । रूपस्कन्ध पनि चाहिँदैन, नामस्कन्ध पनि चाहिँदैन । ती सबै बाहिरबाट दिइएका नाम हुन् । ती बाहिरबाट दिइएका नाम हटाउनेवित्तिकै परमार्थ बाँकी रहन्छ । परमार्थले रूपको स्वभाव, वेदनाको स्वभाव, संज्ञाको स्वभाव, संस्कारको स्वभाव, विज्ञानको स्वभाव बताइरहेको हुन्छ । उत्पत्ति पनि बताएको हुन्छ, विनास पनि बताएको हुन्छ । उत्पत्ति-विनासमात्र बताइरहेको हुँदा, यो रूप हो, यो वेदना हो, यो संज्ञा हो, यो संस्कार हो, यो विज्ञान हो भनेर लिनैपर्दैन ।

नामरूप परिच्छेद ज्ञान, पच्चय परिग्रह ज्ञान छुट्याउँदैलग्नुपर्छ तर भर्खर विपस्सना गर्ने व्यक्तिलाई भने सुरूमा अलि अप्ठेरो हुन्छ । दुख्यो भन्ने गराउने र उत्पत्ति हुनमा तागत दिने संस्कारले हो । त्यसलाई जान्ने विज्ञान हो । सुरूमा आचरण गर्ने योगीले त एकएकलाई छुट्याउँदैजानुपर्छ । उत्पत्ति-विनासमा पुगियो भने यो रूप हो, यो नाम हो, यो वेदना भनेर त्यतापट्टि जानुहुँदैन । विपस्सना ज्ञानतिर गएपछि नामरूप परिच्छेद ज्ञानतिर फर्कनुपर्दैन । विपस्सनामा त बन्ने बिग्रने मात्र हेर्नुपर्छ । रूप भन्ने नै छैन, बन्ने बिग्रने मात्रै छ । वेदना भन्ने पनि छैन्, बन्ने बिग्रने मात्रै छ । संज्ञा, संस्कार, विज्ञान भन्ने पनि छैनन् बन्ने बिग्रने मात्र छ । हेर्ने पनि बिग्रिराखेको छ, हेराइ खाने पनि बिग्रिराखेको छ । हेराइ खाने पनि अनित्य, हेर्ने पनि अनित्य । नित्य केही पनि छैन । नित्यचाहिँ निर्वाणमात्र छ । त्यो नित्य निर्वाणलाई देखेको चाहिँ 'मग्ग सम्मादिट्ठि' हो ।

सबै अनित्यमात्र हुँदा हात पनि छैन, खुट्टा पनि छैन, ज्यान पनि छैन, टाउको पनि छैन । हात, खुट्टा, ज्यान, टाउको नै छैन भने यहाँ वहाँ भन्ने पनि हुँदैन । किनभने परमार्थमा हात, खुट्टा, ज्यान, टाउको भन्ने नै हुदैन । सिर्फ बन्ने बिग्रने र हेर्ने मात्र छ । बाहिरका पनि बन्ने बिग्रने भइरहेका छन् । उता हेर्नेपट्टि विपस्सना सम्मादिट्ठि पनि बन्ने बिग्रने भएरै गइरहेको छ । यता हेराइ खाने स्कन्धपट्टि पनि बन्ने बिग्रने भएरै गइरहेको छ । जतिजति बन्ने बिग्रने हेर्दैगयो त्यतित्यति हेर्ने ज्ञान तेज भएर उपकार गरिरहेको हुन्छ । अगाडि देखेको विपस्सना ज्ञानले पछाडि देख्ने विपस्सना ज्ञानलाई उपकार गर्दैगएको हुन्छ र ज्ञान तेज हुँदैगएको हुन्छ । आज पनि



Downloaded from http://dhamma.digital

भोलि पनि गर्दागर्दा ज्ञान झनझन तेजिलो हुँदैजान्छ । यसलाई आसेवन पच्चयले उपकार गरेको भनिन्छ ।

पक्का हुने गरी बारम्बार भावना गर्दैजानुपर्छ । जब पक्का भयो, बलियो भयो भने ज्ञान छिपिंदैजान्छ अनि संस्कार धर्मजतिलाई त्यागिदिन्छ । संस्कार-धर्म सबै त्यागिदिनेबितिकै असंस्कार निर्वाण भेटिन्छ । संस्कार-धर्म त्यागेर देखेको चाहिँ मग्गसम्मादिट्ठि हो । मग्गसम्मादिट्ठि संस्कार हो । असंस्कारचाहिँ निर्वाण हो । फल सम्मादिट्ठि बिग्रिन्छ, यो पनि संस्कार हो । यो पनि बिग्रेपछि अघिको बन्ने बिग्रने सुरू हुन्छ ।

सम्मादिट्ठि भएपछि आफू आएको बाटोलाई पनि मनन हुन्छ, आफूले साक्षात्कार गरेको फललाई पनि मनन हुन्छ, आफूले निभाएका क्लेशहरूलाई पनि मनन हुन्छ । अब अगाडि निभाउनुपर्ने क्लेशको पनि मनन हुन्छ । मनन गर्दागर्दा खुसी भएर प्रीति सम्बन्धको विथि लहर चल्छ । भवंगबाट जवनमा पुग्छ र जवनमा पुग्नेवितिकै अघि देख्दैगरेको उत्पत्ति-विनासलाई देख्न थालिन्छ । यहाँ आइपुगेपछि पहिलो मार्ग-ज्ञान, फल-ज्ञान सफल हुन्छ । पहिलो मार्ग-ज्ञान, फल-ज्ञान सफल हुनेवितिकै मिथ्यादृष्टि समाप्त हुन्छ । अनि त्यससँग हुने विचिकित्सा पनि मेटिन्छ । निर्वाणको लागि आचरण गर्छु भनेपछि मिथ्यासंकल्प पनि हुँदैन, मिथ्याव्यायाम पनि हुँदैन र मिथ्यासमाधि पनि हुँदैन । यसरी मिथ्याका ४ वटा बाटा बन्द हुन्छन् । बाटै बन्द भएपछि मिथ्याका घरका ढोका पनि बन्द हुन्छ । मिथ्या-मार्ग चारवटा बन्द हुनेवितिकै यता शील मार्गका तीनवटा – सम्मावाचा, सम्माकम्मन्तो, सम्माआजीवो पनि मिल्न आउँछ र आर्य अष्टांगिक मार्ग पूर्ण हुन्छ । वीरति चेतसिक कुनै कुनै बेला आउनसक्छ । मार्ग-सम्मादिट्ठि र फल-सम्मादिट्ठि भएपछि ती नित्यरूपमा आउँछ । नित्य भनेको कहिल्यै नबिग्रने गरी वीर्य चेतसिक बलियो भयो भन्ने अर्थ हो । अनि त पञ्चशीललाई पूर्णरूपमा पालन गर्ने हुन्छ । उहाँहरूमा आर्य-ज्ञानबाट नै पञ्चशील विपरितका कामकुरा हटिसकेको हुन्छ ।

***पट्ठान पालि देशना अन्तर्गत तेइसौं दिनको***
***'मग्गपच्चय' देशना समाप्त भयो ।***



Downloaded from http://dhamma.digital

# चौबीसौं दिन

***(अन्तिम देशना)***

## (सम्पयुत्त, विपयुत्त, अत्थि, नत्थि, विगत, अविगतपच्चयलाई मिलाएर)

**२४**

आज पट्ठान देशनाको २४ सौं दिनको हो । आज अन्तिम देशना हो । अब ६ वटा प्रतिहार बाँकी रहेका छन् । आज ती ६ वटा प्रतिहारलाई नै लिएर देशना हुनेछ । पट्ठानबारे धेरै व्याख्या गरिएका पुस्तकहरू पनि भेट्टिएका छैनन् । छोटकरीमै प्राप्त हुँदा छोटकरीमा नै लिएर जान्छु ।

भगवानले पनि यो पट्ठानलाई देवलोकमा देशना गर्नुभएको हो । मनुष्यलोकमा अभिधर्म देशनाबाट ज्ञान पाएका भन्नेबारे कुनै पिटक पनि त्यति सारो भेट्टिएको छैन । एक जनालाई मात्रै देशना गरिएको भेटिन्छ । देवलोकमा पनि सबैले नै अभिधर्मबाट वा पट्ठानबाट ज्ञान पाएका होइनन् । अभिधर्म बुझ्न नसक्ने र अभिधर्मबाट ज्ञान पाउन नसक्ने देवता पनि थिए । ती देवताहरूलाई फेरि भगवानले उनीहरूको आसय हेरेर अभिधर्मको देशना गर्दागर्दै फेरि सूत्रको देशना गरिदिनुपर्थ्यो । अभिधर्मबाट छर्लङ्ग ज्ञान पाउन नसक्ने देवताहरू पनि थिए । छर्लङ्ग बुझ्न नसक्दा आर्यज्ञान पाउन नसकेकाले बीचबीचमा भगवानले सूत्रको देशना गरिदिनुपर्थ्यो । अहिले पनि अभिधर्ममा सूत्र पनि मिसएर लगेको हुँदा बुझ्न त्यति अप्ठेरो त नपर्ला ।

पट्ठान देशनालाई अलिअलि आफूले मनन गर्न सकियो र बुझ्न सकियो भने मिथ्यादृष्टि पनि हराएर जान्छ । स्कन्धलाई नजान्नाले नै मिथ्यादृष्टि भएको हो । स्कन्धलाई नजान्दा मनासिकार पनि गलत हुन्छ,



Downloaded from http://dhamma.digital

चिन्तन पनि गलत हुन्छ, संज्ञा पनि गलत हुन्छ । चिन्तन गलत भएकोले सही गुरू पनि पाउन सकिंदैन । गलत गुरूको फन्दामा परिन्छ । गल्तीमाथि गल्ती हुँदै गएर मिथ्यादृष्टि विकसित भएर आउँछ । जब सही प्रकारले स्कन्धलाई जानियो, स्कन्धको विषयलाई जानियो, स्कन्धको स्वभावलाई जानियो, स्कन्धको कारण कार्यलाई जानियो भने गलत दृष्टि हुँदैन । गलत दृष्टिले नै निर्वाणको मार्गलाई बन्द गरिदिएको हुन्छ । निर्वाणलाई बन्द गरेको नै मिथ्यादृष्टि र विचिकित्साले गर्दा हो । पहिले, निर्वाणको बाटो खोल्नु छ भने दृष्टि र विचिकित्सा हटाउनुपर्छ । पहिलो निर्वाण भनेको स्रोतापन्नको अवस्था हो । स्कन्धको कारणलाई नजानेर नै दृष्टि र विचिकित्सा भएको हुन्छ । चिन्तन गलत भएर, संज्ञा गलत भएर, गुरू गलत भएर, मनसिकार गलत भएर, धर्म सुन्न बुझ्न गल्ती गरेर दृष्टि गलत भइदिएको हुन्छ ।

## साति र यमक भिक्षुको प्रसंग –

देशना त सही प्रकारको देशना हो, आफूले सुन्न बुझ्न गल्ती गरियो भने त्यसबाट पनि मिथ्यादृष्टि हुन्छ । साति भिक्षु, यमक भिक्षु देशना सुन्दासुन्दै मिथ्यादृष्टिमा परेका थिए । भगवानबाट म अतीतमा पहिले बोधिसत्व भएको समयमा कुन जन्ममा कस्तो प्रकारको पारमि धारण गरेको थिएँ भन्ने देशना सुन्दैजाँदा – 'विदुर पनि उहाँ नै, जनक पनि उहाँ नै, विसन्तर पनि उहाँ नै हुनुहुँदो रहेछ' भन्ने कुरा बुझ्छेछन् । 'ए ! सबै उहाँ नै भएपछि मर्ने त शरीरमात्र रहेछ, भित्रको जीवात्मा त मर्ने रहेन छ' भनेर बुझ्छेछन् । 'आत्मा त एउटा शरीरबाट अर्को शरीर, अर्कोबाट अर्को शरीरमा प्रवेश हुदैंजाँदा रहेछन् । जीवात्माचाहिँ नित्य रहेछ' भनेर साति भिक्षुलाई लाग्यो ।

*'यथा गामं तो निक्खम्म, अन्य गामं पविस्सति*
*एवमेव तिसोजीवो, अन्य कायं पविस्सति ।'*

एउटा गाउँलाई छोडेर अर्को गाउँमा बसाइ सरेर गएझैं, यसप्रकारले नै जीवात्मा भन्ने जुन जीव हो त्यो अर्को काय (शरीर) मा प्रवेश गर्दछ ।

बोधिसत्वको पारमिलाई भनेको कुरालाई लिएर यो शरीर मात्रै मर्ने


Downloaded from http://dhamma.digital

रहेछ, भित्रको जीवात्मा अजम्बरी रहेछ भनेर साति भिक्षुले बुझे । धर्म सुन्दा पनि धर्म सुन्न नजान्दाखेरि पनि मिथ्यादृष्टि हुन्छ । अरहन्तहरूको अर्को जन्म छैन भन्ने कुरा नामरूप निभेपछि अर्को नामरूप हुँदैन भन्ने कुरालाई लिएर उच्छेददृष्टि लिने यमकहरू पनि थिए । यो पनि धर्म सुन्न बुझ्नमा गल्ती भएर हो । धर्म देशना गलत होइन । हामीले पनि धर्म सुन्न र बुझ्नमा गल्ती गर्न हुँदैन । राम्रोसित शंका नहुने गरी चित्तबुझ्नेगरी सुन्न जान्नुपर्छ । अभिधर्मलाई सुने जति बुझेजति धर्मलाई धर्म बुझाउनेले पनि बताउनुपर्छ । देख्ने सुन्नेले पनि गलत नहुनेगरी सुन्नुपर्छ ।

## छन्द भिक्षुको उपमा –

छन्द भिक्षु आफूले आफैलाई हत्या गर्दागर्दै अरहन्त भएका थिए । यहाँ छन्द भनेर भनेको भिक्षु आनन्दले देशना गरेको छन्द होइन, सारिपुत्रले देशना गरेको छन्द हो । एकपल्ट उनी बिरामी पर्दा सारिपुत्रले उनलाई भेट्न गएका थिए । सारिपुत्रले सोध्नुभयो, 'हे छन्द, तिमीलाई कस्तो छ, कुशल छ कि छैन, स्वास्थ्य राम्रो छ कि छैन ?" उनले भने, "मेरो अहिले स्वास्थ्य राम्रो छैन । २० को १९ पनि भएको छैन । बढ्दो मात्रै छ, घट्दो छैन ।" "त्यसो भए पनि चिन्ता नगर । मनलाई दरो बनाएर बस" भनेर भन्दा 'मलाई कुनै चिन्ता छैन । म त आफूलाई नै हत्या गरेर मरिदिने विचार गरेको छु ।" भनेर छन्द भिक्षुले भने । सारिपुत्रले भन्नुभयो, "किन, तिमीलाई औषधि गरिदिने वा सेवा गरिदिने व्यक्ति नभएर भनेको हो ? बरू म औषधि खोजिदिउँला । सेवा नै गर्नुपरे म नै अगाडि बसेर सेवा गरिदिउँला । त्यसको चिन्ता नगर ।" उनले भने, "मलाई सेवा गर्ने व्यक्ति नभएर होइन । मेरो खानदानका मान्छेहरू धेरै छन् । मलाई सबै परिपूर्ण छ तर पनि म अर्को जन्म नलिने व्यक्ति भएकोले यो शरीरको भारी बोकेर कति बसिराख्ने भनेर आफूले आफैलाई हत्या गरिदिन खोजेको हुँ ।" यस भनाइबाट ऊ अरहन्त भइसकेको व्यक्ति भन्ने अर्थ लाग्छ । उनलाई आफूलाई अरहन्त भइसकें भन्ने विश्वास भएको थियो । उनले सारिपुत्रलाई ठग्छु भनेर झूठा बोलेका होइनन् । उनलाई अरहन्त भएँ भन्ने विश्वास भएरै त्यसरी बोलेका हुन् । तर त्यो विश्वासचाहिँ सही थिएन । सारीपुत्र


Downloaded from http://dhamma.digital

भन्तेले सोध्नुभयो, "तिमीले चक्षुविज्ञानलाई 'म' 'मेरो', 'मेरो आत्मा' भनेर लिन्छौ कि लिन्नौ ?" "लिन्नँ ।" "किन लिन्नौ त ?" "मैले उत्पत्ति पनि देखेको छु, विनास पनि देखेको छु । विनासलाई देखिरहेको हुनाले 'म', 'मेरो' 'मेरो आत्मा' भनेर लिन्नँ ।"

छन्द भिक्षुमा विपश्यना ज्ञान तेजिलो थियो त्यसकारण उनमा क्लेश आउनै पाएको थिएन । क्लेश रोकिएकै कारणले गर्दा अरहन्त भएँ भन्ने उनलाई भ्रम थियो । अनि त्यो भिक्षुले आफूले नै आफ्नो घाँटी रेटे । सारिपुत्रले पनि जानेबलामा भन्नुभयो –

*'निस्सितं चित्तं चलितं, अनिस्सितं चित्तं चलितं नत्थि'*

तृष्णा र दृष्टिको आड लिएको चित्त हल्लिन्छ । दृष्टि र तृष्णा कुनैमा पनि आड लिएको छैन भने, त्यस्तो चित्त हल्लिंदैन । हल्लिने चित्तमा पस्सद्धि हुँदैन । पस्सद्धि नभएको चित्तमा प्रीति हुँदैन । प्रीति पस्सद्धि छैन भने त्यहाँ सुख हुँदैन । सुख भएन भने समाधि हुँदैन । समाधि भएन भने चित्त पवित्र हुँदैन । चित्त पवित्र भएन भने निर्वाण धर्मलाई बुझिंदैन । बुझिएन भने आस्रव क्षय हुँदैन । त्यसैले नहल्लिने चित्तमा प्रीति हुन्छ, पस्सद्धि हुन्छ, सुख हुन्छ । त्यस्तै चित्तले गर्दा खन्धको सही स्वभावलाई बुझ्न सकिन्छ र आस्रव क्षय गर्न सकिन्छ । सारिपुत्रका भाइ चुन्दले आखिरमा जाने बेला यी कुरा भनेर जानुभएको थियो ।

छन्द भिक्षुले घाँटी रेट्दै गर्दा हात खुट्टा चल्न छोडे । छिटै मर्न पाए हुन्थ्यो भन्ने त थियो । तर उनले निमित्त देख्न थाले – सुगति देवलोकको । उनलाई त्यतिबेला थाहा भयो – 'म त फेरि जन्म लिने व्यक्ति पो रहेछु, अरहन्त त होइन रहेछु । सारिपुत्रले त मलाई होस दिलाउन पो आएका रहेछन् । उत्निखेरै बगेको रगतलाई बन्द गरेर फेरि मूल कर्मस्थानको आचरण गर्दागर्दै अरहन्त भए । स्रोतापति, सकृदागामी, अनागामी, अरहन्त, अरहन्त मार्ग-ज्ञान, अरहन्त फल-ज्ञान, अरहन्त पच्चय खन्ध-ज्ञान, भवंग, भवंग, मृत्यु-चित्त प्राप्त हुन्छ ।

यो प्रसंग सुनेर 'ए, बिरामी व्यक्तिले घाँटी रेटे भने अरहन्त हुने रहेछ भन्दै हिड्ने व्यक्ति पनि थिए । त्यसैले धर्म सुन्न बुझ्न गल्ती भए पनि मिथ्यादृष्टि हुन्छ भनिएको हो । तिस्स भिक्षुले पनि दुईटै तिघ्रा भाँचेर



Downloaded from http://dhamma.digital

अव म भाग्न सक्दिनँ भन्ने प्रमाण दिएर रातभरि त्यसै बसेका थिए । कोहीकोहीले वेदना हेर्नको लागि खुट्टा भाँचेर आचरण गरेका हुन् भन्ने पनि थिए । उनले वेदनाको लागि त्यसो गर्नुभएको होइन । त्यसैले धर्म त सही हो तर सुनाइ गलत भएमा मिथ्यादृष्टि लिन पुगिन्छ ।

## सम्पयुत्त पच्चयो

सँगै मिलेर उपकार गरिएकोलाई सम्पयुत्त पच्चयो भनिन्छ । समभावले मिलेर समभावकै रूपमा सँगसँगै मिली काम गरेर उपकार गर्ने भइएको स्वभावलाई सम्पयुत्त पच्चयो भनिन्छ ।

*'चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सम्पयुत्तपच्चयेन पच्चयो ।'*
*चतारो* – ४ वटा भएको, *अरूपिनो* – रूप नभएका (वेदना, संज्ञा, संस्कार, विज्ञान) स्कन्धहरू, *अञ्ञमञ्ञं* – एकअर्काको आधार लिएर एकले अर्कोलाई उपकार गर्दै, *सम्पयुत्तपच्चयेन पच्चयो* – सँग उत्पत्ति भएर उपकार गर्ने हुन्छ ।

## चतुर्मधुको उपमा –

अर्थकथामा दिइएको उपमा – चतुर्मधु (घीउ, मह, खुदो, तेल) यी चारथोकलाई बराबर मिसाएर घरीघरी फिट्ने हो भने चारवटै राम्रैसित एकनासले मिल्छ । अनि चतुर्मधुको रस तयार हुन्छ । त्यसैगरी नामस्कन्धका ती ४ वटाले(वेदना, संज्ञा, संस्कार र विज्ञान)ले पनि आपसमा मिलेरै काम गरेको हुन्छ । यसरी सँगै मिलेर काम गरिएकोलाई सम्पयुत्त पच्चयो भनिन्छ । तिनीहरू छुट्टै बसेर उपकार गर्न सक्दैनन् । यसरी मिल्ने भनेपछि सहजातबाट पनि मिल्नुपर्छ । आलम्बनबाट पनि मिल्नुपर्छ । सँगै विनास हुनुमा पनि मिल्नुपर्छ (एक निरोधो) । एकुत्पाद, एकनिरोध, एकआलम्बन – यी तीन प्रकारले मिल्नुपर्छ । एकुत्पाद – एकैचोटी उत्पन्न हुने, एकनिरोध – एकैचोटी विनास हुने र एकआलम्बन – एउटै विषयमा पनि मिल्ने हुनुपर्छ । आलम्बन भिन्दै छ भने सम्पयुत्तमा मिल्न सक्दैन । नामरूपमा एकैचोटी उत्पन्न हुने, एकैचोटी निरोध हुने र एउटै आलम्बन हुने छ कि छैन, त्यसलाई हेर्नुपर्छ । यसमा सहजात पच्चयलाई फेरि


Downloaded from http://dhamma.digital

एकपल्ट हेरौं – *'चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो'* । चारवटा स्कन्ध भइएका नामरूप एक अर्का एकैसाथ उत्पत्ति भएर उपकार गरेको हुन्छ । महाभूत ४ वटा पनि यसैगरी एकसाथ उत्पत्ति भएर उपकार गरेको हुन्छ । नामस्कन्ध ४ वटा र महाभूत ४ वटा सँगै उत्पत्ति भएर उपकार गरेको हुन्छ ।

*'ओकन्तिक्खणे नामरूप अञ्ञमञ्ञं सहजातपच्चयेन पच्चयो'* । प्रतिसन्धिको क्षणमा नामरूप दुईटै एक अर्कामा आधारित भई सँगै उत्पत्ति हुन्छ । यसमा एकुत्पाद पनि छ । प्रतिसन्धि-विज्ञान बिग्रनेबित्तिकै भवंग आउँछ । भवंग-चित्तले चित्तज रूपलाई उपकार गर्छ । प्रतिसन्धिको क्षणमा कर्मजरूप हुन्छ र भवंग-चित्तलाई यसले उपकार गर्छ । भवंग, भवंग, भवंग, ......... भएर जवन-चित्त हुन्छ । चित्तको १७ पटकको क्षण नबिग्रिकन रूप बिग्रिंदैन भनेपछि एकुत्पाद र एकुनिरोध भएन । सँगै उत्पत्ति भएर सँगै विनास हुनेमा नामरूप हुन्छ । त्यसैले सम्पयुक्त भनेपछि सँगै उत्पत्ति भएको पनि हुनुपर्छ, सँगै विनास भएको पनि हुनुपर्छ र एउटै आलम्वन पनि हुनुपर्छ । यी तीनवटा जुरेपछि सम्पयुक्त धर्म हुन्छ । एकुत्पादसँगै उत्पत्ति हुने सहजात सम्पयुक्त हुन्छ । एकनिरोधसँगै विनास हुनेमा रूपचाहिँ सँगसँगै विनास हुँदैन । रूप बिग्रनको लागि चक्षुविज्ञान, सम्पटिच्छन्न, सन्तीरण, वुत्थो, जवन, तदारम्मण भएरमात्र बिग्रिन्छ । प्रतिसन्धिको क्षणमा सँगै उत्पत्ति हुने काम त हुन्छ, तर सँगै विनास भने हुँदैन । तर उपकार त त्यसले गरेको हुन्छ । नामस्कन्ध (चित्त) ८९ हुन्छन् । चेतसिक ५२ हुन्छन् । ५२ मा पनि संस्कारस्कन्ध चेतसिक ५० वटा हुन्छन् । वेदना र संज्ञा जोड्दा ५२ हुन्छन् । ८९ चित्तचाहिँ अञ्ञमञ्ञं अर्थात् एक अर्कोको आधार भएर सँगै उत्पत्ति भएर सँगै विनास हुन्छन् । लोभ-मन भयो भने लोभ-मनमा सँगसँगै उत्पत्ति हुनसक्ने चित्त चेतसिकहरू सम्पयुक्त धर्म हुन् । सँगै उत्पत्ति हुने र सँगै विनास हुने सहजात-धर्मलाई लिंदा नामस्कन्धलाई मात्र लिनुपर्छ ।

*'चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं सम्पयुत्तपच्चयेन पच्चयो ।'* रूप नभइएका चारवटा - (विज्ञानस्कन्ध, वेदनास्कन्ध, संज्ञास्कन्ध, संस्कारस्कन्ध) एक अर्काको आधार बनेर सँगसँगै मिलेर उपकार गर्ने हुन्छन् । देख्नको



Downloaded from http://dhamma.digital

लागि पनि यिनै चारवटा हुन्छन् - वेदनास्कन्ध पनि हुन्छ, संज्ञास्कन्ध पनि हुन्छ, संस्कारस्कन्ध पनि हुन्छ र विज्ञानस्कन्ध पनि हुन्छ । यी सबै मिलेर देख्नको लागि उपकार गरिरहेका हुन्छन् । यी चारैवटा नजुर्ने हो भने देख्ने काम हुन सक्दैनथ्यो । हामीले देखेकोमा यसरी स्कन्धलाई एकुन्टा गरी छुट्याउन सकिंदैन । तर भगवानले एकुन्टा गरी छुट्याएर देखाइदिनुभएको छ । सबै मिसिएर आयो - चतुर्मधुमा घीउ पनि, तेल पनि, खुदो पनि, मह पनि एकसाथ मिसिएजस्तै । यी चार चीजलाई सँगै राखेर फिटिदिंदा एकसाथ मिलेर चतुर्मधु बन्दछ । सबै एकै ठाउँमा मिसिएर राम्रो रस तयार हुन उपकार गरेको हुन्छ । यसरी उपकार गरिएको धर्मलाई सम्पयुक्त धर्म भनिन्छ ।

## *विप्पयुत्त पच्चयो* –

'विप्पयुत्त' भनेको नमिसिकन उपकार गर्ने धर्म हो । अलगअलग उपकार गर्ने भइएको धर्म विपयुक्त धर्म हो । अर्कोसँग मिलेर त काम गर्छ तर नामस्कन्धको ४ वटाले जस्तै एकसाथ मिलेर होइन । *'रूपिनो धम्मा अरूपिनो धम्मानं विप्पयुत्तपच्चयेन पच्चयो'* । रूप-धर्म र अरूप-धर्म ( नामस्कन्ध ४) समभाव नभएर अथवा नमिलिकन नै उपकार गर्ने हुन्छ । जस्तै कि तरकारी पकाउँदा नुन पनि मिलाउनुपर्छ, खुर्सानी पनि मिलाउनुपर्छ, मरमसला पनि मिलाउनुपर्छ र तेल पनि मिलाउनुपर्छ । यसरी ६ प्रकारका रस मिसिएर तरकारीको रस बन्छ । तर त्यहाँ खुर्सानीले खुर्सानीको मात्र काम गर्छ । त्यो जता पनि पीरोमात्र हुन्छ । उसले अरूसँग मिलेर होइन, खुर्सानीको मात्र स्वभाव दिएको हुन्छ । खुर्सानीले नुनको स्वभाव दिन सक्दैन । नुनले सिर्फ नुनको स्वाद मात्र दिन्छ । अजिनोमोटोले अजिनोमोटोको स्वादमात्र दिन्छ । तर तरकारीमा त ती सँगै रहेका हुन्छन् । आआफ्नो काम गरिदिएका हुन्छन् । आआफ्नो काम गरिदिंदा त्यो तरकारी पनि रसिलो र स्वादिष्ट बनेको छ । सबै एकैठाउँमा भएका त छन् तर समभावमा छैन ।

*रूपिनो धम्मा अरूपिनो धम्मानं सहजात विप्पयुत्त* पनि छ, *पुरेजात विप्पयुत्त* पनि छ र *पच्छाजात विप्पयुत्त* पनि छ । नामरूप भन्ने कुरा



Downloaded from http://dhamma.digital

प्रतिसन्धिको बेला सँगै उत्पत्ति त भए तर रूपको र नामको स्वभावचाहिँ मिल्दैन । रूप र नाम समभाव पनि हुन सक्दैन । तर समभाव नभए पनि उपकार त गरेको हुन्छ । नामले रूपलाई र रूपले नामलाई उपकार गरेको हुन्छ । यसरी उपकार नगर्ने हो भने त्यो बेला अडिन पनि सक्दैन, बच्न पनि सक्दैन । प्रतिसन्धि बिग्रे पनि त्यसपछि उत्पत्ति भएका भवंगले नामरूपलाई उपकार गरेको हुन्छ । तर रूपसँग समभाव हुने खालको नाम भने हुँदैन । रूपले रूपकै काममात्र गरेको हुन्छ । नाम र रूपको स्वभाव त उस्तै हुँदैन । समभाव भएर नामस्कन्धले मात्र काम गर्न सक्छ । तर समभाव नभए पनि रूपले काम त गरेको हुन्छ नै । जस्तै देख्ने रूप आँखामा छ । चक्षुप्रसाद रूप त छ । चक्षुरूपमा बाहिरबाट रूप ठोकिन आउनेवितिकै देख्ने नामस्कन्ध पनि उत्पत्ति हुन्छ । अब यी नामस्कन्ध र रूपस्कन्धको स्वभाव त मिल्दैन तर देख्ने काममा त ती दुईटै मिलेर काम त गर्छ । तर समभावमा भने हुँदैन । किनभने नामस्कन्ध त क्षणक्षणमा बिग्रिराखेको हुन्छ तर रूपस्कन्ध भने अलि ढिलो गरी बिग्रेको हुन्छ ।

पुरेजात भएर पनि सँगै मिल्न नसकेता पनि (विप्पयुत्त) नामस्कन्धलाई अडिनको लागि उपकार गरेको हुन्छ । त्यो नामस्कन्धले पनि रूपस्कन्धलाई उपकार गरेको हुन्छ । आपसमा उपकार त छ तर आपसमा समभाव भने छैन । यसैलाई 'विप्पयुत्त पच्चयो' भनिन्छ । समभाव नभए पनि काम गरेका हुन्छन् । रूपले रूपको काम गरेको हुन्छ । यदि रूपै नभएको भए नामस्कन्ध अड्न सक्दैनथ्यो । चक्षुप्रसाद अलिकति अगाडि भएर नामस्कन्धलाई उपकार गरेको हुन्छ । रूपलाई देख्नेको लागि अञ्ञमञ्ञं उपकार त छ तर सम्पयुक्तचाहिँ होइन किनभने एकुत्पाद छैन । एकनिरोध पनि छैन । प्रतिसन्धिमा एकुत्पाद भए पनि एकनिरोध भने छैन । त्यसैले विपयुत्तको स्वभाव फरक छ, समभावको छैन ।

## 'अत्थि पच्चयो, नत्थि पच्चयो, विगत पच्चयो, अविगत पच्चयो'ति –

अत्थि पच्चयो र अविगत पच्चयो धेरैजसो मिल्छ । नत्थि पच्चयो र विगत पच्चयो पनि सबैजसो मिलेको हुन्छ । कुनैकुनै ठाउँमा अलिअलि



Downloaded from http://dhamma.digital

नजानिँदो पाराले फरक लागेको भेटिन्छ । कुनैकुनै ठाउँमा पहिलेपहिले गुरु परम्परागतको भनाइमा भगवानले आसय निस्सय देख्नुहुँदा कसलाई कस्तो प्रकारले भन्दा बुझ्छन्, कसलाई कस्तो प्रकारले भन्दा बुझ्छन् – भगवानले बुझाउनको लागि नै कुनैबेला अत्थि पच्चयोबाट भनिदिनुपरेको हुन्छ भने कुनै बेला अविगत पच्चयोबाट पनि भनिदिनुपरेको हुन्छ । जस्तै कि आस्रव-धर्म ४ वटा छन् र ओघ-धर्म पनि ४ वटा छन् । आस्रव भन्नु र ओघ भन्नु एउटै हो । तापनि कसैलाई आस्रव भनेर त कसैलाई ओघ भनेर भनिदिनुपरेको हुन्छ ।

*'चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।'* यो सहजातमा भएको जस्तो नै हो । यसको अर्थ नामस्कन्ध चारवटा एक अर्कामा आधारित भएर उपकार गरेको हुन्छ । जस्तै वेदना भएर पनि संज्ञा, संस्कार, विज्ञानलाई उपकार गरेको हुन्छ । संज्ञा भएर पनि वेदना, संस्कार, विज्ञानलाई उपकार गरेको हुन्छ । भएर उपकार गर्नेलाई 'अत्थि पच्चयो' भनिन्छ । चारैवटा छन् । भएर उपकार गरेको हुन्छ । नभइकन त उपकार गर्न सक्दैन । भएरै आड मिलेको हुन्छ । नभएर त आड हुँदैन ।

*'चतारो महाभूता अञ्ञमञ्ञं अत्थिपच्चयेन पच्चयो ।'* महाभूत चारवटा – पृथ्वी, आपो, तेजो, वायो पनि एकअर्काको आधार बनेर उपकार गरेको हुन्छ । भएर नै उपकार गरेका छन्, नभएर त होइन । नत्थि भनेको नभएर उपकार गरेको हो । पृथ्वी भएकोले नै आपो, तेजो, वायोलाई उपकार भएको छ । आपो भएर पृथ्वी, तेजो, वायोलाई उपकार गरेको छ । तेजो भएर पृथ्वी, आपो र वायोलाई उपकार गरेको छ । त्यस्तै वायो भएर पृथ्वी, आपो, तेजोलाई उपकार गरेको छ ।

अर्थकथाकारहरूले पनि भनेका छन् कि सुमेरु पर्वत भएर झार पात, विरूवा, रूख उम्रिन उपकार भएको हुन्छ । पुरेजातत्थि, पच्छाजातत्थि, सहजातत्थि, रूपजीवित इन्द्रिय अत्थि, आहार अत्थि । सहजातत्थिलाई हेर्नुपर्दा प्रतिसन्धिको क्षणलाई नै हेर्नुपर्छ किनभने नामरूप सहजात प्रतिसन्धिको क्षणिकमा नै हुन्छ । नाम भएर रूपलाई, रूप भएर नामलाई उपकार गरेको हुन्छ । यदि नाम छैन भने रूपलाई उपकार हुँदैन र रूप छैन भने पनि नामलाई उपकार हुँदैन । यो पनि भएरै उपकार गरेको हो ।



Downloaded from http://dhamma.digital

*चित्त चेतसिका धम्मा चित्तसमुट्ठानानं रूपानं अत्थिपच्चयेन पच्चयो ।'* चित्त चेतसिक धर्मले चित्त सँगसँगै उत्पत्ति हुने रूप (चित्तजरूप)लाई पनि चित्त भएर नै उपकार गरिएको हुन्छ । *'महाभूत उपादारूपानं अत्थिपच्चयेन पच्चयो ।'* महाभूत ४ र उपादारूपहरू २४लाई पनि महाभूत भएरै उपकार गरेको हुन्छ । यो पनि भएर नै उपकार गरेको हो ।

*'चक्खायतनं चक्खुविञ्ञाण धातुया तं सम्पयुत्तकानञ्च धम्मानं अत्थिपच्चयेन पच्चयो ।'* चक्षु आयतनमा पनि देख्ने नामस्कन्ध हुनको लागि त्यो देख्ने विज्ञान सँगसँगै उत्पत्ति हुने चित्त चेतसिक धर्मलाई अगाडि नै भएर उपकार गरेको हुन्छ । चक्षुआयतन भएरै देख्ने नामस्कन्धलाई उपकार गरेको हुन्छ । शब्दलाई आरम्मण पुरेजातत्थि भनिन्छ । त्यस्तै गन्ध, रस, फोट्ठब्बलाई पनि आरम्मण पुरेजातत्थि भनिन्छ । त्यस्तै रूपजीवितत्थि – रूपजिवित पनि कर्मज रूप (कटतरूप)लाई मर्न नदिनको लागि उपकार गरिदिइराखेको हुन्छ । यही रूपजीवितलाई नै मानिसहरू प्राण भन्छन् । यही रूपजीवितले कर्मजरूपलाई पनि अडाउनको लागि उपकार गरेको हुन्छ । यो पनि अत्थि पच्चयोले उपकार गरेको हो । सोतायतन, घानायतन, जिह्वायतन, कायायतन, रूपायतन, सद्दायतन, गन्धायतन, रसायतन, फोट्ठब्बायतन, सबैलाई चक्खायतनमा जस्तै हुन् भनी बुझ्नुपर्छ । यिनलाई 'पुरेजातात्थि' भनिन्छ ।

**'नत्थि पच्चयो' –**

*'समनन्तरनिरूद्धा चित्तचेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं नत्थिपच्चयेन पच्चयो ।'* नभएर उपकार गरिएकोलाई 'नत्थि पच्चयो' भनिन्छ । 'नत्थि' भनेको छैन, सकियो भनेको हो । 'नत्थि' र 'विगत' मिल्ने भएकोले दुवैलाई एकैचोटीभन्दा पनि फरक पर्दैन । विगत पनि नभएको नै हो । तर यो ठाउँमा नत्थि र विगतमा के फरक छ त्यो पनि बुझ्नुपर्छ । नत्थि भनेकोमा छैन भन्ने अर्थ लागे तापनि त्यसको शक्ति रहेको छ भन्ने बुझाउँछ भने विगतले छैन भन्ने अर्थ दिइए तापनि त्यसको शक्ति नरहेको भन्ने बुझाउँछ ।



Downloaded from http://dhamma.digital

## पारपाचुकेको उपमा –

घरबार गरी बसेका दुई दम्पति छुटे । पारपाचुके गरे । छुटानाम भयो । छुटानाम भएपछि पत्नीलाई पनि स्वतन्त्र भयो, पतिलाई स्वतन्त्र भयो । अब पतिले पत्नीलाई घरमा आएर गाली गर्न भएन । पत्नीले पनि पतिलाई तिमी जँड्याहा भन्न भएन । छुटानाम नभएसम्म त घरमा आपसमा गाली गर्ने सम्झाउने काम हुन्छ । अब त त्यसो गर्न भएन । यो नत्थिपच्चयो भयो । छुटानाम त भयो तर अर्काले उनको पत्नीलाई बिवाह गर्न खोज्यो भने पतिले रोक्न सक्छ किनभने छुटानाम भए पनि कागजपत्र गरेको छैन । कागजपत्र नगरेकोले पत्नीलाई बिवाह गर्न खोजेमा कानुन त लाग्ने भयो । कागजपत्र भइ नसकेको 'नत्थि पच्चयो'मा आउँछ । कागजपत्र भइसकेको 'विगत पच्चयो'मा आउँछ । विगत पच्चयोमा कुनै पनि शेष रहेको हुँदैन । पत्नीलाई जसले जसरी लगे पनि उसले रोक्ने छेक्ने अधिकार हुँदैन ।

चक्षुविज्ञानमा 'नत्थि पच्चयो' हेर्ने हो भने समनन्तरनिरूद्धा भनिएकोले समनन्तर पच्चयलाई पहिले हेर्नुपर्छ । समन्तर (अलिकति पनि अन्तर नभएको) भइराख्ने यो चित्तचेतसिक धर्म जस्तै चक्षुविज्ञान हुनेवितिकै सम्पटिच्छन्न हुन्छ भने चक्षुविज्ञान नबिग्रिकन सम्पटिच्छन्न हुँदैन । सम्पटिच्छन्न बिग्रिनेवितिकै सन्तीरण हुन्छ । अगाडिको नबिग्रिकन अर्को चित्त उत्पन्न हुँदैन । नत्थि भनेको छैन भनेपछि अर्काले फेरि नयाँ उत्पत्ति भएर उपकार गरेको हो । बिग्र्यो, अनि नयाँ उत्पत्ति भएर उपकार गरेको हो । नयाँ उत्पत्ति हुन अगाडिको बिग्रेर वा नभइदिएर वा सकेर अर्को हुनको लागि उपकार गरेकोलाई 'नत्थि पच्चयो' भनिन्छ । यसमा आफू बिग्रिंदै गएर पछिकालाई आइज है भनेर उपकार गरेको हुन्छ ।

'विगत पच्चयो' मा आफू बिग्रेर पछिको लागि शक्ति केही पनि नराखेको हुन्छ । बिग्रेर टाक्टुक्कै सकिएर बल्ल अर्कोलाई उपकार भएको हुन्छ । बिग्रेर त्यसको शक्तिद्वारा अर्कोलाई उपकार भएको भने पनि शाश्वतवादीहरूले शाश्वत दृष्टि लिन सक्छन् । ऊ बिग्र्यो तर भित्र अर्को पलाउने छ र पो अर्को उत्पत्ति भइरहेको छ, त्यहाँ आत्मा शक्ति छ भनेर मिथ्यादृष्टि लिन सक्छन् । भगवानको पालामा निगण्ठ नाथपुत्रमा यस्तो



Downloaded from http://dhamma.digital

धारणा लिइन्थ्यो । उनले कुनै नित्य छ, कुनै अनित्य छ, कुनै आत्मा हो, कुनै अनात्मा हो भनेर लिन्थे । उनले लिएकोमा हेर्ने हो भने – देख्ने मन अनित्य हो त्यसैले त्यो अनात्मा हो । तर फेरि उत्पत्ति गराउन सक्ने आत्मा छ भनेर पनि निगण्ठ नाथपुत्रको धारणा थियो । उनले सबैलाई अनित्य भनेर लिंदैनथे । कुनै दुःख छ, कुनै सुख छ भन्थे । तर भगवानले विगत पच्चयोमा अलिकति केही पनि नराखी गएको अथवा कागजपत्रसहित छुटानाम भएर गएको भनेर भन्नुभएको छ । अब उसको यहाँ कुनै अंश पनि रहेको हुँदैन । उसको कुनै पनि प्रभाव कति पनि नराख्ने 'विगत पच्चयो' हो ।

विगत पच्चयोमा *'समनन्तर विगता चित्त चेतसिका धम्मा पटुप्पन्नानं चित्तचेतसिकानं धम्मानं विगतपच्चयेन पच्चयो'* भनी पालिमा आएको छ । अन्तर नपारिकन एकतुपाद उत्पत्ति विनास, उत्पत्ति-विनास भइरहेको लहरलाई र फेरि उत्पन्न हुने चित्त चेतसिक धर्महरूलाई आफू नभइदिएर, शक्ति पनि केही बाँकी नराखिकन आफू बिग्रेर उपकार गरेको हुन्छ ।

## *अविगत पच्चयो –*

नभएर उपकार गरेको । चन्द्रमा उदाउनको लागि वा चन्द्रमाको उज्यालो देखिनको लागि सूर्य अस्ताइदिनुपर्छ अनि मात्र चन्द्रमाको उज्यालो हुन उपकार हुन्छ । सूर्य छउन्जेल चन्द्रमा झुल्कन उपकार हुँदैन । सूर्य अस्ताइदिएर चन्द्रमालाई उपकार गरिदिएजस्तो अविगत पच्चयो हो । रात बितेर बिहानको उज्यालो आउन उपकार गरिदिएजस्तो हो वा सूर्य अस्ताएर अँध्यारो आउन उपकार गरिदिएजस्तो हो वा बत्ती निभेर अन्धकार हुन उपकार गरिदिएजस्तो हो । त्यही अनुसार विगत पच्चयोले पनि उपकार गरिदिएको हुन्छ । अविगत पच्चयो सँगसँगै भएर नै उपकार गरेकोलाई भनिन्छ । जस्तै माछाहरूलाई समुह भएर उपकार गरेको हुन्छ । पानी भएकोले माछाहरू खेल्न बाँच्न पाएजस्तै सँगै भएर उपकार गरेको हुन्छ ।

*'चतारो खन्धा अरूपिनो अञ्ञमञ्ञं अविगतपच्चयेन पच्चयो ।'* अत्थि पच्चयो जस्तै नै हो । *'ओक्कन्तिखणे नामरूपं अञ्ञमञ्ञं अविगत पच्चयेन पच्चयो ।' 'चित्तचेतसिका धम्मा चित्त समुट्ठानानं रूपानं*



Downloaded from http://dhamma.digital

*अविगतपच्चयेन पच्चयो ।'* पालिमा अत्थि पच्चयोको जस्तै नै छ । अविगतको अर्थ छुट्टै अलग्गै नभइकन सँगै रहेर उपकार गर्ने बुझाउँछ । जस्तै ४ वटा नामस्कन्ध सँगै भएर नै उपकार गरेको हुन्छ । त्यस्तै महाभूत ४ वटाले पनि सँगै भएर उपकार गरेको हुन्छ । प्रतिसन्धि क्षणमा पनि नामरूपसँगै भएर उपकार गरेको हुन्छ । चित्तचेतसिक धर्मले पनि चित्तसँगै उत्पत्ति हुने धर्मलाई अलग नभइकन सँगै भएर नै उपकार गरेको हुन्छ । त्यस्तै – चक्खायतनमा देख्ने मन हुनको लागि देख्ने मन सँगसँगै उत्पत्ति हुने चित्तचेतसिक धर्महरूलाई पनि आफू अलग नभइकन सँगै रहेर नै उपकार गरेको हुन्छ । त्यस्तै सोतायतन, घानायतन, जिह्वायतन, कायायतन पनि हो ।

***पट्ठान पालि देशना अन्तर्गत चौबीसौं दिनको 'सम्पयुत्त, विप्पयुत्त, अत्थि, नत्थि, विगत, अविगतपच्चय' देशना समाप्त भयो ।***

***'पट्ठान पालि देशना' समाप्त भयो ।***

***भवतु सब्ब मंगलं ।***



Dhamma.Digital

Downloaded from http://dhamma.digital

## यस पुस्तक 'पट्ठान पालि देशना' प्रकाशित गर्नको लागि अर्थ-दान गर्ने सद्धर्म-प्रेमी प्रकाशकहरु :-


| | | |
|---|---|---|
| १) श्री माधुरी मानन्धर | मरु, काठमाडौं | ५०,०००।- |
| २) श्री सरस्वती श्रेष्ठ | झटापोल, ललितपुर | ३०,०००।- |
| ३) श्री दशलाल डंगोल | पूर्णचण्डी, वंला | २०,२००।- |
| ४) श्री सरस्वती महर्जन | नःटोल, ललितपुर | २०,०००।- |
| ५) श्री जयराम ताम्राकार | कुमारीपाटी, ललितपुर | १०,०००।- |
| ६) श्री राजेश हेरा शाक्य | लोहन, ललितपुर | १०,०००।- |
| ७) श्री प्रकाशबहादुर धाख्वा | चाकुपाट, ललितपुर | १०,०००।- |
| ८) ठाकुर व्यास खत्री | वामी-२, गुल्मी | १०,०००।- |
| | | १,६०,२००।- |

Dhamma.Digital

*(पुस्तक प्रकाशनपछि बाँकी रहेको रकम र यसअघिको बाँकी रकम अर्को एउटा लघु पुस्तक प्रकाशनमा खर्च गरिने छ।)*



Downloaded from http://dhamma.digital



कुशीनगरमा महापरिनिर्वाण प्राप्ति



सी.डी.मा प्रवचन गर्नुहुने भदन्त प्रज्ञाश्री भन्ते

चक्षुविज्ञानमा नामखण्ड ४ वटा हुन्छन् । यी चक्षुविज्ञानसँग हुने सम्पयुक्त धर्म हुन् । यी सम्पयुक्त धर्मलाई देख्ने मन हो जसले अलिकति अगाडि भएर उपकार गरेको हुन्छ । अलिकति अगाडि भन्दा अतीत-भवंग, भवंग-चलन, भवगुपच्छेद र पञ्चद्वारावर्जन यी ४ वटा लहरै आउँछन् । यी चारवटाको क्षणमा यति बेर भन्ने नै हुँदैन । रूप र विज्ञानबीचको फासला निमेषभर पनि हुँदैन ।

निदाएको बेला रूप, शब्द, गन्ध, रस, स्पर्श, र धम्म यी कुनै पनि आरम्मण चलेको हुँदैन । आँखा वन्द छ, सति (होस) छैन, त्यसैले रूपको स्पर्श हुँदैन । त्यसैगरी कान खुले पनि सति नभएकोले शब्दको स्पर्श हुँदैन । भवंग-चित्तमात्र भएकोलाई निदाएको भनिन्छ । भवंग-चित्त हुनाले सति(होस) हुँदैन । भवंगले भवंगलाई मात्र उपकार गरिरहेको हुन्छ । अलिकति पनि मनसिकार भएन भने शब्दको स्पर्श हुन सक्दैन । शब्द र कानको बीचमा आकास पनि हुनुपर्छ, सुनिने शब्द पनि हुनुपर्छ, श्रोत प्रसाद पनि उत्पति भएको हुनुपर्छ र मनसिकार पनि भएमा बल्ल सुन्ने काम हुन्छ । निदाएको बेला यी केही पनि हुँदैनन् । धम्मारम्मण मात्र हुन्छ, त्यो पनि अतीतको मात्रै ।

समाधि राम्रो हुँदैछ तर कोशिस कमजोर भयो भने झुल्नेतिर जान्छ । झुल्ने अथवा निन्द्रालाई वीर्यले भगाउँछ । एकाग्रता हुने बेलामा वीर्य कमजोर हुँदै गयो भने लट्ठ हुँदै निन्द्रातिर ढल्किन्छ । त्यसैले समाधि र वीर्यलाई पनि मिलाउनुपर्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

पुण्यले पुण्यलाई स्वागत गरेको पापकर्मले पनि पापकर्मलाई नै स्वागत गर्दछ । वर्तमानको कर्म राम्रो छैन अर्थात् शील पनि छैन – प्राणी हत्या पनि गरेको छ, चोरी पनि गरेको छ, व्यभिचार पनि गरेको छ, डाह ईर्ष्याले काम गरेको छ, नराम्रो बोली वचन बोलेको छ, नराम्रो चिन्तन मात्र गरेको छ भने पापकर्म मात्र भएको हुन्छ । त्यस्तोबेला पुण्यकर्मले फल दिन आए पनि पापकर्ममात्र भइरहेकोले त्यो पुण्यफललाई स्वागत गर्ने कर्ता नै हुँदैन ।

कामगुणको भुमरीमा फसेको व्यक्तिले पापलाई देख्न सक्दैन । कसैले राम्रो असल सामान बेच्न ल्यायो भने पनि राम्रो भन्दैन । 'राम्रो छैन, मलाई चाहिँदैन' भन्छ । बेच्न ल्याउनेले 'मैले ल्याएको सामान साँच्चै नै कमसल पो हो क्यारे' भनेर भाउ घटाइदिन्छ । तैपनि लिने रूचि देखाउँदैन । अन्त्यमा घटाउनसम्म घटाएर 'लौ त, तपाईले त्यहाँदेखि ल्याउनुभयो, लिनै पर्ला' भनेर अभिनय गरी गरी किन्छ । यसरी भन्न गर्न सिकाएको कामगुणकै प्रभावमा परेर हो ।

जहाँजहाँ उत्पत्ति भइरहेको छ, त्यहाँ त्यहाँको चित्तलाई मनोद्वारिका विथिबाट हेर्नुपर्छ । "त्यसरी हेर्दा बीचमा धेरै खाली हुने भयो नि, त्यसरी हेरेर हुन्छ होला ?" भनी सोध्दा भगवानले भन्नुभएको छ – "भवङ्ग-चित्त जति नै अन्तर परेर गए पनि बीचमा क्लेश नआओस् । क्लेश आउन नपाइकन देखिएको छ भने हुन्छ ।" एउटा चित्त बिग्रो भने त्यो बिग्रेको चित्तले त हेर्न सकिँदैन । त्यसैले अगाडिको विथिलाई पछाडिको विथिले हेरेको नै विपश्यना गरेको हो ।

## प्रस्तोता श्री [illegible]रत्न शाक्यका प्रकाशित भइसकेका कृतिहरू


लेखक

| | नाम | साल | |
|---|---|---|---|
| १) | आनापान[illegible] | २०४२ २०[illegible] | स्वयं |
| २) | स[illegible] | २०५५ २०[illegible] | YMBA |
| ३) | सम[illegible] | २०५८ | कृष्ण बहादुर नकर्मी |
| [illegible] | ब[illegible] | २०५८ | कृष्ण, सरस्वती र ज[illegible]राम |
| [illegible] | [illegible] | २०५८ | कृष्ण बहादुर नकर्मी |
| ६) | [illegible] | २०५९ | |
| ७) | महा[illegible] | २०५९ | कृष्ण बहादुर नकर्मी |
| ८) | अंगुलीम[illegible] | २०५९ | कृष्ण बहादुर नकर्मी |
| ९) | प्रज्ञा-प्रदीप [illegible] संस्करण) | २०५९ | सरस्वती, माधुरी र जयराम |
| १०) | प्रज्ञा-प्रदीप [illegible]तीय संस्करण) | २०६० | श्रद्धामान शाक्य र विद्या शाक्य |
| ११) | धर्म-रस | २०६० | ठाकुर व्यास खत्री |
| १२) | धर्मप्रीतिका [illegible]हरू | २०६१ | ज्ञानज्योति, विष्णु र अन्य |
| १३) | विपश्यना-ध्[illegible]-साधना | २०६२ | बेतिमाया शाक्य (पौसा) |
| १४) | प्यंगू आर्य-सत[illegible] | २०६३ | स्वयं र चित्ररत्न शाक्य |
| १५) | हीराशो[illegible] रहि[illegible] | २०६३ | स्वयं |
| १६) | धर्मको [illegible] | २०६४ | स[illegible] |
| १७) | प्रेमपूर्ण ज[illegible] र सु[illegible] | २०६४ | दुर्गादास[illegible] |
| १८) | विमुक्ति-र[illegible] | २०६४ | हेराकुमारी शाक्य र परिवार |
| १९) | समता-धर्मको पालना | [illegible] | महेन्द्र, वीरेन्द्र र संगीता |
| २०) | चार आर्य[illegible] | [illegible] | हरिभक्त रंजितकार |
| २१) | महासतिपट्ठानसुत्त (दोस्रो संस्करण) | [illegible] | रत्नदेवी तुलाधर |
| २२) | जिज्ञासुका लागि : बुद्ध-शिक्षा | २०६५ | [illegible]न्द राजकर्णिकार |
| २३) | [illegible]कालीन १२ सन्नारीहरु | २०६५ | मोक्षदेवी राजकर्णिकार |
| २४) | निर्वाण के हो ? | | नानी मर्याजु [illegible] |
| २५) | 'ज्ञसम्पि[illegible]' | २०६६ | [illegible] शाक्य र विद्या [illegible] |
| [illegible] | [illegible]उपर कसरी विजय पाउने ? | २०६७ | |
| २७) | उत्तमपुरिस [illegible]पनी | २०६७ | |
| २८) | उज्यालो [illegible]तिर | २०६[illegible] | [illegible]बहादुर [illegible] |
| [illegible] | अन[illegible] | [illegible] | [illegible]देवी, [illegible] संगीता |
| | | | दशलाल, दधिराम, रोशनी |
| ३०) | बुद्ध-शिक्षा निचोडमा [illegible] | २०६९ | दशलाल डंगोल |
| ३१) | जीवनमा सद्धर्मको [illegible] | २०७० | शुक्रबारीय धर्म-चर्चा कार्यक्रमका सहभागीहरु |
| [illegible] | पट्ठान [illegible] | २०७० | माधुरी मानन्धर, सरस्वती श्रे[illegible], दशलाल डंगोल, सरस्वती[illegible], जयराम ताम्राकार, राजेश हेरा शाक्य, [illegible]श ब. धाख्वा, ठाकुर ब्यास [illegible] |

[illegible]

१) [illegible] कसरी ? (नयाँ संस्करण) २) विप[illegible] प्रश्नावली र दोहाहरु

[illegible]न्त [illegible] ४) आर्या (जीवन वृतान्त)

ISBN : 978 - 9937 - 2 - 6985 - 8

Downloaded from http://dhamma.digital